# भविष्यवक्ताहरूका पुस्तकहरूको टिप्पणी

(क) यशैया, यर्मिया, विलाप, इजकिएल र दानियल
नामक मुख्य भविष्यवक्ताहरूका पुस्तकहरू
अनि
ख) साना भविष्यवक्ताहरूका बाह्रवटा पुस्तकहरू)

# भविष्यवक्ताहरूका पुस्तकहरूको भूमिका

पुरानो नियममा 'भविष्यवक्ताहरू' नामक खण्ड छ, जुन खण्ड यशैयाको पुस्तकदेखि शुरु गर्छ र मलाकीको पुस्तकसम्म जान्छ। यशैया, यर्मिया, इजकिएल र दानियलचाहिँ मुख्य भविष्यवक्ताहरू हुन् र तिनीहरूका पुस्तकहरूको नाम 'ठूला भविष्यवक्ताहरू' भनिन्छ; किनभने तिनीहरूका पुस्तकहरू अरू भविष्यवाणीका पुस्तकहरूभन्दा ठूला र विस्तृत छन्। अनि भविष्यवक्ताहरूका बाह्रवटा पुस्तकहरू साना छन्; यसकारण यी पुस्तकहरूले 'साना भविष्यवक्ताहरू'को नाम पाए र यी पुस्तकहरू यस नामले चिनिन्छन्।

### क) भविष्यवक्ताहरूको सेवकाई

पवित्र बाइबलको अक्षरशः सठीक अर्थमा परमेश्वरको पक्षमा बोल्ने व्यक्तिलाई भविष्यवक्ता भनिन्छ। अनि यी विशेष पुरुषहरू[1)] परमेश्वरका जनहरूको बीचमा पाप बढ़ेका र आत्मिक अधोगति भएका अवधिहरूमा खड़ा भए, र उनीहरूले मानिसहरूलाई तिनीहरूका पापको दोष देखाउँथे र तिनीहरूलाई पश्चात्ताप गर्ने आह्वान दिन्थे, अनि मानिसहरूले पश्चात्ताप नगरेको खण्डमा तिनीहरूमाथि परमेश्वरको न्याय आइपर्ने कुरा भविष्यवाणी गर्थे।

पुरानो नियममा भविष्यवाणीको युग शमूएलको समयदेखि शुरु भयो, जब पूजाहारीगिरी विफल भएको थियो (लगभग ख्रीष्टपूर्व ११०० सालतिर)। अनि त्यस समयदेखि भविष्यवक्ताहरूले पुरानो नियमको बाँकी इतिहासको अन्तसम्म अर्थात् लगभग ख्रीष्टपूर्व ४०० सालसम्म, अँ, इस्राएलीहरू बेबिलोनको कैदबाट फर्केर आएको समय अनि यरूशलेम र यसको मन्दिरको पुनर्निर्माणको समयसम्म आफ्नो सेवकाई कायम राखे।

तर पुरानो नियमका *लेख्ने* भविष्यवक्ताहरू पछि मात्र देखा परे, जब इस्राएलको राज्य दुई भाग भयो (लगभग ख्रीष्टपूर्व ९३० सालमा)। यसकारण बुझ्नुहोस्ः भविष्य-वक्ताहरूका यी पुस्तकहरू राजाहरूका पहिलो र दोस्रो पुस्तक अनि इतिहासको पहिलो र दोस्रो पुस्तकको समयमा लेखिए र उक्त पुस्तकहरूमा उल्लेख गरिएका घटनाहरूसित मिल्छन्, अँ, केही भविष्यवक्ताहरू एज्रा र नहेम्याहको समयमा पनि सेवारत थिए।

### ख) यी भविष्यवक्ताहरूले अपनाएका तरिकाहरू

यी भविष्यवक्ताहरूका सन्देशहरू कस्ता थिए? सायद तपाईंले यो कुरा धेरै पल्ट सुनिसक्नुभयो होलाः ती सन्देशहरू घोषणा थिए र भविष्यवाणी पनि थिए।

उनीहरूका सन्देशहरू घोषणा थिए, किनकि यी भविष्यवक्ताहरूले परमेश्वरको वचन घोषणा गर्थे। अनि 'हामी परमेश्वरको वाणी बोलिरहेका छौं' भन्ने कुरा उनीहरूलाई विदित थियो; किनकि उनीहरूले घरिघरि 'परमप्रभु यसो भन्नुहुन्छ', अथवा 'परमप्रभुको

वचन मकहाँ आयो' भन्ने गर्थे (यर्मिया १:९ र इजकिएल २:७ पद हेर्नुहोस्)।

भविष्यवाणी बोल्ने वक्ताहरूको रूपमा उनीहरूले भविष्य नियालेर हेर्थे र मानिसहरूलाई तिनीहरूको आज्ञापालन र तिनीहरूको अनाज्ञाकारिताका परिणामहरू के-के हुनेछन्, सो बताउँथे। तर यी भविष्यवक्ताहरूले सधैं आफैले बोलेका सन्देशहरू बुझ्दैनथिए, जस्तैः दानियल ७:२८, ८:१५-२७ र १०:७-१५; अनि प्रकाश ७:१३-१४ र १७:६। अनि उनीहरूले विशेष गरी मसीहको आगमनको विषयमा भविष्यवाणीहरू गर्दाखेरि उनीहरूलाई कुरा बुझ्न अति गाह्रो भयो। किनकि जब उनीहरूले ख्रीष्टका दुःखकष्टहरू र त्यसपछि उहाँकहाँ आउने महिमाहरूको विषयमा भविष्यवाणी गरे (१ पत्रुस १:१०-१३), तब उनीहरूले कुरा बुझ्न सकेनन्। परमप्रभुको दुःख भोग्ने सेवकको रूपमा आउनुहुने मसीहले चाहिँ कसरी सारा पृथ्वीभरि राजाको रूपमा शासन गर्न सक्नुहुनेथियो? ख्रीष्ट येशूका दुईवटा भिन्नभिन्नै आगमनहरू हुनेछन् भन्ने कुरा उनीहरूलाई के थाहा? किनभने उहाँ पहिले बेतलेहेममा आउनुभयो, अनि उहाँ फेरि जैतुन डाँड़ामा ओर्लेर आउनुहुनेछ। तर यी दुईवटा आगमनहरूको बीचमा समयको अन्तराल छ भन्ने कुराको विषयमा उनीहरूसँग केही ज्ञान थिएन।

### ग) भविष्यवक्ताहरूले भविष्यवाणी गरेका विषयहरू निम्न प्रकारका छन्

पुरानो नियमका भविष्यवक्ताहरूले उठाएका विषयहरू निम्नानुसार सूचित गर्न सकिन्छः

**अ)** परमेश्वरको पवित्रता

**आ)** परमेश्वरका चुनिएका जनहरूको पाप र असफलता

**इ)** पश्चात्ताप गर्ने आह्वान

**ई)** तिनीहरूले पश्चात्ताप गरेनन् भने, तिनीहरूमाथि परमेश्वरको न्याय आइपर्नेछ

**उ)** इस्राएलको वरिपरि भएका देशहरूमाथि परमेश्वरको न्याय आइपर्नेछ

**ऊ)** यस जातिको बाँकी भाग मानिसहरू निर्वासनबाट आफ्नो स्वदेशमा फर्केर आउनेछन्

**ए)** मसीहको पहिलो आगमन र त्यस बेलामा उहाँको तिरस्कार

**ऐ)** मसीहको दोस्रो आगमन ठूलो शक्ति र ठूलो महिमाको साथ हुनेछ

**ओ)** परमेश्वरका चुनिएका जनहरूको पुनर्स्थापना हुनेछ

**औ)** ख्रीष्टको हजार वर्षको राज्य र उहाँको विश्वव्यापी शासन

यस ठाउँमा हामीले यस कुरामाथि ध्यान दिनुपर्छ, कि पुरानो नियमभरि ख्रीष्टको मण्डली भविष्यवाणीको विषय भएन। यसकारण हामीले पुरानो नियमको यस खण्डमा ख्रीष्टको मण्डलीको विषयमा पढ्न पाउने आशा गर्नुहुँदैन; किनकि हामीलाई नयाँ नियमको पुस्तकमा स्पष्टसँग बताइएको छ, कि यो रहस्यचाहिँ संसारको उत्पत्तिदेखि नै परमेश्वरमा लुकेर रहेको थियो (रोमी १६:२५-२६ र एफेसी ३:४-६ र ९)।

हामीले भविष्यवाणीहरूको विषयमा दोहोरो सन्दर्भको नियम लागू गर्नुपर्छ भन्ने कुरा याद गर्‍यौं भने यो कुराचाहिँ पुरानो नियमका कतिपय खण्डहरू बुझ्न उपयोगी कुञ्जी बन्नेछ। दोहोरो सन्दर्भको नियम भनेको पुरानो नियमका केही भविष्यवाणीहरू छन्, जुनचाहिँ तत्कालीन थिए र आंशिक रूपले पूरा भए, तर जुनचाहिँ भावी दिनमा सम्पूर्ण तवरले पूरा हुनेछन्। उदाहरणको निम्ति योएल २:२८-३२ पदको खण्डमा दिइएको भविष्यवाणीचाहिँ पेन्टेकोस्टको दिनमा

आंशिक रूपले पूरा भयो (प्रेरित २:७-२१), तर यो भविष्यवाणी सम्पूर्ण रूपले पूरा हुन बाँकी नै छ, यसको परम पूर्तिचाहिँ प्रभु येशू यस पृथ्वीमा आफ्नो राज्य स्थापित गर्न आउनुहुँदा हुनेछ, अनि यो त महासङ्कष्टको अवधिको अन्तमा हुनेछ।

अर्को कुरा याद गर्नु असल होः कति भविष्यवाणीहरूको अर्थ सुस्पष्ट छ र पढ्ने-बित्तिकै बुझिन्छ भने, अरू भविष्यवाणीहरू पनि छन्, जसको अर्थ समय नपुगी स्पष्ट हुनेछैन; जब यी भविष्यवाणीहरूको पूरा हुने समय आउँछ, तब मात्र यी भविष्यवाणी-हरूको अर्थ बुझिन्छ।

अनि हामीले यो गल्ती पनि नगरौं! हामीले भविष्यवाणीहरूमा हुन नहुने, नचाहिँदो, किसिम-किसिमका अर्थ लगाउनुहुँदैन। यसको विषयमा ती मानिसहरूबाट ठूलो हानि भएको छ, जसले चाहे विशेष व्यक्तिहरूको विषयमा, चाहे विशेष घटनाहरूको विषयमा फलाना-फलाना भविष्यवाणी पूरा भए भने; तर पछि तिनीहरूले जुन भविष्यवाणी पूरा भयो भनिटोपले, यस भविष्यवाणीको विषयमा तिनीहरूले दाबी गरेका पूर्तिहरू झूटा ठहरिए; कत्रो लाज!

## घ) भविष्यवक्ताहरूले प्रयोग गरेको शब्दावली

भविष्यवक्ताहरूले लेखेका पुस्तकहरू बुझ्नमा मद्दत गर्ने केही कुञ्जी शब्दहरू छन्, जस्तैः

**अ)** *इस्राएलः* साधारण अर्थमा इस्राएल भन्ने शब्दले इस्राएलका दसवटा कुलहरू बसोबास भएको उत्तरीय राज्यको अर्थ लिन्छ। तर कहिलेकाहीं 'इस्राएल' भन्ने शब्दले सम्पूर्ण इस्राएली जाति समावेश गर्छ; अनि तब 'इस्राएल' भनेकोमा हामीले यसको अर्थ अब्राहामको सारा वंशका सन्तानहरू भएको बुझ्नुपर्छ।

**आ)** *यहूदाः* तर यहूदा भन्ने शब्दले प्रायः दक्षिणको राज्यको अर्थ लिन्छ। दक्षिण राज्यमा इस्राएलका बाँकी दुईवटा कुलहरू अर्थात् यहूदा र बिन्यामिन थिए।

**इ)** *एप्रैमः* विशेष गरी होशेको पुस्तकमा 'एप्रैम' भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ इस्राएलका दसवटा कुलहरू अर्थात् उत्तरीय राज्य हो। अनि यूसुफको घरानाको अर्थ पनि त्यो उत्तरीय राज्य हो।

**ई)** *सामरियाः* उत्तरीय राज्यको राजधानी सामरिया थियो; अनि 'सामरिया' भन्ने नाम भविष्यवक्ताहरूका पुस्तकहरूमा घरिघरि पढ़िन्छ।

**उ)** *यरूशलेमः* अनि दक्षिणको राज्यको राजधानी यरूशलेम थियो।

**ऊ)** *नीनवेः* नीनवेचाहिँ अश्शूरको राजधानी थियो।

**ए)** *बेबिलोनः* बेबिलोनचाहिँ बेबिलोन देशको राजधानी थियो, जुन देशको नाम 'बाबेल' पनि थियो।

**ऐ)** *दमस्कसः* दमस्कसचाहिँ सिरियाको शहर-राज्यको मुख्य शहर थियो।

**ओ)** अनि मूर्तिपूजाजस्तो पापको दोष देखाउँदाखेरि भविष्यवक्ताहरूले घरिघरि मूर्तिहरूसँग सम्बन्धित शब्दहरू प्रयोग गर्थे, जस्तैः 'काठका मूर्तिहरू', 'उच्च स्थानहरू', 'तारपीनका रूखहरू', 'फलाँटका रूखहरू' र 'बगैंचाहरू' आदि।

**औ)** *न्यायः* भविष्यवक्ताहरूले 'न्याय' भन्ने शब्द उचित व्यवहारको अर्थमा प्रयोग गर्थे, साथै न्यायकर्ताहरूले न्याय बिगारेको खण्डमा उनीहरूले यिनीहरूलाई यसको दोष देखाउँथे। किनकि समय-समयमा न्याय-कर्ताहरूले घूस खाएर न्याय बिगारे।

**अः)** *बाँकी रहेको भागः* भविष्य-वक्ताहरूले इस्राएली जातिको बाँकी रहेको भागको विषयमा धेरै कुरा गर्थे; यो उनीहरूको निम्ति एउटा प्रमुख विषय थियो। किनकि

यी भविष्यवक्ताहरूका पुस्तकहरूमा के भविष्यवाणी गरिएको थियो भने, अझ भावी भएको समयमा यस जातिबाट बाँकी रहेको भाग मानिसहरू, जसले परमप्रभुमाथि विश्‍वास गर्छन्, आफ्नो स्वदेशमा फर्केर आउनेछन्, जसरी बेबिलोनको निर्वासनबाट बाँकी रहेको भाग यहूदीहरू इस्राएल देशमा फर्केर आए।

### ङ) भविष्यवक्ताहरूका पुस्तकहरूको वर्गीकरण यस प्रकारले गर्न सकिन्छ

भविष्यवक्ताहरूका पुस्तकहरू विभिन्न तरिकाले छुट्ट्याउन सकिन्छन्। हामीले अघि देखिसक्यौं कि यी पुस्तकहरू 'ठूला भविष्यवक्ताहरू' र 'साना भविष्यवक्ताहरू'मा विभाजन गरिन्छन्। तर यी भविष्यवक्ताहरू जुन-जुन समयमा बाँचे, ती समयहरूअनुसार उनीहरूलाई छुट्टाउन सकिन्छ, जस्तैः

**अ)** *निर्वासन-पूर्वमा बाँचेका भविष्य-वक्ताहरूः* यशैया, यर्मिया, होशे, योएल, आमोस, ओबद्याह, योना, मीका, नहूम, हबक्कूक र सपन्याह

**आ)** *निर्वासनको अवधिमा बाँचेका भविष्यवक्ताहरू :* इजकिएल र दानियल

**इ)** *निर्वासन-उत्तरमा बाँचेका भविष्य-वक्ताहरूः* हाग्गै, जकरिया र मलाकी

निर्वासन-पूर्वका भविष्यवक्ताहरू ती हुन्, जो इस्राएली जाति निर्वासनमा लगिएको समयभन्दा अघि सेवारत थिए। अनि निर्वासनको समयमा बाँचेका भविष्य-वक्ताहरूले बेबिलोनको कैदको अवधिमा परमेश्‍वरको वाणी बोले। अनि निर्वासन-उत्तरमा बाँचेका भविष्यवक्ताहरू स्वदेशमा फर्केका मानिसहरूसँग निर्वासनबाट फर्केर आए, र उनीहरूले तिनीहरूलाई 'यरूशलेम र यसको मन्दिर पुनर्निर्माण गर र तिमीहरूको नैतिकता सुधार गर' भन्‍ने आग्रह गरे।

त्यसपछि भविष्यवक्ताहरूलाई उनीहरूका दिव्य सन्देशहरू सुन्‍ने उनीहरूका प्रमुख श्रोतागणहरूअनुसार छुट्टाउन सकिन्छः

**अ)** *इस्राएलरूपी श्रोतागणः* होशे, आमोस र योना

**आ)** *अन्यजातिहरूरूपी श्रोतागणः* नहूम र ओबद्याह

**इ)** *यहूदारूपी श्रोतागणः* यशैया, यर्मिया, योएल, मीका, हबक्कूक, सपन्याह, इजकिएल, दानियल, हाग्गै, जकरिया र मलाकी

यी भविष्यवक्ताहरूमध्ये कोही-कोही थिए, जसले एउटा श्रोतागणको सेवा मात्र होइन, तर यी श्रोतागणहरूमध्ये एकभन्दा बढ़ीको सेवा गरे। योना यसको उदाहरण हुन्; किनभने तिनलाई अन्यजातिहरूरूपी श्रोतागणअन्तर्गत पनि राख्‍न सकिन्छ, अनि मीका पनि; किनभने उनले इस्राएललाई र यहूदालाई पनि भविष्यवाणी गरे। अनि नहूमचाहिँ – यिनले यहूदाका मानिसहरूसँग (नहूम १ः१५) र नीनवेका मानिसहरूसँग पनि कुरा गरे। अनि हबक्कूक? तिनले पनि अन्यजातिहरूको विषयमा धेरै कुराहरू गरे।

कति पल्ट भविष्यवक्ताको नाम उनले लेखेको भविष्यवाणीभित्र लुकेको रहेछ। यशैया यसको उदाहरण हुन्; किनकि यशैया नामको अर्थ 'परमप्रभु मुक्ति/उद्धार हुनुहुन्छ' हो। अनि यशैया १२ः२ पदमा हामी यसो पढ़्छौंः 'परमप्रभु मेरा उद्धार हुनुहुन्छ; ... अनि उहाँ मेरो उद्धार हुनुभएको छ।'

यर्मिया ५२ः३१ः यर्मिया नामको अर्थ 'परमप्रभु स्थापित गर्नुहुन्छ' अथवा 'परमप्रभु-बाट उच्च पारिएको' हो।

इजकिएल ३४ः१६ः इजकिएल नामको अर्थ 'परमेश्‍वर बलियो पार्नुहुन्छ' हो।

योएल २ः१३ः योएल नामको अर्थ 'परमप्रभु परमेश्‍वर हुनुहुन्छ' हो।

मीका ७:१८: मीका नामको अर्थ 'परमप्रभुजस्तै को छ र?' हो।

सपन्याह २:३: सपन्याह नामको अर्थ 'परमप्रभुद्वारा लुकिएको' हो।

मलाकी ३:१: मलाकी नामको अर्थ 'मेरो सन्देशवाहक/दूत' हो।

### च) कालक्रमअनुसार भविष्यवक्ताहरू यस प्रकारले राखिन्छन्

मलाई के लाग्छ भने, पाठकवर्गले निम्न कालक्रमको सूचिबाट भविष्यवक्ताहरूका पुस्तकहरूअन्तर्गत राखिएका विभिन्न सन्दर्भ-हरू बुझ्नमा मद्दत पाउनेछ।

### अ) उत्तरका कुलहरू समावेश गर्ने इस्राएल नामक राज्य

राज्यको विभाजन भएपछि सिरियाचाहिँ बाहिरबाट हमला गर्ने इस्राएलको प्रमुख शत्रु थियो। त्यसपछि अश्शूर देश शक्तिशाली भयो, र त्यस देशबाट इस्राएललाई घरिघरि खतरा आउँथ्यो। अनि अश्शूर देशले इस्राएललाई जितेका चरणहरू निम्नानुसार छन्ः

**क)** ख्रीष्टपूर्व ८४२ सालदेखि इस्राएलका राजा येहूले अश्शूरका राजा तृतीय शल्मनेसेरलाई कर तिर्न थाले।

**ख)** अनि इस्राएलका राजा मनहेमले पनि तिग्लत-पिलेसेरलाई कर तिरे। अनि यी अश्शूरका राजा तिग्लत-पिलेसेरले इस्राएली-हरूलाई कैदी बनाएर तिनीहरूलाई इस्राएल देशबाट लैजान थाले।

**ग)** ख्रीष्टपूर्व ७४०-७३२ सालभित्रको कुरा होः राजा पेकहको शासनकालमा तिग्लत-पिलेसेरले नप्तालीका शहरहरू कब्जा गरे र त्यस इलाकाका मानिसहरूलाई अश्शूरमा लगे (२ राजा १५:२९)। ख्रीष्टपूर्व ७४० सालमा तिनले यर्दन-पारि इस्राएलको पूर्वको देश पनि कब्जा गरे र इस्राएलका साढ़े-दुई कुलहरू मेसोपोटामियामा लगे (१ इतिहास ५:२६)। तिनले पेकहलाई मार्न दिए, र एलाका छोरा होशेचाहिँ इस्राएलको सिंहासनमाथि चढ़े।

**घ)** अनि यी राजा होशे पाँचौं शल्मनेसेरको दास बने, र तिनले उनलाई कर तिरे; तर केही समयपछि तिनले मिस्र देशमा उपहारहरू पठाएर उनको विरुद्धमा षड्यन्त्र रचे र मिस्र देशसँग गठबन्धन गर्न खोजे, यस हेतुले कि सँग मिलेर तिनीहरूले अश्शूरको यो जुवा तोड्न र आफ्नो काँधबाट हटाउन सकून् (२ राजा १७:३-४)।

**ङ)** यस सिलसिलामा अश्शूरका राजा पाँचौं शल्मनेसेरले सामरिया तीन वर्ष घेरा-बन्दीमा राखे। अनि ख्रीष्टपूर्व ७२२ वा ७२१ सालमा अश्शूरका राजा सर्गोनको शासन-कालको पहिलो वर्षमा यो सामरिया शहर कब्जा गरियो। त्यस बेलामा इस्राएलका धेरै मानिसहरूलाई कैद गरेर मेसोपोटामिया र मादीमा लगियो (२ राजा १७:५-६ र १८)। अनि बाँकी मानिसहरू उनलाई कर तिर्ने भए।

### आ) दक्षिणका कुलहरू समावेश गर्ने यहूदा नामक राज्य

इस्राएल नामक उत्तरीय राज्य कब्जा भएपछि अश्शूर देशले यहूदालाई धम्की दिन थाल्यो। तर परमेश्वरले यहूदीहरूलाई आश्वासन दिनुभयोः हो, यी अश्शूरीहरूले तिनीहरूलाई हमला गर्न त गर्नेथिए, तर यिनीहरूको हमला सफल हुनेथिएन; होइन, बरु अश्शूरीहरू समयमा नाश हुनेथिए। अनि जब राजा हिजकियाहको शासनकालमा अश्शूरका राजा सनहेरिब यरूशलेमको विरुद्धमा आए, तब ठीक त्यस्तै हुन आयो।

त्यसपछि बेबिलोन सत्तामा आयो, अनि बेबिलोनबाट चाहिँ यहूदाको निम्ति ठूलो

खतरा आयो। अनि बेबिलोन देशले यहूदा कब्जा गर्ने मौका दिएका राजनीतिक चरणहरू निम्नानुसार छन्ः

**अ)** यहूदाका राजा यहोयाकिमचाहिँ मिस्र देशको अधीनतामा रहेका कठपुतली राजा थिए।

**आ)** तर ख्रीष्टपूर्व ६०५ सालमा बेबिलोनले मिस्र देश र अश्शूर देश कब्जा गरेपछि यहूदा त्यसको अधीनतामा आयो।

**इ)** अनि यही ख्रीष्टपूर्व ६०५ सालमा, यो यहोयाकिमको शासनकालको तेस्रो वा चौथो वर्ष थियो, बेबिलोनका राजा नबूकद्नेस्सर यरूशलेममा आए; अनि तिनले यरूशलेमको मन्दिरका कति भाँड़ाकुँड़ाहरू बेबिलोनमा लगे र राजकीय परिवारका केही सदस्य-हरूलाई कैदी बनाएर लगे। यी कैदीहरूमध्ये राजा यहोयाकिम र भविष्यवक्ता दानियल थिए (२ राजा २४:१-६; २ इतिहास ३६:५-८; यर्मिया ४५:१ र दानियल १:१-२)।

**ई)** अनि ख्रीष्टपूर्व ५९७ सालमा यी नबूकद्नेस्सरले यहोयाकिनलाई, (जसका अरू नाम यकोन्याह र कोन्याह थिए), र अरू धेरै मानिसहरूलाई कैद गरेर लगे (२ राजा २४:१०-१६)। अनि यस बेलामा इजकिएल बेबिलोनमा लगिए।

**उ)** अनि ख्रीष्टपूर्व ५८६ सालमा नबूकद्नेस्सरका सेनाहरूले यरूशलेमको मन्दिर जलाइदिए; तिनीहरूले यरूशलेम ध्वस्त पारे र प्रायः सबै मानिसहरूलाई कैद गरेर लगे; देशमा केही गरिब मानिसहरू मात्र छोड़िए (२ राजा २५:२-२१)।

**ऊ)** अनि राज्यपाल गदल्याहले देशमा बाँकी रहेका यी मानिसहरूमाथि शासन गरे। अनि यर्मिया पनि तिनीहरूमध्ये थिए। तर त्यसपछि जब गदल्याहको हत्या भयो, तब धेरै यहूदीहरू मिस्र देशमा भागे; तिनीहरूले यर्मियालाई पनि साथमा लगे (२ राजा २५:२२-२६)।

**ए)** तब सत्तरी वर्षको निर्वासनको समय शुरु भयो, र त्यसपछि चाहिँ निर्वासनपछिको अवधि आयो।

**ऐ)** बेबिलोनको विश्व साम्राज्य ख्रीष्टपूर्व ५३९ सालसम्म रह्यो, त्यसपछि फारसका राजा कोरेसले बेबिलोन कब्जा गरे। अनि उही फारसका राजा कोरेसले एउटा उर्दी घोषणा गरे, जुन उर्दीअनुसार निर्वासित यहूदीहरूले इस्राएल देशमा फर्कन पाए। अनि ख्रीष्टपूर्व ५३८ सालमा जरूबाबेलको नेतृत्वमा यहूदी-हरूको एक समूह फर्केर आयो, अनि ख्रीष्टपूर्व ४५८ सालमा एज्राको नेतृत्वमा अर्को समूह फर्क्यो।

**ओ)** मादीका राजा दाराले ख्रीष्टपूर्व ५३८-५३६ सालमा राज्य गरे।

**औ)** अनि मादी-फारसको साम्राज्य ख्रीष्टपूर्व ३३३ सालसम्म रहिरह्यो; त्यसपछि सिकन्दर महान्‌को अधीनस्थ ग्रीक देशले कति समयसम्म विश्वभरि आफ्नो सत्ता जमायो।

**अः)** अनि यरूशलेमको पतन भएको ख्रीष्टपूर्व ५८६ सालदेखि ख्रीष्टपूर्व ५१६ सालसम्म निर्वासनका सत्तरी वर्ष गनिन्छ; किनकि ख्रीष्टपूर्व ५१६ सालमा मन्दिरको पुनर्निर्माण-कार्य शुरु भयो।

**1)** There were also some female prophets, or prophetesses, such as Huldah (2 Kgs. 22:14; 2 Chron. 34:22).

# यशैयाको पुस्तकको टिप्पणी

# यशैयाको पुस्तकको भूमिका

*'यशैयाचाहिँ हिब्रू भविष्यवक्ताहरू र हिब्रू लेखकहरूमध्ये सबैभन्दा महान् भविष्यवक्ता र लेखक हुन् । तिनले प्रयोग गरेको भाषाको बैभव, चमकदमकले युक्त अलङ्कार, बहुविज्ञता र शोभाले पूर्ण शैलीको दृष्टिमा यशैयाको पुस्तक अतुलनीय छ। यसकारण ठीक प्रकारले तिनलाई 'पुरानो नियमका भविष्यवक्ताहरूको प्रमुख' भन्ने नाम दिइएको छ।'*

श्री मेरिल एफ. अङ्गर

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

इसाई संस्कृति मन पराउने पर्यटकहरूलाई आयरल्याण्डको सुन्दर राजधानी डब्लिनमा प्रायः एउटा घर देखाइन्छ, जुन घरमा सबैभन्दा ठूला सङ्गीतका रचनाहरूमध्ये उत्कृष्ट रचनाको प्रथम प्रदर्शन भएको थियो । किनकि इस्वी संवत् १७४२ सालको अप्रिल महिनाको १३ तारिखको दिनमा श्री जर्च फ्रेड्रिक ह्यान्डेलको 'मसीहा' नामक सङ्गीतको रचना त्यहाँ पहिलो पल्ट प्रदर्शन गरिएको थियो।[1] कुनै पनि समझदार व्यक्तिले सङ्गीतको हिसाबले ह्यान्डेलको यस रचनाको उत्कृष्टताको विषयमा कहिल्यै कुनै प्रश्न वा शङ्का गरेको छैन; तर यस सबैभन्दा प्रसिद्ध ओरटोरिओका शब्दहरूको बारेमा कसो हो ? यी शब्दहरू सबै परमेश्वरको वचनबाट लिइएका हुन्, विशेष गरी पुरानो नियमबाट मसीहका कतिपय भविष्यवाणीहरू लिइएका हुन् । अनि यस सङ्गीतका शब्दहरूमा[2] सबैभन्दा बढ़ी योगदान गर्ने व्यक्ति यशैया हुन् – ती भविष्यवक्ता, जो एक हिब्रू लेखक थिए, जो आफ्ना मसीह आउनुभन्दा सात सय वर्ष पहिले बाँचेका थिए, जुन मसीह येशू ह्यान्डेलका मसीह, तपाईंका र मेरा मसीह पनि हुनुहुन्थ्यो र हुनुहुन्छ। यी यशैयाले पुरानो नियममा सबैभन्दा लामा, सबैभन्दा सुन्दर र सबैभन्दा धेरै मसीह सम्बन्धित भविष्यवाणीहरू लेखे ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

यशैया एउटा हिब्रू नाम हो, जसको अर्थ 'परमप्रभु मुक्ति हुनुहुन्छ' अथवा 'परमप्रभुको मुक्ति' हो। यी यशैया नाम गरेको व्यक्ति आमोसका छोरा थिए। अनि यी यशैयाले एउटा दर्शन पाएका थिए, जुन दर्शनचाहिँ यस पुस्तकमा प्रस्तुत गरिन्छ। आलोचकहरूले आफ्ना सिद्धान्तहरूद्वारा यशैयाको पुस्तक टुक्राटुक्रा पार्न खोजे । यसकारण हामीले अरू बेलामा भन्दा बढ़ी यस पुस्तकको विस्तृत परिचय दिनेछौं ।

**अ) यशैयाको पुस्तकमा भएको एकता**

तथाकथित 'उच्च निरूपण' गर्नेहरूका केही सिद्धान्तहरू छन्, जुन सिद्धान्तहरू एक सय वर्षदेखि परिकल्पनाको रूपमा होइन, तर तथ्यको रूपमा सिकाइएका छन्। अनि धेरै समूहहरूले यी परिकल्पनाहरू तत्कालै मात्र

तयार छन्। जानकारीको निम्ति हामी यी परिकल्पनाहरूमध्ये केही उदाहरण पेश गर्छौं, जस्तैः मोशाले पेन्टटुक लेखेनन् रे, दानियलले दानियलको पुस्तक लेखेनन् रे, पत्रुसले पत्रुसको दोस्रो पत्र लेखेनन् रे, प्रेरित पावलले पाष्टरीय पत्रहरू[3] लेखेनन् रे, अनि यशैयाले आफ्नो पुस्तकको पहिलो भाग अर्थात् १-३९ अध्यायको खण्ड मात्र लेखे रे।

यशैयाको पुस्तक एउटा ठूलो ग्रन्थ हो, जुनचाहिँ मसीह सम्बन्धित भविष्यवाणीहरूले पूर्ण छ, (विशेष गरी त्यस भागमा, जुन भाग आलोचकहरूअनुसार अरू लेखकहरूले लेखे); अनि यस पुस्तकबाट नयाँ नियममा धेरै पल्ट उद्धृत गरिएको छ; यसकारण हामीलाई के लाग्छ भने, यस आलोचनात्मक प्रश्नको विषयमा हामीले विस्तृत जवाफ दिनुपर्छ। यसर्थ हामी साधारण ख्रीष्ट-विश्वासीहरूको निम्ति लेखिएको पुस्तकको स्तरमा भन्दा बढ़ी यहाँ यसको जवाफ दिनको निम्ति ठाउँ लिन्छौं।

यशैयाको सम्पूर्ण पुस्तक एकैजना लेखकको रचना हो। यो हाम्रो दृष्टिकोण हो, जसको निम्ति हामीले सकारात्मक तर्कहरू पेश गर्छौं; त्यसपछि यशैयाको पुस्तकको एकताको विरुद्धमा उठाइएका जति तर्कहरू छन्, ती तर्कहरूको एक-एक जवाफ दिन्छौं।

### १) इतिहास र परम्परा साक्षी छन्

अठारौं शताब्दीको अन्तसम्म प्रायः सबै यहूदी र इसाई विद्वान्‌हरूले यशैयाको पुस्तक एकजना अति प्रतिभाशाली लेखक अर्थात् आमोसका छोरा यशैयाले लेखेको विस्तृत भविष्यवाणीको रूपमा स्वीकार गर्थे। तर इस्वी संवत् १७९५ सालमा श्री जे. सी. डोडरलाइनले यशैया ४०-६६ अध्यायको खण्ड 'ड्युटेरो-यशैया' अर्थात् 'दोस्रो यशैया'को रचना भएको कुरा प्रस्ताव गरे। हो, होशियारीसाथ पढ्ने सबै पाठकहरूले शताब्दीहरूदेखि यशैया १-३९ अध्यायको खण्ड र ४०-६६ अध्यायको खण्डको बीचको सामग्री र दृष्टिकोणमा भिन्नता भएको कुरा देखे; तर यी खण्डहरू लेख्ने फरक-फरक लेखकहरू यी भिन्नताहरूको माग हुँदै होइन। यसको निम्ति कुनै आवश्यकता छैन। अनि इस्वी संवत् १८९२ सालमा श्री बी. डूमले यशैता ५५-६६ अध्यायको खण्डको निम्ति 'ट्रिटो यशैया' अर्थात् 'तेस्रो यशैया'को सुझाउ दिएर यशैया ४०-६६ अध्यायको खण्ड अझ टुक्र्याए र यस खण्डमा भएको एकता अस्वीकार गरे। अनि अझै कोही-कोही मानिसहरू छन्, जो यसमा अझै पनि सन्तोष हुँदैनन्, र जसले यशैयाको पुस्तक अझै बढ़ी टुक्राहरूमा टुक्र्याउन खोज्छन्। आम्मा हो, यशैयाका लेखकहरू कति भए कति! तर उदारवादी इसाईहरूको बीचमा प्रायः दुईजना अथवा तीनजना लेखक भएको धारणा सकारिन्छ।

तर कुनै अघिल्लो परम्पराले दुईजना वा दुईजनाभन्दा बढ़ी लेखकहरूको कुरा कहिल्यै सुझाउ दिएन; वास्तवमा, यशैयाको पुस्तक एकैजना लेखकको रचना हो भन्ने धारणा पुरानो हो; यसमा सबै एकमत छन् र कसैले यो धारणा चुनौती दिएन।

### २) नयाँ नियम साक्षी छ

भजनसंग्रहको पुस्तकबाहेक यशैयाको पुस्तकचाहिँ नयाँ नियममा सबैभन्दा बढ़ी उद्धृत गरिएको पुरानो नियमको पुस्तक हो; अनि यशैयाको पुस्तकका लेखक एकैजना हुन् भन्ने कुरा सधैं बुझिन्थ्यो; यसमा कहिल्यै कसैलाई शङ्का भएन। अनि यशैयाले बोलेको भविष्यवाणी अर्थात् यशैयाको पुस्तकको दोस्रो खण्डबाट **क)** बप्तिस्मा दिने यूहन्नाले उद्धृत गरे, जस्तैः मत्ती ३:३, लूका ३:४; यूहन्ना

१:२३; **ख)** मत्तीले उद्धृत गरे, जस्तैः मत्ती ८:१७, १२:१८-२१; अनि **ग)** प्रेरित यूहन्नाले उद्धृत गरे, जस्तै यूहन्ना १२:३८-४१; अनि **घ)** प्रेरित पावलले उद्धृत गरे, जस्तैः रोमी ९:२७-३३ र १०:१६-२१। यसमा विशेष ध्यानमा राख्ने कुरा यूहन्ना १२:३८-४१ पदको खण्ड हो, जहाँ यूहन्ना १२:४१ पदमा यसो लेखिएको छः *'उहाँको महिमा देखेर उहाँको विषयमा बोल्दाहुँदि यशैयाले यी कुराहरू भने'* (पद ४१)। किनकि यस पदमा यशैयाको पुस्तकको सन्दर्भ मात्र दिइएन, तर यशैयाको पुस्तक लेख्ने लेखक यशैया नै हुन् भन्ने कुरा स्पष्टसँग लेखिएको छ। यशैयाले देखेका र लेखेका कुराहरू के थिए त? यूहन्ना १२:३८ पद-अनुसार उनले यशैया ५३:१ लेखे, जुन पद यशैयाको दोस्रो खण्डमा छ; अनि यूहन्ना १२:३९-४० पदअनुसार उनले ख्रीष्टको महिमा देखेर यशैया ६:१० पद लेखे, जुन पद यशैयाको पहिलो खण्डमा छ।

### ३) यशैयाको पुस्तकमा क्रमागत रूपरेखा र प्रगतिमा भएको एकता

यशैयाको पुस्तकमा क्रमागत रूपरेखा र लगातार बग्ने अनुक्रम छ। तब यशैयाको पुस्तक दुईजना वा दुईजनाभन्दा बढ़ी लेखक-हरूका लेखहरूको संग्रह भएको सिद्धान्त हामीलाई विश्वास गर्न गाह्रो पर्छ।

### ४) कविताको परम महानता

यशैयाको पुस्तकको दोस्रो खण्डको लेखमा उत्कृष्ट सुन्दरता छ; तब तिनीहरूको अनुमानअनुसार पाँच सय साल ख्रीष्टपूर्व जिएका यशैयाजस्तै अद्‌भुत प्रतिभायुक्त लेखकको नाम हराइसकेको तर्क हाम्रो निम्ति विश्वासलाग्दो सुनिँदैन। किनभने 'साना भविष्यवक्ताहरू' नामक सबै पुस्तकहरू अति साना छन्, र पनि ती सबै पुस्तकहरूका नाम-हरू तिनीहरूका लेखकहरूका नामअनुसार राखिएका छन्।

### ५) मृत सागरका बेरुवा पुस्तकहरूले के भन्छन्?

ख्रीष्टपूर्वको दोस्रो शताब्दीमा लेखिएका बेरुवा पुस्तकहरू छन्, जुनचाहिँ 'मृत सागरका बेरुवा पुस्तकहरू'को नामले चिनिन्छन्। यी बेरुवा पुस्तकहरूमा यशैयाको पुस्तकको एकप्रति पनि थियो। अनि यस पुरानो पाण्डुलिपिमा चालीस अध्यायपछि एउटा विभाजन आएको निम्ति कुनै सङ्केत पाइँदैन।

## आ) यशैयाको पुस्तक एकजना लेखकको रचना हो भन्ने एकताको विरुद्धमा उठेका तर्कहरूको एक-एक जवाफ

यशैयाको पुस्तकको अखण्डित एकताको विरुद्धमा उठेका तीनवटा मुख्य तर्कहरू छन्ः **१)** ऐतिहासिक दृष्टिकोणबाट उठेको तर्क, **२)** यशैयाको पुस्तकमा प्रयोग गरिएको भाषाबाट उठेको तर्क र **३)** ईश्वरशास्त्रबाट उठेको तर्क।

### १) ऐतिहासिक दृष्टिकोणबाट उठेको तर्क

यशैयाको पुस्तकका दुईवटा मुख्य खण्डहरू छन्ः यशैया १-३९ अध्यायको खण्ड र यशैया ४०-६६ अध्यायको खण्ड। प्रायः सबैले यसमा आफ्नो सहमति जनाएका छन्। अनि यशैया ३६-३९ अध्यायहरूमा ऐतिहासिक अन्तराल पनि छ। यस सिलसिलामा एउटा चाखलाग्दो कुरा छः यशैया १-३९ अध्यायहरूले पुरानो नियम प्रतिबिम्ब गर्छन् र यशैया ४०-६६ अध्यायहरूले नयाँ नियम प्रतिबिम्ब गर्छन्, अँ, तिनीहरूका सङ्‌ख्याहरूमा पनि कुरा मिल्छः पुरानो नियमका उनन्चालीस पुस्तकहरूको निम्ति

यशैया १-३९ अध्यायको खण्डमा उनन्चालीस अध्यायहरू छन् भने, नयाँ नियमको एक-एक पुस्तकको निम्ति यशैया ४०-६६ अध्यायको खण्डमा एक-एक अध्याय छ। तर यो संयोगको फल हुन सक्छ; किनकि पवित्र आत्माको प्रेरणाले लेखिएको मूल लेखमा अध्यायहरू छुट्ट्याइएका थिएनन् ।

यशैया १-३९ अध्यायको खण्डमा प्रस्तुत गरिएको दृष्टिकोण पूर्व-निर्वासनको दृष्टिकोण हो अनि यशैया ४०-६६ अध्यायको खण्डको दृष्टिकोण निस्सन्देह बेबिलोनको निर्वासन-पश्चात्‌को दृष्टिकोण हो। तब एउटा प्रश्न उठ्छः के यशैयाले भावी भविष्यमा पुगेर यस भविष्यको दृष्टिकोणबाट लेख्न सके? धेरै आलोचकहरूले 'तिनले यसो गर्न सकेनन्' भन्छन्। तर यर्मिया, दानियल र हाम्रा प्रभु येशूको विषयमा कसो हो? यर्मिया र दानियलले ठीक यही गरे, र हाम्रा प्रभु येशूले मत्ती १३ अध्यायमा पनि यही गर्नुभयो ।

अनि ठीक छ, हामी एक क्षण मानिलिऔं, कि यशैया ४०-६६ अध्यायको खण्ड ख्रीष्टपूर्व ५०० सालतिर लेखियो। तब यस पुस्तकको रङ्ग र रस किन बेबिलोनीय भएन? यस पुस्तकको गन्ध बिलकुल पलेस्टाइनको हो ।

## २) यस पुस्तकमा प्रयोग गरिएको भाषाबाट उठेको तर्क

आलोचकहरूको कुरा होः यशैयाको शुरुको भागको शैलीभन्दा 'दोस्रो यशैया'को शैली फरक छ। *'तिमीहरूको परमेश्वर भन्नुहुन्छः "सान्त्वना देओ, मेरो प्रजालाई सान्त्वना देओ!" '*; अनि हामी सबैजनाले उक्त यशैया ४०:१ पददेखि यस पुस्तकको छुट्टै भाग शुरु भएको मानिलिन्छौं। तर यसको भिन्न शैली-बाट के बुझिन्छ भने, यी लेखकको सीप निक्कै बहुमुखी भएको हुनुपर्छ; किनकि यो भिन्न शैली यसको प्रमाण हो। प्लेटो, मिल्टन र शेक्सपियरहरूले पनि आफ्ना शैलीहरू अचम्म प्रकारले बदली गर्न सके, तिनीहरूको लेखको विषयवस्तुअनुसार। तब यशैया ४०-६६ अध्यायको खण्डमा मसीहको महिमित सान्त्वना प्रमुख विषयवस्तु भएको हुनाले यसको शैली किन फरक भएको हो, सो स्पष्ट बुझिन्छ। यसको निम्ति अरू कुनै कारण चाहिँदैन ।

अनि यशैयाको पुस्तकका दुईवटा अथवा तीनवटा भागहरूको बीचमा शैलीको हिसाबले धेरै समानताहरू पनि छन्। अनि यी सानातिना कुराहरूमध्ये धेरैको निम्ति हिब्रू भाषाको ज्ञान आवश्यक पर्छ; तर यशैयाले यस पुस्तकभरि प्रयोग गरेका वाक्यांशहरूमध्ये एउटाचाहिँ 'परमप्रभु, इस्राएलका पवित्र जन' हो; यो एक ईश्वरीय नाम हो ।

## ३) ईश्वरशास्त्रबाट उठेको तर्क

आलोचकहरूले आफ्नो धारणाअनुसार छुट्ट्याएको 'पहिलो यशैयाको पुस्तक' र 'दोस्रो यशैया'को पुस्तकको बीचमा ईश्वरशास्त्रको हिसाबले परस्पर विरोध गर्ने कुराहरू छन् भन्ने सुझाउ गर्दैनन्; तर तिनीहरूको विचारमा 'दोस्रो यशैया'को प्रकाश बढ़ी विकसित भएको छ। (के गर्ने? क्रमविकासवादको हानिकर शिक्षा केवल जीवविज्ञानमा मात्र होइन, तर अरू सबै विषयहरूमा पनि लागू गराइएको छ। तिनीहरूको भनाइअनुसार यशैयाले आफ्नो खण्डमा परमेश्वरको महिमामा जोड़ दिए, तर 'दोस्रो यशैया'ले चाहिँ परमेश्वरको अनन्त गुणमा जोड़ दिए अरे। तर वास्तवमा कुरा यस्तो छः भविष्यवक्ता मीका यशैयाको समकालीन व्यक्ति थिए; अनि उनले लेखेको पुस्तकमा तथाकथित 'दोस्रो यशैया'को पुस्तकमा प्रस्तुत गरिएका विचारहरूसित मिल्ने उस्तै विचारहरू समावेश गरिएका छन्) ।

यी तीनवटा तर्कहरूमध्ये ईश्वरशास्त्रीय तर्कचाहिँ सबैभन्दा कमजोर तर्क हो; तर यस ईश्वरशास्त्रीय तर्कबाट तिनीहरूका सिद्धान्त-हरूको वास्तविक कारण के हो, सो बुझिन्छः अलौकिकताको विरोध ।

यशैयाले एउटा समयमा कोरेसको नाम लिए, जुन समयमा कोरेस जन्मिन अझै शताब्दीहरू बाँकी रहेका थिए। अनि श्री फ्लेवियस जोसेफसले के भने भने, यशैया ४५ अध्यायमा आफ्नो विषयमा पढ़ेर कोरेस निक्कै प्रभावित भए । 4)

जुन खण्डहरूको विषयमा तिनीहरूले 'यी त पछि थपिएका खण्डहरू हुन्' भनेर भन्छन्, ती खण्डहरूमध्ये धेरैमा विशेष भविष्यवाणीहरू लेखिएका हुन्, जुन भविष्यवाणीहरू पूरा भइसके। तब यसबाट के स्पष्ट हुन्छः अलौकिकताको विरोध तिनीहरूको झुकाउ र पूर्वाग्रह हो । यसकारण तिनीहरूले यशैयाको पुस्तक लेखिएको अघिल्लो मिति स्वीकार गर्नै सक्दैनन् ।

तर परमेश्वर सर्वज्ञानी हुनुहुन्छ; यसकारण उहाँलाई आफ्ना भविष्यवक्ताहरूद्वारा भविष्यको बारेमा विस्तृत भविष्यवाणीहरू गर्न कुनै समस्या हुँदैन ।

यसकारण बुझ्नुहोस्ः उक्त सिद्धान्तहरूले विभिन्न इसाई समुदायहरूभित्र घुस्न सके ता पनि कुरा स्पष्ट छः उहिलेको प्राचीन, अचल धारणा सठीक हो, जुन धाराणाचाहिँ इभान्जेलिकलहरूको बलियो, तर्कसिद्ध ठहर हो । यशैया १ः१ पदले भनेअनुसार यशैयाको सम्पूर्ण पुस्तक आमोसका छोरा यशैयाले लेखेका हुन् ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

ख्रीष्टपूर्व ७४० सालमा यशैयाले आफ्नो सेवकाई शुरु गरे, जुन सालमा राजा उज्जियाहको मृत्यु भएको थियो (यशैया ६ः१) । तिनको निक्कै लामो सेवकाईचाहिँ प्रायः यहूदामा सीमित रह्यो । तिनको सेवकाई चारजना राजाहरूका शासनकालहरूमा भएको थियोः उज्जियाह र योतामका शासनकालमा, जो प्रायः असल राजाहरू थिए, अनि आहाजको शासनकालमा, जो एक दुष्ट राजा थिए, अनि हिजकियाहको शासनकालमा, जो धेरै असल राजा र भविष्यवक्ता यशैयाको व्यक्तिगत मित्र थिए। यशैया ३७ः३७-३८ पदहरूमा यशैयाले सनहेरिबको ख्रीष्टपूर्व ६८१ सालको मृत्युको कुरा लेखेका हुनाले तिनी कम्तिमा ख्रीष्टपूर्व ६८० सालसम्म बाँचेका हुनुपर्छ; यसकारण तिनको सेवकाई निक्कै लामो, अँ, साठी वर्ष भएको थियो होला । अनि परम्पराको कुरा विश्वास गर्नु हो भने, यशैयाको मृत्यु दुष्ट राजा मनस्सेको शासनकालमा भएको थियो ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?

'यशैया' भन्ने नामको अर्थले यस पुस्तकको मुख्य विषय के हो, सो बताइदिन्छः मुक्ति परमप्रभुबाट आउँछ। यस भविष्यवाणीरूपी पुस्तकमा मुक्ति भन्ने शब्द छब्बीस पल्ट उल्लेख गरिएको छ; तर अरू सबै भविष्यवक्ताहरूका पुस्तकहरूमा मुक्ति भन्ने शब्द केवल सात पल्ट उल्लेख गरिएको छ। अनि यस मुक्तिको विषयले यस पुस्तकको एकता दर्साएको छ। किनभने यशैया १-३९ अध्यायको खण्डले मुक्ति मानिसको ठूलो आवश्यकता भएको कुरा स्पष्ट पार्छ भने, यशैया ४०-६६ अध्यायको खण्डले परमेश्वरले आफ्नो अनुग्रहमा मुक्तिको प्रबन्ध गर्नुभएको कुरा खुलस्त पार्छ ।

भविष्यवक्ता यशैयाले इस्राएली जातिलाई चेताउनी दिएः तिनीहरूको दुष्टताको खातिर तिनीहरूलाई दण्ड दिइनेछ; तर परमेश्वरले

आफ्नो अनुग्रहमा एक भावी दिनमा यहूदी-हरूको निम्ति र अन्यजातिहरूको निम्ति पनि एकजना मुक्तिदाताको प्रबन्ध गर्नुहुनेछ।

राजनीतिक हिसाबले सानो इस्राएल देश घरिघरि दुईवटा शक्तिशाली देशहरूको पन्जामा पर्न गयो; किनकि इस्राएलको उत्तरमा अश्शूरको राज्य थियो, जसको उदय भइरहेको थियो भने, दक्षिणमा मिस्र देश थियो, जसको शक्ति घटेको थियो। अनि यस पुस्तकको पछिल्लो भागमा भविष्यवक्ता आत्मामा दुई सय वर्ष उताको भविष्यमा पुग्छन्, र बेबिलोनको शक्तिशाली राज्यले भावी दिनहरूमा के-के गर्नेछ, सो विषयमा भविष्यवाणी गर्छन्।

# रूपरेखा

**खण्ड १) यशैया १-३५ः यशैयाको समयमा आइपर्ने सजाय र आशिषको विषयमा दिइएका भविष्यवाणीहरू**

**क) यशैया १-५ः** यहूदा र यरूशलेममाथि आइपर्ने न्यायहरू, साथै बीच-बीचमा महिमाका झलकहरू देखा परेका

**अ) यशैया १ः** इस्राएली जातिको विरुद्धमा परमेश्वरको मामिला के हो ?

**आ) यशैया २-४ः** शुद्ध पारिएपछि भावी आशिष आउँछ

**इ) यशैया ५ः** इस्राएली जातिको पापको निम्ति तिनीहरूलाई दिइएको दण्ड

**ख) यशैया ६ः** यशैयाको बोलावट, तिनको शुद्धीकरण र तिनको नियुक्ति

**ग) यशैया ७-१२ः** इम्मानुएलको पुस्तक

**अ) यशैया ७ः** मसीहको आश्चर्यमय जन्म

**आ) यशैया ८-१०ः** मसीहको अद्‌भुत देश

**इ) यशैया ११-१२ः** मसीहको हजार वर्षको राज्य

**घ) यशैया १३-२४ः** देश-देशहरूमाथि आइपर्ने न्याय

**अ) यशैया १३ः१-१४ः२३ः** बेबिलोनमाथि आइपर्ने न्याय

**आ) यशैया १४ः२४-२७ः** अश्शूरमाथि आइपर्ने न्याय

**इ) यशैया १४ः२८-३२ः** पलिस्ती देशमाथि आइपर्ने न्याय

**ई) यशैया १५-१६ः** मोआबमाथि आइपर्ने न्याय

**उ) यशैया १७ः** दमस्कसमाथि आइपर्ने न्याय

**ऊ) यशैया १८ः** अफ्रिकाका विभिन्न बेनामी देशहरूमाथि आइपर्ने न्याय

**ए) यशैया १९-२०ः** मिस्र देशमाथि आइपर्ने न्याय

**ऐ) यशैया २१ः१-१०ः** बेबिलोनमाथि आइपर्ने न्याय

**ओ) यशैया २१ः११-१२ः** दूमा अर्थात् एदोममाथि आइपर्ने न्याय

**औ) यशैया २१ः१३-१७ः** अरबमाथि आइपर्ने न्याय

**औं) यशैया २२ः** यरूशलेममाथि आइपर्ने न्याय

**अः) यशैया २३ः** टायरमाथि आइपर्ने न्याय

**ऋ) यशैया २४ः** सारा पृथ्वीमाथि आइपर्ने न्याय

**ङ) यशैया २५-२७ः** गीतहरूको पुस्तक

**अ) यशैया २५ः** इस्राएली जातिले राज्यका आशिषहरूको निम्ति धन्यवाद चढ़ाएको यसको प्रशंसाको गीत

**आ) यशैया २६ः** यहूदाले सनातन चट्टानको निम्ति गाएको गीत

**इ) यशैया २७ः** परमेश्वरले छुटकारा पाएको इस्राएली जातिको निम्ति गाउनुभएको गीत

**च) यशैया २८-३५ः** इस्राएल र यरूशलेमको पतन र पुनरुत्थान

**अ) यशैया २८ः** एप्रैम अर्थात् इस्राएललाई धिक्कार !

**आ) यशैया २९ः** अरिएल अर्थात् यरूशलेमलाई धिक्कार !

**इ) यशैया ३०-३१ः** मिस्र देशसँग सन्धि गर्नेहरूलाई धिक्कार !

**ई) यशैया ३२ः** धर्मी राजाको शासन

**उ) यशैया ३३ः** नाश गर्ने अश्शूरलाई धिक्कार !

**ऊ) यशैया ३४ः** सबै राष्ट्रहरूलाई धिक्कार !

**ए) यशैया ३५ः** भावी राज्यको महिमा

## खण्ड २) यशैया ३६-३९ः ऐतिहासिक अन्तरालः राजा हिजकियाहको पुस्तक

**क) यशैया ३६-३७ः** अश्शूरबाट राजा हिजकियाहले पाएको छुटकारा

**अ) यशैया ३६ः** अश्शूरले परमेश्वरलाई हाँकडाँक गरेको

**आ) यशैया ३७ः** परमेश्वरले अश्शूरलाई नाश गर्नुभएको

**ख) यशैया ३८ः** राजा हिजकियाह बिरामी भएको र चङ्गाइ पाएको

**ग) यशैया ३९ः** राजा हिजकियाहको पाप

## खण्ड ३) यशैया ४०-६६ः भावी निर्वासनको दृष्टिकोणबाट हेरेर पाएको सान्त्वनाका भविष्यवाणीहरू

**क) यशैया ४०-४८ः** इस्राएलको भावी छुटकाराबाट आउने सान्त्वना

**अ) यशैया ४०ः१-११ः** परमेश्वरले दिनुभएको पाप-क्षमा र शान्तिबाट आउने सान्त्वना

**आ) यशैया ४०ः१२-३१ः** परमेश्वरका सद्गुणहरूबाट आउने सान्त्वना

**इ) यशैया ४१ः** इस्राएलका पवित्र जनबाट आउने सान्त्वमा

**ई) यशैया ४२ः** परमप्रभुका सेवकबाट अउने सान्त्वना

**उ) यशैया ४३-४४ः** इस्राएलको पुनर्स्थापनाबाट आउने सान्त्वना

**ऊ) यशैया ४५ः** परमेश्वरको अभिषिक्त जन कोरेसबाट आउने सान्त्वना

**ए) यशैया ४६ः** बेबिलोनका मूर्तिहरूको विनाशबाट आउने सान्त्वना

**ऐ) यशैया ४७ः** बेबिलोनको विनाशबाट आउने सान्त्वना

**ओ) यशैया ४८ः** ताड़ना पाएपछि इस्राएली जाति फर्केर आएको कुराबाट आउने सान्त्वना

**ख) यशैया ४९-५७ः** मसीह र इस्राएली जातिले उहाँलाई इन्कार गरेको

**अ) यशैया ४९ः** मसीहले दासको रूपमा लिनुभएको

**आ) यशैया ५०ः** मसीह साँचो चेला हुनुभएको

**इ) यशैया ५१ः१-५२ः१२ः** मसीह धर्मी शासक हुनुभएको

**ई) यशैया ५२ः१३-५३ः१२ः** मसीह पाप उठाइलैजाने बलिदान हुनुभएको

**उ) यशैया ५४ः** मसीहले छुटकारा दिनुभएको र उहाँ पुनर्स्थापक हुनुभएको

**ऊ) यशैया ५५ः१-५६ः८ः** मसीह संसारभरि सुसमाचार प्रचार गर्ने प्रचारक हुनुभएको

**ए) यशैया ५६ः९-५७ः२१ः** मसीह दुष्टहरूको न्याय गर्नुहुने न्यायकर्ता हुनुहुन्छ

**ग) यशैया ५८-६६ः** इस्राएली जातिको पाप, यसको न्याय, यसको पश्चात्ताप र यसको पुनर्स्थापना

**अ) यशैया ५८ः** साँचो आत्मिकताबाट आउने आनन्दहरू

**आ) यशैया ५९ः** इस्राएली जातिका अधर्महरू

**इ) यशैया ६०ः** सियोनको भावी महिमा

**ई) यशैया ६१ः** मसीहका विभिन्न सेवकाईहरू

**उ) यशैया ६२ः** यरूशलेमका भावी आनन्दहरू

**ऊ) यशैया ६३ः१-६ः** बदला लिने दिन

**ए) यशैया ६३ः७-६४ः१२ः** बाँकी रहेका यहूदीहरूको प्रार्थना

**ऐ) यशैया ६५ः** परमप्रभुले बाँकी रहेका यहूदीहरूको प्रार्थनाको उत्तर दिनुभएको

**ओ) यशैया ६६ः** अन्तः नदीजस्तै बगिरहने शान्ति

# यशैयाको पुस्तकको टिप्पणी

## खण्ड १

## यशैया १-३५ :

## यशैयाको समयमा आइपर्ने सजाय र आशिषको विषयमा दिइएका भविष्यवाणीहरू

### क) यशैया १-५ः यहूदा र यरूशलेममाथि आइपर्ने न्यायहरू, साथै बीच-बीचमा महिमाका झलकहरू देखा परेका

#### अ) यशैया १ः इस्राएली जातिको विरुद्धमा परमेश्वरको मामिला के हो ?

**यशैया १ः१ः** यशैयाको पुस्तकको पहिलो पदचाहिँ यस पुस्तकको शीर्षक हो; अनि यसका ऐतिहासिक सन्दर्भहरू हामीले यस पुस्तकको भूमिकामा दिइसकेका छौं। यसकारण तपाईंले कृपाय त्यहाँ हेर्नुहोला र यसको जानकारी पाउनुहोला।

**यशैया १ः२-३ः** परमेश्वर र यहूदाको बीचमा चलिरहेको मुद्दामा हाजिर हुनको निम्ति सारा ब्रह्माण्डलाई बोलाइएको छ। यस मुद्दामा परमेश्वर न्यायकर्ता हुनुहुन्छ अनि यहूदा र यरूशलेमचाहिँ आरोपित अपराधी हुन्। अनि अभियोग कुन-कुनचाहिँ थियो ? इस्राएली जातिका बदमास छोराहरू थिए, जसले परमेश्वरको विरुद्धमा विद्रोह गरे र जसले कम्तीमा पाल्तू पशुजत्तिकै कृतज्ञता र स्वामीभक्ति देखाउन सक्नुपर्नेथियो, तर तिनीहरू यसमा कति चुके, कति !

**यशैया १ः४-६ः** परमप्रभु इस्राएलका पवित्र जनपट्टि आफ्नो पीठ फर्काएर यस जातिका मानिसहरू घोर अधर्मको दोषी भए। यसका खुट्टाको पैतालादेखि यसको शिरसम्म चोटहरू, नीला डामहरू र पाकेका घाउहरू थिए; तर परमेश्वरको ताड़ना सफल भएन।

**यशैया १ः७-९ः** यस पदबाट शुरु गरेर भविष्यवक्ता यशैयाले इस्राएली जातिको भविष्य वर्णन गर्छन्, मानौं त्यो समय आइसकेको छ।[5] किनकि आक्रमणकारी शत्रुहरूले यहूदालाई उजाड़ पारिसकेका रहेछन्। अनि सियोनकी छोरी यरूशलेम लाचार भई भग्नावशेषको बीचमा उभिएको छ, एउटा थोत्रो, धेरै समय नटिक्ने झुपड़ीजस्तै पो छ। तर धन्य हो, परमेश्वरको अनुग्रहले बाँकी रहेको एउटा सानो भाग छोड़ेछ ! नत्र ता तिनीहरूको विनाश सदोम र गमोराको जस्तै सम्पूर्ण हुनेथियो।

**यशैया १ः१०-१५ः** *'हे सदोमका शासकहरूहो, परमेश्वरको वचन सुन ! हे गमोराका मानिसहरूहो, हाम्रा परमेश्वरको व्यवस्थामा कान लगाओ !'* यरूशलेमका शासकहरू र त्यसका बासिन्दाहरूले बुझ्नुपर्नेथियोः

परमेश्वरले सत्यनिष्ठ नभएका विधिवादीहरू, अनाज्ञाकारीहरूका बलिदानहरू, दत्त नभएका दाताहरूका दानहरू घृणा गर्नुहुन्छ। जबसम्म मानिसहरू पापमा जिइरहन्छन्, तबसम्म तिनीहरूले मन्दिरका सेवाहरूमा भाग लिएकोमा के मतलब भयो ? त्यो त उहाँको आँगन कुल्चीमिल्ची गरेको बराबर थियो; यो उहाँको कत्रो अपमान ! अधर्म र महासभा – अहँ, यो कुनै हालतमा पनि चल्दैन; यस प्रकारको मिश्रण उहाँको निम्ति घृणित कुरा हो। उहाँले तिनीहरूका उठाइएका हातहरूमा वा तिनीहरूले चढ़ाएका धेरै प्रार्थनाहरूमा ध्यान दिनुहुनेछैन।

श्री डब्ल्यू. ई. भाइनले वर्तमान समयका ख्रीष्ट-विश्वासीहरूलाई यही खालको खतराको विषयमा चेताउनी दिएका छन्ः

> 'देखावटी धर्मचाहिँ अधर्मलाई ढाकछोप गर्ने वस्त्र मात्र हो। मत्ती २३ अध्यायमा प्रभु येशूले यस प्रकारको देखावटी धर्मको सबको सबको भन्डाफोड़ गरेर त्यसको कड़ाभन्दा कड़ा भर्त्सना गरिदिनुभयो। यहूदी धर्ममा यस प्रकारको दोषयुक्त मिश्रण थियो, जुन मिश्रणचाहिँ अब इसाईजगत्‌मा पनि व्यापक भएको छ। किनकि एकजना इसाईको विवेक यतिसम्म शुष्क र डामिएको हुन सक्दो रहेछ, कि त्यो पापमा जिएको बेलामा धर्मको आचरण गर्न सक्छ'।[6]

**यशैया १ः१६-१७ः** तिनीहरूले के गर्नुपरेको थियो भने, तिनीहरूले पश्चात्ताप गरेर र आफ्नो दुष्टता त्यागेर आफैलाई धुनुपरेको थियो; त्यसपछि तिनीहरूले आफ्नो जीवनमा धार्मिकताको आचरण गर्नुपरेको र समाजमा सठीक न्याय अपनाउनुपरेको थियो।

**यशैया १ः१८-२०ः** तिनीहरूले यस ईश्वरीय तर्कअनुसार गर्नुपर्‍यो, तब तिनीहरू आफ्नो गाढ़ाभन्दा गाढ़ा रङ्‌को पापबाट शुद्ध हुनेथिए र तिनीहरूले परमेश्वरले तिनीहरूको निम्ति प्रबन्ध गर्नुभएका असल-असल कुराहरूको आनन्द उपभोग गर्नेथिए। जुन भविष्यवक्ताको नामको अर्थ 'परमप्रभुको मुक्ति' हो, यी सुसमाचारीय भविष्यवक्ताको पुस्तकको पहिलो अध्यायमा निम्न सुसमाचारको मनमोहक निमन्त्रणा हालिएको कुरामा महत्त्व छ।

> *'परमप्रभु भन्नुहुन्छः अब आओ, र हामी आपसमा तर्कवितर्क गरौं ! तिमीहरूका पापहरू सिन्दूरे रङ्‌का भए तापनि ती हिउँजस्तै सेता हुनेछन्; ती गाढ़ा राता भए तापनि ती ऊनजस्तै सेता हुनेछन्।'*

यो ईश्वरीय तर्क हामीले विश्वासद्वारा ग्रहण गर्नुपर्छ; किनकि यसले पापबाट कसरी शुद्ध होइन्छ, सो सिकाउँछ। किनकि यो पापको परिमार्जनचाहिँ मानिसका योग्यता र प्रयासबाट पूरा अलग हुने कुरा हो। यो शुद्धीकरण पूरापूर हाम्रा प्रभु येशूको त्राणको कामको प्रतिफल हुन्छ; यसको निम्ति उहाँले क्रूसमा आफ्नो बहुमूल्य रगत बगाउनुभयो। यशैया १ः१८ पदमा हामीलाई पेश गरिएको निमन्त्रणा ग्रहण गर्ने भीड़ैभीड़ मानिसहरू छन्; के तपाईंले पनि यो निमन्त्रणा ग्रहण गर्नुभयो ? के तपाईं पनि त्राणकर्ता प्रभु येशूको रगतले शुद्ध हुनुभयो कि ? किनकि उहाँको निमन्त्रणा अझ जारी रहेको छ। के तपाईं उहाँको निम्तो सुन्दै हुनुहुन्छ ?

तर यशैयाको समयमा जुन मानिसहरूले यो आज्ञा मान्न इन्कार गरे र विद्रोह गरे, लड़ाइँ र विनाश ती मानिसहरूको भाग्य हुनेथियो।

**यशैया १ः२१-२३ः** यरूशलेम अब विश्वासयोग्यता, न्याय र धार्मिकताको नामले चलेको शहर हुने होइन। यो शहर अब एउटा वेश्या-शहर, हत्याराहरूको अड्डा पो भएछ। त्यसका मूल्यवान् कुराहरू भ्रष्ट भएका छन् र त्यसका शासकहरू बदमास भएका छन्। घूसखोरी र अन्याय जतातते छ।

**यशैया १ः२४-३१ः** यसकारण उहाँले तिनीहरू सबैमाथि आफ्नो क्रोध खन्याउनुहुनेछ, जसले आफ्ना पापहरूद्वारा आफूलाई परमेश्वरका शत्रुहरू भएका प्रमाणित गर्छन्। उहाँका न्यायका कामहरूले सबै अशुद्धता

हटाइदिनेछन् र यरूशलेमलाई यसको पहिलेको गौरवमा पुनर्स्थापित गर्नेछन्। अनि उहाँको धार्मिकताले पश्चात्ताप गर्नेहरूको छुटकारा सुनिश्चय गर्नेछ।

'सेनाहरूका परमप्रभु' भन्ने नाम उहाँको जोड़िएको नाम हो; यस दिव्य नामले यहाँ वर्णन गरिएका न्यायहरूको अपरिहार्यता सुनिश्चित गर्छ।

अपराधी र पापीहरू एकसाथ नाश हुनेछन्। अनि मूर्तिपूजकहरूचाहिँ ? तिनीहरू फलाँटका रूखहरू र बगैंचारूपी आफ्ना देवालयहरूको विषयमा लज्जित हुनेछन्। तिनीहरू आफै ओइलिएका फलाँटको रूखजस्तै र पानी नभएको, सुकेको बगैंचाजस्तै हुनेछन्। आफ्नै बलमा भर परेका बलवान् अगुवाहरू अत्याधिक प्रज्वलनशील वस्तुजस्तै हुनेछन्, जो आफ्नै दुष्ट कामहरूको झिल्काद्वारा सल्किन्छन्।

### आ) यशैया २-४: शुद्ध पारिएपछि भावी आशिष आउँछ

**यशैया २:१-३:** अब आमोसका छोरा यशैयाले यहूदीहरूको बीचमा भएको वर्तमान गड़बड़ी छोड़ेर पर मसीहको भावी महिमित राज्य हेर्छन्। अनि त्यस दिनमा यरूशलेम संसारको धार्मिक र राजनीतिक राजधानीको रूपमा स्थापित हुनेछ। अनि अन्यजातिका मानिसहरूले आराधना गर्न र ईश्वरीय निर्देशन पाउन सियोनमा तीर्थयात्रा गर्नेछन्।

**यशैया २:४:** मसीह राजाले अन्तर्राष्ट्रिय समस्याहरू छनबीन गर्नुहुनेछ र जातिहरूको बीचमा विवादहरू समाधान गर्नुहुनेछ। फलस्वरूप संसार शस्त्रमुक्त हुनेछ।[7] पहिले हातहतियारहरूमा खर्च गरिएका रकमहरू अहिले कृषि उपकरणहरूको निम्ति खर्च गरिनेछन्। यस अध्यायका यी शुरुका पदहरू मीका ४:१-३ पदहरूसँग मिल्दाजुल्दा छन्। यसको कारण कि त यी पदहरूको रचना एकै पवित्र आत्माको प्रेरणाको फल हो, कि त एकजना भविष्यवक्ताले अर्को भविष्यवक्ताका वचनहरू उद्धृत गरेका हुनुपर्छ।

**यशैया २:५:** *'हे याकूबको घरानाहो, आओ, हामी परमप्रभुको ज्योतिमा हिँड़ौं!'* ख्रीष्ट येशूको राज्यको यस उक्त महिमित आशाले यशैयालाई यहूदाका मानिसहरूलाई 'तुरुन्तै पश्चात्ताप गर' भन्ने आह्वान दिने प्रेरणा दिलायो।

**यशैया २:६-९:** त्यसको लगत्तै यशैयाले परमेश्वरलाई सम्बोधन गरेर यस जातिमाथि यो विपत्ति ल्याउने पापहरू के-के थिए, सो वर्णन गर्छन्। परमप्रभुतिर हेर्नको सट्टामा मानिसहरूले पूर्वका ज्योतिषीहरूसँग सल्लाह लिए, र तिनीहरू पलिस्तीहरूजस्तै जोखना हेर्नेहरू भए। तिनीहरूले अन्यजातिहरूसँग अवैध गठबन्धन गरे। परमेश्वरको व्यवस्था उल्लङ्घन गरेर तिनीहरूले आर्थिक सम्पत्तिहरू, घोड़ाहरू र रथहरू थुपारेर आफ्नो सुरक्षाको निम्ति यी भौतिक थोकहरूमाथि भरोसा राखे। तिनीहरूले मूर्तिहरू पूजा गर्थे, जुन मूर्तिहरू तिनीहरू आफैले बनाएका थिए। उक्त कुराहरू परमेश्वरले तिनीहरूलाई नम्र पार्नुभएका र तिनीहरूलाई क्षमा नगर्नुभएका कारणहरू हुन्। अनि *'तिनीहरू पूर्वका कुराहरूले भरिएका हुन्छन्'* भन्ने उक्तिले पश्चिमी देशहरूमा पूर्वीय धर्मको वर्तमान लोकप्रियता उपयुक्त रूपले वर्णन गर्छ।

**यशैया २:१०-११:** अब मानिसहरूतिर फर्केर यी दर्शीले तिनीहरूलाई चेताउनी दिन्छन्: 'परमप्रभुको भावी क्रोधको आतङ्कबाट शरण लिन खोजिहाल; किनकि उहाँको दन्किरहेको क्रोधले मानिसका घमण्डले चढ़ेका आँखाहरू होच्याउनेछ।

**यशैया २:१२-१८:** अचानक, एकै अन्तरालमा, यशैया झम्टेर परमप्रभुको दिनमा र त्यसका न्यायहरूमा पुगेछन्, जुन

परमप्रभुको दिनचाहिँ ख्रीष्ट येशूको हजार वर्षको राज्यभन्दा ठीक अगाड़ि हुनेछ। सेनाहरूका परमप्रभुले मानिसको सबै प्रकारको अहङ्कारसित सठीक व्यवहार गर्नुहुनेछ, जस्तैः व्यक्ति-व्यक्तिको अहङ्कार (देवदार र फलाँटका रूखहरू), सरकारहरूको अहङ्कार (अग्ला पहाड़हरू र उठेका डाँड़ाहरू), सशस्त्र सेनाहरूको अहङ्कार (उच्च धरहरा र बलियो पर्खाल) अथवा व्यापारीहरूको अहङ्कार (पानी-जहाजहरू र मनोहर एक मस्तुले जहाजहरू[8)])। त्यस दिनमा मानिसहरूको सेखी तल झारिनेछ, र परमप्रभु मात्र उच्च पारिनुहुनेछ। अनि मूर्तिहरूलाई के हुने भयो ? मूर्तिहरू छोड़िनेछन्।

**यशैया २ः१९-२२ः** अनि मानिसहरूले जहाँ पनि लुक्ने ठाउँहरू खोज्नेछन्। त्यसपछि क्षणभङ्गुर मानिसचाहिँ भरोसा गर्न योग्यको होइन रहेछ भन्ने कुरा सुस्पष्ट हुनेछ। परमप्रभु मात्र आफ्ना जनहरूको अखण्डनीय भरोसाको योग्य हुनुहुन्छ।

**यशैया ३ः१-५ः** जुन दिनको विषयमा हामीले २ः२० पदमा पढ़ेका छौं, त्यस उक्त दिनमा परमप्रभुले जिम्मेवार नेताहरूलाई हटाइदिनुहुनेछ, जुन नेताहरूमाथि मानिसहरूले निर्भर गर्ने गर्थे। रोटी र पानीको सहारा हटाइदिनु भनेको अनिकालका नाजुक परि-स्थितिहरू होलान्; तर यहाँ, यस ठाउँमा रोटी र पानीचाहिँ आवश्यक अगुवाहरूको निम्ति प्रयोग गरिएका उपयोगी चिन्हहरू हुन्, जसरी निम्न पदले सुझाउ दिन्छ। यसर्थ समाजको हरेक श्रेणी र हरेक क्षेत्रमा सक्षम, परिपक्व अगुवाहरूको अभाव हुनेछ। त्यो समय मानिसले मानिसलाई थिचोमिचो गर्ने समय, छाड़ा, ढीठ र धृष्ट हुने समय, अरूको अपमान गर्ने र कसैको अधीनतामा नबस्ने समय हुनेछ।

**यशैया ३ः६-८ः** त्यस बेलामा मानिस-हरूले कुनै आफन्तलाई यी भग्नावशेषहरू अधिकार गर्नको निम्ति मनाउन प्रयास गर्नेछन्, तर यस आफन्तले इन्कार गर्नेछ; किनकि उसको घरमा न खानेकुरा छ, न ता कपड़ा नै छ। अनि यशैयाको भनाइअनुसार यस विपत्तिको निम्ति अरू कोही होइन, तर मानिसहरू स्वयम् दोषी छन्।

**यशैया ३ः९-१२ः** यस पददेखि भविष्यवक्ता यशैयाले आठ पल्ट 'हाय, हाय' भनेर धिक्कार्ने क्रम शुरु गर्छन्ः यस अध्यायमा दुई पल्ट र पाँच अध्यायमा छ पल्ट। पहिलो धिक्कार यस देशको जनतालाई लाग्छ, तिनीहरूको पक्षपात र तिनीहरूको निर्लज्जताको निम्ति। दोस्रो धिक्कार्ने वचनले तिनीहरूलाई तिनीहरूको दुष्टताको खातिर फट्कार्छ, तर बाँकी रहेका धर्मी जनहरूलाई आशिष दिने प्रतिज्ञा गर्छ। तिनीहरूको पापको एउटा प्रतिफल के हुन्छ भने, तिनीहरूका अगुवाहरू अनुभवहीन र अपरिपक्व बालक-हरू, कमजोर स्त्रीहरू र ठगहरू हुनेछन्।

**यशैया ३ः१३-१५ः** यी पदहरूमा परमप्रभुले इस्राएली जातिलाई न्यायजाँचमा खड़ा हुन बोलाउनुहुन्छ; अनि अभियोगहरू पेश गरिन्छन्। उहाँ शासकहरूलाई कड़ा आरोप लगाउनुहुन्छ; किनकि घूसखोरीद्वारा र गरिबहरूलाई शोषण गरेर तिनीहरूले आफूलाई धनी तुल्याए। तिनीहरू 'दोषी' भएका हुनाले तिनीहरूको फैसला सुनाइन्छ।

**यशैया ३ः१६-२४ः** त्यसपछि यहूदाका स्त्रीहरूलाई कड़ा भर्त्सना गरिन्छ, तिनीहरूको घमण्डको निम्ति, तिनीहरूको अशिष्ट, अश्लील व्यवहारको निम्ति र तिनीहरूको महँगा वस्त्र र गहनाहरूको निम्ति। यसकारण जुन अनुहारहरूमा तिनीहरूले महँगा-महँगा सौन्दर्य-प्रसाधनहरू लगाइदिन्थे, ती अनुहारहरूमा घाउका पाप्राहरू हुनेछन्। तिनीहरूका शरीरहरू सबै सजधजरहित पारिनेछन्। ठाँटी स्त्रीहरू हुनुको सट्टामा तिनीहरू धूलामैला शरणार्थी-हरू बन्नेछन्, जसका शरीरहरू दुर्गन्धले

ठसठसती गनाउँछन्, जो डोरीले बाँधिएका हुन्छन्, जसका कपाल खौरिएर तिनीहरू तालुखुइले छन्, जसको एकमात्र लुगा भाङ्ग्रा हुन्छ र जसको पहिचानको निम्ति डामेर तिनीहरूको जीउमा दामल-चिन्ह लगाइएको हुन्छ।

**यशैया ३:२५-४:१:** तिनीहरूको थप विपत्ति के हो भने, लड़ाइँमा तिनीहरूका पुरुषहरूको मृत्यु हुनेछ। पुरुषहरूको सङ्ख्या पूरा घटेको हुन्छ, यहाँसम्म कि पुरुषहरूको अल्पसङ्ख्याले सातजना स्त्रीहरूलाई एकैजना पुरुषसँग जबरजस्ती विवाहको प्रस्ताव गर्न बाध्य पार्नेछ। अविवाहित भएको र सन्तान-विहिन भएको भयानक निन्दाबाट उम्कन पाऊन् भन्ने हेतुले यी स्त्रीहरूले 'तपाईंको नामले कहलिन पाए हामी आफ्नो जीविका आफूले चलाउँछौं; हामीलाई कुनै सहायता गर्नुपर्दैन' भन्ने प्रण गर्छन्।

**यशैया ४:२-६:** अनि यस अध्यायको बाँकी खण्डमा विषयवस्तुचाहिँ ख्रीष्ट येशूको भावी महिमित राज्य हो; यस खण्डले त्यसको पूर्वझलक दिन्छ। ख्रीष्ट येशूचाहिँ दुई पदमा उल्लेख गरिएको परमप्रभुको सुन्दर र महिमित हाँगा हुनुहुन्छ। श्री म्याथ्यू हेनरीले टिप्पणी गरेर यसो भनेका छन्:

> 'उहाँ परमप्रभुको हाँगा, अँ, ती मानिसरूपी हाँगा हुनुहुन्छ; यो उहाँको भविष्यसूचक नामहरूमध्ये एक नाम हो, जस्तैः उहाँको दास'हाँगा' (जकरिया ३:८ र ६:१२), धार्मिकताको हाँगा (यर्मिया २३:५ र ३३:१५), यिशाईको ठुटाबाट निस्केको एउटा टुसा (यशैया ११:१), र कसैकसैको अर्थ लगाइअनुसार "उहाँ नासरी भनिनुहुनेछ" भन्ने वाक्समा 'नासरी' भन्ने शब्द हाँगाको अर्थ लिन्छ (मत्ती २:२३)। यहाँ, यस ठाउँमा उहाँको नाम 'परमप्रभुको हाँगा'राखिएको छ; किनभने यो हाँगा परमप्रभुको शक्तिले रोपिएको थियो र उहाँको प्रशंसाको निम्ति फस्टाउँछ। यहाँ पुरानो कल्दी भाषाको भावअनुवादले "परमप्रभुको ख्रीष्ट वा मसीह" भनेर अनुवाद गरेको छ।' 9)

अनि उहाँ पृथ्वीको पहिलो फल पनि हुनुहुन्छ, जसमा पुनर्स्थापित भएका इस्राएली-हरूले घमण्ड गर्नेछन्। प्रभु येशूले आफ्नो दोस्रो आगमनमा विश्‍वास नगर्ने मानिसहरूलाई नाश गर्नुहुनेछ। अनि मुक्ति पाएका यहूदीहरू, जसका नामहरू जीवनको पुस्तकमा लेखिएका छन्, यरूशलेममा 'पवित्र जनहरू' कहलाइने-छन्। अनि चार पदमा जुन शुद्धीकरणको कुरा गरिएको छ, त्यो शुद्धीकरण सुसमाचारद्वारा गरिने होइन, तर न्यायद्वारा पूरा हुनेछ। सियोन पर्वतलाई दिउँसो बादलको चँदुवाले र राति ज्वलन्त आगोले ढाक्नेछ, जुन बादल र जुन आगोचाहिँ परमेश्‍वरको हेरचाह र सुरक्षाका चिन्हहरू हुन्।

### इ) यशैया ५: इस्राएली जातिको पापको निम्ति तिनीहरूलाई दिइएको दण्ड

**यशैया ५:१-२:** *'अब आफ्ना प्रियको निम्ति तिनको दाखबारीको विषय लिएर म आफ्ना प्रिय जनको गीत गाउनेछु।'* जुन गीत यशैयाले परमप्रभु आफ्ना प्रिय जनको निम्ति गाउँछन्, त्यस गीतमा तिनले परमप्रभुको कोमल हेरचाह वर्णन गर्छन्, जुन हेरचाह उहाँमा आफ्नो दाखबारीको निम्ति थियो। परमेश्‍वरले यसको निम्ति सबैभन्दा उत्तम ठाउँ छान्नुभयो; उहाँले त्यो जमिन तयार गर्नुभयो; उहाँले त्यसमा सबैभन्दा उत्तम दाखको बोट रोप्नुभयो; उहाँले त्यसको रक्षा गर्नुभयो; अनि उहाँले असल फसल पाउँछु भन्ने आशामा त्यहाँ एउटा दाखको कोल पनि बनाउनुभयो। उहाँले आशा गर्नुभएको फसल भएन, जस्तैः आज्ञा-कारिता, कृतज्ञता, प्रेम, आराधना, सेवा। तर त्यसको बदलीमा त्यहाँ ठसठस गनाउने जङ्गली अङ्गुरहरू भए, जस्तैः अनाज्ञा-कारिता, विद्रोह, मूर्तिपूजा।

**यशैया ५:३-६:** क्रोधित हुनुभएको परमप्रभुले यहूदाका मानिसहरूलाई सोध्नु-भयोः 'मेरो दाखबारीको निम्ति मैले नगरेको

अरू बढ़ी के पो गर्न सकिन्छ? त्यसले मैले आशा गरेका फलहरू किन नफलाएको, मलाई भन?' त्यसपछि उहाँले आसन्न सजायको घोषणा गर्नुभयो। उहाँले यहूदाको वरिपरि सुरक्षाको पर्खाल हटाइदिनुहुनेछ। देशमाथि चढ़ाइ गरिनेछ र त्यो उजाड़ हुनेछ। त्यो काँड़ा र काँड़ेझाङहरूमा परिणत हुनेछ, र त्यहाँ खड़ेरी लाग्नेछ। निस्सन्देह, उक्त यी सबै कुराहरूको पूर्वदृष्टि आउन लागेको त्यो निर्वासनको समय थियो।

**यशैया ५:७:** उहाँको मामिला सुस्पष्ट थियोः परमेश्वरले इस्राएल र यहूदाबाट न्याय र धार्मिकता खोज्नुभयो, तर उहाँले हत्या र थिचोमिचो गरिएकाहरूको चिच्च्याहटबाहेक अरू केही पाउनुभएन।

**यशैया ५:८-१०:** यस अध्यायका ८-२३ पदको खण्डमा हामीसँग छवटा धिक्कारहरू उल्लेख गरिएका छन्, यी धिक्कारहरूमा तीन अध्यायका धिक्कारहरूले निरन्तरता पाएका छन्। ती धिक्कारहरूको उद्घोषणा निम्न प्रकारले गरियोः

***क)*** *पहिलो धिक्कारः लोभी जग्गा-धनीहरूलाई धिक्कार!* किनकि तिनीहरूले घर र जग्गाजमिनहरूको चर्को अभाव नभएसम्म जग्गाजमिनको व्यापार सुकाउने कोशिश गर्छन्। तर तिनीहरू एकलै भव्य कुञ्जमा बस्छन्। तर अब आउन लागेको बेबिलोनको कैदरूपी निर्वासनले गर्दा धेरै घरहरू रित्तो छोड़िनेछन्, अनि खेतबारीहरूले आंशिक फसल मात्र दिनेछन्। अनि दस एकड़को दाखबारीबाट बीस लिटर दाखमद्य हुनेछ। अनि दस टोकरी बीउले एक टोकरी अन्न उब्जाउनेछ।

**यशैया ५:११-१७: *ख)*** *दोस्रो धिक्कारः मतवालाहरूलाई धिक्कार!* किनभने तिनीहरू बिहानदेखि रातिसम्म रक्सी पिउनमा तल्लीन हुन्छन्। तिनीहरूले परमेश्वर र उहाँका कामहरू पूरा अवहेलना गरेर मस्ती गरेका छन्।

यस्तो बेहोशी व्यवहारको खातिर निर्वासन नजिक आइपुगेको थियो। तिनीहरूका आदरणीय मानिसहरू र साधारण जनताको भीड़ अनिकालमा पर्नेछन् र तिनीहरूमाथि मृत्यु आइपर्नेछ। कुनै पनि श्रेणीका मानिसहरूले होचिनदेखि छूट पाउनेछैनन्, अँ, गिर्नदेखि उम्किनेछैनन्। तर जब विदेशी जातिका बेडुइन गोठालाहरूले इस्राएल देशका भग्नावशेषहरूमा आफ्ना भेड़ाहरू चराउँछन्, तब बल्ल परमेश्वर आफ्नो धार्मिक न्यायद्वारा धर्मी ठहरिनुभएको हुनेछ।

**यशैया ५:१८-१९: *ग)*** *तेस्रो धिक्कारः बेशर्मले झूट बोल्नेहरू र परमेश्वरलाई हाँक दिने दुःसाहसीहरूलाई धिक्कार!* किनभने तिनीहरूलाई पापको लत लागेको छ; तिनीहरूले आफूपछि दोष र दण्ड तानिरहेका हुन्छन्। तिनीहरूले परमेश्वरलाई धम्की दिन्छन्: उहाँले तिनीहरूमाथि जुन दण्ड ल्याइदिन्छु भनेर भन्नुभयो, त्यो दण्ड छिटो-भन्दा छिटो ल्याइदिऊन्।

**यशैया ५:२०: *घ)*** *चौथो धिक्कारः नैतिकतामा गड़बड़ी ल्याउनेहरूलाई धिक्कार!* किनभने तिनीहरूले असल र खराबको बीचको भिन्नता मेटाउँछन् अनि असल र खराब छैन भन्छन्।

**यशैया ५:२१: *ङ)*** *पाचौं धिक्कारः अभिमानी मानिसहरूलाई धिक्कार!* किनभने तिनीहरू सबै कुरा जान्ने हुन्छन्; तिनीहरूले कसैको वचन वा सल्लाह ग्रहण गर्दैनन्।

**यशैया ५:२२-२३: *च)*** *छैटौं धिक्कारः ती न्यायकर्ताहरूलाई धिक्कार,* जो दाखमद्य पिउने बहादुरहरू हुन् र जसले घूस खाएर न्याय बिगार्छन्।

**यशैया ५:२४-२५:** यी दुष्ट मानिहरूले परमेश्वरको वचनको भय मान्दैनन्; यसकारण तिनीहरू आगोमा भस्म हुने घाँसजस्तै हुनेछन्। किनकि परमेश्वरले आफ्ना जनहरूसँग न्यायको व्यवहार गर्नुहुनेछ; उहाँले पहाड़हरू

हल्लाउनुहुनेछ, र सड़कहरूहुँदा लासैलास सोतर हुनेछन्। तर कुरा अभ्र सकिएको छैन।

**यशैया ५:२६-३०:** उहाँले सुसेली मारेर बेबिलोनीहरूलाई त्यहाँ बोलाउनुहुनेछ। तिनीहरूका सेनाहरू नजिक आउँदै गरेको हेर्नुहोस्! तिनीहरूको शारीरिक अवस्था एकदम राम्रो छ; तिनीहरूको बर्दी कति मुनासिब, कति सठीक छ, ती सशस्त्रयुक्त सिपाहीहरूको! तिनीहरूका तेजस्वी घोड़ाहरू र रथहरू छिटो-छिटो नजिक आइरहेका रहेछन्। तिनीहरूका फौजहरू सिंहझैं मानिसहरूमाथि झम्टनेछन्, त्यसपछि तिनीहरूले मानिसहरूलाई निर्वासनमा लैजानेछन्। यो यहूदाको दुर्दिन हो।

### ख) यशैया ६: यशैयाको बोलावट, तिनको शुद्धीकरण र तिनको नियुक्ति

**यशैया ६:१:** राजा उज्जियाहको मृत्यु भएको वर्षमा[10] यशैयाले राजाहरूका महाराजाको दर्शन देखे। हामी यूहन्ना १२:३९-४१ पदको खण्डबाट के सिक्छौं भने, तिनले देखेका राजा प्रभु येशू ख्रीष्ट हुनुहुन्थ्यो। यस सिलसिलामा श्री एफ. सी. जेन्निङ्गसले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'प्रेरित यूहन्ना पत्मोसमा भएजस्तै यशैयाचाहिँ यहाँ पनि 'आत्मामा' भए; तिनले एडोनलाई देखे। (एडोनचाहिँ परमेश्वरको त्यो नाम हो, जुन नामले उहाँलाई सबै कुराहरूमाथि सर्वाधिकारी हुनुभएको सर्वोच्च प्रभुको रूपमा पेश गर्छ। अनि यहाँ रोमी ९:५ पदमा जस्तै एडोनचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ, जो सबै कुराहरूमाथिको सदा-सर्वदा धन्य परमेश्वर हुनुहुन्छ)। अनि यी प्रभु राजसी महिमाको सजिसजाउको साथ एउटा सिंहासनमाथि विराजमान हुनुहुन्थ्यो, जुन सिंहासन अग्लो र उच्च थियो। किनकि 'उहाँको सिंहासनले सबैमाथि शासन गर्दछ'। यसो भए पनि उहाँ यस अग्लो सिंहासनमाथि विराजमान हुनुभएको बेलामा त्यो महिमित मन्दिर उहाँको वस्त्रको किनारले भरिएको थियो'।[11]

**यशैया ६:२-५:** अनि सराफहरूले[12] उहाँको सेवा गर्दैथिए। सराफहरू भन्नाले विशेष किसिमका स्वर्गीय प्राणीहरू बुझिन्छ। यिनीहरूका छ-छवटा पखेटाहरू थिए, आफ्नो श्रद्धा देखाउनको निम्ति यिनीहरूका चारवटा पखेटा थिए भने, सेवा गर्न यिनीहरूका दुईवटा पखेटाहरू थिए। यिनीहरूले परमेश्वरको पवित्रताको अनुष्ठान गर्छन्; र यिनीहरूको माग के थियो भने, परमेश्वरको सेवा गर्नुभन्दा अघि उहाँका सेवकहरू शुद्ध पारिएका हुनुपर्छ।

यस दिव्य दर्शनले भविष्यवक्ता यशैयाको मनमा पापको गहिरो दोषसिद्धिको प्रभाव लगाइदियो; त्यसपछि अझ यस दर्शनको प्रभावमा परेर तिनले आफ्नो पाप स्वीकार गरे।

**यशैया ६:६-८:** तब तुरुन्तै तिनको शुद्धीकरण भइहाल्यो। अनि त्यसपछि मात्र यशैयाले परमप्रभुको बोलावट सुन्न सके। लगत्तै तिनले आफूलाई परमप्रभुकहाँ समर्पण गरे, र तिनलाई तिनको कार्मभार सुम्पियो।

**यशैया ६:९-१०:** तिनले यस्ता मानिसहरूलाई परमप्रभुको वचन प्रचार गर्नुपरेको थियो, जुन मानिसहरूले परमेश्वरको सन्देश अस्वीकार गर्नेथिए र यसरी सजायको रूपमा आफूमाथि अन्धापन र हृदयको कठोरता ल्याउनेथिए। नौ र दस पदले यशैयाको सेवकाईको लक्ष्य वर्णन गर्दैनन्, तर यसको अपरिहार्य परिणाम के हुने हो, सो देखाउँछन्। इस्राएली जातिले मसीह येशूलाई अस्वीकार गरेको कुरा पुष्टि गर्न यी पदहरू नयाँ नियमको पुस्तकमा उद्धृत गरिएका हुन्। यस सम्बन्धमा श्री डब्ल्यू. ई. भाइनले यसो लेखेका छन्ः

> 'मानिसहरूले लगातार आफ्ना चालहरू यति टेढ़ामेढ़ा पारे कि तिनीहरू हददेखि बाहिर पुगे र तिनीहरूको निम्ति प्रभुकहाँ फर्कन र निको हुन असम्भव भयो। यसकारण बुझ्नुहोस्ः मानिसले दुष्टतामा लीन भएर आफूलाई यति कठोर बनाउन सक्छ कि त्यसको अवस्था सुधार गर्न नसकिने हुन्छ;

यो त्यस मानिसमाथि परमेश्वरको प्रतिशोधात्मक न्याय हो ।' 13)

**यशैया ६ः११-१३ः** *'हे प्रभु, कहिलेसम्म ?'* भन्ने तिनको प्रश्नको अर्थ यस प्रकारको छः परमेश्वरको न्याय उहाँका जनहरूमाथि निरन्तर कहिलेसम्म आइपर्नेथियो ? यस प्रश्नको जवाफ थियोः 'जबसम्म शहरहरू उजाड़ र बासिन्दाविनाका हुँदैनन्, घरहरू मानिसविनाका हुँदैनन्, अनि देश पूर्ण रीतिले उजाड़ हुँदैन, अनि परमप्रभुले मानिसहरूलाई टाढ़ा हटाउनुहुन्न, तबसम्म ।' परमेश्वरले मानिसहरूको दस भागको एक भाग बाँकी रहेकाहरूलाई जोगाउनुहुनेथियो; तर यो बाँकी रहेको भाग पनि ठूलो सङ्कष्टबाट भएर जानुपर्नेथियो । अनि यो पवित्र वंशचाहिँ ठूलो रूखको ठुटाजस्तै हुनेछ, जुन ठुटाचाहिँ बाँकी रूख नष्ट भएपछि जीवित रहन्छ ।

### ग) यशैया ७-१२ः इम्मानुएलको पुस्तक

#### अ) यशैया ७ः मसीहको आश्चर्यमय जन्म

**यशैया ७ः१-२ः** ख्रीष्ट येशूको विषयमा दिइएका सुस्पष्ट भविष्यवाणीहरूले गर्दा यशैया ७-१२ अध्यायहरू 'इम्मानुएलको पुस्तक' भनिन्छन् ।

छ र सात अध्यायको बीचमा योतामको शासनकाल थियो, तर यशैयाले त्यो शासनकाल छोड़िदिन्छन् र राजा आहाजको समयबाट आफ्नो वृत्तान्त अगाड़ि बढ़ाउँदै लैजान्छन् । त्यस समयमा अराम र इस्राएलले यहूदाको विरुद्धमा गठबन्धन गरे र यरूशलेमलाई धम्की दिइरहेका थिए। अराम भन्नाले सिरिया बुझिन्छ, र एप्रैम भन्नाले इस्राएल बुझिन्छ ।

**यशैया ७ः३ः** यशैया र तिनको छोरा शआर-याशूब 14) माथिल्लो तलाउको कुलोको अन्तमा, धोबीको जमिनको मूलबाटोमा राजा आहाजलाई भेट्न निस्के । हुन सक्छ, राजा आहाज यरूशलेम शहरको खानेपानी आपूर्ति सुनिश्चित गर्न त्यहाँ गए होलान् । धोबीको जमिनमा मानिसहरूले भर्खरै धोएका लुगाहरू रङ्ग उदाएर फिक्का पार्न घाममा फैलाउँथे ।

**यशैया ७ः४-९ः** परमप्रभुले भविष्यवक्ताद्वारा राजा आहाजलाई 'तिमी डराउनुपर्दैन' भन्ने आश्वासन दिनुभयो । रसीन र पेकह, सिरिया र इस्राएलका राजाहरू धूवाँ निस्किरहेका अगुल्टाका पुच्छरहरूबाहेक अरू केही पनि थिएनन्, जुनचाहिँ पूरा निभ्न लागेका थिए । हो, यस संघले यहूदामाथि आक्रमण गर्ने र ताबेलको अज्ञात छोरालाई कठपुतली राजाको रूपमा स्थापित गर्ने योजना बनाएको थियो; तापनि तिनीहरूको यो योजना असफल हुनेथियो । (सिरिया र इस्राएलले यहूदामाथि आक्रमण त गरे, तर अश्शूरीहरू अघि बढ़ेपछि तिनीहरूको दबाउ हटिगयो) । जति निश्चित अरामको राजधानी दमस्कस थियो र त्यसका राजा रसीन थिए, त्यत्ति नै सुनिश्चित पैंसट्ठी वर्षभित्र इस्राएलमाथिको विजय थियो; (तपाईंले यो भविष्यवाणी २ राजा १७ अध्यायमा पूरा भएको हेर्नुहोला) । जति निश्चित इस्राएलको राजधानी सामरिया थियो र त्यसका राजा पेकह थिए, त्यत्ति नै कुरा पक्का र निश्चित थियोः राजा आहाजले परमप्रभुको वचनमाथि विश्वास गरेनन् भने, उनी स्थापित हुनेथिएनन् ।

**यशैया ७ः१०-१३ः** परमप्रभुले आहाजलाई मनि पृथ्वी वा माथि आकाशमा एउटा चिन्ह माग्ने आदेश दिनुभयो; किनभने सिरिया र इस्राएलको गठबन्धन यहूदाको विरुद्धमा सफल हुनेथिएन । तर राजा आहाज आफ्नो सुरक्षाको निम्ति अश्शूरमाथि राखेको भरोसा त्याग्न इच्छुक भएनन्; यसैले उनले झूटो भक्तिभाव र नक्कली नम्रताको साथ यसो गर्न इन्कार गरे। परमप्रभुचाहिँ राजा आहाजको यस व्यवहारसँग असन्तुष्ट हुनुभयो, तर पनि उहाँले एउटा चिन्ह दिनुहुनेथियो । यस विषयमा श्री डब्ल्यू. ई. भाइनले टिप्पणी गरेर यसो भनेका छन्ः

'राजा आहाजले एउटा चिन्ह माग्न अस्वीकार गरेपछि परमप्रभुले आफ्नो रोजाइअनुसार एउटा चिन्ह दिनुभयो; अनि त्यस चिन्हको दायरा आहाजको समयका परिस्थितिहरू धेरै नाघेर जानेथियो र त्यस चिन्ह दाऊदको घरानासित सम्बन्धित भविष्यवाणीहरू र प्रतिज्ञाहरूको चरमसीमा हुनेथियो। तर त्यो चिन्ह पूरा हुनुमा जति आशिषहरू र जति महिमाहरू थिए, ती आशिषहरू र ती महिमाहरूमा आहाज र उनीजस्तै मानिसहरूले कुनै हिस्सा पाउनेथिएनन् र पाउने-छैनन्।' [15)]

**यशैया ७:१४:** धेरै भविष्यवाणीहरूको विषयमा जस्तै छ, यस भविष्यवाणीको बारेमा पनि उस्तै थियोः यो आहाजका दिनहरूमा प्रारम्भिक रूपले पूरा भयो, र पछि ख्रीष्ट येशूको पहिलो आगमनमा पूर्ण रूपले पूरा भएको हो। यस पदले अथक र अचूक प्रकारले ख्रीष्ट येशूकहाँ देखाइदिन्छ। उहाँचाहिँ यी कन्याका [16)] पुत्र हुनुहुन्थ्यो; अनि उहाँको नाम 'इम्मानुएल' हो; अनि उहाँको नामको अर्थले हामीलाई उहाँ को हुनुहुन्छ, सो बताइदिन्छः 'परमेश्वर हामीसँग'। यस सिलसिलामा हामी फेरि श्री डब्ल्यू. ई. भाइनले लेखेका निम्न कुरा उद्धृत गर्छौंः

'यशैयाको पुस्तकमा "हेर" भन्ने शब्दले सधैं भविष्यका परिस्थितिहरूसँग सम्बन्धित केही कुरा प्रस्तुत गर्छ। कन्याको निम्ति यहाँ'अल्माह' भन्ने शब्द चुनिएकोमा महत्त्व छ; यस शब्दको अर्थ 'बेतुलाह' भन्ने शब्दको अर्थभन्दा फरक छ। किनकि बेतुलाह एउटी यस्ती कन्या हो, जो आफ्ना बुबाआमासँग बस्छे, जसको विवाहको प्रबन्ध गरिएको छैन। तर अल्माह भन्ने शब्दले परिपक्व र विवाहको निम्ति तयार भएकी कन्याको अर्थ लिन्छ।' [17)]

**यशैया ७:१५-१७:** हुन सक्छ, पन्ध्र र सोह्र पदहरू यशैयाको 'महेर-शालाल-हाश-बज' नाम गरेको माहिला छोराको सन्दर्भमा लेखिए होलान्; किनकि यशैया ८:१८ पद-अनुसार त्यो माहिला छोरा यशैयाका अरू नानीहरूसित एउटा चिन्ह हुनेछ। जे होस्, उक्त कन्याबाट जन्मिने छोरा उत्तरदायित्वको उमेर नपुग्उन्जेल गरिबीमा बाँच्नेछ (दही र मह खाएर)। तर त्यो छोरा यस विशेष उमेरमा पुग्नुभन्दा अगाड़ि सिरिया र इस्राएलका देशहरू तिनीहरूका राजाहरूबाट त्यागिएका हुनेछन्, र यसरी जुन गठबन्धनबाट यहूदा डराएको थियो, त्यो गठबन्धन विफल हुनेछ। तर परमेश्वरले यहूदालाई पनि दण्ड दिनुहुनेछ, अश्शूरका राजाका आक्रमणहरूद्वारा। कसरी?

**यशैया ७:१८-२२:** परमेश्वरले झिङ्गा-रूपी मिस्र देशलाई र माहुरीरूपी अश्शूरलाई सुसेली मारेर बोलाउनुहुनेछ, र तिनीहरू हूलै-हूल यहूदामा धुइरो लाग्नेछन्। अश्शूरचाहिँ परमेश्वरले भाड़ामा लिनुभएको छुरा हुनेछ; त्यसले यहूदामाथि शर्म र अपमान ल्याउनेछ। यस सन्दर्भमा श्री एफ. सी. जेन्निङ्सले टिप्पणी गरेर यसो भनेका छन्ः

'त्यस दिनमा यहूदा साँच्चै गरिब हुनेछ; किनकि मानिसको कुलसम्पत्ति एउटा कोरली गाई र दुईवटा भेड़ा अथवा दुईवटा बाख्रा हुनेछन्; तर पनि खेती नगरिएका जमिनहरूमा प्रशस्त चराउने चरण हुनेछन्, यति धेरै कि, यी तीनवटा गाईवस्तुद्वारा मानिसलाई चाहिने सबै खानेकुराको प्रबन्ध हुनेछ'। [18)]

**यशैया ७:२३-२५:** बितेको समयमा प्रशस्त बाली दिने जमिन काँड़ेझाङ र काँड़ा-हरूले ढाकिनेछ। अब जमिन खेती गर्न योग्य हुनेछैन, तर यो गोरुहरू र भेड़ाबाख्राहरूको निम्ति मात्र उपयुक्त हुनेछ।

### आ) यशैया ८-१०: मसीहको अद्भुत देश

**यशैया ८:१-४:** परमप्रभुले यशैयालाई आज्ञा गर्नुभयोः 'एउटा पाटीमा सुस्पष्ट अक्षरहरूमा "महेर-शालाल-हाश-बज" लेख र ऊरियाह र यबेरेक्याहको छोरा जकर्याहलाई साक्षीहरूको रूपमा राख, जसले पछि यो सन्देश प्रमाणित गर्नेछन्।' यस नामको अर्थ

'लुटको निम्ति हतार गर! लुटको मालको निम्ति फूर्ति गर!' हो; अनि यस नामले अश्शूरद्वारा सिरिया र इस्राएलको निकट विनाश सङ्केत गर्छ। जब परमप्रभुले यशैयालाई तिनको नवजात बालकलाई यो नाम राख्ने आदेश दिनुभयो, तब उहाँले यस नामको अर्थ खोलिदिनुभयो।

**यशैया ८:५-१०:** अनि इस्राएलको विषयमा पनि परमप्रभुसँग एउटा सन्देश थियो। उत्तरीय राज्यका मानिसहरूले शिलोको बिस्तारै-बिस्तारै बग्दै गरेको पानीलाई रद्द गरेका हुनाले तिनीहरू महानदी यूफ्रेटिसको डुबाउमा पर्नेछन्। शिलोचाहिँ यूहन्ना ९:७ पदमा 'सिलोआम' भनिन्छ। शिलो यरूशलेमको पानीको गोप्य बन्दोबस्त थियो; अनि यहाँ शिलोको अर्थ परमेश्वरको अनग्रहको वचन वा परमप्रभुमाथि राखिएको भरोसा हो। महानदी यूफ्रेटिसले अश्शूरलाई सङ्केत गर्छ, जसले इस्राएल र सिरियालाई जित्नेछ। अनि अश्शूरले यहूदामाथि पनि हमला गर्नेछ, र इम्मानुएलको देशको चौड़ाइ ढाक्नेछ; तर त्यसको सफलता पूर्ण हुने होइन, त्यो केवल घाँटीसम्म पुग्ने रहेछ। अन्तमा यहूदाका शत्रुहरू टुक्राटुक्रा पारिनेछन्, तिनीहरूका योजना र तयारीहरू जेसुकै किन नहोऊन्।

**यशैया ८:११-१५:** परमप्रभुले यशैयालाई के शिक्षा दिनुभयो भने, 'तिमी यी मानिस-हरूसित नलाग्नू र तिनीहरूको विरुद्धमा रचिएको षड्यन्त्रको डर नराख्नू; तर केवल परमप्रभुमाथि भरोसा राख्नू!' तब उहाँ तिनको निम्ति एउटा पवित्रस्थान हुनुहुनेछ, उहाँमाथि भरोसा गर्नेहरू सबैको निम्ति पनि; तर अरू सबैको निम्ति उहाँ ठेस लाग्ने ढुङ्गा र ठक्कर खाने चट्टान हुनुहुनेछ।

**यशैया ८:१६-१८:** परमप्रभुको वचनको पूर्ति इतिहास नबनेसम्म विश्वासयोग्य चेला-हरूले उहाँको वचन साँचेर राख्नुपर्छ; यशैयाको निम्ति परमेश्वरको आज्ञा यो थियो। भविष्यवक्ता यशैयाले परमप्रभुको बाटो हेर्दै बस्नेथिए, जो अहिले आफ्ना जनहरूबाट लुक्नुहुन्थ्यो। अँ, तिनले उहाँमाथि आशा गर्नेथिए। यशैया (जसको अर्थ 'परमप्रभु बचाउनुहुन्छ' हो), शआर-याशूब (जुन नामको अर्थ 'बाँकी रहेकाहरू फर्कनेछन्' हो) र महेर-शालाल-हाश-बज (जसको अर्थ 'लुटको निम्ति हतार गर! लुटको मालको निम्ति फूर्ति गर!' हो) – यी ती नामहरू हुन्, जुन नामहरू इस्राएली जातिको निम्ति चिन्हहरू र अचम्मका कामहरू थिए: परमेश्वरको कृपा इस्राएली जातिमाथि फर्केर आउनेछ, र तिनीहरूका शत्रुहरूमाथि न्याय आइपर्ने नै छ।

**यशैया ८:१९:** भविष्यवक्ता यशैयाले आफ्ना मानिसहरूलाई भूतप्रेत खेलाउनेहरू र धामीझाँक्रीहरूको खोजी गर्ने सल्लाहकार-हरूको विरोधमा चेताउनी दिन्छन्। मानिसहरू सरसल्लाहको निम्ति जीवित परमेश्वरकहाँ जानुपर्छ; जीवितहरूको निम्ति प्रेतहरूकहाँ जानुहुँदैन। वर्तमान समयमा जादुविद्यामा निष्ठा भएको कुरा कुनै नयाँ कुरा होइन।

> 'मानिसहरूमाथि आइपरेको हरेक ठूलो सङ्कष्ट-भन्दा अघि प्रेतवादको ठूलो प्रकोप थियो र छ। बेबिलोनको कैद जानुभन्दा ठीक अगाड़ि यहूदा र इस्राएलमा कुरा यस्तै थियो। ख्रीष्ट येशूको जन्ममा र उहाँको त्राणात्मक मृत्युको समयमा पनि कुरा यस्तै थियो। अनि आजको दिनमा पनि कुरा यस्तै छ। तर परमेश्वरले हाम्रो मार्गदर्शन र हाम्रा आत्मिक खाँचोहरूको निम्ति आवश्यक पर्ने सबै कुराहरू उहाँको सत्य वचनमा, पवित्र धर्मशास्त्र बाइबलमा प्रबन्ध गर्नुभएको छ (२ तिमोथी ३:१६-१७)'।[19]

**यशैया ८:२०-२२:** हामीले सबै शिक्षक-हरूलाई परमेश्वरको वचनरूपी कसीले जाँच्नुपर्छ। तिनीहरूको शिक्षा धर्मशास्त्र बाइबलसँग मेल खाँदैन भने, 'तिनीहरूमा प्रकाश छैन।' तर यस्ताहरूद्वारा भ्रममा परेकाहरू सबै कड़ा दबाउमा पर्नेछन् र भोकै भएर भड्किहिँड्नुपर्छ। तिनीहरूले आफ्नो

दुर्दशामा आफ्ना परमेश्वर र आफ्ना राजालाई सराप्छन्; तिनीहरूले राहत पाउन माथि स्वर्गतिर हेर्नेछन्, तल पृथ्वीतिर हेर्नेछन्, तर तिनीहरूले सङ्कष्ट, अन्धकार र क्लेशको अँध्यारोपनबाहेक अरू केही पाउनेछैनन् ।

**यशैया ९:१-५:** अब हामी यहाँ, यस ठाउँमा येशू मसीहको पहिलो आगमनमा लगिएका हुन्छौं। इस्राएल देशको उत्तरीय क्षेत्रको नाम 'नप्तालीको देश' भनिन्छ; अनि यो नप्तालीको देश आक्रमणकारीहरूको हातद्वारा अपमानित भएको थियो। तर अब-चाहिँ त्यो देश गौरवशाली बनिनेछ। (याद रहोस्ः अन्यजातिहरूको गालीलमा चाहिँ मुक्तिदाता प्रभुको बाल्यकालको घर थियो र उहाँको सार्वजनिक सेवकाईको केही अंशको निम्ति दृश्यस्थल यहीं थियो)। ख्रीष्ट येशूको पहिलो आगमनले गालीलमा ज्योति ल्यायो। अनि उहाँको दोस्रो आगमनले इस्राएली जातिमा आनन्द ल्याउनेछ अनि दासत्व र लड़ाइँको अन्त गर्नेछ।

**यशैया ९:६:** उहाँको पहिलो आगमनचाहिँ छ पदको क) खण्डमा वर्णन गरिएको छः *'किनभने हाम्रो निम्ति एउटा बालक जन्मिएको छ, हामीलाई एउटा पुत्र दिइएको छ।'* हाम्रो निम्ति एउटा बालक जन्मिएको छ भन्ने पहिलो वाक्यले उहाँ मानिस हुनुभएको कुरामा जोड़ दिन्छ भने, हामीलाई एउटा पुत्र दिइएको छ भन्ने दोस्रो वाक्यले उहाँको ईश्वरत्वमा जोड़ दिन्छ। अनि यस पदको बाँकी खण्डले उहाँको दोस्रो आगमन ताकेको छ।

*'अनि शासन उहाँको काँधमाथि हुनेछ;'* उहाँले राजाहरूका राजा र प्रभुहरूका प्रभुको रूपमा शासन गर्नुहुनेछ। बाँकी पदले उहाँको व्यक्तिगत महिमाको वर्णन गर्दछः

*'उहाँको नाम "अद्‌भुत" कहलिनेछ;'* यो अद्‌भुत भन्ने शब्द एउटा संज्ञा हो, कुनै विशेषण होइन। उहाँ अद्‌भुत हुनुहुन्छ र उहाँको काम पनि अद्‌भुत छ।

उहाँको नाम *'सल्लाहकार'* हुनेछः शासन गर्नमा उहाँको बुद्धि छ।

उहाँको नाम *'शक्तिशाली परमेश्वर'* हुनेछः उहाँ सर्वशक्तिमान्, सर्वोच्च शासक हुनुहुन्छ।

उहाँको नाम *'अनन्तकालका पिता'* हुनेछः उहाँ अनन्तकालको पिता वा त्यसको स्रोत हुनुहुन्छ। उहाँ अनन्त हुनुहुन्छ; अनि उहाँले उहाँमाथि विश्वास गर्नेहरूलाई अनन्त जीवन दिनुहुन्छ। यस विषयमा श्री डब्ल्यू. ई. भाइनले टिप्पणी गरेर भनेका छन्ः

> 'यस शब्दमा प्रकाशका दुईवटा बुँदाहरू छन्ः **क)** उहाँ अनन्ततामा वास गर्नुहुन्छ र उहाँ अनन्तताको मालिक हुनुहुन्छ (यशैया ५७:१५); अनि**ख)** उहाँ प्रेमिलो, कोमल, दयालु पिता हुनुहुन्छ; उहाँ सर्वज्ञानी शिक्षक, अभिभावक र प्रबन्धक हुनुहुन्छ'।**[20)]**

उहाँको नाम *'शान्तिका राजकुमार'* हुनेछः उहाँले अन्तमा यस समस्याले ग्रस्त संसारमा शान्ति ल्याउनुहुनेछ।

**यशैया ९:७:** उहाँको शासन व्यापक, शान्तिमय र अनन्त हुनेछ। उहाँ दाऊदको सिंहासनमाथि बस्नुहुनेछ; उहाँले न्याय र धार्मिकताको साथ शासन गर्नुहुनेछ। यो सबै कसरी हुन आउनेछ त? आफ्ना जनहरूको निम्ति परमप्रभुको ईर्ष्यालु वास्ताले यो पूरा गर्नेछ।

**यशैया ९:८-१२:** *'यति भएर पनि उहाँको रिस मरेको छैन, तर उहाँको हात अझै पनि उठिराखेकै छ।'* भविष्यवक्ता यशैया फेरि न्यायका गर्जनहरूमा फर्कन्छन्; तिनले आफ्नो सन्देश चारवटा श्लोकहरूमा विभाजन गरेर प्रत्येक श्लोकको अन्तमा 'यति भएर पनि उहाँको रिस मरेको छैन, तर उहाँको हात अझै पनि उठिराखेकै छ' भन्ने फलाको छ (यशैया ९:१२, १७, २१ र १०:४)।

अघिल्लो सजायबाट पछुतो नमानेको इस्राएल राज्यले आफ्नो घमण्ड र अहङ्कारमा पहिलेभन्दा बढ़ी महिमित पुनर्निर्माण गर्ने हाँक

दिन्छ। तर परमप्रभुले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयोः पूर्वबाट सिरियालीहरू र पश्चिमबाट पलिस्तीहरूले तिनीहरूलाई आक्रमण गर्नेछन्।

**यशैया ९ः१३-१७ः** अनि उहाँले आदरणीय बूढ़ा प्रधानदेखि झूट सिकाउने अगमवक्तासम्म सारा जनतालाई नाश गर्छु भन्ने चेताउनी दिनुहुन्छ। किनकि भक्तिहीनता व्याप्त छ; यसकारण परमप्रभुको क्रोध हटाइएको छैन र उहाँको हात अझै पनि उठिरहेकै छ, न्याय गर्नको निम्ति, दया देखाउनको निम्ति होइन।

**यशैया ९ः१८-२१ः** दुष्टता सामान्य भएकोले गर्दा देश गृहयुद्ध, अराजकता, अनिकाल, लुटपाट र नरभक्षणरूपी आगोले भस्म हुनेछ।

**यशैया १०ः१-४ः** ती शासकहरूलाई धिक्कार, जसले खाँचोमा परेकाहरूलाई लुट्छन्, गरिबहरूलाई थिचोमिचो गर्छन् र अन्यायपूर्ण आदेशहरू लेख्छन्! जब परमेश्वरको न्याय आइपर्छ, तब तिनीहरूले भ्रष्टाचार र शोषण गरेर कमाएको सारा धन गुमाउनेछन्।

**यशैया १०ः५-११ः** परमेश्वरले यहूदालाई दण्ड दिन अश्शूरलाई प्रयोग गर्नुहुनेछ। तर अश्शूरसँग त्योभन्दा ठूलो योजना छ। त्यसको लक्ष्यचाहिँ लड़ाइँहरूद्वारा संसारमा एउटा साम्राज्य स्थापित गर्नु हो। त्यसले यसो भन्दै गर्व गर्छः 'मेरा शासकहरू (वा सेनापतिहरू) सबै राजाहरू हुन्; मेरो बाटोमा पर्ने शहरहरू मैले जितेका शहरहरूभन्दा महान् छैनन्, अनि इस्राएल र यहूदाका मूर्तिहरू मैले कब्जा गरेका राज्यहरूका मूर्तिहरूसित तुलना गर्न सकिँदैनन्।'

**यशैया १०ः१२-१९ः** तर परमेश्वरले अश्शूरका राजालाई तिनको घमण्ड र अहङ्कारको खातिर दण्ड दिनुहुनेछ; किनभने तिनले आफ्नो सफलताको निम्ति आफ्नो बल र आफ्नो बुद्धिलाई श्रेय दिन्छन्। परमप्रभुका हातहरूमा भएको लट्ठी र लौरोले ती हातहरूको विरुद्धमा गर्व गर्नुहुँदैन, जसले त्यसलाई समातिरहेका छन्। अश्शूरका बलिया न बलिया योद्धाहरूलाई एउटा भयानक विपत्तिले प्रहार गर्नेछ – ती शूरवीर योद्धाहरूलाई, जसको नाम 'त्यसको महिमा' अनि 'त्यसको वनको महिमा र त्यसको फलवान् खेतबारीको महिमा' पनि भनिन्छ। परमप्रभु इस्राएलको ज्योति हुनुहुन्छ, र उहाँका काँड़ाहरू र काँड़ेझाङ्गहरू अश्शूरी सेनाहरू हुन्। ती सेनाहरूबाट बाँचेकाहरू यति थोरै हुनेछन् कि एउटा बालकले तिनीहरूको गन्ती गर्न सक्नेछ।

**यशैया १०ः२०-२३ः** त्यस दिनमा इस्राएली जातिबाट बाँकी रहेकाहरू फेरि कहिल्यै अश्शूरमाथि भर पर्नेछैनन्, जसरी राजा आहाजले गरे; तर तिनीहरू परमप्रभुमाथि भर पर्नेछन्। यस भविष्यवाणीको धेरैजसो भाग प्रभु येशूको दोस्रो आगमनमा पूरा हुनेछ।

**यशैया १०ः२४-२७ः** अश्शूरका राजाले उत्तरबाट यरूशलेममाथि चढ़ाइ गरे ता पनि यहूदाका मानिसहरू डराउनुपर्दैन; किनकि सेनाहरूका परमप्रभुले हस्तक्षेप गर्नुहुनेछ, जस्तै उहाँले मिद्यान देश र मिस्र देशको विरुद्धमा हस्तक्षेप गर्नुभयो, र यहूदा अश्शूरी प्रभुत्वको डरबाट मुक्त हुनेछ।

**यशैया १०ः२८-३४ः** जुन शहरहरू यस खण्डमा उल्लेख गरिएका छन्, ती शहरहरूबाट हामीसँग अश्शूरीहरूको चढ़ाइको मार्गको विषयमा भौगोलिक चित्ररूपी सजीव विवरण छ। यी आक्रमणकारीहरू नजिक आइरहेको बेलामा जताततै आतङ्क फैलिनेछ र भागाभाग हुनेछ। अनि अन्तमा यरूशलेमको पहाड़बाट तिनीहरूलाई देखिन्छ। तब परमप्रभुले हस्तक्षेप गर्नुहुनेछ अनि अश्शूरको सेना, त्यसका अधिकारीहरू र सिपाहीहरूलाई नष्ट गर्नुहुनेछ, मानौं उहाँले वनजङ्गलका रूखहरू फाँड़फुँड़ गर्नुहुन्छ।

### इ) यशैया ११-१२ः मसीहको हजार वर्षको राज्य

**यशैया ११ः१ः** ख्रीष्टको हजार वर्षको राज्यको विषयमा यशैया ११ अध्यायचाहिँ पुरानो नियममा र नयाँ नियममा सबैभन्दा ठूलो खण्ड हो। अन्तरालमा हामी यहाँ तत्कालै ख्रीष्ट येशूको दोस्रो आगमनमा पुगिहाल्यौं, जस्तै हामी भविष्यवक्ताहरूका पुस्तकहरूमा घरिघरि यस्ता अन्तरालहरू भेट्टाउँछौं।

पहिले हामी दाऊदका पुत्रको वंश कुनचाहिँ थियो, सो थाह पाउँछौंः उहाँ यिशाईको ठुटाबाट निस्केको टुसा हुनुहुन्छ[21]; यिशाईचाहिँ दाऊदका बुबा थिए (१ शमूएल १७ः१२)।

**यशैया ११ः२ः** परमप्रभुको आत्माद्वारा गरिएको मसीहको अभिषेकको परिभाषाचाहिँ आत्मिक सद्‌गुणहरूका तीनवटा जोड़ीहरूमा व्यक्त गरिएको छ। श्री डब्ल्यू. ई. भाइनले स्पष्ट र संक्षिप्त रूपले यी सद्‌गुणहरूको व्याख्या गरेका छन्ः

> ‘पहिलो जोड़ीचाहिँ “बुद्धि र समझको आत्मा” हो; बुद्धि र समझचाहिँ दिमागको शक्तिसँग सम्बन्धित कुराहरू हुन्। बुद्धिले चीजहरूको सारतत्त्व बुझ्छ भने, समझले चीजहरूमा भएका भिन्नताहरू केकेमा छन्, सो छुट्टाउँछ। दोस्रो जोड़ी “सल्लाह र शक्तिको आत्मा” हो। सल्लाह र शक्तिचाहिँ व्यावहारिक गतिविधिहरूसँग सम्बन्धित छन्; किनकि सल्लाह सही निष्कर्षहरूमा आइपुग्ने क्षमता हो, अनि यी निर्णयहरू कार्यान्वित गर्न शक्ति चाहिन्छ। तेस्रो जोड़ीचाहिँ “ज्ञान र परमप्रभुको डरको आत्मा” हो; यी सद्‌गुणहरू परमप्रभुसितको सङ्गतिसँग सम्बन्धित छन्। यहाँ ज्ञान भन्नाले परमप्रभुको ज्ञान बुझिन्छ (यस जोड़ीका दुवै सद्‌गुणहरू परमप्रभुसँग सम्बन्ध राख्ने शब्द हुन्); ख्रीष्ट येशू आफैले यूहन्ना ८ः५५ पदमा भन्नुभयोः *‘तिमीहरूले उहाँलाई चिनेका छैनौ’* (ग्रीकमा गिनोस्को, जसको अर्थ ‘तिमीहरूले उहाँलाई चिन्न थालेका छैनौ’ हो), *‘तर म उहाँलाई चिन्छु’* (ग्रीकमा ओइडा, जसको अर्थ ‘म उहाँलाई सहजै र सम्पूर्ण रूपले चिन्छु’ हो)।’ [22]

**यशैया ११ः३-५ः** त्यसपछि ख्रीष्ट येशूको शासनको सठीक र सिद्ध न्यायको काम राजसी कवितामा वर्णन गरिएको छ; त्यसपछि उहाँले दुष्टहरूलाई कसरी दण्ड दिनुहुनेछ, उहाँको व्यक्तिगत धार्मिकता केकस्तो छ, अनि उहाँको शान्ति र सुरक्षाबद्ध शासन कस्तो हुनेछ, सो वर्णन गरिएको छ।

**यशैया ११ः६-९<sup>क</sup>ः** अँ, जङ्गली जनावरहरू पनि मसीहको शासनको अधीनतामा बस्नेछन्, जसले गर्दा दूध चुस्दै गरेको बालकले साँभे साँपको दुलोको छेउमा खेल्न समेत सम्भव हुनेछ।[23]

**यशैया ११ः९<sup>ख</sup>ः** *‘किनकि जसरी पानीले समुद्रलाई ढाकेको हुन्छ, त्यसरी नै पृथ्वी परमप्रभुको ज्ञानले भरपूर हुनेछ।’* सम्पूर्ण पवित्र शास्त्र बाइबलभरि सबैभन्दा महिमित प्रतिज्ञा यस पदको ख) खण्डमा पढ़िन्छ, जुन खण्डमा ख्रीष्टको हजार वर्षको राज्यमा सुनौलो वातावरणको निम्ति उचित कारण पेश गरिन्छ। श्री एफ. सी. जेन्निङ्गसले परमप्रभुको निम्ति ‘याह’को काव्यात्मक नाम प्रयोग गरेर अङ्ग्रेजीमा यो खण्ड तुक मिलाएर अनुवाद गरेः

> किनकि दुनियाँ याहको ज्ञानले भरपूर
> हुनेछ,
> अँ, यो त पानीले समुद्रलाई ढाकेझैं हुनेछ।

**यशैया ११ः१०-१६ः** त्यस समयमा मसीह जाति-जातिका मानिसहरूको निम्ति एउटा झण्डा हुनुहुनेछ; उहाँले तिनीहरूलाई आफूतिर आकर्षित गर्नुहुनेछ; अनि उहाँको अधिकारको आसन महिमित हुनेछ। प्रभुले पृथ्वीका चारै दिशाबाट आफ्नो प्रजाको बचेको भाग भेला गर्नुहुनेछ। यहूदा र इस्राएल, (लेखमा एप्रैम भन्ने नाम छ), शान्तिसँगै एक-अर्कोसित बस्नेछन्, र उनीहरूले सँगै मिलेर आफ्ना

शत्रुहरूलाई परास्त गर्नेछन्, जस्तैः पलिस्ती-हरू, एदोमीहरू, मोआबीहरू र अम्मोनीहरू। लाल समुद्ररूपी मिस्रको समुद्रको खाड़ी सुकिजानेछ, अनि यहूदीहरू आफ्नो देशमा फर्कन सकून् भन्ने हेतुले महानदी यूफ्रेटिस घटाएर सातवटा खोलाहरूमा विभाजन गरिनेछ। एउटा राजमार्गले अश्शूर देश र इस्राएल देश जोड्नेछ; यसले गर्दा उत्तरबाट फर्कन सजिलो हुनेछ।

**यशैया १२:१-६:** हजार वर्षको राज्यरूपी यस हर्षको दिनमा इस्राएली जातिले धन्यवाद र भरोसाको गीत गाउनेछ। मुक्तिका मुहान-हरूबाट आनन्दसाथ पानी निकालेर उद्धारप्राप्त बाँकी रहेका यहूदीहरूले आफ्नो तिर्खा मेटाउनेछन्। अनि इस्राएलीहरू जाति-जाति-हरूकहाँ जाने परमेश्वरका मिसनेरीहरू हुनेछन्, जसले तिनीहरूलाई सन्तुष्टिको निम्ति ख्रीष्ट येशूमा आउने निमन्त्रणा दिनेछन्। के तपाईं ख्रीष्ट येशूकहाँ आउनुभयो, र के तपाईंले उहाँबाट तृप्ति पाउनुभयो? नभए आज यो मौका छोप्नुहोस्!

### घ) यशैया १३-२४: देश-देशहरूमाथि आइपर्ने न्याय

#### अ) यशैया १३:१-१४:२३: बेबिलोन-माथि आइपर्ने न्याय

**यशैया १३:१-५:** आउँदा एघारवटा अध्यायहरूमा अन्यजाति राष्ट्रहरूको विरुद्धमा बोलिएका भविष्यवाणीहरू छन्। यी राष्ट्र-हरूमध्ये पहिलोचाहिँ बेबिलोन हो; यस विश्वशक्तिले ख्रीष्टपूर्व ६०९ सालतिर अश्शूरलाई कुल्चीमिल्ची पार्‍यो। अनि तेह्र अध्यायमा हामी बेबिलोन देख्छौं, जुन बेबिलोनचाहिँ ख्रीष्टपूर्व ५३९ सालमा मादी र फारसद्वारा जितियो। तर यहाँ उल्लेख गरिएका भविष्यवाणीहरूमध्ये कुनै-कुनै छन्, जुनचाहिँ ख्रीष्टपूर्व ५३९ सालको घटना नाघेर महासङ्कष्टको अन्तमा हुने बेबिलोनको अन्तिम विनाश ताकेका छन् (प्रकाश १७-१८)।

भारदारहरूका मूलढोकाहरूबाट बेबिलोन महानगरभित्र पस्न र तिनीहरूको सारा देश नष्ट गर्न परमेश्वरले मादी-फारसको संयुक्त सेना अर्थात् आफ्ना पवित्र गरिएकाहरूलाई जम्मा गर्नुहुन्छ।

**यशैया १३:६-१३:** यस विनाशका आतङ्ककारी त्रासहरू अबदेखि वर्णन गरिएको छ, जस्तैः डरैडर, वेदना र शोकहरू, अनि भयानक आकाशीय विघटनरूपी दुर्घटनाहरू र जनसङ्ख्यामा भयानक घटी। यस खण्डका कति पदहरू छन्, जसले मादी-फारसको विजय नाघेर परमप्रभुको दिन ताकेका छन्, जुन प्रभुको दिनले सारा संसारलाई असर पार्नेछ र वास्तवमा आकाशका उथलपुथलहरू समेत समावेश गर्नेछ।

**यशैयाः १३:१४-२२:** बेबिलोनबाट ठूलो सङ्ख्यामा मानिसहरूको निकाश हुनेछ, अनि विदेशीहरू आ-आफ्नै देशहरूमा फर्कनेछन्। अनि जुन मानिसहरू रहन्छन्, ती मानिसहरूले असाध्य क्रूरताको कुव्यवहार भोग्नुपर्नेछ। १९-२२ पदहरूको खण्ड आंशिक रूपले पूरा भयो [24)], तर यसका घटनाहरू सम्पूर्ण रूपले विकाश गर्दै जाने समय भावी भविष्यमा हुनेछ।

बेबिलोन शहर र बेबिलोन देशको विनाशको सम्बन्धमा बोलिएका भविष्यवाणीहरूसँग केही समस्याहरू छन् (यशैया १३:६-२२, १४:४-२३, २१:२-९ र ४७:१-११; अनि यर्मिया २५:१२-१४; यर्मिया ५० र ५१ अध्याय-हरू)। हामी यसको उदाहरण दिन्छौंः ख्रीष्टपूर्व ५३९ सालमा मादीहरूले बेबिलोन शहर कब्जा गरे (यशैया १३:१७), तर त्यस बेलामा सदोम र गमोराको जस्तै विनाश भएन (यशैया १३:१९); अनि बेबिलोन शहर कहिल्यै बसोबास नहुने गरी सदाको निम्ति छोड़िएन (यशैया १३:२०-२२); त्यो विनाश उत्तरबाट

आएको राष्ट्रले पूरा गरेन, तर मादी-फारसको संयुक्त राज्यले पूरा गऱ्यो; तिनीहरू पूर्वबाट आए (यर्मिया ५०:३); यसको फलस्वरूप इस्राएल परमप्रभुकहाँ फर्केन र यहूदामा पनि परमप्रभुको खोजी गर्ने वा सियोनमा फर्केर आउने बाँकी रहेको भागभन्दा बढ़ी यसको नतिजा भएन (यर्मिया ५०:४-५); यस कब्जाअन्तर्गत त्यस शहरका पर्खालहरू भत्काइएनन् र त्यसका मूलढोकाहरू पनि जलाइएनन् (यर्मिया ५१:५८)।

जब हामीले यस प्रकारको समस्या सामना गर्नुपर्छ, तब हामीले के गरे, कसो गरे ठीक हुन्छ?

**क)** सबैभन्दा पहिले हामीले परमेश्वरको वचनमाथि हाम्रो पूरा भरोसा सुदृढ़ गर्नुपर्छ। किनकि बुझ्नमा केही समस्या भएदेखि परमेश्वरको वचनमा के दोष? यो त सरासर हाम्रो ज्ञानको कमीको फल हुनुपर्छ।

**ख)** हामीले याद गर्नुपर्छः धेरै पल्ट भविष्यवक्ताहरूले कुनै सङ्केत नदिईकन नजिकको भविष्य र टाढ़ाको भविष्य एकसाथ राख्ने तरिका अपनाउँथे। अर्को शब्दमा भन्नु हो भने, जुनै भविष्यवाणी पनि कुनै ठाउँमा सीमित, आंशिक रूपले पूरा हुनको साथै टाढ़ा भविष्यमा सम्पूर्ण रूपले पूरा हुन सम्भव छ। बेबिलोनको कुरा पनि त्यस्तै हो। बेबिलोनको विषयमा कहिएका सबै भविष्यवाणीहरू पूरा भएनन्। कतिपय भविष्यवाणीहरू अझै पनि भविष्यमा पूरा हुन बाँकी छन्।

सङ्कष्टकालमा बेबिलोनले प्रमुख भूमिका खेल्नेछ; यो अनुसूचित छ। त्यसको विनाशको पूर्वचित्र प्रकाश १७ र १८ अध्यायहरूमा ज्वलन्त भाषामा बयान गरिएको छ। ख्रीष्ट येशूको दोस्रो आगमन हुनुभन्दा अघि बेबिलोनको विनाशको सम्बन्धमा गरिएका सबै भविष्यवाणीहरू अक्षरशः पूरा हुनेछन्। अनि जुन कुरा आज हाम्रो निम्ति अस्पष्ट छ, त्यो कुरा त्यस समयमा बाँच्नेहरूको निम्ति सुस्पष्ट हुनेछ।

**यशैया १४:१-२ः** परमप्रभुले आफ्नो कृपामा इस्राएली जातिलाई त्यसको निजी देशमा पुनर्स्थापित गर्नुहुनेछ। गैर-यहूदी राष्ट्रहरूले यहूदीहरूलाई तिनीहरूको वापसीमा सहयोग गर्नेछन्, र परमेश्वरका जनहरूसँग शान्तिपूर्वक बस्नेछन्। अनि इस्राएली जातिका भूतपूर्व शासकहरू त्यसका सेवकहरू पो हुनेछन्।

याकूबको घराना र इस्राएलको घरानाले बेबिलोनमा कैदमा रहेका यहूदीहरूलाई सङ्केत गर्छन्। परमप्रभुले तिनीहरूलाई अझै पनि चुन्नुभएको अर्थ यो होः उहाँले तिनीहरूलाई तिनीहरूको निर्वासन भएको देशबाट छुटकारा दिनुहुनेछ र तिनीहरूलाई फेरि तिनीहरूको स्वदेशमा बसाउनुहुनेछ। याकूबको घरानासित टाँसिएका परदेशीहरूचाहिँ बेबिलोनबाट निस्केर आएका यहूदी धर्म अपनाउनेहरू हुन्। अनि जुन मानिसहरूले तिनीहरूलाई तिनी-हरूको ठाउँमा ल्याउनेछन्, ती मानिसहरू यिनीहरू हुन्, जसले राजा कोरेस र अरूको अनुकूल समर्थनमा यहूदीहरूलाई तिनीहरूको वापसीमा सहायता गर्नेछन्।

**यशैया १४:३-११ः** सतावट र कठोर दासत्वबाट मुक्त भई इस्राएली जातिले बेबिलोनका राजाको विरुद्धमा एउटा ठट्टाको गीत गाउनेछ। किनकि परमप्रभुले तिनको शक्ति तोड्नुभयो र तिनको अत्याचार र तानाशाह अन्त गरिदिनुभयो। अब पृथ्वी रमाउँछ, अँ, वनजङ्गलहरू समेत रमाउँछन्; किनकि तिनका सेनाहरूले अबदेखि उप्रान्त उजाड़ पार्नेछैनन्। अन्तमा बल्ल-बल्ल शान्ति भएछ! अधोलोकका बासिन्दाहरू तिनलाई स्वागत गर्न उपस्थित छन्; तिनीबाट पनि तिनको शक्ति खोसिएकोमा तिनीहरू खुशी छन्। बेबिलोनका राजाको ठाँट र आडम्बर सिद्धियो। राजदरबारको सङ्गीत सकियो।

तिनी औंसाहरूको ओछ्यानमाथि सुत्छन्, र कीराहरूको कम्बलले ढाकिएका हुन्छन्।

**यशैया १४:१२-१७:** यो ठट्टाको गीत अघि बढ्दै जाँदा बेबिलोनका राजाको पतन यसको विषयवस्तु रहँदैन जस्तै छ, तर त्यहाँबाट तिनलाई शक्ति दिने लुसिफर[25] अर्थात् शैतानको पतनकहाँ पुगेको लाग्छ। श्री चार्सल सी. राइरीले यसो लेखेका छन्:

> 'निस्सन्देह यस खण्डको सन्दर्भ शैतान हो; एक, किनभने ख्रीष्ट येशूले लूका १०:१८ पदमा शैतानको विषयमा उस्तै वर्णन गर्नुभयो; अनि दुई, यशैया १४:१३-१४ पदहरूमा उल्लेख गरिएका शब्दहरू शैतानको मुखबाट बाहेक अरू कसैका ओठबाट सुन्न उपयुक्त छैन; (यो कुरा १ तिमोथी ३:६ पदसित तुलना गर्नुहोस्)'।[26]

यस बिहानको तारा, यस बिहानीको छोराले अहङ्कारको साथ आफ्नो इच्छा परमेश्वरको इच्छाभन्दा माथि राख्यो; यसकारण त्यसलाई स्वर्गबाट निकालियो। तेह्र र चौध पदहरूमा शैतानले परमेश्वरको विरुद्धमा विद्रोह गरेर 'म उचाल्नेछु', 'म बस्नेछु', 'म चढ्नेछु', 'म हुनेछु' भन्ने कुख्यात शब्दहरू बोलेको बयान छ। अन्तिम आएर त्यसको ठाउँ अधोलोक हुनेछ, त्यो एउटा विस्मयको विषय बन्नेछ। अधोलोकका बासिन्दाहरू आश्चर्यचकित हुनेछन्, किनकि यत्रो शक्ति जमाउने व्यक्ति कसरी यति तल खसालिएको, अँ, कसरी!?

**यशैया १४:१८-२१:** यो गीत बेबिलोनका राजाकहाँ फर्कन्छ; यसले के भन्छ भने, अधिक राजाहरू भव्य चिहानहरूमा सुतेका हुन्छन् भने, बेबिलोनका राजालाई योग्य दफन भएन। तिनको कुनै स्मारक हुनेछैन; अनि तिनको राजकीय वंश, तिनका छोराछोरीहरू नाश गरिनेछन्।

**यशैया १४:२२-२३:** महानगर बेबिलोन उजाड़ हुनेछ र परमेश्वरको झाडुले बढ़ारिनेछ।

### आ) यशैया १४:२४-२७: अश्शूरमाथि आइपर्ने न्याय

अब विषयचाहिँ अश्शूरको विनाश हुनेछ, जुन अश्शूरले त्यस समयमा बेबिलोनमाथि शासन गर्थ्यो। अश्शूरका सेनाहरू इस्राएल देशका पहाड़हरूमा चकनाचूर हुनेछन्।[27] तर यो भविष्यवाणी सङ्कष्टकालमा सम्पूर्ण रूपले पूरा हुनेछ; जब उत्तरका राजाले इम्मानुएलको देशमाथि आक्रमण गर्ने प्रयास गर्नेछन्, तब तिनी पराजित हुनेछन्।

### इ) यशैया १४:२८-३२: पलिस्ती देशमाथि आइपर्ने न्याय

**यशैया १४:२८-३१:** *'हे पलिस्ती देशहो, तँलाई हिर्काउनेको लाठो भाँचिएकोमा आनन्द नगर्!'* पलिस्ती देश राजा आहाजको मृत्युमा हर्षित हुनुहुँदैनथियो; आहाज राजा उज्जियाहको नाति थिए, जुन उज्जियाहले पलिस्तीहरूलाई प्रहार गरेका थिए (२ इतिहास २६:६-७)। यस ठाउँमा आहाजलाई लाठो भनिएको छ। किनकि उज्जियाहका अर्का दरसन्तान अर्थात् राजा हिजकियाहले तिनीहरूलाई साँभे साँप र उड्ने अति विषालु सर्पले जस्तै आक्रमण गर्नेछन् (२ राजा १८:८)। तब परमेश्वरका गरिबहरू र खाँचोमा परेकाहरू सुरक्षित हुनेछन्; तर परमप्रभुले पलिस्तीहरूलाई अनिकालको साथ भेट्नुहुनेछ र बचेकाहरूलाई मार्नुहुनेछ। आक्रमणकारी अश्शूरीहरू धूँवाको बादलजस्तै उत्तरबाट आउनेछन्। तर परमेश्वरका जनहरूचाहिँ यरूशलेममा सुरक्षित हुनेछन्।

**यशैया १४:३२:** यदि कुनै जातिका सन्देशवाहकहरूले त्यहाँ के भइरहेको छ भनेर सोध्नेछन् भने, तिनीहरूलाई यो जवाफ मिल्नेछ: 'परमप्रभुले सियोनमा आफ्ना प्रतिज्ञाहरू पूरा गर्दै हुनुहुन्छ र यरूशलेमका बासिन्दाहरूलाई रक्षा गर्दै हुनुहुन्छ।'

### ई) यशैया १५-१६ः मोआबमाथि आइपर्ने न्याय

**यशैया १५ः१-७ः** वाक्पटु भएका यशैया यहाँ मोआबको विनाशको विषयमा एउटा विलापको गीत गाउँछन्। आर र कीर मोआबका दुईवटा बलिया पर्खालबद्ध शहरहरू थिए। यी दुवै शहरहरू अचानक नष्ट भए। अनि त्यसका बस्तीहरू र त्यसका ग्रामहरू शोकमा डुबे। मोआब देशबाट भाग्दै गरेका शरणार्थीहरूप्रति यशैया पनि दयाले भरिए। किनकि देहात उजाड़ भएको, र मानिसहरूले आफ्नो साथमा लैजान सक्ने सरसामानहरूसित सिमाना पार गरे।

**यशैया १५ः८-९ः** तिनीहरूको रोइकराइको आवाज मोआबका सिमानाहरूसम्म पुग्छ। अनि दुई पदमा भएको दीबोन भन्ने ठाउँको नाम नौ पदमा आएर दीमोन भएको रहेछ। हुन सक्छ, यो एक श्लेषयुक्त यमक होला; किनभने दीमोनचाहिँ हिब्रूको 'दाम' भन्ने शब्दजस्तो सुनिन्छ, जसको अर्थ रगत हो; यसैले यस श्लेषोक्तिमा 'दीमोनको पानी रगतले भरिनेछ' भयो। अनि यी भाग्न पाएकाहरूचाहिँ? सिंह-हरूले खोजी-खोजी निकालेझैं तिनीहरूको पिछा गरिनेछ।

**यशैया १६ः१-२ः** मोआबको विनाशको वर्णन यस अध्यायमा जारी रहन्छ। जुन मोआबीहरू शरण लिन एदोमको राजधानी सेलामा भागे, ती मोआबीहरूलाई के सल्लाह दिइन्छ भने, तिनीहरूले सियोनकी छोरीको पहाड़मा अर्थात् यरूशलेममा बस्ने देशका शासक अर्थात् यहूदाका राजाकहाँ करको रूपमा एउटा भेड़ाको पाठो पठाइदिऊन्, जसरी तिनीहरूले पहिला सामरियामा भेड़ाका पाठाहरू पठाएका थिए (२ राजा ३ः४)। मोआबका मानिसहरू आफ्नो नजिकको विपद्को खातिर त्रसित र विचलित भए।

**यशैया १६ः३-५ः** परमप्रभुले मोआबलाई 'मेरा निर्वासित जनहरूलाई अँध्यारो छायामा लुकाऊ' भन्ने सल्लाह यस हेतुले दिनुभयो, कि तिनीहरूलाई त्यहाँ शरण र सुरक्षा मिलोस्। धुत्ने, लुटपिट गर्ने र थिचोमिचो गर्नेको अन्त हुनेछ; अनि परमप्रभुले दाऊदको सिंहासनमाथि बसेर दया, सत्यता, न्याय र धार्मिकताको साथ शासन गर्नुहुनेछ।

**यशैया १६ः६-१२ः** मोआबको पतन कहाँबाट आयो? यो त त्यसको घमण्ड र अहङ्कारले गर्दा भएको हो। मोआब देशमा शोक व्यापक छ। हेशबोनका फलाइला खेतबारीहरू नाङ्गा छन्, अनि सिब्माका फलप्रद दाखका बोटहरू नष्ट भएका छन्। फेरि भविष्यवक्ता आफैले यस व्यापक विनाशले गर्दा विलाप गर्छन्। अनि जब मोआबले आफ्ना मूर्तिहरूलाई प्रार्थना चढ़ाउँछ, तब ती मूर्तिहरूबाट कुनै पनि सहायता आउनेछैन।

**यशैया १६ः१३-१४ः** मोआबको पतनको विषयमा परमेश्वरले अघि दिनुभएका भविष्य-वाणीहरूमा उहाँले अब यो जानकारी थप्नुहुन्छ कि ज्यालादार नोकरका वर्षहरूअनुसार यो पतन अबको तीन वर्षभित्र पूरा हुनेछ, अर्थात् मन्जुर गरिएको समयभन्दा एक मिनेट पनि ढिलो हुनेछैन।

### उ) यशैया १७ः दमस्कसमाथि आइपर्ने न्याय

**यशैया १७ः१-३ः** तेस्रो 'बोझा'रूपी भविष्यवाणीले सिरियाको राजधानी दमस्कस र त्यसका उप-शहरहरू माटोमा मिलाइएको पूर्वजानकारी गर्छ। सिरियासँगको गठबन्धनले गर्दा एप्रैम अर्थात् इस्राएलको पतन पनि उस्तै हुनेछ। एप्रैमबाट त्यसको रक्षा, दमस्कसबाट त्यसको राज्य र बचेका आरामीहरूबाट तिनीहरूको महिमा खोसिनेछ। ख्रीष्टपूर्व ७३२

सालमा अश्शूरी सेनाहरूले दमस्कस ध्वंस पारे, र दस वर्षपछि सामरियाको पतन भयो।

**यशैया १७:४-६:** न्यायको दिनमा इस्राएलको अवस्था साह्रै तुच्छ र वियुक्त हुनेछ। रपाईहरूको बेंसीमा कटनी गरिएका खेतबारीहरू जसरी नाङ्गा हुन्छन्, ठीक त्यसरी नै त्यो नाङ्गो हुनेछ; सिलाफल छोड़िएझैं थोरै मानिसहरू मात्र बाँकी रहनेछन्।

**यशैया १७:७-११:** तब मानिसहरू एकमात्र सत्य र जीवित परमेश्वर अर्थात् आफ्ना सृष्टिकर्ताकहाँ, इस्राएलका पवित्र जनकहाँ फर्कनेछन्; तिनीहरूले मूर्तिपूजासँग सम्बन्ध राखिएका सबै कुराहरू त्यागनेछन्। किल्लाबद्ध शहरहरू उजाड़ हुनेछन्, ती हिव्वीहरू र एमोरीहरूका शहरहरूजस्तै, जुन शहरहरू आक्रमणकारी इस्राएलीहरूले कब्जा गरे। अनि यो सब किन हुनेछ? किनभने परमेश्वरका जनहरूले उहाँलाई बिर्से र तिनीहरू बिराना विरुवाहरूकहाँ फर्के अर्थात् तिनीहरू विदेशी गठबन्धनहरू, विदेशी धर्महरू र विदेशी संस्कार र संस्कृतिहरूकहाँ फर्के। अनि त्यसको कटनी विनाशकारी हुनेछ।

**यशैया १७:१२-१४:** बाह्र पदबाट शुरु गरेर अठार अध्यायको अन्तसम्म हामीसँग एउटा छोटो अन्तराल छ, जुन अन्तरालमा दुईवटा अभियानहरू छन्; अनि हरेक अभियान 'हाय' भन्ने शब्दबाट शुरु हुन्छ। पहिलो अभियानले अन्यजाति राष्ट्रहरूलाई चित्रण गर्छ, जो इस्राएलको विरुद्धमा भयानक गर्जनको साथ जाइलागेका छन्, यसको सिलसिलामा आधुनिक रणनीतिको ठूलो हल्लाकल्ला सम्झनुहोस्! तर अचानक परमप्रभुले तिनीहरूलाई पिठ्यूँ फर्कन लाउनुहुन्छ, र रातारात इस्राएली जातिबाट त्यो खतरा हटिजान्छ, कसरी? अश्शूरको सेनाको विनाश सम्झनुहोस्! (तपाईंले यसको सन्दर्भ यशैया ३७ अध्यायमा हेर्नुहोला।)

### ऊ) यशैया १८: अफ्रिकामा विभिन्न बेनामी देशहरूमाथि आइपर्ने न्याय

**यशैया १८:१-७:** यो 'हाय'[28)] भन्ने शब्दको खास अर्थ 'हे' वा 'ए' हो; यस शब्दद्वारा एउटा अज्ञात मित्र राष्ट्रलाई बोलाइन्छ, जसले इस्राएलीहरूकहाँ आफ्ना राजदूतहरू पठाउँछ (पद २ र ७)। 'फटफटाउने पखेटाहरूले छाया पार्ने देश' भन्ने वाक्यांशले त्यस देशमा यहूदीहरूलाई जोगाउने इच्छा भएको रहेछ भन्ने कुरा सङ्केत गरेको हुन सक्छ।

त्यही समयमा अन्य गैर-यहूदी राष्ट्रहरूले परमेश्वरका जनहरूलाई शिकार गर्नेछन्; अनि परमेश्वर चुपचापसित त्यो कुरा हेरिरहनुहुन्छ। तर अन्तमा उहाँले तिनीहरूलाई नष्ट गर्नुहुनेछ र तिनीहरूका लासहरू जङ्गली जनावरहरू र हिंस्रक पक्षीहरूको निम्ति छोड़िदिनुहुनेछ।

त्यसपछि इस्राएली जाति सियोन पर्वतमा परमप्रभुको निम्ति उपहारको रूपमा आउनेछ। सात पदमा यसरी पढ्न सकिन्छः 'त्यस दिनमा छरपष्ट भएको र नष्टभ्रष्ट पारिएको जाति-रूपी भेटी परमप्रभुको सामु ल्याइनेछ' (जे. एन. डि.)। किनकि यस पदको सन्दर्भ ख्रीष्ट येशूको दोस्रो आगमनमा इस्राएली जातिको पुनर्स्थापना हो।

### ए) यशैया १९-२०: मिस्र देशमाथि आइपर्ने न्याय

**यशैया १९:१-३:** जब परमप्रभु न्याय गर्न मिस्र देशमाथि जाइलाग्नुहुनेछ, तब त्यसका मूर्तिहरू डगमगाउनेछन् र त्यसका मानिसहरू आतङ्कित हुनेछन्। अनि गृहयुद्ध शुरु हुनेछ, र अधिकारीवर्गका उत्कृष्ट बुद्धिजीवीहरूले मूर्तिहरू र विभिन्न किसिमका जादुविद्यामा व्यर्थको सहारा लिनेछन्।

**यशैया १९:४-१०:** एक क्रूर तानाशाह शासकले देशमा शासन गर्नेछन्। ठूलो

खड़ेरीले गर्दा पानीको प्रबन्ध सुक्नेछ; अनि बाली हुनेछैन, र माछा मार्ने उद्योग खतम हुनेछ, अनि कपड़ाका मिलहरू बन्द हुनेछन्, अँ, यस खराब परिस्थितिले चाहे अगुवाहरू होऊन्, चाहे आम जनताहरू किन नहोऊन्, समाजका सबै तहका मानिसहरूमाथि बर्बाद ल्याउनेछ।

**यशैया १९:११-१५:** फाराओका उत्कृष्ट सल्लाहकारहरूले सोअन र नोपमा बसोबास गर्थे; यिनीहरूसँग यो प्रतिकूल परिस्थिति सामना गर्न कुनै बुद्धि हुनेछैन। वास्तवमा, यिनीहरूको सल्लाहले मिस्र देशमाथि यो विपत्ति ल्याएको हो; यसैकारण मिस्रीहरूको अवस्था अहिले आशाहीन थियो।

यस अध्यायको एक पददेखि पन्ध्र पद-सम्मको खण्डमा भविष्यवाणी गरिएका सबै कुराहरू पूरा भइसकेका छन्। यशैयाले यो भविष्यवाणी गरेको समयमा मिस्र देशमाथि तिर्हाकाले शासन गर्थे; ख्रीष्टपूर्व ६६४ सालमा तिनको मृत्यु भएपछि मिस्र देश गृहयुद्धले ग्रसित भयो। अनि मिस्र देश बाह्रवटा ससाना राज्यहरूमा टुक्रियो, जुन राज्यहरू सबै अश्शूरको अधीनतामा आए। अन्तमा फाराओ 'प्सम्टिक प्रथम'को पालोमा, चार पदले भनेका यी कठोर मालिकको अधीनतामा मिस्र देश फेरि एक भयो। तर यस अध्यायको बाँकी खण्डमा उल्लेख गरिएको भविष्यवाणी अझै पनि पूरा भएको छैन।

**यशैया १९:१६-१७:** अनि जब परमेश्वर आफ्नो मुड्की हल्लाउनुहुन्छ, तब मानिसहरू डरले थरथर काँप्नेछन्। यहूदाको नाम लिनासाथ मिस्रीहरूको हृदय आकुलव्याकुल हुनेछ, डुब्नेछ।

**यशैया १९:१८-२०:** तर मिस्र देशलाई त्यसको पुनर्स्थापना हुने प्रतिज्ञा गरिएको छ। अनि हेलियोपोलिस अर्थात् सूर्यनगर लगायत, जसलाई विनाशको शहर पनि भनिन्छ, पाँचवटा शहरहरू परमप्रभुको आराधना गर्ने केन्द्रहरू बन्नेछन्। मिस्र देशको बीचमा परमप्रभुको निम्ति एउटा वेदी हुनेछ, र त्यस देशको सिमानामा परमप्रभुको निम्ति एउटा खाँबा हुनेछ; त्यो वेदी र त्यो खाँबा, ती दुवै परमप्रभुको निम्ति साक्षी हुनेछन्। श्री फ्लावियस योसेफसले हामीलाई के बताएका छन् भने, उन्नाइस पदमा उल्लेख गरिएको भविष्यवाणी ख्रीष्टपूर्व एक सालमा पूरा भयो, जुन बेलामा यरूशलेमबाट भाग्दै गरेका प्रधान पूजाहारी ओनियसले मिस्र देशमा एउटा वेदी निर्माण गर्ने अनुमति प्राप्त गरे। तर यस भविष्यवाणीको खास सन्दर्भ निस्सन्देह ख्रीष्टको हजार वर्षको राज्य हो।

**यशैया १९:२१-२२:** मिस्र देशमाथि आइ-परेका परमेश्वरका न्यायहरू मानिसहरूलाई उहाँको आराधना गर्न लगाउनमा सफल हुनेछन्।

**यशैया १९:२३:** अनि एउटा राजमार्ग मिस्र देशबाट इस्राएल देश हुँदै अश्शूरमा जानेछ, जसमा कुनै रोकटोक हुनेछैन। अनि यी राष्ट्रहरूले मिलेर परमप्रभुको आराधना गर्नेछन्।

**यशैया १९:२४-२५:** त्यस बेलामा इस्राएली जातिचाहिँ मिस्र देश र अश्शूरसँग तीनमध्ये एक हुनेछ, अर्थात् यी तीनै देशहरू एउटा संयुक्त संघ हुनेछन्, जसले ख्रीष्टको राज्यका आशिषहरूबाट आनन्द उपभोग गर्नेछन्। तपाईंले यशैया १९:१६, १८, १९, २१, २३ र २४ पदहरूमा घरिघरि 'त्यस दिनमा' भनिएको शब्दमा ध्यान दिनुहोला।

**यशैया २०:१-६:** ख्रीष्टपूर्व ७११ सालमा तर्तान अर्थात् अश्शूरका राजा सर्गोनका सेना-पतिले पलिस्तीहरूको अश्दोद शहर जिते। त्यही समयमा परमप्रभुले यशैयालाई 'नाङ्गो (पूर्ण नाङ्गो त होइन, तर गन्जी लगाएर) र खाली खुट्टा हिँड़' भन्ने आज्ञा गर्नुभयो; यसरी नै तिनी मिस्र देश र कूश देशको निम्ति एउटा चिन्ह र आश्चर्य हुनेथिए; किनकि अश्शूरचाहिँ

मिस्र देश र कूश देशमाथि विजयी हुनेथियो, र यी देशहरूमाथि तीन वर्षसम्म अपमान आउनेथियो। तब यहूदाका मानिसहरूले अश्शूरको विरुद्धमा सुरक्षा पाउन मिस्र देशमाथि गरेको तिनीहरूको भरोसा मूर्खता हो रहेछ भन्ने कुरा देख्नेथिए र जान्नेथिए। (कति टिप्पणी-कारहरू छन्, जसले सुझाउ दिन्छन् कि पाँच र छ पदको सन्दर्भ पलिस्तीहरू हुन्, अथवा यहूदा र पलिस्तीहरू दुवै हुन् अर्थात् प्यालेस्टाइनको सम्पूर्ण देश हो [29])।

### ऐ) यशैया २१:१-१०: बेबिलोनमाथि आइपर्ने न्याय

**यशैया २१:१-४:** एक्काइस अध्यायमा तीनवटा 'बोझा'रूपी भविष्यवाणीहरू छन्; यी भविष्यवाणीहरू बेबिलोन, एदोम र अरबको निम्ति अशुभ खबरहरू हुन्।

समुद्रको उजाड़स्थानचाहिँ बेबिलोन हो, अथवा हुन सक्छ, पर्सियन गल्फको छेउमा रहेको बेबिलोनको भूभाग होला। मरुभूमिबाट हुत्तिएर आएका भूमरीहरूजस्तै विनाश त्यसको विरोधमा गर्जनेछ। किनभने बेबिलोनले अझै लुटपाट गर्छ, अँ, अझै तोड़फोड़ गर्छ; यसकारण त्यो राज्य फारस (एलाम) र मादीद्वारा तल खसालिनेछ। अबदेखि उसो बेबिलोनचाहिँ अरूको निम्ति विलाप हुने कारण हुनेछैन, निर्वासित यहूदीहरूको निम्ति पनि हुनेछैन। यो दर्शन यति भयानक थियो, कि त्यसले यशैयालाई साह्रै आकुलव्याकुल पार्‍यो।

**यशैया २१:५:** शासकहरूले छली सुरक्षाको आड़मा भोजका मोज र पानोत्सव गर्दैथिए, तब अचानक 'उठ, ढालमा तेल लगाओ' भन्ने वाणी सुनियो अर्थात् 'हातहतियार उठाओ' भन्ने आदेश आयो। यसको सन्दर्भ, पक्कै पनि, बेल-शज्जरको भोज थियो (दानियल ५)।

**यशैया २१:६-१०:** परमप्रभुले यशैयालाई 'पहरेदार नियुक्त गर' भन्ने आदेश दिनुहुन्छ, जसले आक्रमणकारी दलहरूलाई, विशेष गरी असङ्ख्य घोड़चढ़ीहरूका टोलीहरूलाई वर्णन गरोस्। रातोदिनहरू बितेपछि त्यसले विभिन्न घोड़चढ़ीहरूका जोड़ा-जोड़ा देख्यो। यी घोड़चढ़ीहरूको अर्थ मादी र फारस हुन सक्छ। त्यसपछि त्यसले सिंहको जस्तो ठूलो गर्जनको साथ चर्को स्वरले खबर सुनाउँछः 'बेबिलोन ढल्यो, ढल्यो! अँ, त्यसका मूर्तिहरू टुक्रै-टुक्रा भए।' यो खबर इस्राएली जातिको निम्ति सान्त्वनाको सन्देश थियो; किनकि त्यो जाति बेबिलोनको खला बनेको थियो र बेबिलोनद्वारा दाइँ गरिएको थियो। यस सम्बन्धमा यो भविष्यवाणी बेबिलोनको पतन हुनुभन्दा लगभग दुई सय वर्षअघि गरिएको हो भन्ने कुरा सम्झनु असल हो।

हामी पनि परमेश्वरको राज्यको निम्ति पहरेदारको काम गर्न सक्छौंः

> 'पहरेदार त्यो मानिस हो, जो परमेश्वरका सल्लाहहरूसित सुपरिचित हुन्छ; उसले के आउन लागेको छ, सो जान्दछ र यस घटनाको बाटो हेर्छ। यसर्थ जुन मानिसले सम्पूर्ण भइसकेको धर्मशास्त्र पवित्र बाइबलबाट परमेश्वरले भविष्यवाणी गर्नुभएको कुरा सिक्छ, त्यो मानिस अरूलाई चेताउनी र शिक्षा दिन सक्षम हुन्छ; किनकि उसले काल्पनिक व्याख्याद्वारा होइन, तर बाइबलका पदहरू अरू बाइबलका पद-हरूसँग तुलना गरेर र त्यसमा स्पष्टसँग लेखिएका कुराहरू ग्रहण गरेर उहाँका दिव्य उद्देश्यहरू बुझेको हुन्छ। यस्तो मानिस परमेश्वरसित सङ्गति गरेर पहराको धरहरामाथि उभिरहेको हुन्छ'। [30]

### ओ) यशैया २१:११-१२: दूमा अर्थात् एदोममाथि आइपर्ने न्याय

**यशैया २१:११-१२:** दूमाचाहिँ इडुमेअ वा एदोम हो। यहाँ एकजना चिन्तित एदोमीले पहरेदारलाई सोध्छः 'रात कति बितिसकेको छ?' अर्थात् 'के अश्शूरबाट आएको अग्नि परीक्षा लगभग समाप्त भएको हो कि?' यस प्रश्नको सठीक जवाफ यस प्रकारको छः

'हो, तिम्रो वर्तमान अशान्तिको रात समाप्त हुँदैछ, अनि एउटा नयाँ दिन शुरु हुनेछ; तर चाँडै अर्को रात फेरि आइहाल्नेछ। तिमी आफ्ना चिन्तित जिज्ञासा-हरूको निम्ति एउटा सन्तोषजनक जवाफ पाउन खोज्छौ भने, तिमी पहिले फर्कनुपर्छ; अनि फर्कनु भनेको 'तिमीले पश्चात्ताप गर्नुपर्छ'। त्यसपछि मात्र यस प्रश्नको जवाफ तिमीले आशा गरेको जस्तो हुनेछ; किनकि तब तिम्रो कष्टको रात समाप्त हुनेछ र तिमीमाथि छुटकाराको नयाँ बिहानीको उज्यालो कस्नेछ।' 31)

### औ) यशैया २१:१३-१७: अरबमाथि आइपर्ने न्याय

**यशैया २१:१३-१७:** अरबको सामुन्ने पनि समस्या छँदैथियो: यात्री दलहरू अश्शूरी सेनाबाट वनमा वास बसेर लुक्नेछन्; अनि यस कत्लेआमबाट भागेकाहरूलाई ज्यादा भोक र ज्यादा तिर्खा हुनेछ। परमप्रभुले राजाज्ञा गर्नुभयो, कि अरबको महिमा एकै वर्षमा मेटिनेछ, र त्यसका केही प्रसिद्ध योद्धाहरू मात्र बाँच्नेछन्। 'ज्यालादार नोकरको वर्षअनुसार' भन्नाले ठ्याक्कै एक वर्ष हो; एक वर्षभन्दा एक दिन पनि बढ़ी समय लाग्नेछैन।

### औं) यशैया २२: यरूशलेममाथि आइपर्ने न्याय

**यशैया २२:१-५:** दर्शनको बेंसीको सन्दर्भ यरूशलेम नै हो (यशैया २२:९-११ पदहरू हेर्नुहोस्)। अनि यरूशलेम शहर घेराबन्दीमा हालिएको छ। मूलढोकाहरूमा भेला भएका शत्रुहरूलाई हेर्न मानिसहरू घरहरूका कौसी-हरूमा यता-उता घुमफिर गरिरहे। अनि एक समयमा बड़ो हर्षित भएको शहरका सड़क-हरूमा जताततै महामारीले मारिएकाहरूका लासहरू छरिएका छन्। अनि भाग्न खोजेका शासकहरू र मानिसहरू संघर्षविना कब्जा गरिएका छन्। यरूशलेममाथि परमेश्वरको डरलाग्दो न्याय आइपरेको देखेर यशैया आफै पूरा शोकाकुल भए।

**यशैया २२:६-११:** एलाम र कीरचाहिँ बेबिलोनको सेनाका दक्षिण र उत्तरका विभागहरू हुन्। यिनीहरूका रथहरू र घोड़चढ़ीहरूले शहरको वरिपरिका बेंसीहरू भरिभराउ हुनेछन्। अनि यहूदीहरूले यस घेराबन्दीको सामना गर्ने विस्तृत योजनाहरू बनाउँछन्। तिनीहरूले शस्त्रागार अर्थात् वनको भवन तोड़फोड़ गर्छन्; अनि शहरको पर्खाल मर्मत गर्न तिनीहरूले ढुङ्गाहरू निकाल्न घरहरू भत्काउँछन्; अनि तिनीहरू अस्थायी पानीको बन्दोबस्त गर्न खोज्छन्। तिनीहरूले सबै कुरा त गर्छन्, तर आफ्ना सृष्टिकर्ताकहाँ हेर्दैनन्, जसले तिनीहरूमाथि यो विपत्ति ल्याउनुभयो; उहाँले धेरै अघि यसको योजना तयार गर्नु-भएको थियो।

**यशैया २२:१२-१४:** परमप्रभुले तिनी-हरूलाई पश्चात्ताप गर्ने आह्वान गर्नुभएको बेलामा तिनीहरूले रमझम पो गरेका र तिनीहरू कठोर भएका छन्। यसको पाप तिनीहरूलाई क्षमा गरिनेछैन।

**यशैया २२:१५-१९:** राजा हिजकियाहको राजदरबारका प्रशासक शेब्नाले आफ्नो निम्ति एउटा सुसज्जित चिहान तयार गर्दैथिए। तर परमेश्वरले यशैयाद्वारा भन्नुहुन्छ: उनका यी प्रयासहरू व्यर्थ छन्। परमप्रभुले उनलाई एउटा गोलीझैं निर्वासनमा घुइँकाइदिनुहुन्छ, अनि उनी विदेशमा मर्नेछन्, यस हेतुले कि उनको सम्झना लामो समयसम्म जारी रहोस्। हुन सक्छ, शेब्नाले मिस्र देशसँग गठबन्धनको वकालत गर्ने पार्टीको नेतृत्व गरे होलान्; यो सम्भव देखिन्छ।

**यशैया २२:२०-२४:** शेब्नालाई पदच्युत गरिसकेपछि एल्याकिमले उनको स्थान लिनेछन्; (एल्याकिमको अर्थ 'परमेश्वरले स्थापित गर्नुहुनेछ' हो)। एल्याकिमचाहिँ प्रभु येशूको एक प्रतीक थिए; तिनी पूर्ण

अधिकारप्राप्त जिम्मेवार र दयालु शासक हुनेछन् । तिनलाई दाऊदको घरानाको चाबी[32)] दिइनेछ; यसर्थ शयनकक्षदेखि लिएर बैठक-कोठासम्म दरबारका सबै कोठाहरू तिनको नियन्त्रणमा रहनेथिए, र तिनले राजपरिवारका सेवकहरूलाई छान्ने गर्नेथिए । (प्रकाश ३ः७ पदमा लेखिएको छ, कि दाऊदको घरानाको चाबी अब प्रभु येशूको हातमा छ) । एल्याकिम आफ्नो राजकीय पदमा दृढ़तापूर्वक स्थापित हुनेछन् र तिनले आफ्नो सेवाको क्षेत्रमा पूरा अधिकार जमाउनेछन् ।

**यशैया २२ः२५ः** एल्याकिम सुरक्षित ठाउँमा गाड़िएको खुटी हुन् (पद २३[क]) । अनि तिनलाई हटाइएको र तिनको पतन भएको सन्दर्भ यहूदाको घरानाको निर्वासन हुन सक्छ; किनकि तिनी यसको प्रतिनिधि थिए ।

### अः ) यशैया २३ः टायरमाथि आइपर्ने न्याय

**यशैया २३ः१-५ः** टार्शिशबाट फर्किंदै गरेका टायरका नाविकहरूले साइप्रसमा आइ-पुग्दा टायर शहरको पतन भएको खबर सुने; (टार्शिश यहाँ स्पेनको अर्थ लिन्छ होला) । तिनीहरूका घरहरू ध्वस्त भए र तिनीहरूको निम्ति फर्कन सक्ने कुनै बन्दरगाह थिएन; यसैले तिनीहरू आफ्नो व्याकुलतामा कङ्कलासुर गर्छन् । अनि सिडोनका व्यापारीहरू अवाक भएर चुपचाप बस्छन्; किनकि उनीहरू के सम्झन्छन् भने, माथिल्लो नील नदीमा अवस्थित भएको शिहोरबाट अन्न ल्याउन उनीहरूका टायरबासी छिमेकीहरूले समुद्र पार गर्ने गर्थे; तिनीहरूले देश-देशहरूसित व्यापार गर्थे; धेरैको निम्ति टायर व्यापार-केन्द्र थियो । अनि सिडोनचाहिँ ? सिडोन टायरको आमा-शहर थियो; टायरका भग्नावशेष-हरूमाथि समुद्रका छालहरूले हान्दै गर्दा टयार शहरले विलाप गरेको प्रतिध्वनि निरन्तर गुँजिएको जस्तै आभास हुन्थ्यो । यसकारण सिडोन टायरको निम्ति लज्जित किन नहुने र ? के टायरलाई कुनै सन्तान भएन ? तब त्यसका रैथानेहरू कहाँ गए त ? अँ, मिस्र देश पनि आफ्नो उत्कृष्ट ग्राहक गुमाएको खबरले पीड़ित भएको रहेछ ।

**यशैया २३ः६-९ः** टायरका बासिन्दा-हरूलाई स्पेनसम्म शरण लिन खोज्ने आह्वान दिइन्छ; (टार्शिशचाहिँ स्पेन होला त नि) । एक समयमा यी मानिसहरू प्राचीन प्रसिद्ध टायर शहरका बासिन्दाहरू थिए; तर अब तिनीहरूका खुट्टाहरूले तिनीहरूलाई टाढ़ा-टाढ़ा परदेशमा लैजान्छन् । अनि कसले यस शक्तिशाली, धनी र महिमित टायरमाथि यस प्रकारको संत्रास ल्यायो ? यो संत्रास ल्याउनेचाहिँ सेनाहरूका परमप्रभु नै हुनुहुन्थ्यो, जसले मानिसको सारा गौरवमाथि गरिएको घमण्ड तल भुइँमा झार्न र शर्ममा पार्न निर्धारित गर्नुभयो ।

**यशैया २३ः१०-१७ः** बेबिलोनका राजा नबूकद्नेस्सरले टायरमाथि आक्रमण गर्न लागेको कुरा ध्यानमा राख्दै मानिसहरूलाई अन्य देशहरूतिर भाग्ने सल्लाह दिइन्छ; किनकि यो व्यापार-शहर नष्ट पार्न परमेश्वरले बेबिलोनलाई उभाड्नुभयो, जुन बेबिलोनचाहिँ बाढ़जस्तै फैलिएर यता कनान देशसम्म उर्लेर आउँछ । अनि शरणार्थीहरू साइप्रसमा भागेर गए पनि तिनीहरूले त्यहाँ कुनै आराम पाउनेछैनन् । आहा, अश्शूरद्वारा स्थापित भएको बेबिलोनको शुरुआत कति तुच्छ र कति क्षुद्र थियो ! अनि त्यस बेबिलोनले टायर शहर ध्वस्त पार्ने हो र ? यसमा भविष्यवक्ता आफै तीनछक परे । अनि कल्दीहरूको सत्तरी वर्षको राज्यकालमा टायर बिर्सिनेछ । तर त्यस अवधिको अन्तमा त्यसले खुशीसाथ संसारका सबै राज्यहरूसँग आफ्नो व्यापार-वेश्याकर्म फेरि शुरु गर्नेछ ।

**यशैया २३ः१८ः** टायरको व्यापारको नाफा र त्यसको कमाइको विषयमा के हो त ? यसको सन्दर्भ ख्रीष्ट येशूको दोस्रो आगमन हो, जब टायरकी छोरी एउटा सौगात लिएर

आउनेछ (भजन ४५:१२)। त्यस बेलामा त्यसका धनराशीहरू परमप्रभुको निम्ति पवित्र भेटी ठहरिनेछन्।

### ऋ) यशैया २४ः सारा पृथ्वीमाथि आइपर्ने न्याय

**यशैया २४:१-३ः** परमेश्वरका न्यायहरू इस्राएल देशबाट शुरु भएका देखिन्छन्, तर त्यसपछि उहाँका न्यायहरू सारा पृथ्वीमाथि, अँ, स्वर्गका दुष्ट प्राणीहरूमाथि पनि आइपर्ने रहेछन्। 'पृथ्वी' भन्ने शब्द 'देश' भनेर पनि अनुवाद गर्न सकिन्छ र दुई पदमा उल्लेख गरिएका पूजाहारी भन्ने शब्दबाट के सुझाउ आउँछ र के बुझिन्छ भने यशैया २४:१-३ पदको खण्डको सन्दर्भचाहिँ इस्राएल देश पो हो। यस खण्डमा तपाईंले देश र मानिसहरूको बीचमा पालोपिलो गरेको कुरा ख्याल गर्नुहोला। अनि यसको विनाश सङ्कष्टपूर्ण हुनेछ र सबै वर्गका मानिसहरूलाई यसको असर पर्नेछ।

**यशैया २४:४-१३ः** अनि चार पदमा 'संसार' भन्ने कुरा लेखिएको छ; यसबाट के बुझिन्छ भने, सारा संसार नै यो दिव्य न्यायस्थल हुने रहेछ। संसारको अशुद्धता व्यापक छ; किनकि मानिसहरूले अनन्त वाचा तोड़ेका छन्। कोही मानिसहरू छन्, जसले नूहको करारचाहिँ यस अनन्त वाचाको सन्दर्भ भएको भन्छन् (उत्पत्ति ९:१६)। तर यो त शर्तविनाको करार पो थियो, जसको आज्ञा-पालनचाहिँ पूरापूर परमेश्वरमाथि निर्भर गर्थ्यो। अरू मानिसहरू पनि छन्, जसको विचारमा अनन्त वाचाको सन्दर्भ मोशाको व्यवस्था हो अरे; तर त्यो करारचाहिँ केवल इस्राएली जातिसित बाँधिएको थियो, र यो करार कहिल्यै 'अनन्त वाचा' भनिएको छैन। अनि बाइबल नोलेड्‌च कम्मेन्टरीले के भन्छ भने, 'यो त सबै मानिसहरूसँग परमेश्वरको वचन पालन गर्नुपर्ने अन्तर्निहित कर्तव्य हो।'[33] अनि 'उजाड़ शहर'को अर्थ यरूशलेम शहर हुन सक्छ, नत्र यसको फराकिलो अर्थमा यसमा संसारका सबै शहरहरू पनि समावेश गर्न सकिन्छ।

**यशैया २४:१४-२०ः** के तपाईंले सुन्दै हुनुहुन्छ? यहाँ बाँकी रहेको भागरूपी बचेका मानिसहरूले परमप्रभुको प्रशंसाको गीत गाएको सुनिन्छ; किनकि उहाँले तिनीहरूलाई आफ्नो अनुग्रहमा बचाइराख्नुभयो।

त्यसपछि भविष्यवक्ता यशैयाले महा-सङ्कष्टका डरलाग्दा-डरलाग्दा हलचल मच्चाउने विपत्तिहरूको निम्ति शोक गर्दैछन्। त्यस बेलामा विश्वासघात गर्ने समय हुनेछ। अनि भाग्न असम्भव हुनेछ। पृथ्वी मातेको मान्छेझैं धरमरिनेछ, महाभूकम्पले हल्लाइएको जस्तै। कहिल्यै नउठ्ने गरी पृथ्वीको पतन हुनेछ।

**यशैया २४:२१-१३ः** अनि स्वर्गीय स्थान-हरूमा भएका दुष्ट सेनाहरूको पनि न्याय गरिनेछ। यो कुरा प्रकाश १९:१९-२० र २०:१-३ पदका खण्डहरूसँग मेल खान्छ। किनकि ख्रीष्ट येशूको दोस्रो आगमनमा यी स्वर्गीय सेनाहरूका कठपुतलीको रूपमा शासन गर्ने पृथ्वीका राजाहरू यिनीहरूको न्यायमा सहभागी हुनेछन्। परमप्रभुको अतुलनीय महिमाले सूर्य र चन्द्रमालाई शर्ममा पार्नेछ।

### ङ) यशैया २५-२७ः गीतहरूको पुस्तक

#### अ) यशैया २५ः इस्राएली जातिले राज्यका आशिषहरूको निम्ति धन्यवाद चढ़ाएको प्रशंसाको गीत

**यशैया २५:१-५ः** पच्चीस अध्यायदेखि सत्ताइस अध्यायसम्मको खण्डको नाम 'गीतहरूको पुस्तक' भनिएको छ। किनकि यहाँ, यस खण्डमा बाँकी रहेको भागरूपी पुनर्स्थापित यहूदीहरूले महासङ्कष्टबाट छुटकारा पाएको निम्ति परमप्रभुको प्रशंसा

गर्छन्। यस खण्डमा उल्लेख गरिएको शहर कुनै विशेष शहर नहोला, तर दुश्मन शहरहरू होलान्, जुन शहरहरूचाहिँ चूरचूर पारिएका छन्; यसकारण अन्यजातिहरूले परमप्रभुको शक्ति मानिलिन्छन्। परमेश्वर आफ्ना जन-हरूको निम्ति सब थोक हुनुभयो, किल्ला, शरणस्थान र छाया।

**यशैया २५:६-९:** सियोन पर्वतमा परमप्रभु उत्कृष्ट आत्मिक स्वादिष्ठ खानेकुरा-हरूले युक्त एउटा भोज लगाउनुहुन्छ। उहाँले अज्ञानताको घुम्टो, त्यो शैतानी अन्धोपनको पर्दा हटाइदिनुहुन्छ, जुन घुम्टोले, जुन पर्दाले सबै जातिहरूको मन ढाकिरहेको छ। उहाँले मृत्युलाई जित्नुहुन्छ; किनकि उहाँ सङ्कष्टकालमा मरेका पवित्र जनहरूलाई बौराएर उठाउनुहुन्छ। उहाँले शोक मेटाइ-दिनुहुन्छ; उहाँले यहूदीहरूबाट कलङ्क हटाइ-दिनुहुन्छ। अनि बाँकी रहेका यहूदीहरूले यसो भन्नेछन्: 'उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; हामीले उहाँको बाटो हेर्दैथियौं; हामी आनन्दित हुनेछौं र उहाँको मुक्तिमा रमाउनेछौं।'

**यशैया २५:१०-१२:** इस्राएली जातिका शत्रुहरू उहाँको खुट्टामनि कुल्चीमिल्ची पारिनेछन्, कत्रो लाज! अनि हुन सक्छ, मोआब यहाँ तिनीहरूको प्रतिनिधि होला। अनि एघार पदमा परमेश्वरको तुलना एउटा पौड़िखेल्ने मानिससँग गरिएको छ; उहाँ न्यायमा मोआबीहरूको बीचमा आफ्ना हात-हरू फैलाउनुहुन्छ।

### आ) यशैया २६: यहूदाले सनातन चट्टानको निम्ति गाएको गीत

**यशैया २६:१-४:** आफ्नो स्वदेशमा फर्केर आएपछि बाँकी रहेको भागरूपी पुनर्स्थापित यहूदीहरूले विश्वास र भरोसाले पूर्ण जीवनको नाममा उत्सव मनाउँछन्। यशैया २४:१० पदमा मानिसको शहर थियो भने, यहाँ परमेश्वरको शहर छ। उद्धारप्राप्त इस्राएली जातिले, त्यस धर्मी जातिले शान्ति नै शान्तिको अनुभव गर्छ; किनकि तिनीहरू दृढ़तासाथ परमप्रभुमाथि अड़ेसिएर बसेका छन्। तीन पदको सम्बन्धमा प्रख्यात अमेरिकी ब्याप्टिष्ट भजनलेखक श्री फिलिप पी. ब्लिसले यसो भन्ने गर्थे: 'पवित्र बाइबलका अन्य पदभन्दा मलाई यो पद बढ़ी मन पर्छ: *"जसको मन तपाईंमाथि अड़ेसिएर बसेको हुन्छ, उसलाई तपाईंले शान्ति नै शान्तिमा जोगाइराख्नु-हुनेछ; किनकि उसले तपाईंमाथि भरोसा राख्छ।"* ' [34)]

अनि श्री डी. एल. मूड्डीले तीन पद चार पदसँग जोड़ेर यी शब्दहरूमा निम्न अर्थ लगाएका छन्: 'शान्तिको वृक्षले आफ्ना जराहरू सनातन चट्टानका दरारहरूमा हालेको हुन्छ।' [35)] अन्तमा तिनीहरू यो महसुस गर्छन् कि प्रभु यहोवामा अनन्त बल हुन्छ, अथवा एन.के.जे.वी.को पार्श्वअनुसार 'प्रभु यहोवा सनातन चट्टान हुनुहुन्छ।' (हिब्रूमा याहचाहिँ यहोवाको छोटो रूप हो)। अनि 'सनातन चट्टान' भन्ने यस शब्दबाट श्री अगस्टस टोप्लेड़ीले अङ्ग्रेजी भाषामा 'रक ऑफ एचस' भन्ने सबैभन्दा महान् भजन लेख्ने प्रेरणा पाए। किनभने प्रचण्ड आँधीबेह्री चलेको बेलामा तिनले पहराको पाखामा एउटा ओड़ारमा शरण लिन सके। तिनले यस भजनमा निम्न शब्दहरू लेखे:

> हे सनातनका पहरा ख्रीष्ट! पाऊँ शरण तपाईंमा,
> क्रूसमा रगत-पानी जो कोखबाट बेहथ्यो,
> शुद्ध पारेस् नीच मलाई, पापको दोष र वश हटाई।
>
> मेरो रहुञ्जेल आयु, जब आउँछ नि मृत्यु,
> अनि स्वर्गमा हेर्दा, तपाईंलाई सिंहासनमा
> हे सनातनका पहरा ख्रीष्ट! पाऊँ शरण तपाईंमा।

**यशैया २६:५-६:** मानिसको घमण्डी सभ्यता, त्यो उच्च शहररूपी सामाजिक विकास तल झारिएको छ, यहाँसम्म कि

गरिबहरूका पाउँहरूले र दरिद्रहरूका पाइला-हरूले त्यो उच्च शहर कुल्चन सके।

**यशैया २६ः७-१५ः** यस आउँदो खण्डको विषयमा मलाई के लाग्छ भने, बाँकी रहेका यहूदीहरू सङ्कष्टकालबाट भएर जाँदाखेरि तिनीहरूले कुनचाहि प्रार्थना चढ़ाउँछन्, यो तिनीहरूको प्रार्थना यहाँ, यशैया २६ः७-१९ पदको खण्डमा प्रस्तुत गरिएको छ। किनकि परमप्रभुले तिनीहरूको निम्ति बाटो सुगम तुल्याइदिनुभयो; अनि तिनीहरूले यस हेतुले उत्सुकतासाथ उहाँको बाटो हेर्दैथिए कि उहाँले आफूलाई तिनीहरूकहाँ प्रकट गरिदिऊन्। जब परमेश्वर न्यायको काम गर्नुहुन्छ, तब मात्र दुष्ट मानिसहरूले धार्मिकता के हो, सो सिक्नेछन्। यसकारण न्यायको निम्ति परमेश्वरको हात पूरा तयारीको साथ उठाइएको छ; तर जब यो हात क्रोधको साथ ती मानिसहरूमाथि झर्छ, तब तिनीहरू लज्जित हुनेछन्, र तब बल्ल इस्राएली जातिलाई शान्ति मिल्नेछ। किनकि धेरै अन्यजाति मालिकहरूले बाँकी रहेका यहूदीहरूलाई शासन र अधिकार गरे, तर खास गरी परमेश्वर तिनीहरूको साँचो र एकमात्र प्रभु र स्वामी हुनुहुन्छ। इस्राएली जातिलाई सताउने राष्ट्रहरू फेरि परमेश्वरका जनहरूलाई समस्या दिन उठ्नेछैनन्। यस चौध पदले दुष्ट मानिसहरूको शारीरिक पुनरुत्थान इन्कार गर्दैन; यस पदले केवल अन्यजाति राज-सत्ताहरू कहिल्यै पुनर्स्थापित हुनेछैनन् भन्ने प्रतिज्ञा पो गरेको छ।

**यशैया २६ः१६-१९ः** तर इस्राएली जातिले सुत्केरीको व्यथातुल्य कष्ट भोगेपछि, जुन कष्ट-भोगाइले खास केही पनि पूरा नगरेको देखिन्छ, यस जातिको पुनरुत्थान हुनेछ; यो कति आनन्दको कुरा हो ! परमप्रभुले आफ्ना जनहरूको प्रार्थनाको उत्तर दिनुभयो, कसरी ? उहाँले तिनीहरूलाई एउटा सुनिश्चित प्रतिज्ञा दिनुभयोः तिनीहरू देशको रूपमा फेरि स्थापित हुने नै छन्। कहिले ? जब पवित्र आत्मारूपी झारपातको ताजा शीत भूमिमाथि झर्छ।

**यशैया २६ः२०-२१ः** परमप्रभुले आफ्ना जनहरूबाट विश्वासयोग्य भई बाँकी रहेका-हरूलाई त्यस बेलासम्म गुप्त कोठाहरूमा लुक्ने सल्लाह दिनुहुन्छ; किनकि उहाँ अब धर्मत्यागी संसारमाथि आफ्नो क्रोध खन्याउँदै हुनुहुन्थ्यो।

## इ) यशैया २७ः परमेश्वरले छुटकारा पाएको इस्राएली जातिको निम्ति गाउनुभएको गीत

**यशैया २७ः१ः** परमप्रभुको भावी दिनमा उहाँले अश्शूर, त्यस भाग्दै गरेको सर्प लिव्यातानलाई दण्ड दिनुहुनेछ; उहाँले बेबिलोन, त्यस टेढ़ो सर्पलाई दण्ड दिनुहुनेछ; अनि उहाँले मिस्र देश, त्यस समुद्रमा भएको अजिङ्गरलाई मार्नुहुनेछ। यस विषयमा केही टिप्पणीकारहरू छन्, जसले यी तीनवटा जलजन्तुहरूमा बेबिलोनको एउटै सङ्केत देख्छन्। अनि अरू मानिसहरू पनि छन्, जसले यी तीनै जलजन्तुहरूमा शैतानको चित्र देख्छन्, जसले विश्व राजसत्ताहरू सक्रिय तुल्याइदिन्छ। शैतानलाई साँप र अजिङ्गर भनिएको छ (उत्पत्ति ३ः१; प्रकाश १२ः३ र ९, १३ः२, १६ः१३ र २०ः२)।

**यशैया २७ः२-३ः** त्यस दिनमा गीत गाएर परमेश्वर आफ्नो उद्धारप्राप्त इस्राएली जाति, यस रातो अङ्गुर भएको दाखबारीको विषयमा रमाउनुहुनेछ। उहाँले रातोदिन यसको रखवाली गर्नुहुनेछ। अबचाहिँ आफ्ना जनहरूप्रति उहाँको तातो रिस छैन। अनि कतै दुश्मन राज्यहरू बाँकी रहेका यहूदीहरूको विरुद्धमा खड़ा भएमा उहाँले तिनीहरूलाई काँड़ा र काँड़ेझ्याङ-हरू ठानेर जलाइदिनुहुनेछ। यसकारण यस्ता राज्यहरूको निम्ति सुरक्षा र शान्ति पाउन परमप्रभुकहाँ फर्कनु बढ़िया हुनेथियो। ख्रीष्ट येशूको हजार वर्षको राज्यमा इस्राएली जाति

फुल्नेछ र कोपिला हाल्नेछ, र तिनीहरूले संसारको सतह फलले भरिदिनेछन् ।

**यशैया २७ः७-९ः** परमेश्वरले इस्राएली जातिसँग यसका अन्यजाति शासकहरूसित गर्नुभएअनुसार व्यवहार गर्नुभएकै छैन । होइन, उहाँले इस्राएली जातिलाई केही हदसम्म र सीमित रूपले ताड़ना दिनुभयो । किनकि उहाँले तिनीहरूलाई मूर्तिपूजाको पापबाट खारेर शुद्ध पार्न निर्वासनमा पठाउनुभयो । इस्राएली जातिले मूर्तिहरूको अन्तिम अवशेष समेत पूरा रूपले नष्ट गरिसकेपछि उहाँको यो उद्देश्य पूरा हुनेछ ।

**यशैया २७ः१०-११ः** त्यस बेलासम्म यरूशलेम खण्डहर भएको छ; किनकि त्यहाँ गाईका बाछाहरू घाँसका झुप्पाहरूमाथि चढ्नेछन्, अनि स्त्रीहरूले दाउराको निम्ति हाँगाबिँगाहरू बटुल्नेछन् । यी मानिसहरूसँग आत्मिक विवेचना नभएको हुनाले यो सबै तिनीहरूमाथि आएको हो ।

**यशैया २७ः१२-१३ः** कुनै भावी दिनमा परमप्रभुले इस्राएल देशअन्तर्गत साँचो र झूटोलाई झाँटेर निफान्नुहुनेछ । त्यसपछि उहाँले अश्शूर र मिस्र देशजस्ता अन्यजाति राष्ट्रहरूको बीचमा छरिएका यहूदीहरूलाई फेरि भेला गर्नुहुनेछ । आफ्नो स्वदेशमा फर्केपछि तिनीहरू परमप्रभुको आराधना गर्न यरूशलेममा आउनेछन् ।

### च) यशैया २८-३५ः इस्राएल र यरूशलेमको पतन र पुनरुत्थान

#### अ) यशैया २८ः एप्रैम अर्थात् इस्राएललाई धिक्कार !

**यशैया २८ः१-४ः** सामरियाचाहिँ त्यो घमण्डको मुकुट थियो, र इस्राएलका मतवालाहरू त्यसको ओइलिँदै गरेको फूल थिए । (एप्रैमचाहिँ इस्राएल राज्यको अर्को नाम हो) । पहाड़को टाकुरामाथि बसालिएको यो शहरचाहिँ फलवन्त बेंसीहरूमाथि उठेको एउटा मुकुट थियो, जुन बेंसीहरूमा मद्य, सुखचैन, भौतिकता र मैथुनले लट्ठ भएका मानिसहरू बस्थे । तर यता अश्शूरी सेनाहरू यो शहर कब्जा गर्न तयार थिए; यिनीहरूले यो शहर एउटा पाकेको नेभाराजस्तै ख्वाप्प निल्न लागेका थिए ।

**यशैया २८ः५-६ः** तर जब सेनाहरूका परमप्रभु आफ्नो राज्य स्थापित गर्न फर्किआउनुहुनेछ, तब उहाँ बाँकी रहेका विश्वासी जनहरूको निम्ति कहिल्यै नओइलाउने महिमाको मुकुट बन्नुहुनेछ । उहाँले अगुवाजनहरूलाई न्याय गर्न र शत्रुलाई त्यसकै मूलढोकामा फर्काउन सक्षम तुल्याउनुहुनेछ ।

**यशैया २८ः७-८ः** अबचाहिँ भविष्यवक्ता यशैयाको दृष्टि यहूदाकहाँ फर्कन्छ । इस्राएलको राज्यजस्तै, तिनीहरू पनि मातेका छन् र आफ्नै बान्तामा लड़ीबुड़ी गरिरहेका छन्, र तिनीहरूका टेबलहरू फोहोरले भरिएका छन् । तिनीहरूका पूजाहारी र अगमवक्ता पनि विलासी भएका छन् ।

**यशैया २८ः९-१०ः** धार्मिक अगुवाजनहरूले परमेश्वरको गिल्ला गर्छन्; तिनीहरूको गुनासो छः तिनीहरूसँग कुरा गर्दा उहाँले बालबोलीले कुरा गर्नुहुन्छ अरे । परमप्रभुलाई के लागेको छ ? के उहाँले केटाकेटीहरूसँग व्यवहार गर्दै हुनुहुन्छ ? के उहाँले एकाक्षरी शब्दहरू बोलेर तिनीहरूलाई सिकाउन खोज्नुभएको हँ ? [36)]

**यशैया २८ः११-१३ः** यसकारण परमेश्वर भन्नुहुन्छः 'ठीक छ, तिमीहरू मेरो सरल, बुझ्न सजिलो भएको भाषा सुन्न चाहँदैनौ; यसैले म अश्शूर, एउटा विदेशी आक्रमाणकारीलाई तिमीहरूको बीचमा पठाउनेछु ।' मानिसहरूको निम्ति अश्शूरीहरूको विदेशी बोली एउटा न्यायको चिन्ह थियो; किनकि तिनीहरूले परमेश्वरलाई इन्कार गरे, जसले तिनीहरूलाई विश्राम उपलब्ध गराउनुभयो, तर यो व्यर्थ

भयो। उहाँले तिनीहरूलाई अरूलाई विश्राममा ल्याइपुऱ्याउने क्षमता दिनुभयो, तर यो पनि व्यर्थ भयो। अब परमप्रभुले के गर्दै हुनुहुन्छ ? श्री एफ. सी. जेन्निङ्‍सले भनेअनुसार,

> 'उहाँ सरल, सुस्पष्ट शब्दहरू लिएर निरन्तर तिनीहरूसँग बोल्नुहुने नै छ। किन ? किनकि तिनीहरूको अस्वीकारको निम्ति को जवाफदेही हुनुपर्छ ? यसको दोष परमेश्वरको सन्देशमा थिएन र हुनु पनि हुँदैन, किनभने त्यो अस्पष्ट थिएन, तर यसको एकमात्र दोष सरासर यो सन्देश इन्कार गर्नेहरूको पो थियो।' 37)

**यशैया २८ः१४-१५ः** यहूदाका शासकहरूले साह्रै घमण्ड गरेः तिनीहरूले मिस्र देशसँग एउटा सन्धि गरेको हुनाले तिनीहरू अश्शूरको आक्रमणबाट मुक्त हुनेछन् भन्ठान्थे। तर तिनीहरूको गठबन्धनले तिनीहरूको निम्ति मृत्यु र अधोलोकको अर्थ लिनेछ। किनकि तिनीहरूले झूट र झूटोपनमा आड़भरोसा गरेका छन्। (तर मृत्युसँग बाँधिएको तिनीहरूको वाचा र अधोलोकसँग गरिएको तिनीहरूको सम्झौता पक्कै पनि कुनै अक्षरशः सन्धि थिएन। तब यो कुरा हामी कुन अर्थमा लिने ? यहूदालाई मृत्यु र अधोलोकसँग असल सम्बन्धमा रहेको किन लागेको थियो ? किनकि तिनीहरूले मिस्र देशसँग गठबन्धन गरे; यसकारण तिनीहरू डराउनुपर्दैनथियो। तर केही टिप्पणीकारहरू पनि छन्, जसले यस सन्धिमा इस्राएल र त्यस पशुको बीचको भावी गठबन्धन गरेको चित्रण देख्न खोज्छन् (दानियल ९ः२७)।)

**यशैया २८ः१६-१७ः** परमेश्वरले मसीह येशूलाई हाम्रो विश्वास र भरोसाको एकमात्र योग्य व्यक्तिको रूपमा ठहराउनुभएको हो; उहाँ त्यो सुनिश्चित जग हुनुहुन्छ। अनि उहाँमाथि भरोसा गर्नेहरू कहिल्यै डराउनुपर्दैन, डरले आत्तिएर दगुर्नु पनि पर्दैन। उहाँको शासनकालमा सबै कुराहरू जाँच्ने कसीचाहिँ न्याय र धार्मिकता हुनेछ; अनि न्यायले हाम्रो विश्वासको लायक नभएको हरेक मिथ्या वस्तु उठाएर लैजानेछ।

**यशैया २८ः१८-२२ः** आक्रमणकारीले आक्रमण गर्दा यहूदा अन्य राष्ट्रहरूसित गरेको यसको राजनीति र कूटनीति आफूलाई रक्षा गर्न असफल हुनेछ; अनि शत्रुको हरेक हमला सफल हुनेछ। तर परमेश्वरले भन्नुभएको कुराको यथार्थता के हो, सो मानिसहरूले ढिलो बुझ्नेछन्। ओछ्यान छोटो छ, ओढ्ने सिरक सानो छ; यसर्थ त्यस वाचाले न आशा गरेको विश्राम, न ता खोजेको सुरक्षा प्रदान गर्न सक्नेछ। परमप्रभु परमेश्वर न्याय गर्न आफ्ना जनहरूको विरुद्धमा उठ्नुहुनेछ, जसरी उहाँ पहिले तिनीहरूका शत्रुहरूको विरुद्धमा उठ्नुभएको थियो। यस प्रकारको न्याय उहाँको निम्ति पूरा बिराना थियो। अनि तिनीहरूले गिल्ला गर्छन् भने, तिनीहरूको बन्धन झन् कसिलो, झन् कड़ा हुनेछ।

**यशैया २८ः२३-२९ः** श्री हर्बर्ट भान्डरलुग्टले बयान गरेअनुसार

> 'परमेश्वर आफ्ना छोराछोरीहरूसँग कुन प्रकारले व्यवहार गर्नुहुन्छ ? यस सम्बन्धमा भविष्यवक्ता यशैयाले यहाँ कृषि-जगत्‌को तीनवटा कामहरूको उदाहरण दिएका छन्। **क)** पहिले कुराः हलो जोत्नेले लगातार जमिन जोत्दैन, तर जमिन बीउ छर्न तयार भएपछि हलो जोत्ने काम रोकिन्छ (पद २४)। ठीक त्यस्तै परमेश्वरका उद्देश्यहरू हाम्रो जीवनमा पूरा हुनेबित्तिकै हाम्रा परीक्षाहरू समाप्त हुन्छन्। **ख)** त्यसपछि भविष्यवक्ता यशैयाले के भनेका छन् भने, किसानले सुझबुझको साथ आफ्नो बीउ छर्छ; उसले जीरा छर्छ, तर गहुँचाहिँ लहर-लहरमा लगाइदिन्छ (पद २५-२६)। यसबाट हामीलाई के आश्वासन आउँछ भने, परमप्रभुले हाम्रो आवश्यकता-अनुसार होशियारसाथ हाम्रो निम्ति उपयोग्य अनुशासन छान्नुहुन्छ। अनि **ग)** अन्तमा, यशैयाले आफ्नो अन्न झाँट्ने खेतालाको उदाहरण दिएका छन्। उसले एकदम होशियारपूर्वक हल्का प्रकारले एउटा सानो लौरोले सुँप पिट्छ भने, उसले जिरा त्योभन्दा अलिक

ठूलो लौरोले झाँट्छ। अनि गहुँको निम्ति उसले गाड़ाको ठिक्कको चक्का प्रयोग गर्छ, र यसरी अनाज टुक्रिएर पीठो हुनदेखि जोगिन्छ (पद २७-२८)। यस प्रकारले सर्वशक्तिमान् परमेश्वरले केवल हाम्रो अवस्था अनुकूल कोमल साधनहरू प्रयोग गर्नुहुन्छ; किनकि उहाँ हामीले सहन सक्ने कष्टभन्दा ठूलो कष्ट हामीमाथि कहिल्यै आइपर्न दिनुहुन्न'।38)

## आ) यशैया २९ः अरिएल अर्थात् यरूशलेमलाई धिक्कार !

**यशैया २९ः१-४ः** अरिएलचाहिँ विशेष-अधिकारप्राप्त शहर यरूशलेम हो, जहाँ राजा दाऊदको प्रधान कार्यालय थियो। यसका मानिसहरूले वर्षैपिच्छे आफ्ना धार्मिक विधि-विधानहरू पालन गर्ने गर्लान्, तर जबसम्म यो शहर आफ्नो नामअनुसार 'अरिएल' बन्दैन, तबसम्म परमेश्वरले यस शहरमाथि सङ्कष्ट-माथि सङ्कष्ट ल्याउनुहुनेछ। 'अरिएल' शब्दका दुईवटा अर्थहरू छन्ः एक, 'परमेश्वरको सिंह' र दुई, 'वेदी' (इजकिएल ४३ः१५-१६ पदमा हेर्नुहोस्, जहाँ अरिएल भन्ने शब्द 'वेदी' भनेर अनुवाद गरिएको छ)। एक समयमा यरूशलेम शहर परमेश्वरको निम्ति एउटा शूरवीर सिंह थियो, तर अहिले एउटा ज्वलन्त वेदी पो भएको रहेछ, र यसका मानिसहरू नै बलिहरू भएका रहेछन्।

**यशैया २९ः५-८ः** तर परमेश्वरले अचानक बीचमा आएर हस्तक्षेप गर्नुहुनेछ, र यसका शत्रुहरू धूलो र भुसजस्तै धपाइनेछन्, उड़ाएर लगिनेछन्। किनकि जुन बेलामा शत्रुहरूले यरूशलेम पूर्ण रूपले निलेका ठान्नेछन्, त्यस बेलामा सपनाबाट बिउँझेझैं तिनीहरू विसफल हुनेछन्।

**यशैया २९ः९-१२ः** मानिसहरूले जानी-जानी आफूलाई अन्धा तुल्याए; यसैले तिनीहरू अन्धा भए। यो तिनीहरूको निम्ति न्यायरूपी अन्धापन ठहरियो। तिनीहरू मातेका जस्तै धरमरिरहेका छन्। परमेश्वरको वचन तिनीहरूको निम्ति अगम्य, अस्पष्ट भयो। कसैको निम्ति यो एउटा छाप लगाइएको पुस्तक थियो भने, अरू कसैको निम्ति यो अपठनीय थियो। हरेक मानिससँग कुनै न कुनै बहाना छँदैथियो।

**यशैया २९ः१३-१४ः** तिनीहरूको धर्म पूरा रूपले देखावटी थियो, अनि तिनीहरूको परमेश्वरप्रतिको भयचाहिँ विश्वासका सारहरू रट्नुमा सीमित थियो; यसकारण परमेश्वरले तिनीहरूको बीचमा एउटा अलौकिक न्यायको काम गर्नुहुनेछ र बुद्धिजीवीहरूबाट बुद्धि र विवेचना हटाइदिनुहुनेछ। अनि चौध पदमा उल्लेख गरिएको 'अद्‌भुत काम'को सन्दर्भचाहिँ अश्शूरका राजा सनहेरिबको आक्रमण थियो। यस सिलसिलामा श्री डब्ल्यू. ई. भाइनले यसो लेखेका छन्ः

'यहूदाका शासकहरूले सहयोग पाउन मिस्र देश-माथि भर पर्न खोजे। अनि शारीरिक दृष्टिकोणले हेर्नु हो भने, योचाहिँ बुद्धिमान् राजनीति थियो होला, तर परमेश्वरको दृष्टिकोणमा यो विद्रोह थियो; यसकारण परमेश्वरले तिनीहरूको यो नीति विफल पार्नुभयो र यहूदालाई असहाय परिस्थितिमा ल्याइपुऱ्याउनुभयो, यहाँसम्म कि तिनीहरू अन्तमा केवल परमेश्वरमाथि भर पर्न सके।' 39)

अनि वर्तमान समयमा परमेश्वरले सुसमाचारद्वारा एउटा 'अद्‌भुत काम' पूरा गर्दै हुनुहुन्छ (१ कोरिन्थी १ः१८-२५ पदको खण्डमा हेर्नुहोस्)।

**यशैया २९ः१५-१६ः** ती छली शासक-हरूलाई धिक्कार छ, जसले मिस्र देशसँग आफ्ना धूर्त युक्तिहरू रचिरहेका थिए, परमेश्वरले तिनीहरूलाई देख्नुभएको छैन जस्तै गरेर। तिनीहरूले सबै कुरा माथि-तल गरेका छन्, र माटोले कुमालेको ठाउँ ओगटेको छ; यसरी तिनीहरूले परमेश्वरको शक्ति र ज्ञान सरासर इन्कार गरेका छन्।

**यशैया २९ः१७-२१ः** तर छुटकाराको दिन आइरहेको छ, जुन दिनमा परमेश्वरले सबै कुरा

उल्टाउनुहुनेछ। त्यस दिनमा लेबनोनजस्तै घनघोर जङ्‌गल एउटा फलवान् खेतबारी हुनेछ र फलवान् खेतबारीचाहिँ एउटा घना, बाक्लो जङ्‌गल ठहरिनेछ। त्यस दिनमा बहिराहरूले सुन्नेछन्, अन्धाहरूले देख्नेछन्, अनि नम्र हुनेहरूले परमप्रभुमा आफ्नो आनन्द बढ़ाउनेछन्। अबदेखि उसो न थिचोमिचो गर्ने, न गिल्ला गर्ने रहनेछ; अँ, धर्मी जनलाई फसाउन खोज्नेहरू पनि रहनेछैनन्। परमेश्वरलाई धन्यवाद होस्!

**यशैया २९ः२२-२४ः** यस अध्यायका अन्तिम पदहरूमा 'याकूब' भन्ने नाम दिइएको बाँकी रहेको भागरूपी विश्वास गर्ने यहूदीहरूलाई वर्णन गरिन्छ। शर्म र निन्दा विगत कुरा हुनेछ। याकूबका सन्तानहरूले परमेश्वरले तिनीहरूको निम्ति हस्तक्षेप गर्नुभएको कुरा महसुस गर्नेछन् र यसको निम्ति उहाँलाई श्रेय दिनेछन्। जुन मानिसहरूको धारणा गलत थियो र जसले सधैं गनगन गर्थे, ती मानिसहरू ज्ञानी र शिक्षणीय हुनेछन्।

### इ) यशैया ३०-३१ः मिस्र देशसँगको गठबन्धनलाई धिक्कार!

**यशैया ३०ः१-७ः** विद्रोही छोराछिरीहरूचाहिँ यहूदाका राजनेताहरू हुन्, जसले मिस्र देशसँग अश्शूरको विरुद्धमा एउटा सम्झौता गरेका छन्। अनि यस्तो गठबन्धन पूरा भएको विषयमा कहीं कुनै पनि अभिलेख नभएको हुनाले यो कुरा अझ भविष्यमा हुन आउनेछ भन्ने कुरा सोच्नु उचित देखिन्छ। मिस्र देश भरोसाको योग्य छैन रहेछ भन्ने पाठ यहूदाले सिक्नेछ। नेगेव अर्थात् दक्षिणको खतरनाक भूभागहरू हुँदै यहूदाबाट मिस्र देशमा कर बोकेका लस्करहरू देखिन्छन्। तर यहूदाका राजदूतहरू सोअन र हानेससम्म पुगे ता पनि यो तिनीहरूको सम्पूर्ण परियोजना विफल हुनेछ। परमेश्वरले मिस्र देशलाई 'रहब-हेम-शेबेट' भन्ने नाम दिनुभयो, जसको अर्थ होः 'त्यो निश्चल बस्ने जलजन्तु।'

**यशैया ३०ः८-१४ः** मिस्र देशसँग स्थापित गरिएको यो सन्धि (र यस प्रकारको जुनै पनि गलत आड़भरोसा) परमप्रभुको व्यवस्थाको सुस्पष्ट तिरस्कार हो भन्ने कुरा उहाँका भविष्यवक्ताहरूले एउटा पाटीमा लेखून्, र त्यो लेख आउँदो पुस्ताको निम्ति साक्षी बसोस्। मिस्र देशचाहिँ सुरक्षाको निम्ति एउटा कमजोर पर्खाल हो भन्ने कुरा यहूदाले देख्नेछ, जान्नेछ, अनुभव गर्नेछ। वास्तवमा, त्यस अग्लो पर्खालबाट भुँड़ी निस्केर आउनेछ र त्यो अचानक भत्किनेछ। त्यो पूरा रूपले चकनाचूर हुनेछ, एउटा कुमालेको भाँड़ा फुटाइएको जस्तै, यहाँसम्म कि त्यसका खपेटाहरू कुनै सानोतिनो कामको प्रयोगमा धरि आउनेछैनन्।

**यशैया ३०ः१५-१७ः** परमेश्वरले यहूदालाई भन्नुभयोः 'मकहाँ फर्केर आएको र ममाथि आड़ लिएकोमा तिमीहरूको उद्धार भर पर्छ। पागलसरह मिस्र देशतिर भाग्नुभन्दा ममाथि शान्त भरोसा राख्नुमा तिमीहरूको शक्तिबल हुनेछ।' तर यहूदाले भन्योः 'अहँ, हामी घोड़ा चढ़ेर शत्रुमाथि आइलाग्नेछौं।' तिनीहरूको जवाफको प्रतिउत्तरमा परमेश्वर भन्नुहुन्छः 'ठिक्कै छ, तिमीहरू घोड़ा चढ्ने नै छौ, तर शत्रुमाथि जाइलाग्न होइन, तर शत्रुदेखि पछि हट्न र भयभीत भएर भाग्नको निम्ति! तिमीहरू पहाड़को चुचुरामाथि एउटा सिङ्गै दुब्लो-पात्लो घोचाजस्तो नहोउन्जेल एउटा सानो विरोधी सेनाले तिमीहरूलाई खेद्नेछ।'

**यशैया ३०ः१८-२५ः** र पनि परमप्रभु तिनीहरूप्रति कृपालु हुन पर्खनुहुनेछ। यसको विषयमा एकजना भाइको कुरा सुनौं, जसले यसो भनेका छन्ः 'परमेश्वर तबसम्म पर्खनुहुन्छ, जबसम्म हाम्रो रोजाइअनुसार हामीमाथि आइपरेको विपत्तिले हामीलाई हाम्रो रोजाइमा कति मूर्खता थियो भन्ने पाठ सिकाउँदैन।' तर जब यहूदा परमप्रभुकहाँ फर्कन्छ, तब उहाँ

तिनीहरूको शिक्षक र तिनीहरूको मार्गदर्शक हुनुहुनेछ; उहाँले वर्षा, प्रजनन र समृद्धि दिनुहुनेछ। उहाँ तिनीहरूको निको पार्ने चङ्गाइकर्ता, चट्टान र रक्षक हुनुहुनेछ। अनि उहाँका जनहरूले आफ्ना मूर्तिहरू अशुद्ध थोकहरू सम्झेझैं फ्याँकिदिनेछन् र 'शुभ बिदा !' भन्ने अभिवादन चढ़ाउनेछन्।

**यशैया ३०:२६-३३:** यस छबीस पदमा व्यक्त गरिएको तीव्र प्रकाश हामीले साङ्केतिक अर्थमा बुझ्नुपर्छः यो प्रकाश महिमा र धार्मिकताको प्रकाश हो। भक्तिहीन राष्ट्रहरू विनाशको चाल्नीमा हालिएर चालिनेछन्। परमप्रभुले अश्शूरलाई टुक्राटुक्रा पार्नुहुनेछ, र दण्डको हरेक प्रहारको साथ यहूदाको हर्षको सङ्गीत सुनिनेछ। अनि नरकरूपी तोपेतका जलिरहेका आगोहरू त्यस दुष्ट राजालाई स्वागत गर्न तयार छन्।

**यशैया ३१:१-३:** परमेश्वर तिनीहरूको विरोधमा हुनुहुन्छ, जो सहायता पाउन मिस्र देशमा जान्छन्, र जसले विजय पाउन घोड़ा-हरूमाथि, रथहरूमाथि र घोड़चढ़ीहरूमाथि भरोसा गर्छन्। उहाँ यहूदारूपी कुकर्मीहरूको घरानाको विरोधमा र यहूदारूपी अधर्म गर्नेहरूलाई सहायता गर्ने मिस्र देशको विरुद्धमा उठ्नुहुनेछ। सहयोगी मिस्र देशले ठेस खानेछ, र सहायता पाएको यहूदा लड्नेछ।

**यशैया ३१:४-९:** परमेश्वर त्यो सिंह हुनुहुन्छ, जसलाई गोठालाहरूको भीड़ अर्थात् अश्शूरले डर देखाएर भगाउन खोज्छन्। अथवा अर्को भाषाचित्रमा भन्नु हो भने, परमेश्वर यरूशलेममाथि पखेटा फैलाउने झुप्प चराहरूजस्तै हुनुहुन्छ; उहाँ यस शहरको रक्षा गर्न र छुटकारा गर्न तयार हुनुहुन्छ। अनि जब इस्राएल परमप्रभुकहाँ फर्कन्छ, तब यस जातिले आफ्ना मूर्तिहरू फ्याँकिदिनेछ। अश्शूरीहरू परमप्रभुको सुस्पष्ट हस्तक्षेप र कारबाईद्वारा नष्ट हुनेछन्। यी पदहरूको अर्थ अश्शूरका राजा सनहेरिबको विनाशमा सीमित हुँदैन; यसकारण यस भविष्यवाणीमा भविष्यमा पूरा हुने भाग पनि छ, जुन भाग सङ्कष्टकालमा पूरा हुनेछ।

### ई) यशैया ३२: धर्मी राजाको शासन

**यशैया ३२:१-८:** पहिला पाँच पदहरूमा ख्रीष्ट येशूको हजार वर्षको राज्य वर्णन गरिएको छ। उहाँ धार्मिकतापूर्वक राज्य गर्नुहुने राजा हुनुहुन्छ; अनि हुन सक्छ, यी उल्लेख गरिएका शासकहरू बाह्र प्रेरितहरू होलान् (मत्ती १९:२८ पदमा हेर्नुहोस्)। अनि मानिस हावाबतासबाट लुक्ने ठाउँजस्तै हुनेछ। यो मानिस प्रभु येशू हुनुहुन्छ, जसले आश्रय र सुरक्षा, ताजापन र छायाको प्रबन्ध गर्नुहुन्छ। अब मानिसहरू न्यायिक अन्धापनले ग्रस्त हुनेछैनन्, अनि तिनीहरूका कानहरू बन्द हुनेछैनन्, तर ध्यान दिएर सुन्नेछन्। आफ्ना निर्णयहरूको बारेमा हड़बड़ गर्नेहरू विवेकशील हुनेछन्, र आफ्नो बोलीमा भकभक गर्नेहरूले आनेकाने नगरी स्पष्ट बोलीले आफ्नो कुरा व्यक्त गर्नेछन्। अनि नैतिक भिन्नताहरूको सीमा धमिलो पारिनेछैन। विवेकहीन मानिसको सम्मान हुनेछैन। ख्रीष्ट येशूको आगमनमा मानिसहरूको पर्दाफास हुनेछ। मूर्ख र धूर्त मानिस मूर्ख र धूर्त ठहरिनेछ र त्यसको दुष्ट कामअनुसार सजाय दिइनेछ। उदारचित्तको मानिस को हुनेछ, सो पनि प्रकट गरिनेछ, र मनकारी मानिसले आशिष पाउनेछ। यशैया ३२:६-८ पदहरूले यशैयाको पालोमा भइ-रहेको जनजीवन वर्णन गरेका छन्।

**यशैया ३२:९-१५:** तर परमेश्वरको राज्य अझै पनि आएन; तर यहूदाका स्त्रीहरू अझै पनि विलासी, निष्फिक्री र आत्मतुष्ट भएर जिइरहेका थिए। तर अब चाँडै न्यायको प्रहार पर्न लागेको थियोः तिनीहरूको फसल नष्ट हुनेथियो, तिनीहरूको जनसङ्ख्या घट्नेथियो र तिनीहरूको देश उजाड़ हुनेथियो। यहूदाका

दुःखकष्टहरू ख्रीष्ट येशूको दोस्रो आगमनसम्म निरन्तर भइरहनेथिए, त्यसपछि माथिबाट आत्मा तिनीहरूमाथि खनिनुहुनेथियो। त्यस-पछि मरुभूमि फलवन्त खेतबारीमा परिणत हुनेथियो र फलवान् खेतबारी बाक्लो वन-जङ्गल बनिनेथियो।

**यशैया ३२ः१६-२०ः** तब न्याय र धार्मिकताले जनजीवनको हरेक क्षेत्रमा राज्य गर्नेछ, र यसको परिणाम शान्ति, चैन, सुरक्षा र निर्धक्कता हुनेछ। परमेश्वरको न्यायमा शत्रुरूपी वनमाथि असिना परेर त्यसलाई भुइँ-सम्म मिलाउनेछ, अनि त्यसको राजधानीरूपी शहर फेदसम्म होच्याइनेछ। यो कति खुशीको समय हुनेछ! किनभने मानिसहरूले सुरक्षा-साथ सबै पानीहरूका छेउ-छेउमा बीउ छर्न सक्नेछन्, अनि कुनै खतराविना गोरु र गधाहरू मैदानमा चढून सक्नेछन्।

### उ) यशैया ३३ः नाश गर्ने अश्शूरलाई धिक्कार!

**यशैया ३३ः१-६ः** अश्शूरमा भएको विनाशकारिता र विश्वासघात त्यसमाथि फर्केर आउँछ (पद १-२)। त्यसपछि परमेश्वरका जनहरूले सङ्कष्टको समयमा छुटकारा पाऔं भनेर परमप्रभुसँग प्रार्थना गर्छन्। अनि जब परमेश्वर काम गर्न थाल्नुहुन्छ, तब एउटा खैलाबैलाको आवाजले राष्ट्रहरूलाई हात-खुट्टाले टेकेर सुइँकुच्चा ठोक्ने तुल्याउँछ। अब यहूदीहरूको पालो आयोः तिनीहरू भाग्दै गरेको शत्रुको लुटको मालमाथि झम्टनेछन् र तिनीहरूले यसको पूरा छानबिन गर्नेछन्। किनकि ख्रीष्ट येशूले सिंहासन आरूढ़ गर्नुभएको छ। उहाँले सियोनलाई न्याय र धार्मितकाले भर्नुभएको छ; यसबाट समय-हरूको स्थिरता आउँछ; अनि उहाँले आफ्ना जनहरूलाई आत्मिक धनले धनवान् तुल्याउनुभएको छ।

**यशैया ३३ः७-९ः** यी पदहरू त्यस समयमा फर्किजान्छन्, जुन समयमा राजा हिजकियाहले अश्शूरका राजा सनहेरिबकहाँ शान्तिका दूतहरू पठाए, र तिनलाई 'तीन सय किक्कर चाँदी र तीस किक्कर सुनको जरिवाना तिर' भनिएको थियो (२ राजा १८ः१३-१६)। तर यस ठूलो रकमले पनि तिनी-हरूलाई अश्शूरको हातबाट छुटाउन सकेन। अश्शूरका राजा सनहेरिबले यहूदामाथि हमला गरिहाले, यसो गर्दा यिनले आफ्नो पछाड़ि सर्वनाश र आपद्‌विपद्‌को छाप छोड़े।

यहूदाका राजदूतहरू आफ्नो काममा असफल भएको देखेर धुरुधुरु रोइरहेका थिए। अश्शूरले यहूदामाथि आक्रमण गरेर आफ्नो वाचा तोड़ेको थियो। सुन्दरभन्दा सुन्दर ठाउँहरू उजाड़ पारिएका थिए र विनाशका उराठलाग्दा दृश्यस्थलहरू बनेका थिए।

**यशैया ३३ः१०-१२ः** अन्तिम क्षणमा परमप्रभु शत्रुसँग व्यवहार गर्न उठ्नुभएको छ। कटु व्यङ्ग्यमा उहाँ अश्शूरलाई भुसको गर्भाधारण गर्ने र पराल जन्माउने स्त्रीको रूपमा वर्णन गर्नुहुन्छ। अर्को शब्दमा भन्नु हो भने, त्यसका युक्तिहरू सबका सब व्यर्थ भए। बितेको समयमा अश्शूरले अरूमाथि यस प्रकारको क्रोध खन्यायो, तर यो दुष्ट व्यवहार त्यसमाथि फर्केर आउँछ, र त्यसको क्रोधले त्यसलाई पूरा रूपले निल्नेछ। जलिरहेको चुना र आगोमा फ्याँकिएका काँड़ाहरूको परिभाषाले त्यसको न्याय सम्पूर्ण भएको बताउँछ।

**यशैया ३३ः१३-१६ः** एउटा दिव्य वाणी 'हे टाढ़ा-टाढ़ामा हुनेहरूहो' भनेर भक्तिहीन अन्यजातिहरूकहाँ र 'हे नजिकमा हुनेहरूहो' भनेर सियोनमा भएका धर्मत्यागी यहूदीहरू-कहाँ निस्क्यो। परमेश्वरको न्यायको आगो-बाट, उहाँको क्रोधको आगोबाट को उम्कन सक्छ? उहाँको न्यायबाट उम्कनेहरू केवल ती व्यक्तिहरू हुन्, जो धार्मिकताको साथ हिँड़्छन्

र जसले आफूलाई हरेक किसिमको खराबीबाट अलग राख्छन्।

**यशैया ३३ः१७ः** त्यसपछि पूरा सुरक्षित र पूरा तृप्त भई बाँकी रहेको भागरूपी विश्वास गर्ने यहूदीहरूले ख्रीष्ट राजालाई उहाँको सुन्दरतामा देख्नेछन्, र आफ्नो देश निहार्नेछन्, जसका सिमानाहरू धेरै बढ़ाइएका छन्।

श्री ए. जे. गोर्डनले आफ्ना भजनहरूमध्ये एउटा रचनाको निम्ति निम्न प्रकारले यस पदको रूपान्तरण गरेः

> म ख्रीष्ट राजालाई उहाँको सुन्दरतामा देख्नेछु,
> त्यस टाढ़ाको देशमा,
> जब अन्तमा सबै छायाहरू हट्नेछन्
> र रातको अन्धकार दिनमा परिणत हुनेछ।
>
> म उहाँलाई महिमामा देख्नेछु –
> यी मारिनुभएको थुमालाई;
> ओहो, छुटकारा पाएकाहरूको भीड़को साथ
> म क्रूसको कथा सुनाउनेछु !
>
> मारिनुभएको थुमालाई हल्लेलूयाह, हल्लेलूयाह !
> हल्लेलूयाह, हल्लेलूयाह ! हल्लेलूयाह, आमेन !

**यशैया ३३ः१८-१९ः** आतङ्कका ती क्षणहरू केवल एउटा हानिरहित सम्झना मात्र हुनेछन्, जुन बेलामा अश्शूरीहरूले यहूदा करदाताबाट करको रूपमा उठाएको सुनको मोल तोलेका थिए, र जुन बेलामा अश्शूरका जासुसहरूले यरूशलेम शहरका धरहराहरू गन्ती गरेर आक्रमण गर्ने तयार गर्दैथिए, अनि जुन बेलामा यहूदीहरूले अश्शूरीहरूको बिरानो भाषा आफ्नो बीचमा सुनेका थिए।

**यशैया ३३ः२०-२२ः** अनि ख्रीष्ट येशूको हजार वर्षको राज्यको सियोन शहरमा तोकिएका चाड़हरू फेरि मनाइनेछन्। अनि यरूशलेम शहर एउटा सुरक्षित र स्थायी रूपले टाँगिएको पालजस्तो हुनेछ। कुनै शहरको निम्ति एउटा नदी जे हुन्छ, परमप्रभु सियोनको निम्ति त्यही हुनुहुनेछः सुरक्षा, ताजापन र सुन्दरता। अनि कुनै शत्रुको विशाल जलयान वा भव्य जहाजहरू त्यहाँबाट भएर जानेछैनन्; किनभने परमप्रभु त्यहाँ उपस्थित हुनुहुन्छ।

**यशैया ३३ः२३-२४ः** टिप्पणीकारहरू तेइस पदको विषयमा एकमत छैनन्। के यस पदको सन्दर्भ यरूशलेम हो ? अथवा के यसको सन्दर्भ यसका शत्रुहरू हुन् ? यसको सन्दर्भ सियोनका शत्रुहरू हुन् भने, त यस पदको अर्थ यस प्रकारको छः यरूशलेम शहर आक्रमण गर्ने आँट गर्ने जुनसुकै पानीजहाजको हालत यस पदले भनेको जस्तै हुनेछ। तर यस पदको सन्दर्भ यरूशलेम शहर हो भने, यस पदमा निम्न अर्थ लाग्छः

> 'मानिसहरूको कमजोरता र असमर्थता यसको सन्दर्भ हो भने, त यस पदमा तिनीहरू राज्यरूपी पानीजहाज चलाउन असक्षम भएको चित्रण छ; अथवा अझ बढ़ी सम्भव के देखिन्छ भने, तिनीहरू आफ्नो वासस्थानको व्यवस्था गर्न अर्थात् आफ्नो पाल समेत टाँग्न असमर्थ थिए, यसको निम्ति लाग्ने डोरीहरू, पालका खाँबा र कपड़ाहरूको कुरा नगरे हुन्छ।' 40)

परमेश्वरको राज्यमा लङ्‌ड़ाले पनि लुटको माल लिन सक्ने रहेछ। किनकि रोगहरू समाप्त हुनेछन् र मानिसहरूको अधर्म क्षमा हुनेछ।

### ऊ) यशैया ३४ः सबै राष्ट्रहरूलाई धिक्कार !

**यशैया ३४ः१-४ः** चौतीस अध्यायमा हामी परमेश्वरको क्रोधको विषयमा पढ्छौंः उहाँको क्रोध सबै राष्ट्रहरूको विरुद्धमा र विशेष गरी एदोमको विरुद्धमा दन्किएको छ। अनि हुन सक्छ, एदोमचाहिँ अरू सबै राष्ट्रहरूको प्रतिनिधि भएको सम्भव देखिन्छ। अनि जब परमप्रभुले अन्यजातिहरूको न्याय गर्नुहुन्छ, तब कुहिएका लासहरू डुङडुङती गनाउँछन्, र तिनीहरूको रगतको धाराले पहाड़हरू पग्लनेछन्। आकाशको सारा तारागण समेत माड़मुड़ हुनेछ।

**यशैया ३४:५-७:** रगतले मातिएको परमप्रभुको तरवार रोषको साथ एदोममाथि पर्नेछ, अँ, भेड़ाका पाठा, बोका र थुमारूपी साधारण जनतामाथि, साथै जङ्गली साँढ़े, जवान बहर र साँढ़ेरूपी भारदारहरू वा अगुवाहरूमाथि बराबर पर्नेछ।

**यशैया ३४:८:** यो त परमप्रभुको बदला लिने दिन हो।

' "प्रतिशोध" भन्ने शब्दमा ठूलो महत्त्व छ। किनकि यसको खास अर्थ 'जस्तैको त्यस्तै' भन्ने हाम्रो प्रयोगअनुसार लाग्दैन। किनकि जब परमेश्‍वर बदला लिनुहुन्छ, तब उहाँले न्यायकर्ताको रूपमा जुन न्यायको फैसला गर्नुभयो, त्यही न्यायसँगत फैसलाअनुसार उहाँ कसैलाई दण्ड दिनुहुन्छ'।

स्क्रिप्चर युनियनको दैनिक पाठबाट उद्धृत

**यशैया ३४:९-१७:** यस खण्डमा एदोमको अन्त वर्णन गरिन्छः त्यसको अन्त एउटा ननिभ्ने आगो हुनेछ, एउटा निर्जन उजाड़ता हुनेछ, जुन उजाड़ता अनौठा चराहरू र जङ्गली जनावरहरूले कब्जा गर्छन्। एदोम आकारविनाको र शून्य नभएसम्म **41)** परमेश्‍वर छोड्नुहुन्न। एदोम कुनै राज्य हुनेछैन, त्यसका राजा हुनेछैनन्, त्यसका 'शासक' भन्ने नामको योग्य शासकहरू हुनेछैनन्। यसका भग्नआवशेषहरू काँड़ाहरूले भरिएका हुनेछन्, र यो अनौठा पशु-प्राणीहरूको निम्ति शरणस्थान हुनेछ; (यी पशुप्राणीहरूका नामहरू कुनै हालतमा निश्‍चित गर्न सकिँदैनन्)। हरेक लोकोत्तर प्राणीको जोड़ी हुनेछ, र तिनीहरूका बच्चाहरू हुनेछन्; किनकि परमेश्‍वरले तिनीहरूलाई एदोमका भग्नावशेषहरू पुस्तौं-पुस्तासम्म अधिकारको भागको रूपमा दिनुभयो। यस अध्यायको १० र १७ पदमा 'सदा' भन्ने शब्दको अर्थ पुस्ता-पुस्तासम्म हो।

### ए) यशैया ३५: भावी राज्यको महिमा

**यशैया ३५:१-७:** विद्रोही राष्ट्रहरू नष्ट भइसकेपछि यहाँ, यस ठाउँमा हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको महिमित राज्यको परिचय दिइन्छ। त्यस सुनौलो युगका विशेषताहरूमा भूमिको उब्जाउ प्रशस्त हुनेछ, अनि प्रभु व्यक्तिगत रूपले उपस्थित हुनुहुनेछ, अँ, आफ्नो महिमा र सर्वश्रेष्ठताको साथमा उपस्थित हुनुहुनेछ। अनि पवित्र जनहरूको बीचमा 'बलिया होओ, नडराओ' भन्ने आत्मीय हौसलाहरू बाँड़चुँड़ गरिनेछन्। हरेक किसिमको अपाङ्गता हटाइनेछ; अनि मरुभूमिचाहिँ प्रशस्त सिँचाइ भएको खेतमा परिणत भएकोमा ठूलो रमाहट हुनेछ।

**यशैया ३५:८-१०:** बेबिलोनको निर्वासनबाट यरूशलेममा फर्कन मरुभूमिबाट भएर जाने सयौं माइलको बाटोचाहिँ पवित्रताको राजमार्ग बन्नेछ, जुन राजमार्गचाहिँ केवल परमेश्‍वरका उद्धारप्राप्त जनहरूको निम्ति हुनेछ। संसारभरि तितरबितर र छरपुस्त भएको हालतबाट इस्राएली जाति आफ्नो स्वदेशमा फर्केको हर्षित घटनाले त्यस आनन्द र हर्षको घटनाको पूर्वचित्रण गर्छ, जुन बेलामा प्रभु येशू फर्केर आउनुहुनेछ र ख्रीष्टविश्‍वासीहरू पिताको घरमा उठाएर लगिनेछन्।

प्रायः बाइबल-संस्करणहरूमा यशैयाका अनुच्छेदहरूका शुरु-शुरुमा संक्षिप्त शीर्षकहरू हालिएका हुन्छन्, जहाँ यस्तो लेखिएको पाइन्छः 'मण्डलीमाथि आउने आशिषहरू' र 'इस्राएलमाथि आउने श्रापहरू।' तर यस सम्बन्धमा हामीले याद गर्नुपर्छः वास्तवमा, प्रायः यी सबै भविष्यवाणीहरूको प्रत्यक्ष सन्दर्भ इस्राएली जाति नै हो, चाहे यी भविष्यवाणीहरूमा व्यक्त गरिएका कुराहरू आशिषहरू, चाहे श्रापहरू होऊन्। तर ख्रीष्टको मण्डलीचाहिँ केवल पछि प्रकट भएको हो, अथवा यी भविष्यवाणीहरूको प्रयोग कतै मण्डलीसित सम्बन्ध राख्ला। यस सिलसिलामा श्री एफ. सी. जेन्निङ्गसलाई धेरै इसाईहरूद्वारा इस्राएली जातिलाई अन्याय भएको लाग्छ; यसकारण

उनले यसो भनेर तिनीहरूलाई निम्न दोष लगाएका छन्ः

'पुरानो नियमका सबै प्रतिज्ञाहरू आफ्नो निम्ति दाबी गर्नेहरूमा हामीले सीधा दोष भेट्टाइहालेका छौं, किनकि तिनीहरूले असल कुराहरू सबै आफ्नो निम्ति लिन्छन् र केवल नकारात्मक कुराहरू विचारा यहूदी-हरूको निम्ति छिड़िदिन्छन्। तिनीहरूले यस व्यवहारमा ठूलो भूल गरेका छन्। हुन त तिनीहरूको यस तर्कमा केही हदसम्म सत्य त छ; किनकि परमेश्वरका जति प्रतिज्ञाहरू छन्, ती सबै प्रतिज्ञाहरू ख्रीष्ट येशूमा 'हो' हुन्छन् र 'आमेन' पनि हुन्छन् (२ कोरिन्थी १ः२०)। तब तिनीहरूको गल्ती केमा छ त? तिनीहरूको निम्न भनाइमा तिनीहरूको गल्ती छः परमेश्वर इस्राएली जातिसित कुनै कारवाही गर्नुहुन्न; यसकारण यी सान्त्वनादायक भविष्यवाणीहरू इस्राएली जातिसँग कुनै सरोकार राख्दैनन्, तर सरासर इसाईहरूमाथि मात्र लागू हुन्छन् अरे। परमेश्वरलाई धन्यवाद होस्! यी भविष्यवाणीहरूको आत्मिक अर्थ यसरी लागू गरिन्छ नै; तर अनुग्रहको नयाँ वाचाको आधारमा इस्राएली जाति यी भौतिक आशिषहरूमा सहभागी हुने नै छ; अनि यही अनुग्रहद्वारा यी आशिषहरू आत्मिक अर्थमा हाम्रा भए; यो सब ठिक्कै हो, तर यी प्रतिज्ञाहरू आत्मिक अर्थमा मात्र पूरा कहाँ हुन्छन् र! किनकि यी प्रतिज्ञाहरू सरासर इस्राएली जातिलाई र ख्रीष्ट येशूसँगको सम्बन्धमा यसैलाई दिइएका छन्। यसकारण याद रहोस्, कि यी प्रतिज्ञाहरू परमेश्वरको मण्डली प्रकट हुनुभन्दा धेरै अघि नै इस्राएली जातिलाई दिइएका हुन्'।[42]

# खण्ड २

# यशैया ३६-३९ः

## ऐतिहासिक अन्तरालः हिजकियाहको पुस्तक

छतीस अध्यायदेखि उनन्चालीस अध्यायको खण्ड कतिजनाले 'हिजकियाहको पुस्तक' भन्ने नाम दिएका छन्। अनि यो खण्डचाहिँ यशैयाको पुस्तकको ऐतिहासिक भाग हो। यशैया ३८ः९-२० पदहरू छोड़ेर यो ऐतिहासिक भाग २ राजा १८ः१३, १७-२०ः१९ पदहरूको खण्डसँग दुरुस्त मिल्छ।

### क) यशैया ३६-३७ः अश्शूरबाट राजा हिजकियाहले पाएको छुटकारा

#### अ) यशैया ३६ः अश्शूरले परमेश्वरलाई हाँकडाँक गरेको

**यशैया ३६ः१-३ः** छतीस अध्यायमा अश्शूरका राजाका रब्-शाके नाम गरेका उच्च अधिकारीको कुरा आयो। 'रब्-शाके' नामको अक्षरशः अर्थ 'मद्य टक्र्याउने हाकिम' हो। तर तिनले यहाँ, यस ठाउँमा राज्यपाल वा सेनापतिको भूमिका खेलेका हुनुपर्छ। जे होस्, यी रब्-शाकेले राजा हिजकियाहका तीन-जना प्रतिनिधिहरूलाई धोबीको जमिनको मूलबाटोमा, माथिल्लो तलाउको कुलाको छेउमा भेटे। अनि ठीक यही ठाउँमा राजा आहाज केही वर्षभन्दा अघि उभिएका थिए (यशैया ७ः३), जसले अराम र एप्रैमको संयुक्त गठबन्धनबाट बाँच्न परमप्रभुमाथि

होइन, तर यसको बदलीमा बरु अश्शूरमाथि भरोसा राख्दथिए ।

**यशैया ३६ः४-१०ः** अनि रब्-शाकेले तिनीहरूलाई चेताउनी दिएर के भने भने, मिस्र देशले गरेका प्रतिज्ञाहरूमाथि भरोसा गर्नु मूर्खता हो; किनभने त्यस नीच राज्यमाथि अड़ेस लागेर जसले भरोसा गर्छ, त्यसको चोट अवश्य लागिहाल्नेथियो । तिनीहरूले परमप्रभुमाथि भरोसा गर्ने दाबी गरे भने राजा हिजकियाहले परमप्रभुका उच्च स्थानहरू र वेदीहरू भत्काएको, हटाएको विषयमा केकसो भयो त ? यो त यिनीहरूको अज्ञानताको फल हुनुपरेको थियो, कि त जानीबुझी सरासर यिनीहरूको भूल हुनुपरेको थियो । किनकि खास गरी हिजकियाहले मूर्तिहरूका उच्च स्थानहरू पो हटाएका थिए र यरूशलेमको मन्दिरमा परमप्रभुको आराधना मजबुत पारेका थिए । रब्-शाकेले गिल्ला गरिरहे र तिनी-हरूलाई चुनौती दिएर भनेः 'सनहेरिबले दुई हजार घोड़ाहरू दान गरेमा यहूदाका राजाले पर्याप्त घोड़चढ़ीहरू उपलब्ध गराउन सक्ने-थिएनन्' अरे । यहूदाको जनसङ्ख्या यति थोरै भएको हुनाले तिनीहरूले अश्शूरीहरूलाई जित्ने आशा कसरी गर्न सके त ? अँ, तिनीहरूले मिस्र देशको सहायताले पनि उनीहरूलाई जित्नै सक्दैनथिए । अन्तमा तिनले बिनसित्ति के दाबी गरे भने, परमप्रभुले अश्शूरीहरूलाई 'यहूदालाई नाश गर' भन्ने आज्ञा दिनुभयो रे ।

**यशैया ३६ः११-२०ः** हिजकियाहका प्रतिनिधिहरूलाई के डर लागेको थियो भने, रब्-शाकेको अपमानजनक हाँक र डीङले अनि हिब्रू भाषामा गरेका तिनका धम्कीहरूले अवश्य यहूदाका मानिसहरूको मनोबल नराम्रो असर गर्लान् । यसकारण तिनीहरूले तिनलाई 'आरामी भाषामा बोल्नुहोस्' भन्ने आग्रह गरे । तर तिनले यसो गर्न सरासर इन्कार गरे; यति मात्र होइन, तर तिनले ठूलो सोरमा आफ्नो निन्दा भाषण अगाड़ि बढ़ाए र 'हिजकियाहले तिमीहरूलाई धोका दिन्छन् र झूटो सुरक्षामाथि आशा राख्न लाउँछन्' भन्ने आरोप लगाइहाले । तिनले यहूदाका मानिसहरूलाई भनेः 'तिमी-हरूले मकहाँ आत्मसमर्पण गर्‍यौ भने म तिमीहरूलाई प्रशस्त खानेकुरा दिन्छु र पछि योजस्तै धेरै उब्जनी दिने देशमा लानेछु ।' त्यसपछि तिनले कब्जा गरेका शहरहरूको सूचि दिए; अनि सामरिया पनि तीमध्ये एउटा थियो । यी देशहरूका देवताहरूले यिनीहरूलाई अश्शूरी सेनाको हातबाट बचाउन सकेनन्, तब यरूशलेमको निम्ति उम्कने सम्भावना के पो थियो ? यसकारण यी अहङ्कारी रब्-शाकेको विचारमा परमेश्वरका जनहरूको निम्ति केवल एउटा उपाय थियोः तिनीहरूले ढीलो नगरी आत्मसमर्पण गर्नुपरेको थियो ।

**यशैया ३६ः२१-२२ः** हिजकियाहका मानिसहरूले तिनलाई जवाफै दिएनन्; किनकि तिनीहरूको निम्ति राजा हिजकियाहको आज्ञा यही थियो । तर तिनीहरू गए र तिनीहरूले राजा हिजकियाहलाई रब्-शाकेले तिनीहरूलाई भनेका वचनहरू सुनाए ।

### आ) यशैया ३७ः परमेश्वरले अश्शूरलाई नाश गर्नुभएको

**यशैया ३७ः१-४ः** जब राजा हिजकियाहले रब्-शाकेले भनेका कुराहरू सुने, तब उनी उदास भए । पहिले उनी मन्दिरमा गए; त्यसपछि उनले 'छोराछोरीहरू जन्मन लागेका छन्, तर जन्माउने शक्ति नै छैन' भनेर यशैयाकहाँ प्रतिनिधिहरूको टोली पठाए । यस उक्त वाक्यको विषयमा श्री जे. ए. अलेक्जाण्डरले हामीलाई के याद दिलाए भने,

> 'यो वाक्य एउटा रूपक हो, जसले ज्यादा पीड़ा, निकट खतरा, गम्भीर आपद्काल, प्रशस्त कमजोरी, र अरूहरूको सहायतामाथि पूरा निर्भर भएको भावना व्यक्त गर्छ ।' **43)**

हिजकियाहको विश्वासभन्दा उनको डर ठूलो भएको रहेछ; किनभने उनले

परमप्रभुलाई विन्ती गर्न सकेनन्, तर उहाँलाई एउटा कमजोर सुझाउ पो दिएः रब्-शाकेले बोलेका गिल्लाका वचनहरू परमप्रभुले सुन्नुभएको होला, अनि उहाँले तिनलाई यसको निम्ति हप्काउनुहोला।

**यशैया ३७:५-७ः** तब परमप्रभुले यशैयाद्वारा राजा हिजकियाहलाई आश्वासन दिनुभयोः उनी अश्शूरका राजासँग डराउनुपर्ने कुनै खास कारण थिएन। किनकि परमप्रभुले सनहेरिबकहाँ एउटा आत्मा वा डरको आभास पठाइदिनुहुनेथियो; यसले गर्दा एउटा अफवाह सुनेर तिनी आफ्नो देशमा फर्कनेथिए र त्यहाँ मारिनेथिए।

**यशैया ३७:८-१३ः** तब रब्-शाकेले यरूशलेम छोड़े, र यिनी सनहेरिबकहाँ गए; अनि यिनले थाहा पाए, कि सनहेरिबले आफ्नो लड़ाइँको क्रम बदली गरे र तिनी लाकीशबाट उत्तरपश्चिम, दस माइल टाढ़ामा अवस्थित भएको लिब्नामा पो पुगेथिए। तर सेनाको अर्को विभागले निस्सन्देह यरूशलेमलाई घेरा हालिरहेको हुनुपर्छ। त्यसपछि सनहेरिबले मिस्र देशका एथियोपियाली शासक तिर्हाकाचाहिँ तिनलाई आक्रमण गर्न निस्केको हल्ला सुने, तब निराश भएका सनहेरिबले हिजकियाहकहाँ सन्देशवाहकहरू र एउटा निन्दात्मक चिट्ठी पठाए, जुन चिट्ठीमा रब्-शाकेले मुखले बोलेका भर्त्सनाजस्तै उस्तै शब्दहरू लेखिएका थिए। किनकि सनहेरिबले परमप्रभुमाथि राखिएको भरोसा मूर्खता सम्झे, र अश्शूरका राजाहरूले निकट इतिहासमा कुन-कुन विजय हासिल गरेका थिए, ती विजयहरू बयान गरे।

**यशैया ३७:१४-२०ः** हिजकियाहले यो चिट्ठी मन्दिरमा लगे र परमप्रभुको सामु फैलाए। यसमा उनको व्यावहारिक बुद्धि थियो। त्यसपछि उनले एउटा छोटो, तर हृदयस्पर्षी प्रार्थना चढ़ाए; यसमा राजाको ठूलो विश्वास देखिन्छ। किनकि उनले परमेश्वरलाई विन्ती गरे, कि उहाँले यहूदालाई अश्शूरका राजाबाट यस हेतुले बचाऊन्, कि उहाँ मात्र परमप्रभु हुनुहुन्छ भन्ने कुरा पृथ्वीका सबै राज्यहरूले जानून्।

**यशैया ३७:२१-२९ः** परमप्रभुले यशैयाद्वारा हिजकियाहलाई एउटा कविताको रूपमा जवाफ दिनुभयो। यस कवितामा सनहेरिबले हार खाएका हुनाले यरूशलेमले तिनको गिल्ला गरेको पहिलो चित्रण छ। यरूशलेमले यहाँ एउटी कन्याको रूप लिएको छ। त्यसपछि परमप्रभुले अश्शूरका राजालाई आलोचना गर्नुभयो; किनकि तिनले उहाँलाई गिल्ला गरेका थिए; अनि तिनले यहूदा र मिस्र देश जितिसकेको जत्तिकै घमण्ड गरेका थिए। परमेश्वरले सनहेरिबलाई के भन्नुभयो भने, तिनी त परमप्रभुको हातमा एउटा यन्त्र मात्र हुन्, तिनले केवल त्यही काम पूरा गरे, जुन काम उहाँले धेरै अघि योजना गर्नुभएको थियो। परमप्रभुले ती दुष्ट राजाको विषयमा सबै कुराहरू जान्नुहुन्थ्यो; अनि तिनको नाकमा एउटा अङ्कुसे लगाईकन उहाँले तिनलाई एउटा पशुझैं अश्शूरमा पुर्‍याउनुहुनेथियो।

**यशैया ३७:३०-३२ः** त्यसपछि हिजकियाहपट्टि फर्केर परमप्रभुले उनलाई आश्वासन दिनुभयोः अश्शूरको आक्रमणले गर्दा यो वर्ष र आउँदो वर्ष खानेकुरा ठिक्क, पुग-नपुग हुनेथियो; तर तेस्रो वर्षमा अन्नबालीको उपज पहिले जस्तै हुनेथियो। घेराबन्दीको डरले यरूशलेममा शरण लिएका मानिसहरू निस्कनेथिए र फेरि एउटा सामान्य जीवन जिउनेथिए। आफ्ना जनहरूप्रति परमप्रभुको जोश यसको सुनिश्चित बैना बस्नेथियो।

**यशैया ३७:३३-३५ः** अनि परमप्रभुले हिजकियाहलाई निश्चयता दिलाउनुभयो, कि अश्शूरका राजाले यरूशलेममा प्रवेश गर्नेथिएनन्, अनि आक्रमण गर्न तिनी यसको नजिक धरि आउनेथिएनन्। परमेश्वरले यस शहरको रक्षा गरिदिनुहुनेथियो; अनि जुन

बाटोबाट भएर ती आक्रमणकारी राजा आएका थिए, त्यही बाटोबाट भएर उहाँले तिनलाई फर्काइदिनुहुनेथियो ।

**यशैया ३७ः३६ः** अनि ठीक यस्तै हुन आयोः परमप्रभुका दूतले राति एक लाख पचासी हजार अश्शूरी सिपाहीहरूलाई मारे ।

**यशैया ३७ः३७-३८ः** तब अश्शूरका राजा सनहेरिब नीनवेमा फर्के; अनि नभन्दै तिनका छोराहरू अद्रम-मेलेक र शरेसेरले मूर्तिको मन्दिरमा तिनको हत्या गरे ।

### ख) यशैया ३८ः हिजकियाह बिरामी भएको र चङ्गाइ पाएको

**यशैया ३८ः१-८ः** कालक्रमअनुसार अठतीस अधयाय सैंतीस अध्यायको पछि आउँदैन रहेछ; किनभने यसको छ पदमा हिजकियाहलाई अश्शूरको हातबाट छुटकारा दिने प्रतिज्ञा गरिएको छ; तर अघिल्लो अध्यायको अन्तमा त्यो खतरा समाप्त भइसक्यो ।

जब हिजकियाह सिकिस्त बिरामी भए, तब उनले 'मेरो आयु बढ़ाउनुहोस्' भनेर आग्रह-पूर्वक प्रार्थना गरे, र उनका पिता दाऊदका परमेश्वरले उनको उमेरमा पन्ध्र वर्ष थप्नुभयो । अनि उनी निको हुनेछन्, र सनहेरिब यरूशलेमबाट हट्नेछन्, यसको सम्बन्धमा परमेश्वरले उनलाई चिन्हको रूपमा 'आहाजको धूपघड़ीमा छाया दस डिग्री पछाड़ि सारिदिन्छु' भन्ने प्रतिज्ञा गर्नुभयो । आठ पदको अनुवाद गाह्रो छ, किनकि हिब्रूमा यो पद अस्पष्ट छ; तर के सम्भव देखिन्छ भने, आहाजले खाँबारूपी समय बताउने यन्त्र बनाएका थिए; त्यो धूपघड़ी पाइलाहरूसहित बनेको थियो; अनि हिजकियाहले हेर्दा-हेर्दै परमेश्वरले एउटा अचम्मको काम गर्नुभयो र त्यस धूपघड़ीको छाया दस डिग्री फर्काइ-दिनुभयो ।

**यशैया ३८ः९-१५ः** हिजकियाहले आफ्नो स्वास्थ्यलाभको उत्सव मनाउन एउटा कविता वा भजन लेखे । अनि यो भजनचाहिँ यस ऐतिहासिक खण्डको अद्वितीय भाग हो । राजाहरूको दोस्रो पुस्तकमा यसको अनुरूप-लेख छैन । यो लेख यसरी शुरु भयोः जब उनलाई 'तिमी आफ्नो जवानीमा नै मर्नेछौ' भन्ने खबर सुनाइयो, तब उनी धेरै उदास भए । किनकि अबदेखि उसो उनले याहलाई अर्थात् परमप्रभुलाई फेरि देख्नेथिएनन्; यसर्थ उनले परमप्रभुको भलाइ अनुभव गर्नेथिएनन्, र उनी अरू बाँकी मानिसहरूको सङ्गतबाट वञ्चित हुनेथिए । उनको जीवनको अन्त केकस्तो हुनेथियो ? एउटा गोठालाको पाल खोलखाल गरिएझैं अथवा तयार भएको कपड़ा तानबाट काटिएझैं समाप्त हुनेथियो । उनले आफ्नो लेखमा आफ्नो उजाड़िएको अवस्था, आफ्नो तीतोपना, आफ्नो आग्रह र आफ्नो सहाराहीन अवस्था व्यक्त गरे, किनकि परमेश्वरको प्रहार उनीमाथि परेको थियो ।

**यशैया ३८ः१६-२०ः** तर सोह्र पदमा आएर उनको लेखमा एउटा सुस्पष्ट परिवर्तन र मोड़ आएको देखिन्छ । किनकि हिजकियाहले यहाँ स्वीकार गरेः मानिसहरू यी कष्टहरूद्वारा पो बाँच्दा रहेछन्; अनि यी कष्टहरूले मानिसको चरित्रमाथि लाभदायक प्रभाव पार्दा रहेछन् । अब परमेश्वरले उनलाई मृत्युदेखि बचाउनुभयो । अनि योचाहिँ राजा हिजकियाहको निम्ति परमप्रभुले उनका पापहरू क्षमा गर्नुभएको सुस्पष्ट सङ्केत थियो । अनि अठार पदमा अधोलोकमा परेका मृतकहरूको विषयमा पुरानो नियमको समयमा जिएका पवित्र जनहरूको सर्वमान्य धारणा व्यक्त गरिएको छ, जुन धारणा धमिलो थियो । अब उनी बाँचिरहे; यसैले उनले परमप्रभुलाई धन्यवाद चढ़ाउन सके र आफ्ना छोराछोरी-हरूलाई परमेश्वरको विश्वासयोग्यताको

विषयमा बताउन सके। अनि उनले आफ्नो बाँकी जीवनभरि परमप्रभुको प्रशंसा गर्ने अठोट गरे।

**यशैया ३८ः२१-२२ः** यी दुईवटा पदहरू कालक्रमअनुसार छ र सात पदको बीचमा हाले कुरा खूब मिल्छ। यी पदहरू त्यहाँ राख्नुपर्छ भन्ने विषयमा श्री विलियम केलीले आफ्नो विचार व्यक्त गरेर यसरी लेखेका छन्ः

> 'परमेश्वरका जनहरूको कमजोरी जस्तोसुकै किन नहोस्, उहाँले तिनीहरूमा चासो लिइराख्नुहुन्छ नै, र निको पार्नको निम्ति आफूले प्रयोग गर्नुभएको साधन के हो र यो चिन्ह किन दिइयो, सो स्पष्टसँग बताउनुहुन्छ।' 45)

अनि श्री म्याथ्यू हेनरीले यस खण्डबाट निको पार्ने सम्बन्धमा दुईवटा असल पाठहरू सिकेका छन्ः

> '**क)** परमेश्वरका प्रतिज्ञाहरू निको हुनको निम्ति प्रयोग गर्नुपर्ने साधनहरूको ठाउँ लिँदैनन्, तर यी साधन प्रयोग गर्ने प्रेरणा र प्रोत्साहन पो दिँदा रहेछन्। हिजकियाह निको हुने कुरामा सुनिश्चित थियो, तैपनि उनले नेभाराको एउटा बेड़ा लिएर त्यो पिलोमाथि मलहमको रूपमा लगाउनुपरेको थियो (पद २१)। यसकारण बुझ्नुहोस्ः हामी परमेश्वरलाई उहाँबाट सहायता पाऔं भन्ने हेतुले पुकार्छौं, तर हाम्रा प्रार्थना-हरूको साथमा निको हुन कुनै कोशिश गर्दैनौं भने, हामीले परमेश्वरमाथि भरोसा गरेका हुँदैनौं, तर बरु उहाँको परीक्षा पो गरेका हुन्छौं। **ख)** जीवन-दान र स्वास्थ्य पाउने हाम्रो चाहनामा हामीले एउटा मुख्य उद्देश्य राख्नुपर्छः हामीले यसमा परमेश्वरको महिमा गर्ने, सुकर्म गर्ने, ज्ञान र अनुग्रहमा बढ्ने र स्वर्गको निम्ति बढ़ी योग्य हुने लक्ष्य राख्नुपर्छ'। 46)

### ग) यशैया ३९ः हिजकियाहको पाप

**यशैया ३९ः१-७ः** उनन्चालीस अध्यायमा हिजकियाहले गरेको उनको ठूलो भूल बयान गरिएको छ; किनभने उनले बेबिलोनका राजाबाट आएको प्रतिनिधि मण्डललाई आफ्नो सारा सम्पत्ति देखाइदिए, जुन प्रतिनिधि मण्डल प्रतीत रूपले उनलाई निको भएको खण्डमा उहाँलाई बधाई दिन आयो। हुन सक्छ, अश्शूरबाट आइरहेको खतराको सम्बन्धमा बेबिलोनीहरूले यहूदालाई सहायता गर्लान् भन्ने आशा हिजकियाहले गरे होलान्। तर जब यशैयाले राजदरबारमा के भइरहेको थियो, सो कुरा सुने, तब तिनले परमेश्वरको भावी न्यायको घोषणा गरेः बेबिलोनीहरूले यहूदालाई कैद गरेर निर्वासनमा लैजानेथिए। अनि राजाका छोराहरू बेबिलोनको दरबारमा नपुंसक हुनेथिए। यो भविष्यवाणी यी भावी घटनाहरू हुन आउनुभन्दा सत्तरी वर्षअघि गरिएको थियो – एउटा समयमा, जब यहूदाको निम्ति बेबिलोनबाट होइन, तर अश्शूरबाट पो ठूलो खतरा आइरहेको थियो।

**यशैया ३९ः८ः** 'तपाईंले भन्नुभएको परमेश्वरको वचन असल हो!' यो हिजकियाहको प्रतिक्रिया थियो। यस प्रतिक्रियाबाट उनको समर्पण देखिन्थ्यो; अनि यस दिव्य जानकारीबाट उनलाई मिलेको राहत ठूलो थियो; किनकि उनी व्यक्तिगत रूपमा यस विपत्तिमा पर्नेथिएनन्; उनी यति लामो समय-सम्म बाँच्नेथिएनन्।

# खण्ड ३

# यशैया ४०-६६ः

## भावी निर्वासनको दृष्टिकोणबाट हेरेर पाएको सान्त्वनाका भविष्यवाणीहरू

यशैयाको पुस्तकका अघिल्ला उन्चालीस अध्यायहरू पुरानो नियमका पुस्तकहरूसँग

दाँजेर समतुल्य गर्न सकिन्छन् भने, निश्चय आउँदा सताइस अध्यायहरू नयाँ नियमका पुस्तकहरूसँग दाँज्न सकिन्छन्; किनकि यी अध्यायहरू येशू मसीहका चित्रहरूले भरिएका हुन्छन्।

यशैयाको पुस्तकको यस दोस्रो खण्डमा अर्थात् यशैया ४०-६६ अध्यायहरूमा भविष्यवक्ता यशैयाले आफ्नो दृष्टि यहूदा बेबिलोनको निर्वासनबाट फर्केर आउने समयमाथि, साथै ख्रीष्ट येशूको दोस्रो आगमनमा सम्पूर्ण राष्ट्रको भावी पुनर्स्थापना हुने समयमाथि लगाइरहेका हुन्छन्।

### क) यशैया ४०-४८ः इस्राएलको भावी छुटकाराबाट आउने सान्त्वना

#### अ) यशैया ४०ः१-११ः परमेश्वरले दिनुभएको पाप-क्षमा र शान्तिबाट आउने सान्त्वना

**यशैया ४०ः१-२ः** यस अध्यायको शुरुमा कैदबाट फर्केर आएका यहूदीहरूको निम्ति सान्त्वनाको सन्देश पेश गरिएको छ। किनभने यरूशलेमका समस्याहरू समाप्त भएका छन्, त्यसको अधर्म क्षमा भएको छ; *'किनकि त्यसले आफ्ना सबै पापहरूको निम्ति परमप्रभुबाट दोबर पाएको छ।'* दोबर पाउनु भनेको पूरा र उपयुक्त नापले पाउनु हो। अनि ख्रीष्ट येशूको दोस्रो आगमनमा त्यसको सान्त्वना चरमसीमामा पुग्नेछ, र पूर्ण हुनेछ। तर अन्तराल समयमा यस वृद्ध पृथ्वीलाई र ख्रीष्टको मण्डलीलाई पनि सान्त्वनाको खाँचो पर्छ। अनि परमेश्वरका जनहरूलाई सान्त्वना दिन हामीमध्ये हरेकले आ-आफ्नो भाग पूरा गर्न सक्छ।

> 'मलाई सान्त्वना दिने दक्षता र क्षमता दिनुहोस्' भनेर परमेश्वरलाई विन्ती गर! किन ?किनकि तिमी सहानुभूतिको जीवनको निम्ति पवित्र पारिएका र अलग पारिएका हुनुपर्छ। किनभने हरेक हृदय भारी बिरामीले थिचिरहेको छ, अनि ख्रीष्ट येशूले जस्तै सान्त्वना दिन सक्ने सक्षम शान्तिदाताहरूको धेरैआवश्यकता पर्छ।
>
> श्री ए. ई. ह्यामिल्टन

**यशैया ४०ः३-५ः** अनि *'परमप्रभुको मार्ग तयार पार'* भन्ने आह्वान सुनिन्छ। ख्रीष्ट येशूको पहिलो आगमनमा बप्तिस्मा दिने यूहन्नाले अग्रदूतको भूमिका निभाए (मत्ती ३ः३); अनि उहाँको दोस्रो आगमनमा एलियाले यही भूमिका पूरा गर्नेछन् (मलाकी ४ः५-६)। उहाँको आगमनको निम्ति हाम्रो तयारी नैतिक र आत्मिक हुनुपर्छ; यो कुरा कुनै स्थानको भौगोलिक स्थितिसित सम्बन्धित होइन। यस सिलसिलामा श्री जी. क्याम्पबेल मोर्गनले निम्न कुरा लेखेका छन्ः

> 'मानिसहरूको बीचमा यी व्यक्तिहरू विश्वासयोग्य ठहरिन्छन्, जसले उहाँको मार्ग तयार गर्छन् र उहाँको राजमार्ग सीधा पार्छन्। कसरी ? तिनीहरूले उहाँप्रति आफ्नो पूर्ण स्वामीभक्तिदेखाउँछन्, र तिनीहरू केवल उहाँमाथि भर पर्छन्।'[47]

*'हेरक पहाड़ र डाँड़ा होच्याइनेछ।'* पहाड़ र डाँड़ाहरूले मानिसहरूको बीचमा तिनीहरूलाई सङ्केत गर्छन्, जो घमण्डी र अहङ्कारी हुन्छन्। अनि घाटीहरूले तल्लो स्तरका मानिसहरूलाई चित्रण गर्छन्। अनि हाम्रो चरित्रमा सबै टेढ़ामेढ़ा र खाल्टाखुल्टी भएका कुराहरू सीधा र समतल पार्नुपर्छ। तब *'परमप्रभुको महिमा प्रकट हुनेछ र सबै प्राणीहरूले त्यो एकसाथ देख्नेछन्।'* परमप्रभुको महिमा देखा पर्नु भनेको उहाँ स्वयम् देखा पर्नु हो (प्रकाश १ः७ हेर्नुहोस्)।

**यशैया ४०ः६-८ः** परमप्रभुले भविष्य-वक्तालाई 'कराएर भन्' भन्ने आदेश दिनुभयो। तिनले मानिसहरूलाई कराएर के भन्नु थियो ? मानिसहरू कति क्षणिक छन्, तर उहाँको वचन कति चिरस्थायी हुन्छ! तिनीहरूले यो जान्नु

थियो । यी पदहरूको सन्दर्भ सबै मानिसहरूको क्षणिकता हो; तर हुन सक्छ, यी पदहरूको विशेष सन्दर्भचाहिँ इस्राएली जातिमाथि अधिकार जमाउनेहरू थिए होलान् ।

*'तर हाम्रा परमेश्वरको वचन सदा-सर्वदा रहिरहन्छ ।'* कति इसाई विद्यापीठहरू छन्, जसले यो वाक्य आफ्नो आदर्श वाक्य तुल्याएका छन्, जसले यो वाक्य लेटिन भाषामा प्रयोग गर्छन्, जस्तैः Verbum Dei manet in aeternam । यस विषयमा श्री विलियम केलीले यसरी लेखेका छन्ः

> 'अन्तका दिनहरू नजिक, झन् नजिक आउँदा हामीलाई परमेश्वरको वचनमाथि आश्रय राख्न सक्न ठूलो सरलचित्तता चाहिन्छ । अनि हामीजस्तै मानिसहरूको निम्ति यसो गर्न विभिन्न समस्याहरू होलान्, किनकि अनन्तताको सम्बन्धमा परमेश्वरको वचन एउटा निक्कै कमजोर कुरा देखिन्छ; तब यसमाथि हामी विश्वास कसरी गरौं ? तरवास्तवमा परमेश्वरको वचन स्वर्ग र पृथ्वीभन्दा बढ़ी दृढ़ र स्थिर हुन्छ'।[48]

**यशैया ४०ः९-११ः** *'हे शुभ समाचार ल्याउने सियोन, अग्लो पहाड़माथि चढ़ !'* मसीहको आगमनको शुभ समाचार ल्याउने सन्देशवाहक कि त सियोन आफै हो, कि त कुनै महिला प्रचारिकाले सियोनलाई शुभ समाचार सुनाउँछे; किनकि हिब्रूमा यस ठाउँमा 'चढ़' भन्ने आज्ञार्थक क्रियापद स्त्रीलिङ्गमा छ । अनि दस र एघार पदहरूमा परमेश्वरको कठोरता र उहाँको कृपा देखिन्छ। यता उहाँलाई स्वीकार गर्न नचाहने मानिसहरूप्रति उहाँ कठोर व्यवहार गर्नुहुन्छ; तर उता उहाँ आफ्नो बगाल र आफ्ना पाठाहरूप्रति कोमल र कृपावान् हुनुहुन्छ, जुन बगाल र जुन पाठाहरू अन्यजातिहरूको बीचमा तितरबितर भएका थिए। यी पदहरूमा उहाँको आगमनको सुन्दर चित्रण पाइन्छ; किनकि उहाँ ठूलो शक्ति र ठूलो महिमाको साथ आउनुहुनेछ ।

### आ) यशैया ४०ः१२-३१ः परमेश्वरका सद्गुणहरूबाट आउने सान्त्वना

**यशैया ४०ः१२ः** यस पददेखि त्यो सुपरिचित खण्ड शुरु हुन्छ, जसमा परमेश्वरको महानता मूर्तिहरूको पूरापूर व्यर्थतासित तुलना गरिएको छ। किनकि परमप्रभुले आफ्नो हातको हत्केलामा समुद्रको पानी तौलनुभएको छ र आकाशको लमाइ-चौड़ाइ बित्ताले नाप्नुभएको छ। एक बित्ता भन्नाले बूढ़ी औंलाको टुप्पादेखि कान्छी औंलाको टुप्पा-सम्मको नाप हो । उहाँले पृथ्वीको धूला एउटा पाथीमा हाल्नुभएको छ; (यसको निम्ति उहाँ एउटा लगभग आठ सेर अटाउने भाँड़ा प्रयोग गर्नुहुन्छ) ।

**यशैया ४०ः१३-१४ः** कसैले पनि कहिल्यै परमप्रभुको आत्मालाई निर्देशन दिएको छैन । सारा सृष्टिको उत्पत्ति र उहाँको सञ्चालनमा कुरा यस्तो छः उहाँले आफ्ना सबै कामहरू सधैं कसैको सहायताविना पूरा गर्नुभयो, पूरा गर्नुहुन्छ र पूरा गर्नुहुनेछ ।

**यशैया ४०ः१५-१७ः** उहाँको दृष्टिमा जातिहरू बाल्टीको पानीको एक थोपाजत्तिकै हुन्छन् । अनि उहाँको निम्ति लेबानोनका वन-जङ्गलहरू पर्याप्त डाउरा पनि हुँदैनन्, न ता त्यसका सबै पशुहरू होमबलिको निम्ति पर्याप्त हुन्छन् ।

**यशैया ४०ः१८-२६ः** यसकारण मानिसले बनाउन सक्ने कुनचाहिँ मूर्ति होला, जसले यति महान् परमेश्वरको तादृश चित्रण गर्न सक्ला ? धनी मानिसले सुनचाँदीजस्तै बहुमूल्य धातु लिएर आफ्नो मूर्ति रच्छ भने, गरिब मानिसले काठ लिएर आफ्नो मूर्ति बनाउँछ। तर यो कति हाँसउठ्दो कुरा हो ! के ती मानिसहरूले परमप्रभु र उहाँको शक्तिको महानताको विषयमा केही पनि जानेका छैनन् ? अथवा के तिनीहरूले उहाँको विषयमा सुनेका

छैनन्, कि के हो ? ताराहरू सृजना गर्नुहुने सृष्टिकर्ता परमेश्वरको महानता कुन प्रतिरूपले उचित प्रकारले प्रकट गर्न सक्ला ? किनकि जब उहाँ राति ताराहरूलाई 'देखा पर' भन्ने आदेश दिनुहुन्छ, तब एउटै पनि हाजिर नभई छोड़िँदैन ।

**यशैया ४०ः२७-३१ः** यहूदाका मानिसहरूमध्ये निरुत्साहित कोही होलान्, जसले 'के परमेश्वर अझै पनि हाम्रो ख्याल राख्नुहुन्छ कि' भन्ने कुराको विषयमा शङ्का गर्छन् । यस्ताहरूले बुझून् कि परमप्रभुको बाटो हेर्नेहरू नयाँ बल पाउँदै जानेछन्; यो सुनिश्चित छ । उहाँ जसको हातमा ताराहरूको विशुद्ध, भूलरहित नियन्त्रण रहिरहेको छ, के उहाँले आफ्ना जनहरूको वास्ता ती ताराहरूको भन्दा कम गर्नुहोला त ? यो असम्भव नै छ । यस्तो गलत विचार बिलकुल असङ्गत छ ।

### इ) यशैया ४१ः इस्राएलका पवित्र जनबाट आउने सान्त्वमा

**यशैया ४१ः१ः** परमेश्वरले राष्ट्रहरूलाई उहाँसँग बहस गर्न बोलाउनुहुन्छ । तिनीहरूले हिम्मत बाँधेर नयाँ बल धारण गरून्, अँ, तिनीहरूले आफ्ना सबैभन्दा बलिया तर्कहरू पेश गरून् ।

**यशैया ४१ः२-४ः** परमप्रभु आफूले पहिले कोरेसलाई कसरी बोलाउनुभएको हो, सो बयान गर्नुहुन्छ; यिनी पूर्वबाट आउने ती धर्मी जन हुन् । यी पदहरूका क्रियापदहरू भूतकालमा छन्; भावी दिनहरूमा पूरा हुने कुरा सुनिश्चित छ; यसको अर्थ यही हो । यहाँ हामीलाई भन्न कर लाग्छ, कि कति टिप्पणीकारहरू छन्, जसले दुई र तीन पदको सन्दर्भ अब्राहामको बोलावट हो भन्ने धारणा अपनाएका छन् । तर यहाँ यी पदहरूमा जुन मानिसका सैन्य विजयहरू वर्णन गरिएका छन्, ती विजयहरूले अवश्य अब्राहामले हासिल गरेका उपलब्धिहरू ओझेलमा पार्छन् । यसकारण यी मानिस कोरेस फारसका राजा हुन् । किनकि इतिहासको वृत्तान्त यिनका अटुट विजयहरूको निम्ति साक्षी बस्छ । यिनको सैन्य बलको सामु जुनै पनि प्रतिरोध धूलो र नालका ठुटाहरूजस्तै कमजोर भयो । यिनी हतार-हतार आफ्नो निम्ति नौला भएका ठाउँहरूतिर अघि बढ्छन् । कसले कोरेसलाई उठाउनुभयो ? अँ, कसले एक पुस्तापछि अर्को पुस्तालाई बोलाउनुहुन्छ ? उहाँ परमप्रभु हुनुहुन्छ, जो प्रथम हुनुहुन्छ र जो पछिल्लाहरूसित अर्थात् अन्तिम पुस्तासँग पनि हुनुहुन्छ । उहाँ अझै पनि उही हुनुहुन्छ ।

**यशैया ४१ः५-७ः** राष्ट्रहरू डराइरहेका छन्; किनभने तिनीहरूले विजेता नजिक-नजिक आइरहेका सुनेका छन् । मानिसहरूले 'डराउनुपर्ने कुनै कारण छैन' भनेर एक-अर्कालाई प्रोत्साहन दिने प्रयास गर्छन् । त्यसपछि तिनीहरूले हतारसँग एउटा मूर्ति बनाउँछन्; त्यसले तिनीहरूलाई विनाशबाट बचाओस् भनेर; तर बिचरा, त्यो मूर्ति नडगमगाओस् भन्ने हेतुले कीलाहरू ठोकेर त्यसलाई आफ्नो जग्गामा स्थिर पार्नुपर्दो रहेछ !

**यशैया ४१ः८-१०ः** आठ पददेखि बीस पदसम्मको खण्डमा आफ्ना जनहरूको निम्ति परमेश्वरको प्रेम र वास्ता कतिको छ, सो वर्णन गरिएको छ । यहाँबाट निम्न निहित प्रश्न उठेको छः 'मूर्तिहरूले कहाँ र कहिले यति कोमलतापूर्वक तिम्रो वास्ता गरेका छन् ?' परमेश्वरले तिनीहरू अब्राहामको वंशलाई कल्दीहरूको ऊरबाट उहाँको सेवक हुन बोलाउनुभयो । यशैयाको पुस्तकको निम्न पदमा, जुनचाहिँ यसका सबैभन्दा सुन्दर र प्रिय पदहरूमध्ये एक हो, उहाँको उपस्थिति तिनीहरूको हुने भयो, अनि उहाँसँग तिनीहरूको सम्बन्ध रहेको छ, अनि तिनीहरूको निम्ति उहाँको सहायता र उहाँको सम्हाल्ने शक्ति सुनिश्चित छ ।

*'नडराऊ, किनकि म तिम्रो साथमा छु; जिल्ल नपर, किनकि म तिम्रा परमेश्‍वर हुँ; म तिमीलाई बलियो पार्नेछु, अँ, म तिमीलाई सहायता गर्नेछु; अँ, म आफ्नो धार्मिकताको दाहिने हातले तिमीलाई सम्हाल्नेछु।'*

**यशैया ४१ः११-१६ः** तर तिनीहरूका शत्रुहरू नाश हुनेछन् र लुप्त हुनेछन्। परमेश्‍वर तिनीहरूको सहायक र उद्धारक हुनुहुन्छ। अनि परमप्रभुले इस्राएली जातिलाई जातिहरूको विरुद्धमा आफ्नो झाँट्ने हतियारको रूपमा प्रयोग गर्नुहुनेछ, अनि इस्राएली जाति केवल परमप्रभुमा रमाउनेछ।

**यशैया ४१ः१७-२०ः** अनि परमप्रभुले गरिब र दरिद्रहरूलाई हेरचाह गर्नुहुनेछ। ख्रीष्ट येशूको हजार वर्षको राज्यको समयमा पृथ्वीमा प्रशस्त पानी हुनेछ, अनि उजाड़स्थानमा विभिन्न किसिमका रूखहरू फस्टाउनेछन्। यसबाट सबैले निम्न पाठ सिक्नेछन्ः परमप्रभुले साँच्चै आफ्ना जनहरूको वास्ता गर्नुहुँदो रहेछ।

**यशैया ४१ः२१-२४ः** अनि एकाइस पदमा परमेश्‍वर राष्ट्रहरूसँगको आफ्नो विवादमा फर्कनुहुन्छ (पद १)। उहाँले तिनीहरूलाई यसो भन्दै चुनौती दिनुहुन्छः 'तिमीहरू यस्ता मूर्तिहरू उत्पादन गर, जसले आउन लागेका कुराहरूको विषयमा भविष्यवाणी गर्न सक्छन् अथवा नभए जसले कम्तीमा भइरहेका कुरा-हरूको अर्थ बताइदिन सक्छन्।' तिनीहरूले भविष्यवाणी गरून्, अथवा तिनीहरूले कि त कुनै असल काम, कि त कुनै खराब काम गरून्! तिनीहरूले केही न केही काम गर्न सक्छन् भन्ने कुरा देखाइदिऊन्। तर तिनीहरूले केही पनि गर्न सक्दैनन्! तिनीहरू शून्य पनि होइन, तर शून्यभन्दा पनि कम हुन्। [49]

**यशैया ४१ः२५-२८ः** यस पच्चीस पदमा कोरेस फेरि देखा परेका छन्। यसपालि यिनी उत्तरबाट आएका रहेछन्। यिनी खास गरी पूर्वबाट अर्थात् फारसबाट आएका हुन् (पद २); त्यसपछि यिनले उत्तरमा मादी देशलाई जिते, र त्यहाँबाट यिनी आफ्ना विजयहरूमा अघि बढ़े। वचनले भन्छ, कि कोरेसले परमेश्‍वरको नाम पुकारे। तर यिनले कुन हिसाबले उहाँको नाम पुकारे? यिनले परमेश्‍वरलाई यिनलाई डोऱ्याउनुहुने र यिनलाई शक्ति दिनुहुनेको रूपमा स्वीकार गरे (एज्रा १ः२)। कुनै मूर्तिले पनि कहिल्यै कोरेसको आगमनको विषयमा भविष्यवाणी गरेन; तर परमेश्‍वरले आफ्ना जनहरूलाई यो अघिबाट बताइदिनुभयो। उहाँले मूर्तिहरूको बीचमा अख्तियारको साथ बोल्न सक्ने एउटा मूर्ति पनि भेट्टाउन सक्नुभएन। किनकि तिनीहरू सबै छल र झूट हुन्; तिनीहरू हाम्रो विश्‍वासका लायक हुँदैनन्।

**यशैया ४१ः२९ः** यस अध्यायको अन्तिम पदमा सुस्पष्ट देखिन्छः परमेश्‍वर र ढालिएका व्यर्थ मूर्तिहरूको बीचमा भिन्नता विशाल छ, आकाश-पातालको फरक छ। श्री डब्ल्यू. ई. भाइनले यो पद मूलभाषाको जस्तैको त्यस्तै रूप दिएर निम्न प्रकारले अनुवाद गरेका छन्ः

> 'ती सबैलाई हेर त, ती कति व्यर्थ हुन्! तिनी-हरूबाट उत्पादन भएका कामहरू केही पनि होइनन्; तिनीहरूका ढालिएका मूर्तिहरू केवल हावा र उजाड़ता हुन्।' [50]

## ई) यशैया ४२ः परमप्रभुका सेवकबाट अउने सान्त्वना

**यशैया ४२ः१-४ः** याद रहोस्ः यशैयाले 'दास' भन्ने नाम मसीहको निम्ति, सम्पूर्ण इस्राएली जातिको निम्ति, मानिसहरूबाट बाँकी रहेका भक्तजनहरूको निम्ति (४३ः१०) र कोरेसको निम्ति प्रयोग गरेका छन्। अनि प्रायः सन्दर्भले यस शब्दको अर्थ के हो, सो स्पष्ट पार्छ। अनि यशैया ४२ः१-४ पदको खण्डमा स्पष्ट छ, कि परमेश्‍वरको दासको

सन्दर्भ प्रभु येशू हुनुहुन्छ। किनकि परमेश्‍वरले उहाँलाई सम्हाल्नुभएको र चुन्नुभएको अनि पवित्र आत्माले युक्त गर्नुभएको हो। अनि उहाँले अन्यजातिहरूकहाँ न्याय ल्याउनुहुनेछ; उहाँ कुनै उपद्रव मच्चाउने उग्रवादी हुनुहुनेछैन; उहाँले साँचो पश्‍चात्ताप गर्नेलाई कुल्चनुहुनेछैन र कसैको विश्‍वासको झिल्को निभाउनुहुनेछैन; आफ्नो धार्मिक राज्य स्थापित नगरुन्जेल उहाँ कमजोर र निराश हुनुहुनेछैन।

**यशैया ४२:५-९:** शक्तिशाली सृष्टिकर्ता परमेश्‍वरले अब मसीहलाई सम्बोधन गर्नुहुन्छ र आफूले धार्मिकतामा बोलाउनुभएको यी पवित्र जनद्वारा के-के पूरा गर्न चाहनुहुन्छ, सो बताउनुहुन्छ। परमेश्‍वरले आफ्नो महिमा अरू कसैसँग बाँढ्नुहुनेछैन, अँ, उहाँले खोपिएका मूर्तिहरूसँग आफ्नो महिमा झन् बाँढ्नुहुनेछैन। उहाँका विगत भविष्यवाणीहरू पूरा भए; अनि अहिले उहाँ भविष्य फेरि एकपल्ट प्रकट गर्नुहुन्छ।

**यशैया ४२:१०-१३:** मसीह एक पराक्रमी शूरवीरझैं आफ्ना शत्रुहरूमाथि आइलाग्नुभएको र तिनीहरूबाट बदला लिनुभएको बेलामा इस्राएली जातिले पृथ्वीका दुर्गम राष्ट्रहरूलाई मसीहको प्रशंसामा सामेल हुन आह्वान गर्छ। यस सिलसिलामा केदार र सेलाका नामहरू पनि लिइएका छन्; यसर्थ यस नयाँ गीतमा अरबीहरूका स्वरहरू पनि सुनिनेछन्।

**यशैया ४२:१४-१७:** यस खण्डमा परमप्रभु बोल्दै हुनुहुन्छ। आफूलाई रोकिराखेको उहाँको समय बितिसकेको छ; अब उहाँले आफ्ना शत्रुहरूमाथि आफ्नो क्रोधको आगो पूरा रूपले छोड्नुहुनेछ; तर उहाँले इस्राएली जातिबाट बाँकी रहेका विश्‍वासी जनहरूसित कृपालु व्यवहार गर्नुहुनेछ; तर उहाँले सबै मूर्तिपूजकहरूलाई साह्रै लज्जित तुल्याउनुहुनेछ।

**यशैया ४२:१८-२२:** उन्नाइस पदमा भएको दास मसीह होइन। यो दासचाहिँ इस्राएली जाति हो, जसका कानहरू परमप्रभुका वचनहरू नसुन्ने गरी बहिरा थिए र जसका आँखाहरू उहाँका कामहरू नदेख्ने गरी अन्धा थिए। *'जो सिद्ध छ, ऊजस्तो अन्धा को छ?'* भन्ने वाक्यको अर्थ निम्न प्रकारको हुन सक्छ: सिद्ध भएको मतलबले कि त विशेषाधिकारले युक्त भएको अर्थ लिन सक्छ, कि त जे.एन.डी.अनुसार 'मैले भरोसा गरेको मानिसजस्तो अन्धो को छ?' यसको अनुवाद हुन सक्छ, कि त एन.ए.एस.बी.अनुसार 'मसँग शान्तिमा रहेको मानिसजस्तो अन्धो को छ?' यसको अनुवाद गर्न सकिन्छ। किनकि इस्राएली जाति एउटा दिव्य करारद्वारा परमप्रभुसँगको सम्बन्धमा ल्याइयो, तर यस उच्च बोलावटको योग्य चालमा ऊ हिँड्न सकेन। परमप्रभुले व्यवस्था उच्च पार्नुभयो। यो उहाँको निम्ति आदरको योग्य थियो। तर इस्राएली जातिले व्यवस्था तुच्छ ठानेर यसको हेला गर्‍यो र यसको उल्लङ्घन गर्‍यो; यसकारण यसको प्रतिफल डकैती, लुटपाट र जेल थियो, जसको वशमा तिनीहरू सुम्पिए।

**यशैया ४२:२३-२५:** भविष्यवक्ता यशैयाले सोध्छन्: *'तिमीहरूमध्ये कसले यस कुरामा कान लगाउला? कसले याकूबलाई लुटको माल हुन दिनुभयो र इस्राएललाई डाँकूहरूको हातमा सुम्पिदिनुभयो? के परमप्रभुले नै होइन र, जसको विरुद्धमा हामीले पाप गरेका छौं?'* परमेश्‍वरले इस्राएली जातिमाथि आफ्नो क्रोधको प्रकोप र लड़ाइँको आगो खन्याउनुभयो, तर कसैले पनि उहाँको ताड़नाको व्यवहारमा यसको मतबल र महत्त्व बुझेन; अँ, कसैले यो आफ्नो हृदयमा राखेन।

### उ) यशैया ४३-४४: इस्राएलको पुनरस्थापनाबाट आउने सान्त्वना

**यशैया ४३:१-७:** कोमल प्रेमको भावनामा परमप्रभुले आफ्ना जनहरूलाई

निश्चयता दिलाउनुहुन्छः तिनीहरू डराउनुपर्दैन; किनकि उहाँ जसले तिनीहरूलाई सृष्टि गर्नुभयो, जसले तिनीहरूलाई रच्नुभयो, जसले तिनीहरूलाई दाम तिरेर छुटाउनुभयो र जसले तिनीहरूलाई नाम काढ़ेर बोलाउनुभयो, उहाँ नै पानीको बाढ़ र आगोमा तिनीहरूको साथमा हुनुहुनेछ। इस्राएलका पवित्र जनले तिनीहरूको छुटकाराको दामको रूपमा मिस्र देश दिइहाल्नुहुन्छ। यहूदीहरू बेबिलोनको निर्वासनबाट फर्केर आएपछि यो प्रतिज्ञा पूरा भयो। यस सिलसिलामा श्री डब्ल्यू. ई. भाइनले यसो लेखेका छन्ः

> 'परमप्रभुले फारसका राजा कोरेसलाई इनाम दिनुभयो, किनकि यिनले यहूदीहरूलाई छुटकारा दिए। उहाँले यिनलाई र यिनका छोरा क्याम्बिसेसलाई मिस्र देश र त्यसका छिमेकी राज्यहरू अधिकार गर्ने अनुमति दिनुभयो। अब सेबाको कुरा आयोः सेबाचाहिँ कूश देशसँग जोड़िएको, सेतो नील र नीलो नील नदीहरूको बीचमा अवस्थित भएको ठूलो जिल्ला थियो। अनि यी देशहरूको अधिकार यिनलाई उपहारको रूपमा दिइएन; किनकि यो त छुटकाराको दाम पो थियो, जुनचाहिँ हिब्रूमा 'कोफेर' भनिन्छ, जसको अर्थ आवरण वा प्रायश्चित्त हो। जुन मानिसहरूको निम्ति यो छुटकाराको दाम दिइयो, ती मानिसहरूको निम्ति यो दाम तिनीहरूलाई र तिनीहरूको पाप ढाकिदिने आवरण भयो।'[51]

परमेश्वरको दृष्टिमा इस्राएली जाति बहुमूल्य र आदरको योग्य थियो; उहाँले यस जातिलाई प्रेम गर्नुहुन्थ्यो; यसैले उहाँले यसको सट्टामा मानिसहरूलाई दिइहाल्नुहुनेछ; यसकारण उहाँले चारैतिरबाट न्याय अन्यजातिहरूमाथि आइपर्न दिनुहुनेछ। फलस्वरूप उहाँका छोराहरू र उहाँका छोरीहरू तिनीहरूको स्वदेशमा फिर्ता ल्याइनेछन्। अनि यशैया ४३ः५-७ पदहरूले त्यस पुनर्स्थापनाको कार्य वर्णन गर्छन्।

**यशैया ४३ः८-१३ः** परमप्रभुले अब इस्राएली जाति र अरू सबै राष्ट्रहरूलाई उहाँको अदालतमा परीक्षा गर्न बोलाउनुहुन्छ। तिनीहरूले आफ्ना साक्षीहरू ल्याऊन्, जसले भविष्यका घटनाहरू भविष्यवाणी गर्न सक्छन्। यस सम्बन्धमा तिनीहरूका मूर्तिहरूले आफ्नो क्षमता देखाइदिऊन्, नत्र ता तिनीहरूले परमेश्वरलाई एकमात्र सत्य हुनुहुनेको रूपमा स्वीकार गरून्। अनि परमप्रभुले इस्राएली जातिलाई आफ्नो साक्षीको रूपमा राख्नुहुन्छ।[52] उनीहरूले गवाही दिऊन्, कि उहाँ एकमात्र साँचो परमेश्वर हुनुहुन्छ; उहाँ अनन्त परमेश्वर हुनुहुन्छ; उहाँबाहेक अरू कुनै मुक्तिदाता, अरू कुनै उद्धारक छैन; अनि कसैले पनि उहाँका आदेशहरू र उहाँका कार्यहरू कहिल्यै विफल पार्न सक्दैन।

**यशैया ४३ः१४-२१ः** परमप्रभुले इस्राएली जातिको खातिर बेबिलोनलाई चकनाचूर पार्न निर्धारण गर्नुभयो। यस कामले के प्रमाणित गर्नेथियो? उहाँ नै परमप्रभु हुनुहुन्छ; उहाँ आफ्ना जनहरूका पवित्र जन हुनुहुन्थ्यो; उहाँ तिनीहरूका सृष्टिकर्ता र राजा हुनुहुन्थ्यो। उहाँले नै तिनीहरूलाई लाल समुद्रबाट भएर ल्याउनुभएको थियो; त्यसै बेलामा उहाँले मिस्रीहरूलाई नाश गरिदिनुभएको थियो, जो तिनीहरूलाई खेद्दै तिनीहरूको पछि आइरहेका थिए। तर उहाँले अब जे गर्न लाग्नुभएको थियो, यस कामको तुलनामा मिस्र देशबाट निस्केर आएको प्रस्थान नगण्य हुनेथियो। उहाँका जनहरू बेबिलोनको निर्वासनबाट फर्केर आएको बेलामा उहाँले तिनीहरूको निम्ति मरुभूमिमा एउटा बाटो तयार गर्नुहुनेथियो। अनि नयाँ तुल्याइएको पृथ्वीमा मरुभूमिहरूमा प्रशस्त पानी हुनेछ; यसले गर्दा उजाड़स्थानका पशुप्राणीहरू कृतज्ञ हुनेछन्। अनि परमेश्वरका जनहरू पनि कृतज्ञ हुनेछन्, र तिनीहरूले उहाँको नामको प्रशंसा गर्नेछन्।

**यशैया ४३ः२२-२४ः** यी पदहरू इस्राएली जातिको पूर्वनिर्वासनका दिनहरूमा फर्केका छन्। त्यति बेला यी मानिसहरू प्रार्थनाविहीन

जीवन जिएका थिए र परमेश्वरदेखि थाकेका थिए। तिनीहरूले उहाँकहाँ देखावटी बलिदानहरू ल्याउँथे; तर तिनीहरूका हृदय भने परमेश्वरदेखि टाढ़ा थियो; यसकारण यो त तिनीहरूले बलिदानहरू नचढ़ाएको बराबर व्यवहार भएको थियो। तिनीहरूले उहाँलाई अधिक दान र भेटीहरू चढ़ाएर थकाएका थिएनन्, तर आफ्ना अधर्महरूद्वारा उहाँलाई कष्ट दिएका थिए।

**यशैया ४३:२५-२८:** यसो भए पनि आफ्नो अनुग्रहमा उहाँ तिनीहरूका अपराधहरू मेटाइदिनुहुन्छ र तिनीहरूका पापहरू क्षमा गरेर बिर्सनुहुन्छ। उहाँले यसो किन गर्नुपर्छ? के तिनीहरू आफैमा कुनै योग्यता, कुनै पुण्यफल दाबी गर्न सक्छन्? अहँ, सक्दैनन्। आदमको समयदेखि यता तिनीहरूको सम्पूर्ण इतिहासचाहिँ तिनीहरूको पाप र असफलताको एउटा अटुट अभिलेख हो। यही कारणले उहाँको न्याय तिनीहरूमाथि आइपरेको थियो।

**यशैया ४४:१-५:** यी पदहरूमा हामी आफ्ना जनहरूको निम्ति परमप्रभुको मुटुको धड़कन सुन्छौं, उहाँको हृदयको धुकधुकी छाम्न सक्छौं। तिनीहरूका सबै पापहरूले उहाँको प्रेम निभाउन सकेनन्, अहँ, मार्न सकेनन्। उहाँले तिनीहरूलाई 'याकूब' (ठगेर अर्कोको ठाउँ ओगट्ने), इस्राएल (परमेश्वरको शासक), र यशूरून (सीधा चालको) भन्ने नामहरू दिनुभयो। उहाँ जसले तिनीहरूलाई बनाउनुभयो, उहाँ जसले तिनीहरूलाई रच्नुभयो, उहाँ जसले तिनीहरूलाई चुन्नुभयो, उहाँले नै तिनीहरूलाई सहायता गर्नुहुनेछ। *'म तिम्रो वंशमाथि मेरो आत्मा र तिम्रा सन्तानहरूमाथि मेरो आशिष खन्याउनेछु।'* पेन्टेकोस्टको दिनमा 'मेरो आत्मा दिन्छु' भन्ने प्रतिज्ञा आंशिक रूपले पूरा भयो; तर प्रभु येशूको दोस्रो आगमनमा यस प्रतिज्ञाको अन्तिम र पूर्ण पूर्ति हुनेछ। तब अक्षरशः अर्थमा र लाक्षणिक अर्थमा तिर्खाएको मानिसमाथि पानी खन्याइनेछ र सुक्खा जमिनमाथि बाढ़ीहरू चल्नेछन्। इस्राएलका वंशहरू फस्टाउनेछन्। मानिसहरू 'मेरो नाम याकूब हो', 'मेरो नाम इस्राएल हो' भनेर भन्नदेखि लजाउनेछैनन्, अँ, तिनीहरूले 'म परमप्रभुको जन हुँ' भन्न हिचकिचाउनेछैनन्। (अथवा पाँच पदको अर्थ यो हो कि अन्यजातिहरूले आफूलाई परमप्रभु र उहाँका जनहरूसँग एक तुल्याउनेछन्, भजन ८७:४-५ पदहरू हेर्नुहोस्।)

**यशैया ४४:६-८:** परमप्रभु, इस्राएलका राजा अद्वितीय हुनुहुन्छः उहाँ एकमात्र साँचो परमेश्वर हुनुहुन्छ। अनि उहाँले जुनै पनि तथाकथित ईश्वरलाई चुनौती दिनुहुन्छः उसले उहाँले जस्तै भविष्यको बारेमा भविष्यवाणी गरोस्, विशेष गरी प्रचीन इस्राएली जातिको सन्दर्भमा भविष्यवाणी गरोस्। उहाँका जनहरू उहाँको सर्वोच्चता हाँक गर्ने जुनसुकै चुनौतीसँग डराउनुपर्दैन। उहाँले भविष्यको बारेमा भविष्यवाणी गर्नुभएकोमा तिनीहरू उहाँका साक्षीहरू हुन्, साथै उहाँ मात्र परमेश्वर हुनुहुन्छ भन्ने गवाही दिनेहरू तिनीहरू नै हुन्। आफूबाहेक अरू कुनै वास्तविक चट्टानको विषयमा उहाँलाई थाहा छैन भने, इस्राएली जातिले अरू कुनै चट्टानको विषयमा कसरी जान्न सक्छ त?

**यशैया ४४:९-११:** मूर्ति बनाउने रचनाकारहरू लज्जित हुनेछन् र शर्ममा पर्नेछन्; यो तिनीहरूको अन्त हुनेछ। किनकि मूर्तिहरू व्यर्थ छन्, अँ, शक्तिहीन छन्।

**यशैया ४४:१२-१७:** यस खण्डमा एउटा लोहारले धनी मानिसको लागि एउटा मूर्ति बनाइरहेको छ। उसले त्यो मूर्ति इच्छा गरेको आकृति दिन पूरा मेहनत गर्छ। तर तब उसले आफ्नो काम रोक्नुपर्छ; किनकि उसलाई खाना खान, पानी पिउन र आराम गर्न आवश्यक छ। मूर्ति बनाउने रचिताको शक्ति यति छिट्टै सक्छ भने, उसले बनाएको निर्जीव मूर्तिको विषयमा कुरा कस्तो छ त?

नभए यहाँ एउटा सिकर्मीको कुरा छ, जसले गरिब मानिसको लागि एउटा काठको मूर्ति बनाउँदैछ। मानिसको आकृति नदेखुन्जेल उसले एउटा काठको टुक्रामाथि आफ्नो कुँद्ने हतियार चलाउँछ। हुन सक्छ, उसले त्यो रूख आफैले रोपेको थियो होला। अनि त्यस रूखको केही भाग उसको निम्ति डाउरा भयो; उसले आगो तापेर आफूलाई न्यानो बनाउँछ; त्यस रूखको अर्को भाग लिएर उसले खाना पकाउँछ; अनि अन्तमा उसले त्यसको केही भाग एउटा देवता बनाउन प्रयोग गर्छ। त्यसपछि ऊ यस खोपिएको मूर्तिको सामु पसारिन्छ, र आफूले रचेको देवताको पूजा गर्छ।

**यशैया ४४:१८-२०:** मूर्ति पुज्नेहरूले देख्न इन्कार गरेका हुनाले परमेश्वरले तिनीहरूका आँखाहरू अन्धा तुल्याइदिनुभयो। किनभने तिनीहरू एकै क्षण विचारै गर्दैनन्ः जुन रूख तिनीहरूका मालिक हो, त्यही रूख तिनीहरूको सेवक पनि भयो! किनकि त्यस रूखको केही अंश तिनीहरूले पूजा गरेका छन्, तर त्यसको अर्को अंश तिनीहरूले घरको काममा प्रयोग गरेका छन्। तिनीहरू खरानीमाथि पो चरेका छन्, कति व्यर्थ! तिनीहरू छलमा फसेछन्, यसद्वारा ठगिएका र भड्किएका रहेछन्; तिनीहरूले आफूलाई आफ्नो बन्धनबाट छुटाउन सक्दैनन्, अनि तिनीहरूले आफ्नो हातमा भएको देवता झूट हो भन्ने तथ्य कहिल्यै ग्रहण गर्दैनन्।

**यशैया ४४:२१-२३:** 'हे इस्राएली जातिहो, सम्झना गरः परमेश्वर तिम्रा सृष्टिकर्ता हुनुहुन्छ, जसले तिमीलाई कहिल्यै बिर्सनुहुन्न!' अनि तिनीहरू? तिनीहरू उहाँका दास हुन्। उहाँले तिनीहरूका बाक्लो बादलरूपी अपराधहरू मेटाइदिनुभयो, जुन अपराधहरूको बादलले तिनीहरूबाट उहाँको मुख लुकाएको थियो। उहाँले दाम तिरेर तिनीहरूलाई दासत्वबाट छुटाउनुभयो र तिनीहरूलाई उहाँकहाँ फर्कने निम्तो दिनुहुन्छ। सारा सृष्टिलाई गीत गाउने र हर्षले चिच्च्याउने निम्तो दिइएको छ; किनकि परमप्रभुले याकूबलाई दाम तिरेर छुटाउनुभयो।

**यशैया ४४:२४-२७:** परमेश्वरले उहाँप्रति निष्ठावान् रहेकाहरू अर्थात् बाँकी रहेको भागलाई आफ्नो परिचय दिनुहुन्छः उहाँ तिनीहरूका उद्धारक हुनुहुन्छ; उहाँ तिनीहरूका परमप्रभु हुनुहुन्छ; उहाँ तिनीहरूका सृष्टिकर्ता हुनुहुन्छ; उहाँ तिनीहरूका रक्षक र पुनर्स्थापक हुनुहुन्छ। उहाँले कल्दीहरूका झूट फलाक्नेहरू र जोखाना हेर्नेहरूका अगमवाणीहरू विफल पार्नुहुन्छ र बुद्धिमान्हरूको बुद्धि मूर्खता तुल्याइदिनुहुन्छ। तर उहाँले आफ्नै भविष्यवक्तहरूले गरेका भविष्यवाणीहरू पुष्टि गरिदिनुहुन्छः यरूशलेम र यहूदा पुनर्स्थापित हुनेछ, अनि कोरेसको आदेशअनुसार उहाँका जनहरू निर्वासनबाट फर्कने नै छन्।

**यशैया ४४:२८:** कोरेसको विषयमा गरिएको यो भविष्यवाणी उल्लेखनीय छ; किनभने यसमा कोरेसको जन्म हुनुभन्दा १५०-२०० वर्ष अघि यिनको नाम लिइयो। अनि परमेश्वरले यिनलाई 'मेरो गोठाला' भन्नुभएको कुरा पनि अचम्म छ।

अनि कोरेसको नाम कुन सम्बन्धमा लिइएको छ? परमेश्वरले यिनलाई प्रयोग गरेर आफ्ना जनहरूलाई बेबिलोनबाट छुटकारा दिनुहुनेछ, र यिनले मन्दिरको पुनर्निर्माण गर्ने उर्दी दिनेछन्। यस सम्बन्धमा यहूदी इतिहासकार श्री फ्लावियस योसेफसले यसरी लेखेका छन्ः

> 'कोरेसले यरूशलेमको मन्दिरको पुनर्निर्माण गर्ने विषयमा आफ्ना भविष्यवाणीहरू यस पुस्तकमा पढ़ेर थाहा पाए, जुन पुस्तक यशैयाले २१० वर्षअघि लेखेर छोड़ेका थिए। ... यी कुराहरू यशैयाले मन्दिर ध्वस्त हुनुभन्दा १४० वर्षअघि भविष्यवाणी गरेका थिए। यसकारण जब कोरेसले ती भविष्यवाणीहरू पढ़े र तिनको दिव्य गुण प्रशंसा गरे, तब यशैयाको पुस्तकमा

लेखेअनुसार गर्ने प्रेरणा र प्रोत्साहनले यिनलाई पक्रिराख्यो।' 53)

## ऊ) यशैया ४५ः परमेश्वरको अभिषिक्त जन कोरेसबाट आउने सान्त्वना

**यशैया ४५ः१-६ः** परमप्रभुले यहाँ कोरेसलाई आफ्नो 'अभिषिक्त जन' भन्नुहुन्छ; (हिब्रूमा 'मसीह'को निम्ति त्यही शब्द प्रयोग गरिएको छ), किनभने फारसका यी राजा मसीहको आदिरूप थिए, जुन मसीहले अन्तिम आएर परमेश्वरका जनहरूलाई छुटकारा दिनुहुनेछ। परमप्रभुले यिनलाई जाति-जातिहरूमाथि, विशेष गरी बेबिलोनमाथि विजय दिने प्रतिज्ञा दिनुभयो, साथै यिनलाई यी विजयहरू प्राप्त गर्नको विरोधमा उठेका सबै बाधाहरू हटाउनेछु र गुप्त स्थानहरूमा लुकाइराखेको धेरैभन्दा धेरै धनसम्पत्ति दिनेछु भन्ने प्रतिज्ञा गर्नुभयो। अझै पनि कोरेसको विषयमा कुरा गरेर परमप्रभुले आफ्नो विषयमा के भन्दै हुनुहुन्छ? उहाँ एकमात्र साँचो परमेश्वर हुनुहुन्छ, जसले कोरेसको नाम काढ़ेर यिनलाई बोलाउनुहुन्छ, जसले यिनलाई 'अभिषिक्त जन' र 'गोठाला' भन्ने उपनाम दिनुहुन्छ (यशैया ४४:२८) र जसले यिनलाई आफ्नो कार्य-भार र कर्तव्यको निम्ति सक्षम तुल्याउनुहुन्छ। परमेश्वरले यो किन गर्नुहुन्छ? किनभने उहाँ यो सबै काम आफ्ना जनहरूको खातिर गर्नुहुन्छ, साथै सारा संसारले केवल उहाँ नै परमप्रभु हुनुहुन्छ भन्ने कुरा जान्न सकोस् भन्ने हेतुले उहाँ यसो गर्नुहुन्छ।

**यशैया ४५ः७ः** '*ज्योति रच्ने र अन्धकार सृजना गर्ने म नै हुँ; शान्ति दिने र विपत्ति सृष्टि गर्ने म नै हुँ*'; यस पदको अर्थ यो होइन कि परमेश्वर कुनै नैतिक खराबी सृष्टि गर्नुहुन्छ, जस्तो के.जे.वी. बाइबल-संस्करण र अन्य शुरुका बाइबल-अनुवादहरूमाथि आधारित केही मानिसहरूले दाबी गरेका छन्। 54)

श्री फ्रान्ज डेलित्चले हाम्रो ध्यानमा राखेर के भनेका छन् भने, शुरुको इसाई झूटो शिक्षक मार्सियनले, साथै झूटो शिक्षक भालेन्टिनका अनुयायीहरू र प्रज्ञानवादका अन्य सम्प्रदायहरूले यस पदको दुरुपयोग गर्ने गर्थे; किनकि तिनीहरूले यसबाट पुरानो नियमका परमेश्वरचाहिँ नयाँ नियमका परमेश्वरभन्दा फरक हुनुहुन्छ भन्ने कुरा सिकाए। 55)

यहाँ प्रयोग गरिएको 'खराबी' भन्ने शब्दसितको समस्या उठाएर श्री फ्रान्ज डेलित्चले अरू के भनेका छन्ः 'निस्सन्देह परमेश्वरले कुनै खराबी गर्न सक्नुहुन्न नै; तर हरेक खराब काम बिलकुलै स्वतन्त्र इच्छाले सुसम्पन्न भएको प्राणीको सहजको काम पो हो।' 56)

हाम्रो सामु भएको पदको सन्दर्भचाहिँ ज्योति र ज्योतिको विपरीत कुरा अर्थात् अन्धकारको बीचको भिन्नता, अँ, शान्ति र शान्तिको विपरीत कुरा अर्थात् विपत्तिको बीचको भिन्नता हो। अनि जुन कुराको निम्ति परमेश्वर अनुमति दिनुहुन्छ, त्यो कुरा उहाँले गर्नुभएको भनिन्छ। कसै-कसैको विचारमा, ज्योति र अन्धकारचाहिँ चीनको धर्मको यिन र याङजस्तै दुईवटा शुभ-अशुभ शक्तिहरू हुन्, जुनचाहिँ फारसीहरूले देवताको रूपमा मानिरहेअरे, जुन दुईवटा देवताहरूले आपसमा निरन्तर संघर्ष गरिरहेका थिए। (अरू पनि छन्, जसले के भन्छन् भने, कोरेसले यस प्रकारको धर्म मानेको कुनै पनि प्रमाण छैन।) जे होस्, कोरेस आफ्नो अभियानमा अघि बढ़्दै जाँदा यसको मतलबचाहिँ इस्राएली जातिको निम्ति शान्ति हुनेथियो, तर इस्राएली जातिका शत्रुहरूको निम्ति विपत्ति हुनेथियो; किनकि यो सम्पूर्ण कार्य परमेश्वरको नियन्त्रणमा रहनेथियो।

**यशैया ४५ः८ः** यहाँ वर्णन गरिएको प्रशस्त धार्मिकता (वा न्याय) र उद्धार (वा छुटकारा) भएको आदर्श अवस्था अल्प रूपमा

कोरेसले इस्राएली जातिको पक्षमा गरेका यिनको हस्तक्षेपको प्रतिफल हुनेथियो। तर यस आदर्श अवस्थाको भरपूरी ख्रीष्टको हजार वर्षको राज्यमा पूरा हुनेछ, जसको प्रतिफल प्रशस्त धार्मिकता र प्रशस्त उद्धार हुनेछ।

**यशैया ४५:९-११:** परमप्रभुसँग यहूदालाई छुटकारा दिलाउन कुनै विदेशी राजालाई प्रयोग गर्नको निम्ति के पो अधिकार छ भन्ने प्रश्न गर्ने जोसुकैलाई धिक्कार छ! के माटोले कुमालेलाई आफ्नो मुखभरिको जवाफ दिनु हुन्छ, र 'तपाईंका हातहरू छैनन्' भनेर उसलाई शक्तिहीन भएको आरोप लगाउनु हुन्छ? उक्त कुरा ठीक योजस्तो ठहरिन्छ। अनि एघार पदको विषयमा निम्न अनुवाद सठीक होलाः 'के तिमीहरूले मलाई मेरा छोराछोरीहरूको विषयमा हुन आउने कुराहरू सोध्नु र मेरो हातको कामको विषयमा मलाई आज्ञा गर्नु हुन्छ?' अर्को शब्दमा भन्नु हो भने, 'मलाई प्रश्न गर्न तिमीहरूसँग केको अधिकार छ?'

**यशैया ४५:१२-१३:** उहाँ जसले मानिसलाई सृष्टि गर्नुभयो अनि जसले आकाश र पृथ्वी फैलाउनुभयो, उहाँले नै कोरेसलाई उठाउनुहुन्छ, जसले उहाँका कैदीहरूलाई मुक्त गर्नेथिए र उहाँको शहर यरूशलेम निर्माण गर्नेथिए। हुन त वास्तवमा यरूशलेम शहरको पुनर्निर्माण पछि भएको हो, र नहेम्याह २:८ पदअनुसार राजा अर्तक्जर्जेसको आदेशअनुसार सुसम्पन्न भयो। तर यसको तयारीमा कोरेस अग्रसर थिए, जसले यहूदीहरूलाई बेबिलोन-बाट यहूदामा फर्कने अनुमति दिए।

**यशैया ४५:१४-१७:** इस्राएलका भूतपूर्व शत्रुहरू एकदिन उपहार र कर लिएर यस जातिकहाँ आउनेछन्, र तिनीहरूले 'यहूदी-हरूका परमेश्वर साँचो परमेश्वर हुनुहुन्छ र उहाँबाहेक अरू कोही छैन' भन्ने कुरा स्वीकार गर्नेछन्। यस प्रतिज्ञाबाट, साथै परमेश्वरको सबै व्यवहारबाट उद्धारप्राप्त बाँकी रहेका यहूदीहरूले परमेश्वरलाई उहाँका अथाह न्यायका कामहरू र उहाँका अगम्य मार्गहरूको निम्ति प्रशंसा गर्ने प्रेरणा पाउनेछन्। मूर्ति बनाउनेहरू र मूर्ति पूजा गर्नेहरू लज्जित हुनेछन्। तर मसीह येशूको दोस्रो आगमनपछि परमप्रभुको उद्धारले उद्धारप्राप्त इस्राएली जाति कहिल्यै फेरि शर्ममा पर्नेछैन।

**यशैया ४५:१८-१९:** जब परमप्रभुले पृथ्वी सृष्टि गर्नुभयो, तब त्यो आकारविनाको थिएन, न व्यर्थमा रचियो (उत्पत्ति १:२ पदमा यही 'तोहुँ' भन्ने हिब्रू शब्द प्रयोग गरिएको छ)। उहाँले यो पृथ्वी मानिसहरूको आबादको रूपमा बनाउनुभयो; अनि उहाँले स्पष्ट, बुझ्ने भाषामा आफूलाई मानिसहरूकहाँ प्रकट गर्नुभयो। उहाँको सृष्टिको काममा कुनै गड़बड़ी थिएन, न ता उहाँले बोल्नुभएको कुरामा कुनै गोलमाल थियो। होइन, होइन! उहाँले सत्य र धार्मिकतामा आफूलाई प्रकट गर्नुभयोः उहाँ सर्वेसर्वा, सर्वोच्च परमेश्वर हुनुहुन्छ।

**यशैया ४५:२०-२१:** उहाँले आफ्ना मूर्तिहरू बोक्दै गरेका र यी शक्तिहीन देवी-देवताहरूलाई पुकार गर्दै गरेका अन्यजाति-हरूलाई आह्वान गर्नुभयोः तिनीहरूले प्रमाण दिऊन्, कि तिनीहरूका मूर्तिहरूले पनि उहाँले गर्नुभएअनुसार भविष्यको विषयमा भविष्यवाणी गर्न सक्छन्। किनकि उहाँ मात्र यसो गर्न सक्नुहुन्छ; उहाँ एकमात्र धर्मी परमेश्वर हुनुहुन्छ; उहाँ एकमात्र उद्धारक हुनुहुन्छ।

**यशैया ४५:२२-२५:** *'हे पृथ्वीका छेउ-छेउका मानिसहरूहो, मतिर हेर र उद्धार पाओ!'* यसरी उहाँले अन्यजातिहरूलाई मुक्ति पाउन उहाँकहाँ आउने आमन्त्रणा दिनुभयो; त्यसपछि उहाँ उर्दी गर्नुहुन्छः उहाँको सामु हरेक घुँड़ा टेक्नुपर्छ र हरेक जिब्रोले उहाँलाई स्वीकार गर्नुपर्छ (रोमी १४:११; फिलिप्पी २:९-११ हेर्नुहोस्)। अनि यो कुरा ख्रीष्टको हजार वर्षको राज्यमा पूरा हुनेछ। त्यस बेलामा

मानिसहरूले प्रभु येशूलाई आफ्नो धार्मिकता र आफ्नो शक्तिको एकमात्र स्रोतको रूपमा स्वीकार गर्नेछन्। अनि उहाँका सबै शत्रुहरू पूरा चूर्ण भई उहाँकहाँ आउनेछन्; अनि इस्राएली जाति धर्मी ठहरिनेछ, र यसले उहाँमा गर्व गर्नेछ, मूर्तिहरूको विषयमा होइन।

### ए) यशैया ४६ः बेबिलोनका मूर्तिहरूको विनाशबाट आउने सान्त्वना

**यशैया ४६ः१-२ः** बेल र नेबोचाहिँ बेबिलोनका मूर्तिहरू हुन्; फारसीहरूले यी मूर्तिहरू गाड़ामा हालेर लगिएका छन्। अनि यी मूर्ति बोक्ने पशुहरू थाकेर ठेस खान्छन्, तब यी मूर्तिहरू घोप्टिन्छन् र भुइँमा लडूछन्। ती देवताहरू जसको प्रतिरूप यी मूर्तिहरू हुन्, हो, ती देवताहरूले यी मूर्तिहरूरूपी भारी जोगाउन सकेनन्। यसकारण बेल र नेबो कैदमा लगिन्छन्।

**यशैया ४६ः३-४ः** यता मानिसहरूले बोक्नुपर्ने मूर्तिहरू छन् भने, उता साँचो परमेश्वर हुनुहुन्छ, जसले आफ्ना जनहरूलाई तिनीहरूको बूढ़ेसकालसम्म बोक्दै हुनुहुन्छ। श्री जेम्स स्टूवर्टले यस प्रकारले सङ्क्षिप्त सारांश दिएका छन्ः

> ‘यशैयाको समयदेखि यता मानिसहरूलाई थाहा भएको कुरा होः साँचो धर्म र झूटो धर्मको बीचको एउटा महत्त्वपूर्ण भिन्नता के हो भने, झूटो धर्म मानिसको निम्ति एउटा बोक्नुपर्ने बोझ हुन्छ, तर साँचो धर्म एउटा जीवित शक्ति हो, जसले मानिसलाई सम्हालिदिन्छ।’ 57)

**यशैया ४६ः५-७ः** हामी एकमात्र सर्वेसर्वा परमेश्वरलाई कुनचाहिँ रूप दिऔं? के यस्तो कुनै प्रतिरूप छ? तर के गर्ने? आफ्नो अन्धविश्वासमा मानिसहरूले अझै पनि सुनारलाई त्यसले तिनीहरूको निम्ति एउटा देवता बनाउने उद्देश्यले ठूलो रकम तिर्छन्। तिनीहरू त्यस मूर्तिको सामु लम्पसार पर्छन् र दण्डवत् गरेर त्यसको पूजाआजा गर्छन्। तिनीहरूले त्यो बोक्छन्, र त्यो त्यसको ठाउँमा राख्छन्। अनि जहाँ त्यो राखिएको छ, त्यहाँ त्यो रहन्छ। त्यो यताउता सर्दैन। त्यसले न हाम्रो प्रार्थना सुन्न सक्छ, न ता हामीलाई बचाउन सक्छ।

**यशैया ४६ः८-११ः** मूर्तिपूजातर्फ झुकाउ भएका मानिसहरू र जातिहरू एक क्षण यो कुरा सम्झनुपर्छः केवल एकमात्र साँचो परमेश्वरले केही घटनाहरू हुन आउनुभन्दा अघि यी घटनाहरू प्रकट गर्नुहुन्छ। अनि उहाँले आफूले प्रकट गर्नुभएका आफ्ना सबै योजनाहरू दृढ़ संकल्पको साथ पूरा गर्नुहुन्छ। उहाँले आफ्ना जनहरूलाई कल्दीहरूको हातबाट छुटाउन कोरेसलाई, त्यो पूर्वबाट आउने हिंस्रक चरा बोलाउनुहुनेछ।

**यशैया ४६ः१२-१३ः** हठी भई प्रमाण-स्वरूप यथार्थ कुराहरू मान्न इन्कार गर्ने-हरूले परमेश्वरको सुदृढ़ योजनाको विषयमा सुन्नेछन्ः ‘परमेश्वर सियोनमा उद्धार राख्नु-हुनेछ।’

### ऐ) यशैया ४७ः बेबिलोनको विनाशबाट आउने सान्त्वना

**यशैया ४७ः१-४ः** यहाँ बेबिलोन शहरलाई एक सुन्दरी कन्या रानीको रूपमा चित्रण गरिएको छ, जसलाई आफ्नो सिंहासन छोड़ेर नोकर्नीको स्थान लिन बाध्य पारिएको छ। त्यसले सामान्य हातको काम गर्नुपर्छ, र नदीहरूबाट पार गरेर त्यो कैदमा जान्छ। त्यसलाई नाङ्गोभुतुङ्गो पारेर त्यसको सार्वजनिक प्रदर्शन गरिनेछ; कत्रो लाज! परमेश्वरले त्यसबाट बदला लिनुहुनेछ र कसैलाई पनि छोड्नुहुनेछैन; किनकि इस्राएलको पवित्र जन भएर उहाँले इस्राएलीहरूका उद्धारकको रूपमा काम गर्नुहुनेछ।

**यशैया ४७ः५-१५ः** बेबिलोनलाई त्यसका चारवटा पापहरूको निम्ति दण्ड दिइनेछ।

**क)** परमेश्वरले आफ्ना जनहरूलाई कैदमा लिएर जाने हेतु त्यसलाई नियुक्त गर्नुभएको हो; तापनि उहाँले त्यसलाई निर्दयी र क्रूर हुने आदेश दिनुभएन। त्यसले चाहिएको भन्दा अति गऱ्यो। अनि त्यसले भन्योः 'म सधैंभरि एउटी मालिकनी भइरहनेछु'; तर परमेश्वर भन्नुहुन्छः 'तँ फेरि कहिल्यै राज्य-राज्यकी मालिकनी भनिनेछैनस् !'

**ख)** त्यो कति घमण्डी र अहङ्कारी थियो; किनभने कुनै पनि कुराले कहिल्यै त्यसको समृद्धि नष्ट गर्न सक्दैन भन्ने त्यसले ठान्थ्यो। तर एकै दिनमा त्यो एउटी सन्तानविहीन विधवा हुनेछ; अनि त्यसको कुनै पनि जादुले यो निर्धारित विपत्ति हटाउन सक्नेछैन।

**ग)** त्यसले आफूलाई कुनै कारकेरको पर्दाफासदेखि बाहिर र सजायमुक्त ठान्थ्यो। तर त्यसको आत्मतुष्टि र घमण्डपूर्वक गरिएको त्यसको आत्मनिर्भरताको प्रतिफल एउटा विपत्ति हुनेछ।

**घ)** त्यसले जादुगरहरू र ज्योतिषीहरूमाथि भरोसा गर्थ्यो। यस सिलसिलामा श्री एफ. सी. जेन्निङ्गसले निम्न कुरा लेखेका छन्ः

> 'परमप्रभुले त्यसलाई यी सबै शक्तिहरू आफ्नो सहायताको निम्ति बोलाउने सल्लाह दिनुहुन्छ; किनकि त्यसलाई तिनीहरूको भारी आवश्यकता पर्नेछ'। 58)

किनकि परमेश्वरको दण्ड नरकीय आगोजत्तिकै हुनेछ, कुनै आगो ताप्ने न्यानो आगोजस्तो होइन। अनि बेबिलोनसँग व्यापार गर्नेहरू आ-आफ्नो बाटो लाग्नेछन्; तिनीहरूले त्यसलाई बचाउन सक्नेछैनन्।

### ओ) यशैया ४८ः ताड़ना पाएपछि इस्राएली जाति फर्केर आएको कुराबाट आउने सान्त्वना

**यशैया ४८ः१-२ः** परमेश्वरले यहाँ बेबिलोनमा भएका निर्वासित यहूदीहरूलाई सम्बोधन गर्नुहुन्छ। तिनीहरूमध्ये बढ़ी मात्रा मानिसहरू धर्मत्यागी थिए होलान्; थोरै मानिसहरू मात्र परमप्रभुप्रति निष्ठावान् रहे होलान्। तिनीहरूले आफूलाई इस्राएली भन्थे, तर तिनीहरू यस उच्च नामअनुसार थिएनन्। उहाँको गुनासो यसैमा छ। तिनीहरू यहूदाबाट आएको वंश थिए, तर तिनीहरूले उहाँको प्रशंसा गर्दैनथिए। (यहूदा नामको अर्थ प्रशंसा हो)। तिनीहरूले मुखले इस्राएलका परमेश्वरलाई स्वीकार त गरे, तर तिनीहरूले आफ्ना पापहरू पटक्कै मानिलिँदैनथिए। तिनीहरूले 'हामी पवित्र शहरका हौं' भन्थे, तर तिनीहरू पवित्र थिएनन्। तिनीहरू इस्राएलका परमेश्वरमाथि अड़ेस लिए, आड़भरोसा गरे, तर तिनीहरू उहाँका भक्तजन थिएनन्।

**यशैया ४८ः३-५ः** परमप्रभुले तिनीहरूको इतिहासको बारेमा पहिल्यै भविष्यवाणी गरिसक्नुभएको थियो, र यी भविष्यवाणीहरूअनुसार गर्नुभयो। तिनीहरूको हठीपन र हृदयको कठोरता जान्नुभएको हुनाले परमेश्वरले आफूले के-के गर्न लाग्नुभयो, सो कुरा पहिले नै घोषणा गर्नुभयो, यस हेतुले कि जब यो पूरा हुन आउँछ, तब तिनीहरूले आफ्ना मूर्तिहरूलाई यसको श्रेय नदिऊन्।

**यशैया ४८ः६-८ः** अनि अहिले उहाँ केही नयाँ कुराको विषयमा भविष्यवाणी गर्दै हुनुहुन्थ्योः कोरेसको शासन अधीनस्त तिनीहरू बेबिलोनको निर्वासनबाट फर्केर स्वदेशमा पुनर्स्थापित हुनेथिए। अनि उहाँ तिनीहरूसित किन यस्तो व्यवहार गर्नुहुन्छ? तिनीहरूले 'निश्चय हामीलाई यो सब थाहा थियो' भनेर भन्न नपाऊन् भन्ने हेतुले उहाँ यसो गर्नुहुन्छ।

**यशैया ४८ः९-११ः** तिनीहरूको योग्यताको कारणले होइन, तर उहाँले आफ्नै खातिर यहूदाको निर्वासन अन्त्याउनुहुनेथियो। चाँदी आगोमा खारेजस्तै होइन, तर उहाँले बेबिलोनको कैदरूपी कष्टको भट्टीमा तिनीहरूलाई खार्नुभयो। अनि अब उहाँले तिनीहरूलाई आफ्नो नामको खातिर

पुनर्स्थापित गर्नुहुनेथियो, जुन पवित्र नाम तिनीहरूले गर्दा अपवित्र पारिन्थ्यो। उहाँले यस पुनर्स्थापनाको विषयमा त्यसको श्रेय तिनीहरूका मूर्तिहरूसँग बाँड्नुहुनेथिएन।

**यशैया ४८ः१२-१६ः** परमेश्वरको परिचय यस प्रकारको छः 'प्रथम म नै हुँ; अन्तिम पनि म नै हुँ'; यसर्थ उहाँ अनन्त, सर्वेसर्वा परमेश्वर हुनुहुन्छ। ब्रह्माण्डका सृष्टिकर्ता उहाँ हुनुहुन्छ; सृष्टिका सञ्चालक पनि उहाँ हुनुहुन्छ। उहाँ इतिहासको व्यवस्थापक र भविष्यवाणीका परमेश्वर हुनुहुन्छ। उहाँले बेबिलोनीहरूलाई परास्त गर्न र इस्राएलीहरूलाई छुटकारा दिलाउन कोरेसलाई उठाउनुहुनेछ, जसलाई उहाँले प्रेम गर्नुभएको। सोह्र पदमा त्रिएक परमेश्वरका तीनजना व्यक्तिहरू हुनुभएको कुरामाथि ध्यान दिनुहोस्ः प्रभु यहोवा, उहाँको आत्मा र 'म' अर्थात् ख्रीष्ट येशू। यहाँ नभन्दै विषयचाहिँ कोरेसबाट यिनको मूलरूप प्रभु येशूकहाँ जाँदो रहेछ; उहाँले आफ्नो दोस्रो आगमनमा यस इस्राएली जातिलाई तिनीहरू संसारभरि तितरबितर भएको अवस्थाबाट छुटकारा दिनुहुनेछ।

**यशैया ४८ः१७-१९ः** परमप्रभु आफूलाई इस्राएलीहरूकहाँ तिनीहरूका उद्धारक, तिनीहरूका परमेश्वर, तिनीहरूका शिक्षक र मार्गदर्शकको रूपमा फेरि पनि पेश गर्नुहुन्छ। ओहो, तिनीहरूले केवल उहाँको आज्ञापालन गरेका भए ता! तब तिनीहरूले शान्ति, धार्मिकता, जनसङ्ख्याको वृद्धि र लगातार उहाँसँगको मीठो सङ्गति उपभोग गर्नेथिए।

**यशैया ४८ः२०-२२ः** उहाँ बाँकी रहेका भक्तजनहरूलाई आह्वान गर्नुहुन्छः 'बेबिलोनबाट निस्केर आओ, कल्दीहरूको बीचबाट भागिहाल, र हर्षको साथ परमप्रभुलाई आफ्ना उद्धारक हुनुभएको घोषणा गर!' (प्रकाश १८ः४)। एक्काइस पदचाहिँ मिस्र देशबाट निस्किआएको प्रस्थानमा पूरा भएको थियो। परमप्रभुले यस्तो काम एक पल्ट गर्नुभयो भने, उहाँले फेरि पनि यसो गर्न सक्नुहुन्छ नि। दुष्ट इस्राएलीहरू ती हुन्, जसले परमप्रभुको आज्ञापालन गर्दैनथिए र आफूलाई बेबिलोन र त्यससित सम्बन्ध राख्ने सबै कुराहरूबाट अलग राख्दैनथिए। यस्ताहरूले कहिल्यै शान्ति के हो, सो जान्न पाउनेथिएनन्।

### ख) यशैया ४९-५७ः मसीह र इस्राएली जातिले उहाँलाई इन्कार गरेको

#### अ) यशैया ४९ः मसीहले दासको रूपमा लिनुभएको

उनन्चास अध्यायदेखि त्रिपन्न अध्यायसम्म परमेश्वरले आफ्ना जनहरूसँग व्यवहार गर्नुहुन्छ, किनकि तिनीहरूले मसीहलाई अस्वीकार गरे। यो खण्ड परमप्रभुको दुःख भोग्ने सेवकको पुस्तक हो।

**यशैया ४९ः१-६ः** उनन्चास अध्यायको एक पददेखि तीन पदसम्म इस्राएली जातिचाहिँ परमप्रभुको सेवक भएको देखिन्छ; तर यस खण्डमा बयान गरिएका सबै कुराहरू केवल प्रभु येशूसँग पूरा मिल्छन्। तीन पदमा इस्राएलको नाम लिइएको छ, तर यो इस्राएलको सन्दर्भचाहिँ इस्राएली जाति होइन, तर ख्रीष्ट हुनुपर्छ, जो परमेश्वरका साँचो शासक हुनुहुन्छ। अनि पाँच र छ पदमा उल्लेख गरिएको दासचाहिँ इस्राएली जातिबाट अलग भएको व्यक्ति हो। इस्राएली जातिका विभिन्न पुनर्स्थापनाहरू यी पदहरूमा एक भएका छन्, पहिले पुनर्स्थापना कोरेसको शासनअन्तर्गत थियो, जुन बेलामा तिनीहरूले आफ्नो देशमा फिर्ता जान पाए। त्यसपछि दोस्रो पुनर्स्थापना भविष्यमा हुनेछ, जब मसीह येशूले आफ्नो राज्य स्थापित गर्नुहुनेछ।

यी दासले संसारका मानिसहरूलाई के आह्वान गर्नुभयो भने, जब उहाँले तिनीहरूलाई आफ्नो जन्म, आफ्नो जन्म हुनुभन्दा

अघि उहाँलाई दिइएको नाम (मत्ती १:२१), आफ्नो घत लाग्ने अधिकारप्राप्त सन्देश र परमेश्वरद्वारा दासको रूपमा पाएको आफ्नो नियुक्तिको सम्झना दिलाउनुहुन्छ, तब तिनीहरूले उहाँको कुरा ध्यानसित सुनून्; किनकि उहाँ इस्राएल, परमेश्वरको साँचो शासक हुनुहुन्थ्यो, जसमा परमप्रभु महिमित हुनुहुनेछ। अनि इस्राएली जातिले उहाँलाई तिरस्कार गरेको हुनाले उहाँ आफ्नो मनमा अनुभव गर्नुभएको व्याकुलताको विषयमा यहाँ थप जानकारी दिनुहुन्छ (मत्ती ११:१६-२४ हेर्नुहोस्), तर त्यसपछि परमेश्वरले उहाँलाई इनाम दिनुहुने कुरामा उहाँ आफ्नो सन्तुष्टि प्रकट गर्नुहुन्छ (चार पद मत्ती ११:२५-२६ पदहरूसँग तुलना गर्नुहोस्)।

परमेश्वरले उहाँलाई इस्राएली जातिको आत्मिक पुनर्जन्म ल्याउनको निम्ति मात्र होइन, तर अन्यजातिहरूकहाँ मुक्ति पुऱ्याइदिनको निम्ति पनि बोलाउनुभयो। यस छ पदको ख) खण्ड प्रेरित १३:४७ पदमा ख्रीष्ट येशूको सन्दर्भमा उद्धृत गरिएको हो।

**यशैया ४९:७:** आफ्नो पहिलो आगमनमा परमप्रभुले इस्राएली जातिबाट ठूलो तिरस्कार र घृणा पाउनुभयो। उहाँले तिनीहरूबाट अन्यजाति राजाहरूभन्दा कम आदर पाउनुभयो। तर उहाँको दोस्रो आगमनमा पृथ्वीका राजाहरूले उहाँलाई दण्डवत् गर्नेछन्। 'शासकहरूको दास' भन्ने उपाधिचाहिँ यूसुफ, मोर्दकै, एज्रा, नहेम्याह र दानियलको सम्बन्धमा इस्राएली जातिलाई पनि सुहाउँछ।

**यशैया ४९:८-१३:** परमेश्वरले ख्रीष्ट येशूको प्रार्थनाको जवाफ दिनुभयो; किनकि यसको फलस्वरूपले उहाँले प्रभु येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो; त्यसपछि उहाँले ख्रीष्ट येशूलाई इस्राएली जाति तिनीहरूको स्वदेशमा फिर्ता ल्याउने जिम्मा दिनुभयो। यसकारण परमप्रभुका दासले यी मानिसहरूलाई 'आफ्नो स्वदेशमा फर्क' भन्ने आह्वान दिनुहुनेछ र सारा बाटोभरि तिनीहरूको यात्राको निम्ति उपयुक्त अवस्थाहरू प्रबन्ध गर्नुहुनेछ। तिनीहरू संसारको चारैतिरबाट आउनेछन्, अँ, सिनिम देशजत्तिकै टाढ़ाबाट समेत आउनेछन्। किनकि सिनिम देशचाहिँ चीन देश होला। जुन बेलामा इस्राएली जातिले यस प्रकारले उहाँको सान्त्वना र दया अनुभव गर्नेछ, त्यस बेलामा संसारको लागि यो एउटा खुशीको दिन हुनेछ।

**यशैया ४९:१४-१६:** तर त्यस बेलासम्म सियोन शहरको हालत केकस्तो होला त? यसले आफूलाई आफ्ना प्रभुबाट बिर्सिएको ठान्छ। तर परमप्रभुले यसलाई दिनुभएको जवाफ सुन्नुहोस्: एउटी आमाले आफ्नो दूधे बालकलाई बिर्सन सक्छे, तर उहाँले आफ्नो शहर कहिल्यै बिर्सन सक्नुहुनेछैन। सियोन उहाँका हातका हत्केलाहरूमा खोपिएको छ, अनि यसका पर्खालहरू उहाँको मन र उहाँको सम्झनाबाट कहिल्यै हट्‌दैनन्। परमप्रभुका हातका हत्केलाहरूको सन्दर्भ हामी सहजै ख्रीष्ट येशूले प्रेमले हाम्रा निम्ति सहनुभएका चोटहरूसित जोड्छौं। एकजना महान् अङ्ग्रेजी इसाई कविले यो कुरा अति सुन्दर ढङ्गले यसरी व्यक्त गरेका छन्:

> 'मेरो नाम उहाँका हातका हत्केलाहरूबाट कहिल्यै,
> अँ, कहिल्यै अनन्तसम्म मेटिनेछैन;
> किनभने उहाँको हृदयमा यो अङ्कित छ, र
> अनुग्रहका अमिट चिन्हहरूको रूपमा यो त्यहाँ रहि नै रहनेछ।'
> श्री अगस्टस टोप्लेडी

**यशैया ४९:१७-१८:** जब ध्वस्त पार्ने टोलीले यरूशलेम शहर छोड्छ, तब इस्राएलीहरू हतार-हतार सियोनकहाँ फर्किरहेका हुन्छन्। अनि यस शहरमा भेला भएका भीड़ैभीड़ मानिसहरू केजस्तै देखिन्छन्? तिनीहरू त दुलहीका गहनाहरूजस्ता छन्।

**यशैया ४९:१९-२१:** इस्राएल देशका ध्वस्त पारिएका र उजाड़ पारिएका ठाउँहरूमा जनसङ्ख्याको विस्फोट वृद्धि हुनेछ। यति धेरै

यहूदीहरू कहाँबाट आए? सियोन यसमा आश्चर्यचकित हुनेछ; किनभने यो शहर विधवा भएको यति लामो समयसम्म भइसकेको थियो।

**यशैया ४९:२२-२३:** प्रभु यहोवाले एउटा सङ्केत दिनुहुन्छ, अनि यस सङ्केतमा देशहरूले देशनिकालामा रहेका यहूदीहरूलाई तिनी-हरूको स्वदेशमा फर्काएर लैजानको निम्ति एउटा ठूलो बिमान-सेवा स्थापित गर्नेछन्। अन्यजाति राजाहरूले परमेश्वरका जनहरूको सेवा गर्नेछन्, र इस्राएली जातिले त्यस बेलामा महसुस गर्नेछः अन्तिम आएर तिनीहरूले परमप्रभुको बाटो हेरेकाचाहिँ असल प्रतिफल दिँदो रहेछ!

**यशैया ४९:२४-२६:** यत्रो शक्तिशाली तानाशाहबाट छुटकारा पाउने सम्भावनाको बारेमा बेबिलोनमा भएका कैदीहरूलाई शङ्काहरू लाग्ला। तर तिनीहरूलाई थाहा होस् कि परमप्रभुले तिनीहरूका शत्रुहरूसँग लड्नुहुनेछ र तिनीहरूका छोराछोरीहरूलाई बचाउनुहुनेछ। अनि जब अत्याचारीहरूले आफूले छरेका कुराहरूको कटनी गर्नेछन्, तब संसारका मानिसहरूले परमप्रभु इस्राएलका उद्धारक र तिनीहरूका छुटाउनेवाला हुनुहुन्छ, उहाँ याकूबका शक्तिशाली जन हुनुहुन्छ भन्ने कुरा थाहा पाउनेछन्।

## आ) यशैया ५०: मसीह साँचो चेला हुनुभएको

**यशैया ५०:१-३:** परमप्रभुले इस्राएली जातिसँग मनको कुरा गरेर तिनीहरूलाई सम्झना गराइदिनुभयो कि उहाँले कुनै तुच्छ, मामुली कारणले गर्दा तिनीहरूसँगको सम्बन्ध विच्छेद गर्नुभएन; (यद्यपि यर्मिया ३:८ पद-अनुसार उहाँले तिनीहरूसँग सम्बन्ध विच्छेद गर्नुभएको हो रहेछ); अनि उहाँलाई यस अन्यजाति राष्ट्रको ऋण लागेको कारणले उहाँले तिनीहरूलाई कल्दीहरूको हातमा सुम्पिदिनुभएको पनि हिइन। होइन, तर यसको एकमात्र कारणचाहिँ तिनीहरूका अधर्म र तिनीहरूका अपराधहरू पो थिए। किनकि यस इस्राएली जातिमा कसैले पनि उहाँलाई उहाँ आउनुहुँदा स्वागत गरेन, र उहाँले बोलाउनुहुँदा कसैले पनि जवाफ दिएन। के तिनीहरूको विचारमा उहाँ तिनीहरूलाई छुटकारा दिन नसक्ने गरी शक्तिहीन हुनुहुन्थ्यो, कि के हो? के उहाँले लाल समुद्र र यर्दन नदी सुकाउनु-भएको थिएन र? के उहाँले आकाश शोकको कालो वस्त्र लगाइदिनुभएको थिएन र?

**यशैया ५१:४-९:** अब मसीहको निम्ति बोल्ने पालो आयो। पुरानो नियमको समयमा यहूदी जातिले परमप्रभुलाई तिरस्कार गरेको थियो भने, यही जातिले नयाँ नियमको समयमा प्रभु येशूलाई पनि तिरस्कार गऱ्यो। उहाँ साँचो चेला भएर आउनुभयो; परमेश्वरले उहाँलाई उपयुक्त वचन बोल्न सिकाउनुहुन्थ्यो। हरेक बिहान उहाँको कान आफ्नो पिताबाट निर्देशनहरू पाउन खुला हुन्थ्यो; हरेक दिन उहाँले आदेशहरू पाउनुहुन्थ्यो। परमेश्वरको इच्छा पालन गर्नमा उहाँको आनन्द हुन्थ्यो, यसको मतलब क्रूसमा जानु किन नहोस्। उहाँ कहिल्यै पछि हट्नुभएन, तर राजी-खुशीले उहाँले आफैलाई कष्ट र शर्ममा सुम्पिदिनुभयो। उहाँले यरूशलेम जान आफ्नो अनुहार चकमकको ढुङ्गाझैं सुदृढ़ पार्नु-भयो; किनकि परमेश्वरले उहाँलाई निर्दोष ठहराउनुहुने कुरामा उहाँ पूरा विश्वस्त हुनुहुन्थ्यो। अनि उहाँ पुनरुत्थानमा धर्मी ठहरिनुभयो। अब उहाँले शत्रु शैतानलाई उहाँलाई दोषी ठहराउने चुनौती दिनुहुन्छ। (अब हामी पनि त्यही चुनौती शैतानको विरोधमा प्रयोग गर्न सक्छौं, रोमी ८:३१-३९)। किनकि उहाँका सबै शत्रुहरू माउ-कीराले खाएको लुगाझैं थोत्रा हुँदै जानेछन्।

**यशैया ५०:१०:** अनि यस अध्यायका अन्तिम दुईवटा पदहरूले दुई प्रकारका

मानिसहरूलाई प्रस्तुत गर्छन् । पहिला मानिसहरू यी हुन्, जो परमप्रभुमाथि निर्भर भएर हिँड्छन् । उनीहरू मार्गदर्शन र अगुवाइ पाउने आफ्नो आवश्यकता मानिलिन्छन् । अनि उनीहरूको निम्ति परमेश्वरको सरसल्लाह यस प्रकारको छः उनीहरूले परमप्रभुको नाममाथि भरोसा राखून्, अनि उनीहरू आफ्नो परमेश्वरमाथि भर परून् । तब उनीहरूको जीवन प्रकाशले उज्यालो-उज्यालै हुनेछ ।

**यशैया ५०ः११ः** दोस्रो प्रकारका मानिसहरू ती हुन्, जसलाई ईश्वरीय मार्गदर्शन र अगुवाइको खाँचो नभएको लाग्छ; यसकारण तिनीहरूले आफ्नो मार्गदर्शन जुनै हालतमा पनि आफैले गर्ने कोशिश गर्छन् । हो, यस्ताहरू आफ्ना झिल्काहरूको उज्यालोमा हिँड्न सक्छन्, तर परमप्रभुले निश्चित गर्नुभयो, कि तिनीहरू पीड़ामा पड़िरहनेछन् ।

### इ) यशैया ५१ः१-५२ः१२ः मसीह धर्मी शासक हुनुभएको

**यशैया ५१ः१-३ः** इस्राएली जातिमा जस-जसले छुटकारा खोज्दैथिए, तिनीहरू सबैले यो सम्झना गर्नुपर्छः परमप्रभुले तिनीहरूलाई मेसोपोटामियारूपी चट्टानको खानीबाट खोपेर निकाल्नुभयो । परमेश्वरले अब्राहाम र सारासँग अनुग्रही व्यवहार गर्नुभएको र उनीहरूलाई असङ्ख्य सन्तान दिनुभएको कुरा सम्झेर तिनीहरूले उत्साह लिनुपरेको थियो । अनि सियोनलाई सान्त्वना दिने उहाँको प्रतिज्ञा छँदैथियो; यसकारण तिनीहरू ढुक्कै र निर्धक्क हुनु थियो । याद गर्नुहोस्, यस खण्डमा यशैया ५१ः१, ५ र ७ पदमा ध्यानसित सुन्ने आह्वान तीन पल्ट दिइएको छ भने, जाग्ने आह्वान पनि तीनै पल्ट गरिएको हो (५१ः९, १७ र ५२ः१) ।

**यशैया ५१ः४-६ः** मसीह येशूले हजार वर्षको राज्यमा जाति-जातिका मानिसहरू र इस्राएली जातिमाथि शासन गर्नुहुनेछ । अनि उहाँको राज्यको अन्तमा आकाश र पृथ्वी नष्ट हुनेछन्, र विश्वास नगर्ने सबै मानिसहरू नाश हुनेछन्, तर परमेश्वरका जनहरू अनन्त-अनन्तसम्म सुरक्षित रहनेछन् ।

**यशैया ५१ः७-८ः** परमेश्वरले बाँकी रहेका भागरूपी आफ्ना जनहरूलाई सङ्कष्ट-कालका अँध्यारा दिनहरूमा मानिसहरूको निन्दा, गिल्ला र क्रोधदेखि नडराउने आग्रह गर्नुहुन्छ; किनकि दुष्ट मानिसहरूको विनाश तय गरिएको छ, र उहाँका जनहरूको छुटकारा सुनिश्चित छ ।

**यशैया ५१ः९-११ः** यसबाट बाँकी रहेका यहूदीहरूले परमप्रभुलाई निम्न विन्ती गर्ने आँट पाएः उहाँले आफ्ना जनहरूलाई छुटकारा दिऊन्, जसरी उहाँले तिनीहरूलाई मिस्र देश-बाट र फराओको हातबाट छुटकारा दिनुभएको थियो । ('रहब' शब्दले मिस्र देशलाई सङ्केत गर्छ; अनि अजिङ्गरले फाराओलाई चित्रण गर्छ) । किनकि दाम तिरेर छुटाइएकाहरूले पार गर्न सकून् भन्ने हेतुले उहाँले लाल समुद्रको पानी सुकाइदिनुभएको थियो । विगत समयमा परमेश्वरले यसरी नै तिनीहरूको पक्षमा हस्तक्षेप गर्नुभएको थियो; यसको आलो सम्झनाले तिनीहरूलाई छुटकारा पाएकाहरू कैदबाट सियोनमा फर्कने पूर्वानुमान गर्न सक्षम तुल्यायो । श्री एफ. सी. जेन्निङ्सले त्यो भावी घटना सुन्दर ढङ्गले वर्णन गरेका छन्ः

> 'जुन हर्ष र जुन आनन्द तिनीहरूले बितेको समयमा व्यर्थमा हासिल गर्न खोजिरहेका थिए, त्यस हर्ष र आनन्दको श्रीपेच अब तिनीहरूका टाउकाहरूमाथि लगाइनेछ; परमेश्वरलाई धन्यवाद होस्, अन्तमा त्यो हर्ष र त्यो आनन्द तिनीहरूको हुने भयो । अनि जुन आँधीबेह्रीबाट भएर तिनीहरू पार गए, त्यो आँधीबेह्री तिनीहरूका सबै सुस्केरा र आँसुहरू लिएर एउटा कालो बादलझैं उड़िजानेछ'। **59)**

**यशैया ५१ः१२-१३ः** चाहे त्यो तानाशाह त्यस समयका नबूकद्नेस्सर होऊन्, चाहे भावी समयमा पापको पुरुष किन नहोस्, त्यसको

आतङ्कदेखि डराउनेहरूको निम्ति परमप्रभुको सान्त्वनाको सन्देश छः तिनीहरूले परमप्रभुको भय मानून्, जसले आकाश फैलाउनुभयो र पृथ्वीका जगहरू बसाल्नुभयो। तब मरिजाने दुर्बल मानिसको डर तिनीहरूबाट हट्नेथियो।

*'कैदमा लगिएको कैदीले, त्यो खाड़लभित्र मर्नुनपरोस् र त्यसलाई त्यसको रोटीको घटी-कमी नहोस् भन्ने हेतुले मुक्त हुन हतार गर्छ'* (यशैया ५१:१४)। यी कैदीहरूचाहिँ त्यस समयमा फारसका राजा कोरेसद्वारा छुटाइएकाहरू थिए भने, यिनीहरू मसीह येशूको महिमित आगमनमा उहाँद्वारा मुक्त हुनेहरू पनि हुन्। परमप्रभुले यो हुन आउन दिनुहुनेछ। उहाँ जो असीम उच्च हुनुहुन्छ, उहाँ अति नजिक पनि हुनुहुन्छ, र आफ्नो हातको छायाले आफ्ना जनहरूलाई ढाक्नुहुन्छ। उहाँले आफ्ना वचनहरू यस उद्देश्यले तिनीहरूको मुखमा हालिदिनुहुन्छ, कि तिनीहरू यस संसारमा उहाँका मिसनेरीहरू हुन सकून्। सोह्र पदको अर्थ प्रभु येशूमाथि पनि लागू गर्न सकिन्छ। परमेश्वर पिताले आफ्ना वचनहरू मसीह येशूको मुखमा हालिदिनुभयो, उहाँको रक्षा गर्नुभयो र उहाँलाई यस हेतुले सक्षम तुल्याइदिनुभयो, कि उहाँले हजार वर्ष राज्यको अवधिमा नयाँ आकाश र नयाँ पृथ्वी स्थापित गर्न सकून् र सियोनलाई भनून्ः 'तँ मेरो प्रजा होस्।'

**यशैया ५१:१७-२०ः** येरूशलेमले सहेका दुःखकष्टहरूको कालो रात बितेपछि परमप्रभुले 'हे यरूशलेम, जाग्, जाग्!' भनेर यरूशलेमलाई विन्ती गर्नुहुन्छ। किनकि त्यस कालो रातमा यसका छोराहरूमध्ये कसैले पनि यसलाई डोऱ्याउन सक्दैनथियो, अनि अनिकाल र तरवारले यो शहर ध्वस्त पाऱ्यो, र यसका पुरुषहरू असहाय भएर जालमा परेको चित्तलझैं सड़कहरूको सिरानमा पड़िरहेका थिए।

**यशैया ५१:२१-२३ः** उहाँले यरूशलेमबाट धरमराइदिने आफ्नो क्रोधको कचौरा लिनुहुनेछ र त्यो कचौरा यसका शत्रुहरूलाई दिनुहुनेछ, जो अति निर्दयी र क्रूर थिए र जो परमेश्वरले तिनीहरूको निम्ति निर्धारित गर्नुभएका सीमा-हरू नाघेर गए।

**यशैया ५२:१-२ः** आफ्नो निर्वासनको निद्राबाट उठ्न सियोनलाई फेरि पनि 'जाग्, जाग्' भन्ने आह्वान गरिएको छ, र 'आफ्ना सुन्दर वस्त्रहरू पहिरी' भन्ने आज्ञा दिइएको छ। अन्यजातिहरूले यसलाई फेरि कहिल्यै फेरि आक्रमण गर्नेछैनन्। हो, यो कुरा एक दिन सत्य ठहरिनेछ; किनकि यस वचनले परमेश्वरको राज्यको शुरु ताकेको छ।

**यशैया ५२:३-५ः** इस्राएली जातिलाई बेचिँदा कसैलाई कुनै आर्थिक लाभ भएन; अनि विनापैसा यसलाई दाम तिरेर छुटाइनेछ। शुरुमा इस्राएलीहरू मिस्र देशमा परदेशी पाहुनाको रूपमा गएका थिए; तर समय बित्दै जाँदा त्यहाँ तिनीहरूको दुर्व्यवहार गरियो। त्यसपछि अश्शूरीहरूले तिनीहरूलाई विना-कारण थिचोमिचो गरे, यसैमा यिनीहरूको आर्थिक लाभ थिएन। अनि अहिले फेरि पनि अत्याचारीहरूले परमेश्वरका जनहरूलाई थिचोमिचो गरिरहेका थिए, जुन अत्याचारी-हरूले परमप्रभुलाई यसको निम्ति कुनै दाम दिएनन्। तिनीहरूलाई दमन गर्ने बाहिरका शासकहरू हर्षित थिए, र परमेश्वरको नामको निन्दा भइरहेको थियो। तर उहाँले आफ्ना जनहरूको पक्षमा आफूलाई शक्तिशाली देखाउनुहुनेछ, र तिनीहरूले जान्नेछन्ः उहाँ एक होनहार मात्र होइन, तर बिलकुल त्यही हुनु-हुन्छ, जो उहाँले हुन्छु भनेर भन्नुभएको थियो।

**यशैया ५२:७-१०ः** आउँदा पदहरूमा संसारभरि तितरबितर भएका यहूदीहरू आफ्नो स्वदेशमा फर्केर आएको कार्य बयान गरिएको छ। निर्वासनबाट फर्किआउने मानिसहरू पहाड़हरूहुँदो यात्रा गरेर सियोनतिर आइरहेको

बेलामा तिनीहरूभन्दा अघि त्यहाँ समाचार-वाहकहरू आउनेछन्, जसले मसीहको राज्य आएको सुसमाचारको घोषणा गर्छन्। यरूशलेमका पर्खालहरूमाथि पहरेदारहरूले खुशीले गीत गाउनेछन्; किनकि यिनीहरूले परमपप्रभुलाई भीड़ैभीड़ मानिसहरूको सिरानमा फर्कंदै गर्नुभएको देख्नेछन्। 'हे यरूशलेमहो, परमप्रभुको शक्तिशाली छुटकारा मना' भनेर यसलाई हाजिर हुने आदेश दिइन्छ।

**यशैया ५२ः११-१२ः** 'हे मन्दिरका भाँड़ाहरू बोक्नेहरूहो, शुद्ध होओ !' यसरी नै निर्वासनको देशका सबै अशुद्धताहरू आफ्नो पछाड़ि छोड़ि-राख्ने आग्रह गरिएको छ; किनभने तिनीहरूले यी भाँड़ाकुँड़ाहरू यरूशलेममा लाँदैथिए। आतङ्क वा डरले भयभीत भई तिनीहरूले कैदको देश छोड्नेछैनन्; किनकि इस्राएलका परमेश्वर तिनीहरूको अगाड़ि र पछाड़ि तिनीहरूका रक्षक हुनुहुनेछ।

### ई) यशैया ५२ः१३-५३ः१२ः मसीह पाप उठाइलैजाने बलिदान हुनुभएको

यस अध्यायका अन्तिम पदहरू वास्तवमा त्रिपन्न अध्यायमा गाभिनुपर्छ। किनकि यी पदहरूमा परमप्रभुका दासको इतिहास बयान गरिएको छः उहाँ पृथ्वीमा जिउनुभएको उहाँको जीवनदेखि कुरा उहाँको क्रूसको मृत्युसम्म अघि बढ्छ र त्यसपछि उहाँको महिमित आगमनमा पुग्छ। श्री अडोल्फ सफिरचाहिँ एक हिब्रू इसाई हुन्; पूरा उत्तेजित भई तिनले ख्रीष्ट येशूको क्रूसको मृत्युको विषयमा दिइका भविष्यवाणी-हरूमध्ये यस सबैभन्दा ठूलो भविष्यवाणीको विषयमा निम्न कुरा लेखेका छन्:

> 'तँ अनमोल अध्याय, तँ धन्य होस् ! किनकि तैंले परमेश्वरको करारबद्ध प्राचीन जातिका धेरै मानिस-हरूलाई ख्रीष्टको क्रूसको फेदमा पुऱ्याउन सकिस् – त्यस क्रूसकहाँ, जसमाथि 'येशू ख्रीष्ट, यहूदी-हरूका राजा !' भनेर लेखिएको थियो। अनि ओहो, पछिल्ला दिनहरूमा तेरो विषयमा अरू बढ़ी के-के महिमित कुरा भनिनेछ, जब पश्चात्ताप गर्ने र विश्वास गर्ने इस्राएली जातिले उहाँलाई हेर्नेछ, जसलाई तिनीहरूले छेड़ेका थिए; किनकि तिनीहरूले ठूलो सोरले यसरी उद्घोषणा गर्नेछन्: "निश्चय उहाँले हाम्रा दुःखहरू उठाउनुभएको र हाम्रा शोकहरू बोक्नु-भएको हो; तर पनि हामीले उहाँलाई परमेश्वरद्वारा हिर्काइनुभएको, पिटिनुभएको र कष्टमा पारिनुभएको ठान्यौं।" ' 60)

**यशैया ५२ः१३ः** *'हेर, मेरो दासले बुद्धिमानीसँग काम गर्नेछ।'* परमप्रभुका दासले यस पृथ्वीमा सेवा गर्नुभएको पूरा अवधि-भरि विवेकशील व्यवहार गर्नुहुन्थ्यो। अनि उहाँ पुनरुत्थानमा उच्च पारिनुभयो; उहाँ स्वर्ग-आरोहणमा माथि उचालिनुभयो र परमेश्वरको दाहिने हातपट्टि उहाँ महिमामा अति उच्च हुनुभयो।

**यशैया ५२ः१४ः** उहाँको पहिलो आगमनमा, उहाँले सहनुपरेको उहाँको गहिरो पीड़ामा धेरैजना अवाक् भए। किनकि उहाँको अनुहार र उहाँको शरीर चिन्न नसकिने गरी ज्यादा बिग्रिएको थियो, मानिस हो कि होइन भैं गरी।

**यशैया ५२ः१५ः** तर जब उहाँ फेरि आउनुहुनेछ, तब उहाँको महिमाको गौरव देखेर एन.के.जे.वी. र अन्य बाइबलहरूको पार्श्व-अनुसार 61) मानिसहरू आश्चर्यचकित हुनेछन्। अन्यजाति राजाहरू उहाँको महिमा देखेर निःशब्द हुनेछन्। तब यिनीहरूले गलगथाको विनम्र मानिसचाहिँ राजाहरूका राजा र प्रभुहरूका प्रभु हुनुहुँदो रहेछ भन्ने कुरा बुझ्नेछन्।

> के तपाईंको परमेश्वरले तपाईंलाई त्यागनुभएको ?
> के तपाईंको ठूलो आवश्यकताबाट उहाँले आफ्नो
> अनुहार लुकाउनुभएको ?
> तर अघि एक समयमा बिग्रिएको र पिटिएको
> तपाईंको अनुहारमा हामी अहिले उहाँको सारा महिमा
> देख्दैछौं।
>
> सुश्री सी. थम्पसन

**यशैया ५३:१:** इस्राएली जातिबाट बाँकी रहेकाहरूले, जसले पश्चात्ताप गरे, याद गरेका छन्: हो, जुन बेलामा मसीह येशूको पहिलो आगमनको विषयमा समाचार प्रचारियो, त्यस बेलामा धेरै मानिसहरूले त्यस शुभ सन्देशमा विश्वास गरेनन् । अनि यही कारणले परमप्रभुको बचाउने शक्ति धेरैकहाँ प्रकट भएन ।

**यशैया ५३:२:** प्रभु येशू यस पापी संसारमा एउटा अजिब, कलिलो विरुवाजस्तै परमप्रभुको आनन्दित नजरको सामु बढ्नुभयो, र हुर्कनुभयो । उहाँ सुक्खा जमिनबाट निस्केको जराजस्तै हुनुहुन्थ्यो । इस्राएली जाति त्यो सुक्खा जमिन थियो, त्यो सबैभन्दा नालायक माटो थियो । इस्राएली जातिले उहाँमा कुनै सुन्दरता देख्न सकेन; उहाँको रूपमा तिनीहरूलाई आकर्षण गर्ने केही पनि थिएन । श्री एफ. बी. मेयरले उहाँको विनम्रतामा झल्किरहेको रहस्य यसरी वर्णन गरेका छन्:

> 'उहाँलाई हेर्नुहोस्, त्यो कलिलोविरुवा, जसको मुनाले दुःखको साथ कड़ा जमिनको परतबाट भएर धकेल्दै आफ्नो बाटो खोजेको ! तब उहाँमा प्राकृतिक आकर्षण किन नभएको ? अनि यस शब्दचित्रले नयाँ नियममा आफ्नो पूरा अर्थ पाएको छः ख्रीष्ट येशू देहातको छोरा हुनुहुन्थ्यो, जसको प्रथम ओछ्यान एउटा डुँड़ पो थियो, र जसको हुर्काइ-बढ़ाइ निक्कै नम्र, निक्कै साधारण थियो । माछा मार्नेहरू उहाँले छान्नुभएका चेलाहरू थिए; दैनिक गरिबी उहाँको भाग थियो; साधारण मानिसहरू उहाँका निष्ठावान् प्रशंसकहरू थिए; उहाँको क्रूसका दुवैपट्टि चोर र कुकर्मीहरू थिए; अनि उहाँको मण्डलीका सदस्य-सदस्याहरू तुच्छ र गरिब थिए । यो साँच्चै विनम्रता भनिन्छ । तर उहाँ मानिस हुनुभएको भागमा यस्ता-यस्ता असुहाउँदा कुराहरू त थिए, तर यी विनम्र कुराहरू र उहाँ कस्ता-कस्ता उचाइहरूबाट आउनुभयो, सो कुराको बीचमा छुट्ट्याउन गाह्रो छ'।[62]

**यशैया ५३:३:** तुच्छ ठानिनुभएको र त्यागिनुभएको उहाँ ! शोकहरूको मानिस उहाँ ! दुःखकष्टहरूसँग सुपरिचित हुनुभएको उहाँ ! मानिसहरूको निम्ति उहाँ घृणित हुनुहुन्थ्यो; इस्राएली जातिले पनि उहाँको कदर गर्दैनथियो ।

> 'शोकहरूको मानिस' - परमेश्वरको पुत्रको निम्ति यो
> कुन प्रकारको नाम ?
> उहाँको निम्ति, जो नाश हुन लागेका पापी मानिस-
> हरूलाई बचाउन आउनुभएको,
> हल्लेलूयाह, उहाँ कति अद्‌भुत मुक्तिदाता हुनुहुन्छ !
>
> उहाँले कत्रो शर्म भोग्नुभएको, छिः , कत्रो निन्दा
> सहनुभएको,
> मेरो स्थान लिएर उहाँ नै दोषी हुनुभएको,
> आफ्नो पवित्र रगत बगाईकन उहाँले मेरो पापको क्षमा
> सुनिश्चित गर्नुभएको
> हल्लेलूयाह, उहाँ कति महान् मुक्तिदाता हुनुहुन्छ !
>
> श्री फिलिप पी. ब्लीस

**यशैया ५३:४-६:** बाँकी रहेका यहूदीहरूले अब त उहाँको विषयमा सत्य के हो, सो जान्दथिए र मुखले स्वीकार गर्दैथिए । तिनीहरूले मानिलिएः 'हो, उहाँले हाम्रै दुःखहरू उठाउनुभएको र हाम्रा शोकहरू बोक्नुभएको हो ! हामीले उहाँलाई क्रूसमा झुन्डिनुभएको देखेको बेलामा के सोचेका थियौं भने, उहाँले त आफ्ना पापहरूको खातिर परमेश्वरबाट दण्ड पाउनुभएको । तर यसो कहाँ थियो र ! यो सब त हाम्रा अपराधहरूको निम्ति, हाम्रै अधर्महरूको निम्ति र हाम्रो शान्तिको निम्ति पो भएको थियो, हामी निको हुन सकौं भनेर । साँचो र सत्य कुरा के हो भने, हामीले पो बाटो बिराएका थियौं, र हामी पो आफ्नै इच्छा-अनुसार चलेका थियौं, तर परमप्रभुले हामी सबैको अधर्म उहाँमाथि राखिदिनुभयो – उहाँमाथि, जो पापरहित हुनुहुन्थ्यो, जो हाम्रो ठाउँ लिने स्थानापन्न पापबलि हुनुहुन्थ्यो ।'

त्यो समय आउला, जब बाँकी रहेका यहूदीहरूले उहाँलाई यसरी स्वीकार गर्लान्;

त्यस बेलासम्म हामी इसाईहरूले निम्न कुरा स्वीकार गर्न सक्छौं:

उहाँ हाम्रा अपराधहरूको निम्ति घायल हुनुभएको,
उहाँले आफ्नो शरीरमा हाम्रा पापहरू बोकेर क्रूसमाथि लानुभएको;
हाम्रो दोषको सट्टामा उहाँले हामीलाई शान्ति दिनुभएको,
हाम्रो बन्धनबाट उहाँले हामीलाई छुटकारा दिनुभएको,
अनि उहाँका कोर्राका चोटहरूले, अँ, उहाँका कोर्राका चोटहरूले, हो, उहाँका कोर्राका चोटहरूले हाम्रो मन र आत्मा निको भएको ।

उहाँ अपराधीहरूसँग गनिनुभएको,
हामीले उहाँलाई परमेश्वरबाट त्यागिनुभएको ठानेका;
हाम्रो पापबलिको रूपमा उहाँ मर्नुभएको,
किनकि व्यवस्थाको माग पूरा हुनु थियो,
अनि हाम्रा सबै पापहरू, अँ, हाम्रा सबै पापहरू,
हो, हाम्रा सबै पापहरू उहाँमाथि लादिएका ।

हामी सबै बरालिएर, हो, हामी सबै बरालिएर,
भेड़ाहरूको गोठालाको गोठबाट टाढ़ा पुगेका,
तर खुला, नाङ्गा पहाड़हरूहुँदो जताततै उहाँले हामीलाई खोज्नुभएको र हामीलाई घरमा ल्याउनुभएको, अँ, उहाँले हामीलाई घर ल्याउनुभएको,हो, उहाँले हामीलाई सुरक्षाको साथ परमेश्वरको घरमा ल्याउनुभएको हो ।

श्री थोमस ओ. चिसोम

हाम्रा प्रभु येशूले पाँच किसिमका चोटहरू, अँ, चिकित्सा विज्ञानले जानेजत्तिका चोटहरू सहनुभयो, जस्तैः क) नीला डामहरूः डन्डीले प्रहार गर्दा लाग्ने चोट; ख) छियाछिया पार्ने चोटहरू अर्थात् कोर्राको चोट; ग) गहिरा चोटहरू अर्थात् काँड़ाहरूको मुकुटबाट आएका चोटहरू; घ) तीखोसँग घोच्ने वा छेड्ने चोटहरू, कीलाहरूबाट आएका चोटहरू; ङ) भालाबाट लागेको, मासु गहिरोसँगले काटिएको ठूलो चोट ।

**यशैया ५३ः७-८ः** एउटा भेड़ा जस्तै छ, ठीक त्यस्तै अर्थात् आफ्ना ऊन कत्रनेहरूको सामु चुप लागेझैं प्रभु येशूले गुनासो नगरीकन क्रूसको दुःख सहनुभयो । उहाँलाई न्यायसँगत न्यायजाँच नदिई उहाँ हतार-हतार झ्यालखानाबाट लगिनुभयो (अथवा अर्को अनुवाद-अनुसार 'थिचोमिचो र अन्यायद्वारा उहाँलाई लगिएको') । अनि उहाँको निम्ति कुनै भावी वंश हुनु असम्भव देखिन्थ्यो; किनभने उहाँलाई जवानीमा हटाइएको थियो, अँ, मानिसहरूका पापहरूको खातिर उहाँलाई मारिएको थियो ।

**यशैया ५३ः९ः** दुष्ट मानिसहरूले उहाँलाई अपराधीहरूसँगसँगै गाड्ने युक्ति रचे, तर परमेश्वरले यसो हुन दिनुभएन । होइन, उहाँ आफ्नो मृत्युमा धनीसँग पो हुनुभयो; किनकि उहाँ अरिमथियाका यूसुफको एउटा नयाँ चिहानमा गाड़िनुभयो । मानिसहरूले उहाँको निम्ति एउटा लाजमर्दो दफन योजना गरे; तर उहाँले कुनै पनि खराबी गर्नुभएको थिएन, न ता कुनै किसिमको छल वा झूट बोल्नुभएको थियो ।

**यशैया ५३ः१०-११[क]ः** यसो भए पनि उहाँलाई चोटैचोट पार्नु र उहाँलाई कष्टमा सुम्पनु परमप्रभुलाई सठीक लाग्यो । प्रभु येशूको प्राण एउटा पापबलि भयो; यसकारण उहाँले आफ्नो वंश देख्नुहुनेछ; उहाँको वंश भन्नाले उहाँमाथि विश्वास गर्नेहरूलाई बुझिन्छ । उहाँले आफ्ना दिनहरू बढ़ाउनुहुनेछ; यसर्थ अविनाशी जीवनको शक्तिअनुसार उहाँ अनन्त-अनन्तसम्म जिउनुहुनेछ । अनि उहाँद्वारा नै परमेश्वरका सबै उद्देश्यहरू पूरा हुने नै छन् । आफ्नो रगतद्वारा छुटकारा पाएकाहरूको भीड़ देखेर उहाँ पूरा सन्तुष्ट हुनुहुनेछ ।

**यशैया ५३ः११[ख]ः** *'मेरो धर्मी दासले आफ्नो ज्ञानद्वारा धेरैलाई धर्मी ठहराउनेछ ।'* क) यस वाक्यको अर्थ यो हुन सक्छः परमेश्वर पिताको इच्छा जानेर उहाँ क्रूसमा जानुभयो; अनि अब उहाँले आफ्नो मृत्यु र पुनरुत्थानको शक्तिमा विश्वासीहरूलाई धर्मी ठहराउन सक्नुहुन्छ । अथवा ख) यसको अर्थ यो हुन

सक्छः उहाँलाई चिन्ने मानिसहरू धर्मी ठहरिन्छन् (यूहन्ना १७ः३)। जेजस्तो होस्, उहाँले मानिसहरूका अधर्महरू बोक्नुभएको कारणले धेरै मानिसहरू धर्मी ठहरिन सम्भव भयो।

यशैया ५३ः४-६ पदको खण्डमा प्रस्तुत गरिएको श्री थोमस ओ. चिसोमको उक्त गीतको अन्तिम श्लोकको जयजयकार सुन्नुहोस्ः

> उहाँको वंश कसले गन्न सक्ला ?
> उहाँको क्रूसका सबै विजयहरू कसले बयान गर्ला ?
> लाखौंलाख मरेका मानिसहरू फेरि बाँच्नेछन्
> असङ्‌ख्य मानिसहरूले उहाँलाई पछ्याउनेछन्।
> विजयी हुनुभएको प्रभु येशू, अँ, विजयी हुनुभएको प्रभु येशू, हो, विजयी हुनुभएको प्रभु येशूचाहिँ आउनुहुने राजा हुनुहुन्छ !

**यशैया ५३ः१२ः** प्रभु येशूले पूरा गर्नुभएको त्राणको कामको अर्को परिणामचाहिँ यो होः परमप्रभुले उहाँलाई महान् व्यक्तिहरूसँग आफ्नो भाग दिनुहुनेछ। महान् व्यक्तिहरू भन्नाले पवित्र जनहरू बुझ्नुपर्ला, जसको एकमात्र महानता उहाँसँगको सम्बन्धमा छ। अनि उहाँले शक्तिशालीहरूसँग लुटको माल बाँड्नुहुनेछ। शक्तिशालीहरू भन्नाले यहाँ फेरि ख्रीष्ट-विश्‍वासीहरू बुझ्नुपर्ला, जो आफूमा कमजोर छन्, तर प्रभुमा बलिया छन्।

उहाँका महिमापूर्ण विजयको निम्ति चारवटा कारणहरू दिइएका छन्, जस्तैः क) उहाँले आफ्नो प्राण मृत्युमा पोखिदिनुभयो। ख) उहाँ अपराधीहरूसँग, ती दुईजना चोरहरूसँग गनिनुभयो। ग) उहाँले धेरै मानिसहरूका पापहरू बोक्नुभयो। घ) उहाँले अपराधीहरूको निम्ति अन्तर्विन्ती गर्नुभयो। श्री डेभिड ब्यारोनले यस प्रकारको टिप्पणी गरेका छन्ः

> ' "उहाँले अन्तर्विन्ती गर्नुभयो" भन्ने वाक्यमा हिब्रू भाषामा 'यफगिअ' भन्ने क्रियापद छ, जसको कालचाहिँ अपूर्ण भूतकाल हो अथवा टुङ्गा नहुने भविष्यकाल हो; यस क्रियापदको विशेष कालको अर्थ यस प्रकारको छः अन्तर्विन्तीको काम शुरु भएको हो, तर यो कार्य अझै पनि पूरा भएको छैन। अनि श्री फ्रान्ज डेलित्चले अवलोकन गरेअनुसार यो भविष्यवाणी सबैभन्दा उल्लेखनीय रीतिले पूरा भयो, जब क्रूसमा टाँगिनुभएको मुक्तिदाताले यसो भन्दै प्रार्थना गर्नुभयोः 'हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'। तर प्रभु येशूले क्रूसमा शुरु गर्नुभएको अन्तर्विन्तीको सेवकाई उहाँले अझै पनि परमेश्‍वरको दाहिने हातमा जारी राख्नुभएको छ, जहाँ इस्राएली जातिलाई पश्‍चात्ताप र पापहरूको क्षमा दिन उहाँ अहिले शासक र मुक्तिदाताको रूपमा विराजमान हुनुभएको छ'।[63]

समग्र रूपमा यस महान् खण्डको विरोध-आभासहरूको बारेमा श्री डी. एल. मुडीले यसरी टिप्पणी गरेका छन्ः

> 'तुच्छ ठानिनुभएको, र पनि ग्रहण गरिनुभएको र दण्डवत् गरिनुभएको, कसरी ? गरिब हुनुभएको, र पनि धनी हुनुभएको, कसरी ? मर्नुभएको, र पनि जीवित हुनुभएको, कसरी ? यसकारणले रब्बीहरूले भन्ने गर्थेः यस अध्यायमा प्रस्तुत गरिनुभएको मसीहको निम्ति कम्तीमा दुईजनालाई चाहिन्छ'।[64]

## उ) यशैया ५४ः मसीहले छुटकारा दिनुभएको र उहाँ पुनर्स्थापक हुनुभएको

**यशैया ५४ः१-३ः** यो अध्याय 'गीत गा' भन्ने शब्दबाट शुरु भएको कुनै संयोगको फल होइन। किनकि ख्रीष्ट येशूको मृत्यु, उहाँको दफन, उहाँको पुनरुत्थान र उहाँको स्वर्गारोहण प्रस्तुत गर्ने त्रिपन्न अध्यायपछि लगायत योजस्तै उपयोगी अरू कुनै शब्द हुन सक्दैन।

पहिलो पदले पहिले इस्राएली जातिको कैदी अवस्था देखाउँछः इस्राएली जाति एउटी बाँझी र त्यागिएकी स्त्री रहेछ। त्यसपछि यस पदले यस जातिको ठीक उल्टो अवस्था अर्थात् पुनर्स्थापित र छुटकारा पाएको जातिको रूपमा प्रस्तुत गर्छ, जसका सन्तानहरू धेरै छन् र जो

आनन्दित छ। प्रेरित पावलले गलाती ४ः२१-३१ पदको खण्डमा स्वर्गीय यरूशलेमको विरुद्धमा पृथ्वीमा भएको यरूशलेम शहरको सन्दर्भमा यो पद प्रयोग गरेका छन्। जन-सङ्ख्याको विस्फोट वृद्धिले गर्दा इस्राएल देशका सिमानाहरू निक्कै बढ़ाइनेछन्; इस्राएलचाहिँ जातिहरूको अगुवा हुनेछ, अनि परमेश्वरका जनहरूले त्यागिएका शहरहरूमा बसोबास गर्नेछन्।

**यशैया ५४ः४-८ः** तिनीहरूको युवा अवस्थारूपी मिस्र देशको दासत्वसित जुन शर्म र तिनीहरूको विधवापनरूपी बेबिलोनको कैदको अवस्थासँग जुन लाज सम्बन्धित थियो, त्यो सबको सब शर्म र लाज बिर्सिनेछ; किनभने परमप्रभुले इस्राएली जातिसित फेरि आफ्नो सङ्गति स्थापित गर्नुहुनेछ। अनि बेबिलोनको निर्वासनले चाहिँ परमेश्वरको क्रोधको क्षणिक झोंक चित्रण गर्छ भने, तिनीहरूको पुनर्स्थापनाचाहिँ उहाँको ठूलो कृपा र अनन्त दयाको प्रमाण हो।

**यशैया ५४ः९-१०ः** जसरी परमेश्वरले नूहसँग एउटा वाचा गर्नुभयो, त्यसरी नै इस्राएली जातिले एक हजार वर्षको राज्यमा प्रवेश गरेपछि यसले फेरि कहिल्यै उहाँको हप्की वा उहाँको क्रोध अनुभव गर्नेछैन भनेर उहाँले यहाँ प्रतिज्ञा गर्नुभयो।

**यशैया ५४ः११-१२ः** आँधीबेह्रीले यरूशलेमलाई कष्ट दिएको र हुत्त्याइदिए तापनि परमेश्वरले यसलाई पुनर्स्थापना गर्नुहुनेछ र यसको शोभा बढ़ाउनुहुनेछ। यसका ढुङ्गाहरू रङबिरङ रत्नहरू हुनेछन् र यसका जगहरू नीलमणिहरू हुनेछन्। यसका गजुरहरू, यसका मूलढोकाहरू र यसका पर्खालहरू बहुमूल्य पत्थरहरू हुनेछन्। यो यसको परम सुन्दरता व्यक्त गर्ने लाक्षणिक भाषा हो। श्री डीन अल्फोर्डले अङ्ग्रेजी भाषाको श्लोकमा यरूशलेमको उज्ज्वल भविष्य यस प्रकारले व्यक्त गरेका छन्ः

> क्षितिजभन्दा टाढ़ा आफ्ना आँखाहरू उठाऊ,
> तब तिमीले स्वर्गीय यरूशलेमका उठिरहेका धरहरा-
> हरू देख्नेछौ, जहाँ हाम्रा परमेश्वर वास गर्नुहुन्छ;
> अनि याद गर, त्यो सुन्दर घर हाम्रो हुनेछ!
>
> यसका सड़कहरू सूर्यकान्त मणिको चमकले झल्ल टल्किरहेका छन्, अनि यसका सुनका मूलढोकाहरू चम्किरहेका छन्। अनि त्यहाँ एउटा सुखको नदी बग्दैछ, जसका आनन्दहरू अनगिन्ती छन्।

**यशैया ५४ः१३-१५ः** त्यस समयमा सबैजनाले परमेश्वरको शिक्षा प्राप्त गर्नेछन्, अनि प्रशस्त समृद्धि हुनेछ। धार्मिकताले राज्य गर्नेछ। अबदेखि उसो कसैले आक्रमण गर्ला भन्ने डर, कसैले निर्वासनमा लाग्ला भन्ने डर अथवा कसैले थिचोमिचो गर्ला भन्ने डर हुनेछैन। किनकि जोकसैले इस्राएली जातिलाई कष्ट देला, त्यसको न्यायजाँच हुनेछ, र त्यसले सजाय पाउनेछ।

**यशैया ५४ः१६-१७ः** हतियार बनाउने लोहारलाई र नाश गर्ने आक्रमणकारीलाई सृष्टि गर्नुहुने परमेश्वर आफूले सृष्टि गर्नुभएका प्राणीहरूलाई आफ्नो नियन्त्रणमा राख्न सक्षम हुनुहुन्छ। परमप्रभुले आदेश दिनुभयोः इस्राएली जातिको विरुद्धमा रचिएको कुनै पनि हतियार सफल हुनेछैन; अनि इस्राएली जातिले यसको विरोधमा आरोप लगाउने हरेकलाई दोषी ठहराउनेछ। दोषमुक्त हुनु र सुनिश्चित विजय पाउनुचाहिँ परमप्रभुका दासहरूको अधिकारको भाग हो। यसरी परमेश्वरले तिनीहरूलाई यस शान्ति र समृद्धिको सुनौलो भावी युगमा धर्मी वा निर्दोष ठहराउनुहुनेछ।

### ऊ) यशैया ५५ः१-५६ः८ः मसीह संसार-भरि सुसमाचार प्रचार गर्ने प्रचारक हुनुभएको

**यशैया ५५ः१ः** यहाँ परमेश्वरका आत्माले 'मकहाँ फर्केर आओ' भनेर इस्राएली जातिकहाँ सुसमाचारीय निमन्त्रणा पठाउनुभएको हो, यसको साथसाथै एकै समयमा उहाँले संसारका

सबै मानिसहरूलाई सुसमाचारको भोजमा आउने निम्तो दिनुहुन्छ। यस भोजमा भाग लिने एकमात्र आवश्यकता तिर्खा हो, अर्थात् आफ्नो आत्मिक खाँचो बुझेको चेतना हो। पवित्र आत्मारूपी पानीबाट आउने आशिषहरू दाखमद्यरूपी आनन्द र परमेश्वरको उत्तम वचनरूपी दूध हुन्। यी आशिषहरू अनुग्रहका निःशुल्क दानहरू हुन्; यिनको निम्ति हामीले कुनै दाम र कुनै रकम दिनुपर्दैन।

**यशैया ५५ः२-५ः** परमेश्वरदेखि विरक्त भएको इस्राएली जातिले आफ्नो बल र आफ्ना स्रोतहरू बर्बाद गरिरहेको थियो। किनकि साँचो सन्तुष्टि र चिरस्थायी आनन्द परमप्रभुमा मात्र पाइन्छ। अनि इस्राएली जाति परमप्रभुकहाँ फर्क्यो भने, तिनीहरूले अनन्त वाचाअन्तर्गत दाऊदलाई प्रतिज्ञा गरिएका सबै अटल कृपाहरू प्राप्त गर्नेछन् (हेर्नुहोस् भजन ८९ः३, ४, २८ र २९)। यी आशिषहरू प्रभु येशूमा पूरा भए र उहाँको महिमित राज्यमा पूरा हुनेछन्। अन्यजाति राष्ट्रहरू पनि परमेश्वरको राज्यका लाभहरूमा सहभागी हुनेछन्; अनि इस्राएल र अन्य राष्ट्रहरूको बीचमा मैत्रीपूर्ण सम्बन्ध स्थापित हुनेछ।

**यशैया ५५ः६-७ः** आशिषको राजमार्ग-चाहिँ परमप्रभुको खोजी गर्न र पापलाई त्याग्नमा छ। यस प्रकारले परमप्रभुकहाँ फर्कनेहरूले उहाँलाई बड़ो कृपावान् र अति क्षमाशील भेट्टाउनेछन्।

**यशैया ५५ः८-९ः** मानिसहरूले आफ्नै विचारहरूले र आफ्नै तरिकाहरूले परमप्रभुको जाँचपड़ताल गर्नुहुँदैन। किनकि उहाँको विचार र उहाँको काम मानिसको कल्पनाको निम्ति अपार र अगम्य हुन्छन्। यो कुरा सुसमाचारमा प्रस्तुत गरिएको मुक्तिको योजनाको विषयमा पनि सत्य ठहरिन्छ, जुन मुक्तिको सारा प्रबन्ध सरासर परमेश्वरको अनुग्रहको बन्दोबस्त हो, जसमा कुनै मानिसको निम्ति आफ्ना कर्महरूको बारेमा गर्व गर्ने ठावैं छैन। श्री विलियम काउपरले 'सत्यता' नामक आफ्नो अङ्ग्रेजी कवितामा सुन्दर ढङ्गले यसरी व्यक्त गरेका छन्ः

> 'ओहो, मानिसका जटिल धर्मकर्महरूभन्दा कति
> फरक छ, यो स्वर्गको सजिलो, सरल, बोझरहित
> सुसमाचारको योजना !
> आफूप्रति आकर्षण गर्ने कुनै कुश छैन यहाँ,
> थुप्रो सजिसजाउ वा आभूषण पनि छैन यहाँ;
> डीङ, स्वाङ र धाकरहित, कुनै प्रकारको कमजोरी
> छैन यहाँ,
> प्रतापी, निर्मल नीलो आकाश सम्झिनुहोस् !
> यसको प्रवेशद्वारमा टाढ़ाबाट देखिने, ताराको
> उज्यालोजस्तो छरलङ्ग देखिने,
> हाम्रो आत्मालाई जाग्ने र फूर्ति दिने निम्न शब्दहरू
> लेखिएका छन्ः
> 'विश्वास गर र बाँच !'

**यशैया ५५ः१०-११ः** परमेश्वरको वचन पनि परेको पानीझरी र झरेको हिउँजस्तै प्रतिरोध गर्न नसकिने र प्रभावकारी हुन्छ। सारा संसारका सबै सेनाहरूले पानीझरी पर्न-देखि रोक्न सक्दैनन्; त्यसले आफ्नो उद्देश्य पूरा गर्छ-गर्छ। यसो हो भने, परमेश्वरको वचन आफ्ना उद्देश्यहरू प्राप्त गर्न कहिल्यै विफल हुँदैन। *'मेरो मुखबाट निस्कने मेरो वचन पनि त्यस्तै हुनेछ; त्यो मकहाँ रित्तो फर्किनेछैन, तर म जे चाहन्छु, त्यसले यो पूरा गर्नेछ, अनि जुन कुराको निम्ति मैले त्यो पठाएको छु, यसमा त्यो सफल हुनेछ'* (यशैया ५५ः११)।

**यशैया ५५ः१२-१३ः** परमप्रभुको खोजी गर्नेहरूले आनन्दसाथ कैदको देश छोड़िजानेछन् र शान्तिको साथ आफ्नो घरतिर यात्रा गर्नेछन्। सारा सृष्टि तिनीहरूको छुटकारामा रमाउनेछ। अनि जमिन श्रापबाट स्वतन्त्र हुनेछ, र प्रशस्त उब्जनी हुनेछ। किनकि काँड़ा र काँड़ेझ्याङ्गको सट्टामा अब सल्ला र मेहदीका रूखहरू उम्रनेछन्। हजार वर्षको राज्यका उक्त आशिषहरूले परमप्रभुमाथि

ख्याति ल्याउनेछन्, र यी आशिषहरू अनन्त चिन्ह ठहरिनेछन् अर्थात् उहाँको अनुग्रह र भलाइको अनन्त स्मृति-चिन्ह हुनेछन्।

**यशैया ५६:१-८:** परमेश्वरको छुटकाराको बाटो हेर्दै गरेका निर्वासितहरूलाई के आग्रह गरिन्छ भने, तिनीहरूले न्याय र धार्मिकता कायम राख्नुपर्छ र विश्राम-दिन पवित्र मान्नुपर्छ। अनि न विदेशीले, न नपुंसकले 'ओहो, म त ख्रीष्ट येशूको राज्यका लाभहरूबाट वञ्चित हुन्छु होला' भनेर डराउनुपर्छ। होइन, परमप्रभुको वचन पालन गर्नेहरूलाई उच्च पदहरू पो दिइनेछन्। अनि त्यस बेलाको मन्दिरचाहिँ इस्राएली जातिको निम्ति मात्र होइन, तर सबै जातिहरूको निम्ति पनि प्रार्थनाको भवन हुनेछ। परमेश्वरले इस्राएलको घरानाका मानिसहरूलाई बाहेक अन्यजातिहरूलाई पनि आफ्नो बगालमा र आफ्नो गोठमा भेला गर्नुहुनेछ।

### ए) यशैया ५६:९-५७:२१: मसीह दुष्टहरूको न्याय गर्नुहुने न्यायकर्ता हुनुहुन्छ

**यशैया ५६:९-१२:** नौ पदचाहिँ इस्राएली जातिका ती दिनहरूमा फर्कन्छ, जुन दिनहरूमा यसले परमप्रभुको विरोधमा विद्रोह गर्दैथियो। पशुरूपी राष्ट्रहरूलाई बोलाइन्छन्; किन? एउटा जातिलाई ताड़ना दिनको निम्ति, जसका पहरेदारहरू अन्धा छन्, जसले त्यो आउन लागेको खतरा देख्दैनन्। यिनीहरू गुँगा कुकुरहरूजस्तै छन्, जो भुक्दैनन् र जसले मानिसहरूलाई चेताउनी दिँदैनन्। यिनीहरू निद्रा-प्रेमी सपना-दर्शी हुन्। यिनीहरू त पैसाका लोभी, स्वार्थी, आफ्नै लाभ खोजिरहने गोठालाहरू हुँदा रहेछन्। यिनीहरूले आफ्ना साथिहरूलाई पिउन र मस्ती गर्न डाक्दछन् र भन्छन्: 'भोलि पनि आजको दिनजस्तै होस्, झन् मज्जाको दिन होस्।'

**यशैया ५७:१-२:** यस अध्यायका पहिला दुईवटा पदहरू अघिको खण्ड अर्थात् यशैया ५६:९-१२ पदहरूसँग जोड्नु उचित छ। किनकि यत्रो पाप र अत्याचारको वातावारणको बीचबाट धर्मी जनहरू सतावटद्वारा उठाएर लगिएका छन्। मानवीय दृष्टिकोणबाट हेर्नु हो भने, कसैले पनि यसको वास्ता गर्दैनथियो। तर परमेश्वरले यसको ख्याल गर्नुभएको हो। उहाँले भक्त जनहरूलाई विपत्तिबाट छुटकारा दिनुहुन्छ र उनीहरूलाई शान्ति र विश्राममा प्रवेश गराउनुहुन्छ।

**यशैया ५७:३-६:** देशनिकाला भएको अवस्थामा पनि कोही-कोही मानिसहरू छन्, जसले मूर्तिपूजा कायम राखेका रहेछन्। यही अर्थमा तिनीहरू चरित्रहीन बुबाआमाको वंश, अँ, एउटा व्यभिचारी पुरुष र एउटी वेश्याको बीचको सम्बन्धका सन्तानहरू हुन्। तिनीहरू परमप्रभुको ठट्टा गर्नेहरू हुन्; तिनीहरू अपराध र झूटका सन्तान हुन्। तिनीहरू बरपीपल-हरूको पूजा गर्न कामातुर हुन्छन्। तिनीहरूले आफ्ना छोराछोरीहरूलाई बेंसीहरूमा बाल देवता र मोलेकको निम्ति बालबलि गर्छन्।

**यशैया ५७:७-१०:** तिनीहरूले यी पहाड़ी थानहरूमा के गरिरहेका छन्? तिनीहरूले अरू केही होइन, तर सिर्फ मूर्तिहरूसँग व्यभिचार गर्दैथिए। अनि व्यवस्था ६:९ र ११:२० पदअनुसार आफ्ना घरका ढोकाहरूमा परमेश्वरको व्यवस्थाका केही खण्ड लेख्नको साटोमा तिनीहरूले ढोकाहरूको पछिल्तिर मूर्तिका चित्रहरू पो झुन्ड्याएका छन्, र सम्भोगमा संलग्न भएका छन्। तिनीहरूले मोलेकलाई उपहारहरू र भेटीहरू चढ़ाएका छन्, (मोलेकको अर्थ 'राजा' हो); अनि तिनीहरूले आफ्ना दूतहरू अधोलोकसम्म पठाएका छन्; किन होला? यो त त्यहाँबाट अझ नयाँ घृणित कामहरू खोजिनिकाल्नलाई पो हो। जब तिनीहरू अचाक्लीपनले वाक्क-व्याक्क हुन्छन्, तब तिनीहरू पछि हट्दैनन्,

तर तिनीहरू कहींबाट नयाँ बल पाएर नयाँ-नयाँ दुष्ट कामहरूतिर लम्कन्छन् ।

**यशैया ५७:११-१३:** तिनीहरूमा परमप्रभुको डर नभएको हुनाले तिनीहरू सजिलोसँग झूट बोल्छन्, र उहाँको सम्झना तिनीहरूको सोचाइमा आउँदै आउँदैन । अनि उहाँ चुप लाग्नुभएको कुरामा तिनीहरूले के अर्थ लगाउँछन् ? ओहो, उहाँप्रति तिनीहरूको आदर झन् बढ़ी हराउँछ ! तर उहाँले तिनीहरूको स्व-धार्मिकता र पाप पर्दाफास गरिदिनुहुनेछ, र त्यस बेलामा तिनीहरूका मूर्तिहरूले तिनीहरूलाई कुनै सहायता गर्नेछैनन् । हो, तिनीहरूका देवीदेवताहरू तिनीहरूलाई सहायता गर्न पूरा चुकिजानेछन् । तर जस-जसले परमप्रभुमाथि भरोसा राख्छन्, तिनीहरूले उहाँको आशिष अधिकार गर्नेछन् ।

**यशैया ५७:१४-१९:** परमेश्वरले निर्वासनमा रहेका विश्वासी जनहरूलाई प्रतिज्ञा गर्नुहुन्छः तिनीहरूको वापसीको निम्ति एउटा राजमार्ग निर्माण गरिनेछ, र हरेक अवरोध हटाइनेछ । किनकि उच्च र पवित्र स्थानमा वास गर्नुहुने परमेश्वर नम्र र चूर्ण हृदयमा पनि वास गर्नुहुन्छ । उहाँ आफूले सृष्टि गर्नुभएका प्राणीहरूसँग सदा बहस गरिरहनुहुनेछैन, नत्रता तिनीहरू उहाँको क्रोधमा नष्ट हुनेथिए । हो, परमेश्वरले आफ्ना लोभी, पछि हटिरहेका मानिसहरूको विरुद्धमा आफ्नो क्रोध पठाउनुभएको हो, तर उहाँको क्रोधमा एउटा सीमा छ । जो-जो मूर्तिपूजाबाट उहाँकहाँ फर्कनेछन्, तिनीहरूलाई उहाँले पुनर्स्थापित गर्नुहुनेछ, र तिनीहरूले उहाँकहाँ आफ्ना ओठको फल ल्याउनेछन् ।

**यशैया ५७:२०-२१:** यशैयाले दुष्टहरूलाई छाल उठेको समुद्रसँग अद्‌भुत तुलना गरेका छन्, जसको सुन्दर अङ्ग्रेजी भाव-अनुवाद निम्न प्रकारले गरिएको छः

> 'तर दुष्टहरूचाहिँ – तिनीहरू छाल उठेको समुद्र-जस्ता हुन्छन्, र शान्त रहन सक्दैनन्, तर त्यसको पानी सधैं उर्लिरहेको हुन्छ, र सधैं हिलो र माटो उर्लाउँछ !' 65)

धर्मी जनहरूलाई शान्ति हुनेछ, तर दुष्टहरूलाई अहँ, शान्ति कहिल्यै हुनेछैन ।

## ग) यशैया ५८-६६: इस्राएली जातिको पाप, यसको न्याय, यसको पश्चात्ताप र यसको पुनर्स्थापना

यशैयाको पुस्तकका अन्तिम नौ अध्यायहरूले विश्वासयोग्य हुनेहरूको र धर्मत्यागीहरूको भाग्य के हो, सो बयान गर्छन् । श्री अल्फ्रेड मार्टिनले यस खण्डको संक्षिप्त सार यसरी दिएका छन्ः

> 'परमेश्वरले इस्राएली जातिको निम्ति के-के साँचेर राख्नुभएको छ, सो महिमित समाप्ति यस पुस्तकको अन्तिम खण्डले वर्णन गर्छ; किनकि इस्राएली जाति परमप्रभुको दासका जनहरू हुन् र संसारकहाँ आशिष पुर्‍याउने परमेश्वरको प्रणाली र माध्यम हो । यस खण्डभरि विद्रोह गर्नेहरू र विश्वासयोग्य हुनेहरूको बीचमा ठूलो भिन्नता छ; अनि यस प्रकारको भिन्नता परमेश्वरको वचनको जुनै पनि विस्तृत खण्डमा धेरथौरै पाइन्छ ।' 66)

### अ) यशैया ५८: साँचो आत्मिकताबाट आउने आनन्दहरू

**यशैया ५८:१-५:** भविष्यवक्ता यशैयाले ठूलो स्वरमा यहूदाको अपराध सुनाउनुपर्छ । किनभने के देखिन्छ भने, आज्ञाकारी भएको जातिको नोकल गरेर यी मानिसहरूले साँच्चै धर्मका दैनिक रीतिहरू पूरा गर्नमा आनन्द लिन्थे । वास्तवमा तिनीहरूले परमेश्वरलाई तिनीहरूले उपवास गरेका र पछुतो मानेका तिनीहरूका कार्यहरूप्रति चासो नराख्नुभएको आरोप लगाएका छन् । तर परमेश्वरले तिनीहरूलाई उपवास गर्दा मोज गरेका तिनीहरूका मजदुरहरूबाट फाइदा उठाएका र झगड़ामा मुक्काको हानाहान गरेका आरोप लगाउनुहुन्छ । यस किसिमको उपवास

परमेश्वरले चाहनुभएको उपवासै होइन। साँचो उपवास शिर भुकाएको वा भाङ्ग्राको लुगा लगाएको कुरा होइन। यसमा हाम्रो शरीरको मुद्राको के मतलब? यसमा बाहिरी शोकको प्रदर्शनको निम्ति के काम? 67)

**यशैया ५८:६-८:** परमेश्वरले चाहनुभएको उपवासचाहिँ दुष्टताका साङ्लाहरू चुँड़ाल्नु हो, अत्याचारको जुवा फुकाउनु हो, भोकाहरूलाई खुवाउनु हो, गरिबहरूलाई आश्रय दिनु हो, नाङ्गोलाई लुगा लगाइदिनु हो र खाँचोमा परेको छिमेकीलाई सहयोग गर्नु हो। यस प्रकारको सामाजिक न्याय कायम राख्नेहरूलाई मार्गदर्शन, स्वास्थ्य र पहरदारे अनुरक्षण पाउने निश्चयता दिइएको छ। आठ पदमा 'तिम्रो धार्मिकता' भनेको उक्त कल्याण-कार्यहरू हुन सक्छन्, कि त यसको अर्थ परमेश्वरको धार्मिकता हुन सक्छ, जुन धार्मिकता उहाँ विश्वास गर्नेहरूको खातामा लगाइदिनुहुन्छ। यशैया ५८:५-८ पदहरूचाहिँ 'स्कटिश साल्टर' नामक भावअनुवादबाट उद्धृत गर्न लायक छन्:

तिम्रो कोमल दया शोषणको बोभ्कले लादिएका-हरूसँग बाँड़चुँड़ गर!

अनि असहाय, घरबारविहीन गरिबहरूमाथि तिम्रो विशेष वास्ता भइरहोस्।

जाऊ, र भोकाएका टुहुरालाई बोलाऊ; त्यो तिम्रो भरपूरीमा सहभागी भई आशिषित भएको होस्।

पथभ्रष्ट हुनेलाई तिम्रो घरको ढोकाबाट भित्र पस्ने निम्तो देऊ र त्यसको निम्ति आरामको बिछ्याउना तयार गर!

जसलाई चिसोले कक्रक्क पारेको छ, त्यसलाई न्यानो लुगा लगाएर आफूसँग न्यानोमा राख!

शोकमा डुबेकोलाई आनन्दित तुल्याउने आशिषमय काम तिम्रो होस्।

तबचाहिँ तिम्रा दिनहरू शान्ति र आनन्दमा बिहानीको उदयजस्तै उज्याला हुनेछन्,

अनि तिम्रा सबै मार्गहरूमाथि परमप्रभुको स्वर्गीय महिमा चम्किनेछ।

**यशैया ५८:९-१२:** भक्त जन यस कुरामा सुनिश्चित हुन सक्छः जब उसले परमप्रभुलाई पुकार्छ, तब उहाँले उसलाई 'म यहाँ छु' भनेर जवाफ दिनुहुन्छ। उसले थिचोमिचोको जुवा हटाओस्; उसले अरूलाई दोष लगाउन छोड़ोस्, उसले आरोप लगाउन वा गिल्ला गर्नको निम्ति औंला उठाउन छोड़ोस्; उसले बदनामी र निन्दा गर्ने काम छोड़ोस्; उसले मानिसहरूको आत्मिक र भौतिक खाँचो कम गरिदिओस्! तब उसको रात मध्यदिनमा परिणत हुनेछ; यो उसको निम्ति परमेश्वरको प्रतिज्ञा हो। उसले मार्गदर्शन, उत्तम खानेकुराहरूको प्रशस्त प्रबन्ध, स्वास्थ्य र बल, एउटा सुन्दर, फलवन्त जीवन पाउनेछ र राष्ट्रिय पुनर्स्थापनाबाट आनन्द उठाउनेछ। 'तिमीहरूका छोराहरूले तिमीहरूका शहरहरूका लामो समयसम्म उजाड़ रहेका भग्नावशेषहरू पुनर्निर्माण गर्नेछन्, र "आफ्ना पर्खाल र शहरहरू पुनर्निर्माण गर्ने मानिसहरू" भनेर तिमीहरूको सुनाम चल्नेछ' (बाह्र पद एल. बि.को अनुवादअनुसार)।

**यशैया ५८:१३-१४:** परमेश्वरका जनहरूले विश्राम-दिन 68) पवित्र मान्नुपरेको थियो; यसर्थ तिनीहरूले आफ्नो कामकाज, व्यवसाय र मोजमज्जाबाट अलग बस्नुपरेको थियो। तिनीहरूले परमेश्वरको पवित्र दिन आदरयोग्य सम्भनुचाहिँ आफ्नो हर्षको कारण ठानेका भए तिनीहरू यो दिन तिनीहरूलाई दिनुहुने परमप्रभुमा मग्न हुनेथिए, र उहाँले तिनीहरूलाई यस पृथ्वीमा एउटा अगुवाको स्थान ओगट्न दिनुहुनेथियो र तिनीहरूलाई त्यो अधिकारको भाग दिनुहुनेथियो, जुन अधिकारको भाग परमेश्वरले याकूबलाई प्रतिज्ञा गर्नुभएको थियो। परमप्रभुले आफ्नो मुखले यसो भन्नुभएको हुनाले कुनै पनि कुराले यसमा बाधा दिन सक्दैनथियो।

### आ) यशैया ५९: इस्राएली जातिका अधर्महरू

**यशैया ५९:१-८:** इस्राएली जातिको पापले परमेश्‍वरलाई तिनीहरूलाई छुटकारा दिनुबाट रोकिराखेको छ; परमप्रभुलाई यसमा कुनै प्रकारको दोष थिएन। किनकि तिनीहरूका हातहरू, तिनीहरूका औंलाहरू, तिनीहरूका ओठ र जिब्राहरू सबका सब हत्या गर्न र झूट बोल्नमा सक्रिय हुन्थे। चारैतिर न्याय बिग्रेको थियो र तिनीहरूको बीचमा बेइमानी व्यापक थियो। मानिसहरूले दुष्टता गर्भधारण गर्थे र अपराध जन्माउँथे। तिनीहरूका क्रिया-कलापहरू साँपका अण्डाहरूजत्तिकै खतरनाक थिए र माकुराको जालोजत्तिकै व्यर्थ थिए। पापले तिनीहरूको जीवनको हरेक क्षेत्र नियन्त्रण गर्थ्यो, तिनीहरूले गरेका सबै कामहरू, तिनीहरू हिँड़ेको हरेक पाइला, तिनीहरूले सोचेका सबै विचारहरू राज्य गर्थ्यो। तिनीहरूले कुकृत्य र कुकर्म प्राथमिकता दिएर शान्ति र न्यायको कुनै वास्ता गर्दैनथिए। अनि जुन कुरा इस्राएली जातिको विषयमा सत्य थियो, त्यो कुरा सारा मानव जातिको निम्ति पनि सत्य छ (रोमी ३:१५-१७)।

**यशैया ५९:९-१५[क]:** बाँकी रहेको भागरूपी विश्‍वासयोग्य यहूदीहरूको पक्षमा बोलेर यशैयाले यहाँ तिनीहरूको पाप आफ्नै पाप तुल्याएर मानिलिएका छन्। उनले तिनीहरूको अन्याय, तिनीहरूको अधर्म, तिनीहरूको अन्धोपन र तिनीहरूको मरेको अवस्था स्वीकार गरेका छन्। तिनीहरू अधीर भई भालुहरूझैं गर्जन्थे र निराश भई ढुकुरहरूझैं आलाप-विलाप गर्थे। अनि न्याय छँदैथिएन, र छुटकाराको कुरा नगरे हुन्छ। परमेश्‍वरको दृष्टिमा तिनीहरूका अपराधहरू धेरै बढ़ेका थिए, र तिनीहरूका पापहरूले तिनीहरूको विरुद्धमा गवाही दिएका थिए। तिनीहरूले परमप्रभुलाई इन्कार गरे, र बरालिएर तिनीहरू उहाँबाट टाढ़ा गए। तिनीहरूका शब्दहरूमा सधैं दमन, विद्रोह र झूटको कुरा हुन्थ्यो। यसकारण न्याय पछि हटेछ, धार्मिकता टाढ़ामा उभिएको रहेछ र सड़कमा सत्यता शिकार पो भएछ। इमानदारीलाई प्रवेश निषेध गरिएको रहेछ, र सत्यता कहीं थिएन, अनि भक्त जनको हमला भइरहन्थ्यो।

**यशैया ५९:१५[ख]-२१:** अनि जब परमप्रभुले स्वर्गबाट तल हेर्नुभयो, तब न्याय नभएको देखेर उहाँ दुःखी हुनुभयो। नाजुक आत्मिक परिस्थिति सम्हाल्न सक्ने कोही छैन रहेछ, अँ, अन्तर्विन्ती गर्ने मध्यस्थ छैन रहेछ; यसमा उहाँ छक्क पर्नुभयो। यसकारण उहाँ रणभूमिमा उत्रनुभयो, र यो काम आफैले गर्नुभयो। उहाँको शक्तिशाली पाखुराले उहाँलाई विजय ल्याउँछ र उहाँको धार्मिकताले उहाँलाई सम्हालिराख्छ। उहाँ हतियारहरू धारण गर्नुहुन्छ र धार्मिकता, उद्धार, बदला, जोश र क्रोधको साथ आफ्ना शत्रुहरूको विरुद्धमा निस्कनुहुन्छ। अनि उहाँले अन्य-जातिहरूलाई तिनीहरूका कामहरूअनुसार प्रतिफल दिनुहुन्छ, यस हेतुले कि अन्तमा, पूर्वदेखि पश्‍चिमसम्म सबै मानिसहरू 'उहाँ नै परमप्रभु हुनुहुन्छ' भन्ने कुरा स्वीकार गर्न बाध्य हुनेछन्; किनकि परमप्रभुको आत्माको सञ्चालनमा उहीं मसीह बाढ़जस्तै तिनी-हरूमाथि आइपर्नुहुन्छ। सियोनमा बाँकी रहेका भक्त जनहरूको निम्ति उहाँ उद्धारकको रूपमा आउनुहुनेछ। त्यस बेलामा परमेश्‍वरले इस्राएलको घरानासँग एउटा नयाँ करार बाँध्नुहुनेछ, जसरी हामी यर्मिया ३१:३१-३४; हिब्रू ८:१०-१२ र १०:१६-१७ पदहरूमा पढ़छौं।

### इ) यशैया ६०: सियोनको भावी महिमा

**यशैया ६०:१-३:** सियोनको निम्ति उठ्ने र चम्कने समय आएको छ; किनकि यसमाथि

परमप्रभुको महिमा उदाएको अर्थात् मसीह आफै यसकहाँ देखा पर्नुभएको हो। यहाँ बयान गरिएको खास अवधि उहाँको दोस्रो आगमनको समय हो। अनि त्यस बेलामा संसार अझै पनि आत्मिक अन्धकारमा र सङ्कष्टकालको अन्धकारमा बसिरहेको हुन्छ; तर परमप्रभु इस्राएली जातिमाथि र इस्राएली जातिमार्फत बाँकी संसारमाथि चम्कनुहुन्छ। तब पुनर्जन्म भएको इस्राएली जातिलाई सम्मान दिन राजाहरू लगायत अन्यजातिहरूका प्रतिनिधिहरू यरूशलेममा भेला हुनेछन्।

**यशैया ६०:४-७:** अनि जब यरूशलेमले आफ्ना आँखाहरू उठाउँछ, तब यसले आफ्ना छोराहरू र आफ्ना छोरीहरूलाई स्वदेशमा फर्किरहेका देख्छ। अनि खुट्टा भुइँमा नरहने प्रचुर आनन्दले यसको हृदय प्रफुल्ल हुनेछ, किनकि यसले अन्यजातिहरूलाई यिनीहरूका उपहार र करहरू ल्याएका देख्नेछ। टाढ़ा-टाढ़ाबाट ऊँटहरूका लस्करहरू सुन र धूप बोकेर परमप्रभुको नामको प्रशंसा गर्न आउनेछन्। भेड़ाका ठूला-ठूला बगालहरू यरूशलेममा आइपुग्छन्, यी बलिपशुहरू बलिहरूको निम्ति मन्दिरमा प्रयोग गरिनेछन्, यी बलिदानहरूद्वारा गलगथामा मसीह येशूले पूरा गर्नुभएको त्राणको कामको सम्झना गरिनेछ। याद गर्नुहोस्: छ पदमा सुन र धूप छ, तर मूर्र छैन। किनकि मूर्रको आत्मिक अर्थ दुःखकष्ट हो। परमेश्वरलाई धन्यवाद होस्, ख्रीष्ट येशूको क्रूसका दुःखहरू र उहाँको प्रायश्चित्तको काम एकै पल्टमा सधैंको निम्ति समाप्त भए! यसकारण उहाँको दोस्रो आगमनमा केवल सुन र धूप मात्र हुनेछ। सुनको अर्थ महिमा हो र धूपको अर्थ सुगन्धरूपी आराधना हो।

**यशैया ६०:८-९:** हूलैहूल चराहरूझैं विमानैविमान इस्राएलीहरू र निर्वासितहरू इस्राएल देशमा फर्कनेछन्। अनि ठूला-ठूला पानीजहाजहरूले तिनीहरूको साथमा तिनी-हरूको अर्जित धनसम्पत्ति ल्याउनेछन्।

**यशैया ६०:१०:** परदेशीहरूका मिस्त्री दलहरूले निर्माणका काम गर्नेछन् र राजा-हरू परमेश्वरका जनहरूका नोकरचाकरहरू हुनेछन्। परिस्थितिको हेरफेर भएको रहेछ; किनकि जुन परमेश्वरले यस जातिका मानिसहरूलाई सजाय दिनुभएको थियो, ती परमेश्वरले अब यस जातिलाई दया देखाउँदै हुनुहुनेछ।

**यशैया ६०:११-१४:** अनि यरूशलेम शहरका मूलढोकाहरू बन्द गर्न वा तिनमा चाबी लगाउन आवश्यक छैन; किनभने कहींबाट कुनै खतरा आउनेछैन। तर मूलढोकाहरू खुला राख्नु जरुरी हुनेछ; किनकि दिनरात अन्यजाति राजाहरू र लस्कर-लस्करभरि उनीहरूको धनसम्पत्ति आइरहनेछन्। त्यस समयमा इस्राएली जातिको सेवा नगर्ने जुनसुकै देश नष्ट हुनेछ। अनि लेबानोनले यरूशलेमको मन्दिरको परिसर सुन्दर बनाउन आफ्ना उत्कृष्ट रूख-हरू पठाउनेछ। अनि पहिले इस्राएली जातिलाई सताइरहेका अन्यजातिहरूका सन्तानहरूले अब यरूशलेमलाई 'परमप्रभुको शहर, इस्राएलका पवित्र जनको सियोन' भनेर स्वीकार गर्नेछन्।

**यशैया ६०:१५-१६:** पहिले घृणा गरिएको र त्यागिएको सियोनचाहिँ अब सर्वश्रेष्ठ शहर बनिनेछ, जसको पालनपोषण र पुष्टि बाँकी संसारले गर्नेछ। तब परमप्रभुको प्राचीन प्रजाले जान्नेछः उहाँ तिनीहरूका उद्धारकर्ता र छुटाउनेवाला हुनुहुँदो रहेछ, हो, उहाँ याकूबका पराक्रमी जन हुनुहुँदो रहेछ।

**यशैया ६०:१७-२२:** यरूशलेम शहरको निर्माणमा सबैभन्दा महँगा-महँगा सामग्रीहरू, जस्तैः सुन, चाँदी, पित्तल र फलाम प्रयोग गरिनेछन्। शान्तिचाहिँ यसका अधिकारीहरू र धार्मिकताचाहिँ यसको प्रहरी-बल हुनेछन्। हिंसा र विनाशको सट्टामा उद्धार र प्रशंसा

हुनेछ। अबदेखि उसो यरूशलेममा सूर्य र चन्द्रमाको ज्योति आवश्यक हुनेछैन; किनकि परमप्रभुको महिमाले आवश्यक प्रकाश दिनेछ। अन्धकार लोप हुनेछ, र इस्राएली जातिका विलापका दिनहरू समाप्त हुनेछन्। धर्मी जनहरूचाहिँ यस देशको हकदार हुनेछन्, जुन धर्मी जनहरूलाई परमेश्वरले आफ्नो महिमाको निम्ति यसमा रोप्नुहुन्छ। मानिसहरूमध्ये सबैभन्दा क्षुद्र हुनेहरू आशिषित हुनेछन्, धेरै वंशाका हुनेछन्; किनभने परमप्रभुले यसको निम्ति आज्ञा गर्नुभएको हो र हतारसँग यो कुरा पूरा गर्नुहुनेछ।

### ई) यशैया ६१ः मसीहका विभिन्न सेवकाईहरू

**यशैया ६१ः१-४ः** प्रभु येशू यहाँ, यस ठाउँमा बोल्ने वक्ता हुनुहुन्छ भन्ने कुरा हामी जान्दछौं; किनभने उहाँले नासरतको सभाघरमा यशैया ६१ः१-२[क] पदहरू लूका ४ः१६-२१ पदको खण्डमा उद्धृत गर्नुभयो र त्यसपछि भन्नुभयोः *'आज पवित्र धर्मशास्त्रको यो वचन तिमीहरूका कानमा पूरा भएको हो'* (पद २१)। पानीको बप्तिस्मा लिनुहुँदा पवित्र आत्माद्वारा उहाँको अभिषेक भयो, अनि यस पृथ्वीमा उहाँले पूरा गर्नुभएको सेवकाईचाहिँ गरिबहरूलाई मुक्तिको सुसमाचार सुनाउनु थियो, मन टुटेकाहरूलाई मलहमपट्टी गर्नु थियो, पापका बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्नु थियो र बन्दीहरूलाई झ्यालखाना खोलिएको शुभ सन्देश सुनाउनु थियो। अनि उहाँले *'परमप्रभुको ग्रहणयोग्य वर्षको प्रचार गर्नको निम्ति'* भनेर उक्त उद्धृत गरेको खण्ड समाप्त गर्नुभयो, र 'हाम्रो परमेश्वरको बदला लिने दिनको घोषणा' छोड़ियो; किनकि त्यो कुरा उहाँको दोस्रो आगमनमा मात्र पूरा हुनेछ। किनभने उहाँले आफ्नो महिमित देखापराइमा परमेश्वरको न्यायको दिनको घोषणा गर्नुहुनेछ। त्यसपछि उहाँले सियोनमा विलाप गर्नेहरूलाई सान्त्वना दिनुहुनेछ; उहाँले उनीहरूलाई उनीहरूका टाउकामा भएको खरानीको सट्टामा शिरपोस पहिराउनुहुनेछ, विलापको सट्टामा आनन्दको तेल लगाउनुहुनेछ, खिन्न मनको सट्टामा प्रशंसाको आत्मा दिनुहुनेछ। तब उहाँका चुनिएका मानिसहरू परमप्रभुले रोप्नुभएका 'धार्मिकताका वृक्षहरू' कहलाइनेछन्, किनकि उनीहरूले उहाँलाई महिमा दिनेछन्। अनि उनीहरूले प्रतिज्ञा गरिएको देशका भग्नावशेष-रूपी शहरहरू पुनर्निर्माण गर्नेछन्।

**यशैया ६१ः५-९ः** परदेशीहरूले इस्राएली-हरूलाई खेतालाहरूको रूपमा सेवा गर्नेछन्, र तिनीहरूलाई 'परमप्रभुका पूजाहारी' र 'हाम्रा परमेश्वरका सेवक' भनेर सम्मान गर्नेछन्। अन्यजातिहरूको धनसम्पत्ति यहूदीहरूकहाँ आउनेछ, र शताब्दीहरूदेखि तिनीहरूलाई लागेको निन्दा अन्त हुनेछ, अनि परमप्रभुका जनहरूले आदरको दोबर भाग पाएर आनन्द गर्नेछन्। (याद रहोस्ः सात पदमा 'तिमीहरू' र 'उनीहरू' भन्ने सर्वनामहरूले उही यहूदी-हरूलाई नै सङ्केत गरेका हुन्)। आफ्ना चुनिएका जनहरूले भोगेका अन्याय, लुटपाट र खराबीको सम्झना गरेर परमप्रभुले तिनी-हरूलाई इनाम दिनुहुनेछ र तिनीहरूसँग एउटा अनन्त वाचा बाँध्नुहुनेछ, यस हेतुले कि अन्यजातिहरूले तिनीहरूलाई 'परमप्रभुको आशिषित वंश' भनेर स्वीकार गरून्। प्रायः सबैको विचारमा, यो अनन्त वाचाचाहिँ नयाँ नियमको करार भएको बुझिन्छ (यर्मिया ३१ः३१-३४; हिब्रू ८ः८-१२)।

**यशैया ६१ः१०-११ः** मसीह येशूले बाँकी रहेको भागरूपी आफ्ना उद्धारप्राप्त जनहरूलाई प्रशंसा गर्नमा अगुवाइ गर्नुहुनेछ। परमेश्वरले तिनीहरूलाई लगाइदिनुभएका उद्धारको सुन्दर वस्त्र र धार्मिकताको महिमित पोशाकको गुणकथन गर्नुहुनेछ, साथै हजार वर्षको राज्यमा जातिहरूको सामु इस्राएल देशमा व्यावहारिक धार्मिकता र प्रशंसा उम्रेको कुरा

गुण गर्नुहुनेछ। (दस र एघार पदमा बोल्ने वक्ता विभिन्न धारणाहरूअनुसार कि त यशैया हुन्, कि त सियोन हो, कि त मसीह हुनुहुन्छ। तर हाम्रो निम्ति चाहिँ यी पदहरूमा बोल्ने वक्ता मसीह येशू हुनुहुन्छ, जसरी यशैया ६१:१-३ पदहरूमा पनि)।

### उ) यशैया ६२: यरूशलेमका भावी आनन्दहरू

**यशैया ६२:१-५:** जबसम्म यरूशलेमलाई प्रतिज्ञा गरिएका आशिषहरू यसका हुँदैनन्, तबसम्म परमप्रभु चुप रहनुहुनेछैन, र विश्राम लिनुहुनेछैन। तब अन्यजातिहरूले सियोनलाई निर्दोष ठहरिएको अवस्थामा देख्नेछन्; अनि परमप्रभुले यस शहरलाई एउटा नयाँ नाम दिनुहुनेछ। राजाले आफ्नो मुकुटसित गरेझैं उहाँले सियोनसित आदरपूर्वक व्यवहार गर्नुहुनेछ। अघि 'त्यागिएकी' नाम गरेको शहरको नाम अबदेखि उसो 'हेप्सिबाह' हुनेछ, जसको अर्थ 'यससँग म प्रसन्न छु' हो। अनि अघि 'उजाड़' नाम गरेको देशको नाम 'ब्यूलाह' हुनेछ, जसको अर्थ 'विवाहिता' हो। यी नामहरूबाट यस शहर र यस देशको निम्ति परमेश्वरको कोमल स्नेह र दाम्पत्य आनन्द कतिको छ, सो स्पष्ट बुझिन्छ। यरूशलेमका नागरिकहरूले यस शहरसँग विवाहको सम्बन्ध राख्नेछन्, र परमप्रभुचाहिँ सियोनको खातिर दुलहाजस्तै रमाउनुहुनेछ।

**यशैया ६२:६-९:** यसको बीचको समयमा परमप्रभुले यरूशलेमका पर्खालहरूमा पहरेदारहरू राख्नुभएको छ र तिनीहरूलाई 'तिमीहरूले अन्तर्विन्ती गर्न नछोड्नू र यरूशलेम संसारको रानी शहर नभएसम्म मलाई विश्राम नदिनू' भन्ने आज्ञा गर्नुभएको छ। शत्रुहरूले फेरि कहिल्यै इस्राएल देशका उत्पादनहरू लैजानेछैनन्, तर यी अनाजहरूको निम्ति परिश्रम गर्नेहरूले त्यो खानेछन्।

**यशैया ६२:१०-१२:** अब निर्वासितहरूलाई 'बेबिलोनका मूलढोकाहरूबाट भएर बाहिर निस्केर जाओ र गर्वको साथ झण्डा फरफराएर पक्कापक्की राजमार्गबाट भएर इस्राएल देशमा फर्क' भन्ने आज्ञा गरिएको छ। यसको घोषणा संसारको छेउसम्म पुगेको छः मसीह येशूमा इस्राएली जातिको उद्धारक आउनुभएको छ; अनि उहाँले आफ्ना जनहरूलाई इनाम दिनुहुनेछ। अनि तिनीहरूको सम्मानित नाम 'पवित्र जाति' हुनेछ। अनि यरूशलेमको नाम 'खोजिएको र नत्यागिएको शहर' हुनेछ। यस अनुच्छेदको दृष्टि बेबिलोनबाट फर्केर आउने प्रस्थानभन्दा पर हेर्छ, र ख्रीष्ट येशूको दोस्रो आगमन ताकेको छ, जुन समयमा इस्राएली जातिको अन्तिम पुनर्स्थापना हुनेछ।

### ऊ) यशैया ६३:१-६: बदला लिने दिन

जुन समयमा प्रभु येशू आफ्नो राज्य स्थापित गर्न फर्कनुहुनेछ, त्यस समयमा उहाँले पहिले आफ्ना शत्रुहरूलाई नाश गर्नुपर्नेछ। त्यो विनाश विभिन्न समयमा र विभिन्न स्थानहरूमा हुनेछ। यसको एक चरण हारमागेड्डोनको उपत्यकामा हुनेछ (प्रकाश १६:१६); अनि यसको अर्को चरणचाहिँ यहोशापातको बेंसीमा हुनेछ (योएल ३:१२); अनि यस विनाशको तेस्रो चरणचाहिँ एदोममा हुनेछ। अनि यसको तेस्रो चरण यशैया ६३ अध्यायको सन्दर्भ हो। मसीह एदोमको राजधानी बोज्राबाट सैनिक चालमा हिँड्दै आउनुहुनेछ, र उहाँका वस्त्रहरू इस्राएली जातिका शत्रुहरूको रगतले राता भए। 'तपाईंको वस्त्र किन रातो छ?' भनेर सोध्दाखेरि उहाँले आफ्ना शत्रुहरूलाई कुल्चिनुभएको घटना बयान गर्न दाखको कुण्ड कुल्चेको दृष्टान्त लिनुभयो। किनकि तिनीहरूबाट बदला लिन र आफ्ना जनहरूलाई छुटकारा दिन उहाँको समय आएको थियो।

कुनै मानवीय उद्धारकर्ता नभएको कारणले उहाँ रणभूमिमा उत्रनुभयो, र उहाँले विजय प्राप्त गर्नुभयो।

**ए) यशैया ६३ः७-६४ः१२ः बाँकी रहेका यहूदीहरूको प्रार्थना**

**यशैया ६३ः७-१०ः** त्यसपछि भविष्यवक्ता यशैयाले निर्वासनमा बाँकी रहेका यहूदीहरूको पक्षमा बोल्छन्, जसले आफ्नो दयनीय स्थितिबाट छुटकारा पाउन खोज्दथिए। पहिले उनले यस जातिसँग परमेश्वरको विगत व्यवहार बयान गर्छन्। परमप्रभुले तिनीहरूप्रति केवल उपकार, प्रशस्त भलाइ र कोमल कृपाहरू देखाउनुभएको थियो। अनि परमेश्वरले तिनीहरूलाई आफ्नो प्रजा भन्नुभएको थियो। तिनीहरूले आउँदा दिनहरूमा के-के गर्नेछन्, सो उहाँलाई अघिबाट थाहा थियो। तर यहाँ उहाँलाई कुन प्रकारले प्रस्तुत गरिएको छ? मानौं तिनीहरूले कतै उहाँलाई अरू देवताहरूको निम्ति त्याग्ने कुरा उहाँले कल्पना धरि गर्न सक्नुभएन झैं उहाँ यहाँ देखा पर्नुभयो। यसैले उहाँ तिनीहरूका उद्धारकर्ता हुनुभयो। उहाँ तिनीहरूका सबै परीक्षाहरूमा सहभागी हुनुभयो, विशेष गरी मिस्र देशमा तिनीहरूले सहेको तिनीहरूको सारा कष्टमा साझेदार हुनुभयो। उहाँको उपस्थितिमा रहने दूत वा सन्देशवाहक, जो मसीह हुनुहुन्थ्यो, उहाँले नै तिनीहरूलाई बचाउनुभयो। आफ्नो प्रेम र दयामा उहाँले तिनीहरूलाई मिस्र देशबाट दाम तिरेर छुटाउनुभयो, र उजाड़स्थानको सारा यात्राभरि तिनीहरूलाई बोकेर तिनीहरूको वास्ता गर्नुभयो। तर तिनीहरूले उहाँको प्रेमको सट्टामा उहाँसित विद्रोह गरे, र यसरी उहाँ तिनीहरूका शत्रु हुनुभयो।

**यशैया ६३ः११-१३ः** तर मोशा र तिनको पुस्ताको जमाना, ती पुराना दिनहरूको सम्झना गर्दा निम्न प्रश्नहरू उठ्छन्ः उहाँ कहाँ हुनुहुन्थ्यो, जसले मोशा, हारून र इस्राएलीहरूका अन्य गोठालाहरूको हातमा इस्राएली जातिलाई लाल समुद्रबाट पार ल्याउनुभयो? उहाँ कहाँ हुनुहुन्थ्यो, जसले मोशाभित्र आफ्नो पवित्र आत्मा हालिदिनुभयो र जसले मोशाले इस्राएलीहरूलाई समुद्र पार लान सकून् भन्ने हेतुले समुद्र दुई भाग पार्नुभयो र यसरी आफ्नो नाममाथि अनन्त सम्मान ल्याउनुभयो? परमप्रभु कहाँ हुनुहुन्थ्यो, जसले समुद्र हुँदै गएको बाटो समतल मरुभूमिजस्तै सम्म, कुनै घोड़ाले ठेस नखाने गरी सुगम बनाउनुभयो र तिनीहरूलाई यही बाटोबाट भएर सजिलोसँग समुद्र पार ल्याउनुभयो?'

**यशैया ६३ः१४ः** जसरी एउटा पशु आराम पाउन र फेरि ताजा हुन बेंसीमा ओर्लन्छ, त्यसरी नै परमेश्वरले आफ्ना जनहरूलाई डोऱ्याएर विश्रामको देशमा ल्याइपुऱ्याउनुभयो र यसरी आफ्नो निम्ति एउटा महिमित नाम कमाउनुभयो। यहाँ, यस खण्डमा त्रिएक परमेश्वरका तीन व्यक्तिहरूमाथि ध्यान दिनुहोस्ः सात पदमा परमप्रभु हुनुहुन्छ, नौ पदमा परमप्रभुको दूत हुनुहुन्छ, अनि दस, एघार र चौध पदमा परमप्रभुको पवित्र आत्मा हुनुहुन्छ।

**यशैया ६३ः१५-१६ः** परमप्रभुका विगत कृपाहरू बयान गर्दा-गर्दै भविष्यवक्ता यशैया बेबिलोनको भावी निर्वासनमा पुगेछन्, र उनले निर्वासितहरूको निम्ति अन्तर्विन्ती गर्न थाल्छन्। उनको लागि कस्तो देखिन्थ्यो भने, परमेश्वरको जोश, शक्ति र कृपाहरू बाँकी रहेकाहरूबाट खोसिएका रहेछन्। अब्राहाम र इस्राएलले इस्राएलीहरूलाई अस्वीकार गरे तापनि, यशैयाको विचारमा, परमेश्वर अझै पनि तिनीहरूका पिता हुनुहुन्थ्यो।

**यशैया ६३ः१७-१९ः** अनि सत्र पद-अनुसार बाँकी रहेकाहरूले आफ्नो पछिहटाइको निम्ति परमप्रभुलाई दोष लगाएका जस्तै छ। तर यसको विषयमा यथार्थ कुरा के

थियो भने, परमेश्वरले केवल यी मानिसहरूको हृदय कठोर पार्नुहुन्छ, जुन मानिसहरूले पहिले आफ्नो हृदय कठोर पारेका छन्। अनि हुन सक्छ, बाँकी रहेका यहूदीहरूले भन्न खोजेको कुरा यस प्रकारको छः 'तपाईंले हामीलाई किन तपाईंका मार्गहरूबाट भड्किहिँड्न दिनु-भयो?' धेरै पल्ट यस्तो छ, परमेश्वरले जुन कुरा हुन दिनुभयो, त्यो कुरा उहाँले गर्नुभएको भनिन्छ। जे भए पनि, बेबिलोनको कैदमा भएका यहूदीहरूले परमप्रभुलाई यसो भन्दै पुकार्छन्ः 'हे प्रभु, आफ्नो अनुग्रहमा हामीकहाँ फर्कनुहोस्!' इस्राएली जातिले केवल थोरै समयको निम्ति शान्तिको साथ देश अधिकार गरेको थियो। अनि अबचाहिँ – उहाँको पवित्रस्थान भत्किएको छ, र इस्राएलीहरू अर्थात् परमेश्वरका जनहरूको स्थिति अरू कुनै जातिको भन्दा असल थिएन, जसको परमप्रभुसँगको सम्बन्ध कहिल्यै भएको थिएन, अँ, कुनै करारद्वारा स्थापित भएको थिएन।

**यशैया ६४ः१-५ः** यशैया ६३ः१५ पदमा शुरु भएको प्रार्थनाले यहाँ, यस खण्डमा निरन्तरता पाएको छ र यहाँ, पाँच पदमा तिनीहरूको पाप मानिलिएको स्वीकार पो भएछ। बाँकी रहेकाहरूले परमेश्वरलाई के अनुरोध गर्छन् भने, 'आकाश च्यातेर तल ओर्लेर आउनुहोस् र क्रोधको आगोमा आफ्ना विरोधीहरूमाथि जाइलाग्नुहोस्!' तिनीहरूले परमेश्वरका अघिल्ला हस्तक्षेपरूपी कामहरू सम्झेका छन्, जुन कामहरू एकमात्र साँचो परमेश्वरका अकाट्य, अद्वितीय प्रमाणहरू थिए; किनकि उहाँले उहाँको बाटो हेर्नेहरूको पक्षमा काम गर्नुहुन्थ्यो। तिनीहरूले याद गरेका छन्, कि व्यावहारिक धार्मिकतामा प्रसन्न हुने-हरूलाई परमेश्वरले सधैं अनुग्रह देखाउनु-हुन्थ्यो। तर तिनीहरूले लामो समयदेखि निरन्तर गरिरहेका आफ्ना पापहरूद्वारा उहाँको क्रोध उठाएका थिए र उहाँको क्रोध आफूमाथि निम्त्याएका थिए; तब के, के तिनीहरूजस्ता मानिसहरूको निम्ति बाँच्ने आशा थियो? तिनीहरू दोधारमा थिए।

**यशैया ६४ः६-७ः** तिनीहरूले आफ्नो व्यक्तिगत अशुद्धता मानिलिए, अनि तिनीहरूले स्वीकार गरेः हो, तिनीहरूका सबैभन्दा असल कामहरू, तिनीहरूका धर्मकर्महरू मैला थाङ्नाहरू[69] जस्तै थिए। तब तिनीहरू ओइलिएका पातहरू किन नहुने, जो आफ्ना अधर्महरूरूपी हूरीबतासद्वारा उड़ाएर लगिए? इस्राएली जातिमा आत्मिक मृत्यु आएको थियो। अनि यसको निम्ति अन्तर्विन्ती गर्नेहरू कहीं थिएनन्; किनकि परमप्रभुले तिनीहरूलाई तिनीहरूका पापहरूको खातिर त्यागिदिनुभयो र तिनीहरूलाई तिनीहरूका पापका नतिजा-हरूमा छोड्नुभयो।

**यशैया ६४ः८-९ः** तरै पनि परमप्रभु अझै तिनीहरूका पिता हुनुहुन्थ्यो; अनि कुमालेले तिनीहरूरूपी माटोको डल्लोबाट केही न केही रच्न सक्छ भन्ने आशा जारी थियो। अनि यही कारणले तिनीहरूले उहाँलाई आग्रह गरेका छन्ः 'हे प्रभु, आफ्नो क्रोध शान्त गर्नुहोस्, हामीलाई क्षमा गर्नुहोस्, हाम्रा पापहरू बिर्सनुहोस् र हामीलाई तपाईंको प्रजाको रूपमा अझ पनि स्वीकार गर्नुहोस्!'

**यशैया ६४ः१०-१२ः** देशको विनाशकारी अवस्था अनि विशेष गरी यरूशेलम र यसको मन्दिरको नाजुक अवस्थाचाहिँ परमेश्वरको निम्ति आफ्नो क्रोध छोड़िदिने बलिया कारणहरू हुनुपर्नेथिए; यसकारण उहाँले दुःख-कष्टमा परेका आफ्ना जनहरूको पक्षमा कुनै न कुनै निर्णायक कार्य गर्नुपर्नेथियो।

### ऐ) यशैया ६५ः परमप्रभुले बाँकी रहेका यहूदीहरूको प्रार्थनाको उत्तर दिनुभएको

**यशैया ६५ः१ः** यस पदबाट परमप्रभुले तिनीहरूलाई उक्त प्रार्थनाको उत्तर दिनुभएको

कुरा शुरु हुन्छ, जुन प्रार्थना यशैया ६३:१५-६४:१२ पदहरूको खण्डमा प्रस्तुत गरियो ।

यस पहिलो पदको सन्दर्भ परमेश्वरको खोजी गर्न असफल भएको इस्राएली जाति हो, जसले उहाँले बोलाउनुभएको बेलामा उहाँलाई उत्तर दिँदैनथियो । तर प्रेरित पावलले रोमी १०:२० पदमा यस पदको सन्दर्भ अन्य-जातिहरू र तिनीहरूको बोलावटमा लागू गरेका छन्, जब उनले यसो लेखेः *'जसले मलाई खोजेनन्, तिनीहरूद्वारा म भेट्टाइएँ; जसले मेरो विषयमा खोजीनिधि गरेनन्, तिनी-हरूकहाँ म प्रकट भएँ ।'*

**यशैया ६५:२-७ः** तर यस खण्डका पद-हरूको सुस्पष्ट सन्दर्भ इस्राएली जाति नै हो । किनकि मूर्तिपूजा र अन्यजातिहरूका धर्महरू-सँग सम्बन्ध राख्ने घृणित कामकुराहरूमा तल्लीन भएको यस जातिका मानिसहरूलाई परमेश्वरले निरन्तर आह्वान गर्दै हुनुहुन्थ्यो । गुप्त समाजका सदस्य-सदस्याहरू भएका हुनाले तिनीहरूले आफूलाई आफ्ना छिमेकी-हरूभन्दा पवित्र ठान्थे । तर सर्वोच्च परमेश्वरको निम्ति तिनीहरू लगातार पिरोल्ने कारण हुन्थे; यसकारण उहाँले तिनीहरूलाई तिनीहरूको मूर्तिपूजा र तिनीहरूका सबै अन्य पापहरूको बदला दिनुहुनेथियो ।

**यशैया ६५:८-१२ः** जसरी अङ्गुरको कुनै झुप्पामा केही असल रस बाँकी रहन्छ, ठीक त्यस्तै परमप्रभुले आफ्नो प्रतिज्ञाअनुसार यस जातिरूपी खराब दाखबारी नष्ट गर्दा विश्वासयोग्य हुनेहरूको बाँकी भाग जोगाउनु-हुनेथियो । अनि यो जोगाइएको बाँकी भाग देशमा बस्नेथियो । भेड़ाका बगालहरू पश्चिममा शारोनको मैदानमा र पूर्वमा आकोरको बेंसीमा चर्नेथिए; यो सबको सब पवित्र जनहरूको फाइदाको निम्ति हुनेथियो । तर धर्मत्यागी आम जनताको निम्ति हालत अर्को हुनेथियो । तिनीहरूले यरूशलेमको मन्दिरको सेवा त्यागेका थिए, अनि 'गाद' नामक भाग्य-देवता र 'मनी' नामक भावी-देवता पूजा गर्थे । यसकारण परमेश्वरले तिनीहरूलाई तरवारको निम्ति ठहराउनु-हुनेथियो । तिनीहरूले परमप्रभुका विन्ती-हरूप्रति सकारात्मक प्रतिक्रिया देखाउनुको सट्टामा परमप्रभुलाई दुष्ट लाग्ने घृणित कुराहरू रोजे ।

**यशैया ६५:१३-१६ः** साँचो विश्वासी-हरूको भाग्य र विश्वास नगर्नेहरूको भाग्यको बीचमा भएको भिन्नता यहाँ, यी पदहरूमा प्रस्तुत गरिएको छः यता उनीहरूसँग प्रशस्त खानेकुरा हुन्छ, तर उता तिनीहरू भोकै बस्नेछन्; यता उनीहरूसँग प्रशस्त पिउने कुरा हुन्छ, तर उता तिनीहरूलाई तिर्खा लाग्नेछ; यता उनीहरू रमाउनेछन्, तर उता तिनीहरू शर्ममा पर्नेछन्; यता उनीहरूले गीत गाउनेछन्, तर उता तिनीहरूले विलाप गर्नेछन्; उता तिनीहरूमाथि व्यभिचार गरेकी स्त्रीमाथि पर्ने श्राप पर्नेछ (गन्ती ५:२१-२४), तर यता उनीहरू धन्यका हुनेछन् । त्यस दिनमा, जब पृथ्वीका गल्तीहरू सच्याइनेछन्, मानिसहरूले आफूलाई धन्यका भन्दा वा शपथ खाँदा 'सत्यताको परमेश्वर'को नाम प्रयोग गर्नेछन् । अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले आफूले पाउनुपर्ने मान पाउनुहुनेछ; मानिसहरूले मानि-लिनेछन्ः उहाँ यी परमेश्वर हुनुहुन्छ, जसले आफ्ना अभिप्रायहरू पूरा गर्दै हुनुहुन्छ; अनि उहाँ जे गर्छु भन्नुहुन्छ, उहाँले त्यो पूरा गरेर छोड्नुहुन्छ ।

**यशैया ६५:१७ः** यस अध्यायका अन्तिम पदहरूले हजार वर्षको राज्यका अवस्थाहरू बयान गर्छन् । यहाँ, यस ठाउँमा नयाँ आकाश र नयाँ पृथ्वीको सन्दर्भचाहिँ यस पृथ्वीमा स्थापित हुन लागेको ख्रीष्टको राज्य हो । तर प्रकाश २१ अध्यायमा नयाँ आकाश र नयाँ पृथ्वीको सन्दर्भ अनन्तकाल हो । किनकि यशैयाको पुस्तकमा प्रस्तुत गरिएका नयाँ आकाश र नयाँ पृथ्वीमा अझै पनि पाप र मृत्यु

हुने रहेछ; तर प्रकाश २१ अध्यायमा पाप र मृत्यु बितिसकेका कुराहरू हुनेछन् ।

**यशैया ६५ः१८-२३ः** अनि जब परमेश्वरको राज्य आउनेछ, तब परमप्रभु यरूशलेममा र इस्राएली जातिका मानिसहरूमा रमाउनुहुनेछ। अनि अबदेखि उसो दुःख र पीड़ाको आवाज कहिल्यै फेरि सुनिनेछैन। शिशुहरूको मृत्यु र अकालको मृत्यु उन्मूलन गरिनेछ। सय वर्षको उमेरमा मृत्यु हुने मानिसलाई केटो वा टिठो पो मानिनेछ। सय वर्षको उमेर भएको मानिस जसले देखिने गरी पाप गर्नेछ, मृत्यु-दण्ड दिईकन समाजबाट हटाइनेछ। मानिसहरू आफ्नो परिश्रमको फलबाट आनन्द उठाउन बाँच्नेछन्; किनभने ख्रीष्टको हजार वर्षको राज्यमा विश्वासयोग्य हुनेहरूको उमेर बढ़ाइनेछ। कुनै व्यर्थको परिश्रम हुनेछैन; अनि युवाहरू न लड़ाइँद्वारा, न विपत्तिद्वारा नामेट हुनेछन्। बुबाआमाहरू र तिनीहरूका छोराछोरीहरूले परमप्रभुको आशिष उपभोग गर्नेछन् ।

**यशैया ६५ः२४-२५ः** अबदेखि उसो प्रार्थनाको उत्तर पाउन कुनै बाधा हुनेछैन। अनि जङ्गली जनावरहरू पाल्तू पशु बन्नेछन्, अनि विषालु सर्पहरूको आहारचाहिँ अपमानको धूलो हुनेछ। परमेश्वरको पवित्र पर्वत सियोनमा अब फेरि कहिल्यै कुनै हानि, कुनै खतरा हुनेछैन ।

### ओ) यशैया ६६ः अन्तमा नदीजस्तै बगि-रहने शान्ति हुनेछ

**यशैया ६६ः१-२ः** यशैयाको पुस्तकको अन्तिम अध्यायका शुरुका शब्दहरू पश्चात्ताप नगर्ने इस्राएली जातिका मानिसहरूको निम्ति लेखिएका हुन्। तिनीहरूले यस अवस्थामा परमेश्वरको निम्ति एउटा मन्दिर बनाएर उहाँलाई प्रसन्न तुल्याउन के सक्थे र? यस प्रकारको सोच परै जाओस्! उहाँ त ब्रह्माण्डको सृष्टिकर्ता र त्यसका मालिक हुनुहुन्छ; स्वर्ग उहाँको सिंहासन हो, अनि पृथ्वी उहाँको पाउदान हो। अनि जो दीन र चूर्ण आत्माको हुन्छ, जसले उहाँको वचनमा थरथर काम्छ, उहाँले यस्तो व्यक्तिको हृदय आफ्नो वास-स्थानको निम्ति चाहना गर्नुहुन्छ।

**यशैया ६६ः३-४ः** तर जस-जसले पश्चात्ताप गर्दैनन्, तिनीहरूले आफ्ना धर्मका रीतिहरूद्वारा परमेश्वरको अपमान गर्छन्। व्यावहारिक पवित्रताबाट अलग तिनीहरूका बलिदान र भेटीहरूचाहिँ अपराध हुन्, घृणित काम पो हुन्छन्। हो, तिनीहरूले आफ्ना कपटपूर्ण चालहरू छान्न त सक्छन्, तर तिनी-हरूले यसका परिणामहरू छान्न सक्दैनन्। परमेश्वरले यसको नतिका के हो, सो निर्धारित गर्नुहुनेछ। जस-जसले पश्चात्ताप गर्ने उहाँको यो आह्वान अस्वीकार गर्छन् र जो-जो उहाँले घृणा गर्नुभएका चालहरूमा अघि बढ्छन्, तिनीहरूले उहाँको क्रोधको स्वाद चाख्नेछन्।

**यशैया ६६ः५-६ः** तर उहाँको वचनमा थरथर काम्ने, उहाँको भय मान्ने विश्वासयोग्य यहूदीहरूको निम्ति तिनीहरूका दाजुभाइहरूबाट सतावट आउनेछ। यी दुष्ट सताउनेहरूले यसरी परमेश्वरको सेवा गरेका ठान्नेछन्। 'परमप्रभुको महिमा होस्, र हामी तिमीहरूको आनन्द हेरौं' भन्ने यिनीहरूको तानाबाट यो स्पष्ट हुन्छ। 'तिमीहरूको आनन्द हेरौं' भन्ने अर्थ 'अद्‌भुत पाराले छुटकारा पाएको तिमीहरूको आनन्द हेर्न पाऔं' हो। तर परमप्रभुले तिनीहरूका शत्रुहरूलाई शर्ममा पार्न तिनीहरूको पक्षमा काम गर्न हस्तक्षेप गर्नुहुनेछ। अनि यरूशलेमको मन्दिरबाट न्यायको काम शुरु हुनेछ; परमप्रभुको आवाज सुनिनेछ, र यसैबाट उहाँको बदला लिने समय आएको छ भन्ने बुझिनेछ।

**यशैया ६६ः७-९ः** अनि सात पदमा इस्राएली जातिले आफ्नो प्रसूति-वेदना लाग्ने समयभन्दा अघि एउटा नर बालक जन्माउँछ, अर्थात् तिनीहरू महासङ्कष्टमा पर्नुभन्दा अघि

मसीह आउनुहुने रहेछ। अनि आठ पदमा यस जातिले प्रसूति-वेदना लागेपछि छोराछोरीहरू जन्माउँछ। यसको पहिलो जन्माउने क्रिया, मसीहको जन्मचाहिँ दुई हजार वर्ष पहिले बेतलेहेममा भएको हो। तर दोस्रो जन्माउने कार्य इस्राएली जातिको आत्मिक पुनर्जन्म हो, जुनचाहिँ सङ्कष्टकालपछि हुनेछ। परमेश्वरलाई आफ्नो यो उद्देश्य पूरा गर्नदेखि कुनै पनि कुराले बाधा दिनेछैन नै।

**यशैया ६६:१०-१७:** इस्राएली जातिको पुनर्स्थापनाको सुदिनचाहिँ यरूशलेममा ठूलो रमाहटको समय हुनेछ। यस शहरलाई प्रेम गर्नेहरू र यसको साथमा रोएकाहरू सबै त्यस शुभ अवसरको हर्षउल्लास र रमाहटमा सहभागी हुनेछन्। अन्यजातिहरूको गौरवद्वारा धनी भई यसले यसकहाँ आउनेहरू सबैलाई समृद्धि, पोषण, सान्त्वना र नयाँ शक्ति प्रदान गर्नेछ। तब सबैको निम्ति सुस्पष्ट हुनेछः परमप्रभु आफ्ना जनहरूको कल्याण गर्न र आफ्ना शत्रुहरूलाई दण्ड दिन प्रतिबद्ध हुनुहुँदो रहेछ। प्रभु येशूको दोस्रो आगमनमा सबै मूर्तिपूजा गर्नेहरू र उहाँका सबै विद्रोहीहरूमाथि उहाँको दन्किने क्रोध खन्याइनेछ। किनकि यिनीहरूले आफूलाई धार्मिक हिसाबले शुद्ध पार्न किसिम-किसिमका रीतिहरू पूरा गर्न त गर्छन्, तर केको निम्ति ? यिनीहरूले त सबै-भन्दा घिनलाग्दा पूजाआजामा संलग्न हुन पो यसो गर्दा रहेछन्। यो उहाँको नजरबाट लुक्न सक्दैन।

**यशैया ६६:१८-२१:** उहाँ तिनीहरूका कामहरू र तिनीहरूका विचारहरू जान्नुहुन्छ। अनि जब उहाँले तिनीहरूमाथि आफ्नो न्याय-रूपी सजाय बर्साउनुहुनेछ, तब तिनीहरूले उहाँको महिमा देख्नेछन्। उहाँले तिनीहरूलाई एउटा अलौकिक चिन्ह दिनुहुनेछ, जुन चिन्ह के हो, सो हामी निश्चित रूपले तोकेर भन्न सक्दैनौं। अनि तिनीहरूबाट उम्केकाहरू परमप्रभुको शक्ति र कीर्तिको खबर लिएर पृथ्वीका छेउहरूसम्म जानेछन्। तब अन्य-जातिहरूले यताउता छरपष्ट भएका इस्राएली-हरूलाई भेटीको रूपमा परमप्रभुकहाँ चढ़ाउने प्रकारले तिनीहरूको निम्ति तिनीहरूको स्वदेशमा फिर्ता लाने यातायातका प्रबन्धहरू मिलाउनेछन्। अनि हजार वर्षको राज्यको समयमा परमेश्वरले मन्दिरमा पूजाहारीगिरी र लेवीहरूको सेवा-व्यवस्था फेरि स्थापित गर्नुहुनेछ।

**यशैया ६६:२२-२३:** परममेश्वरसित इस्राएली जातिको ठहर नयाँ आकाश र नयाँ पृथ्वीजत्तिकै चिरस्थायी र सुरक्षित हुनेछ। सबै देशहरूबाट तीर्थयात्रीहरू तोकिएका समयहरूमा आराधना गर्न भनी यरूशलेममा आउनेछन्।

**यशैया ६६:२४:** त्यहाँ रहेको बेलामा तिनीहरू शहर-बाहिर निस्केर हिन्नोमको बेंसीमा जानेछन्, र शहरको मैला फ्याँक्ने जग्गामा नित्य बलिरहेको आगोमा विद्रोहीहरूको शवदाह गरिरहेको देख्नेछन्।

यहाँ हाम्रो ध्यानको योग्य कुरा के छ भने, हाम्रा प्रभु येशूले पापमा जिउनेहरूलाई, साथै तिनीहरूलाई, जसले उहाँमाथि विश्वास गर्ने-हरूमध्ये सानाभन्दा सानाहरूलाई ठेस खुवाउँछन्, चेताउनी दिँदै यशैयाको पुस्तकको अन्तिम पदबाट उद्धृत गर्नुभयो। मर्कूसको सुसमाचारको नौ अध्यायमा प्रभु येशूले यशैयाका यी निम्न गम्भीर शब्दहरू तीन पल्ट[70)] प्रयोग गर्नुभयोः *'जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन'* (मर्कूस ९:४४, ४६ र ४८)।

तर सुसमाचार यो होः नरकको त्यस कहिल्यै ननिभ्ने अनन्त आगोबाट उम्कन सकिन्छ ! जुन मानिसले प्रभु र मुक्तिदाता येशू ख्रीष्टमाथि विश्वास राख्छ, त्यो मानिस नरकको आगोबाट बच्नेछ; यो सुनिश्चित छ। किनकि प्रभु येशू परमप्रभुका सेवक हुनुहुन्छ,

जसलाई यशैयाले आफ्ना भविष्यवाणीहरूमध्ये धेरैमा अति सुन्दर ढङ्गले प्रस्तुत गर्दै आए।

हाम्रो अनुमानमा, हाम्रा धेरैजसा पाठकहरूले प्रभु येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको हुनुपर्ला। के तपाईंले पनि प्रभु येशूलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको छ? तपाईंले उहाँलाई ग्रहण गर्नुभएको छैन भने, हामी तपाईंलाई ढिलो नगरी उहाँलाई झट्टै ग्रहण गर्नुहुन आग्रह गर्छौं। तब तपाईंको निम्ति र अरू पाठकहरूको निम्ति निश्चय यशैयाको पुस्तक एउटा महान् भविष्यवाणीको पुस्तक र एउटा महान् कविताको पुस्तक ठहरिनेछ; योजस्तै उत्कृष्ट पुस्तक पुरानो नियमभरि छैन। तर के कुरा यतिमा सीमित छ? यो त हाम्रो निम्ति शर्मको कुरा हुनेथियो। हामीले यस पुस्तकको प्रयोग आफ्नो दैनिक जीवनमा लागू गर्नुपर्छ, र हाम्रो जीवनमा परमेश्वरको असल अभिप्राय र उहाँको सिद्ध इच्छा पूरा हुनुपर्छ।

हामी धर्मनिष्ठ अङ्ग्रेजी बाइबल-विद्वान् श्री डब्ल्यु. ई. भाइनले दिएको व्यावहारिक अर्ती प्रस्तुत गरेर हाम्रो अध्ययन यहाँ अन्त गर्छौंः

> 'यो सबैबाट स्पष्ट हुन्छ, कि आफ्नै चालमा हिँड्नु मूर्खता हो; आफ्नै इच्छा र आफ्नै मनसाय पूरा गर्नु व्यर्थ हो अनि परमेश्वरलाई मन नपरेका कुराको पछि लाग्नु पाप हुँदो रहेछ! होइन, हामी उहाँको बाटो हेरेर जिउनुपर्छ; हामीले उहाँको सोर ध्यानसित सुन्नुपर्छ; हामीले उहाँको इच्छा पूरा गरेकोमा आनन्द लिन सक्नुपर्छ। किनकि हामी परमेश्वरको साथ-साथ हिँड्यौं भने, उहाँले आफ्नो वचनमा दिनुभएका सबै प्रतिज्ञाहरू हामीमा र हामीद्वारा पूरा गर्नुहुन्छ र पूरा गर्नुहुनेछ। यसकारण उहाँमाथि लगाउनुभएको भरोसामा मग्न हुनुहोस्, तब उहाँको प्रतिक्रिया के हुने हो, सो तपाईंले देख्नुहुनेछः उहाँले हामीलाई निश्चयता दिनुको साथै त्यसमाथि अझै पनि आफ्नोतथास्तु' भन्ने सुगन्ध थपिदिनुहुनेछ। ओहो, उहाँप्रति आज्ञाकारी हृदय र उहाँमाथि भरोसा गर्ने मनलाई कत्रो शान्ति मिल्नेछ! उहाँको घमाइलो अनुहार तपाईंमाथि चम्केको आनन्दित अनुभव गर्नुहोस् र उहाँसँग पवित्र सङ्गति उपभोग गर्नुहोस्!' 71)

## ENDNOTES

**1) Introduction:** It was a benefit performance "for the relief of Prisoners in the several Gaol's, and for the support of Mercer's Hospital in Stephen Street, and of the Charitable Infirmary on the Inn's Quay." In light of Isaiah's stress of freeing the prisoners, and binding up the wounds of the sick, he no doubt would have been pleased with these charities, which were often associated with early performances of 'Messiah."

**2) Introduction:** After the Overture, the very beginning of the second part of Isaiah is sung in a tenor solo: "Comfort ye My people" (40:1). Who can read Isaiah 7:14 without hearing the contralto solo of "Behold, a virgin shall conceive," or Isaiah 9:6 without hearing the chorus sing "Unto us a Child a born, unto us a Son is given". "Surely He hath borne our griefs, and carried our sorrows" is another lesser-known setting with words by Isaiah (53:4). Also with words by Isaiah are: "O thou that tellest good tidings to Zion" (40:9); "Then shall the eyes of the blind be open'd and the ears of the deaf unstopped" (35:5); "He shall feed His flock like a shepherd" (40:11); and the moving "He was despised and rejected of men" (53:3).

Comparatively little of the text of the oratorio is from the NT, which is unusual, especially when we consider that the subject matter is all about the Messiah.

**3) Introduction:** See the Believers Bible Commentary in the Introductions to the books mentioned for a defense of the traditional and orthodox positions on the authorship.

**4) Introduction:** Flavius Josephus, Antiquities XI:1:f.

**5)1:7–9:** So sure are the prophecies that they are often expressed in the Hebrew perfect tense, suggesting a completed action.

**6) 1:10–15:** W. E. Vine, Isaiah: Prophecies, Promises, Warnings, p. 14.

**7) 2:4:** This verse—minus the opening words about God—are inscribed on the United Nations Building in New York City.

**8) 2:12–18:** A sloop is a kind of ship that generally has one mast.

**9) 4:2–6:** Matthew Henry, "Isaiah," Matthew Henry's Commentary on the Whole Bible, IV:27.

**10) 6:1:** This would be 740 b.c. Moody writes: "Uzziah's reign was a kind of Victorian era in Jewish history. It was when this passed away into shame and disgrace that Isaiah saw the Eternal King on his throne." Notes from My Bible, p. 85.

**11) 6:1:** F. C. Jennings, Studies in Isaiah, p. 61.

**12) 6:2–5:** The word seraphim is from the Hebrew verb saµraph, "burn," stressing the burning holiness of God, as in "Our God is a consuming fire" (Heb. 12:29, cf. Deut. 4:24).

**13) 6:9-10:** W. E. Vine, Isaiah, p. 32.

**14) 7:3:** His son's name means 'a remnant shall return'.

**15) 7:10–13:** W. E. Vine, Isaiah, p. 35.

**16) 7:14:** The Hebrew word translated virgin (aµlmaµh) in verse 14 may also mean “young woman.” The prophecy may have had an early, partial fulfillment when Isaiah’s wife gave birth to Maher-Shalal-Hash-Baz (8:1–4). But the ultimate, complete fulfillment was in the birth of Christ. When Matthew quotes verse 14, he uses the Greek word parthenos, which can only mean virgin (Matt. 1:23).

**17) 7:14:** W. E. Vine, Isaiah, p. 35.

**18) 7:18–22:** F. C. Jennings, Isaiah, p. 90.

**19) 8:19:** W. E. Vine, Isaiah, p. 41.

**20) 9:6:** Ibid., p. 43.

**21) 11:1:** The beautiful old German carol, “Lo, How a Rose E’er Blooming,” captured Isaiah’s thought here so well. Poetically the author chose a rose as the plant which will grow from Jesse’s roots.

**22) 11:2:** W. E. Vine, Isaiah, p. 49.

**23) 11:6–9a:** The self-taught American Quaker artist Edward Hicks loved this passage so much that he painted several very literal canvases called “The Peaceable Kingdom.” His charming style far outweighed his knowledge of animal anatomy.

**24) 13:14–22:** Ryrie writes, “The decline of Babylon occurred in stages. By 20 b.c. Strabo described it as ‘a vast desolation.’ Even the desert wanderer (the Arabian) shunned the site because it became an omen of ill fortune.” (Ryrie Study Bible, New King James Version, p. 1053).

**25) 14:12–17:** “Lucifer” is the Latin form of ‘Day-Star,’ meaning ‘light-bearer’.

**26) 14:12–17:** Ryrie, Study Bible, p. 1054.

**27) 14:24–27:** Ryrie writes that “the fulfillment of this prediction of the destruction of Assyria is recorded in 37:21–38,” ibid., p. 1055.

**28) 18:1–7:** The word is the usual one for woe, but here “it differs from ch. xvii. 12 and is an expression of compassion (cf. Isa. 55: 1, Zech. 2: 10) rather than of anger,” Franz Delitzsch, “Isaiah,” in Biblical Commentary on the Old Testament, XVII:348.

**29) 20:1–6:** The name “Palestine” is derived from the word Philistine.

**30) 21:6–10:** W. E. Vine, Isaiah, p. 62.

**31) 21:11-12:** Victor Buksbazen, The Prophet Isaiah, p. 224.

**32) 22:20–24:** D. L. Moody writes, “The Spanish Jews have a silver key of David, bearing the inscription ‘God shall open, the King shall enter’.” (Notes, p. 85).

**33) 24:4–13:** John A. Martin, “Isaiah,” The Bible Knowledge Commentary, Old Testament, p. 1072.

**34) 26:1–4:** Quoted by Moody in Notes from My Bible, p. 86.

**35) 26:1–4:** *Ibid.*

**36) 28:9-10:** These verses are often quoted out of context as the proper way to teach (going from the known to the unknown, a little at a time, for example). While this is no doubt good advice, it is certainly not the meaning of the text within the context.

**37) 28:11–13:** F. C. Jennings, Isaiah, p. 333.

**38) 28:23–29:** H. Vander Lugt, Our Daily Bread, Radio Bible Class, further documentation unavailable.

**39) 29:12–14:** W. E. Vine, First Corinthians, p. 23.

**40) 33:23-24:** W. E. Vine, Isaiah, p. 83.

**41) 34:9–17:** The Hebrew for "confusion and emptiness" in v. 11 is the same as those words translated "without form and void" in Gen. 1:2.

**42) 35:8–10:** F. C. Jennings, Isaiah, p. 417.

**43) 37:1–4:** J. A. Alexander, The Prophecies of Isaiah, p. 289.

**44) 37:36:** See The Literature of England, An Anthology and a History, p. 726.

**45) 38:21-22:** W. Kelly, Isaiah, p. 289.

**46) 38:21-22:** Matthew Henry, "Isaiah," VI:209.

**47) 40:3–5:** G. Campbell Morgan, Searchlights from the Word, p. 229.

**48) 40:6–8:** Quoted by F. C. Jennings, Isaiah, p. 467.

**49) 41:21–24:** F. C. Jennings, Isaiah, p. 486, f.n.

**50) 41:25–29:** W. E. Vine, Isaiah, p. 105.

**51) 43:1–7:** Ibid., p. 115.

**52) 43:8–13:** One of the anti-Trinitarian cults uses this passage "You are My witnesses, says Jehovah," as the origin of their name. Since they witness against so much of the Lord's truth, one fears that they must be called false witnesses. The context is far removed from their use of the passage.

**53) 44:28:** Flavius Josephus, Antiquities, xi.2.

**54) 45:7:** English has a much larger vocabulary than Hebrew. The Hebrew word here translated "evil" in the KJV and "calamity" in the NKJV can mean either of those two things—and several more ('disaster', 'badness' etc.). It is unfortunate that the English word that suggests moral wrong (evil) should have been chosen here in 1611. The rendering calamity is much better in context.

**55) 45:7:** Franz Delitzsch, "Isaiah" in Biblical Commentary on the Old Testament, XVIII:220, 21.

**56) 45:7:** Ibid., p. 221.

**57) 46:3-4:** James S. Stewart, further documentation unavailable.

**58) 47:5–15:** F. C. Jennings, Isaiah, p. 556.

**59) 51:9–11:** Ibid., p. 593.

**60) 52:11-12:** Quoted by David Baron in The Servant of Jehovah, pp. 46, 47.

**61) 52:15:** The parallel expression "shut their mouths" favors the reading "startle." However, the traditional reading "sprinkle" recalls the sprinkling of sacrificial blood of Leviticus and the global outreach of the message of redemption. Noting the similarity between "astonish" and "startle," Vine writes: "In the degradation and disfigurement which man inflicted on Him many were astonished; in the coming manifestation of His glory He will astonish (cause to

leap and tremble in astonishment) many nations; ‘startle’ is the meaning here, not ‘sprinkle’ (as the grammatical phraseology makes clear).” Isaiah, p. 166.

**62) 53:2:** F. B. Meyer, Christ in Isaiah, p. 126.

**63) 53:12:** David Baron, The Servant of Jehovah, p. 140.

**64) 53:12:** D. L. Moody, Notes, p. 87.

**65) 57:20-21:** F. C. Jennings, Isaiah, p. 668.

**66) Chapter 58 Introduction:** Alfred Martin, Isaiah, p. 107.

**67) 58:1–5:** Literal fasting can also be a good tool for spiritual discipline. While the NT does not command fasting, our Lord did say, “*When* you fast ...”, not “*If* you fast”.

**68) 58:13-14:** For a discussion of the Sabbath and how it relates to the Christian, see the NT volume of The Believers Bible Commentary, p. 64.

**69) 64:6-7:** Literally, menstrual cloths.

**70) 66:24:** Some Greek manuscripts lack two of these verses; see the NT volume of the BBC under Endnotes to Mark 9 for details.

**71) 66:24:** W. E. Vine, Isaiah, pp. 214, 215.

**BIBLIOGRAPHY**

Alexander, Joseph A. *The Prophecies of Isaiah*. Grand Rapids: Zondervan Publishing House, 1974.

Archer, Gleason L. "Isaiah." In *The Wycliffe Bible Commentary*, Chicago: Moody Press, 1962.

Baron, David. The Servant of Jehovah: The Sufferings of the Messiah and the Glory that Should Follow. Reprint. Minneapolis: James Family Publishing, 1978.

Buksbazen, Victor. *The Prophet Isaiah*. West Collingswood, N.J.: The Spearhead Press, 1971.

Delitzsch, Franz. "Isaiah." In *Biblical Commentary on the Old Testament*. Vols. 17, 18. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Jennings, F. C. *Studies in Isaiah*. New York: Loizeaux Bros., 1935.

Henry, Matthew. "Isaiah." In Matthew Henry's Commentary on the Whole Bible,Vol. IV.

Kelly, William. *Exposition of Isaiah*. London: Robert L. Allen, 1916.

Martin, Alfred. *Isaiah: The Salvation of Jehovah*. Chicago: Moody Press, 1967.

Meyer, F. B. *Christ in Isaiah*. Grand Rapids: Zondervan Publishing House, 1952.

Vine, W. E. *Isaiah—Prophecies, Promises, Warnings*. London: Oliphants, Ltd., 1947.

Young, Edward. *Who Wrote Isaiah?* Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1958.

# यर्मियाको पुस्तकको

# टिप्पणी

# यर्मियाको पुस्तकको भूमिका

*'त्यस बेलाका मानिसहरूले आफ्नो विचारमा कसरी येशू ख्रीष्टको सम्बन्ध भविष्यवक्ता यर्मियासित जोड़े, यो बड़ो घतलाग्दो कुरा हो। किनकि मत्ती १६:१३-१४ पदहरूमा एक समयमा ख्रीष्ट येशूले अफ्ना चेलाहरूबाट आफ्नो विषयमा सार्वजनिक लोक-विचार के थियो, सो बुझ्न चाहनुभयो। त्यस बेलामा उहाँले तिनीहरूको उत्तरबाट थाहा पाउनुभयो, कि मानिसहरूमध्ये कतिजनाले उहाँलाई यर्मिया ठान्थे, जो ख्रीष्टपूर्व सातौं शताब्दीमा जिएका महान् भविष्यवक्ता थिए। यसरी शोकहरूका मानिसलाई हृदय टुटेका यी भविष्यवक्ता ठानेको कुरा हामीलाई अचम्म लाग्दैन; किनभने यर्मिया र ख्रीष्ट येशू दुवैजनाले आफ्ना पुस्ताका मानिसहरूको निम्ति बिलौना गर्दैथिए, र रोए (यर्मिया ९:१ र लूका १९:४१)।'*

*श्री आर. के. ह्यारिसन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

यर्मियालाई प्रायः 'रुने भविष्यवक्ता'को नामले चिनिन्छ। अनि योचाहिँ उनका लेख-हरूको अर्थ खोल्ने कुञ्जी पनि हो; किनकि उनी रुने भविष्यवक्ता भएका र उनी रोएको खास कारण के थियो, सो कुरा याद गर्‍यौं भने, हामी उनको सन्देश बुझ्न सक्नेछौं।

यी भविष्यवक्ता यर्मिया अद्वितीय छन्; किनभने उनले आफ्नो हृदय र आफ्नो व्यक्तित्व पुरानो नियमका अन्य सबै भविष्य-वक्ताहरूले[1)] भन्दा बढ़ी प्रकट गरे। स्वभाव-अनुसार उनी भावुक थिए, र लजालु, अँ, अन्तर्मुखी पनि थिए; तर आफ्नो जमानामा धर्मत्यागको पाप कड़ा दोषारोपण गर्न उनको ईश्वरीय बोलावट भयो। यस संसारमा कसले सर्वोच्च स्थान ओगट्ने हो, यस होड़बाजीमा बेबिलोन, मिस्र देश र अश्शूरको बीचमा अन्तराष्ट्रिय तनाव भइरहेको थियो; अनि राजा योशियाहको शासनकालमा यहूदाको अन्तिम जागृति भएपछि इस्राएली जातिमा ठूलो आत्मिक अधोगति आयो, साथै जुन मानिसहरू परमेश्वरको वचन र साँचो धर्मको शिक्षामा हुर्किँदै गएका थिए, ती मानिसहरू अब अन्यजाति धर्म र मतहरूतिर पो फर्के। यो सबले हामीलाई वर्तमान समयको पश्चिमी इसाई धर्म-जगत्‌को आलो सम्झना गराउँछ।

### ख) यस पुस्तकको लेखक को हुन्?

यर्मियाले यस भविष्यवाणीको पुस्तक लेखे। यर्मिया नामको अर्थ निश्चित छैन; कि त यस नामको अर्थ 'परमप्रभु स्थापित गर्नुहुन्छ' हो, कि त 'परमप्रभुद्वारा उच्च पारिएको' हुन सक्छ। यी भविष्यवक्ता हिल्कियाहका छोरा थिए, जुन हिल्कियाहचाहिँ अनातोतमा बसोबास गर्ने पूजाहारी थिए; अनातोत यरूशलेमबाट लगभग तीन माइल टाढ़ाको गाउँ थियो, र यो ठाउँ बिन्यामिनको इलाकामा पर्थ्यो।

यर्मियाचाहिँ परमेश्वरप्रति निष्ठावान् भएका सबै प्रचारकहरूजस्तै थिए, जोचाहिँ मानिसहरूले सुन्न नचाहेको सन्देश प्रचार गर्दा आफ्नो पद र आफ्नो आर्थिक आय-स्रोत

खतरामा हाल्न तयार थिए। यसकारण यर्मियाका शत्रुहरूले उनको निन्दा गर्थे र उनलाई गलत सम्भन्थे, अनि उनको बदनाम गर्थे। तर यर्मियाले कुनै समयमा पूजाहारीको सेवा गरेको अनुमानको निम्ति परमेश्वरको वचनमा खास कुनै प्रमाण छैन।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

यर्मियाले आफ्नो पुस्तकभरि यता-उता धेरै कालक्रमबद्ध टिप्पणीहरू छोड़िदिए। यसबाट स्पष्ट बुझिन्छ, कि उनले आफ्नो सेवकाई लगभग ख्रीष्टपूर्व ६२७ सालमा अर्थात् योशियाहको तेह्रौं वर्षमा शुरु गरे (यर्मिया १:२)। यर्मियाको सेवकाईको अवधि निक्कै लामो थियो, अँ, राजा सिद्‌कियाहको एघारौं वर्षसम्म रहेको थियो। उनले यहूदाको अन्तिम चालीस वर्षभरि भविष्यवाणी गरिरहेका थिए, त्यस दिनसम्म, जब यरूशलेम नाश भयो र यहूदीहरू बेबिलोनको कैदमा लगिए (ख्रीष्टपूर्व ५८६)[2)]। यरूशलेमको विनाश भएपछि यर्मिया राज्यपाल गदल्याहको रक्षामा थिए। तर जब कट्टरपन्थीहरूले गदल्याहलाई मारे, तब यी भविष्यवक्ता केही रहल यहूदी-हरूसँग मिस्र देश गए। अनि उनले आफ्नो बाँकी जीवन त्यहाँ बिताए। यर्मिया ४०-४४ अध्यायहरूबाट स्पष्ट छ, कि उनले ख्रीष्टपूर्व ५८२ सालसम्म अझै पनि भविष्यवक्ताको सेवकाई गर्दैथिए।

यर्मियाको पुस्तक अध्ययन गर्दाखेरि हामीले एउटा कुरा याद गर्नुपर्छः यी भविष्य-वाणीहरू कालक्रमअनुसार राखिएका छैनन्।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?**

ख्रीष्टपूर्व ७२२ सालमा इस्राएल नामक उत्तरीय राज्य अश्शूरीको हातमा परेपछि यर्मियाले यहूदाका मानिसहरूमाथि केन्द्रित आफ्नो सेवकाई शुरु गरे; तर यहूदाको राज्यको अन्त हुन धेरै वर्षहरू बाँकी थिएनन्। अनि उनका भविष्यवाणीका दिनहरूमा अश्शूर, मिस्र देश र बेबिलोन – यी तीनवटा राज्यहरूको बीचमा संघर्ष चलिरहेको थियो। यहूदा बेबिलोनको कैदमा जानेछ भनेर परमेश्वरले यर्मियालाई पूर्वजानकारीको रूपमा चेताउनी दिनुभएको थियो; यसकारण यर्मिया 'यहूदाले मिस्र देशसँग कुनै गठबन्धन गर्नुहुँदैन' भन्ने पक्षमा बोले; किनकि मिस्र देश आफू हार्ने रहेछ। अनि अश्शूरले यहूदालाई कर तिर्न लगाएको थियो, तर यसको बीस वर्षभित्र त्यसको राजधानी नीनवे भयानक घेराबन्दी-भित्र परेर त्यसको पतन भयो (ख्रीष्टपूर्व ६१२)। अनि ख्रीष्टपूर्व ६०९ सालमा मिस्र देशका फाराओ-नेको आफ्नो सेना लिएर कनान देश हुँदै उत्तरतिर हारानमा पुगे र बाटोमा तिनले राजा योशियाहलाई मारे। तिनी र बाँकी रहेका अश्शूरीहरू नबूकद्‌नेस्सरसँग जुधे, जसले कर्कमिशको प्रसिद्ध लड़ाइँमा तिनका सेनाहरू पराजित गरे (ख्रीष्टपूर्व ६०५)। यसरी यहूदा आफैआफ बेबिलोनको हातमा पर्न गयो। अघि फाराओ-नेकोले योशियाहका उत्तराधिकारी यहोआहाजलाई पदच्युत गरेका थिए र यहोयाकिमचाहिँ मिस्र देशको निम्ति बढ़ी अनुकूल हुने आशामा यहोआहाजको बदलीमा यहोयाकिमलाई नियुक्त गरेका थिए। अनि केही समयको निम्ति राजा नबूकद्‌नेस्सरले यहूदालाई बेवास्ता गरे; यसरी यिनले यहोयाकिमलाई यहूदा फेरि स्वतन्त्र तुल्याउने प्रयासमा मिस्र देशबाट सहायता पाउने मौका दिए। तर ख्रीष्टपूर्व ५९८ सालमा राजा नबूकद्‌नेस्सरले यरूशलेममाथि आक्रमण गरे, विद्रोही राजाका छोरा यहोयाकिन तिनका उत्तराधिकारीलाई पक्रे र केही मानिसहरूलाई कैदी बनाए। यिनले सिद्‌कियाहलाई सिंहासन-माथि बसाले।

अनि हुन सक्छ, सायद फाराओ-नेकोका उत्तराधिकारी साम्तिक द्वितीयचाहिँ ती व्यक्ति थिए, जसले बेबिलोनको विरुद्धमा एउटा गठबन्धन खड़ा गर्न खोजे। तर यर्मियाले त्यसको घोर विरोधी थिए; यहूदाले त्यसमा कुनै भाग लिनुहुँदैनथियो (यर्मिया २८)। यर्मियाले यस प्रकारको गठबन्धन प्रस्ताव गर्नेहरूलाई सीधा आएर झूटा अगमवक्ताहरू ठहराए।

मिस्र देशको त्यस युक्तिले गर्दा राजा सिद्‌कियाह फसे र तिनले बेबिलोनसँगको सम्बन्ध तोड़े; अनि यही कारणले राजा नबूकद्‌नेस्सरले यरूशलेम घेरामा हाले। योचाहिँ ख्रीष्टपूर्व ५८८ सालमा भएको कुरा थियो; अनि मिस्र देशले आफ्ना सेनाहरू लिएर यो घेराबन्दी उठायो। तर चाँड़ै यरूशलेमको घेराबन्दी फेरि शुरु भयो; अनि यर्मियाले मिस्र देशको विषयमा भनेको कुरा सत्य ठहरियोः हो, मिस्र देश त्यसमाथि भर पर्नेको निम्ति 'भाँचिएको निगालो' हुँदो रहेछ (यशैया ३६ः६)। यर्मियाले यरूशलेमको विनाश र यहूदाको निर्वासनको विषयमा बोलेका आफ्ना भविष्यवाणीहरू पूरा भएका देखे; यस कुराले उनलाई निक्कै पिरोल्थ्यो।

परमेश्वरले भविष्यवक्ता यर्मियालाई स्पष्टसँग बताउनुभयोः यहूदाका पापहरूको नतिजा के थियो भने, यो जाति बेबिलनको कैदमा लगिनेथियो र सत्तरी वर्षसम्म निर्वासनमा रहनेथियो। अनि यर्मियाको मन नपरेको कर्तव्य यो कुरा आफ्ना सँगी-नागरिकहरूलाई सुनाउनु र तिनीहरूलाई बेबिलोनको अधीनतामा सुम्पने सल्लाह दिनु थियो। तर तिनीहरूले उनलाई देशद्रोहीको आरोप लगाए र उनको जीवन हमला गरे।

अन्तमा यरूशलेम विदेशी आक्रमण-कारीहरूको हातमा पर्‍यो; त्यस बेलामा यस जातिका मानिसहरूको ठूलो हिस्सा कैदमा लगियो, तर यर्मिया ती मानिसहरूमध्ये एक थिए, जसलाई मातृभूमिमा बस्न अनुमति दिइयो। अनि उनले अब बाँकी रहेका यहूदीहरूलाई शरण लिन मिस्र देशमा भागेर नजाने सल्लाह दिए; तर तिनीहरूले उनको सल्लाह बेवास्ता गरे र उनलाई साथमा लिएर गए। अनि मिस्र देशमा यर्मियाको मृत्यु भयो।

बेबिलोनको निर्वासनको विषयमा भविष्यवाणी गर्नुको साथमा यर्मियाले यहूदीहरू कैदी रहेको सत्तरी वर्षको अन्तमा बेबिलोनको साम्राज्यको विनाश हुने र यहूदीहरू आफ्नो स्वदेशमा फर्कने कुरा पनि अघिबाट देख्न सके।

## रूपरेखाः

**खण्ड १) यर्मिया १ः परिचयः भविष्यवक्ता यर्मियाको नियुक्ति र उनलाई सुम्पिएको कार्यभार**

**खण्ड २) यर्मिया २-१०ः यर्मियाको सार्वजनिक सेवकाई**

**क) यर्मिया २ः१-३ः५ः** हठी भएको यहूदाले गरेको विश्वासघातको विरुद्धमा बोलिएको उपदेश

**ख) यर्मिया ३ः६-६ः३०ः** यहूदाको भविष्य तिनीहरूको पश्चात्तापमाथि निर्भर गर्छ

- **अ) यर्मिया ३ः६-१८ः** विगत पाप र भविष्यको महिमा
- **आ) यर्मिया ३ः१९-४ः४ः** पश्चात्तापको आवश्यकता
- **इ) यर्मिया ४ः५-३१ः** उत्तरबाट न्यायका विपत्तिहरू आउनेछन्
- **ई) यर्मिया ५ः** यहूदाका पापहरूको न्याय गरिनेछ
- **उ) यर्मिया ६ः** यरूशलेमको विनाशको विषयमा गरिएको भविष्यवाणी

**ग) यर्मिया ७-१०ः** मन्दिरको मूलढोकामा यर्मियाको सेवकाई

- **अ) यर्मिया ७ः** यहूदाको कपटले पूर्ण धर्म
- **आ) यर्मिया ८ः** पापप्रति यहूदाको विवेकहीनता
- **इ) यर्मिया ९ः** रुने भविष्यवक्ताको विलाप
- **ई) यर्मिया १०ः१-१८ः** मूर्तिपूजाको विषयमा बोलिएको व्यङ्ग्य
- **उ) यर्मिया १०ः१९-२५ः** रुने भविष्यवक्ताको प्रार्थना

**खण्ड ३) यर्मिया ११-१९ः यर्मियाका व्यक्तिगत अनुभवहरू**

**क) यर्मिया ११-१२ः** यर्मिया र अनातोतका मानिसहरू

**ख) यर्मिया १३ः** यर्मिया र बिग्रेको कम्मर-पेटी

**ग) यर्मिया १४-१५ः** खड़ेरीको विषयमा यर्मियाले गरेको अन्तर्विन्ती

**घ) यर्मिया १६ः१-१८ः** यर्मियाले एकान्तमा गरेको उनको सेवकाई

**ङ) यर्मिया १६ः१९-१७ः१८ः** यर्मियाको सुदृढ़ हृदय

**च) यर्मिया १७ः१९-२७ः** यर्मियाको विश्राम-दिनको उपदेश

**छ) यर्मिया १८ः** यर्मिया कुमालेको घरमा गएका

**ज) यर्मिया १९ः** यर्मिया र माटोको सुराहीको दृष्टान्त

**खण्ड ४) यर्मिया २०-२३ः यहूदाका अधिकारीहरू र धर्मनेताहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू**

**क) यर्मिया २०ः१-६ः** पश्हूरको विरुद्धमा गरिएको भविष्यवाणी

**ख) यर्मिया २०ः७-१८ः** परमेश्वरसँग यर्मियाको गनगन

**ग) यर्मिया २१ः१-२२ः९ः** राजा सिद्‌कियाहको विरुद्धमा गरिएको भविष्यवाणी

**घ) यर्मिया २२:१०-१२:** राजा शल्लूमको विरुद्धमा गरिएको भविष्यवाणी

**ङ) यर्मिया २२:१३-२३:** राजा यहोयाकिमको विरुद्धमा गरिएको भविष्यवाणी

**च) यर्मिया २२:२४-३०:** राजा यहोयाकिनको विरुद्धमा गरिएको भविष्यवाणी

**छ) यर्मिया २३:१-८:** धर्मी राजाको विषयमा गरिएको भविष्यवाणी

**ज) यर्मिया २३:९-४०:** यहूदाका झूटा अगमवक्ताहरूको विरुद्धमा गरिएको भविष्यवाणी

**खण्ड ५) यर्मिया २४-२९: यरूशलेमको विनाश र बेबिलोनमा भएको निर्वासनको विषयमा गरिएका भविष्यवाणीहरू**

**क) यर्मिया २४:** नेभाराहरूको चिन्ह

**ख) यर्मिया २५:१-११:** बेबिलोनमा सत्तरी वर्षको निर्वासनको विषयमा गरिएको भविष्यवाणी

**ग) यर्मिया २५:१२-३८:** बेबिलोनको कैदमा लानेहरूलाई न्याय गरिनेछ

**घ) यर्मिया २६:** मानिसहरूको निम्ति यर्मियाको चेताउनी

**ङ) यर्मिया २७:** जुवाको चिन्ह

**च) यर्मिया २८:** हनन्याहको झूटो अगमवाणी र तिनको मृत्यु

**छ) यर्मिया २९:** बेबिलोनका यहूदी निवासितहरूको निम्ति यर्मियाको सन्देश

**खण्ड ६) यर्मिया ३०-३३: पुनर्स्थापनाको सम्बन्धमा गरिएका भविष्यवाणीहरू**

**क) यर्मिया ३०:** निर्वासितहरूलाई आफ्नो देशमा फर्काएर ल्याइनेछ

**ख) यर्मिया ३१:१-३०:** देशको पुनर्स्थापना हुनेछ

**ग) यर्मिया ३१:३१-४०:** नयाँ करार प्रकट भएको

**घ) यर्मिया ३२:** यरूशलेम शहरको पुनर्निर्माण हुनेछ

**ङ) यर्मिया ३३:** नयाँ करारले मान्यता प्राप्त गर्नेछ

**खण्ड ७) यर्मिया ३४-४५: ऐतिहासिक खण्ड**

**क) यर्मिया ३४-३९:** यहूदा र यरूशलेमको विनाश

- **अ) यर्मिया ३४:** राजा सिद्‌कियाहलाई कैदमा लगिने विषयमा गरिएको भविष्यवाणी
- **आ) यर्मिया ३५:** रेकाबीहरूलाई उनीहरूको आज्ञाकारिताको निम्ति इनाम दिइएको
- **इ) यर्मिया ३६:** राजा यहोयाकिमले यर्मियाको बेरुवा पुस्तक जलाएका
- **ई) यर्मिया ३७-३८:** यर्मियालाई झ्यालखानामा हालिएको र राजा सिद्‌कियाहद्वारा अन्तर्वार्ता लिइएको
- **उ) यर्मिया ३९:** यरूशलेमको विनाश

**ख) यर्मिया ४०-४२:** यरूशलेमको विनाशपछि यहूदामा घटेका घटनाहरू

- **अ) यर्मिया ४०:** यर्मिया राज्यपाल गदल्याहसँग बसेका
- **आ) यर्मिया ४१:** राज्यपाल गदल्याहको हत्या
- **इ) यर्मिया ४२:** परमेश्वरले मिस्र देशमा भागेर जानु निषेध गर्नुभएको

**ग) यर्मिया ४३-४४:** यर्मिया र बाँकी रहेका यहूदीहरू मिस्र देशमा

**घ) यर्मिया ४५:** बारूकको निम्ति परमप्रभुको सन्देश

**खण्ड ८) यर्मिया ४६-५१: अन्यजाति राष्ट्रहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू**

**क) यर्मिया ४६:** मिस्र देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**ख) यर्मिया ४७:** पलिस्ती देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**ग) यर्मिया ४८:** मोआब देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**घ) यर्मिया ४९:१-६:** अम्मोनको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**ङ) यर्मिया ४९:७-२२:** एदोमको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**च) यर्मिया ४९:२३-२७:** दमस्कसको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**छ) यर्मिया ४९:२८-३३:** केदार र हासोरको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**ज) यर्मिया ४९:३४-३९:** एलामको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**झ) यर्मिया ५०-५१:** बेबिलोनको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**खण्ड ९) यर्मिया ५२: निष्कर्षः यरूशलेमको विनाश**

# यर्मियाको पुस्तकको टिप्पणी

## खण्ड १

## यर्मिया १ः

### परिचयः भविष्यवक्ता यर्मियाको नियुक्ति र उनलाई सुम्पिएको कार्यभार

**यर्मिया १ः१-१०ः** यस भविष्यवाणीको पुस्तकको पहिलो अध्यायमा यर्मियाको परिचय दिइन्छः उनी हिल्कियाहका छोरा थिए; अनि भविष्यवक्ता हुन उनको बोलावट भयो; अनि यसको निम्ति उनलाई दिव्य आदेशहरू पनि दिइए। अनि उनका बुबाचाहिँ बिन्यामिनको अनातोतमा बसोबास गरेका पूजाहारीहरूमध्ये एक थिए। यर्मियाचाहिँ आफ्नो जन्म हुनुभन्दा पहिले नै भविष्यवक्ताको रूपमा नियुक्त गरिएका थिए (पद ५), स्वभावैले यस बोलावटको निम्ति उनी इच्छुक थिएनन् (पद ६), तर यसको निम्ति उनले ईश्वरीय शक्ति पाए (पद ८-९), त्यसपछि उनलाई यरूशलेमको विनाश र यहूदीहरूको पुनर्स्थापनाको विषयमा भविष्यवाणी गर्ने कार्यभार सुम्पियो (पद १०)। श्री विलियम केलीले यी भविष्यवक्तालाई र उनको कामको संक्षेप्त सार यस प्रकारले सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन्ः

> ‘हरेक ध्यानसित पढ्ने पाठकलाई यशैयाको पुस्तकको तुलनामा यर्मियाको पुस्तकको वृत्ति र शैली फरक भएको थाहा लाग्छ। किनकि यर्मियाको पुस्तकमा परमेश्वरका उद्देश्यहरूका महान्-महान् प्रकटीकरणहरू छैनन्, जुन उद्देश्यहरू उहाँले पृथ्वीको निम्ति, जसको केन्द्र इस्राएल देश थियो, निर्धारित गर्नुभयो; तर यहाँ एउटा भविष्यवाणीको वचन छ, जुन वचनले परमेश्वरका जनहरूका आत्मा-हरूसँग नैतिक व्यवहार गर्छ। हो, यस पुस्तकमा पक्का पनि अन्यजातिहरूमाथि आइपर्ने न्यायहरू घोषणा गरिन्छन् नै; तर यसमा पनि प्रमुख उद्देश्य यहूदीहरूको विवेक जगाउनु थियो; अनि यो उद्देश्य पूरा गर्न परमेश्वरका आत्माले यर्मियाको अनुभव कति धेरै मात्रामा प्रयोग गर्नुभएको हामी देख्छौं। सबै भविष्यवक्ताहरूमध्ये यर्मियाजस्तै अरू कुनै छैनन्, जसले आफ्ना भावनाहरू, आफ्ना विचारहरू, आफ्ना चालहरू र आफ्नो मनमुद्रा उनले गरेजस्तै यति धेरै छानबिन गरेका छन्।’ 3)

**यर्मिया १ः११-१९ः** त्यसपछि परमप्रभुले हाड़ेबदामको रूख र उम्लिरहेको भाँड़ाजस्तै दृश्य सामग्रीहरू प्रयोग गरेर आफ्नो भविष्यवक्तालाई सिकाउनुभयो। हाड़ेबदामको रूखचाहिँ बसन्त ऋतु आइपुगेको पहिलो लक्षण थियो; त्यसले परमेश्वरको वचन पूरा हुने समय नजिक आएको छ भन्ने सङ्केत गर्छ

(पद ११-१२)। अनि त्यो उम्लिरहेको भाँड़ा, जसको मुख उत्तरबाट यता फर्केको थियो, त्यो भाँड़ाचाहिँ बेबिलोन थियो; किनकि बेबिलोन उम्लेर यहूदामाथि पोखिन लागेको थियो; किनभने यहूदाका मानिसहरूले मूर्तिपूजा गर्न परमेश्वरलाई त्यागेका थिए (यर्मिया १:१३-१६)। यर्मियाले यहूदाका राजाहरूको विरोधमा, यसका शासकहरूको विरोधमा, यसका पूजाहारीहरूको विरोधमा र यसको जनताको विरोधमा यो लोकप्रिय नभएको सन्देश भविष्यवाणी गर्नु थियो; तर उनले त्यसको निम्ति ईश्वरीय सहायता पाउनेथिए। तिनीहरू उनको विरुद्धमा लड्नेथिए, तर उनलाई छुटकारा दिन परमेश्वर उनको साथमा हुनुहुनेथियो (यर्मिया १:१७-१९)।

# खण्ड २

# यर्मिया २-१०:

## यर्मियाको सार्वजनिक सेवकाई

### क) यर्मिया २:१-३:५: हठी भएको यहूदाले गरेको विश्वासघातको विरुद्धमा बोलिएको उपदेश

**यर्मिया २:१-३:** दुई अध्यायदेखि उन्नाइस अध्यायसम्मको खण्डमा यहूदाको दोषारोपण गरिन्छ। एक समयमा यहूदाले परमप्रभुलाई धेरै प्रेम गर्थ्यो। यो जाति उहाँको निम्ति पवित्र थियो; अनि हरेक जसले यसलाई छोएर दुःख दिएको थियो, त्यसमाथि विपत्ति आइपरेको थियो। तर अबचाहिँ श्री काइल एम. येट्सले यसको अवस्था निम्न प्रकारले बयान गरेका छन्:

'सुहाग रात सिद्धियो। अनि परमेश्वरले विद्रोही इस्राएली जातिलाई शुरुका दिनहरूमा यसको प्रेमको धारामा कत्रो जोश, कति न्यानोपन र कति शुद्धता भएको थियो, सो सम्झना गराउनुभयो। यसले आफ्ना प्रेमीलाई असाध्यै प्रेम गर्थ्यो; अनि यस कोमल प्रेमले यसको जीवन सङ्गीत, हर्ष र आशाले भरेको थियो। यो शुद्ध, मिर्मल र पवित्र थियो। न कुनै अविश्वासयोग्यताले, न कुनै अशुद्ध विचारले यसको भक्तिको शोभा बिगारेको थियो। तर अबचाहिँ यसको हालत हृदयविदारक थियो। परमेश्वरको हृदय शोक र निराशाले छियाछिया भएको थियो। किनकि इस्राएली जाति अहिले खुला रूपले पापमा जिइरहेको थियो। यो जाति करारका भाकलहरूप्रति अविश्वासयोग्य थियो। अनि अन्य देवीदेवताहरूले यसको स्नेह चोरिदिए। यसकारण यसले परमप्रभुलाई प्रेम गर्न छोड्यो, र यसको चाल अत्यन्तै लाजमर्दो र शर्मलाग्दो भयो'[4]

**यर्मिया २:४-१९:** यसकारण अब परमप्रभुले याकूबको घरानालाई सोध्नुभयो: 'तिमी किन बदलियौ?' के जनताका मानिसहरू, के पूजाहारीहरू, के शासकहरू र के अगमवक्ताहरू – तिनीहरू सबैले परमेश्वरले तिनीहरूको निम्ति गर्नुभएका सबै कामहरू बिर्से, कसरी? कित्तिम र केदारजस्ता अन्यजाति देशहरू थिए, जसका मानिसहरू आफ्ना देवताहरूप्रति निष्ठावान् रहन्थे; तर यहूदाले व्यर्थ मूर्तिहरूको खातिर परमप्रभु आफ्ना परमेश्वरलाई त्याग्यो। किन तिनीहरूले परमप्रभुलाई त्यागे होलान्? र यसरी अश्शूर र मिस्र देशसँग गठबन्धन गरेर तिनीहरूले आफ्नो स्वतन्त्रता गुमाइपठाए र दासत्वसित साटफेर गरे?

**यर्मिया २:२०-२५:** बीस पदमा यसो लेखिएको छः *'किनकि धेरै समय अघि मैले तेरो जुवा भाँचिदिएँ, तेरा बन्धनहरू चुँड़ाइदिएँ।'* यसको मतलब यो होः परमेश्वरले तिनीहरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनुभएको थियो। अथवा यस पदको अनुवाद यस प्रकारले गर्न सकिन्छः 'धेरै समयसम्म

तिमीले आफ्नो जुवा भाँचिदियौ र आफ्ना बन्धनहरू फालिदियौ; अनि तिमीले भन्यौः "म सेवा गर्नेछैनँ।" ' (आर.एस.वी.अनुसार)। यस अनुवादअनुसार निम्न अर्थ निस्कन्छः व्यवस्थाले यहूदामाथि लगाम लगाएका ईश्वरीय प्रतिबन्धहरू यहूदाले फ्याँकिदियो। जे भए पनि, यस खण्डमा मानिसहरू आफ्नो मूर्तिपूजामा कसरी पतित भए र कहाँसम्म भ्रष्ट भए, सो वर्णन गरिन्छ। परमेश्वरले तिनी-हरूलाई उत्तम जातको दाखको बोटको रूपमा रोप्नुभएको थियो, तर तिनीहरू पराई जातको बिग्रेको दाखको बोटका हाँगाहरू पो बनेका थिए; तिनीहरूको अधर्म साबुनले मेटाउन नसकिने भएको थियो। तिनीहरू सम्भोगको तृष्णाले जलिरहेका थिए, फुर्तिलो ऊँटनीजस्तै; तिनीहरू पराईहरूसित मोहित भइसकेका थिए, जङ्गली गधैनीजस्तै।

**यर्मिया २:२६-३७ः** जब इस्राएलको घरानाको पापले यसलाई फेला पार्छ, तब यस जातिले दुहाई गर्नेथियो; त्यस बेलामा यसका असङ्ख्य देवीदेवताहरू यसलाई बचाउन असहाय र असमर्थ हुनेथिए। बीचमा परमप्रभु यसको विरोध गर्नुहुन्छ, यसको प्रतिवाद गर्नुहुन्छ। यस जातिले उहाँको अनुशासनप्रति कुनै सकारात्मक प्रतिक्रिया जनाएन, तर ईश्वरीय लगामबाट मुक्त हुन खोज्यो। यसले परमेश्वरलाई बिर्स्यो; यसले पाप गर्दा वेश्याको भन्दा ठूलो सीप देखायो; यसले निर्दोष गरिबहरूलाई मार्‍यो; यो सब भएर पनि यसले सधैं आफ्नो निर्दोषता दाबी गर्थ्यो। उहाँले तिरस्कार गर्नुभएका देशहरूमाथि राखेको तिनीहरूको भरोसाको निम्ति परमेश्वरले तिनीहरूलाई सजाय दिनुहुनेथियो र निर्वासनमा पठाउनुहुनेथियो।

**यर्मिया ३:१-५ः** व्यवस्था २४:१-४ पदहरूअनुसार कुनै पुरुषले आफ्नी सम्बन्ध विच्छेद भएकी पत्नीसँग पुनः विवाह गर्न सक्दैनथियो, जुन पत्नीले बीचमा अर्को पुरुषसँग विवाह गरी। यहूदाका प्रेमीहरू धेरै भइसके; तैपनि परमप्रभुले अझै पनि यसलाई फर्कने निम्तो दिँदै हुनुहुन्थ्यो। आफ्नो भोग-विलासले गर्दा यसले देशमाथि आत्मिक प्रदूषण र खड़ेरी ल्याएको थियो; तर पनि यो वेश्या-जत्तिकै निर्लज्ज थियो। यसले पश्चात्ताप गरेको नकल गरेर परमेश्वरसँग कुरा गर्‍यो, तर उहाँलाई यसका खराब शब्दहरू र यसका खराब कामहरूको विषयमा राम्ररी थाहा थियो।

### ख) यर्मिया ३:६-६:३०ः यहूदाको भविष्य तिनीहरूको पश्चात्तापमाथि निर्भर गर्छ

#### अ) यर्मिया ३:६-१८ः विगत पाप र भविष्यको महिमा

**यर्मिया ३:६-१४ः** इस्राएल त्यो उत्तरीय राज्य थियो, जसले घोर व्यभिचार गरेको थियो र परमप्रभुकहाँ फर्कन इन्कार गरेको थियो। अनि यहूदाले अश्शूरीहरूलाई इस्राएल कैद गरेर लगेको देख्यो, तर पनि यो आफ्नो पापमा अडिग रहिरह्यो, र यसले परमप्रभुकहाँ फर्कन इन्कार गर्‍यो। यस हिसाबले पछि हट्ने इस्राएलका दसवटा कुलहरू विश्वासघाती यहूदाभन्दा धर्मी थिए; यसकारण परमेश्वरले ती कुलहरूलाई पश्चात्ताप गरेर र आफ्ना पापहरू स्वीकार गरेर यस हेतुले उहाँकहाँ फर्कने निम्तो दिनुहुन्छ, कि उहाँले तिनीहरूलाई सियोनमा फर्केर ल्याउन सकून्।

आठ पदमा ध्यान दिनुहोस्; किनकि परमेश्वरले इस्राएली जातिसँग सम्बन्ध विच्छेद गर्नुभयो, र यसको खास कारण यसको व्यभिचार नै थियो। अनि मत्ती १९:९ पदमा हाम्रा मुक्तिदाता प्रभुका शब्दहरूले योसँग मेल खान्छन्। प्रभु येशूको उक्त शिक्षाअनुसार पति होस् वा पत्नी होस्, उसलाई व्यभिचारको पापको विषयमा दोषी भएको साबित भयो

भने निर्दोष जीवन-साथीको निम्ति सम्बन्ध-विच्छेद गर्न मुनासिब छ। अनि जब हामी मलाकी २:१६ पदमा परमेश्वर सम्बन्ध-विच्छेदलाई घृणा गर्नुहुन्छ भन्ने कुरा पढ्छौं, तब उहाँले सबै किसिमको सम्बन्ध-विच्छेदलाई घृणा गर्नुभएको यसको मतलब होइन, तर उहाँ अबाइबलीय सम्बन्ध-विच्छेदलाई घृणा गर्नुहुन्छ भनेको पो हो।

**यर्मिया ३:१५-१८:** यी पदहरूको दृष्टि ख्रीष्टको हजार वर्षको राज्यमाथि लगाइएको छ। परमेश्वरले तिनीहरूलाई आफ्नो हृदय-अनुसारका गोठालाहरू दिनुहुनेछ, जसले तिनीहरूलाई ज्ञान र समझको साथ चराउनेछन्। त्यस बेलामा वाचाको सन्दुकको आवश्यकता पर्नेछैन; किनभने मसीह येशू स्वयम् त्यहाँ उपस्थित हुनुहुनेछ। अनि यरूशलेमचाहिँ संसारको राजधानी हुनेछ र त्यसको नाम 'परमप्रभुको सिंहासन' राखिनेछ। त्यस बेलामा संसारभरि तितरबितर भएको इस्राएल र यहूदाचाहिँ आफ्नो देशमा फर्केर आउनेछन् र आपसमा तिनीहरूको पुनर्मिलन हुनेछ।

### आ) यर्मिया ३:१९-४:४: पश्चात्तापको आवश्यकता

यहाँ, यस खण्डमा परमप्रभु र उहाँका जनहरूको बीचमा भएको भावी बातचित प्रस्तुत गरिएको छ। उहाँ तिनीहरूको निम्ति सबैभन्दा उत्तम कुरा चाहना गर्नुहुन्छ, तर तिनीहरूका पापहरूले गर्दा तिनीहरू उहाँको आशिषबाट वञ्चित भएका छन्। तिनीहरू चूर्ण भएका भए, तिनीहरू रोएका भए; तिनीहरूको सठीक प्रतिक्रिया यही हुनु थियो। फेरि एकपल्ट उहाँले तिनीहरूलाई फर्कने आह्वान दिनुहुन्छ। तिनीहरूले स्वीकार गर्नुपरेको थियोः तिनीहरूका मूर्तिहरू छलको काम हुन्, परमप्रभु तिनीहरूका परमेश्वरमा मात्र उद्धार छ, तिनीहरूले आफ्नो धर्मत्यागको निम्ति ठूलो मूल्य चुकाएका छन्, र अब शर्म र निन्दाले तिनीहरूलाई ढाकेको थियो।

### इ) यर्मिया ४:५-३१: उत्तरबाट न्यायका विपत्तिहरू आउनेछन्

**यर्मिया ४:५-१३:** परमप्रभुतिर फर्कने-हरूकहाँ मसीह आउनुहुनेछ; अनि उहाँमा जाति-जातिका मानिसहरूले आफूलाई धन्यका भन्नेछन् (यर्मिया ४:२)। परमप्रभुले अब यहूदाका मानिसहरूलाई र यरूशलेमका बासिन्दाहरूलाई आग्रह गर्नुहुन्छः 'चूर्ण होओ, र हृदयबाट आफ्ना मूर्तिहरू हटाओ!' नत्र भने परमेश्वरले तिनीहरूकहाँ आक्रमणकारी बेबिलोनलाई पठाउनुहुनेथियो, जो एउटा सिंहजस्तै, एउटा प्रचण्ड हूरीबतासजस्तै, बादलहरूजस्तै, एउटा भुमरीजस्तै र चील-हरूजस्तै तिनीहरूमाथि आइलाग्नेछ। दस पदमा आएर यर्मियाले आफू कति असक्षम र असमर्थ भएका मानिलिए; किनकि परमेश्वरले न्यायको विषयमा दिनुभएका वर्तमान धम्कीहरू उनले अघि दिइएका उहाँका शान्ति दिन्छु भन्ने प्रतिज्ञाहरूसँग मिलाउन सकेनन्। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरा भविष्यवक्तालाई थाहा थियो, तर उनले ज्योतिमा हुँदा जे जानेका र बुझेका थिए, त्यस कुराको विषयमा अन्धकारमा हुँदा शङ्का गरेर गल्ती गरे। दुःखकष्टमा परेका र निराशा भएका समयहरूमा हामी निश्चित भएका कुराहरूको विषयमा शङ्का गर्ने हाम्रो झुकाउ हुन्छ। तर हे ख्रीष्ट-विश्वासी भाइबहिनीहो, यस सम्बन्धमा हाम्रो निम्ति एउटा उत्तम नीति छः हामीले विश्वास गरेका कुराहरू दृढ़तासाथ विश्वास गर्नुपर्छ र आफ्ना शङ्काहरूको विषयमा शङ्का गर्नुपर्छ; तर हामीले विश्वास गरेका कुराहरूको विषयमा शङ्का गर्नुहुँदैन र आफ्ना शङ्काहरू विश्वास गर्नुहुँदैन।

**यर्मिया ४:१४-१८:** उत्तरमा, दानबाट र एप्रैमको पहाड़ी देशबाट विपत्तिको विषयमा विभिन्न चेताउनीहरू आइरहेका थिए; यसकारण यहूदा आफ्नो दुष्टताबाट झट्टै फर्कनुपरेको थियो। यहूदाको तिक्त पाप र विद्रोहको खातिर यरूशलेममाथि यो शहर घेराबन्दीमा हाल्नेहरू आइलाग्न तयार थिए।

**यर्मिया ४:१९-२२:** आफ्ना मानिसहरूप्रति भविष्यवक्ताको स्नेह यर्मिया ४:१९-२१ पदहरूमा उनले यसरी व्यक्त गरेका छन्: 'मेरो अन्तस्करण, मेरो अन्तस्करण! मेरो मुटुमा नै पीड़ा छ; मभित्र मेरो हृदय बेचैन छ।' अनि 'मेरो अन्तस्करण, मेरो अन्तस्करण' भन्नाले 'मेरो पीड़ा, मेरो पीड़ा' भन्न खोजेको बुझिन्छ। किनकि लड़ाइँ र विनाशमाथि विनाश नजिक-नजिक आउँदै गरेको विषयमा सोच्दाखेरि उनी व्याकुल भए। एक्काइस पदमा निम्न प्रश्न सोधिएको छः 'कहिलेसम्म म झण्डा देखिरहूँ, र तुरहीको आवाज सुनिरहूँ?' बाइस पदमा परमप्रभुले यसको जवाफ दिनुभयो। 'जबसम्म मानिसहरू आफ्नो मूर्खता र आफ्नो पापबाट फर्केर आउँदैनन्, तबसम्म' भनेर उहाँले आफ्नो जवाफ दिँदा भन्न खोज्नुभएको हो।

**यर्मिया ४:२३-३१:** यस खण्डमा यर्मियाले यहूदामाथि आउन लागेको, कसैलाई नछोड़िदिने प्रकोपको विषयमा देखेको दर्शन वर्णन गरेका छन्। परमप्रभुले यस सख्त विनाशको विषयमा चेताउनी दिनुभयो; तर यो विनाश तिनीहरूको सम्पूर्ण विनाश अर्थात् तिनीहरूको सत्यानाश हुनेथिएन। परमेश्वरको ताड़ना दिने उद्देश्य सुदृढ़ र सुनिश्चित छ; न यरूशलेमको प्रसाधनले युक्त सुन्दरताले उहाँको यस उद्देश्यमा कुनै हेरफेर ल्याउँछ, न पहिलो बालक जन्माउने व्यथामा परेकी स्त्रीको चीत्कारले यो चिच्च्यायो भने, उहाँ प्रभावित हुनुहुन्छ।

### ई) यर्मिया ५: यहूदाका पापहरूको न्याय गरिनेछ

**यर्मिया ५:१-९:** यरूशलेम शहरमा कुनै धर्मी मानिसलाई भेट्टाउन सकिएको भए परमप्रभुले यसलाई उसको खातिर क्षमा गर्नुहुनेथियो। गरिब र मूर्ख मानिसहरूको बीचमा कुनै धर्मी जनलाई भेट्टाउन नसकेका हुनाले यर्मिया ठूलाठाला मानिसहरूतिर फर्के, तर उनी आफ्नो खोजमा उत्तिकै असफल भए। यसकारण न्याय अपरिहार्य रूपले तिनीहरूमाथि आइपर्नेथियो, हिंस्रक सिंहजस्तै, मरुभूमिको ब्याँसोजस्तै र चितुवाजस्तै। परमप्रभुले यी मानिसहरूलाई कसरी क्षमा गर्न सक्नुहुनेथियो, जसले अघि उहाँसँग एउटा करार बाँधेका थिए, तर अहिले अन्य देवता-हरूको नाममा शपथ खान्थे र तल्लीन भई आफूलाई व्यभिचारमा पूरा दिइहाल्थे?

**यर्मिया ५:१०-१३:** शत्रुलाई देशमाथि चढ़ाइ गर्ने र नष्ट गर्ने आदेश दिइएको छ, (तर पूरा रीतिले सर्वनाश गर्नको निम्ति चाहिँ होइन); किनभने मानिसहरूले परमप्रभुलाई अस्वीकार गरे र खतरा नजिकै आइपुगेको कुरा सरासर इन्कार गरे; अनि तिनीहरूका अगमवक्ताहरूले झूट बोल्दैथिए।

**यर्मिया ५:१४-१९:** तर यर्मियाका वचनहरू एउटा भस्म पार्ने आगो हुन्थे, जुन आगोले मानिसहरूरूपी काठ जलाउँथ्यो। बेबिलोनीहरू देशलाई निल्न र ध्वस्त पार्न आउँदैथिए, तर पूरा सत्यानाश गर्न होइन। यहूदाका मानिसहरूले आफ्नो देशमा पराई देवताहरूको पूजाआजा गर्थे; यसकारण तिनीहरू परदेशमा पराईहरूको सेवा गर्नु-पर्नेथियो; यो यस पापको प्रतिफल हुनेथियो।

**यर्मिया ५:२०-३१:** परमेश्वर आफ्ना मूर्ख जनहरूको मन्दबुद्धि देखेर छक्क पर्नुभयो। समुद्रले उहाँको आज्ञा पालन गर्थ्यो, तर

तिनीहरूले उहाँको आज्ञापालन गर्दैनथिए। तिनीहरू उहाँको भय मात्र तयार थिएनन्, जसले पानीभरी दिनुहुन्थ्यो; अहँ, उहाँले पानी रोकिराख्दाखेरि पनि तिनीहरूले उहाँको डर मान्दैनथिए। यति हठी, यति विद्रोही, यति पापमा डुबेको जातिलाई परमेश्वरले कसरी सजाय नदिई छोड्न सक्नुहुनेथियो ? यस सम्बन्धमा श्री विलियम केलीले निम्न टिप्पणी गरेका छन्ः

'अनि यस जातिको दुष्टता चरमसीमामा पुगेको बेलामा कुनै भाग मानिसहरू मात्र दोषी थिएनन्, तर उनका शब्दहरूअनुसार *"यस देशमा अवाक् पार्ने र भयानक कुरा भइरहेको छ; अगमवक्ताहरूले झूटा अगमवाणी गर्छन्, र पूजाहारीहरूले तिनीहरूको सहारा लिएर शासन गर्छन् । अनि मेरा जनहरूले यस्तै भएको मन पराउँछन्; अनि यसको अन्तमा तिमीहरूले के गर्नेछौ त ?"* (फ्द ३०-३१) ।

यसरी तिनीहरूको नैतिकता र सच्चाइका सबै मुहान-हरू भ्रष्ट भए; फलस्वरूप न्याय छोड़ेर परमप्रभुबाट अरू केही पनि आउन सक्दैनथियोभन्ने कुरा सुस्पष्ट भयो ।' 5)

### उ) यर्मिया ६ः यरूशलेमको विनाशको विषयमा गरिएको भविष्यवाणी

**यर्मिया ६ः१-८ः** चेताउनी दिने तुरही र चिन्हरूपी आगोले बिन्यामिनीहरूलाई यरूशलेमबाट भाग्ने सङ्केत दिए; किनभने बेबिलोनका गोठालाहरू आफ्ना बगालहरूको साथमा यरूशलेममाथि आक्रमण गर्न लागेका थिए। (गोठालाहरू भन्नाले सेनाका कप्तानहरू बुझिन्छ भने, तिनीहरूका बगालहरू भनेको तिनीहरूका सिपाहीहरू बुझिन्छ)। अनि यी पदहरूमा कल्दीहरूलाई आफ्नो रणनीतिको विषयमा छलफल गरेका सुनिन्छ। परमेश्वरले यहूदियाको निम्ति कैदमा जाने कुरा निर्धारित गर्नुभयो; किनकि मानिसहरूले थिचोमिचो, अत्याचार र लुटपिट गरिरहेका थिए। तिनीहरूको निम्ति ढिलो भइसकेको यस घड़ीमा पनि उहाँले आफ्ना जनहरूलाई अझै पनि यसो नगर्ने, यसो गर्न छोड्ने चेताउनी दिँदै हुनुहुन्थ्यो ।

**यर्मिया ६ः९-१५ः** सेनाहरूका परमप्रभुले के चेताउनी दिनुभयो भने, अङ्गुर टिप्नेले दाखको बोटबाट सबै अङ्गुरहरू पूरा टिपेझैं बेबिलोनीहरूले देशलाई नाङ्गो र उजाड़ बनाइदिनेथिए। यर्मिया निराश थिए, किनकि उनले वचनमा ध्यान नदिने मानिसहरूसित कुरा गर्नुपरेको थियो; तर उनले नबोली सक्दै सक्दैनथिए। किनकि परमप्रभुले उनलाई आज्ञा गर्नुभयोः 'तिनीहरूको लोभले गर्दा, अगम-वक्ताहरू र पूजाहारीहरूको छल र तिनीहरूको निर्लज्ज व्यवहारले गर्दा यो विनाश आउन लागेको हो भन्ने सन्देश सुनाइदेऊ !' अनि याद गर्नुहोस्ः आत्मिक अधोगति भएको समयमा समृद्धि हुनेछ भन्ने प्रतिज्ञा गर्नु झूटा अगम-वक्ताहरूको लक्षण हो ।

**यर्मिया ६ः१६-२१ः** तर यी मानिसहरूले परमेश्वरको आह्वान अस्वीकार गरे। तिनी-हरू धार्मिकताका पुराना बाटाहरूमा हिँड्नु कहाँ हो र ! तिनीहरूले उहाँको चेताउनी ग्रहण गर्नु कहाँ हो र! यसकारण तिनीहरूमाथि यो विपत्ति आउने नै थियो; तिनीहरूले चढ़ाएका बलिदानहरू र तिनको मीठो सुगन्ध जतिसुकै किन नहोऊन् ! मानिसहरू ठेस खाएर लड्ने-थिए र नाश हुनेथिए ।

**यर्मिया ६ः२२-२६ः** उत्तरको देशबाट शत्रुको हमलाले गर्दा मानिसहरूको बीचमा ठूलो डर, शोक र तीतो विलाप हुनेथियो ।

**यर्मिया ६ः२७-३०ः** परमप्रभुले यर्मियालाई धातुहरूको पारखी र परीक्षकको रूपमा नियुक्त गर्नुभयो। यहूदाका मानिसहरू धातुहरू थिए, तिनीहरू पित्तल र फलामजस्तै हठी विद्रोही थिए; तिनीहरू यस्तो सिसाजस्तै थिए, जुन सिसाबाट धातुको मैला हटाउन सकिँदैनथियो; तिनीहरू रद्द चाँदी थिए।

आउनुहोस्, हामी यस विषयमा श्री काइल येट्सको निम्न टिप्पणी पढ़ौं:

'हुन सक्छ, सायद यस्तोदिन आउला, जब हामीले पापी मानिसहरू पवित्र परमेश्‍वरको दृष्टिमा कति भद्दा, कति घिनलाग्दा, कति निकम्मा छन्, सो स्पष्ट रूपले देख्न सकौंला। हामीले आफूलाई निष्पक्ष र वस्तुगत हेराइले नियालेर हेर्न आवश्यक छ, नत्र ता हामीले आफ्नो अधमी, अभागी रित्तोपन देख्न सक्दैनौं, जुन रित्तोपन परमेश्‍वर छरलङ्ङै देख्नुहुन्छ। रद्द चाँदी राख्नमा कुनै अर्थ हुँदैन। के यो सम्भव छ कि परमेश्‍वरले धेरैलाई, जसले आफूलाई बड़ो कामलाग्दा ठान्छन्, अघिबाट मूल्यहीन ठानेर रद्द गर्नुभयो?' 6)

### ग) यर्मिया ७-१०: मन्दिरको मूलढोकामा यर्मियाको सेवकाई

#### अ) यर्मिया ७: यहूदाको कपटले पूर्ण धर्म

**यर्मिया ७:१-४:** सात अध्यायको नाम 'मन्दिरको उपदेश' राखिएको छ। यहूदाका मानिसहरूले आफूलाई पूरा सुरक्षित ठानेका थिए; किनभने तिनीहरूको विचारमा, परमेश्‍वरले मन्दिरलाई कहिल्यै नष्ट हुन दिनुहुन्नथियो। तर तिनीहरूको यो सोच गलत थियो। तिनीहरूले यस भवनमाथि गलत प्रकारको भरोसा राख्दैथिए; तर यस भवन-भित्र वास गर्नुहुने परमेश्‍वरमाथि तिनीहरूको भरोसा खोइ, कहाँ थियो?

**यर्मिया ७:५-१५:** तिनीहरूको खास सुरक्षा केमा थियो? तिनीहरू पूर्ण रूपले पापबाट फर्केर एउटा धार्मिक जीवन जिउनु-परेको थियो। तर तिनीहरूको विचारमा, तिनीहरू मन्दिरमा आई 'हामीलाई छुटकारा मिलेको छ' भनेर भने भने बस् पुगियो; तब तिनीहरूले आफ्ना पापहरूको निम्ति छुट पाउनेथिए अरे।

देखावती धर्मको विषयमा हाम्रा प्रभु येशूको धारणा यर्मियाको जस्तो थियो; किनकि जब उहाँले आफ्ना पिताको घर शुद्ध पार्नुभयो, तब उहाँले मन्दिरको विषयमा 'डाँकूहरूको ओड़ार' भन्ने भविष्यवक्ता यर्मियाका यी शब्दहरू प्रयोग गर्नुभयो, जुन शब्दहरू यर्मियाले यहाँ, एघार पदमा प्रयोग गरे (मत्ती २१:१३; मर्कूस ११:१७; लूका १९:४६)। यहूदाका मानिस-हरूले मन्दिर अपवित्र र अशुद्ध पारेका हुनाले यो मन्दिर शीलोको पवित्रस्थानजस्तै नष्ट हुनेथियो। (शीलोको पवित्रस्थानको विनाश न्यायकर्ताहरूको समयमा अथवा नभए १ शमूएलको पुस्तकको समयमा भएको अनुमान गरिन्छ।) 7)

**यर्मिया ७:१६-२६:** यर्मियाले यहूदाका मानिसहरूको निम्ति प्रार्थना गर्नुहुँदैनथियो; किनकि तिनीहरूले सड़कहरूहुँदा स्वर्गकी रानीलाई 8) र अन्य देवताहरूको पूजा गरिरहेका थिए। मानिसहरूले आफ्ना बलिका पशुहरूको मासु आफूले खाऊन्। परमेश्‍वरले चाहनु-भएको कुरा आज्ञापालन हो, रीतिहरू होइनन्। बाइस पद हामीले तेइस पदको सन्दर्भमा पढ्नुपर्छ: भक्ति र समर्पणविनाको बलिदान मूल्यहीन हुन्छ।

**यर्मिया ७:२७-३४:** यहूदाले सुधार ग्रहण गर्न निरन्तर इन्कार गरेको हुनाले, यर्मियाले दिव्य आदेशअनुसार विलाप गर्नुपरेको थियो। तिनीहरूले मन्दिर अपवित्र तुल्याएका थिए र आफ्ना छोराछोरीहरूलाई बलि गरेका थिए; यसकारण फलस्वरूप तिनीहरूको डरलाग्दो काटमार हुनेथियो र देश उजाड़ हुनेथियो।

#### आ) यर्मिया ८: पापप्रति यहूदाको विवेकहीनता

**यर्मिया ८:१-७:** बेबिलोनीहरूले आकाशका ताराहरूको पूजा गर्नेहरूका हड्डीहरू खनेर निकाल्नेथिए र आकाशको सामु सोतरझैं फिँजाउनेथिए; अनि बाँचेका मानिसहरूले मर्न चाहनेथिए। जो लड़्छ, त्यो उठ्छ; अनि

जसले पाप गर्छ, उसले पश्चात्ताप गर्छ; तर यहूदा, अहँ, त्यस्तै छँदैथिएन; यसले परमप्रभुकहाँ फर्कन मान्दै मान्दैनथियो। व्यवस्थाको सम्बन्धमा यी मानिसहरूलाई कुन कुरासित तुलना गरे ठीक थियो? तिनीहरू सारस, ढुकुर, कस्याङकुरुङ र गौंथलीजस्तै पनि थिएनन्, जसले सहजैले आफ्नो फर्केर आउने गमनको समय कायम राख्थे।

**यर्मिया ८:८-१२:** यी मानिसहरूले परमप्रभुको व्यवस्थाको सम्बन्धमा आफूलाई बुद्धिमान् ठान्थे; तर शास्त्री, अगमवक्ता र पूजाहारीले व्यवस्थामा गलत अर्थ लगाए र रद्द गरे। तिनीहरू लोभी थिए, छली थिए, र तिनीहरूले समस्याहरू हल्का प्रकारले, बाहिरी तवरले मात्र समाधान गर्ने गर्थे। तिनीहरूले दण्डको समयमा आफ्नो निर्लज्जताको निम्ति उचित प्रतिफल पाउनेथिए।

**यर्मिया ८:१३-१७:** दाखको बोटमा अङ्गुरहरू र नेभाराको रूखमा नेभाराहरू एउटा फल नरहने गरी पूरा टिपेझैं परमेश्वरले तिनीहरूलाई उठाएर लैजानुहुनेथियो। यी मानिसहरू यरूशलेम शहरभित्र नाश हुन ठहराइएका थिए; किनकि बेबिलोनी सेनाहरू मोहनी नलाग्ने सर्पहरूझैं अघि बढ़िरहेका थिए।

**यर्मिया ८:१८-२२:** टुटेको हृदय भएका भविष्यवक्ताले के सुन्दैथिए? मानौं कैदमा लगिएका यहूदीहरूले 'परमेश्वर कहाँ हुनुहुन्छ?' भन्ने प्रश्न गरे; उनले यो पो सुनेका रहेछन्। तर यस प्रश्नको उत्तर परमेश्वरले कसरी दिनुभयो? उहाँले तिनीहरूलाई पनि एउटा प्रश्न सोध्नुभयोः तिनीहरूले उहाँलाई खोपेका मूर्तिहरू र पराई देवताहरूको निम्ति किन त्यागे हँ? यी मानिसहरूको बिलौना सुन्नुहोस्! तिनीहरूले आशा गरेको छुटकारा आउँदै आएन। यसकारण यी मानिसहरूको आशाहीन अवस्था देखेर यर्मिया धुरुधुरु रुँदैथिए। बाइस पदचाहिँ 'गिल्यादमा मलहम छ' नामक प्रसिद्ध आत्मिक गीतको स्रोत भएको होः

> घाइते भएकोलाई निको पार्न गिल्यादमा मलहम छ;
> पापको रोगले ग्रस्त भएको आत्मा निको पार्न गिल्यादमा मलहम छ।

### इ) यर्मिया ९: रुने भविष्यवक्ताको विलाप

**यर्मिया ९:१-११:** पहिला दुईवटा पदहरूमा बोल्ने वक्ता यर्मिया हुन्। एक पदमा उनलाई 'रुने भविष्यवक्ता' भन्ने नाम किन दिइयो, सो कुरा सुन्दर ढङ्गले व्यक्त गरिएको छः

> 'मेरो टाउको पानी नै पानी भएको भए र मेरा आँखाहरूचाहिँ आँसुको एउटा मुहान भएका भए, म मेरो प्रजाको छोरीका मारिएकाहरूको निम्ति दिनरात रुनेथिएँ!'

दुई पदमा यर्मियाले आफ्नो जुन मनको भाव व्यक्त गरे, उनको यो मनको भाव धेरै प्रचारकहरू र मिसनेरीहरूले राम्रोसँग बुझ्न सक्छन्। यस विषयमा श्री काइल येट्सले यसो लेखेका छन्:

> 'तपाईंले एकजना थकित, हैरान र निरुत्साहित भएका भविष्यवक्तालाई देख्न चाहनुभयो भने यसको दुई पद पढ्नुहोस्; किनकि यस पदले हामीलाई यर्मिया सबैभन्दा तल्लो अवस्थामा पुगेको क्षणको झलक दिन्छ। हामी यस प्रकारको अनुभवलाई के नाम दिऔं? यो अनुभव 'एक महात्माको मनमा लागेको अँध्यारो छाया' भन्न सकिन्छ। आफ्नो यस कष्टको घड़ीमा उनले के कल्पना गरे भने, उनको कुरा नखाने मानिसहरूबाट उनले बिदा लिन चाहे। उनको निम्ति आफ्नो सारा जिम्मेवारी र आफ्ना सबै चिन्ताहरूबाट मुक्त हुने कल्पना कति मीठो थियो! किनकि मानिसहरूको बीचमा धर्मको बदलीमा केवल एउटा खोक्रो, भक्तिहीन औपचारिकता देखेर उनी साँच्चै बिरामी परेका थिए। आफ्नो सारा समयमा उनले प्रार्थना गरेरै, प्रेम गरेरै, प्रचार गरेरै र चेताउनी दिएरै बिताएका थिए; अनि यसको प्रतिक्रिया के भयो? यी मानिसहरूले उनको सन्देशमा कुनै पनि चासो

लिँदैनथिए; तिनीहरूबाट उनको मन पिरोल्ने तटस्थ प्रतिक्रिया भएको थियो ।'[9)]

उनले यी मानिसहरूको पापले पूर्ण अवस्था र यस प्रकारको खराब अवस्थाले निम्त्याएको दण्डको खातिर विलाप गर्दैथिए। त्यसपछि उनले परमप्रभुको मुखका शब्दहरू दोहोऱ्याए, जसले यस खण्डमा तिनीहरूका पापहरू के-के थिए, सो बेलीबिस्तार गर्नुभयो र यस प्रकारको व्यवहारको निम्ति अपरिहार्य न्यायको माग के थियो, सो पेश गर्नुभयो। अनि परमेश्वरले यरूशलेम स्यालहरूको ओड़ार तुल्याउन लाग्नुभएको र यहूदाका शहरहरू उजाड़ पार्न लाग्नुभएको खण्डमा उनी रोइरहेका थिए।

**यर्मिया ९:१२-२२:** त्यो आउन लागेको विपत्ति सीधै यहूदाको मूर्तिपूजासँग सम्बन्धित थियो, र मूर्तिपूजा गरेको तिनीहरूको यही पापको खातिर तिनीहरू कैदमा जानेथिए। परमप्रभुको आदेशअनुसार विलाप गर्न निपुण स्त्रीहरू आऊन्; (यी स्त्रीहरूले व्यवसायिक रूपले शोक गर्ने गर्थे); यिनीहरूले भयानक काटमार र विनाशको निम्ति विलाप गरून्। मानिसहरूले आफ्नो बुद्धि, आफ्नो शक्ति र आफ्नो धनमा घमण्ड गर्न के काम? किनकि परमप्रभुलाई चिन्नु नै मुख्य र महत्त्वपूर्ण कुरा हो।

**यर्मिया ९:२३-२४:** *'परमप्रभु यसो भन्नुहुन्छः बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा गर्व नगरोस्, न शक्तिमान् मानिसले आफ्नो शक्तिमा गर्व गरोस्, न धनवान् मानिसले आफ्नो धनमा गर्व गरोस्; तर जसले गर्व गर्छ, उसले मलाई 'परमप्रभु म नै हुँ; मचाहिँ पृथ्वीमा करुणा, न्याय र धार्मिकताको काम गर्छु' भनेर बुझेको र चिनेकोमा गर्व गरोस्; किनकि यी कुराहरूमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ।'* यर्मियाको पुस्तकमा यी दुईवटा पदहरू अति प्रसिद्ध पदहरू हुन्। श्री जी. हर्बर्ट लिविङ्स्टनले यिनको विषयमा निम्न टिप्पणी गरेका छन्:

'यी दुईवटा पदहरू कण्ठस्थ गर्न योग्य छन्। किनकि मानिसहरूले बुद्धि, शक्ति र धन प्राप्त गर्न प्रयास गर्छन्; तर परमेश्वर दयामा, न्यायमा र धार्मिकतामा प्रसन्न हुनुहुन्छ। धन्य हो त्यो मानिस, जसले परमप्रभुलाई यहाँसम्म चिन्छ, कि ऊ त्यही कुरामा प्रसन्न हुन्छ, जुन कुरामा उहाँ प्रसन्न हुनुहुन्छ।'[10)]

**यर्मिया ९:२५-२६:** यहूदाको कचौरामा अझ तीतो कुरा के थियो भने, तिनीहरूको सजाय अन्यजाति देशहरूसँग हुनेथियो; किनभने यहूदाका मानिसहरू हृदयको खतना नभएका मानिसहरू थिए। केशका कुना काट्नु गैर-यहूदीहरूको चलन थियो, जुन चलनचाहिँ यहूदीहरूको निम्ति निषेध गरिएको थियो (लेवी १९:२७)। छबीस पदमा 'केशको कुना काट्नु'चाहिँ आर.वी. र एन.ए.एस.बी.को अनुवाद हो।[11)]

### ई) यर्मिया १०:१-१८: मूर्तिपूजाको विषयमा बोलिएको व्यङ्ग्य

**यर्मिया १०:१-५:** यस अध्यायमा पालोपिलो हुने गरी मूर्तिहरूको व्यर्थता र परमेश्वरको महानताको बीचमा तुलना गरिन्छ। *'अन्यजातिहरूको चाल नसिक!'* परमेश्वरका जनहरूले न अन्यजातिहरूको चाल न यिनीहरूका निर्जीव मूर्तिहरूको डर राख्न सिक्नु हुन्छ।

मूर्तिहरूको विषयमा रचिएको यस व्यङ्ग्यको विषयमा श्री काइल येट्सले यस प्रकारको टिप्पणी गरेका छन्:

'यर्मियाले यी घटिया, असहाय मूर्तिहरूसित क्रूर व्यवहार गर्छन्, जुन मूर्तिहरू मानिसहरूले परमेश्वरको सट्टामा पूजा गरेका छन्। यी मूर्तिहरूबाट कुनै प्रतिक्रिया आउँदैन; यिनीहरू काठका ठुटाहरूसित बराबर हुन्, निर्जीव छन्; मानिसहरूले यी मूर्तिहरू सजाउनुपर्छ, सिँगार्नुपर्छ, नत्र यिनीहरू केवल एउटा काठको ठुटा हुन् भन्ने कुरा स्पष्ट देखिन्छ; यिनीहरूले हामीलाई कहाँ बोक्छन् र? मानिसहरूले

तिनीहरूलाई पो बोक्नुपर्छ। मानिसहरूले मूर्तिहरूलाई रच्नुपर्छ र यिनीहरूलाई आ-आफ्नो रूप दिनुपर्छ; तर परमेश्वर सृजनहार हुनुहुन्छ। यिनीहरूमा न बोली, न शक्ति, न सास, न बुद्धि, न मूल्य, न प्रभाव, न कुनै स्थायित्व छ; यिनीहरूलाई कुनै कुराको निम्ति श्रेय दिन सकिँदैन। तर परमप्रभु कति फरक हुनुहुन्छ! उहाँ अनन्त, जीवित, क्रियाशील र शक्तिशाली हुनुहुन्छ! [12)]

**यर्मिया १०:६-९:** परमेश्वर महान् हुनुहुन्छ, जातिहरूका महाराजा हुनुहुन्छ; उहाँ भययोग्य हुनुहुन्छ। अनि जस-जसले मूर्तिपूजा गर्छन्, तिनीहरू मन्दबुद्धिका र मूर्ख हुन्छन्; किनकि तिनीहरू मानिसहरूका हातका कामको सामु झुक्छन् र त्यसलाई पो दण्डवत् गर्छन्।

**यर्मिया १०:१०-१६:** परमप्रभु एकमात्र सत्य र जीवित परमेश्वर हुनुहुन्छ। रचिएका सबै देवताहरू नष्ट हुनेछन्। तर परमप्रभु सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ; उहाँ सबै कुराहरूको प्रबन्ध गर्नुहुने र सबै कुराहरू सञ्चालन गर्नुहुने परमेश्वर हुनुहुन्छ। मूर्ति बनाउने कारिगरहरू मन्दबुद्धिका हुन्छन्, र तिनीहरूले रचेका मूर्तिहरू झूट हुन्, अँ, व्यर्थका हुन्छन्। तर याकूबको भाग तीजस्ता हुनुहुन्न; उहाँ सबै कुराहरूको रचनाकार हुनुहुन्छ; उहाँ सेनाहरूका परमप्रभु हुनुहुन्छ।

**यर्मिया १०:१७-१८:** अब यस देशका बासिन्दाहरूलाई के भनिन्छ भने, तिनीहरूले बोक्न सक्ने सरसामान पोको पार्नुपर्छ; किनभने परमप्रभुले तिनीहरूलाई निर्वासनमा पठाउँदै हुनुहुन्थ्यो।

### उ) यर्मिया १०:१९-२५: रुने भविष्य-वक्ताको प्रार्थना

आफ्नो जातिको पक्षमा बोल्दै यर्मियाले घेराबन्दी र निर्वासनका ठूला डरहरूको विषयमा विलाप गर्छन्; हो, मानिस कति अनजान थियो, यो उनले मानिलिन्थे; परमेश्वरले आफ्ना जनहरूलाई ताड़ना दिऊन्, तर आफ्नो बल्दो रिस तिनीहरूका शत्रुहरूमाथि खन्याइदिऊन्; यो उनको अनुरोध थियो। किनभने यिनीहरूले उहाँका जनहरूलाई निले।

# खण्ड ३

# यर्मिया ११-१९:

## यर्मियाका व्यक्तिगत अनुभवहरू

### क) यर्मिया ११-१२: यर्मिया र अनातोतका मानिसहरू

**यर्मिया ११:१-१०:** परमप्रभुले यर्मियालाई यसो भन्ने आज्ञा गर्नुभयो: जुन वाचा अर्थात् जुन व्यवस्था उहाँले यी मानिसहरूसित बाँध्नुभएको थियो, त्यो व्यवस्थारूपी वाचा उनले तिनीहरूलाई सम्झाऊन्, विशेष गरी उनले तिनीहरूलाई अनाज्ञाकारीहरूमाथि आउने श्राप र आज्ञापालन गर्नेहरूमाथि आउने आशिषहरूको विषयमा सम्झना गराऊन्! विगत समयदेखि परमेश्वर तिनीहरूलाई लगातार चेताउनी दिँदै आउनुभयो; तर तिनीहरूको तर्फबाट निरन्तर नकारात्मक प्रतिक्रिया, अँ, इन्कारमाथि इन्कार आएको थियो। अनि अब यहूदाका मानिसहरूको बीचमा एउटा षड्यन्त्र मच्चिरहेको थियो: तिनीहरूले अन्य देवताहरूको पूजा गर्न परमेश्वरलाई त्यागेर त्यो करार भङ्ग गर्न लागेका रहेछन्।

**यर्मिया ११:११-१३:** तर जब तिनीहरू-माथि परमेश्वरको न्याय आइपर्छ, तब उहाँले तिनीहरूको प्रार्थना सुन्नुहुनेथिएन;

अनि यहूदाका असङ्ख्य देवताहरूसँग तिनीहरूलाई बचाउने शक्ति हुँदैनथियो ।

**यर्मिया ११:१४-१७:** 'यी मानिसहरूको निम्ति प्रार्थना नगर' भनेर तीन पल्ट यी भविष्यवक्तालाई आदेश दिइयो (यर्मिया ७:१६, ११:१४ र १४:११) । यी मानिसहरूलाई आफ्ना बलिहरू लिएर उहाँको मन्दिरमा आउने अधिकार छँदैथिएन; किनकि यसरी न तिनीहरूको दोष लुक्नेथियो, न तिनीहरूको विनाश रोकिनेथियो । जुन यहूदाले एक समयमा परमप्रभुबाट 'सुन्दर र मनोहर फलले युक्त, हरियो जैतुनको रूख' भन्ने नाम पाएको थियो, त्यही यहूदाको भाग्य यसको मूर्तिपूजाले गर्दा आगोमा जल्नु थियो ।

**यर्मिया ११:१८-२३:** यस खण्डमा अनातोतका मानिसहरूले यर्मियालाई मार्ने युक्तिहरू रचेको जानकारी परमप्रभुले यिनीहरूको यस दुष्ट युक्तिको विषयमा कुनै पनि शङ्का नगरेका यी विनीत भविष्यवक्तालाई दिनुभयो । अनि जब उनले यसको विषयमा प्रार्थना गरे, तब उनलाई यसको खातिर उनका विरोधीहरूले सजाय भोग्नेछन् भन्ने निश्चयता दिइयो ।

**यर्मिया १२:१-६:** यर्मियासित एउटा बुझ्न नसकिने कुरा थियो; यसकारण उनले परमप्रभुलाई सोधेः उहाँ त धर्मी हुनुहुन्थ्यो; तब अनातोतका मानिसहरूजस्तै दुष्ट मानिसहरूले आफ्नो चालमा किन उन्नति गर्छन्, र उनीजस्तै धर्मी मानिसले कुन कष्ट भोग्नुपर्छ ? यसको विषयमा उनले उहाँबाट जवाफ पाउन चाहे । अनि परमेश्वरले उनलाई के जवाफ दिनुभयो भने, यर्मियाले योभन्दा अझ पनि कड़ा विरोध सामना गर्नुपर्नेथियो, यहाँसम्म कि उनका दाजुभाइहरूले उनीसित विश्वासघात गर्नेथिए । अनि उनलाई पैदल-सिपाहीहरूको चालसित तुलना गर्न सक्ने यी केही हदसम्म शान्तिमय अवस्थाहरू सामना गर्न गाह्रो भयो भने त, उनले उनीमाथि आउन लागेका, घोड़ाहरूसँग होड़ गर्ने घोर परीक्षाहरूमा केकसो गर्नेथिए त ?

**यर्मिया १२:७-१४:** धेरै मायालु शब्दहरू प्रयोग गरेर परमेश्वरले यहाँ, यस खण्डमा यहूदाको दयनीय अवस्था वर्णन गर्नुभयो र यसको विनाशको विषयमा आफ्नो अफसोस प्रकट गर्नुभयो, जुन विनाश यसले आफूमाथि ल्यायो । जुन चराको रङ्ग-रूप अरू चराहरूको भन्दा फरक छ, त्यस चरालाई प्रायः अरूले आक्रमण गरिहाल्छन् । ठीक त्यस्तै यहूदाचाहिँ परमप्रभुको दृष्टिमा छिरबिरे रङ्गको शिकारी चरा थियो । यसकारण परमेश्वरले यहूदालाई आक्रमण गर्ने अन्यजाति देशहरूलाई दण्ड दिनुहुनेथियो, तर यहूदालाई यसको स्वदेशमा पुनर्स्थापित गर्नुहुनेथियो ।

**यर्मिया १२:१५-१७:** अनि त्यसपछि अन्यजातिहरू आ-आफ्ना देशहरूमा पुनर्स्थापित हुनेथिए; अनि तिनीहरू मूर्तिहरूबाट परमेश्वरकहाँ फर्के भने, तिनीहरू उहाँका जनहरूको बीचमा उहाँका आशिषहरूमा सहभागी हुनेथिए । नभए तिनीहरू नामेट हुनेथिए ।

### ख) यर्मिया १३: यर्मिया र बिग्रेको कम्मर-पेटी

**यर्मिया १३:१-११:** यहूदाको तुलना एउटा कम्मर-पेटीसित गरिन्छ । यर्मियालाई त्यो कम्मर-पेटी यूफ्रेटिस नदीमा लगेर चट्टानको दुलोमा गाड्ने आदेश दिइयो । एक समयमा परमप्रभुसँग नजिकको घनिष्ठता यहूदाको हिस्सा थियो; तर अहिले त्यो कम्मर-पेटीजस्तै यो जाति लगिनेथियो र 'लुकाइनेथियो' । आफ्नो पापले गर्दा यहूदालाई दुई सय पचास माइल टाढ़ा लगिनेथियो र निर्वासनभरि बेबिलोनको यूफ्रेटिस नदीको नजिकै 'लुकाइनेथियो' । अनि जब यर्मियाले त्यो कम्मर-पेटी फेरि निकाले, तब त्यो कम्मर-पेटी बिग्रेको थियो र काम नलाग्ने भयो । यर्मिया

यूफ्रेटिस नदीमा गए कि गएनन् भन्ने विषयमा श्री सी. आई. स्कोफिल्डले आफूले प्रकाशन गरेका बाइबलमा एउटा उपयोगी टिप्पणी हालेका छन्ः

'कोही-कोही मानिसहरू छन्, जसले बेबिलोनसम्मको ठूलो दूरी र यहूदामा चलिरहेको लड़ाइँको अवस्था ध्यानमा राखेर यर्मियाले आफ्नो कम्मर-पेटी वा त्यो पटुका यूफ्रेटिस नदीको किनारमा गाड़ेको सम्भावनाको विषयमा प्रश्न उठाएका छन्। तर यर्मियाको सेवा-कालमा यस्ता समयहरू पनि थिए, जुन समयहरूमा यस सम्पूर्ण भूभागमा शान्तिको वातावरण थियो। यसकारण यर्मियाले वास्तवमा बेबिलोनको भ्रमण गरेको बढ़ी सम्भव भएको देखिन्छ। यसो हो भने, उनले बेबिलोनमा पुगेपछि त्यो कम्मर-पेटी त्यहाँ गाड़े होलान् र त्यहाँबाट फर्केको बेलामा उनले खनेर त्यो कम्मर-पेटी निकाले होलान्; त्यस समयमा यो घटना सजिलोसँग घटेको हुन सक्छ।

तर यहाँ, यस ठाउँमा प्रयोग गरिएको 'फरात' शब्दको अर्थ यूफ्रेटिस नदी नभई यरूशलेमदेखि केही माईल उत्तरमा रहेको 'वादी फरा' भन्ने नदी पनि हुन सम्भव भएको देखिन्छ। कुरा यस्तो हो भने, बेबिलोनको अन्तिम आक्रमण हुनुभन्दा अघि उनले जुनै पनि समयमा त्यो कम्मर-पेटी त्यहाँ गाड्न सके। यसकारण हामीलाई के लाग्छ भने, यहाँ, यस खण्डमा केवल एउटा दर्शन अथवा कुनै काल्पनिक कथा प्रस्तुत गरिएको होइन, तर एउटा वास्तविक घटना वर्णन गरिएको हुनुपर्छ। अनि यर्मियाको बिग्रिएको कम्मर-पेटीले इस्राएली जातिको अयोग्य चाल र सेवकाई सङ्केत गरेको छ'।[13)]

**यर्मिया १३ः१२-१४ः** जसरी हरेक मशक दाखमद्यले भरिन्छ, ठीक त्यसरी सबै मानिसहरू मतवालीपनले भरिनेथिए। यस वाणीको विषयमा तिनीहरूको बुझाइ गलत थियो; किनकि तिनीहरू दाखमद्यले होइन, तर सर्वशक्तिमान् परमेश्वरको क्रोधले भरिनेथिए, र सिसीबोतलहरूझैं तिनीहरू टुक्रा-टुक्रा हुनेथिए। श्री आर. के. ह्यारिसनले निम्न टिप्पणी गरेका छन्ः

'यर्मियाले यहाँ कुन कुरामाथि जोड़ दिए त? जसरी रक्सीले हाम्रो खुट्टाउने शक्ति नराम्रो असर गर्छ र हाम्रो गतिशीलतामा क्षति पुर्‍याउँछ, त्यसरी नै यस आउन लागेको सङ्कष्टमा मानिसहरूले रक्सीले मातेको जस्तै व्यवहार गर्नेथिए; किनकि तिनीहरूले त्यस बेलामा शत्रु र मित्रको बीचमा छुट्ट्याउन सक्नेथिएनन्, न ता आफ्नो रक्षा आफैले गर्न सक्नेथिए'।[14)]

**यर्मिया १३ः१५-२३ः** यहाँ मानिसहरूलाई पश्चात्ताप गर्ने आग्रह गरिएको छ, नत्रभने तिनीहरूको निम्ति निर्वासनचाहिँ अपरिहार्य हुनेथियो। मानिसहरूले परमेश्वरलाई महिमा दिएनन् भने, अन्धकार र मृत्युको छाया तिनीहरूको भाग हुनेथियो। राजा र राजाकी आमाबाट सिंहासन खोसिनेथियो, अनि दक्षिणका शहरहरू घेरामा हालिनेथिए। बेबिलोनीहरूले देश उजाड़ पार्नेथिए; किन? यहूदाको अधर्मको खातिर; किनकि यहूदा र यसका पापहरू एक-अर्काबाट अलग गर्न सकिँदैनथियो।

**यर्मिया १३ः२४-२७ः** यहूदाको धर्मत्याग वर्णन गर्दा यहाँ प्रयोग गरिएका शब्दहरू सुन्नुहोस्ः व्यभिचार, हिनहिनाइ, कामुकता र वेश्या-वृत्ति। यी सबै पापहरूमा नैतिक भ्रष्टता र अशुद्धता छ।

श्री आर. के. ह्यारिसनले यसको स्पष्टीकरण गरेका छन्ः

'सबै युगका नामधारी विश्वासीहरूको विषयमा जुन कुरा सत्य छ, त्यो कुरा यी मानिसहरूको विषयमा पनि सत्य ठहरियोः यस्ता-यस्ता विपत्तिहरू तिनी-हरूमाथि आइपर्लान् भन्ने कुरा तिनीहरूले पत्याउन सकेनन्। तर यर्मियाले स्पष्टसँग यसको निम्ति सारा दोष तिनीहरूको थाप्लोमाथि लगाइदिए र तिनीहरूलाई 'तिमीहरूले वेश्याहरूलाई सुहाउँदो शर्मलाग्दो सार्वजनिक अपमान भोग्नेछौं' भन्ने प्रतिज्ञा गरे। ...। यसमा तिनीहरूलाई हान्ने छेड़पेच के थियो भने, यहूदाले बितेको समयमा जुन मानिसहरूसँग प्रेमको सम्बन्ध राख्यो, ती मानिसहरूद्वारा यसलाई त्यो दण्ड दिइनेथियो। यहूदा अन्धकारका निष्फल कामहरूमा

पूरा संलग्न भएको हुनाले यसलाई पुरुषलम्पट भ्रष्ट स्त्रीको रूपमा सार्वजनिक पर्दाफास गरिनेथियो – उहाँद्वारा, जसले शुरुमा यसको मगनी गरेर यससित विवाहको करार बाँध्नुभयो ।' 15)

## ग) यर्मिया १४-१५ः खड़ेरीको विषयमा यर्मियाले गरेको अन्तर्विन्ती

**यर्मिया १४ः१-६ः** चौध अध्यायदेखि उनन्चालीस अध्यायसम्मको भागमा समावेश गरिएका वाणीहरू यरूशेलमको विनाश हुनुभन्दा अघि दिइएका थिए। त्यस समयमा यहूदामाथि डरलाग्दा खड़ेरीहरू र अनिकाल आइपरे।

'त्यस बेलामा लागेको खड़ेरीमा ठूलो महत्त्व थियो। किनकि प्रतिज्ञाको देशसित सम्बन्धित करार-अन्तर्गत भविष्यवाणी गरिएका चिन्हहरूमध्ये यो खड़ेरीचाहिँ एउटा थियो (व्यवस्था २८ः२३-२४), र अघि राजा अहाबको शासनकालमा आंशिक रूपले पूरा भइसकेको थियो (१ राजा १७)। अनि उत्तरीय राज्यको सम्बन्धमा कुरा गर्नु हो भने, उक्त खड़ेरीको पछि, लामो अन्तराल समयपछि, अश्शूरी निर्वासन आयो। यसकारण यहूदले बुझ्नुपर्नेथियोः यो चिन्ह तिनीहरूको निम्ति एउटा अति गम्भीर चेताउनी थियो।' 16)

**यर्मिया १४ः७-१६ः** भविष्यवक्ता यर्मियाले मानिसहरूको पक्ष लिएर पाप-स्वीकार गरेर राहत मागे; तर परमप्रभुले 'तिमीहरूको निम्ति कुनै राहत हुनेछैन' भन्नुभयो, तर तरवार, अनिकाल र महामारी-द्वारा मानिसहरू नष्ट हुनेथिए। झूटा अगमवक्ताहरूले मानिसहरूलाई शान्ति र सुरक्षा प्रतिज्ञा गरे, तर यिनीहरू झूट बोलेका थिए; र यिनीहरू ती मानिसहरूसँगसँगै नाश हुनेथिए, जसको निम्ति यिनीहरूले अगमवाणी गरे। चाहे यरूशलेम शहरमा होस्, चाहे देशमा होस्, यहूदामाथि आउन लागेको भयानक विनाशको निम्ति यर्मियालाई विलाप गर्ने आज्ञा दिइयो।

**यर्मिया १४ः१७-२२ः** उनले मानिसहरूको निम्ति परमेश्वरसँग अन्तर्विन्ती गरिरहे; उनले हामीलाई अब्राहामको अन्तर्विन्तीको प्रार्थना (उत्पत्ति १८ः२३-३३), मोशाको अन्तर्विन्तीको प्रार्थना (प्रस्थान ३२ः११-१३) र शमूएलको अन्तर्विन्तीको प्रार्थनाको सम्झना दिलाए (१ शमूएल ७ः५-९)। उनले आफ्नो अन्तर्विन्तीको प्रार्थनामा तिनीहरूको दुष्टता र अधर्म स्वीकार गरे, र 'हामी पानी र झरी पठाउनुहुने एकमात्र परमेश्वरको बाटो गर्नेछौं' भन्ने प्रतिज्ञा गरे।

**यर्मिया १५ः१-४ः** तर उनले यी मानिस-हरूको निम्ति गरेको अन्तर्विन्ती व्यर्थ थियो; किनकि तिनीहरू मृत्यु, तरवार, अनिकाल र कैदको निम्ति ठहराइएका थिए। अँ, मोशा र शमूएलजस्ता प्रमुख मध्यस्थहरूले पनि प्रार्थना गरेर त्यो न्याय रोक्न सक्नेथिएनन्। राजा मनस्से यसको खास कारण थिए; किनकि तिनले यरूशलेममा साह्रै दुष्ट, घिनलाग्दा मूर्तिपूजा बढ़ाएका थिए, अँ, मोलेकको पूजा पनि गरे (हेर्नुहोस् २ राजा २१ः१-१६)।

**यर्मिया १५ः५-९ः** यरूशलेमको दयनीय अवस्थाचाहिँ तिनीहरूले परमप्रभुको ताड़ना-प्रति सकारात्मक प्रतिक्रिया नदेखाएको फल थियो। छोरैछोराहरू जन्माएका स्त्रीहरूले आफ्ना सन्तानहरूबाट आनन्द लिन पाउने-थिएनन्।

**यर्मिया १५ः१०-१८ः** आफ्नै मानिसहरूले विनाकारण यर्मियालाई घृणा गरे; तर उनको निम्ति परमेश्वरको प्रतिज्ञा थियोः 'विपत्ति र सङ्कष्टको समयमा म तिम्रा शत्रुहरूलाई तिमीसित दुहाई गर्ने तुल्याउनेछु'; अनि त्यस बेलामा उनी निर्दोष ठहरिनेथिए। यहूदाले उत्तरबाट आइरहेको फलाम अर्थात् कल्दी-हरूलाई तोड्न सक्नेथिएन। होइन नि! तर कल्दीहरूले पो यहूदाका भण्डारहरू लैजाने-थिए। भविष्यवक्ता यर्मिया आफूले सहनुपरेको सतावट, निन्दा र कष्टको विषयमा अन्योलमा

परे; किनकि उनी परमप्रभुप्रति विश्वासयोग्य थिए। तर उनले परमेश्वरको वचनमा सहारा पाए; उहाँको वचन उनको हर्ष र उनको हृदयको आनन्द भयो।

**यर्मिया १५ः१९-२१ः** परमेश्वरको जवाफ यी भविष्यवक्ताकहाँ आयोः उनले उहाँको विषयमा गलत धारनाहरू अपनाएका थिए; अनि बेला-बेलामा उनले आफ्ना यी तुच्छ विचारहरू व्यक्त गरेका पनि थिए। उनका यी विचारहरू खारेर तिनमा सुधार आउनु थियो, जसरी बहुमूल्य धातुबाट निकम्मा धातुको मैला निकालिन्छ। उनका शत्रुहरू उनीकहाँ फर्कून्, तर उनी तिनीहरूकहाँ फर्कनुहुँदैनथियो। यस सिलसिलामा श्री जी. क्याम्पबेल मोर्गनले यसरी टिप्पणी गरेका छन्ः

> 'यर्मियाले आफ्नो हृदयबाट यस प्रकारको धातुको मैला निकालिदिऊन् र आफूलाई यस बहुमूल्य सुनमा अर्थात् परमेश्वरको सत्यतामा पूरा दिइहालून्। तब, अँ, तब मात्र उनी परमेश्वरको मुखपात्रको योग्य हुनेथिए, जसले उहाँका वाणीहरू बोल्न सक्नेथिए'। [17)]

परमेश्वरले यी भविष्यवक्तालाई एउटा पित्तलको बलियो पर्खाल बनाउनुहुनेथियो, जसमाथि उनका अत्याचार गर्नेहरू प्रबल हुनेथिएनन्। किनकि उहाँले आफ्ना दासलाई छुटकारा दिनुहुनेथियो र उनलाई दाम तिरेर छुटाउनुहुनेथियो।

## घ) यर्मिया १६ः१-१८ः यर्मियाले एकान्तमा गरेको उनको सेवकाई

**यर्मिया १६ः१-९ः** यस आउन लागेको विनाशको कारणले यर्मियालाई विवाह नगर्ने आज्ञा दिइयो। पवित्र बाइबलभरि उनी ती एकमात्र पुरुष हुन्, जसलाई विवाह गर्न निषेध गरियो। उनलाई विलाप गर्न र भोजको घरमा जान पनि निषेध गरियो; किनभने मृत्यु व्यापक थियो, र यो विपत्ति परमप्रभुबाट आएको थियो।

अब सात पदको कुरा आयोः मराउ भएको घरमा आफन्त र साथीहरू भेला हुने, अनि रोटी खाँदा र एक कचौरा दाखमद्य पिउँदा मृतकको गुणगान गर्ने चलन थियो। यस प्रकारले तिनीहरूले शोकित परिवारलाई सान्त्वना दिने गर्थे। अनि हाम्रा प्रभु येशूले यो प्राचीन यहूदी परम्परा कसरी परिवर्तन गर्नुभयो, सो कुरा श्री विलियम केलीले निम्न टिप्पणीमा देखाएका छन्ः

> 'कसैको मराउ भएको सम्बन्धमा रोटी भाँच्ने चलन आएको रहेछ; अनि मलाई के लाग्छ भने, प्रभु येशूले यो चलन लिएर यसलाई आफ्नो मृत्युको सम्झनाको निम्ति स्थापित गर्नुभएको प्रभुभोजको निम्ति पवित्र पार्नुभयो। "न ता मानिसहरूले मरेकाहरूको निम्ति तिनीहरूलाई सान्त्वना दिने हेतुले शोकको समयमा तिनीहरूको निम्ति रोटी नै भाँच्नेछन्; न ता मानिसहरूले ... तिनीहरूलाई सान्त्वनाको कचौरा पिउन दिनेछन्।" के तपाईंले देख्नुभयो, प्रभुभोजका दुईवटा सामग्रीहरू? यहूदीहरूको बीचमा यो एउटा चिरपरिचित चलन थियो, तर प्रभु येशूले यस चलनमा एउटा अद्वितीय महत्त्व लगाइदिनुभयो र यसमा नयाँ सत्यताको छाप लगाइदिनुभयो। निस्तार चाड़सँग प्रभुभोजको नजिकको सम्बन्ध रहेको छ; किनकि हामी जान्दछौं, त्यस बेलामा यस पवित्र विधिको शुरुवात भएको हो। अनि त्यस बेलामै प्रभुभोजको स्थापना अनिवार्य थियो; अरू कुनै बेलामा यसको स्थापना असम्भव हुनेथियो; किनभने इस्राएली जातिको निम्ति निस्तार चाड़जस्तै मौलिक र मुख्य भएको चाड़मा एउटा प्रभावशाली परिवर्तन आएको कुरा देखाउनु थियो। किनकि प्रभुभोजमा इसाईहरूको निम्ति एउटा नयाँ र फरक चाड़ शुरु भयो।' [18)]

**यर्मिया १६ः१०-१८ः** परमेश्वरले पूर्व-जानकारी गर्नुभएको यति ठूलो विपत्तिको निम्ति खास कारण के थियो, सो कसैले सोध्यो भने, यर्मियाले तिनीहरूलाई यसको उत्तरमा सम्झना दिलाउनु थियो, कि तिनीहरूका पितापुर्खाहरूले गरेका र तिनीहरू आफूले गरेका अनाज्ञाकारिता र मूर्तिपूजाको खातिर यो

सब भएको हो। भावी कुनै दिनमा परमेश्वरले यी मानिसहरूलाई निर्वासनबाट फर्काएर ल्याउनुहुनेथियो; तर पहिले बेबिलोनीरूपी मछुवाहरू र शिकारीहरूले तिनीहरूको खोजी गर्नेथिए र तिनीहरूलाई कैदमा लैजानेथिए; त्यहाँ परमेश्वरले तिनीहरूलाई तिनीहरूको अधर्म र तिनीहरूको पापको निम्ति दण्ड दिनुहुनेथियो।

### ङ) यर्मिया १६:१९-१७:१८: यर्मियाको सुदृढ़ हृदय

**यर्मिया १६:१९-२१:** भविष्यवक्ताले त्यो भावी दिन देखे, जुन दिनमा अन्यजातिहरू मूर्तिहरूबाट सत्य परमेश्वरकहाँ फर्कनेछन्। अनि एक्काइस पदमा परमप्रभुले आफ्नो दृढ़ संकल्प व्यक्त गर्नुभयो: उहाँले आफ्नो ताड़नाद्वारा यहूदालाई आफ्नो शक्ति चिनाउनुहुनेथियो।

**यर्मिया १७:१-११:** यहूदा निर्वासनमा जानुचाहिँ यसले गरेको मूर्तिपूजाको फल हुने रहेछ, जुन मूर्तिपूजाको पाप फलामको कलमले तिनीहरूको हृदयको पाटीमाथि लेखिएको थियो। अनि परमेश्वरको पर्वत यरूशलेम थियो। अनि मानिसमाथि गरेको भरोसाले श्राप ल्याउँछ; तर परमप्रभुमाथि गरेको भरोसाले आशिष ल्याउँछ। परमेश्वर मानिसको छली हृदय जान्नुहुन्छ र अन्याय गरेर धन कमाउने मानिसलाई दण्ड दिनुहुनेछ; त्यस्तो मानिस ओथ्रा बस्ने, तर चल्ला नकाढ्ने तित्रा[19] जस्तै हुन्छ, जसले पछि आफ्नै आँखाले चल्लारूपी आफ्नो धनसम्पत्ति छोड़ेर गएको देख्छ।

नौ पदमा फर्केर आउनुहोस्, जहाँ यसो लेखिएको छ: *'हृदय त सबै कुराहरूभन्दा बढ़ी छली हुन्छ, र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र?'* मानिसको हृदयको विषयमा यो एउटा लोकप्रिय नभएको, तर धेरै सत्य भएको मूल्याङ्कन हो। के.जे.वी. को अनुवादमा 'असाध्य दुष्ट' र अरूले 'सिकिस्त बिरामी' भनेर अनुवाद गरेको शब्दको बारेमा श्री आर. के. ह्यारिसनले निम्न टिप्पणी गरेका छन्:

> 'नयाँ जन्म नपाएको मानिसको स्वभावको अवस्था परमेश्वरको अनुग्रहविना साह्रै नाजुक छ; 'सिकिस्त बिरामी' भनेर यसको बयान नौ पदमा गरिएको छ, जुन शब्द आर.एस.वी.ले 'असाध्यै भ्रष्ट' र एन.ई.बी.-बाइबलमा 'असाध्यै बिरामी' भनेर अनुवाद गरिएको छ। अनि हामीले यसको अनुवाद यर्मिया १५:१८ र ३०:१२ पदसँग तुलना गर्‍यौं भने, यस शब्दको खास अर्थ 'निको नहुने किसिमको' भएको छ। यसर्थ बुझ्नुहोस्: हरेक पुस्ताका मानिसहरूलाई परमेश्वरको आत्मा र उहाँको अनुग्रहद्वारा नयाँ जन्मको खाँचो पर्छ (यूहन्ना ३:५-६ र तीतस ३:५)।'[20]

हाम्रो बीचमा कति मानिसहरू होलान्, जसलाई तिनीहरूको हृदयमाथि लगाइएको अभियोग अति भएको लाग्ला। यी मानिसहरूको निम्ति श्री माथ्यु हेनरीको टिप्पणीबाट विस्तृत रूपले उद्धृत गर्न आवश्यक छ, जहाँ यसो लेखिएको छ:

> 'हाम्रो हृदयमा त्यो दुष्टता छ, जसको विषयमा हामी अनजान छौं र त्यो दुष्टता त्यहाँ छ भन्ने संकल्प धरि गर्दैनौं। आदमका सन्तानहरूको बीचमा एउटा सामान्य भूल गरिन्छ: मानिसहरूले आफ्नो अवस्था वा आफ्नो हृदयको अवस्था चाहिएको भन्दा बढ़ी असल भएको ठान्छन्। तर भ्रष्ट र पतित मानिसको हृदय, त्यसको विवेक सबै कुराहरूभन्दा छली नै हुन्छ। त्यो छट्टू छ, त्यो झूटा हो; त्यसले ठग्छ, ठग्नमा त्यो अति सिपालु हुन्छ; किनकि धोखाबाजी यस शब्दको मूलअर्थ हो; अनि यस शब्दबाट याकूबले आफ्नो नाम पाए। मानिसको हृदयले असललाई खराब र खराबलाई असल भन्छ; त्यसले कुराहरूमा आफ्नो अर्थ लगाइदिन्छ, र शान्तिको योग्य नहुनेहरूलाई शान्तिको प्रोत्साहन दिन्छ। जब 'परमेश्वर हुनुहुन्न', 'उहाँ देख्न सक्नुहुन्न', 'उहाँ हाम्रा कामहरूको लेखा लिनुहुन्न' वा 'अघि बढ़, पापको मार्गमा शान्ति छ'

भनेर मानिसहरूले आफ्नो हृदयमा भने भने, अथवा तिनीहरूले आफ्नो हृदयलाई यस्ता प्रकारका सुझाउहरू तिनीहरूका कानमा फुक्न दिए भने, त कुरा स्पष्ट छः तिनीहरूको हृदय छली हुन्छ-हुन्छ। अनि छली हृदयका धूर्त सुझाउहरू हजारौं छन्। त्यसले मानिसहरूलाई ठग्छ र तिनीहरूलाई विनाशमा पुऱ्याउँछ, यहाँसम्म कि मानिसहरूले आफूलाई धोका दिन्छन् र आफ्नो विनाश आफैले आफूमाथि ल्याउँछन्। अनि यही कुरामा मानिसको हृदय असाध्यै दुष्ट हुन्छ; त्यो घातक हुन्छ; त्यो निको नहुने किसिमको हुन्छ। यदि जुन विवेकले मानिसका अन्य ज्ञानेन्द्रियहरूले गरेका त्रुटिहरू सुधार गर्नुपर्नेथियो, त्यो विवेक आफै झूटको स्रोत र भ्रमको प्रमुख अगुवा हो भने, त मानिसको हालत साँच्चै खराब छ, अँ, शोचनीय छ, सुधार गर्न नसकिने हुन्छ। मानिसको हालत के होला त नि, यदि परमप्रभुको बत्तीको काम गर्नुपर्ने विवेकले झूटा प्रकाश दियो भने, अनि मानिसको आत्मामा वास गरेको परमेश्वरको यस सहयोगीले, जसलाई उससँग सरोकार राख्ने कुराहरूको जिम्मा सुम्पिएको छ, मानिसलाई यी कुराहरूको सम्बन्धमा धोका दियो भने? हाम्रो हृदय साँच्चै यति छली छ भने, हामीले स्वीकार गर्नुपर्छः कसले त्यो जान्न सक्छ र? मानिसको हृदय यति खराब छ भने, कसले यसको बेलीबिस्तार गर्न सक्छ?'[21)]

**यर्मिया १७ः१२-१८ः** यहूदाको शरणस्थान परमेश्वरको महिमित उच्च सिंहासन भएकोमा यर्मिया रमाए। त्यसपछि उनले परमप्रभुमाथि बाहेक अरू कसैमाथि राखेको भरोसामा भएको मूर्खताको विषयमा कुरा गरे र इस्राएली जातिको आशा हुनुहुनेलाई मानिसहरूको निम्ति विन्ती गरे; उहाँले तिनीहरूलाई निको पारिदिऊन् र तिनीहरूलाई छुटकारा दिऊन्। तर 'परमेश्वरले भन्नुभएको न्याय खोइ, कहाँ छ' भनेर मानिसहरूले उनलाई सोधे। अनि यर्मियाले चाहिँ के गरे? उनले परमप्रभुलाई सम्झाए, कि उनी परमेश्वरको गोठालो हुनदेखि हटेनन्, न ता उनले यरूशलेमको विनाशको भयानक कुदिनको चाहना गरे; उनले त सिर्फ परमेश्वरको वचन विश्वासयोग्यतासाथ बोले, बस् यति। यसकारण उनले परमेश्वरलाई अनुरोध गरेः उहाँले परमेश्वरको वचनको खिल्ली उड़ाउनेहरूलाई दण्ड दिएर यर्मियालाई निर्दोष ठहराऊन्।

### च) यर्मिया १७ः१९-२७ः यर्मियाको विश्राम-दिनको उपदेश

यहाँ, यस खण्डमा यहूदाका राजाहरू, सारा यहूदा र यरूशलेमका सबै बासिन्दाहरूलाई विश्राम-दिन पवित्र मान्ने आदेश दिइयो। तिनीहरूले आज्ञापालन गरेमा परमेश्वरले आफ्नो प्रतिज्ञाअनुसार तिनीहरूलाई भावी दिनहरूमा दाऊदको राजवंशबाट शासकहरू दिनुहुनेथियो, र 'तिमीहरू परमप्रभुको भवनमा निरन्तर सेवा गरिरहन पाउँछौ' भन्ने प्रतिज्ञा गर्नुभयो; तर तिनीहरूले आज्ञापालन नगरेकोमा उहाँले तिनीहरूलाई सजाय दिनेछु भन्ने चेताउनी दिनुभयो। यरूशलेमको विनाश उहाँको यस सजायको फल हुनेथियो।

इस्राएली जातिको निम्ति विश्रामदिन मान्ने कुरा किन यति महत्त्वपूर्ण थियो, सो कुराको बारेमा श्री इर्विङ जेन्सनले निम्न स्पष्टीकरण दिएका छन्ः

'परमेश्वरसँग हाम्रो हृदयको सम्बन्ध केकस्तो छ, सो यथार्थ जाँचरूपी कसीचाहिँ उहाँको वचनप्रति हाम्रो आज्ञाकारिता हो। अनि इस्राएली जातिको निम्ति दिइएका आज्ञाहरूमध्ये एउटाचाहिँ विश्रामदिन पवित्र मान्नु थियो; अनि कुनै पनि काम वा परिश्रम नगरीकन विश्रामदिन पवित्र मानिन्थ्यो (यर्मिया १७ः२१-२२)। परमेश्वरका जनहरू लगायत सबै मानिसहरूको जीवनमाथि भौतिक कुराहरूको निरन्तर चापाचापले यस्तो आज्ञा पालन गर्न गाह्रो बनाइदिएको थियो; अनि यही कारणले गर्दा दस आज्ञाहरूमध्ये यो एउटा आज्ञाचाहिँ त्यो साँचो कसी थियो, जसले लौकिक, क्षणिक कुराहरू वा अनन्त कुराहरूलाई प्राथमिकता दिएको सम्बन्धमा तिनीहरूको हृदयको जाँच गऱ्यो। तब के, के यहूदाको निम्ति विश्रामदिनको आज्ञापालन यति महत्त्वपूर्ण थियो र? तब माटोको सुराही लिएर

फुटाएको, यर्मियाको लाक्षणिक कार्यबाट र उनलाई बोल्न आज्ञा गरिएका सुस्पष्ट वचनहरूबाट बुझिन्छः हो, तिनीहरूको निम्ति विश्रामदिनको आज्ञापालन महत्त्वपूर्ण भएको रहेछ ।' 22)

इसाईहरूको निम्ति प्रभुको दिनको विषयमा उस्तै नियमहरू लागू हुन्छन् । किनकि प्रभुको दिन पनि हाम्रो आत्मिक ताजापन र शारीरिक बलको निम्ति दिइएको हो; यस दिनमा हामी हाम्रा मुक्तिदाता र हाम्रो मुक्तिको सम्झना गर्छौं; यस दिनमा हामी प्रभुको आराधना गर्छौं र हाम्रा प्रभु येशूको पुरुत्थानरूपी विजय सम्झना गर्छौं, किनकि उहाँ हप्ताको पहिलो दिनमा बैरिउठ्नुभयो ।

### छ) यर्मिया १८ः यर्मिया कुमालेको घरमा गएका

**यर्मिया १८ः१-१२ः** परमप्रभु त्यो कुमाले हुनुहुन्छ, अनि यहूदाचाहिँ, (जो यहाँ इस्राएलको घराना भनिएको छ), त्यो भाँड़ा हो; अनि बनाउँदा-बनाउँदै त्यो भाँड़ा बिग्रियो; तर यसको दोष परमेश्वरको थिएन, तर पूरापूर इस्राएली जातिको दोष पो थियो । चिम्टे माटो परमेश्वरको हातमा छ, अनि उहाँ त्यससित जे गर्न चाहनुहुन्छ, त्यही गर्नुहुन्छः एउटा न्यायको भाँड़ा वा एउटा आशिषको भाँड़ा । मानिस-हरूले पश्चात्ताप गरेनन् भने, परमेश्वरले तिनीहरूमाथि विपत्ति ल्याउनेछु भन्ने धम्की दिनुभयो । तब तिनीहरूको जवाफ सुन्नुहोस्ः ‘हामी आफ्नै युक्तिहरूअनुसार हिँड्नेछौं; हामी आफ्नो हृदयको कल्पनाअनुसार गर्नेछौं ।’

**यर्मिया १८ः१३-१७ः** ‘तिनीहरूको यस व्यवहारको विषयमा परमेश्वरको राय सुन्नुहोस्ः यो त अद्वितीय र असुहाउँदो थियो । तिनीहरूले आफ्नो मूर्तिपूजाद्वारा आफूमाथि विनाश निम्त्याए – यस्तो एउटा भयानक विनाश, जसले देश उजाड़ पारि-दिनेथियो, यहाँसम्म कि देशको यो हालत देख्नेहरू कति आश्चर्यचकित हुनेथिए, कति ! अनि हुन सक्छ, आर.एस.वी.ले चौध पदको ठीक अर्थ दिन्छ कि, जहाँ यस पदको अनुवाद यस प्रकारले गरिएको छः ‘के लेबानोनको हिँउले सिरिओनका चट्टानहरू छोड्ला र ? के त्यो हिमालको पानी, त्यो निरन्तर बगिरहने चिसो पानी सुक्ला त ?’ प्रकृतिमा यी थोकहरूमाथि पूरा निर्भर गर्न सकिन्थ्यो, तर परमेश्वरले आफ्ना जनहरूमाथि निर्भर गर्न सक्नुभएन ! ‘हो, हिउँले लेबानोनलाई कहिल्यै छोड्दैनथियो, तर इस्राएली जातिले परमप्रभुलाई, त्यस जिउँदो पानीको मुहानलाई बिर्सेको थियो, जसबाट जीवनको पानी तिनीहरूकहाँ लगातार बगिरहन्थ्यो ।' 23)

**यर्मिया १८ः१८ः** यर्मियाको मुखबाट यो सुनेर यरूशलेमका मानिसहरूले एक, उनको विरुद्धमा युक्तिहरू बनाए, दुई, आफ्ना पूजाहारीहरू र अगमवक्ताहरूमाथि निरन्तर विश्वास गर्नेछौं भन्ने दृढ़ संकल्प व्यक्त गरे, र तीन, उनको निन्दा गरीकन उनलाई आक्रमण गर्ने षड्यन्त्र रचे ।

**यर्मिया १८ः१९-२३ः** ‘तिनीहरूलाई बचाउनुहोस्’ भनेर यर्मियाले परमेश्वरलाई अघि आग्रह गरेको कुरा अहिले एउटा भूल सम्झेर उनले यसको विषयमा पछुतो गरे । तर वर्तमान समयको अनुग्रहको युगमा जिउने विश्वासीहरूको निम्ति यस प्रकारको प्रार्थना चढ़ाउनु अलिकति पनि सुहाउँदैन ।

### ज) यर्मिया १९ः यर्मिया र माटोको सुराहीको दृष्टान्त

**यर्मिया १९ः१-९ः** यर्मियालाई ‘एउटा माटोको सुराही लिएर बाहिर शहरको घुरानमा निस्केर जाऊ’ भन्ने आदेश दिइयो, र त्यहाँ उनले यहूदाका राजाहरू र यरूशलेमका बासिन्दा-हरूलाई ‘परमेश्वरले यहूदालाई यसको मूर्तिपूजा र यसका मानव बलिहरूको खातिर नष्ट गर्नु-हुनेछ’ भन्ने सन्देश सुनाउनु थियो । अनि यस दिव्य सन्देशअनुसार हिन्नोमको छोराको बेंसीचाहिँ काटमारको बेंसी बन्नेथियो । अनि यरूशलेम घेराबन्दीमा परेको समयमा साह्रै अपाद्मा परेर मानिसहरूको मासुको सेवन गरिनेथियो ।

**यर्मिया १९:१०-१५:** अनि त्यो माटोको सुराही फुटाउँदा भविष्यवक्ताले बेबिलोनीहरूद्वारा गरिन लागेको विनाश र विध्वंस चित्रण गरे। त्यति बेला लास गाड्ने ठाउँहरू नपुग्ने रहेछन्, र जुन घरहरूमा मूर्तिपूजा गरिन्थ्यो, ती घरहरू अशुद्ध पारिनेथिए। त्यसपछि यर्मिया परमप्रभुको भवनको चोकमा फर्केर आए, र उनले त्यहाँ 'मानिसहरूले परमेश्वरको वचन सुन्न र पश्चात्ताप गर्न नमानेका हुनाले यो न्याय आउन लागेको हो' भन्ने सन्देश दोहोर्‍याए।

# खण्ड ४

# यर्मिया २०-२३:

## यहूदाका अधिकारीहरू र धर्मनेताहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू

### क) यर्मिया २०:१-६: पश्हूरको विरुद्धमा गरिएको भविष्यवाणी

परमप्रभुको भवनका मुख्य अधिकारी पश्हूरले यर्मियालाई पिट्न लगाए र उनलाई ठिँगुराहरूमा हालिदिए। तर भोलिपल्ट भविष्यवक्ता यर्मियालाई ती ठिँगुराहरूबाट निकालियो; त्यस बेलामा उनले पश्हूरलाई तिनको विनाश, तिनको परिवारको विनाश अनि सारा यरूशलेम र यहूदाको विनाश हुनेछ भन्ने घोषणा गरे। बेबिलोनका राजाले तिनीहरूलाई कैद गरेर निर्वासनमा लानेथिए। पश्हूरको नाम बदली भयो र 'मागोर-मिस्साबिब' राखियो, जसको अर्थ 'चारैतिरबाट डरैडर' हो; अनि यो नै तिनको नमीठो अनुभव हुनेथियो।

### ख) यर्मिया २०:७-१८: परमेश्वरसँग यर्मियाको गनगन

सात पददेखि अठार पदसम्मको यस खण्डमा यर्मियाले आफ्नो लोकप्रिय नभएको सेवकाईको विषयमा गुनासो गरे र आफ्नो अफसोस प्रकट गरे। परमप्रभु उनलाई फकाएर यसमा हाल्न सफल हुनुभयो। अनि अब उनले बेबिलोनको कैदको विषयमा लोकप्रिय नभएको यो सन्देश सुनाउने काम बन्द गर्न चाहे, तर उनले सकेनन्; किनकि परमप्रभुको वचन उनीभित्र आगोजस्तै बलिरहन्थ्यो। उनका साथीहरूले उनको विरुद्धमा रचिरहेको षड्यन्त्रको विषयमा उनले कतै सुने, तर उनले आफ्नो समस्या परमप्रभुकहाँ सुम्पिदिए। कुनै बेलामा उनी विश्वासमा ढुक्क हुन्थे, र उनले परमप्रभुको प्रशंसा गर्थे; तर अरू बेलामा उनी निराश हुन्थे, र आफू कहिल्यै नजन्मेको इच्छा गर्थे।

### ग) यर्मिया २१:१-२२:९: राजा सिद्कियाहको विरुद्धमा गरिएको भविष्यवाणी

**यर्मिया २१:१-७:** जब राजा सिद्कियाहले पश्हूर (बीस अध्यायको पश्हूर होइन) र सपन्याहलाई, जो भविष्यवक्ता सपन्याह थिएनन्, नजिक-नजिक आइरहेका बेबिलोनीहरूको बारेमा परमप्रभुबाट सोधखोज गर्न यर्मियाकहाँ पठाए, तब यर्मियाले निम्न सन्देश फिर्ता पठाए, कि परमप्रभुले यहूदाको विरोधमा आइरहेका आक्रमणकारीहरूलाई सहायता गर्नुहुनेथियो। अनि राजा र उम्केका मानिसहरूलाई कैदमा लगिनेथिए। राजा सिद्कियाहको विरुद्धमा गरिएको यस

कार्बाहीको सन्दर्भमा श्री विलियम केलीले निम्न टिप्पणी गरेका छन्ः

‘इस्राएली जातिको इतिहासमा हेर्नु हो भने के बुझिन्छ भने, राजपरिवारचाहिँ सधैं आशिषको अन्तिम जड़ र अड्डा हुन्थ्यो । प्रजा र अगमवक्ताहरू जति गलत किन नहोऊन्, राजाको अवस्था सठीक हुनुपरेको थियो, बस् ! तब परमेश्वरले इस्राएली जातिकहाँ अझ पनि आशिष पठाउनुहुनेथियो । यस सम्बन्धमा सब कुरा राजामा अर्थात् दाऊदको वंशमा निर्भर गर्थ्यो । परमेश्वरले अगमवक्ताहरू, पूजाहारी-हरू र प्रजालाई ताड़ना दिनुभएको भए पनि आफ्ना सेवक दाऊदको खातिर उहाँ इस्राएलीहरूप्रति विश्वासयोग्य रहनुहुन्थ्यो । तर जब राजाले बाटो बिराए भने, यति मात्र होइन, तर तिनी अझ दुष्ट काम गर्न अग्रसर हुने अगुवा भएदेखि तिनीप्रति विश्वासयोग्य रहन परमेश्वरको निम्ति असम्भव थियो; अनि यो ईश्वरीय फैसला राजा सिद्‌कियाहलाई सुनाउनु यर्मियाको दुःखदायी काम थियो ’।[24)]

**यर्मिया २१ः८-१४ः** अनि बेबिलोनी-हरूलाई विरोध गर्नेहरू नाश हुनेथिए; तर जस-जसले यी कल्दीहरूकहाँ आत्मसमर्पण गर्लान्, ती सबै बाँच्नेथिए । अनि राजपरिवारको निम्ति ईश्वरीय चेताउनी आयोः यसले अन्याय र दमन गर्न छोड्नुपरेको थियो। अनि यरूशलेमका बासिन्दाहरूलाई अर्थात् बेंसीका निवासीहरूलाई तिनीहरूको विनाशको विषयमा पूर्वचेताउनी दिइयो । हुन सक्छ, सायद ‘बेंसी र समतल भूमिबाट उठेको चट्टानको बासिन्दा’ भन्ने वाक्यांशचाहिँ अपमान वा उपहासका शब्द होलान्; किनकि यी शब्दहरूले यरूशलेमको अक्षरशः वर्णन गरेको हामीलाई लाग्दैन ।

**यर्मिया २२ः१-९ः** बाइस अध्यायको सन्दर्भ यहूदाका अन्तिम चारजना राजाहरू हुन्, यद्यपि यिनीहरूको कुरा कालक्रमअनुसार राखिएन। किनकि ऐतिहासिक क्रम यस प्रकारको थियोः यहोआहाज, यहोयाकिम, यहोयाकिन र सिद्‌कियाह। यसो हो भने, अन्तिम राजा क्रममा पहिले आउँछन्, अनि बाँकी तीनजनाचाहिँ क्रमशः राखिएका हुन् ।

चारजनामा पहिला राजा सिद्‌कियाहकहाँ दिव्य चेताउनी आयोः यिनले न्याय र धार्मिकता कायम राख्नुपरेको थियो; नत्र भने यहूदाचाहिँ गिलाद र लेबानोनजत्तिकै भव्य होस्, तर यो राज्य उजाड़ र मानिसरहित पारिनेथियो । यस चेताउनीमा तीनजना भूतपूर्व राजाहरूको इतिहासले बल थप्यो; किनकि यी तीनैजनाको अन्त साह्रै नाजुक भयो ।

### घ) यर्मिया २२ः१०-१२ः राजा शल्लूमको विरुद्धमा गरिएको भविष्यवाणी

चारजनामा दोस्रा राजा शल्लूमको अर्को नाम यहोआहाज पनि थियो; उनी योशियाहका छोरा थिए। उनलाई कैद गरेर मिस्र देशमा लगिएको थियो, र आफ्नो जन्मभूमि फेरि कहिल्यै देख्न नपाईकन त्यहाँ उनको मृत्यु भयो ।

### ङ) यर्मिया २२ः१३-२३ः राजा यहोयाकिमको विरुद्धमा गरिएको भविष्यवाणी

**यर्मिया २२ः१३-१९ः** चारजनामा तेस्रा राजा यहोयाकिम थिए; तिनले मजदुरहरूलाई ज्याला नदिईकन आफ्नो दरबार निर्माण गरेका थिए। तिनी आफ्ना बुबा योशियाहको देखासिकी गर्नदेखि चुकेका थिए; यसकारण तिनको निम्ति विलाप नगरी तिनलाई त्यहाँ मर्न भनी घिसारिएर यरूशलेम-बाहिर फ्याँकिनेथियो ।

**यर्मिया २२ः२०-२३ः** मानिसहरूलाई लेबानोनमाथि चढ्ने र बाशानमा जाने आदेश दिइयो; त्यहाँ तिनीहरूले आफ्ना प्रेमीहरू र आफ्ना गोठालाहरूको पेलाइ र हारको निम्ति विलाप गर्नु थियो, जुन हार बेबिलोनका राजा नबूकद्‌नेस्सरले उनीहरूलाई खुवाउनेथिए।

तिनीहरूका प्रेमीहरू भन्नाले तिनीहरूसित गठबन्धन गरेका मित्र-राष्ट्रहरू बुझिन्छ भने, तिनीहरूका गोठालाहरू भनेको तिनीहरूका शासकहरू बुझिन्छ। तिनीहरू आफैले पनि कैदरूपी सुत्केरी व्यथाले पीड़ित भई सुस्केरा हाल्नेथिए।

### च) यर्मिया २२:२४-३०: राजा यहोयाकिनको विरुद्धमा गरिएको भविष्यवाणी

चौथो राजा कोन्याहको नाम यकोन्याह र यहोयाकिन पनि थियो। बेबिलोनीहरूले यिनलाई कैदमा लानेथिए र बेबिलोनमै यिनको मृत्यु हुनेथियो। यिनका सन्तानहरूमध्ये कोही पनि दाऊदको सिंहासनमाथि बस्नेथिएनन्। अनि ठीक त्यस्तै हुन आयोः यकोन्याहको कुनै सन्तान पनि यिनका उत्तराधिकारी भएर सिंहासनमाथि बसेनन्। यिनको स्थानमा यहूदाका अन्तिम राजा भएका सिद्‌कियाह यिनका काका थिए। यस विषयमा श्री चार्ल्स डायरले टिप्पणी गरेर निम्न कुरा भनेका छन्ः

> 'यस उक्त भविष्यवाणीले हामीलाई मत्ती एक अध्याय र लूका तीन अध्यायमा पेश गरिएका ख्रीष्टका वंशावलीहरू बुझ्न साथ दिन्छ। किनकि मत्तीले येशूका धर्मबुबा यूसुफमार्फत कानुनी हिसाबले ख्रीष्टको वंश प्रस्तुत गरे। तर यूसुफको वंशावलीचाहिँ शाल्तिएलमार्फत गएको थियो, जुन शाल्तिएलचाहिँ यहोयाकिनका छोरा थिए; (मत्ती १:१२ पदअनुसार उनी यकोन्याहका छोरा थिए; यो कुरा १ इतिहास ३:१७ पदसित तुलना गर्नुहोस्)। ख्रीष्ट येशू कन्या मरियमबाट नजन्मिनुभएको भए उहाँ यूसुफको हाड़नाता हुनुहुनेथियो र इस्राएलका राजा हुन अयोग्य ठहरिनुहुनेथियो। तर लूकाले मरियममार्फत ख्रीष्ट येशूको हाड़नाता प्रस्तुत गरे, जुन मरियमचाहिँ दाऊदको वंशकी थिइन्, तर तिनी उनका छोरा नातानबाट आएको वंशकी थिइन् (लूका ३:३१)। यसरी नै ख्रीष्ट येशूलाई यहोयाकिनको श्राप लागेन'।25)

### छ) यर्मिया २३:१-८: धर्मी राजाको विषयमा गरिएको भविष्यवाणी

यी गोठालारूपी शासकहरू परमेश्वरका जनहरूको हेरचाह गर्नमा चुके; उनीहरूको दोष यही थियो। तर परमेश्वरले आफ्ना जनहरूको बाँकी रहेको भाग पुनर्स्थापित गर्नुहुनेथियो र तिनीहरूलाई विश्वासयोग्य गोठालाहरू दिनुहुनेथियो। उहाँले मसीहलाई तिनीहरूका राजा हुन खड़ा गर्नुहुनेथियो। यस खण्डको विषयमा श्री विलियम केलीले इसाईहरूलाई सावधानी हुने चेताउनी दिएका छन्। यस प्रकारको सावधानी सायद त्यति लोकप्रिय नहोला, तर धेरै आवश्यक पर्छ।

> 'कुरा स्पष्ट छः यस भविष्यवाणीको सन्दर्भ मसीह हुनुहुन्छ, अर्थात् प्रभु येशू हुनुहुन्छ। तर प्रभु येशूचाहिँ इस्राएली जातिको मसीह हुनुहुन्छ, हामी इसाईहरूसँग उहाँको सरोकारमाथि यहाँ जोड़ दिइएको छैन। यो कुरा याद गर्न महत्त्वपूर्ण छ। यसो गर्दा हाम्रो नोक्सानी छैन। धेरै मानिसहरू छन्, जसले यी भविष्यवाणीहरू इसाईहरूमाथि र प्रभु येशूको मण्डलीमाथि लागू गरिँदैनन् भने, हाम्रो हानि भएको ठान्छन्। तर यसमा इमानदार हुनु सबैभन्दा असल नीति हो। हामी आफ्नो छिमेकीबाट केही सामान चोरी गर्छौं भने हाम्रो छिमेकीले गुमाएको भन्दा हामीले पो धेरै गुमाउनुपर्छ। यसो हुँदा उसको हानि नभएको होइन, तर हाम्रो हानि-चाहिँ भयङ्कर ठूलो हुनेथियो। यो कुरा भौतिक कुराहरूमा सत्य ठहरिन्छ भने, त्यति नै यो कुरा आत्मिक कुराहरूमा पनि लागू हुन्छ। हामीले इस्राएली जातिदेखि तिनीहरूको अधिकारको भागबाट एउटा सानो अंश लुट्दा आफ्नो ठूलो हानि गर्छौं'।26)

पाँच पदमा मसीहलाई 'दाऊदको हाँगा' अर्थात् दाऊदका पुत्र भनिएको छ। अनि जकरिया ३:८ पदमा उहाँलाई 'मेरो दास हाँगा' भनिएको छ। अनि जकरिया ६:१२ पदमा 'त्यो मानिस, जसको नाम हाँगा हो' भनेर उहाँलाई प्रस्तुत गरिएको छ। अनि यशैया ४:२ पदमा उहाँलाई 'परमप्रभुको हाँगा'

भनिएको छ। अनि यो कुरा सुसमाचारका पुस्तकहरूसँग मिल्छ, जहाँ ख्रीष्ट येशू राजा, सेवक, मानिसको पुत्र र परमेश्वरका पुत्रको रूपमा प्रस्तुत गरिनुभएको छ।

छ पदमा उहाँको नाम 'यहोवा जिद्केनु' अर्थात् 'परमप्रभु हाम्रो धार्मिकता' हो, जुन नामचाहिँ परमप्रभुका सातवटा समास नामहरूमध्ये एउटा हो[27)]। श्री रोबर्ट मुरी म्याकशेइनले यस नामको शीर्षकमा एउटा उत्कृष्ट भजन रचेका छन्, जसमा तिनले परमप्रभुको गुणानुवाद गरेका छन्।

**यहोवा जिद्केनु – परमप्रभु हाम्रो धार्मिकता**

एक समयमा अनुग्रह मेरो निम्ति बिरानो, र म परमेश्वरको निम्ति बिरानो थिएँ,
म आफ्नो खतराको विषयमा अनजान थिएँ, र मेरो बोझले मलाई थिचेको मलाई थाहा भएन।
मेरा साथीहरूले क्रूसमा मर्नुभएको ख्रीष्टको विषयमा उत्साहको साथ मलाई सुनाउने गर्थे,
तर के गर्ने, मेरो निम्ति यहोवा जिद्केनु केही पनि हुनुहुन्नथियो।

मनको शान्तिको निम्ति र आफ्नो सोखको निम्ति मैले खुशीसाथ यशैयाको जोशले पूर्ण पुस्तक र यूहन्नाको शान्तिमय सुसमाचार पढ्ने गर्थें,
तर जब यी लेखकहरूले रक्ताम्मे क्रूसको दर्शन प्रस्तुत गरे, तब मेरो निम्ति यहोवा जिद्केनु केही पनि हुनुहुन्नथियो।

अनि जब मृत्युको कालो पानी उर्लेर उहाँको प्राणमाथि भएर गयो, तब मेरा आँखाहरूबाट सियोनका छोरीहरूले बहाएका आँसुहरूजत्तिकै आँसुको धारा बग्यो; तर मेरा पापहरूले प्रभु येशूलाई क्रूसमा लगिदिए, अहँ, त्यो मेरो दिमागमा आएन।
यहोवा जिद्केनु को हुनुहुन्छ? मेरो निम्ति उहाँ अझै पनि केही पनि हुनुहुन्नथियो।

जब माथिबाटको प्रकाश पाई सित्तैंको अनुग्रहले मलाई जगायो, तब परमेश्वरको न्यायमा पर्छु भन्ने डरले मलाई निक्कै हल्लायो, र म मेरो मृत्यु होला झैं गरी थरथर कामें;
अब मैले आफूमा न कुनै शरण पाउन, न कुनै सुरक्षा देख्न सकें; होइन, होइन, यहोवा जिद्केनु मेरा मुक्तिदाता हुनुपर्छ।

अनि त्यस मीठो नामको सामु मेरा सबै डरहरू गइगए;
'म दोषी छु, अँ, दोषी' भन्ने डर हटिगयो,
मलाई सित्तैंमा जीवन दिने मुहानबाट पानी पिउन म साहससित अघि बढ़ें,
तब यहोवा जिद्केनु मेरा सब थोक हुनुभयो।

हे यहोवा जिद्केनु, तपाईं मेरो धन र गौरव हुनुहुन्छ;
हे यहोवा जिद्केनु, तपाईंलाई मुरीमुरी धन्यवाद;
किनकि म अब कहिल्यै, अँ, कहिल्यै नाश हुन सक्नेछैनँ नै;
यो लड़ाइँ जलमा चलोस् कि तलमा चलोस्, तपाईंमा म जुनै हालतमा पनि विजयी हुनेछु। किनकि तपाईं मेरो रक्षक, मेरो सहारा, मेरो कवच र मेरो ढाल हुनुहुन्छ।

अँ, मृत्युको छायाको अँध्यारो घाटीबाट भएर जानुपरे तापनि, 'प्रभु मेरो धार्मिकता हुनुहुन्छ' भन्ने नाराले मलाई अन्तिम साससम्म हिम्मत दिनेछ;
यो जानेर कि अबचाहिँ मेरा परमेश्वरले मलाई संसार र त्यसको पकड़बाट मुक्त गर्दै हुनुहुन्छ;
तब मृत्युको घड़िमा 'यहोवा जिद्केनु' नै मेरो अन्तिम गीतको बोल र शब्द हुनेछ।

श्री रोबर्ट मुरी म्याक-शेइन

याद रहोस्ः त्यस भावी दिनमा परमेश्वरको पहिचान र परिचय 'इस्राएलीहरूलाई तिनीहरूको स्वदेशमा फर्काएर ल्याउनुहुने परमेश्वर' हुनेछ।

## ज) यर्मिया २३ः९-४०ः यहूदाका झूटा अगमवक्ताहरूको विरुद्धमा गरिएको भविष्यवाणी

**यर्मिया २३ः९-२२ः** यस अध्यायको बाँकी भागमा इस्राएलका झूटा अगमवक्ताहरू र यरूशलेमका झूटा अगमवक्ताहरूको घोर

दोषारोपण गरिएको हो । किनकि यरूशलेमका अगमवक्ताहरूले लगातार 'तिमीहरूलाई शान्ति हुनेछ' भन्ने प्रतिज्ञा गर्थे । तर यिनीहरूले परमेश्वरको वचनमाथि ध्यान दिएका भए, यिनीहरूले जान्नेथिए, कि उहाँको न्याय नभई नहुने अपरिहार्य कुरा थियो, अनि जबसम्म त्यस न्यायले परमेश्वरका उद्देश्यहरू पूरा गर्दैनथियो, तबसम्म ईश्वरीय न्याय निरन्तर भइरहनेथियो । तर के गर्ने ? यिनीहरूले परमेश्वरको आदेश नपाई बोल्दैथिए ।

**यर्मिया २३ः२३-२९ः** परमेश्वर सर्वव्यापी र सर्वज्ञानी हुनुहुन्छ; यसैले उहाँले यी अगमवक्ताहरूका सपनाहरूको खातिर यिनीहरूको पर्दाफास गर्नुभयो, किनकि यिनीहरूले मानिसहरूलाई भड्काएर मूर्ति-पूजामा फसाएका थिए । यिनीहरूका सपनाहरू परमेश्वरको वचनको तुलनामा भुस पो थिए; तर परमेश्वरको वचन पुष्टिकर गहुँ पो थियो, अँ, त्यो त आगो र घनजस्तै थियो ।

**यर्मिया २३ः३०-३२ः** परमप्रभु यी झूटा अगमवक्ताहरूको विरुद्धमा हुनुहुन्थ्यो । श्री काइल येट्सले यिनीहरूको वर्णन निम्न प्रकारले गरेका छन्ः

> 'यी अगमवक्ताहरू व्यवसायी थिए; यिनीहरूले ईश्वरीय अधिकारको साथ बोलेको दाबी गरे, तर वास्तवमा यिनीहरूले झूट र छल बोल्ने गर्थे । यसकारण यर्मियाले यिनीहरूमाथि तीनवटा आरोपहरू लगाएः एक, यिनीहरू व्यभिचारी थिए; दुई, यिनीहरूले परमेश्वरलाई चिन्दैनथिए; अनि तीन, यिनीहरूसँग मानिसहरूलाई भन्नुपर्ने कुनै दिव्य सन्देश नै थिएन । यिनीहरूले आफ्नो पवित्र जिम्मेवारीसित लापर्वाही गरे, र पापहरूमा भाग लिएर यिनीहरूले मानिसहरूको निम्ति नैतिक स्तर कमजोर तुल्याए । यिनीहरूमा भएको परमेश्वरको ज्ञान निम्न स्तरको थियो । यिनीहरू परमेश्वरको पवित्र स्वभावको विषयमा अनजान रहेका हुनाले 'उहाँले इस्राएली जातिलाई त्याग्न सक्नुहुन्न' भन्ने यिनीहरूको विचार थियो, र यही कुरा यिनीहरूले प्रचार पनि गरे'।[28)]

हाम्रो साथमा यस्ता झूटा अगमवक्ताहरू अझै पनि धेरै छन् ।

**यर्मिया २३ः३३-४०ः** मानिसहरूले यर्मियालाई 'परमप्रभुको वाणी[29)] के हो ?' सोधेर गिल्ला गरिरहेका देखिन्छ । यी भविष्यवक्ताको जवाफ सुन्नुहोस्ः तिनीहरू नै उहाँको निम्ति बोझ थिए; अनि उहाँले तिनीहरूलाई फाल्न लाग्नुभएको थियो । परमेश्वरले तिनीहरूलाई वाणीको निम्ति 'बोझ' भन्ने शब्द प्रयोग गर्न निषेध गर्नुभयो र यस शब्दसित ठट्टा गर्न मनाही गर्नुभयो । तिनीहरूले यो आज्ञा पालन गरेनन् भने, उहाँले तिनीहरूलाई कड़ा दण्ड दिनुहुनेथियो ।

# खण्ड ५

# यर्मिया २४-२९ः

## यरूशलेमको विनाश र बेबिलोनमा भएको निर्वासनको विषयमा गरिएका भविष्यवाणीहरू

### क) यर्मिया २४ः नेभाराहरूको चिन्ह

**यर्मिया २४ः१-७ः** परमप्रभुले यर्मियालाई मन्दिरको सामु राखिएका नेभाराका दुईवटा टोकरीहरू देखाउनुभयो । एउटा टोकरीमा धेरै बढ़िया नेभाराहरू थिए, र अर्को टोकरीमा धेरै खराब नेभाराहरू थिए । असल नेभाराहरूले बेबिलोनको कैदमा लगिएका निर्वासितहरूलाई चित्रण गरे; तिनीहरूलाई तिनीहरूको स्वदेशमा फर्काएर ल्याइनेथियो; किनभने तिनीहरू आफ्नो सम्पूर्ण हृदयले परमेश्वरकहाँ फर्कनेथिए ।

**यर्मियाह २४ः८-१०ः** तर खराब नेभाराहरूले यहूदाका राजा सिद्‌कियाहलाई, तिनका शासकहरूलाई र यकोन्याहको शासनकालमा मानिसहरूको देशनिकाला भएपछि देशमा बाँकी रहेका मानिसहरूलाई चित्रण गरे। तिनीहरू तरवार, अनिकाल र महामारीले नष्ट हुनेथिए। कैदमा लगिएकाहरू मात्र देशमा फर्केर आउनेथिए।

### ख) यर्मिया २५ः१-११ः बेबिलोनमा सत्तरी वर्षको निर्वासनको विषयमा गरिएको भविष्यवाणी

तेइस वर्षसम्म यर्मियाले यहूदाका सबै मानिसहरूलाई चेताउनी दिइरहेका थिए। अनि परमेश्वरका अरू दासहरूले पनि तिनीहरूलाई पश्चात्ताप गर्ने आह्वान दिइरहन छाड्दैनथिए। तर तिनीहरूले सुनेनन्; यसकारण तिनीहरू परमेश्वरको दास नबूकद्‌नेस्सरको हातमा कैदी बन्नेथिए र सत्तरी वर्षसम्म यस बबिलोनको निर्वासनमा रहनेथिए।

यो निर्वासन सत्तरी वर्षसम्म रहनेथियो; परमेश्वरले यहूदीहरूलाई यो निर्वासन कति समय लाग्नेथियो, सो अघिबाट बताउनुभयो; यसको खास कारण के थियो, सो २ इतिहास ३६ः२०- २१ पदमा सङ्केत गरिएको छः

> 'अनि तरवारबाट उम्केकाहरूलाई तिनले कैद गरेर बेबिलोनमा लगे; अनि फारस राज्यको शासन स्थापित नहोउन्जेल उनीहरू त्यहाँ तिनका र तिनका छोराहरूका कमारा भएर रहे, यस हेतुले कि देशले आफ्ना विश्रामदिनहरू उपभोग गरेर नसकेसम्म यर्मियाको मुखबाट निस्केको परमेश्वरको वचन पूरा होस्; किनकि सत्तरी वर्ष पूरा होउन्जेल जति समय देश उजाड़ रहिरह्यो, त्यस समयमा देशले विश्रामदिन मान्यो।'

अनि लेवी २५ः३-५ पदहरूले हामीलाई के सिकाउँछन् भने, हरेक सातौं वर्षमा जमिन बाँझो रहनुपरेको थियो। अनि मानिसहरूले यो नियम पालन गर्दैनथिए।

### ग) यर्मिया २५ः१२-३८ः बेबिलोनको कैदमा लानेहरूलाई न्याय गरिनेछ

**यर्मिया २५ः१२-२९ः** यही कारणले चाँड़ै यस कैदबाट फर्केर आउने आशा एउटा झूटो आशा थियो। किनकि सत्तरी वर्ष बितेपछि मात्र परमेश्वरले आफ्नो क्रोध कल्दीहरू अर्थात् बेबिलोनीहरूको विरुद्धमा लगाउनुहुनेथियो। उहाँको क्रोधले यहाँ दाखमद्यको कचौराको रूप लियो, जुन दाखमद्यको कचौरा लिएर यर्मियाले यहूदालाई, त्यसपछि अरू जातिहरूलाई पिउन दिए, जुन-जुन जातिहरू राजा नबूकद्‌नेस्सरद्वारा कुल्चिनेथिए। अन्तमा नबूकद्‌नेस्सर आफैले अर्थात् शेशकका राजाले परमेश्वरको क्रोध चाख्नेथिए। आफ्ना भविष्यवाणीका वचनहरूद्वारा यर्मियाले यी जातिहरूलाई के भने भने, तिनीहरूले परमेश्वरको क्रोधको कचौरा अवश्य पिउनुपरेको थियो। परमेश्वरले यरूशलेम शहरलाई छोड्नुभएन भने र पहिले दण्ड दिनुभयो भने, त यी देशहरूले उम्कने आशा नगरे हुनेथियो।

**यर्मिया २५ः३०-३८ः** परमेश्वरको बल्दो रिस कसरी बयान गर्ने? यी पदहरूले उहाँको क्रोधको कचौराका भयानकताको परिभाषा गरेका छन्; किनभने यस खण्डमा गर्जन, चिच्च्याउने चर्को आवाज र कोलाहलजस्तै वर्णनात्मक र काव्यात्मक शब्दहरू प्रयोग गरिएका छन्। यहूदीहरूरूपी बगालका अगुवाहरूले रोइकराइ गर्नेथिए; किनभने परमप्रभुले तिनीहरूको खर्क नष्ट पार्नुभयो।

### घ) यर्मिया २६ः मानिसहरूको निम्ति यर्मियाको चेताउनी

**यर्मिया २६ः१-११ः** यर्मियालाई परमप्रभुको भवनको चोकमा उभिने र मानिसहरूलाई चेताउनी दिने आज्ञा दिइयो। मानिसहरूले पश्चात्ताप गर्नु थियो; नत्र ता परमप्रभुले यो मन्दिर शिलोजस्तै गरी

त्यागनुहुनेथियो। (तीन पदमा याद गर्नुहोस्ः परमेश्वरका सर्तबद्ध प्रतिज्ञाहरूको विषयमा कुरा यस्तो छः मानिसले यी सर्तहरू पूरा गर्दैन भने परमेश्वर पछताउनुहुन्छ र आफ्नो मन र विचार बदली गर्नुहुन्छ। तर परमेश्वर आफ्ना सर्तरहित प्रतिज्ञाहरूको विषयमा कहिल्यै पछुतो मान्न सक्नुहुन्न)। तर के गर्ने ? पूजाहारीहरू, झूटा अगमवक्ताहरू र मानिसहरू रिसले चूर भए, र तिनीहरूले भविष्यवक्ता यर्मियालाई धम्की दिन थाले।

**यर्मिया २६ः१२-१९ः** तर निडर भएका यर्मियाले आफ्नो सन्देश दोहोर्‍याए। तब शासकहरू र सबै मानिसहरूले उनको रक्षा गरे; अनि बूढ़ा प्रधानहरूले भीड़लाई के सम्झाए भने, मीकाले यी असल राजा हिजकियाहको समयमा साहसपूर्वक भविष्यवाणी गरेका थिए, तर तिनलाई मृत्युदण्ड दिइँदैनथियो।

**यर्मिया २६ः२०-२४ः** हामी यी पदहरू कसरी बुझ्के ठीक होला ? यी पदहरू कि त विपक्षीहरूले प्रस्तुत गरेको एउटा तर्क हुन सक्छन्, कि त एउटा ऐतिहासिक अभिलेख हुन सक्छन्, जुन अभिलेखमा राजा यहोयाकिमले ऊरियाह नामक भविष्यवक्तालाई मार्ने आदेश दिएका कुरा पेश गरिएको छ, जुन ऊरियाहले उस्तै कुराहरू, यर्मियाले प्रचार गरेकै कुराहरू भविष्यवाणी गरेका थिए।

जे होस्, शापानका छोरा अहीकाम यर्मियालाई मृत्युबाट बचाउन सफल भए।

### ङ) यर्मिया २७ः जुवाको चिन्ह

**यर्मिया २७ः१-११ः** एक पदअनुसार यो भविष्यवाणी राजा यहोयाकिमको समयमा परेको हो; तर यस अध्यायको बाँकी खण्ड-अनुसार योचाहिँ राजा सिद्‌कियाहको शासन-कालमा भएको रहेछ। कतिजनाको विचारमा यो एउटा लिपिकारको त्रुटि हो रे। जेजस्तो होस्, पाँचवटा जातिका राजाहरूका राजदूतहरू यरूशलेममा आएका रहेछन्; हुन सक्छ, बेबिलोनको विरुद्धमा एउटा गठबन्धन गर्न भनी उनीहरू आए होलान्। उनीहरूलाई बन्धन र जुवाहरूद्वारा एउटा वस्तुगत पाठ सिकाइयोः बेबिलोनको जुवा उनीहरूमाथि आउने नै थियो र उनीहरूमाथि त्यस समयसम्म रहने नै थियो, जुन समयमा मादी-फारसको संयुक्ति राज्यले बेबिलोनलाई जित्नेथियो। अनि उनीहरूले आफूलाई यस जुवामनि सुम्पँदैनथिए भने उनीहरू नष्ट हुनेथिए, यी देशहरूका दर्शीहरूले जेसुकै भनून्।

**यर्मिया २७ः१२-२२ः** श्री चार्सल सी. राइरीले यहूदीहरूको मन्दिरको सन्दर्भमा एउटा प्राचीन चलनको विषयमा निम्न टिप्पणी गरेका छन्, जुन टिप्पणीले यस खण्डको अर्थ स्पष्ट पारेको छः

> 'विजेताको चलन के थियो भने, त्यसले पराजित भएका मानिसहरूका मूर्तिहरू लगेर आफ्ना देवताको मन्दिरमा राख्यो। तर यहूदी धर्मको कुनै मूर्ति नै थिएन; यसकारण त्यसको सट्टामा परमप्रभुको भवनका भाँड़ाकुँड़ाहरू लगिए।' 30)

यर्मियाले राजा सिद्‌कियाहलाई 'आफूलाई बेबिलोनीहरूको अधीनतामा सुम्पनुहोस् र परमप्रभुको मन्दिरका भाँड़ाकुँड़ाहरूको विषयमा झूटा अगमवक्ताहरूको कुरा विश्वास नगर्नुहोस्' भन्ने आग्रह गरे, जसले 'यी भाँड़ाकुँड़ाहरू अब चाँड़ै बेबिलोनबाट फर्काएर ल्याइनेछन्' भन्ने कुरा भविष्यवाणी गरे। तर यर्मियाले यी अगमवक्ताहरूलाई यो सुझाउ दिएः यिनीहरूले आफ्नो अधिकार प्रमाणित गरून्; यिनीहरूले यरूशलेममा छोड़िएका भाँड़ाकुँड़ाहरू बेबिलोनमा नलगिऊन् भनेर परमप्रभुलाई विन्ती गरून्। तर यो सब व्यर्थ हुनेथियो। किनकि यी भाँड़ाकुँड़ाहरू बेबिलोनमा लगिने नै थिए, अनि निर्वासन-कालको अन्तसम्म, अर्थात् सत्तरी वर्षसम्म त्यहाँ रहिरहनेथिए।

### च) यर्मिया २८ः हनन्याहको झूटो अगमवाणी र तिनको मृत्यु

**यर्मिया २८ः१-९ः** अगमवक्ता हनन्याह अज्जूरका छोरा थिए; तिनले 'बेबिलोनको निर्वासनको समय दुई वर्षभित्र समाप्त हुनेछ' भनेर झूटो अगमवाणी गरे । यर्मियाले तिनलाई जवाफ दिएः 'हो, यस्तै होस्! परमप्रभुले यस्तै गरून्!' तर त्यसपछि उनले तिनको यो भविष्यवाणी पूरा हुनेछैन भन्ने सुस्पष्ट सङ्केत दिए। किनकि साँचो भविष्यवक्ताहरू सधैं भावी विपत्तिको विषयमा भविष्यवाणी गर्दै आए; तर झूटा अगमवक्ताहरूले चाहिँ शान्तिको विषयमा भविष्यवाणी गरे ।

**यर्मिया २८ः१०-१७ः** तब हनान्याहले यर्मियाको गर्दनमा भएको काठको जुवा भाँचिदिए र फेरि अर्को झूटो अगमवाणी कहे । तब यर्मिया आफ्नो बाटो लागे (पद ११) । श्री विलियम केलीले भविष्यवक्ता यर्मियाको आत्मा-संयमको निम्ति उनलाई निम्न शब्दले प्रशंसा गरेका छन्ः

> 'परमप्रभुको दासले झगड़ा गर्नुहुँदैन । जुन यर्मिया पित्तलको पर्खालजत्तिकै बलिया थिए, जसले दृढ़तासाथ राजाहरू, अगमवक्ताहरू र पूजाहारी-हरूलाई प्रतिरोध गरेका थिए, ती यर्मियाले अब अगमवक्ता हनन्याहसँग झगड़ा गर्नअस्वीकार गरे ।
>
> अनि उनको यस आचरणको निम्ति कारण स्पष्ट थियो । जबसम्म पश्चात्ताप गर्ने आशा थियो, र धैर्यवान् परमेश्वरको अनुग्रहको माग यस्तो थियो भने, तबसम्म यर्मियाले विरोध गर्थे र चेताउनी दिने गर्थे । तर जहाँ मानिसको विवेकले काम गर्दैनथियो, अथवा जहाँ कसैले देखावटी गरेर परमप्रभुको नाम व्यर्थमा लियो, त्यहाँ उनी आफ्नो बाटो लागे । उनले भविष्यवक्ता-भविष्यवक्ताको बीचमा न्याय गर्ने काम परमेश्वरको हातमा छोड़िदिए । किनकि यर्मिया सत्य थिए भने, हनन्याहचाहिँ झूटा हुनुपरेको थियो' ।[31]

तर खास गरी परमेश्वरले यी देशहरूमाथि एउटा फलामको जुवा यस हेतुले लगाउनुहुने रहेछ, कि यिनीहरूले बेबिलोनका राजा नबूकद्नेस्सरको सेवा गरून् । अनि हनन्याह-चाहिँ? तिनी झूटा अगमवक्ता ठहरिए, र तिनको विषयमा 'त्यही वर्षमा तिनको मृत्यु हुनेछ' भन्ने वाणी आयो । अनि ठीक यस्तै हुन आयोः दुई महिनापछि तिनको मृत्यु भयो (यर्मिया २८ः१ पद यस अध्यायको सत्र पदसित तुलना गर्नुहोस्! एक पदअनुसार समयचाहिँ सिद्कियाहको शासनकालको चौथो वर्षको पाँचौं महिना भएको थियो भने, सत्र पदमा त्यही वर्षको सातौं महिना भएको थियो) ।

### छ) यर्मिया २९ः बेबिलोनका यहूदी निवासितहरूको निम्ति यर्मियाको सन्देश

**यर्मिया २९ः१-९ः** यो त्यही पत्र हो, जुन पत्रचाहिँ यर्मियाले बेबिलोनमा भएका कैदीहरूकहाँ पठाए; यस पत्रमा उनले तिनीहरूलाई 'लामो समयसम्म बस्ने प्रबन्ध गर!' भन्ने सल्लाह दिए र 'झूटा अगमवक्ताहरू र जोखना हेर्नेहरूको कुरा नसुन!' भन्ने चेताउनी दिए ।

**यर्मिया २९ः१०-१४ः** किनकि बेबिलोनको निर्वासनको समय सत्तरी वर्ष लाग्नेथियो, त्यसपछि त्यसको अन्त हुनेथियो, अनि मानिसहरू आफ्नो स्वदेशमा फर्कनेथिए; परमप्रभुको प्रतिज्ञा यही थियो ।

> *'अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ ।'*

तेह्र पदचाहिँ ती सबै भाइबहिनीहरूको निम्ति उत्साहको कारण हो, जसले प्रभुको खोजी गरिरहेका त छन्, तर यसमा स्पष्ट सफलता पाएका छैनन्ः

> 'यर्मियाको समयमा परमेश्वरका जनहरूको निम्ति उहाँको वचन जति पक्का र निश्चित थियो, वर्तमान समयमा ती मानिसहरूको निम्ति उहाँको वचन उत्तिकै

पक्का र सुनिश्चित छ, जुन मानिसहरूले पाप गरेर अनन्त परमेश्वरसितको सङ्गति गुमाएका छन् । कुनै पल्लवग्राही चासोले यो मूल्यवान् धन प्राप्त गर्नेछैन, जुन धनचाहिँ सुनभन्दा बहुमूल्य हुन्छ । हाम्रा परमेश्वर सधैंभरि उपलब्ध हुनुहुन्छ । सबै मानिसहरूले उहाँ-माथि आशा राखून् र मुक्ति पाऊन्; यो उहाँको तीव्र चाहना हो । उहाँकहाँ फर्कने हरेक मानिसको निम्ति उहाँको न्यानो निमन्त्रणा जारी रहेको छ र उहाँका हातहरू अँगालोमा हाल्न उसकहाँ पसारेका छन् । तर यो कुरा उत्तिकै सत्य छः यस मानिसले यत्नको साथ उहाँको खोजी गर्नुपर्छ । उसले आफ्नो आवश्यकता बुझेको हुनुपर्छ; परमेश्वरको अनुग्रहको दानले उसका सबै खाँचोहरू पूरा गर्न सक्छ भन्ने कुरा उसले महसुस गर्नुपर्छ; अनि उहाँलाई भेट्टाउन उसले कदम चाल्नुपर्छ; यस्तो मानिसको निम्ति सफलता सुनिश्चित छ, किनकि उसले आफ्नो सम्पूर्ण हृदयले उहाँको खोजी गरेकै छ । प्रेमिलो परमेश्वरको हातबाट पापको क्षमा, शुद्धीकरण, शान्ति, आनन्द र पापमाथिको विजय उसको हुनेछ; किनभने उहाँ आफ्ना छोराछोरीहरूलाई घरमा स्वागत गर्न प्रसन्न हुनुहुन्छ'।[32]

**यर्मिया २९:१५-३२:** झूटा अगमवक्ताहरूले बेबिलोनमा मानिसहरूलाई जेसुकै भनून्, तर तरवार, अनिकाल र महामारीले राजा सिद्‌कियाह र यरूशलेममा रहेका बाँकी मानिसहरूलाई सताउनेथियो; किनभने तिनीहरूले परमेश्वरका वचनहरू मान्न इन्कार गरे । अनि दुईजना झूटा अगमवक्ताहरूमाथि, अर्थात् कोलायाहका छोरा अहाब र मासेयाहका छोरा सिद्‌कियाहमाथि परमेश्वरको सजाय आइपर्नेथियो; साथै नेहेलामी शेमायाहमाथि पनि, जसले यरूशलेमका पूजाहारी सपन्याहलाई चिट्ठीहरू लेखे, र यी चिट्ठीहरूमा यिनले तिनलाई तिनले आफ्नो जिम्मेवारी पूरा नगरेका हुनाले हप्काए; किनभने तिनले यर्मियालाई झ्यालखानामा हाल्दैनथिए । अनि पूजाहारी सपन्याहले यर्मियालाई यो पत्र पढ़ेर सुनाए । त्यसपछि यर्मियाले यी शमायाहको परिवारको विषयमा भविष्यवाणी गरेः यिनको परिवार नष्ट हुनेथियो, र यिनी निर्वासनको अन्त देख्न बाँच्नेथिएनन् ।

# खण्ड ६

# यर्मिया ३०-३३ः

## पुनर्स्थापनाको सम्बन्धमा गरिएका भविष्यवाणीहरू

यशैया ३०-३३ अध्यायको खण्डमा आशा र छुटकाराका सन्देशहरू समावेश गरिएका छन्, जुन सन्देशहरूचाहिँ यस न्यायमाथि जोर दिने पुस्तकको उज्यालो बिन्दु हुन् । श्री क्लाइड टी. फ्रान्जिस्कोले यी अध्यायहरूको रस निम्न प्रकारले बयान गरेका छन्ः

> 'मेरो विचारमा, यर्मियाको पुस्तकको यस खण्डका उत्तेजक अंशहरूभन्दा बढ़ी उत्तेजित लेख अरू कसैले कहिल्यै लेखेन होला । उनका सन्देशहरू प्रायः न्याय र विनाशसित सम्बन्धित थिए; तर जब उनले इस्राएली जातिको सुनौलो भविष्यको विषयमा कल्पना गरे, तब उनले उनलाई मन लागेअनुसार खुला रूपले प्रचार गर्न सके । किनकि उनले आफ्नो सारा हृदय यी सन्देशहरूमा हाले'।[33]

बेबिलोनको निर्वासनबाट यहूदीहरू फर्कन त फर्के, तर यसरी यो भविष्यवाणी आंशिक रूपले मात्र पूरा भयो । किनकि यी अध्यायहरूले अन्तिम दिनहरू ताकेका छन् र अन्तिम पुनर्स्थापनाको बाटो हेरेका छन् ।

अनि यो खण्ड एउटा अति महत्त्वपूर्ण खण्ड हो; किनकि यस प्रसिद्ध खण्डमा नयाँ वाचा प्रस्तुत गरिएको छ; अनि यस नयाँ वाचा-अन्तर्गत इस्राएली जातिको पुनर्स्थापना

भविष्यवाणी गरिएको छ। तर यो पुनर्स्थापना-चाहिँ 'याकूबको सङ्कष्टको समय' अर्थात् महासङ्कष्टपछि मात्र हुन सक्छ, जसको विषयमा यर्मिया ३०:४-१७ पदहरूको खण्डमा लेखिएको छ। परमेश्वरले आफ्ना वाचाहरू कायम राख्नुहुन्छ; यसको विषयमा कति मानिसहरूको धारणा जेसुकै होस्। यस पुनर्स्थापनाको विषयमा निश्चितता दिलाउने हेतुले यर्मियालाई एउटा जमिन किन्ने आज्ञा दिइयो (यर्मिया ३२)।

### क) यर्मिया ३०: निर्वासितहरूलाई आफ्नो देशमा फर्काएर ल्याइनेछ

**यर्मिया ३०:१-११:** इस्राएल र यहूदा दुवैलाई फर्काएर ल्याइनेछ। तर पहिला याकूबको सङ्कष्टको समय अर्थात् महासङ्कष्ट हुनेछ; त्यसपछि परमेश्वरले आफ्ना जनहरू-माथि परिरहेको अन्यजातिहरूको अधिकार तोड्नुहुनेछ। परमेश्वरले तिनीहरूको निम्ति राजा दाऊदलाई खड़ा गर्नुहुनेछ। सामान्य अर्थमा यहाँ प्रतिज्ञा गरिएका राजा दाऊदचाहिँ प्रभु येशू हुनुहुन्छ, जो दाऊदका पुत्र हुनुहुन्छ। तर अरू मानिसहरू पनि छन्, जसले यो प्रतिज्ञा अक्षरशः लिन्छन्, र यसको अर्थ मरेकाहरूबाट बौरिउठेका दाऊद हुनुपर्ला भन्छन्।

**यर्मिया ३०:१२-१७:** हालैमा यस जातिको चोट निको हुन नसकिने जस्तै देखिन्थ्यो; तर परमेश्वरले तिनीहरूलाई तिनी-हरूका घाउहरूबाट निको पारिदिनुहुनेछ र तिनीहरूका विरोधीहरूको लुटमार गर्नुहुनेछ।

**यर्मिया ३०:१८-२४:** यी पदहरूले ख्रीष्टको हजार वर्षमा प्रचलित रमणीय अवस्थाहरू वर्णन गर्छन्। अनि यस अध्यायका अन्तिम दुईवटा पदहरूमा दुष्टहरूमाथि आइपर्ने परमेश्वरको न्याय बयान गरिन्छ; दुष्टहरूको न्याय पहिले हुनेछ, त्यसपछि इस्राएली जातिमाथि उहाँको आशिष आउनेछ, जुन आशिषको बारेमा हामी आउँदो अध्यायमा पढ्छौं।

### ख) यर्मिया ३१:१-३०: देशको पुनर्स्थापना हुनेछ

**यर्मिया ३१:१-२०:** ममताका शब्दहरू प्रयोग गरेर परमप्रभुले इस्राएललाई अर्थात् उत्तरीय दस कुलहरूलाई पुनर्स्थापना गर्नेछु भन्ने प्रतिज्ञा गर्नुभयो; अनि सारा संसार-भरिदेखि मानिसहरू इस्राएलमा फर्कनेछन्; अनि शोक गर्नुको सट्टामा तिनीहरूको मन र मुख गीतले भरिनेछ। राहेल रोइरहेको आवाजचाहिँ एउटा लाक्षणिक बोली थियो, जुन शब्दले कैदीहरूलाई निर्वासनमा गएका देख्दाखेरि शोक प्रकट गरियो। तर जब इस्राएली जातिले पश्चात्ताप गर्नेछ, र परमेश्वरले तिनीहरूलाई क्षमा गर्नुहुनेछ, तब यस शोकको बोलीको अन्त हुनेछ। तर राजा हेरोदले गरेका बालकहरूको आमहत्याको सम्बन्धमा मत्तीले यो पन्ध्र पद उद्धृत गरेका छन् (मत्ती २:१८)। श्री विलियम केलीले यस सम्बन्धमा निम्न टिप्पणी गरेका छन्:

> 'पवित्र आत्माले बालकहरूको यस आमहत्यासित यस पदमा पेश गरिएको शोकको भाग मात्र प्रयोग गर्नुभएको कुरा देख्दा हामीलाई अति सुन्दर लाग्छ। उहाँले यस पदमा प्रस्तुत गरिएको आनन्दको भाग छोड्नुभयो; किन ? किनभने उहाँले केवल पूरा भइसकेको खण्ड प्रस्तुत गर्न चाहनुभयो। त्यस बेलामा तिक्त शोक थियो, यत्रो राजकीय वंशको जन्म-स्थलमा। जुन ठाउँमा सबैभन्दा ठूलो आनन्द हुनुपर्नेथियो, त्यस ठाउँमा भारी पीड़ा थियो। मसीह येशूको जन्मचाहिँ इस्राएल देशमा सार्वजनिक आनन्दको प्रेरणा दिने कारण हुनुपर्नेथियो। अनि तिनीहरूको बीचमा परमेश्वरमाथि र उहाँको प्रतिज्ञा-माथि विश्वास भएको भए उहाँको जन्म तिनीहरूको निम्ति परम आनन्दको कारण हुनेथियो। तर तिनी-हरूको अवस्था यस्तो थिएन। तर यी मानिसहरूको लाजलाग्दो हालत अविश्वास पो थियो; यसकारण

सिंहासनमाथि हेरोदमा एक एदोमी हड़पकर्ता बस्दथिए। यसैकारण देशमा हिंसा र छलले राज्य गर्थ्यो; अनि राहेलचाहिँ आफ्ना बालकहरूको निम्ति रोइरहेकी थिइन्, र यिनले शान्त हुन मानिनन्; किनभने ती बालकहरू थिएनन्। यसकारण बुझ्नुहोस्ः पवित्र आत्माले यस भविष्यवाणीको पहिलो भाग प्रयोग गर्नुभयो, त्यसपछि उहाँले कुरा त्यहाँ रोक्नुभयो।[34)]

**यर्मिया ३१ः२१-२२ः** पश्चात्ताप गर्ने इस्राएली जातिचाहिँ यसको निम्ति खड़ा गरिएका सड़क-चिन्हहरू र चिन्ह-स्तम्भहरूले निर्धारित गरिएका मार्गहरूबाट भएर फर्कनेछ। यसको निम्ति अविश्वासी रहने दिनहरू समाप्त हुनेछन्; किनभने परमप्रभुले एउटा नयाँ काम पूरा गर्नुभयोः एउटी स्त्रीले एउटा पुरुषलाई घेर्नेछे अथवा अँगालोमा हाल्नेछे। यस वाक्यमा त्यस स्त्रीले इस्राएली जातिलाई सङ्केत गर्छे, अनि त्यस पुरुषले परमप्रभुलाई सङ्केत गर्छ। श्री जर्च विलियम्सले यसको विषयमा के लेखेका छन् भने,

‘यस भविष्यवाणीको अर्थ यस प्रकारको छः इस्राएली जातिरूपी कन्याले मूर्तिहरूको पछि यताउता भड्किहिँड्न छोड्नेछिन् र इम्मानुएलको खोजी गर्नेछिन्, अनि उहाँसँग टाँसिनेछिन्’।[35)]

श्री विलियम केली शास्त्रसम्मत विद्वान् थिए, यसमा शङ्का छैन; तर तिनले बाइस पदको ख) खण्डको लोकप्रिय व्याख्या किन हुन सक्दैन, सो कुराको विषयमा निम्न स्पष्टीकारण दिएका छन्ः

‘मण्डलीका पूर्वजहरू र इसाई धर्मका शास्त्रीहरूको बीचमा सामान्य प्रयोग के थियो भने, तिनीहरूले यो खण्ड कन्या मरियमबाट जन्मनुभएको प्रभु येशूको जन्ममा लागू गरे। तर यस भविष्यवाणीमा उहाँको जन्मको विषयमा कुनै गन्ध धरि छैन। एउटी स्त्रीले एउटा पुरुषलाई घेर्दा एउटी कन्याले एउटा छोरालाई जन्माएकी वा अँगालेकी भन्ने अर्थ कुनै हालतमा पनि लाग्दैन। यसकारण बुझ्नुहोस्ः एउटी स्त्रीले एउटा पुरुषलाई घेर्नेछे भन्ने वाक्यको सन्दर्भ कुनै बालकको जन्म हुँदै होइन’।[36)]

**यर्मिया ३१ः२३-३०ः** अनि यहूदाको पनि पुनर्स्थापना हुनेछ, र यसका शहरहरू पुनर्निर्माण गरिनेछन्। यस विन्दुमा यर्मिया एउटा मीठो निन्द्राबाट बिउँझेका रहेछन्। दिनहरू आउनेछन्, जब यहूदा र इस्राएलमा फेरि मानिसहरूले बसोबासो गर्नेछन्। अनि पाप गर्ने मानिसले आफ्नो बुबाको पापको निम्ति होइन, तर आफ्नै पापको निम्ति दण्ड भोग्नेछ।

### ग) यर्मिया ३१ः३१-४०ः नयाँ करार प्रकट भएको

*‘हेर, दिनहरू आउँछन्, परमप्रभु भन्नुहुन्छ, जब म इस्राएलको घरानासित र यहूदाको घरानासित एउटा नयाँ वाचा बाँध्नेछु; त्यस वाचाअनुसार होइन, जुनचाहिँ मैले तिनीहरूका पितापुर्खाहरूसँग त्यस दिनमा बाँधेको थिएँ, जब मैले तिनीहरूलाई मिस्र देशबाट निकालेर ल्याउन तिनीहरूलाई हातमा समातेको थिएँ।’* जुन करार परमेश्वरले इस्राएल र यहूदासित बाँध्नुहुनेछ, त्यो करार व्यवस्थाजस्तो होइन, तर यो त एउटा अनुग्रहको करार हो। यस नयाँ करारअन्तर्गत मानिसहरूलाई नैतिक तत्त्व भएको एउटा नयाँ स्वभाव दिइनेछ, र सबैले परमप्रभुलाई व्यक्तिगत रूपले चिन्नेछन् (हिब्रू ८ः८-१३ र १०ः१५-१७ पदहरू हेर्नुहोस्)।

यो नयाँ करार परमेश्वरले खास इस्राएल र यहूदासँग बाँध्नुभयो (पद ३१)। यो करार विनासर्तको हो, जब मोशाको व्यवस्थाचाहिँ सर्तहरूमाथि स्थापित गरिएको एउटा करार थियो। अनि नयाँ करारको जोर केमा छ? परमेश्वरले के-के गर्नुहुनेछ, यसको जोड़ यसैमा छ, मानिसले गर्नुपर्ने कर्तव्यमा होइन। यर्मिया ३१ः३३-३४ पदहरूमा पटक-पटकमा ‘म हालिदिनेछु’, ‘म लेखिदिनेछु’, ‘म हुनेछु’, ‘म

क्षमा गर्नेछु' र 'म तिनीहरूको पाप सम्भ्फनेछैनँ' लेखिएको कुरामाथि तपाईंले ध्यान दिनुहोला। प्रभु येशू यस नयाँ करारको मध्यस्थ हुनुहुन्छ (हिब्रू ९:१५); किनभने यसका सबै आशिष-हरू उहाँद्वारा नै प्राप्त हुन्छन्। यो नयाँ करार उहाँको रगतद्वारा पारित भएको हो (लूका २२:२०)। ख्रीष्ट येशूको दोस्रो आगमन नभएसम्म यो करार इस्राएली जातिको निम्ति प्रभावकारी हुनेछैन। तर अन्तराल समयमा त्यस दिनसम्म यहूदी र अन्यजाति विश्वासी-हरूले व्यक्तिगत रूपले यस करारका केही उपकारहरू उपभोग गर्न पाउँछन्, जस्तैः तिनीहरूको आज्ञाकारिता व्यवस्थाको आज्ञाको फल होइन, तर उहाँको अनुग्रहबाट प्रेरित हुन्छ; परमेश्वर तिनीहरूका परमेश्वर हुनुहुन्छ र तिनीहरू उहाँका जनहरू हुन्; परमेश्वरले तिनीहरूका पाप र अधर्महरू फेरि कहिल्यै सम्भ्फनुहुनेछैन। यर्मिया ३१:३४ क) खण्डमा भनिएको कुरा ख्रीष्टको हजार वर्षको राज्यमा पूरा हुनेछ; तब सबैले परमप्रभुलाई चिन्नेछन्।

इस्राएली जातिलाई पृथ्वीको सतहबाट मेटाउन खोज्नेहरूको निम्ति पैंतीस र छतीस पदहरूमा लेखिएको कुरा सिक्नु कति असल हुनेथियो। किनकि सूर्य, चन्द्रमा, ताराहरू र समुद्रको निम्ति ठहराइएका नियमहरू टलेर जान सके भने इस्राएलीहरू पनि एउटा जाति हुन छोड्नेथिए। भावी दिनमा यरूशलेम शहरको पुनर्निर्माण हुनेछ, अनि जुन क्षेत्रहरू अहिले अशुद्ध छन्, ती क्षेत्रहरू परमप्रभुको निम्ति पवित्र हुनेछन्।

### घ) यर्मिया ३२: यरूशलेम शहरको पुनर्निर्माण हुनेछ

**यर्मिया ३२:१-५:** हामी इतिहासमा फर्कौं: त्यस समयमा बेबिलोनीहरूले यरूशलेम शहर घेरामा हालेका थिए। अनि राजा सिद्‌कियाहले यर्मियालाई भ्यालखानाको चोकमा थुनामा राखेका थिए; किनभने उनले बेबिलोनीहरूको विजय भविष्यवाणी गरेका थिए। चार पदमा राजा सिद्‌कियाहको विषयमा एउटा भविष्य-वाणी लेखिएको छ, जुन भविष्यवाणी तिनको विषयमा गरिएका तीनवटा भविष्यवाणी-हरूमध्ये एक हो। यहाँ, यस पदमा के लेखिएको छ भने, तिनले आफ्ना आँखाहरूले बेबिलोनका राजालाई मुखामुख देख्नेछन्। अनि इजकिएल १२:१३ पदमा हामी के पढ्छौं भने, तिनले बेबिलोन देश देख्नेछैनन्, र तिनी बेबिलोनमा मर्नेछन्। तब यी विरोधाभासी भविष्यवाणीहरू कसरी पूरा भए? हमात देशको रिब्लामा बेबिलोनका राजा नबूकद्‌नेस्सरले राजा सिद्‌कियाहका आँखाहरू निकालिदिए (२ राजा १५:७)। त्यसपछि सिद्‌कियाहलाई बेबिलोनमा लगियो, तर तिनले बेबिलोन कहिल्यै देखेनन्; किनकि तिनका आँखाहरू निकालिएका थिए; अनि तिनी त्यहाँ मरे।

**यर्मिया ३२:६-२५:** परमप्रभुको आदेश शिरोपर गरेर भविष्यवक्ता यर्मियाले आफ्ना काकाको छोरा हनमेलबाट अनातोतमा भएको यिनको जमिन सत्र शेकेल चाँदीमा किने। (हनमेल यो प्रस्ताव लिएर उनीकहाँ आएका थिए)। अनि योचाहिँ मानिसहरूको निम्ति 'परमेश्वरले तिनीहरूलाई बेबिलोनबाट फर्काएर ल्याउनुहुनेछ' भन्ने निश्चयता थियो। दुवै प्रमाण-पुर्जाहरू बारूकलाई जिम्मा दिइए, जसले यी पुर्जाहरू एउटा माटोको भाँड़ामा सुरक्षित राख्नुपर्‍यो। बेबिलोनीहरूले यरूशलेम शहर घेरामा हालेका देख्दा-देख्दै 'परमेश्वरले मलाई किन अनातोतको जमिन किन्न लगाउनुभयो होला' भन्ने कुरा जान्ने उनको जिज्ञासा थियो।

**यर्मिया ३२:२६-४४:** जुन जवाफ परमप्रभुले यर्मियालाई दिनुभयो, त्यो जवाफ उत्कृष्ट थियोः *'हेर, परमप्रभु सबै प्राणीहरूको परमेश्वर म नै हुँ; के मेरो निम्ति कुनै कुरा असम्भव छ र?'*

मुक्तिदाता प्रभुले हरेक समस्या समाधान गर्न सक्नुहुन्छ, अँ, जीवनका झन्झट र झमेलाहरू उल्टाउन सक्नुहुन्छ। किनकि प्रभु येशूको निम्ति कुनै पनि कुरा असम्भव छैन; अहँ, उहाँले गर्न नसक्ने केही पनि छैन। अज्ञात लेखकको रचना

परमेश्वरले मानिसहरूको मूर्तिपूजाको खातिर यरूशलेम नष्ट गर्नुहुनेथियो; रपनि उहाँले भावी दिनहरूमा आफ्ना जनहरूलाई फेरि भेला गराउनुहुनेथियो र तिनीहरूलाई धेरै आशिष दिनुहुनेथियो। त्यस बेलामा जमिनहरूको फेरि किनबेच हुनेथियो, र यसकारण आउँदो समयमा अनातोतको जमिनको प्रमाण-पुर्जाको मान्यता अझै पनि वैध हुनेथियो।

### ङ) यर्मिया ३३ः नयाँ करारले मान्यता प्राप्त गर्नेछ

**यर्मिया ३३ः१-१६ः** यर्मिया अझै पनि झ्यालखानाको चोकमा भएको बेलामा परमप्रभुले इस्राएल र यहूदाको पुनर्स्थापनाको विषयमा अझ प्रज्वलित प्रतिज्ञाहरू दिनुभयोः देश आनन्दित मानिसहरूले भरिभराउ हुनेछ; पहाड़हरूहुँदो प्रशस्त भेड़ाबाख्राका बगालहरू हुनेछन्। अनि सबैभन्दा राम्रो कुरा के हुने हो भने, दाऊदको वंशबाट 'धार्मिकताको हाँगा'रूपी मसीह आउनुहुनेछ। अनि यरूशलेमको नाम 'परमप्रभु हाम्रो धार्मिकता' कहलाइनेछ। परमप्रभुले पुनर्स्थापित इस्राएली जातिलाई आफ्नो थर वा कुलनाम दिनुहुनेछ, जसरी एकजना पुरुषले आफ्नी दुलहीलाई आफ्नो थर र नाम प्रदान गर्छ, र जसरी ख्रीष्ट येशूले मण्डलीलाई आफ्नो नाम दिनुभयो (१ कोरिन्थी १२ः१२)।

**यर्मिया ३३ः१७-२६ः** दाऊदको राजवंश र लेवीय पूजाहारीगिरीको स्थायित्वको विषयमा परमेश्वरको प्रतिज्ञा अटल, अँ, दिन र राततसित स्थापित गरिएको परमेश्वरको अटल वाचा-जत्तिकै अटुट हुनेछ। त्यस बेलामा केही मानिसहरू थिए, जसले परमेश्वरलाई निम्न आरोप लगाएः उहाँले इस्राएल र यहूदालाई, आफूले छान्नुभएका यी दुईवटा घरानाहरूलाई त्याग्नुभयो अरे। अनि यसरी यिनीहरूले यहूदीहरूलाई तुच्छ ठाने र तिनीहरूलाई रद्द गरिएको, अस्तित्वहीन जातिको नाम दिए। परमप्रभुले के जवाफ दिनुभयो भने, आकाश र पृथ्वीका नियमहरू जति स्थिर हुन्छन्, उहाँको करार उहाँका जनहरूसँग उत्तिकै अचल हुनेछ। दाऊदको वंशको सङ्ख्या आकाशको गण र समुद्रको बालुवाजत्तिकै अनगिन्ती हुनेछन्।

# खण्ड ७

# यर्मिया ३४-४५ः

## ऐतिहासिक खण्ड

### क) यर्मिया ३४-३९ः यहूदा र यरूशलेमको विनाश

#### अ) यर्मिया ३४ः राजा सिद्कियाहलाई कैदमा लगिने विषयमा गरिएको भविष्यवाणी

**यर्मिया ३४ः१-७ः** जुन बेलामा बेबिलोनीहरूले यरूशलेम घेराबन्दी गरिरहेका थिए, त्यस बेलामा यर्मियालाई निम्न आज्ञा दिइयोः उनले राजा सिद्कियाहलाई 'तपाईंलाई कैद गरेर लगिनेछ, र तपाईं बेबिलोनमा मर्नुहुनेछ; तर तपाईं तरवारले मारिनुहुनेछैन' भन्ने दिव्य सन्देश सुनाउनुपर्‍यो।

**यर्मिया ३४ः८-२२ः** यहूदाको विरोधमा यो लड़ाइँ चलिरहेको बेलामा एक समयमा राजा सिद्‌कियाहले मानिसहरूलाई मनाउन सके, कि तिनीहरूले सबै यहूदी दासहरूलाई सायद यस उद्देश्यले स्वतन्त्र गरून्, कि यिनीहरूले शहरको रक्षा गर्न मद्दत पुऱ्याऊन्। तर पछि मिस्र देशको सेनाको डरले यी शत्रुहरू केही समय यरूशेलमबाट हटे (यर्मिया ३७ः१-१०), त्यस बेलामा मानिसहरूले सबै दासदासीहरूलाई फेरि बन्धनमा राखे। यसरी तिनीहरूले परमेश्‍वरको उपस्थितिमा प्रण गरेको प्रतिज्ञा तोड़ेर उहाँको नाम अशुद्ध तुल्याए। यसकारण परमेश्‍वरले आज्ञा गर्नुभयोः तिनीहरू तरवार, महामारी र अनिकालको निम्ति छोड़िनेथिए। जस-जसले परमप्रभुको भवनको परिसरमा एउटा बाछो बलि गरेर 'हामी आफ्ना दासदासीहरूलाई छोड़िदिनेछौं' भन्ने वाचा बाँधेका थिए (पद १५), र त्यसपछि यो करार तोड़ेका थिए, तिनीहरू तिनीहरूका शत्रुहरूको हातमा सुम्पिइनेथिए, जसले तिनीहरूलाई मार्नेथिए। बेबिलोनीहरूले राजा सिद्‌कियाह र तिनका शासकहरूलाई बन्दी बनाएर लानेथिए। यिनीहरू अवश्य फर्केर आउनेथिए, र यिनीहरूले यरूशलेम शहर आगोले जलाउनेथिए।

### आ) यर्मिया ३५ः रेकाबीहरूलाई उनीहरूको आज्ञाकारिताको निम्ति इनाम दिइएको

**यर्मिया ३५ः१-११ः** यर्मियाले परमप्रभुको आज्ञा पालन गरे, अनि रेकाबीहरूलाई परमप्रभुको भवनमा आउने निम्तो दिए र त्यहाँ उनीहरूको सामु दाखमद्य राखे। तर रेकाबीहरूले शिष्टतापूर्वक त्यो दाखमद्य इन्कार गरे; किनभने उनीहरूका पुर्खा योनादाबले उनीहरूलाई 'तिमीहरूले दाखमद्य नपिउनू, घर नबनाउनू, बीउ नछर्नू, दाखबारी नलगाउनू' भनेर निर्देशनहरू दिएका थिए। (तर कल्दीहरू आफ्नो चढ़ाइमा अघि बढ़ेका हुनाले उनीहरू यरूशलेममा बस्न बाध्य भए।) तर उनीहरूले सधैंभरि प्रवासीको जीवन कायम राखे – कति उदाहरणीय!

> **यर्मिया ३५ः१२-१९ः** 'तर यहूदाका मानिसहरू रेकाबीहरूजस्तै थिएनन्, तर उनीहरू-भन्दा निक्कै फरक हुन्थे। तिनीहरू परमेश्‍वरप्रति अनाज्ञाकारी थिए, अनि यसले गर्दा तिनीहरूले दण्ड पाउनेथिए। तर रेकाबीहरूको इनाम के थियो भने, उनीहरूसँग सधैं परमेश्‍वरको सामु खड़ा हुने कुनै न कुनै मानिस हुनेथियो। रेकाबीहरूले आफ्नो नाम रेकाबबाट पाएका थिए, जसको छोरा योनादाब थिए, जो ख्रीष्टपूर्व ८४१ सालमा उत्तरीय राज्यमा बाल देवताको पूजा खतम गर्न राजा येहूलाई सहायता गर्नमा सक्रिय भएका थिए। उनीहरू केनीका सन्तान थिए (१ इतिहास २ः५५); उनीहरू एउटा घुमन्ते जाति थिए, जसले यहूदासँग सम्बन्ध जोड़ेको थियो र तिनीहरूसँग अझै पनि सम्बन्ध कायम राख्थ्यो; तर उनीहरूले कहिल्यै तिनीहरूको जीवन-शैली अपनाउँदैनथिए।'
>
> स्क्रिप्चर यूनियनका दैनिक टिप्पणीहरूबाट उद्धृत

कसै-कसैको विचारमा, रेकाबीहरू लेवी कुलमा मिसिए, र यसरी परमेश्‍वरले उनीहरूको विषयमा गर्नुभएको प्रतिज्ञा पूरा भयो अरे। वर्तमान समयमा रेकाबीहरू को हुन्, सो कुरा हाम्रो नजरबाट लुकेको छ। तर हाम्रो विचारमा, ख्रीष्टको हजार वर्षको राज्यमा उनीहरूलाई फेरि चिनिनेछ र उनीहरूको पहिचान फेरि सुस्पष्ट हुनेछ।

### इ) यर्मिया ३६ः राजा यहोयाकिमले यर्मियाको बेरुवा पुस्तक जलाएका

**यर्मिया ३६ः१-१०ः** राजा यहोयाकिमको चौथो वर्षमा परमप्रभुले यर्मियालाई 'तिमीले शुरुदेखि बोलेका सबै भविष्यवाणीहरू एउटा पुस्तकमा लेख' भन्ने आज्ञा दिनुभयो। उनले यी भविष्यवाणीहरू बारूकलाई लेख्न लगाए; अनि एक वर्षपछि बारूकले यी भविष्य-वाणीहरू परमप्रभुको भवनमा मानिसहरूले सुन्ने

गरी पढ़ेर सुनाए। कुन कुराले यर्मियालाई त्यहाँ जानदेखि रोक्यो, सो कारणको बारेमा वचनमा कुनै विशेष जानकारी बताइएको छैन। किनकि उनी त्यस बेलामा झ्यालखानामा हालिएका थिएनन्; तर निश्चय नै उनलाई पक्रन खोजिन्थ्यो।

**यर्मिया ३६ः११-१९ः** जब मीकायाहले बारूकको मुखबाट यी भविष्यवाणीका वचनहरू सुने, तब तिनले यो कुरा तुरुन्तै शासकहरूलाई खबर गरे। अनि तिनीहरूले बारूकलाई बोलाए र यिनलाई तिनीहरूको सामु यी भविष्यवाणीहरू पढ़ेर सुनाउने आग्रह गरे। त्यसपछि तिनीहरूले बारूकलाई भनेः 'तिमी र यर्मिया गएर आफूलाई लुकाओ! तिमीहरू कहाँ छौ, त्यो कुरा कसैले थाह नपाओस्!'

**यर्मिया ३६ः२०-२६ः** जब यी शासकहरूले चोकमा यो कुरा राजा यहोयाकिमलाई सुनाए, तब नभन्दै तिनले त्यो मुठा लिन पठाइहाले। अनि जब यहूदी नामक मानिसले त्यो पुस्तक तिनको सामु पढ़ेर सुनाउँदैथिए, तब राजाले बेला-बेलामा त्यस मुठाबाट पढ़िसकेको परमेश्वरको वचनको खण्ड छुरीले काटेर आगोमा फालिदिए; अनि ठीक यही कुरा हिजोआज उदारवादी र तर्कवादी विद्वान्हरूले परमेश्वरको वचनसँग गर्दै आएका छन्, तिनीहरूको दुष्ट कामको निम्ति कति मिलेको चित्रण हो यो! अन्तमा यो सम्पूर्ण मुठा आगोमा भस्म भयो; यद्यपि तीनजना शासकहरूले यसको विरोध गरे। राजाले बारूक र यर्मियालाई पक्रन खोजे, तर परमप्रभुले उनीहरूलाई लुकाइदिनुभयो।

**यर्मिया ३६ः२७-३२ः** राजाले त्यो मुठा जलाइदिएपछि यर्मियाले यी भविष्यवाणीहरू फेरि अर्को पुस्तकमा लेखे; अनि उनले यस बेलामा राजा यहोयाकिमको डरलाग्दो अन्तको विषयमा एउटा उपयुक्त खण्ड हालिदिए। यहोयाकिनचाहिँ राजा यहोयाकिमका छोरा थिए र तिनका उत्तराधिकारी पनि भए (२ राजा २४ः६)। तर यस तथ्यले तीस पदको क) खण्डमा यहोयाकिमको विषयमा घोषणा गरिएको श्राप काट्‌दैन। किनकि यसको सामान्य व्याख्या यस प्रकारको छः यहोयाकिनले केवल तीन महिना राज्य गरे; यिनको शासनकाल यति छोटो थियो, कि त्यो नगण्य हुन्छ; त्यसको कुनै महत्त्व भएन।

### ई) यर्मिया ३७-३८ः यर्मियालाई झ्यालखानामा हालिएको र राजा सिद्‌कियाहद्वारा अन्तर्वार्ता लिइएको

**यर्मिया ३७ः१-१०ः** राजा सिद्‌कियाहचाहिँ नबूकद्‌नेस्सरको अधीनतामा रहेका एक कठपुतली शासक थिए, जसले यर्मियाका वाणीहरूमाथि ध्यान दिएनन्। तर तिनले भविष्यवक्ता यर्मियालाई 'मेरो निम्ति र मेरो प्रजाको निम्ति प्रार्थना गरिदेऊ' भन्ने आग्रह गरे। जब मिस्र देशको सेना यहूदालाई सहयोग गर्न आयो, तब कल्दीहरू अर्थात् बेबिलोनीहरूले यरूशलेम छोड़े, र यिनीहरू मिस्री सेना धपाउन गइहाले। तर यर्मियाले सिद्‌कियाहकहाँ निम्न खबर पठाएः 'बेबिलोनीहरू यरूशलेम नाश गर्न फर्केर आउनेछन्। राजा सिद्‌कियाहले कल्दी सेनालाई घाइतेहरू मात्र बाँकी रहने गरी खतम पार्न सकेका भए पनि यिनीहरू यो शहर जलाउन सफल हुने नै छन्।'

**यर्मिया ३७ः११-२१ः** यर्मिया आफ्नो व्यक्तिगत कामले यरूशलेम छोड़ेर गएको बेलामा उनको पक्रा पर्‍यो र शत्रुकहाँ भागेको आरोपमा उनलाई कालकोठरीमा हालियो। अनि धेरै दिन बितेपछि राजा सिद्‌कियाहले उनलाई बोलाए र उनको मुखबाट परमप्रभुको वाणी सुन्न चाहे। तब हिम्मत बाँधेर यर्मियाले तिनलाई परमप्रभुको वचन सुनाएः 'बेबिलोनीहरूले यो शहर र राजालाई समेत कब्जा

गर्नेछन् ।' त्यसपछि उनले झ्यालखानाबाट रिहा पाऊँ भन्ने आग्रह गरे, र उनको यो अनुरोध स्वीकार गरियो । फलस्वरूप उनलाई झ्यालखानाको चोकमा रहन दिइयो ।

**यर्मिया ३८ः१-१३ः** यर्मियाले मानिस-हरूलाई 'शहर छोड़ेर आफूलाई बेबिलोनीहरूको हातमा सुम्पिदेओ' भन्ने सल्लाह दिएका हुनाले उनलाई हिलो भएको खाड़लमा हालियो । यस सम्बन्धमा सिद्‌कियाहले खुला रूपले आफ्नो कमजोरी स्वीकार गरेः तिनले भविष्यवक्ताको रक्षा गर्न शासकहरूको इच्छा काट्न सकेनन् (पद ५) । तर एकजना कूशी नपंसकचाहिँ डोरीहरू र फाटेका लुगाहरूले उनलाई यस खाड़लबाट निकाल्न सफल भयो, र उनलाई फेरि झ्यालखानाको चोकमा फर्काइयो ।

**यर्मिया ३८ः१४-२०ः** जब राजा सिद्‌कियाहले यर्मियाबाट सल्लाह लिन खोजे, तब तिनले यर्मियालाई छुट पाउने प्रतिज्ञा गरे; तब 'राजाले आफूलाई आक्रमणकारीहरूको हातमा आत्मसमर्पण गरून्; यहूदीहरूले हजुरलाई दुर्व्यवहार गर्नेछैनन्' भनेर तिनलाई आश्वास्त दिलाइयो ।

**यर्मिया ३८ः२१-२३ः** तर सिद्‌कियाहले आक्रमणकारीहरूकहाँ जान इन्कार गरे भने, दरबारका स्त्रीहरूले तिनलाई आफ्ना बेबिलोनी अपहरणकारीहरूको उपस्थितिमा यसो भन्दै गिल्ला गर्नेथिएः 'अहा, हजुरका मिल्ने साथीहरूले हजुरलाई धोका दिएर सुस्त्याए, र त्यसपछि हजुरलाई त्यागिदिए ।' अनि आक्रमणकारीहरूले राजाका पत्नीहरू, तिनका छोराछोरीहरू र राजा स्वयम्‌लाई कैदी बनाउने-थिए र यरूशलेम जलाउनेथिए ।

**यर्मिया ३८ः२४-२८ः** राजा सिद्‌कियाहले यर्मियालाई निम्न विन्ती गरेः 'हामीले यहाँ आपसमा जे छलफल गरेका, यसको बारेमा तिमीले कसैलाई नभन्नू ल; तर तिमीले त्यस कालकोठरीमा फर्केर जानु नपरोस् भन्ने अनुरोध गरेका भन्नू !' नभन्दै शासकहरू आए, र यिनीहरूले उनलाई सोधे पनि; अनि यर्मियाले राजा सिद्‌कियाहले उनलाई आदेश दिएअनुसार यिनीहरूलाई जवाफ दिए ।

नैतिकताको हिसाबले यर्मियाले दिएको जवाफको विषयमा प्रश्न उठ्नु स्वाभाविक कुरा हो । के उनको जवाफ सत्य थियो, कि केवल अर्धसत्य थियो, कि पूर्ण रूपले झूट थियो ? हुन सक्छ, उनले यस जवाफमा भनेको कुरा साँचो त थियो, तर यी शासक-हरूलाई सबै कुराहरू भन्न उनलाई दरकार लागेन ।

यर्मिया यरूशलेमको विनाश नभएसम्म झ्यालखानाको चोकमा रहे ।

### उ) यर्मिया ३९ः यरूशलेमको विनाश

**यर्मिया ३९ः१-१०ः** जब ख्रीष्टपूर्व ५८६ सालमा बेबिलोनीहरूले यरूशलेम कब्जा गरे, तब राजा सिद्‌कियाह, तिनका छोराहरू र तिनका योद्धाहरूले भाग्न खोजे, तर तिनीहरू पक्रा परे र रिब्लामा लगिए। त्यहाँ राजा सिद्‌कियाहका छोराहरू मारिए, तिनका आँखाहरू निकालिए र तिनलाई कैद गरेर लगियो । अनि यरूशलेम शहर ध्वस्त भयो र गरिब मानिसहरूलाई मात्र देशमा छोड़ियो ।

**यर्मिया ३९ः११-१४ः** बेबिलोनका राजा नबूकद्‌नेस्सरले अङ्गरक्षहरूका कप्तान नबूजर-अदानमार्फत यर्मियासँग असल व्यवहार गर्ने आदेश दिए। यसकारण यी भविष्यवक्तालाई झ्यालखानाको चोकबाट निकालियो र गदल्याहको हातमा सुम्पियो ।

**यर्मिया ३९ः१५-१८ः** योभन्दा पहिले परमप्रभुले कूशी नपुंसक एबेद-मेलेकलाई [37)] सुरक्षा दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो । यसकारण यिनले त्यही समयमा छुटकारा पाए भन्ने अनुमान गरिन्छ। कालक्रमअनुसार यर्मिया ३९ः१५-१८ पदको खण्ड यर्मिया ३८ः१३ पदपछि आउँछ ।

## ख) यर्मिया ४०-४२ः यरूशलेमको विनाशपछि यहूदामा घटेका घटनाहरू

### अ) यर्मिया ४०ः यर्मिया राज्यपाल गदल्याहसँग बसेका

**यर्मिया ४०ः१-६ः** जब कल्दी अङ्गरक्षक-हरूका कप्तान नबूजर-अदानले यर्मियालाई बेबिलोन जान वा गदल्याहको अधीनतामा सुम्पिएको देशमा बस्न छान्ने मौका दिए, तब उनी हिचकिचाए। उनी दुविधामा परेका देखेर यी कप्तानले उनलाई गदल्याहकहाँ फिर्ता पठाए र उनलाई यात्राको निम्ति खानेकुरा र एउटा उपहार पनि दिए। कप्तानले 'परमप्रभु तिम्रा परमेश्वर' भन्ने शब्द प्रयोग गरेको कारण कि त यिनी यहूदी शब्द-भण्डारसँग सुपरिचित भएका हुनुपर्छ, कि त योचाहिँ परमेश्वरको लेख्ने आदेशको फल पो थियो, कि के हो ?

**यर्मिया ४०ः७-१०ः** अनि जब मैदानहुँदो भएका सेनाहरूका सबै कप्तानहरूले उम्केका मानिसहरूको जिम्मा गदल्याहलाई दिइएको सुने, तब तिनीहरू मिस्पामा यिनीकहाँ आए, जुन मिस्पाचाहिँ अहिले बेबिलोनको राज्यअन्तर्गत यहूदाको प्रान्तको राजधानी भयो। यिनले मानिसहरूलाई कल्दीहरूको अधीनतामा बसेर सामान्य दैनिक कामकाजहरू फेरि शुरु गर्ने आग्रह गरे। अनि यिनी कल्दी-हरूको सामु तिनीहरूको प्रतिनिधि हुनेथिए।

**यर्मिया ४०ः११-१६ः** तब मोआब, अम्मोन, एदोम र अन्य देशहरूमा शरण लिएका अन्य यहूदीहरू फर्केर गदल्याहकहाँ आए, र आफ्ना दैनिक कामकाजहरू फेरि गर्न थाले। अनि योहानान र अरूहरूले गदल्याहलाई इश्माएलको विषयमा चेताउनी दिए, जुन इश्माएललाई अम्मोनीहरूका राजा बालीसले गदल्याहको हत्या गर्न अह्राएका थिए। अनि तिनीहरूले इश्माएललाई सुटुक्कै मार्ने प्रस्ताव समेत गरे। तर दुर्भाग्यवश गदल्याहले योहानानलाई आरोप लगाएर 'हत्, तिमीले यसरी इश्माएलको बदनाम नगर्नू' भने।

### आ) यर्मिया ४१ः राज्यपाल गदल्याहको हत्या

**यर्मिया ४१ः१-९ः** तर इश्माएल र तिनका दसजना मानिसहरूले गदल्याह र यिनको साथमा भएका मानिसहरूलाई तरवारले प्रहार गरेर मारे; हुन सक्छ, गदल्याहले बेबिलोनी-हरूसँग वार्ता गरेका तिनीहरूलाई मन नपरेको हुन सक्छ, कि त इश्माएल राजवंशको भएका हुनाले तिनले गदल्याहको सट्टामा शासन गर्न चाहे होलान्। अनि शकेमबाट अस्सीजना शोक गर्नेहरू त्यहाँ आइपुगेको बेलामा इश्माएलले शोक गर्ने नोकल गरे, र तिनीहरूमध्ये सत्तरी-जनालाई मारे, त्यसपछि तिनीहरूका लासहरू एउटा खाड़लभित्र फाले, तर तिनले तीमध्ये दसजनालाई बचाए, जसले खाद्यान्न जोहो गरेका थिए र ती खानेकुरा आफ्ना जीवनहरूको छुटकाराको निम्ति मोलतोल गरे।

**यर्मिया ४१ः१०-१८ः** अनि जुन मानिस-हरूलाई इश्माएलले कैद गरे, ती मानिस-हरूलाई योहानान र तिनका योद्धाहरूले राजा सिद्कियाहका छोरीहरूलाई लगायत मुक्त गरे; तर कल्दीहरू पक्का पनि बदला लिन आउँछन् भनेर तिनीहरूलाई कल्दीहरूको डर लागेको थियो; यसकारण तिनीहरू त्यहाँबाट मिस्र देशमा भाग्न हेतुले बेतलेहेमतिर हिँड़े। तर इश्माएल र तिनका आठजना मानिसहरू उम्केर अम्मोनीहरूकहाँ पुगे।

### इ) यर्मिया ४२ः परमेश्वरले मिस्र देशमा भागेर जानु निषेध गर्नुभएको

**यर्मिया ४२ः१-६ः** योहानान र तिनका डराइरहेका साथीहरूले यर्मियालाई 'हामीले के-कसो गरे ठीक होला, हाम्रो निम्ति परमप्रभुको इच्छा के रहेछ, सो उहाँबाट पत्ता लगाऊ' भन्ने

आग्रह गरे। अनि भविष्यवक्ता तिनीहरूको निम्ति यसो गर्न राजी भए; अनि तिनीहरूले उहाँको निर्देशन जेजस्तो भए तापनि हामी यसको आज्ञापालन गर्नेछौं भन्ने प्रतिज्ञा गरे।

**यर्मिया २४:७-२२:** दस दिनपछि परमप्रभुबाट जवाफ आयो: 'तिमीहरू मिस्र देशमा भागेर नजानू, तर देशमा बसिरहनू!' तिनीहरू देशमा रहे भने, परमेश्वरले तिनी-हरूको वृद्धि गर्नुहुनेथियो। तर तिनीहरू मिस्र देशमा भागे भने, जुन खतराहरूदेखि तिनीहरू यहूदामा डराइरहे, ती सबै खतराहरूले तिनी-हरूलाई मिस्र देशमा फेला पार्नेथिए। तर के देखिन्छ भने, ती मानिसहरू अघिदेखि नै मिस्र देशमा भागेर जान कटिबद्ध भइसकेका थिए। यसकारण यर्मियाले तिनीहरूलाई सीधा आएर भने: निश्चय नै त्यहाँ तिनीहरूमाथि विपत्ति आइपर्ने नै थियो।

कति वर्तमान इसाईहरू छन्, जसले ठीक यही काम गर्छन्: तिनीहरूले ईश्वरीय निर्देशन पाउन परमेश्वरको सोधखोज त गर्छन्, अनि बुबाआमा, सन्डेस्कूलका शिक्षक-शिक्षिकाहरू, एल्डरहरू, पाष्टरहरू र अन्य मानिसहरूबाट सल्लाह त माग्छन्, तर तिनीहरूले आफ्नो मनमा निर्णय गरिसकेका हुन्छन्: तिनीहरूले आफ्नै इच्छा पूरा गर्ने नै छन्। दुःखलाग्दो कुरा के हो भने, यस्तो सल्लाह लिने काम पूरापूर देखावटी हुँदो रहेछ।

### ग) यर्मिया ४३-४४: यर्मिया र बाँकी रहेका यहूदीहरू मिस्र देशमा

**यर्मिया ४३:१-७:** योहानानले यर्मियालाई झूट बोलेको दोष लगाइहाले र उनी बारूकको लैलैमा फसेका भने; अनि तिनले आफ्ना सबै मानिसहरूलाई यर्मिया र बारूकलाई लगायत लिए, र तिनी उनीहरूसँग मिस्र देशमा गए।

**यर्मिया ४३:८-१३:** मिस्र देशको तहपन्हेसमा परमप्रभुले यर्मियालाई 'फाराओको दरबारको प्रवेशद्वारनिर भएको इँटाको भट्टीमा ठूला ढुङ्गाहरू चिम्टे माटोमा लुकाऊ' भन्ने आज्ञा गर्नुभयो। त्यसपछि उनले निम्न भविष्यवाणी गरे: 'बाबेलका राजा नबूकद्नेस्सरले मिस्र देशमाथि चढ़ाइ गर्नेछन् र यी लुकाइराखिएका यी ढुङ्गाहरूमाथि आफ्नो सिंहासन खड़ा गर्नेछन्।' जुन मानिसहरूको मृत्यु अनिकाल, महामारी वा तरवारद्वारा हुँदैनथियो, ती मानिसहरूलाई कैद गरेर बेबिलोनमा लगिनेथियो। अनि मिस्र देशका देवताहरू आगोले नष्ट हुनेथिए।

**यर्मिया ४४:१-१४:** यस चवालीस अध्यायमा हामी यर्मियाको विषयमा अन्तिम पल्ट पढ्छौं। उनको मृत्यु त्यहीं भएको हुनुपर्ला भन्ने अनुमान गरिन्छ।

यर्मियाले अफ्ना देशबन्धुहरूलाई सम्झाए, कि तिनीहरूमाथि आइपरेका सबै विपत्तिहरू तिनीहरूको मूर्तिपूजाको फल थियो। रपनि तिनीहरूले मिस्र देशमा अझै पनि झूटा देवी-देवताहरूको पूजा गरिरहेका थिए। फलस्वरूप तिनीहरूको सत्यानाश हुनेथियो। केही शरणार्थीहरू छोड़ेर तिनीहरूमध्ये कोही पनि यहूदामा फर्कनेथिएन।

**यर्मिया ४४:१५-३०:** तर यी मानिसहरूले यर्मियाको कुरा कहाँ माने र! किनकि तिनीहरूले स्वर्गकी रानीको पूजा गरेको समय-देखि आफ्नो फलिफाप भएको पो दाबी गरे। दुवै पुरुषहरू र स्त्रीहरू यस मूर्तिपूजामा संलग्न थिए। तब भविष्यवक्ता यर्मियाले तिनीहरूलाई फेरि यसो भने: 'मूर्तिपूजाचाहिँ तिमीहरूको समस्याको मूलकारण हो, र तिमीहरूको यस ठूलो पापको खातिर तिमीहरूले परमप्रभुको नाम लिने आफ्नो अधिकार गुमाएका छौ।' यो कत्रो भयानक न्याय थियो, विचार गर्नुहोस्! तिनीहरूमाथि आइपर्ने न्याय गम्भीर हुनेथियो; अनि मिस्र देशका राजा फाराओ-होप्रा, जसमाथि तिनीहरूले भरोसा गरे, पराजित हुनेथिए।

### घ) यर्मिया ४५ः बारूकको निम्ति परमप्रभुको सन्देश

यो अध्याय यहोयाकिमको पालोमा लेखिएको हो; यसकारण कालक्रमअनुसार यो अध्याय चवालीस अध्यायभन्दा अघि भएको हो। हुन सक्छ, यर्मिया ३६ः१-८ पदको खण्ड लगत्तै यो आउँछ होला। यो वाणीचाहिँ बारूकको निम्ति थियो, तिनको सान्त्वनाको सन्देश थियो; किनकि यहूदामाथि आइपर्न लागेका भयानक न्यायहरूको खातिर तिनी पक्का पनि निराश, अँ, व्याकुल भएका हुनुपर्ला। हुन सक्छ, तिनले उच्च पदको आशा गरे होलान्, र यसको असफलतामा तिनी हताश भए होलान्। तर यस सम्बन्धमा कुरा यस्तो थियोः निस्सन्देह, परमेश्वरसँग निर्माण गर्ने र भत्काउने अधिकार छँदैथियो। यसकारण बारूकले न आफ्नो निम्ति, न यहूदाको निम्ति ठूला कुराहरू खोज्नु थियो, तर तिनी आफ्नो जीवनसित उम्कन पाएकोमा सन्तुष्ट हुनुपर्नेथियो र तिनलाई अह्राइएको काम जति सानो, नगण्य भए तापनि तिनले खुशीसाथ यो काम पूरा गर्नुपर्नेथियो। यस सिलसिलामा श्री विलियम केलीले निम्न टिप्पणी गरेका छन्ः

> 'बारूकले सिक्नुपरेको ठूलो पाठ के थियो भने, हामी चाहे साधारण विश्वासी हौं, चाहे परमेश्वरका सेवक किन नहोऔं, न्यायको दिनमा स्वार्थको अभाव हाम्रो निम्ति उचित मनको भावना हो। ख्रीष्ट-विश्वासीहरूलाई जुनै समयमा पनि मनको नम्रता सुहाउँछ; तर कुदिनमा नम्रतामा हाम्रो एकमात्र सुरक्षा छ। नैतिक हिसाबले नम्रता सधैं सठीक हुन्छ। तर हामी न्यायबाट उम्कनु हो भने, हाम्रो निम्ति नम्रता अनिवार्य छ। मैले परमेश्वरको अन्तिम न्यायको सन्दर्भमा यसो भनेको होइनँ, तर यस संसारमा हामीमाथि आइपर्न सक्ने न्यायको सिलसिलामा बोल्दैछु। अब बारूकको कुरा आयोः मेरो विचारमा, तिनले यो पाठ अझ सिकेका थिएनन्; यसकारण तिनले अब यो पाठ सिक्नुपरेको थियो। अनि योचाहिँ यहोयाकिमको चौथो वर्षमा तिनको निम्ति भविष्यवक्ता यर्मियाको वाणी थियो।' [38)]

## खण्ड ८
## यर्मिया ४६-५१ः
## अन्यजाति राष्ट्रहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू

यस खण्डमा यर्मियाले विनाश र न्यायको विषयमा विभिन्न चेताउनीहरू दिएका छन्; यी चेताउनीहरू सुन्दर काव्य हुन्। उनले नौवटा देशहरूको विरोधमा भविष्यवाणी बोलेका छन्, जस्तै मिस्र देश, पलिस्ती देश, मोआब, अम्मोन, एदोम, दमस्कस, अरब (केदार र हासोर), एलाम र बाबेलको विरोधमा। यी देशहरू भौगोलिक हिसाबले पश्चिमदेखि पूर्वसम्म हुने गरी प्रस्तुत गरिएका छन्। सन्दर्भको हिसाबले यी भविष्यवाणीहरू यर्मिया २५ः१३ पदपछि राख्न उचित छ। अनि यी भविष्यवाणीहरू यरूशलेमको विनाशपछि पूरा भए। बेबिलोन नष्ट हुनेथियो र सधैं उजाड़ हुनेथियो; तर इस्राएली जातिलाई दाम तिरेर छुटाइनेथियो। हुन सक्छ, उनले बेबिलोनको विषयमा बोलेको यो भविष्यवाणी पूरा भइसक्यो होला। तर कति विद्वान्‌हरू छन्, जसले के भन्छन् भने, बेबिलोनको पुनर्निर्माण हुनेछ [39)] र फेरि नाश हुनेछ अरे। अनि मादीहरूको उत्थानचाहिँ यर्मिया ५१ः१-२४ पदको खण्डको सन्दर्भ हो।

### क) यर्मिया ४६ः मिस्र देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**यर्मिया ४६ः१-१२ः** यो अध्याय मिस्र देशको सन्दर्भमा रचिएको एउटा गीत हुँदो रहेछ; यहाँबाट अन्यजाति देशहरूको विषयमा गरिएका भविष्यवाणीहरूको माला शुरु हुन्छ। यहाँ एउटा सेनाले आफूलाई लड़ाइँको निम्ति तयार गरिरहेको र त्यसपछि त्यो हतारमा पछि हटेको देखिन्छ। अनि त्यो सेना मिस्र देशको सेना थियो, तर त्यो त प्रायः भाड़ामा लिइएका सिपाहीहरूको सेना पो थियो, जस्तैः कूशी, पूती र लूदीहरूका ज्यालादार सिपाहीहरू आदि। त्यस सेनाको हारचाहिँ ख्रीष्टपूर्व ६०५ सालमा कर्कमिशमा भएको हो।

**यर्मिया ४६ः१३-१९ः** त्यसपछि मिस्र देशका मानिसहरूलाई सतर्क गराइयोः तिनीहरू राजा नबूकद्नेस्सरको आक्रमणको निम्ति र कैदमा जानको निम्ति तयार हुनुपरेको थियो। अनि जब बाबेलका राजा नबूकद्नेस्सरले मिस्र देशमाथि हमला गर्नेथिए, तब भाड़ामा लिइएका यी शूरवीर सिपाहीहरू एक-अर्कामाथि लड्दै-पड्दै जानेथिए, त्यसपछि तिनीहरूले आ-आफ्नो देशमा फर्कने निर्णय गर्नेथिए। अनि फाराओको उपनाम 'हल्ला-खल्ला गर्ने आवाज' हुनेथियो; किनकि यिनले केवल धेरै हल्ला गर्ने रहेछन्। कल्दीहरूको उपस्थिति यति मजबुत हुनेथियो, ताबोर र कर्मेल पहाड़हरूजत्तिकै बलियो हुनेथियो, यसर्थ मिस्रीहरू कैदमा जानुपर्नेथियो; यसमा केवल यो अर्थ लाग्नेथियो।

**यर्मिया ४६ः२०-२४ः** बेबिलोनचाहिँ त्यो डाँस थियो, जसले मिस्र देशरूपी यस अति सुन्दर कोरलीलाई डस्नेथियो; मिस्र देशका ज्यालादार सिपाहीहरू, ती मोटा र अनुशासन-हीन गोरुहरू अस्तव्यस्त र गड़बड़ भई पछि हट्नेथिए। 'शत्रुहरूदेखि भाग्दै गरेको मिस्र देशको आवाजचाहिँ भागेको सर्पको सरसर आवाजजस्तै थियो' (एम्प्लिफाइड संस्करण-अनुसार)। यी आक्रमणकारीहरू बन्चराहरू लिएर आइरहेका रहेछन्। अनि तिनीहरूले मिस्रीहरूलाई घना जङ्गलजस्तै काटिदिनेथिए। तिनीहरूको सङ्ख्या हूलैहूल फट्याङ्ग्राको भन्दा धेरै थिए। मिस्र देश साह्रै लज्जित हुनेथियो।

**यर्मिया ४६ः२५-२८ः** परमप्रभुले प्राचीन तेबेस अर्थात् नोको सूर्य देवता आमोनलाई, साथै फाराओ र मिस्र देशलाई तिनीहरूका देवताहरू र तिनीहरूका राजाहरूलाई समेत दण्ड दिनुहुनेथियो। तर पछि त्यस देशमा फेरि बसोबासो गरिनेछ। अँ, इस्राएल जाति पनि आफ्नो स्वदेशमा पुनर्स्थापित हुनेछ, अनि शान्त र ढुक्क भई बस्नेछ।

### ख) यर्मिया ४७ः पलिस्ती देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

उत्तरबाट पलिस्तीहरूमाथि बेबिलोनीहरूको आक्रमण आउनेथियो र त्यसले तिनीहरूलाई चकनाचूर पार्नेथियो। अनि पलिस्तीहरू टायर र सिडोनबाट नाश हुनेथिए, अनि तिनीहरूका ठूला-ठूला शहरहरू गाजा र अश्कलोनचाहिँ शोकमा डुब्नेथिए; किनकि परमप्रभुको तरवारले यी शहरहरू प्रहार गर्नेथियो।

### ग) यर्मिया ४८ः मोआब देशको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**यर्मिया ४८ः१-१०ः** मोआब देश पनि बेबिलोनको हमलाको निम्ति ठहराइएको रहेछ। त्यसका शहरहरू नष्ट हुनेथिए। अनि देशभरि विनाशको चिच्च्याहट सुनिनेथियो। अनि मानिसहरूलाई लुटपिट गर्नेहरूबाट भाग्ने सल्लाह दिइन्छ। तिनीहरूले आफ्ना कामहरू र आफ्ना धन-सम्पत्तिहरूमाथि भरोसा गर्थे, कति व्यर्थ भयो! अब तिनीहरूको राष्ट्रिय देवता

कमोश तिनीहरूसँगै एकसाथ कैदमा जानेथियो। अब दस पदको कुरा आयोः *'श्रापित होस् त्यो, जसले परमप्रभुको काम छली प्रकारले गर्छ!'* यो श्राप त्यस आक्रमणकारी मानिसको निम्ति हो, जसले आफ्नो काम अल्छी प्रकारले गर्छ, र जसको काम अधूरो रहन्छ। तर यो पद हाम्रो निम्ति एउटा चेताउनी पनि हुन सक्छः हामीले परमेश्वरको काममा लापर्वाही गर्नुहुँदैन, अनि हामीले परमेश्वरको सारा मनसा लोकप्रिय भई-नभई प्रचार गर्नुपर्छ।

**यर्मिया ४८:११-२७:** मोआबको इतिहास हेर्नु हो भने, त्यहाँ कुनै अशान्ति, कुनै गड़बड़ी थिएन; अनि यस कुराले त्यसमा एउटा बलियो चरित्र विकास गर्न साथ दिँदैनथियो। त्यो जाति केजस्तै थियो ? त्यो त नयाँ दाखमद्य-जस्तै थियो, जुन दाखमद्य कहिल्यै एउटा भाँड़ाबाट अर्को भाँड़ामा हालिएको थिएन; किनकि त्यसका थेग्राहरू यसरी निकालिनु-पर्थ्यो; अनि यसकारण त्यसको स्वाद बिग्रियो र त्यो दाखमद्य स्वादिष्ठ भएन। अब कल्दीहरूले मोआबको सारा भरोसा नष्ट गर्नेथिए। मोआब कमोश देवताको खातिर पूरा लज्जित हुनेथियो, जसरी इस्राएली जाति बेतेल र त्यसको सुनको बाछाको खातिर लज्जित भएको थियो। त्यसका व्यर्थ घमण्ड-गराइहरू विलापहरूमा परिणत हुनेथिए। त्यसका किल्लाहरू ध्वस्त भएका रहेछन्, मानिसहरू भागिरहेका रहेछन्, मोआब देशको स्थिति कति नाजुक भएको रहेछ ! अनि टारका शहरहरू भग्नावशेष भएका रहेछन्। मोआब देशले इस्राएली जातिलाई गिल्ला गरेको हुनाले त्यो देश परमेश्वरको क्रोधको मद्यले मात्नेथियो।

**यर्मिया ४८:२८-२९:** बितेको समयमा घमण्डी भएको यस जातिलाई के आग्रह गरिएको थियो भने, त्यो भागेर दुर्गम ठाउँहरूहुँदो लुकोस्। तिनीहरू तिनीहरूका अहङ्कार र घमण्डको निम्ति सुपरिचित थिए, तर अब यहाँ आएर परमेश्वर इमानदारीको साथ तिनीहरूको निम्ति शोक गर्नुहुन्छ; किनकि तिनीहरूका फसलहरू नष्ट भए, अनि तिनी-हरूको आनन्द र हर्ष खतम भयो। मोआबबाट निराशाको रोइकराइको आवाज उठिरहेको थियो; किनकि परमेश्वरले यस मूर्तिपूजक राष्ट्रलाई 'म तँलाई अन्त गर्नेछु' भन्ने धम्की दिनुभयो। फेरि पनि परमप्रभु कीर-हरेशका मानिसहरूको निम्ति अलाप गर्नुहुन्छ; किनभने तिनीहरूले आफ्नो सारा धनसम्पत्ति गुमाएका रहेछन्। अनि मोआबका सबै मानिसहरूको बीचमा विलापैविलाप हुने रहेछ।

**यर्मिया ४८:४०-४७:** किनकि बेबिलोन चीलझैं वेगसित हानिएर मोआबमाथि आइ-लाग्नेथियो, अनि यसले त्यसमाथि आतङ्क र विनाश ल्याउनेथियो; तिनीहरूको निम्ति भाग्न असम्भव हुनेथियो। मोआबका मानिसहरू कैदमा लगिनेथिए; तरैपनि तिनीहरू पछिल्ला दिनहरूमा पुनर्स्थापित हुनेथिए।

### घ) यर्मिया ४९:१-६: अम्मोनको विरुद्धमा गरिएका भविष्यवाणीहरू

रूबेन र गाद कुलहरू कैदमा लगिएपछि अम्मोनीहरूले यी कुलहरूको इलाका कब्जा गरेर आफ्नो आधिकारमा लिए। तिनीहरूले आफ्नो घमण्ड र आफ्नो आत्मनिर्भरताको निम्ति दण्ड भोग्नेथिए; तर यस राष्ट्रको विनाश हुनेथिएन।

### ङ) यर्मिया ४९:७-२२: एदोमको विरुद्धमा गरिएका भविष्यवाणीहरू

एदोमले आफ्नो बुद्धि र आफ्नो अजेय स्थिति अर्थात् चट्टानका दरारहरूमा घमण्ड गर्थ्यो (१६ पद); तर परमेश्वरले एदोम बासिन्दारहित हुनेछ भनेर ठहराउनुभयो।

यसको विषयमा श्री जर्च विलियम्सले यसरी टिप्पणी गरेका छन्ः

> 'बाह्र पदको क) खण्डको सन्दर्भ इस्राएली जाति हो, तर यस पदको ख) खण्डको सन्दर्भचाहिँ एदोम हो । यदि परमेश्वरका छोराछोरीहरूले आफ्ना पापहरूको निम्ति दण्ड भोग्नुपर्छ भने, उहाँका सन्तान नभएका मानिसहरूले झन् कति बढ़ता गरी सजाय भोग्नुपर्ला !' **40)**

एदोमको पुनर्स्थापनाको विषयमा कुनै प्रतिज्ञा गरिएको छैन ।

### च) यर्मिया ४९ः२३-२७ः दमस्कसको विरुद्धमा गरिएका भविष्यवाणीहरू

दमस्कस अर्थात् सिरिया विनाशको निम्ति ठहराइएको थियो; त्यसका जवान मानिसहरू त्यसका सड़कहरूहुँदो पड़िरहनेथिए, त्यसका सबै योद्धाहरू नाश हुनेथिए, र दमस्कसचाहिँ आगोले भस्म हुनेथियो। पच्चीस पदको विषयमा कुरा यस्तो छः *'ओहो, यो प्रशंसनीय शहर, मेरो आनन्द-नगर कसरी छोड़िएन !'* यो वाक्य परमप्रभुले बोल्नुभएको खण्डमा परेको कारणले एन.के.जे.वी.ले यो उहाँका शब्दहरू हुने अर्थ लगायो; तर यो अरू कसैका शब्दहरू पनि भएका सम्भव भएको देखिन्छ । **41)**

### छ) यर्मिया ४९ः२८-३३ः केदार र हासोरको विरुद्धमा गरिएका भविष्य-वाणीहरू

**यर्मिया ४९ः२८-२९ः** केदारचाहिँ घुमन्ते जातिका मानिसहरू अर्थात् अरबी मानिसहरू थिए। अनि बेबिलोनीहरूले तिनीहरूलाई जित्लेथिए ।

**यर्मिया ४९ः३०-३३ः** हासोर शहर सुरक्षाहीन शहर थियो; यसकारण बाबेलका राजा नबूकद्नेस्सरको निम्ति यो शहर हमला गर्न सजिलो हुनेथियो; यस शहरका धन-सम्पत्तिहरू लुटिनेथिए, र यो शहर उजाड़ पारेर छोड़िनेथियो ।

### ज) यर्मिया ४९ः३४-३९ः एलामको विरुद्धमा गरिएका भविष्यवाणीहरू

एलामीहरूचाहिँ फारसीहरू थिए; तिनीहरू पृथ्वीभरि तितरबितर हुनेथिए; तर पछिल्ला दिनहरूमा परमप्रभुले तिनीहरूलाई फर्काएर ल्याउनुहुनेथियो । *'अनि म एलाममा आफ्नो सिंहासन बसाल्नेछु'* भन्ने वाक्यको अर्थ यस प्रकारको छः परमप्रभुले एलाममा न्यायद्वारा शासन गर्नुहुनेथियो ।

### झ) यर्मिया ५०-५१ः बेबिलोनको विरुद्धमा गरिएका भविष्यवाणीहरू

**यर्मिया ५०ः१-१६ः** यो अध्याय र यसपछिको अध्यायचाहिँ बेबिलोनको विरुद्धमा परमेश्वरको न्यायसित सम्बन्धित छन् । अनि यी भविष्यवाणीहरूमा मादीहरूले बेबिलोन कब्जा गरेको कुरा यिनको आंशिक सन्दर्भ हो । तर यी भविष्यवाणीहरू खास पूरा हुन बाँकी छन् र भविष्यमा पूरा हुनेछन् ।

यर्मियाको पुस्तकमा 'बेबिलोन' भन्ने नाम एक सय चौसट्ठी पल्ट प्रयोग गरिएको छ, अँ, पवित्र बाइबलका बाँकी पुस्तकहरूभरि भन्दा बढ़ी प्रयोग गरिएको छ। अनि त्यस बेबिलोन देशलाई उत्तरबाट जितिनेथियो । अनि छ पल्ट जब भविष्यवक्ता यर्मियाले बेबिलोनको न्यायको विषयमा कुरा गरे, तब छ पल्ट उनले इस्राएल र यहूदाको निम्ति भावी आशिषको घोषणा गरे । यर्मिया ५०ः४-७ पदको खण्ड-चाहिँ यी छ पल्टमा यिनको पहिलो चोटि हो । यस खण्डमा निर्वासनमा रहेका यहूदीहरूलाई के भनिएको छ भने, तिनीहरू कैदबाट फर्केर आउने मानिसहरूमा अग्रसर हुनुपरेको थियो; किनभने बेबिलोन लुटिनेथियो । बेबिलोनलाई जित्ने सेनामा जाति-जातिका मानिसहरू

हुनेथिए। एघार पदमा कल्दी सेनालाई सम्बोधन गरिएको छ। बाह्र पदमा 'तिमीहरूकी आमा' भन्नाले बेबिलोन देश बुझिन्छ। यशैया १३ः१४-२२ पदहरूको खण्डमा बेबिलोनको विनाशको सम्बन्धमा उठेका केही समस्या-हरूको विषयमा छलफल गरिएको छ; यसकारण तपाईंले यशैयाको पुस्तकको उक्त खण्डको टिप्पणीमा हेर्नुहोला।

**यर्मिया ५०ः१७-३४ः** इस्राएली जाति, यी तितरबितर भएका भेड़ाहरू फलाइलो भूमिमा फर्काएर ल्याइनेथिए र तिनीहरूलाई क्षमा गरिनेथियो। यर्मिया ५०ः२१-३२ पदको खण्डमा बेबिलोनको विरुद्धमा दन्किएको परमेश्वरको क्रोध वर्णन गरिएको छ, र त्यसपछिका पदहरूमा उहाँले इस्राएल र यहूदालाई सम्झना गर्नुभएको कुरा बयान गरिएको छ।

**यर्मिया ५०ः३५-४६ः** बेबिलोनका मानिसहरूको निम्ति तरवारद्वारा नाश हुनु नै निर्धारित गरिएको थियो। आक्रमणकारी सेनाले यो शहर उजाड़ पारेर छोड्नेथियो, र यसको विनाशको खबर जातिहरूको बीचमा सुनिनेथियो। यर्मिया ५०ः४१-४३ र ४४-४६ पदहरूको कुरा आयोः पहिले उक्त पदहरूमा लेखिएको कुराजस्तैका त्यस्तै कुरा पहिले यर्मिया ६ः२२-२४ पदहरूमा यहूदाको विषयमा र यर्मिया ४९ः१९-२१ पदहरूमा एदोमको विषयमा लेखिएको थियो, तर अहिले यहाँ बेबिलोनको विषयमा उल्लेख गरिएको छ।

**यर्मिया ५१ः१-१९ः** परमेश्वरले बेबिलोन-कहाँ एक विनाशक पठाउनुहुनेथियो, जसले तिनीहरूलाई छोड्नेथिएन; (हिब्रूमा 'लेब कमाई' एउटा कुञ्जी शब्द हो, जसको अर्थ 'मेरो विरुद्धमा उठ्नेहरूको बीचमा' हो); यसरी उहाँले इस्राएल र यहूदालाई बिर्सनुभएन भन्ने कुरा प्रमाणित गर्नुहुनेथियो। सात पदअनुसार परमेश्वरले पहिले बेबिलोनलाई न्यायरूपी सुनको कचौराको रूपमा जातिहरूलाई नशा चढ्ने गरी डगमगाउन प्रयोग गर्नुभएको थियो। तर अब त्यसले परमप्रभुको बदला अनुभव गर्नेथियो। बेबिलोनमा कैदी भएर बसेका यहूदीहरूले नौ र दस पदमा ती सबै देशहरूको पक्षमा बोलिरहेका छन्, जतिलाई बेबिलोनले जितेको थियो। अनि यहाँ परमेश्वरको महानता व्यर्थ मूर्तिहरूसँग तुलना गरिएको छ; अनि ती एकमात्र साँचो परमेश्वर-चाहिँ इस्राएल र यहूदाका परमेश्वर हुनुहुन्छ।

**यर्मिया ५१ः२०-३७ः** बीस पददेखि तेइस पदसम्म परमप्रभु मादीहरूसित बोल्दै हुनुहुन्छ। अनि हुन सक्छ, चौबीस पदको सन्दर्भ यहूदा होला। त्यसपछि पच्चीस पद फेरि बेबिलोन-कहाँ फर्किन्छ, र बेबिलोनलाई 'नाश गर्ने पर्वत' भनिएको छ। बेबिलोनचाहिँ सधैंको निम्ति बासिन्दाविनाको मैलाको थाक पो हुनेथियो, भग्नाविशेष पो बन्नेथियो, जङ्गलका पशुहरूको अड्डा पो हुनेथियो। अनि चौतीस र पैंतीस पदमा यहूदा र यरूशलेमका बासिन्दाहरू बोलिरहेका छन्।

**यर्मिया ५१ः३८-४४ः** यी पदहरू ख्रीष्टपूर्व ५३९ सालमा आंशिक रूपले पूरा भए। राजा बेल-शज्जर र यिनको राजसभाका सदस्यहरूले भोज गरिरहेको र मतपान गरिरहेको बेलामा मादीहरूले बेबिलोनलाई कब्जा गरे (दानियल ५)। तर त्यस बेलामा त्यो शहर नाश गरिएन। 'समुद्र बाबेलमाथि चढ़ेर आएको छ;' अब समुद्रको कुरा आयोः यस समुद्रले भावी आक्रमणकारीहरूलाई सङ्केत गर्छ।

**यर्मिया ५१ः४५-५१ः** कैदी भएर बसेका यहूदीहरूलाई अगावै चेताउनी दिएर 'बेबिलोनको आक्रमण हुनुभन्दा अघि त्यो शहर छोड़ेर जाओ, र सकभर छिटो यरूशलेममा फर्केर जाओ' भन्ने आदेश दिइयो।

**यर्मिया ५१ः५२-५८ः** किनकि त्यो घमण्ड चढ़ेको शहर नाश हुनेथियो; त्यसका खोपिएका

मूर्तिहरू नष्ट हुनेथिए; त्यसका बढ़ाइचढ़ाइहरू मौन पारिनेथिए, त्यसका अगुवाहरू मारिनेथिए र त्यसका पर्खालहरू सम्म पारेर माटोसित मिलाइनेथिए।

**यर्मिया ५१:५९-६४:** अब यर्मियाले सरायाहलाई के आज्ञा गरे भने, तिनी कैदमा लगिएको बेलामा तिनले यी बेबिलोनको विरुद्धमा लेखिएका भविष्यवाणीहरू साथमा लानु थियो। बेबिलोनमा आएर तिनले यी भविष्यवाणीहरू पढ़ेर सुनाउनु थियो, त्यसपछि तिनले त्यो लेख यूफ्रेटिस नदीमा फाल्नु थियो। यो कार्य बेबिलोनको विनाशको निम्ति उचित चित्र थियो। अनि कालक्रमअनुसार यी पदहरू उनन्तीस अध्यायमा जोड्नु उचित छ।

# खण्ड ९

# यर्मिया ५२:

## निष्कर्षः यरूशलेमको विनाश

यर्मियाको पुस्तकको अन्तिम अध्यायचाहिँ एउटा ऐतिहासिक अध्याय हो। यस अध्यायमा यरूशलेमको कब्जा र त्यसका बासिन्दाहरू कैदमा लगिएको बयान छ।

**यर्मिया ५२:१-१६:** एक पददेखि एघार पदसम्मको खण्डमा राजा सिद्‌कियाहको शासनकालको अन्तका दिनहरूको विवरण दोहोरिएको छ; अनि यरूशलेमको विनाश बाह्र पददेखि सोह्र पदसम्म दोहोरिएको छ (यर्मिया ३९:१-१०)।

**यर्मिया ५२:१७-२३:** त्यसपछि बेबिलोनीहरूले परमप्रभुको भवनका कुन-कुन सरसामानहरू लगे, यी सरसामानहरूको विस्तृत सूचि दिइएको छ।

**यर्मिया ५२:२४-२७:** अङ्गरक्षकहरूका कप्तान नबूजर-अदानले चौहत्तरजना मानिस-हरूलाई यरूशलेमबाट बेबिलोनका राजा नबूकद्‌नेस्सरकहाँ लगे, जसले तिनीहरूलाई रिब्लामा मारे।

**यर्मिया ५२:२८-३४:** अरू मानिस-हरूलाई तीन पल्टमा कैदमा लगियो। अनि राजा यहोयाकिनलाई कैदमा लगिएको सैंतीसौं वर्षमा बेबिलोनका राजा एबील-मरोदकले तिनलाई भ्यालखानाबाट निकाले र तिनको मृत्युको दिनसम्म तिनीसित दयाको व्यवहार गरे।

अनि यसरी न्याय र आँसुहरूले भरिएको भविष्यवाणीको पुस्तक दयालु टीकाटिप्पणीको साथ अन्त भएको छ।

हामीले यर्मियाको पुस्तक केवल एउटा हिब्रू इतिहास ठान्नुहुँदैन, जुन इतिहासचाहिँ प्रायः भविष्यवाणीको रूपमा प्रस्तुत गरिएको छ। हो, पक्का पनि यो पुस्तक हिब्रू इतिहास नै हो। तर यर्मियाको पुस्तक परमेश्वरको वचनको अंश पनि हो; अनि परमेश्वरको वचन सधैं ताजा हुन्छ र सधैं हाम्रो जीवनसित सम्बन्धित हुन्छ-हुन्छ। लगभग तीन सय वर्षभन्दा अघि जिएका अंग्रेजी टिप्पणीकार श्री माथ्यू हेनरीले यर्मियाको पुस्तकमा हाम्रो निम्ति आत्मिक पाठहरू कुन-कुन हुन्, सो सम्बन्धमा निम्न सङ्क्षिप्त सार दिए:

> 'अनि अबचाहिँ निष्कर्ष सुन्नुहोस्ः यस पुस्तकको भविष्यवाणी र इतिहास एकसाथ तुलना गर्दा हामी निम्न कुराहरू सिक्छौं:
>
> **क)** आत्मिक हिसाबले घटेर पतित हुनु वा भ्रष्ट हुनु न मण्डलीहरूको निम्ति, न सम्मानित व्यक्ति-हरूको निम्ति कुनै नौलो कुरा हुन्छ।

**ख)** जस-जसको मन अधर्मको अड्डा हुन्छ, त्यो अधर्म तिनीहरूको विनाशको कारण हुँदो रहेछ। यसकारण पश्चात्ताप गर्नुहोस् र समय छँदै आफ्नो पाप त्याग्नुहोस्, नत्र ता निश्चित छः त्यस पापले तपाईंलाई फेला पारेर बर्बाद गर्नेछ।

**ग)** हाम्रो खोक्रो मुखका स्वीकार र हाम्रा सौभाग्यहरू पापको निम्ति कुनै बहाना हुनुहुँदैनन्; यस्ता कुराहरूले हामीलाई विनाशबाट कुनै प्रकारले छुट दिँदैनन्; होइन, होइन ! तर हाम्रो नामधारिता र हाम्रा सौभाग्याहरूको बेप्रयोगले गर्दा हाम्रा पापहरू झन् बढ्दा रहेछन्, र हाम्रो विनाश पनि झन् बढ्ता गरी सुनिश्चित हुनेछ।

**घ)** परमेश्वरको कुनै वचन निष्फल भई भुइँमा खस्नेछैन; तर हरेक घटना त्यसको भविष्यवाणी-अनुसार पूरा हुने रहेछ। अनि मानिसहरूको अविश्वासले न परमेश्वरका धम्कीहरू, न उहाँका प्रतिज्ञाहरू रद्द गर्न सक्छ। परमेश्वरको न्याय र सत्यता यहाँ, यस पुस्तकमा मसीले होइन, तर रगतले लेखिएको हो; यसकारण उहाँका धम्कीहरू ठट्टामा नउड़ाउनुहोस् ! आफ्ना पापहरूको विषयमा कायल हुनुहोस् ! भ्रममा नपर्नुहोस्; किनकि निश्चित छः *"धोकामा नपर ! परमेश्वरलाई ठट्टामा उड़ाउनुहुँदैन; किनकि मानिसले जे छर्छ,त्यसको कटनी पनि गर्नेछ"* (गलाती ६:७)।' 42)

## ENDNOTES:

1) **Introduction:** See, e.g., 10:23, 24; 11:18—12:6; 15:10–21; 17:14–18; 18:18–23; 20:7–18.

2) **Introduction:** This means that he ministered during the reigns of five kings: Josiah, Jehoahaz, Jehoiakim, Jehoiachin (also called Jeconiah and Coniah), and the puppet king, Zedekiah.

3) **1:1–10:** William Kelly, Jeremiah: The Tender-Hearted Prophet of the Nations, p. 9.

4) **2:1–3:** Kyle M. Yates, Preaching from the Prophets, p. 139.

5) **5:20–31:** William Kelly, Jeremiah, p. 20.

6) **6:27–30:** Kyle M. Yates, Preaching from the Prophets, p. 141.

7) **7:5–15:** 'Excavations reveal that Shiloh was destroyed about 1050 B.C. This would have been at the time when the Philistines captured the ark (1 Sam. 4:11).' (The Wesley Bible, New King James Version, ed. by Albert F. Harper, et al., p. 1095). The Mosaic tabernacle survived Shiloh and was later located at Gibeon (2 Chron. 1:2-3).

8) **7:16–26:** After Christendom became the state religion of the Roman Empire, hordes of unconverted heathens flooded into the churches, bringing in their pagan ideas. The application of this pagan title 'queen of heaven' to the virgin mother of our Lord, while no doubt thought to be a great honor, would be totally rejected by the lowly 'maidservant of the Lord' (Luke 1:38).

9) **9:1–11:** Kyle M. Yates, Preaching from the Prophets, p. 143.

10) **9:23-24:** G. Herbert Livingston, 'Jeremiah,' Wesley Bible, p. 1100.

11) **9:25-26:** This is an alternative translation of the phrase 'all who are in the farthest corners.'

12) **10:1–5:** Kyle M. Yates, Preaching from the Prophets, p. 144.

13) **13:1–11:** New Scofield Reference Bible, New King James Version, pp. 784, 785.

14) **13:12–14:** R. K. Harrison, Jeremiah and Lamentations, pp. 99, 100.

15) **13:24–27:** R. K. Harrison, Jeremiah and Lamentations, p. 101.

16) **14:1–6:** New Scofield Reference Bible, NKJV, p. 785.

17) **15:19–21:** G. Campbell Morgan, Searchlights from the Word, p. 243.

18) **16:1–9:** William Kelly, Jeremiah, pp. 43, 44.

19) **17:1–11:** 'The reference to the partridge is to the popular belief that it would hatch the eggs of other birds' (Harrison, Jeremiah, p. 107). However, in a footnote on the same page Harrison says that it 'could refer to some variety of sand grouse.'

20) **17:1–11:** R. K. Harrison, Jeremiah and Lamentations, p. 106.

21) **17:1–11:** Matthew Henry, 'Jeremiah,' in Matthew Henry's Commentary on the Whole Bible, IV:519, 520.

**22) 17:19–27:** Irving L. Jensen, Jeremiah, Prophet of Judgment, p. 59.

**23) 18:13–17:** C. F. Keil. 'Jeremiah,' in Biblical Commentary on the Old Testament, XIX:300.

**24) 21:1–7:** William Kelly, Jeremiah, p. 47.

**25) 22:24–30:** Charles H. Dyer, 'Jeremiah," in Bible Knowledge Commentary, I:1158.

**26) 23:1–8:** William Kelly, Jeremiah, p. 48, 49.

**27) 23:1–8:** The other names are: 1) Jehovah-Jireh meaning 'The LORD will provide' (Gen. 22:13-14); 2) Jehovah-Ropheka, which means 'The LORD who heals you' (Exodus 15:26); 3) Jehovah-Nissi meaning 'The Lord is my Banner' (Exodus 17:8–15); 4) Jehovah-Shalom, which means 'The LORD is peace' (Judges 6:24); 5) Jehovah-Ro'i meaning 'The LORD is my Shepherd' (Psalm 23:1); and 6) Jehovah-Shammah which means 'The LORD is there' (Ezekiel 48:35).

**28) 23:30–32:** Kyle M. Yates, Preaching, p. 146.

**29) 23:33–40:** The same Hebrew word (massaµ×) can mean either 'burden' or 'oracle.' Ryrie calls it 'a customary word for a weighty, prophetic message' (cf. Nah. 1:1; Hab. 1:1) in the Ryrie Study Bible, New King James Version, p. 1182.

**30) 27:12–22:** Charles C. Ryrie, ed., The Ryrie Study Bible, New King James Version, p. 1187.

**31) 28:10–17:** William Kelly, Jeremiah, p. 67.

**32) 29:10–14:** Kyle M. Yates, Preaching from the Prophets, pp. 146, 147.

**33) Chapters. 30–33: Introduction:** Clyde T. Francisco, Studies in Jeremiah, p. 107.

**34) 31:1–20:** William Kelly, Jeremiah, pp. 75, 76.

**35) 31:21-22:** George Williams, The Student's Commentary on the Holy Scriptures, p. 552.

**36) 31:21-22:** William Kelly, Jeremiah, p. 77.

**37) 39:15–18:** His name means 'servant of the king.'

**38) Chapter 45:** William Kelly, Jeremiah, p. 94.

**39) Chapters. 46–51: Introduction:** At the time of editing this commentary in 1990, Iraq, where ancient Babylon was located, had actually begun the rebuilding of Babylon under Saddam Hussein.

**40) 49:7–22:** George Williams, Student's Commentary, p. 563.

**41) 49:23–27:** Since Hebrew does not have capital and lower case letters, all capitalization in English versions must necessarily be decided upon by the translators.

**42) 52:28–34:** Matthew Henry, 'Jeremiah,' IV:711.

## BIBLIOGRAPHY


Dyer, Charles A. 'Jeremiah' and 'Lamentations.' In *The Bible Knowledge Commentary. Old Testament*. Wheaton, IL: Victor Books, 1985.

Feinberg, Charles L. *Jeremiah: A Commentary*. Grand Rapids: Zondervan Publishing House, 1982.

Francisco, Clyde T. *Studies in Jeremiah*. Nashville: Convention Press, 1961.

Harrison, R. K. *Jeremiah and Lamentations*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1973.

Henry, Matthew. 'Jeremiah.' In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 4. McLean, VA: MacDonald Publishing Company, n.d.

Jensen, Irving L. 'Jeremiah and Lamentations.' In *Everyman's Bible Commentary*. Chicago: Moody Press, 1974.

Keil, C. F. 'Jeremiah–Lamentations.' In *Biblical Commentary on the Old Testament*. Vols. 19, 20. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Kelly, William. *Jeremiah: The Tender-Hearted Prophet of the Nations*. Charlotte: Books for Christians, n.d.

von Orelli, Hans Conrad. *The Prophecies of Jeremiah*. Reprint. Minneapolis: Klock & Klock Christian Publishers, 1977.

# विलापको पुस्तकको टिप्पणी

# विलापको पुस्तकको भूमिका

*'पापमा लोभ्याउने आकर्षण छ र पापमा कतै उत्तेजना र आनन्द पनि होला, तर पापसित दुःखकष्ट, शोकचिन्ता, आपद्‌विपाद्, बाँझो फलहीनता र पीड़ारूपी ठूलो भारी साथमा आउँछ; अनि यो विलापको पुस्तक यसको मौन साक्षी हो । पापले "खाऊ, पिऊ र मोज गर" भनेर भन्छ, तर त्यसले आफ्नो विपरीत पक्ष लुकाउँछ। तर विलापको पुस्तकले यो नकारात्मक पक्ष अलिकति पनि लुकाउँदैन ।'*

*श्री चार्ल्स आर. स्वीन्डोल*

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

यस सानो पुस्तकको नाम ग्रीक, ल्याटिन र अंग्रेजी बाइबल-संस्करणहरूमा 'विलाप' भन्ने नाम दिइको छ। तर यहूदीहरूले यसको नाम 'कसरी ?' राखे, जुन शब्द एक अध्याय, दुई अध्याय र चार अध्यायको पहिलो शब्द हो, जसको अर्थ कि त 'कसरी', कि त 'हाय' हो। यो पुस्तक पाँचवटा अलग-अलग कविताहरूले बनेको हो, जुन कविताहरूको एकै विषय-वस्तुचाहिँ यरूशेलमको विनाश हो। किनकि ख्रीष्टपूर्व ५८६ सालमा बेबिलोनका राजा नबूकद्‌नेस्सरले यरूशलेम शहर नाश गरे।

अनि यस पुस्तकका पहिला चारवटा अध्यायहरू अक्षरबद्ध कविता हुन्, जस-जसको हरेक पद हिब्रू वर्णमालाका क्रमसँगै राखिएका अक्षरबाट शुरु हुन्छ; यो कति अद्वितीय रचना हो ! हुन सक्छ, कण्ठस्थ गर्न सजिलो होस् भन्ने हेतुले यसो गरिएको होला। तीन अध्याय यसमा अलिक फरक छ, किनकि यस अध्यायमा तीन-तीनवटा पदहरू एकै अक्षरबाट शुरु हुन्छ। अनि पाँच अध्यायमा हिब्रू वर्णमालाका बाइस अक्षरअनुसार बाइसवटा पदहरू त छन्, तर यी पदहरू अक्षरबद्ध प्रकारले राखिएका छैनन् ।

यस्तो साँघुरो भाषागत रूपरेखाभित्र लेख्न निक्कै कठिन थियो होला; तर यस पुस्तकमा यसका लेखक आवेगसित देशभक्त भावना र हृदयस्पर्शी पीड़ा व्यक्त गर्न सफल भए।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

विलापको पुस्तकबाट लेखकको नाम देखा परेन; तर यर्मियाले यो पुस्तक लेखेका हुन् भन्ने परम्परा पुरानो हो, र अठारौं शताब्दीसम्म कसैले पनि यो कुरा खण्डन गरेन ।

सेप्टुवजिन्ट नामक ग्रीक अनुवादमा विलापको पुस्तकको भूमिका छ, जसको शैलीबाट यो प्रस्तावनाचाहिँ सीधा हिब्रू मूल-पाण्डुलिपिबाट लिइएको सङ्केत आउँछ, जहाँ यसो लेखिएको छः 'अनि यस्तो भयो – इस्राएली जातिलाई निर्वासनमा लगिएको पश्चात् र यरूशलेम नाश भएपछि यर्मिया रोइरहे, र उनले यस विलापको पुस्तकमा उल्लेख गरिएको विलापका शब्दहरूले यरूशलेमको निम्ति विलाप गरे ... ।' त्यसपछि सेप्टुवजिन्टमा विलापको पुस्तकको एक अध्याय शुरु हुन्छ ।

विलापको पुस्तकको शैलीले यसको लेखक रुने भविष्यवक्ता यर्मिया हुन् भन्ने सङ्केत गर्छ, अनि २ इतिहास ३५ः२५ पदले पनि सीधा यर्मियाको सम्बन्ध शोकगीत वा विलाप-गीतको रचनासँग जोड्छ। यस पुस्तकका लेखक प्रत्यक्षदर्शी थिए; अनि अहिलेसम्म कुनै अन्य व्यक्ति लेखकको रूपमा प्रस्तुत गरिएको छैन। यसकारण परम्परागत यहूदी र इसाई धारणा सत्य ठहर्ला, जुन धारणाअनुसार यर्मियाले विलापको पुस्तक लेखे। यसको विरुद्धमा अरू कुनै तर्कयुक्त कुरा छैन।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

सियोनको विनाशको विषयमा दिइएका तत्कालीन विवरणहरू यति ज्वलन्त, यति प्रभावकारी र यति पत्यारलाग्दा छन्, कि यी विवरणहरू यो घटना घटेको थोरै समयपछि अर्थात् लगभग ख्रीष्टपूर्व ५८६-५८५ सालमा लेखिए होलान्, अँ, यर्मिया मिस्र देशमा गएको समयभन्दा अघि लेखिए होलान्।

**घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?**

यरूशलेमको विनाशचाहिँ एउटा अति कष्टदायक र ज्यादा पीड़ाजनक समय थियो। यस भयानक विपत्तिले विलापको पुस्तक जन्मायो; किनकि हाम्रो विचारमा, यस दुर्घटनाले भविष्यवक्ता यर्मियाको हृदय बेसरी थिचेर माड़मुड़ पार्‍यो र उनीबाट विलापको पुस्तकका शब्दहरू निकाल्यो।

यस पुस्तकले यर्मियाको पुस्तकमा लेखिएका भविष्यवाणीहरूको विषयमा परिशिष्टको काम गर्छ। किनकि भविष्यवक्ता यर्मियाले यरूशलेमको र मन्दिरको विनाशको खातिर कसरी गहिरो शोक गरे, सो वर्णन यस पुस्तकमा प्रस्तुत गरिएको छ। आफ्ना भविष्यवाणीहरू पूरा भएकोमा हर्षले उल्लसित हुनुको सट्टामा उनी आफ्ना मानिसहरूका दुःखकष्टहरू देखेर धुरुधुरु रोए।

विलापको पुस्तक यर्मियाका शब्दहरू हुन्; यति मात्र होइन, तर यस पुस्तकको विषयमा अरू धारणाहरू पनि अपनाउन सकिन्छः

**क)** यस पुस्तकमा बाँकी रहेका यहूदीहरूले गरेको शोक व्यक्त गरिएको छ, जसको पक्षमा बोल्ने प्रवक्ता यर्मिया थिए; किनकि तिनीहरूले बेबिलोनीहरूको हमला आफ्नै आँखाहरूले देखेका थिए।

**ख)** ख्रीष्ट येशू यस धरतीमा आउनुभयो र क्रूसमा मर्नुभयो, र उहाँले आफ्नो बहुमूल्य रगत बगाउनुभयो; त्यस बेलामा उहाँको पीड़ा केजस्तो थियो, यस पुस्तकमा व्यक्त गरिएको छ; यसको उदाहरणको लागि तपाईंले विलाप १ः१२ पद हेर्नुहोला।

**ग)** बाँकी रहेका यहूदीहरूले भावी दिनमा शोक गर्लान्, जब तिनीहरू महासङ्कष्टबाट भएर जानुपर्नेछ, जसको नाम 'याकूबको कष्टको समय' पनि राखिएको छ (यर्मिया ३०ः७)। अनि तिनीहरूको यो भावी शोक यहाँ, यस पुस्तकमा व्यक्त गरिएको छ।

# रूपरेखाः

**खण्ड १) विलाप १ः१-११ः यरूशलेमको भयानक उजाड़ता**

**खण्ड २) विलाप १ः१२-२२ः मानिसहरूको दुःखद रोदन, पापको स्वीकार र प्रार्थना**

**क) विलाप १ः१२-१७ः** तिनीहरूको रोदन

**ख) विलाप १ः१८-१९ः** तिनीहरूको पापको स्वीकार

**ग) विलाप १ः२०-२२ः** तिनीहरूको प्रार्थना

**खण्ड ३) विलाप २ः परमप्रभुले यरूशलेमलाई दण्ड दिनुभएको हो**

**क) विलाप २ः१-१३ः** परमेश्वरको क्रोधका नराम्रा असरहरू के-के थिए ?

**ख) विलाप २ः१४ः** परमेश्वरको क्रोधको कारण के हो ? झूटा अगमवक्ताहरू मानिसहरूलाई चेताउनी दिन असफल भए ।

**ग) विलाप २ः१५-१६ः** दर्शकहरूले गिल्ला गरेका

**घ) विलाप २ः१७ः** परमेश्वरले दिनुभएका धम्कीहरू पूरा भए

**ङ) विलाप २ः१८-१९ः** पश्चात्ताप गर्ने आह्वान दिइयो

**च) विलाप २ः२०-२२ः** 'हे परमेश्वर, हामी कृपा पाऔं' भन्ने प्रार्थना चढ़ाइएको

**खण्ड ४) विलाप ३ः भविष्यवक्ता यर्मियाले बाँकी रहेका यहूदीहरूको शोक र पापको स्वीकार व्यक्त गरे**

**क) विलाप ३ः१-१८ः** परमेश्वरका न्यायहरू कस्ता-कस्ता थिए ?

**ख) विलाप ३ः१९-३९ः** परमप्रभुका कृपाहरू कस्ता छन् ?

**ग) विलाप ३ः४०-४२ः** आत्मिक नवीकरणको निम्ति गरिएको आह्वान

**घ) विलाप ३ः४३-५१ः** यरूशलेमको विषयमा यर्मियाले गरेको शोक

**ङ) विलाप ३ः५२-६६ः** 'मेरा शत्रुहरूबाट छुटकारा पाऊँ' भन्ने भविष्यवक्ताको प्रार्थना

**खण्ड ५) विलाप ४ः१-२०ः विगत यहूदा र वर्तमान यहूदामा भएको भिन्नता के हो ?**

**खण्ड ६) विलाप ४ः२१-२२ः भावी आशाः एदोम नष्ट हुनेछ र यहूदा पुनर्स्थापित हुनेछ ।**

**खण्ड ७) विलाप ५ः बाँकी रहेका यहूदीहरूले कृपा पाऔं र पुनर्स्थापित हुन पाऔं भनेर परमेश्वरलाई अनुरोध गरेका**

***नवीकरणमा पुऱ्याउने बाटोका चारवटा कदमहरूः***

**क)** विलाप १ः८ः पाप गरिन्छ ⇨ दुःखकष्ट पाइन्छ

**ख)** विलाप १ः२०ः शोक गरिन्छ ⇨ पश्चात्ताप गरिन्छ

**ग)** विलाप ३ः१९-२४ः प्रार्थना गरिन्छ ⇨ आशा पाइन्छ

**घ)** विलाप ५ः२१ः विश्वास गरिन्छ ⇨ पुनर्स्थापना होइन्छ

# विलापको पुस्तकको टिप्पणी

## खण्ड १

## विलाप १:१-११:

### यरूशलेमको भयानक उजाड़ता

**विलाप १:१-११:** हामी यहाँ, यस खण्डमा यरूशलेम पूरा उजाड़ भएको दृश्य देख्छौं; अनि यसको बयान गर्न यहाँ दर्शकको शैली प्रयोग गरिएको छ। बितेको समयमा यो शहर धेरै मानिसहरूको बस्ने ठाउँ भएको थियो, तर अहिले यो एउटा सन्तानहीन विधवा पो भयो। यो राजकुमारी दासी पो बनेकी छे; किनकि यसका मूर्तिहरूले यसलाई त्यागिदिए, र यसका सहयोगी मित्र-राष्ट्रहरूले यसलाई विश्वासघात गरे (पद १-२)। अनि मानिसहरू आफ्ना पापले गर्दा कैदमा गए; अनि कुनै तीर्थ-यात्री सियोनमा आराधना गर्न आउँदैनथियो (पद ३-९)। बेबिलोनीहरूले पवित्रस्थानरूपी मन्दिरका बहुमूल्य भाँड़ाकुँड़ाहरू लगे (पद १०); अनि मानिसहरूले अनिकाल भोग्दैथिए (पद ११)।

## खण्ड २

## विलाप १:१२-२२:

### मानिसहरूको दुःखद रोदन, पापको स्वीकार र प्रार्थना

#### क) विलाप १:१२-१७: तिनीहरूको रोदन

**विलाप १:१२-१७:** यस खण्डको सन्दर्भचाहिँ यरूशलेमको अद्वितीय पीड़ा हो। अनि बाह्र पदचाहिँ पीड़ा व्यक्त गर्ने सर्वमान्य नमुना[1] भएको छ, र यस पदले हामीलाई हाम्रा प्रभु येशूको सम्झना दिलाउँछ, जसले यरूशलेमका मानिसहरूको निम्ति विलाप गर्नुभयो, किनकि हठी भई तिनीहरूले उहाँलाई तिरस्कार गरे। अनि यहाँ प्रयोग गरिएको भाषाचाहिँ क्रूसमा टँगिनुभएको ख्रीष्ट येशूको अवस्था राम्रोसँग बयान गर्छ; किनकि त्यहाँ निर्दय सिपाहीहरूले, साथै दिलरहित धर्मनेताहरू र जनताका मानिसहरूले उहाँलाई पीड़ा सहनुभएको हेर्दैथिए, अनि उहाँ तिनीहरूको सार्वजनिक तमाशा हुनुभयो।

यहूदीहरूले मानिलिए: हो, परमप्रभुले यो विनाश ल्याउनुभएको हो (विलाप १:१५)। अनि सियोनले दयाको भीख माग्ने गरी आफ्ना

हातहरू फैलाए ता पनि यसलाई सान्त्वना दिने कोही पनि भएन। यरूशलेम एउटी अशुद्ध स्त्री भएकी छे (पद १७)।

**ख) विलाप १:१८-१९: तिनीहरूको पापको स्वीकार**

यहूदीहरूले आफ्नो पाप मानिलिए: हो, परमप्रभु धर्मी हुनुहुन्थ्यो, जसले तिनीहरूलाई कैदमा पठाउनुभयो; किनभने तिनीहरूले उहाँको आज्ञाको विरुद्धमा विद्रोह गरेका थिए; अनि यसका अन्य प्रेमीहरू अर्थात् यी अन्यजाति राष्ट्रहरूले यसलाई धोका दिए; यो तिनीहरूले स्वीकार गरे।

**ग) विलाप १:२०-२२: तिनीहरूको प्रार्थना**

**विलाप १:२०-२२:** यहूदाले परमेश्वरलाई प्रार्थना गर्छ र सुस्केरा हाल्दा-हाल्दै आफ्ना अपराधहरू मानिलिन्छ। यसको अनुरोध थियो: उहाँले उसको दुःखमा रमाइरहेका उसका शत्रुहरूलाई तिनीहरूको दुष्टताको निम्ति बदला दिऊन्।

# खण्ड ३

# विलाप २:

# परमप्रभुले यरूशलेमलाई दण्ड दिनुभएको हो

**क) विलाप २:१-१३: परमेश्वरको क्रोधका नराम्रा असरहरू के-के थिए?**

**विलाप २:१-७:** यी पदहरूमा परमेश्वरले यहूदालाई के-के गर्नुभयो, सो वर्णन गरिएको छ: **क)** उहाँले आफ्नो पाउदानरूपी मन्दिर भत्काउनुभयो (१ पद); **ख)** उहाँले तिनीहरूका शहरहरू निल्नुभयो (२ पद); **ग)** मानौं उहाँ स्वयम् यहूदाको शत्रु हुनुभएझैं गरी उहाँले तिनीहरूको शत्रुलाई रोकिराख्नुभएन (२:३-५); **घ)** उहाँ परमप्रभुको भवनसित एउटा बगैंचासित गरेजस्तै व्यवहार गर्नुभयो र सियोनमा बलिदान चढ़ाउने व्यवस्था बन्द गरिदिनुभयो अनि राजा र पूजाहारी दुवैलाई हटाइदिनुभयो (२:६-७)।

**विलाप २:८-१३:** उहाँले यरूशलेम शहर भग्नावशेष तुल्याउनुभयो; यसका शासकहरू कैदमा थिए; अनि तिनीहरूका भविष्यवक्ताहरूले परमप्रभुबाट कुनै दिव्य वाणी पाउँदैनथिए। बूढ़ा प्रधानहरूले शोक गर्दैथिए, अनि तिनीहरूका कन्याहरूले लाजले आफ्ना टाउका झुकाउँदैथिए (२:८-१०)। बालबच्चाहरू सड़कहरूहुँदो भोकले मूर्च्छा पर्दैथिए; यिनीहरू लड्दैथिए र मर्दैथिए (२:११-१२)। मानिसहरूको विपत्ति अति भएको थियो; भविष्यवक्ताले तिनीहरूलाई कसरी सान्त्वना दिऊन्? त्यो त उनको क्षमतादेखि बाहिरको कुरा थियो (१३ पद)। यी मानिसहरू सियोनकी कन्या छोरीको नामअनुसार हुनुपरेको थियो, तर वास्तवमा तिनीहरू यस्ता सद्‌गुणले युक्त हुँदैनथिए।

**ख) विलाप २:१४: परमेश्वरको क्रोधको कारण के हो? झूटा अगमवक्ताहरू मानिसहरूलाई चेताउनी दिन असफल भए।**

**विलाप २:१४:** यहूदाका भविष्यवक्ताहरूले झूटा र छली दर्शनहरू देखेका थिए। उनीहरूले मानिसहरूको अधर्म भन्डाफोर गर्नुपर्नेथियो; तर यसो गर्नुको सट्टामा उनीहरूले झूटा वाणीहरू र भ्रमका कुराहरू रचिरहेका थिए।

### ग) विलाप २:१५-१६: दर्शकहरूले गिल्ला गरेका

**विलाप २:१५-१६:** यहूदाका छिमेकी राष्ट्रहरू यरूशलेमको विनाशमा रमाइरहेका थिए। तिनीहरूले ताली बजाउँदैथिए, खिसी गर्दैथिए र परपीड़क आनन्दले रमाएर भनेः 'निश्चय हामीले बाटो हेरेको दिन यही हो! हामीले फेला पार्‍यौं; लौ, हामीले देख्यौं-देख्यौं!'

### घ) विलाप २:१७: परमेश्वरले दिनुभएका धम्कीहरू पूरा भए

परमप्रभुले आफ्नो वचन पूरा गर्नुभयो। उहाँले आफ्ना जनहरूलाई तल झार्नुभयो र यहूदाका विरोधीहरूको शक्ति उच्च पार्नुभयो। हिब्रू भाषामा सिङको सङ्केतात्मक अर्थ शक्ति हो।

### ङ) विलाप २:१८-१९: पश्चात्ताप गर्ने आह्वान दिइयो

बुबाआमाहरूले आँसुको साथ र कुनै विराम नगरी आफ्ना बालबच्चाहरूको निम्ति परमप्रभुलाई पुकार्ने आह्वान पाए; किनकि तिनीहरूका छोराछोरीहरू हरेक सड़कको सिरानमा भोकले मूर्च्छा भए।

### च) विलाप २:२०-२२: 'हे परमेश्वर, हामी कृपा पाऔं' भन्ने प्रार्थना चढ़ाइएको

धत्, घोर अनिकाल लागेको हुनाले स्त्री-हरूले आफ्नै गर्भको फल खाए, कसरी? यरूशलेमका सड़कहरू मारिएकाहरूले भरिए; किनभने परमेश्वरले बेबिलोनीहरूलाई एउटा समारोहमा आउने गरी निम्तो दिनुभयो।

# खण्ड ४

# विलाप ३:

## भविष्यवक्ता यर्मियाले बाँकी रहेका यहूदीहरूको शोक र पापको स्वीकार व्यक्त गरे

### क) विलाप ३:१-१८: परमेश्वरका न्यायहरू कस्ता-कस्ता थिए?

**विलाप ३:१-१८:** 'म' र 'हामी'को बीचमा पालोपिलो गरेर भविष्यवक्ताले आफ्ना अनुभवहरू र आफ्ना लोगहरूले गरेका अनुभवहरूको बीचमा ठूलो समानता देखे। परमेश्वरको क्रोध कसरी व्यक्त गर्ने, त्यसलाई कुन चित्रण दिने? त्यो त घोर अन्धकारमा पर्नु हो; त्यो त उहाँको हातबाट निरन्तर पिटाइ खानु हो (३:१-३); त्यो त समयभन्दा अघि बूढ़ो हुनु हो; त्यो त भाँचिएका हड्डीहरूको दुःखाइ बराबर हो; त्यो त तीतोपन र क्लेशरूपी जेलमा बस्नु हो; त्यो त जीवित हुँदा मर्ने अनुभव गर्नु हो (३:४-६); त्यो त अनिवार्य रूपले झ्यालखानामा बस्नु हो; त्यो त प्रार्थना गरेर उत्तर नपाउनु हो (३:७-९); त्यो त ढुकेर बस्ने जङ्गली पशुको हमलाजस्तै हो; त्यो त तारोमा हानेको आक्रमणजत्तिकै हो (३:१०-१२); त्यो त काँड़ले गरेका गहिरा चोटहरूजस्तै हो, हाँसोको पत्र हुनु हो र तीतेपातीको आहार सेवन गर्नु हो (३:१३-१५); त्यो त भाँचिएका दाँतहरूको दुःखाइ बराबर पीड़ा पाउनु हो, खरानीको लुगा लगाएको जस्तै हो (१६ पद); त्यो त

सम्झना-शक्ति हराउनु हो, शान्ति गुमाउनु हो र सारा धनसम्पत्तिको हानि उठाउनुजस्तै हो; किनकि परमेश्वरबाट सहायता पाउने सारा आशा नष्ट भयो (३:१७-१८)।

### ख) विलाप ३:१९-३९: परमप्रभुका कृपाहरू कस्ता छन् ?

**विलाप ३:१९-३९:** यर्मियाले परमेश्वरलाई पुकारेर 'मेरो तिक्त दुर्दशा सम्झनुहोस्' भन्ने विन्ती चढ़ाए; तर उनको कष्ट लामो समयसम्म उत्तिकै भइरह्यो; यसकारण उनको मन खिन्न र निराश भयो (३:१९-२०); तर यस समयमा भविष्य-वक्ताले आफ्ना आँखाहरू आफैबाट हटाएर परमप्रभुमाथि लगाइदिए। अनि जब उनले परमप्रभुका करुणाहरू र उहाँका कोमल कृपाहरू सम्झे, जुनचाहिँ हरेक बिहान नयाँ हुन्छन्, अनि जब उनले उहाँको विश्वास-योग्यता महान् भएको याद गरे [2], तब उनको आशा पुनर्जागृत भयो (३:२१-२४)।

त्यसपछि उनले दुःखको समयमा सिकेका पाठहरू पेश गरे, जस्तैः **क)** चुपचापसित परमप्रभुको छुटकाराको बाटो हेर्नु असल हो, अनि **ख)** जवानीमा आफूलाई उहाँको जुवामनि सुम्पनु उत्तम हो (३:२५-२७); **ग)** एक शब्द नभनेर परमेश्वरबाट ताड़ना सहनु, अँ, मानिसहरूबाट थप्पड़ खानु अनि निन्दा र अपमान ग्रहण गर्नु असल हो (३:२८-३०); **घ)** परमेश्वरले सधैंको निम्ति त्यागनुहुन्न, न ता उहाँको त्याग उद्देश्यहीन हुन्छ; अनि **ङ)** यस प्रकारको त्यागपछि उहाँका करुणाहरू र उहाँको दया सुनिश्चित छन् (३:३१-३३); **च)** परमप्रभुले थिचोमिचो, अन्याय र अधिकारको हरण कहिल्यै स्वीकार गर्नुहुन्न (३:३४-३६); **छ)** उहाँ सर्वाधिकारी हुनुहुन्छ; **ज)** उहाँको वचन पूरा हुने नै छ; **झ)** सबै कुराहरू उहाँको इच्छाको अधीनतामा छन्; अनि **ण)** उहाँले कुनै मानिसलाई पापको निम्ति दण्ड दिनुहुँदा जुन मानिसले यसको बारेमा गनगन गर्छ, त्यो मानिस मूर्ख हो (३:३७-३९)।

### ग) विलाप ३:४०-४२: आत्मिक नवीकरणको निम्ति गरिएको आह्वान

**विलाप ३:४०-४२:** यस खण्डबाट आशिषको राजमार्गका नियमहरू सिक्नुहोस्ः आफ्नो जीवन जाँच्नुहोस् र प्रभुकहाँ फर्कनुहोस्! स्वीकार नगरिएको पाप मानि-लिनुहोस्; नत्र तपाईं पापको क्षमा पाउनुहुन्न।

### घ) विलाप ३:४३-५१: यरूशलेमको विषयमा यर्मियाले गरेको शोक

**विलाप ३:४३-५१:** अब विषय फेरि यर्मिया र उनका लोगहरूले सहेका कष्टमा फर्कन्छ। परमेश्वरले दया नगरी तिनीहरूलाई पिछा गर्नुभयो र तिनीहरूलाई मार्नुभयो; उहाँले आफैलाई तिनीहरूका प्रार्थनाहरूबाट लुकाउनुभयो र तिनीहरूलाई पृथ्वीको फोहोरमैला तुल्याउनुभयो (३:४३-४५)। उता परमेश्वरका जनहरूले डर, खतरा र विनाश अनुभव गर्दाखेरि तिनीहरूका सबै शत्रुहरूले तिनीहरूलाई गिल्ला गरे। तर यता आफ्ना लोगहरूको विनाश देखेर भविष्यवक्ता नरोकीकन डाँको छोड़ी रोइरहे (३:४६-५१)।

### ङ) विलाप ३:५२-६६: 'मेरा शत्रुहरूबाट छुटकारा पाऊँ' भन्ने भविष्यवक्ताको प्रार्थना

**विलाप ३:५२-६६:** उनका शत्रुहरूले उनलाई एउटा चरा मार्नेले चरालाई शिकार गरेझैं लखेटे, उनलाई खाड़लमा हाले, उनलाई ढुङ्गाले हाने; उनी पानीमा डुब्न लागेका थिए; यस हालतमा भविष्यवक्ताले आफ्नो अन्त

आइसकेको ठाने (३:५२-५४)। यसकारण उनले सबैभन्दा गहिरो खाड़लबाट आग्रहपूर्वक प्रार्थना गरे, र परमेश्वरले उनलाई जवाफ दिनुभयो। उहाँले उनलाई 'नडराऊ' भन्नुभयो (३:५५-५७)।

अनि अब उनले परमप्रभुलाई अर्को विन्ती गरेः उनको घोर अन्याय भइरहेको थियो; उहाँले उनको विरुद्धमा तिनीहरूको बदला, तिनीहरूका युक्तिहरू, तिनीहरूको निन्दा, तिनीहरूका अपमान र उपहासका शब्दहरू र तिनीहरूको गिल्लामाथि ध्यान दिएका होऊन् र उनको मुद्दा लड़ेका होऊन्। धार्मिकताको माग के थियो भने, उहाँले उनका शत्रुहरूलाई दण्ड दिनुपर्छ, श्राप दिनुपर्छ, खेद्नुपर्छ र नाश गर्नुपर्छ (३:५८-६६)।

अनि पैंसट्ठी पदमा घुम्टो हालिएको हृदयको कुरा लेखिएको छ। यस सिलसिलामा २ कोरिन्ती ३:१५ पदमा यसो लेखिएको छः *'आजको दिनसम्म मोशाको पुस्तक पढ़्दाखेरि तिनीहरूको हृदयमाथि घुम्टो हालिएको हुन्छ।'* अनि यस विषयमा श्री सी. एफ. काइलको कुरा पनि सुनौं, जसले यसो भनेका छन्ः

> 'हुन सक्छ, सायद यहाँ लेखिएको कुराको सन्दर्भ हृदय कठोर पार्ने कुरा होइन, तर हृदय अन्धा भएको कुरा हो; यस प्रकारको अन्धोपनले विनाशमा पुऱ्याउँछ।'[3)]

## खण्ड ५

## विलाप ४:१-२०:

### विगत यहूदा र वर्तमान यहूदामा भएको भिन्नता के हो?

**विलाप ४:१-२०:** अनि यहाँ, यस ठाउँमा आएर भविष्यवक्ताले यरूशलेमको बितेको समयको गौरव यसको वर्तमान दयनीय स्थितिसँग तुलना गर्दैथिए। किनकि मन्दिर ध्वस्त भएको थियो; आमाहरूले आफ्ना बालबच्चाहरूलाई त्यागे (४:३-४); मानिसहरू भोकले मर्दैथिए (५ पद); पापको दण्ड लम्मिँदैगयो (६ पद); सड़कहरूहुँदो शासकहरू चिनिँदैनथिए (४:७-८); दयालु स्त्रीहरू समेत नरभक्षक भए (१० पद); अनि यो अजेय शहर शत्रुको हातमा परेको थियो (१२ पद)। यो सबै किन भएको थियो? यो सब यसका भविष्यवक्ताहरूका पापहरू, यसका पूजाहारीहरू र मानिसहरूका अधर्म-हरूको खातिर भएको हो (४:१३-१६)। तिनीहरूले सहायता पाउनको निम्ति व्यर्थमा मिस्र देशतिर हेरिरहेका थिए (१७ पद)। किनकि अचानक बेबिलोनीहरूले तिनी-हरूलाई घेरिहाले (४:१८-१९), अनि राजा सिद्कियाह, परमप्रभुका अभिषिक्त जनलाई कब्जा गरियो (२० पद)।

## खण्ड ६

## विलाप ४:२१-२२:

### भावी आशाः एदोम नष्ट हुनेछ र यहूदा पुनर्स्थापित हुनेछ।

**विलाप ४:२१-२२:** एदोमकी छोरी यरूशलेमको विनाशमा हर्षित भई; तर त्यसलाई कड़ाभन्दा कड़ा सजाय दिइनेछ र त्यसका पापहरू खुलस्त पारिनेछन्। अनि सियोनचाहिँ पुनर्स्थापित हुनेछ।

## खण्ड ७

# विलाप ५ ः

## बाँकी रहेका यहूदीहरूले कृपा पाऔं र पुनर्स्थापित हुन पाऔं भनेर परमेश्वरलाई अनुरोध गरेका

**विलाप ५ ः१-१४ः** यी पदहरूमा मानिसहरूले आफूमाथि आइपरेका भयानक स्थितिहरूको बारेमा आलाप-विलाप गरिरहेका थिए; किनकि दैनिक आवश्यकताहरू साह्रै महँगा भए (४ पद); तिनीहरू काममा जोतिन्थे (५ पद); तिनीहरूलाई थिचोमिचो गरिन्थ्यो (८ पद); अनि घोर अनिकाल लाग्दैथियो र चारैतिरबाट तिमीहरूमाथि खतरा आइरहेको थियो (५ः९-१०); कन्याहरूलाई बलात्कार गरिन्थ्यो, शासकहरूसित क्रूर व्यवहार गरिन्थ्यो र बूढ़ा प्रधानहरूको विरुद्धमा विभिन्न अत्याचार गरिन्थ्यो (५ः११-१२); जवानहरू, केटा-केटीहरू र बूढ़ा प्रधानहरूका कठिनाइहरू कति थिए कति ! (५ः१३-१४)।

**विलाप ५ः१५-१८ः** यी सबै भयङ्कर-भयङ्कर कुराहरूले गर्दा यहूदाको आनन्द बन्द भएको थियो, यसको नाच विलापमा परिणत भएको थियो, यसको शिरबाट मुकुट भुइँमा झरेको थियो, र सियोन पर्वत उजाड़ भएको थियो।

यो सबैको मूलकारण यसरी स्वीकार गरियोः 'हामीलाई हाय, किनभने हामीले पाप गरेका छौं !' (१६ पद)।

**विलाप ५ः१९-२२ः** अन्तमा यी मानिसहरूले परमप्रभुलाई विन्ती गरेः *'हे परमप्रभु, हामीलाई आफूकहाँ फर्काउनुहोस्, र हामी फर्कनेछौं।'* उहाँसित तिनीहरूको सम्बन्ध पुनर्स्थापित होस् र उहाँसित तिनीहरूको सम्बन्धमा नवीकरण आएको होस्। चाखलाग्दो कुरा के हो भने, धेरै हिब्रू पाण्डुलिपीहरूमा बाइस पदपछि एक्काइस पद फेरि यस हेतुले दोहोरिएको छ, कि यो विलापको पुस्तक निराशपूर्ण अन्तको सट्टामा आशाको टीकाको साथ अन्त भएको होस्।[4) वास्तवमा, श्री सी. एफ. काइलको टिप्पणीअनुसार बाइस पदको अर्थ ठीक प्रकारले बुझिन्छ भने, एक्काइस पद दोहोरिनु आवश्यक छैन। किनकि तिनले यसो लेखेका छन्ः

> 'जुन निष्कर्षमा हामी आइपुग्यौं, त्यो निष्कर्ष विलापको पुस्तकको गुण र रससँग पूरा मिल्छ, किनकि यस पुस्तकको निम्ति अन्तसम्म गुनासो र विन्ती पालोपिलो गरिरहने क्रिया-प्रक्रिया सुहाउँछ; तर याद रहोस्ः यस पुस्तकमा आशाको किरण नभएको होइन है। तर त्यो आशाचाहिँ हर्षित विजयको उचाइमा उठ्न सक्दैन, तर त्यो आशा श्री कार्ल फ्रिड्रिक गेर्लाकले व्यक्त गरेअनुसार थियो, जसले यस आशाको विषयमा यसो भनेः "त्यो आशा टाढ़ाबाट मात्र झिलिक-झिलिक झल्किन्थ्यो, बादलहरूको बीचबाट चम्किरहेको बिहानको ताराजस्तै थियो; त्यसले रातको अन्धकार हटाउन सक्दैनथियो, तर त्यसले 'सूर्यको उदय नजिकछ, र दिनकरले अवश्य विजय प्राप्त गर्नेछ' भन्ने घोषणा गर्छ।" '[5)]

## ENDNOTES:

**1) 1:12–17:** R. K. Harrison, Jeremiah and Lamentations, p. 210.

**2) 3:19–39:** If the reader will pardon a personal recollection, verses 22 and 23 have a special meaning to the editor. My father was fond of quoting "Through the LORD's mercies we are not consumed" (v. 22), and my mother's favorite hymn, 'Great Is Thy Faithfulness,' is based on v. 23. Only after both had gone to be with the Lord did we realize that their sentiments - each characteristic of their personalities - were fittingly 'back to back' in Lamentations chapter 3.

**3) 3:52–66:** C. F. Keil, "Lamentations," in Biblical Commentary on the Old Testament, XX:455.

**4) 5:19–22:** A similar repetition for more suitable synagogue readings occurs at the end of Ecclesiastes, Isaiah, and Malachi.

**5) 5:19–22:** C. F. Keil, "Lamentations," in Biblical Commentary on the Old Testament, XX:455.

## BIBLIOGRAPHY

For Bibliography see Jeremiah.

# इजकिएलको पुस्तकको टिप्पणी

# इजकिएलको पुस्तकको भूमिका

*'इजकिएलको पुस्तकको पहिलो अध्यायदेखि यसको अन्तिम अध्यायसम्म एउटा उल्लेखनीय विचारले यस पुस्तकमा राज्य गर्छः परमप्रभु परमेश्वरसँग सर्वाधिकार र महिमा छ। मानिसहरूका हल्ला र घमण्डपूर्ण दाबीहरूले यो सत्यता डुबाउन, बगाउन खोजे ता पनि यो सत्यता सुदृढ़ रहन्छः इस्राएली जातिमाथि उहाँको सर्वाधिकार छ, अनि संसारका सबै देशहरूको सम्बन्धमा पनि उहाँ सार्वभौम अधिकारी हुनुहुन्छ। अनि उहाँको सर्वाधिकारभित्र रहेको इच्छा यस प्रकारको छः हामीले आफ्नो जीवनमा र पृथ्वीका छेउहरूसम्म हाम्रो साक्षीद्वारा उहाँको महिमा गर्नुपर्छ।'*

*श्री चार्ल्स एल. फाइनबेर्ग*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

अङ्ग्रेजी भाषामा 'इजकिएलले त्यस चक्काको दर्शन देखे' र 'सुकेका हड्डीहरू' जस्तै प्रसिद्ध आत्मिक गीतहरूले गर्दा इजकिएलचाहिँ लाखौं मानिसहरूद्वारा बाइबलको एक व्यक्तिको रूपमा चिनिएका छन्। तर दुर्भाग्यवश यस अप्ठ्यारो पुस्तकको विषयमा मानिसहरूको बीचमा बाइबलको ज्ञानको स्तर प्रायः त्योभन्दा गहिरो जाँदैन। अनि यो पनि भनौं: पक्कै पनि भर्खरै प्रभुमा आएका विश्वासी भाइबहिनी-हरूले पवित्र बाइबलमा पढ्नुपर्ने पहिलो पुस्तक इजकिएलको पुस्तक नै होइन। तर यो पनि भन्न उचित छः साहित्यमा चासो राख्ने व्यक्तिहरू यी भविष्यवक्ताको उल्लेखनीय शैलीद्वारा मोहित भई पवित्र बाइबलप्रति आकर्षित भए र आकर्षित हुन सक्लान्।

इजकिएलको पुस्तकको विषयमा असामान्य कुरा के छ भने, जसरी यर्मियाको पुस्तकले न्यायमा जोर दिएजस्तै, अनि केही हदसम्म यशैयाको पुस्तक र प्रायः सबै साना भविष्यवक्ताहरूले न्यायमा जोड़ गरेजस्तै, त्यस्तै यस पुस्तकको जोड़ न्यायमा होइन, तर परमेश्वरका जनहरूलाई सान्त्वना दिनुमा यसको जोड़ छ। कबार नदीमा, जुन ठाउँचाहिँ सायद बेबिलोन शहरको नजिकमा अवस्थित भएको एक प्रकारको प्राचीन कारा-शिविर भएको थियो, त्यस नदीको किनारमा इजकिएलले निर्वासित यहूदीहरूलाई प्रोत्साहन दिन आफ्ना भविष्यवाणीहरू लेखे।

## ख) यस पुस्तकको लेखक को हुन्?

इजकिएल, जसको नामको अर्थ 'परमेश्वर बलियो पार्नुहुन्छ' अथवा 'परमेश्वरद्वारा बलियो पारिएको' हो, ख्रीष्टपूर्व ५९७ सालमा, यरूशलेमको विनाश हुनुभन्दा एघार वर्षअघि, कैदीहरूको दोस्रो समूहको साथमा बेबिलोनमा लगिए।

अनि इस्वी संवत् १९२० सालसम्म इजकिएलले गरेका भविष्यवाणीहरू तर्कवादी आलोचकहरूका छाँटकाँट गर्ने 'कैंचीहरू'बाट धेरै हदसम्म उम्के। अनि यही कुरा केही उदारवादीहरूको निम्ति विलाप गर्ने कारण पो

भएछ; यसकारण तिनीहरूले तुरुन्तै इजकिएलको पुस्तकको एकताको विषयमा, साथै इजकिएल यस पुस्तकका लेखक भएको कुरा काट्न र यस पुस्तकको लेख्ने मितिको विषयमा परम्पराको धारणा अस्वीकार गर्न हामीलाई चक्कर लाग्ने सिद्धान्तहरू निकाल्न थालिहाले।

वास्तवमा यस पुस्तकको विषयमा यहूदी र इसाईहरूको पुरानो, सर्वमान्य धारणा किल्ला-जत्तिकै बलियो र सुदृढ़ छः बूजीका छोरा पूजाहारी इजकिएल अर्थात् कविता लेख्ने प्रतिभा भएका यी भविष्यवक्ताले नै यो पुस्तक लेखेका हुन्। अनि यसको विषयमा उठेको आलोचनात्मक धारणा राम्रोसँग खण्डन गरिएको हो।[1)]

यस पुस्तकको एकताको विषयमा हामी यहाँ श्री जोह्न बी. टेलरका छवटा तर्कहरू पेश गर्छौं। यो पुस्तक एकजना लेखकको रचना हो; किनभने ...

**१)** यस पुस्तकमा लेख शुरुदेखि अन्तसम्म निरन्तर बगिरहन्छ र कहीं नरोकीकन अघि बढ्दै जान्छ, र त्यसले हामीलाई प्रभाव पारेर आफ्नो लेख्ने उद्देश्य पूरा गर्छ।

**२)** यस पुस्तकमा एकै विषयवस्तु छः यरूशलेमको पतन र मन्दिरको विनाश।

**३)** यसको लेख्ने शैली र प्रयोग गरिएको शब्द-भण्डारमा एकरूपता छ। यस पुस्तकभरि विशेष वाक्य र वाक्यांशहरू प्रयोग गरिएका र दोहोरिएका छन्, जस्तैः 'मानिसको छोरा', 'परमप्रभुको वचन मकहाँ आयो', 'परमप्रभु म नै हुँ भनी तिनीहरूले जान्नेछन्' र 'परमप्रभुको महिमा'।

**४)** ठूला भविष्यवक्ताहरूका पुस्तक-हरूमध्ये केवल इजकिएलको पुस्तकचाहिँ कालक्रमबद्ध छ।

**५)** यस पुस्तकभरि प्रथम पुरुषको शैली प्रयोग गरिएको छ; अनि यस विशेषताले इजकिएलको पुस्तकलाई आत्मकथाको रूपमा पेश गर्छ। अनि इजकिएल १:३ र २४:२४ पदमा इजकिएल नै यस पुस्तकका लेखक हुन् भन्ने जानकारी दिइएको छ।

**६)** यस पुस्तकमा इजकिएलको व्यक्तित्व र चरित्रमा कुनै हेरफेर भएको छैन। उनको लगनशीलताबाट, प्रतीकहरू मन पराउने उनको आदतबाट, सानोतिनो कुराको निम्ति उनले देखाएको वास्ताबाट, अनि परमेश्वरको महिमा र सर्वश्रेष्ठताको विषयमा उनमा भएको भक्तिभयबाट यो कुरा देखिन्छ।[2)]

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

इजकिएलले आफ्ना भविष्यवाणीहरूको निम्ति मिति ठीक-ठीकसँग दिएका छन्। पहिलो भविष्यवाणी राजा यहोयाकिन कैद गरेर निर्वासनमा लगिएको पाँचौं वर्षमा अर्थात् ख्रीष्टपूर्व ५९३ सालमा उनीकहाँ आयो (इजकिएल १:२); अनि ख्रीष्टपूर्व ५७१ सालमा अन्तिम भविष्यवाणी उनीकहाँ आयो (इजकिएल २९:१७)। यसकारण उनको सेवकाई कम्तिमा बाइस वर्ष लागेको थियो। मानौं पूजाहारी भएको नाताले उनले तीस वर्षको उमेरमा आफ्नो सेवकाई शुरु गरे होलान्; यसकारण उनले आफ्नो भविष्यवाणी गर्ने सेवकाई पूरा गर्दा उनको उमेर पचास वर्षभन्दा बढ़ी भएको अनुमान गरिन्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?

इजकिएलले निर्वासनका शुरुका वर्षहरूमा आफ्ना सँगी-निर्वासितहरूको सेवा गर्दैथिए, खास गरी तिनीहरूलाई कैदमा लगिएको

समयदेखि लगभग बीस वर्षसम्म सेवा गर्दैथिए। निर्वासित यहूदीहरूले अब चाँड़ै यरूशलेममा फर्कने तथ्यहीन आशा गर्दैथिए; यसकारण उनले तिनीहरूलाई भन्नुपरेको थियोः 'यसभन्दा पहिले तिमीहरू परमप्रभुकहाँ फर्कनुपर्छ।'

इजकिएलको भविष्यवाणी तीन भागमा विभाजन गर्न सकिन्छ। **क)** पहिलो खण्डमा उनले यहूदाका पापहरू पेश गरे र मानिसहरूलाई नजिक आउन लागेको परमेश्वरको न्यायको विषयमा चेताउनी दिए, जसको फलस्वरूप मानिसहरू कैदमा जानेथिए र तिनीहरूको राजधानी यरूशलेम नाश हुनेथियो। अनि असाधारण दर्शनहरू र प्रतीकात्मक क्रियाकलापहरूद्वारा सजीव ढङ्‌ले यो सबै जानकारी दिइयो; किनकि परमेश्वरको उपस्थितिरूपी उज्ज्वल र चम्किलो बादल मन्दिरमाथि अड़िरहेको र त्यसपछि आनेकाने गरी त्यहाँबाट प्रस्थान गर्दै गरेको देखिन्छ। यसको मतलब के थियो भने, परमेश्वरले आफ्ना जनहरूको पापले गर्दा अबदेखि उसो तिनीहरूको बीचमा वास गर्न सक्नुहुन्नथियो, अनि उहाँको न्यायको प्रहार अब चाँड़ै यस अशुद्ध पारिएको मन्दिरमाथि पर्नेथियो। इजकिएलको पुस्तकमा परमप्रभुको महिमाचाहिँ यसका मुख्य विषयवस्तुहरूमध्ये एक थियो।

**ख)** अनि दोस्रो खण्डमा यहूदाका छिमेकी राष्ट्रहरूलाई यिनीहरूको मूर्तिपूजाको खातिर र परमेश्वरका जनहरूप्रति देखाइएको यिनीहरूको क्रूर व्यवहारको खातिर दोषारोपण लगाइन्छ। यी राष्ट्रहरूचाहिँ अम्मोनीहरू, मोआबीहरू, एदोमीहरू, पलिस्तीहरू, टायर र सिडोनका बासिन्दाहरू अनि मिस्रीहरू थिए।

**ग)** अन्तमा, तेस्रो खण्डमा इजकिएलले इस्राएलको सम्पूर्ण जातिको पुनर्स्थापना र पुनर्मिलनको विषयमा कुरा गरेः इस्राएल र यहूदाको पुनर्स्थापना र पुनर्मिलन हुनेछ। किनकि जब यी मानिसहरूले आफ्ना पापहरूको विषयमा पश्चात्ताप गर्छन्, तब परमेश्वरले आफ्नो पवित्र आत्मा तिनीहरूभित्र हालिदिनुहुन्छ; तब मसीह आफ्ना जनहरूकहाँ आउनुहुनेछ, र उहाँले तिनीहरूका अन्तिम शत्रुहरूलाई नष्ट गर्नुहुनेछ; तब मन्दिरको पुनर्निर्माण हुनेछ, र परमप्रभुको महिमा त्यसमा फर्केर आउनेछ। यी भविष्यवाणीहरू अझै पूरा भएका छैनन्, तर यी भविष्यवाणीहरूले ख्रीष्ट येशूको हजार वर्षको राज्य ताकेका छन्, जुन राज्य उहाँले यस पृथ्वीमा स्थापित गर्नुहुनेछ।

जुन कुरा अरू भविष्यवाणीका पुस्तकहरूको विषयमा भन्न सकिन्छ, त्यो कुरा इजकिएलको पुस्तकको विषयमा पनि केही हदसम्म सत्य ठहरिएको छः यो सारा पुस्तक कालक्रमअनुसार राखिएको छैन; तर यसको कालक्रम यशैया र यर्मियाका पुस्तकहरूको भन्दा बढ़ी मिल्छ। यस पुस्तकका धेरै अध्यायहरूको शुरुमा मितिहरू वा समय-अवधिहरू लेखिएका छन्, जसको ख्याल हामीले गर्नुपर्छ। अनि श्री अल्बर्ट बार्न्सले यी भविष्यवाणीहरू कालक्रमअनुसार निम्नानुसार राखेका छन्ः

> 'यस पुस्तकका विभिन्न अध्यायहरूसँग निश्चित गरिएका मितिहरू छन्, जुन मितिहरूअनुसार यी भविष्यवाणीहरू भाग-भाग गर्न सकिन्छन्; अनि जुन भविष्यवाणीहरूको विषयमा कुनै खास मिति दिइएको छैन, ती भविष्यवाणीहरूको विषयमा हामी अनुमान गरेर के भन्छौं भने, जुन ठाउँमा यस पुस्तकमा अन्तिम मिति दिइएको थियो, त्यस ठाउँमा ती भविष्यवाणीहरू हाल्नुपर्ला; किनकि ती भविष्यवाणीहरू त्यस समयमा वा त्यस समयको छेउ-छेउमा दिइएको हुनुपर्ला।
>
> **१)** राजा यहोयाकिनको निर्वासनको पाँचौं वर्षः *इजकिएल १-७ः* भविष्यवक्ता हुनको निम्ति इजकिएलको बोलावट भएको, र चाँड़ै यरूशलेममाथि आइपर्ने घेराबन्दीको विषयमा भविष्यवाणी गरिएको।

**२)** राजा यहोयाकिनको निर्वासनको छैटौं वर्षः *इजकिएल ८-१९ः* मानिसहरूको सम्पूर्ण अवस्थाको हिसाबकिताब गरिनुको साथै आगामी सजायको विषयमा भविष्यवाणी गरिएको ।

**३)** राजा यहोयाकिनको निर्वासनको सातौं वर्षः *इजकिएल २०-२३ः* नयाँ हप्कीहरू दिइएका र आउन लागेको विनाशको विषयमा नयाँ भविष्य-वाणीहरू गरिएका ।

**४)** राजा यहोयाकिनको निर्वासनको नवौं वर्षः *इजकिएल २४ः* यरूशलेमको घेराबन्दी शुरु भएको वर्ष; यरूशलेम शहर ध्वस्त हुनेछ भन्ने घोषणाहरू गरिएका ।

**५)** राजा यहोयाकिनको निर्वासनको उही नवौं वर्षः *इजकिएल २५ः* मोआब, अम्मोन र पलिस्तीहरूको विरुद्धमा भविष्यवाणीहरू गरिएका ।

**६)** राजा यहोयाकिनको निर्वासनको एघारौं वर्षः *इजकिएल २६-२८ः* टायरको विरुद्धमा भविष्यवाणीहरू गरिएका । यस वर्षमा अठार महिनाको घेराबन्दी भएपछि यरूशलेम कब्जा गरिएको र यसको मन्दिर नाश भएको ।

**७)** राजा यहोयाकिनको निर्वासनको दसौं वर्षः *इजकिएल २९ः१-१६ः* मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी ।

**८)** राजा यहोयाकिनको निर्वासनको सत्ताइसौं वर्षः *इजकिएल २९ः१७-३०ः१९ः* मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी ।

**९)** राजा यहोयाकिनको निर्वासनको एघारौं वर्षः *इजकिएल ३०ः२०-३१ः१८ः* मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी ।

**१०)** राजा यहोयाकिनको निर्वासनको बाह्रौं वर्षः *इजकिएल ३२ः* मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी ।

**११)** राजा यहोयाकिनको निर्वासनको उही बाह्रौं वर्षः *इजकिएल ३३-३४ः* विश्वासयोग्य नभएका शासकहरूलाई गरिएको हप्की ।

**१२)** राजा यहोयाकिनको निर्वासनको उही बाह्रौं वर्ष, अथवा बाह्रौं वर्ष र पच्चीसौं वर्षको बीचमा कुनै एक वर्षः *इजकिएल ३५ः* सेईर पहाड्को न्याय ।

**१३)** राजा यहोयाकिनको निर्वासनको उही बाह्रौं वर्ष, अथवा बाह्रौं वर्ष र पच्चीसौं वर्षको बीचमा कुनै एक वर्षः *इजकिएल ३६-३९ः* सान्त्वनाका दर्शनहरू; गोग परास्त भएको ।

**१४)** राजा यहोयाकिनको निर्वासनको पच्चीसौं वर्षः *इजकिएल ४०-४८ः* मन्दिरको विषयमा दिइएको दर्शन ।' [3)]

इजकिएलले कसरी परमेश्वरको वचन बेबिलोन र यहूदाको बीचमा भएका धेरै माइलहरूको दूरी पार प्रचार गर्न सके, उनको यस क्षमताको विषयमा हामी स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट निम्न टिप्पणी पेश गर्छौंः

'यस पुस्तकको विषयमा उठेका समस्याहरूमध्ये एउटा समस्याचाहिँ यो होः बेबिलोनमा निर्वासित भएर बसेका इजकिएलले टाढ़ा यरूशलेममा बसेका मानिसहरूकहाँ कसरी सेवा पुऱ्याए होलान् ? यसको विषयमा अनुमान गरिन्छ, कि कैदमा लगिएकाहरू आफ्नो मातृभूमिका मानिसहरूसँग सञ्चार कायम राख्न स्वतन्त्र थिए । अनि बेबिलोनले बीचका इलाकाहरू आफ्नो राज्यमा गाभेको र चारैतिर शान्ति भएको हुनाले अबचाहिँ खबरहरू ओहोर-दोहोर गर्न अघिको समयमा भन्दा धेरै सहज भएको थियो । यसैले यरूशलेममा पठाउन लागेको सन्देशवाहकको निम्ति इजकिएलको प्रतीकात्मक क्रियाकलाप आफ्नै शब्दहरूले वर्णन गर्न सजिलो थियो; उसले मौखिक सन्देश बोकेर लानुपरेन, जुन सन्देश उसको सम्भनाबाट हराउन सम्भव हुनेथियो; अनि उसले लिखित सन्देश पनि बोक्नुपरेन, जुन सन्देशले बेबिलोनका अधिकारीहरूको ध्यान आकर्षण गर्न सक्नेथियो ।'

# रूपरेखाः

**खण्ड १) इजकिएल १ः१-३ः२१ः इजकिएलको बोलावट र नियुक्ति**

**क) इजकिएल १ः१-३ः** इजकिएलका परिस्थितिहरू

**ख) इजकिएल १ः४-२८[क]ः** सिंहासनरूपी रथमा सवार हुनुभएको परमेश्‍वरको महिमाको विषयमा इजकिएलले पाएको दर्शन

**ग) इजकिएल १ः२८[ख]-३ः२१ः** इस्राएलीहरूलाई भविष्यवाणी गर्ने इजकिएलको नियुक्ति

- **अ) इजकिएल १ः२८[ख]-२ः७ः** मानिसहरूको चरित्रः तिनीहरू विद्रोही थिए
- **आ) इजकिएल २ः८-३ः३ः** सन्देशको मुख्य विषयः न्याय; पुस्तकको मुठामा लेखिएमुताबिक न्याय तिनीहरूमाथि आइपर्नेथियो
- **इ) इजकिएल ३ः४-११ः** मानिसहरूको चरित्रः तिनीहरू निर्दयी र कठोर हृदय भएकाहरू थिए
- **ई) इजकिएल ३ः१२-२१ः** पहरेदार हुनु भविष्यवक्ताको कर्तव्य थियो

**खण्ड २) इजकिएल ३ः२२-२४ः२७ः यहूदा र यरूशलेममाथि आइपर्ने न्याय चित्रण गरिएको**

**क) इजकिएल ३ः२२-५ः१७ः** आउन लागेको न्यायको विषयमा वस्तुगत पाठको रूपमा प्रयोग गरिएका सामग्रीहरू

- **अ) इजकिएल ३ः२२-२७ः** परमेश्‍वरले इजकिएललाई उनले बोल्ने आदेश नपाएसम्म लाटो हुने बहाना गर्ने आज्ञा दिनुभयो
- **आ) इजकिएल ४ः** यरूशलेमको घेराबन्दी इँटाद्वारा चित्रण गरिएको
- **इ) इजकिएल ५ः** धारिलो छुरी र केश प्रयोग गरेर उनले मानिसहरूको भाग्य भविष्यवाणी गरेको

**ख) इजकिएल ६ः** मूर्तिपूजाको विनाश हुनेथियो र बाँकी रहेका यहूदीहरूको संरक्षण हुनेथियो

**ग) इजकिएल ७ः** बेबिलोनी सेनाको आक्रमण नजिक थियो र गम्भीर थियो

**घ) इजकिएल ८ः** मन्दिरमा घोर मूर्तिपूजा गरिएको दर्शन

**ङ) इजकिएल ९ः** परमेश्‍वरको उपस्थिति हटेको र फलस्वरूप मूर्तिपूजकहरूको विनाश भएको

**च) इजकिएल १०ः** न्यायको साथ यरूशलेमलाई भेट्न आउनुहुने परमेश्‍वरको महिमाको दर्शन

**छ) इजकिएल ११ः१-१३ः** दुष्ट शासकहरूको सल्लाह खण्डन गरिएको

**ज) इजकिएल ११ः१४-२१ः** बाँकी रहेका यहूदीहरूलाई संरक्षण गर्नेछु भन्ने प्रतिज्ञा गरिएको

**झ) इजकिएल ११ः२२-२५ः** महिमाको बादल हटेर जैतुनको डाँड़ामा सरेको

**ञ) इजकिएल १२ः** आउन लागेको निर्वासनको विषयमा इजकिएलले प्रयोग गरेका सङ्केतहरू

**अ) इजकिएल १२ः१-१६ः** उनका सरसामानहरू

**आ) इजकिएल १२ः१७-२८ः** उनी थरथर कामेको

**ट) इजकिएल १३ः** झूटा अगमवक्ताहरू र झूटा अगमवादिनीहरूको विनाश

**ठ) इजकिएल १४ः** मूर्तिपूजा गर्ने बूढ़ा प्रधानहरूलाई परमेश्वरले दिनुभएको धम्की

**ड) इजकिएल १५ः** फलरहित दाखको बोटको दृष्टान्त

**ढ) इजकिएल १६ः** यरूशलेमको विवाह भएको दृष्टान्त

**ण) इजकिएल १७ः** दुईवटा चीलहरूको दृष्टान्त

**त) इजकिएल १८ः** अमिलो अङ्गुरको दृष्टान्त खण्डन गरिएको

**थ) इजकिएल १९ः** यहूदाका अन्तिम राजाहरूको निम्ति गरिएको विलाप

**द) इजकिएल २०ः१-३२ः** इस्राएली जातिसँगको परमेश्वरको व्यवहार बिलकुल सही थियो भनेर पुष्टि गरिएको

**अ) इजकिएल २०ः१-९ः** मिस्र देशमा उहिले तिनीहरूले मूर्तिपूजा गरेका थिए

**आ) इजकिएल २०ः१०-१७ः** तिनीहरूले परमेश्वरका विश्रामदिनहरू अपवित्र तुल्याएका थिए

**इ) इजकिएल २०ः१८-२६ः** तिनीहरूले उजाड़स्थानमा विद्रोह गरेका थिए

**ई) इजकिएल २०ः२७-३२ः** इस्राएलीहरूले घोर मूर्तिपूजा गरेका थिए

**न) इजकिएल २०ः३३-४४ः** अन्तमा तिनीहरूको पुनर्स्थापना हुनेछ भन्ने विषयमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको

**प) इजकिएल २०ः४५-२१ः३२ः** चाँड़ै आउन लागेको आक्रमणको निम्ति प्रयोग गरिएका चित्रहरू

**अ) इजकिएल २०ः४५-४९ः** परमप्रभुले दक्षिण वनमा लगाउनुभएको आगो यसको निम्ति एउटा सङ्केत-चिन्ह थियो

**आ) इजकिएल २१ः१-१७ः** परमप्रभुले तरवार थुत्नुभएको कुरा यसको निम्ति अर्को सङ्केत-चिन्ह थियो

**इ) इजकिएल २१ः१८-३२ः** दोबाटोमा लगाइएको सड़क-चिन्हचाहिँ यसको निम्ति अर्को सङ्केत-चिन्ह थियो

**फ) इजकिएल २२ः** यरूशलेमको अशुद्धताको विषयमा दिइएका तीनवटा दिव्य वाणीहरू

**ब) इजकिएल २३ः** दुईजना दिदीबहिनीको दृष्टान्त, जो वेश्याहरू थिए

**अ) इजकिएल २३ः१-१०ः** दिदी ओहोला

**आ) इजकिएल २३ः११-२१ः** बहिनी ओहोलिबा

**इ) इजकिएल २३ः२२-३५ः** बेबिलोनीहरूको आक्रमण

**ई) इजकिएल २३ः३६-४९ः** ओहोला र ओहोलिबाको न्याय

**भ) इजकिएल २४ः१-१४ः** उम्लिरहेको कराहीको दृष्टन्त

**म) इजकिएल २४ः१५-२७ः** इजकिएलकी पत्नीको मृत्यु एउटा चिन्ह भएको

**खण्ड ३) इजकिएल २५-३२ः सातवटा अन्यजाति राष्ट्रहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू**

**क) इजकिएल २५ः१-७ः** अम्मोनको विरुद्धमा गरिएको भविष्यवाणी

**ख) इजकिएल २५:८-११:** मोआबको विरुद्धमा गरिएको भविष्यवाणी

**ग) इजकिएल २५:१२-१४:** एदोमको विरुद्धमा गरिएको भविष्यवाणी

**घ) इजकिएल २५:१५-१७:** पलिस्ती देशको विरुद्धमा गरिएको भविष्यवाणी

**ङ) इजकिएल २६:१-२८:२९:** टायरको विरुद्धमा गरिएको भविष्यवाणी

**अ) इजकिएल २६:** टायरको विनाशको विषयमा गरिएको भविष्यवाणी

**आ) इजकिएल २७:** टायरको विषयमा गाइएको विलाप-गीत

**इ) इजकिएल २८:१-१९:** टायरका शासकको पतन

**च) इजकिएल २८:२०-२६:** सिडोनको विरुद्धमा गरिएको भविष्यवाणी

**छ) इजकिएल २९-३२:** मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी

**अ) इजकिएल २९:** फाराओ र तिनको प्रजाको विरुद्धमा गरिएको आम-धम्की

**आ) इजकिएल ३०:१-१९:** मिस्र देशको विनाशको निम्ति गरिएको विलाप

**इ) इजकिएल ३०:२०-३१:१८:** फाराओको पतनको विषयमा गरिएको भविष्यवाणी

**ई) इजकिएल ३२:** फाराओ र मिस्र देशको निम्ति गरिएको विलाप

**खण्ड ४) इजकिएल ३३-३९: इस्राएली जातिको पुनर्स्थापना र यसका शत्रुहरूलाई दिइने दण्ड**

**क) इजकिएल ३३:** पहरेदारको रूपमा भविष्यवक्ता इजकिएलको पुनर्नियुक्ति

**ख) इजकिएल ३४:** झूटा गोठालाहरू र असल गोठालो

**ग) इजकिएल ३५:** एदोमको विनाश

**घ) इजकिएल ३६:** इस्राएल देश र यसका मानिसहरूको पुनर्स्थापना

**ङ) इजकिएल ३७:१-१४:** सुकेका हड्डीहरूको बेंसीको दर्शन

**च) इजकिएल ३७:१५-२८:** इस्राएल र यहूदाको पुनर्मिलन

**छ) इजकिएल ३८-३९:** इस्राएली जातिका भावी शत्रुहरूको विनाश

**खण्ड ५) इजकिएल ४०-४८: ख्रीष्टको हजार वर्षको राज्यका केही दृश्यहरू**

**क) इजकिएल ४०-४२:** ख्रीष्टको हजार वर्षको राज्यमा यरूशलेमको मन्दिर

**अ) इजकिएल ४०:१-४:** हातमा नाप्ने टाँगो भएको मानिसको दर्शन

**आ) इजकिएल ४०:५-१६:** मन्दिरको बाहिरी चोकको पूर्वको मूलढोका

**इ) इजकिएल ४०:१७-१९:** मन्दिरको बाहिरी चोक

**ई) इजकिएल ४०:२०-२७:** मन्दिरको बाहिरी चोकमा अझै अरू दुईवटा मूलढोकाहरू भएका

**उ) इजकिएल ४०:२८-३७:** मन्दिरको भित्री चोकमा भएका तीनवटा मूलढोकाहरू

**ऊ) इजकिएल ४०:३८-४३:** बलिहरूको निम्ति चलाइएका सामग्रीहरू

**ए) इजकिएल ४०:४४-४७:** पूजाहारीहरूको निम्ति निर्धारित भएका कोठाहरू

**ऐ) इजकिएल ४०:४८-४९:** मन्दिरको दलान

**ओ) इजकिएल** ४१:१-४: मन्दिरका पवित्रस्थान र महापवित्रस्थान

**औ) इजकिएल** ४१:५-११: मन्दिरमा भएका बगली-कोठाहरू

**अः) इजकिएल** ४१:१२: मन्दिरको पश्चिममा अवस्थित भएको एउटा भवन हुनेछ

**अअ) इजकिएल** ४१:१३-१५[क]: मन्दिरका नापहरू यी हुन्

**आआ) इजकिएल** ४१:१५[ख]-२६: मन्दिरभित्रका सजिसजावट र उपकारणहरू यी हुन्

**उउ) इजकिएल** ४२:१-१४: पूजाहारीहरूका कोठाहरू यी हुन्

**ऊऊ) इजकिएल** ४२:१५-२०: बाहिरी चोकका नापहरू यी हुन्

**ख) इजकिएल** ४३-४४: ख्रीष्टको हजार वर्षको राज्यमा परमेश्‍वरको आराधना-सेवा यस्तै गरिनेछ


**ग) इजकिएल** ४५-४६: ख्रीष्टको हजार वर्षको राज्यको प्रशासन यो हो

**घ) इजकिएल** ४७-४८: ख्रीष्टको हजार वर्षको राज्यको क्षेत्रफल यही हो

**अ) इजकिएल** ४७:१-१२: पानी निको हुनेछ

**आ) इजकिएल** ४७:१३-२३: देशको सिमाना यही हो

**इ) इजकिएल** ४८: देशको भागबन्डा गरिनेछ




इजकिएल एक अध्यायमा प्रस्तुत गरिएको दर्शनअनुसार लेखकले कल्पना गरेका
सिंहासनरूपी रथको नक्सा

# इजकिएलको पुस्तकको टिप्पणी


## खण्ड १
## इजकिएल १:१-३:२१:
## इजकिएलको बोलावट र नियुक्ति

### क) इजकिएल १:१-३: इजकिएलका परिस्थितिहरू

यस पुस्तकको शुरुमै थाहा लाग्छ, कि इजकिएल निर्वासनमा भइसकेका रहेछन्; किनकि उनलाई पहिलो निर्वासन-क्रममा बेबिलोनमा लगिएको थियो । तर यरूशलेमको विनाश हुनुभन्दा छ-सात वर्ष अगावै उनले यसको विषयमा भविष्यवाणी गरे । अनि हुन सक्छ, सायद इजकिएलको उमेर त्यस बेलामा तीस वर्ष भएको थियो होला, किनकि एक पदमा उनले 'तीसौं वर्ष'को कुरा गर्दैथिए । यस पुस्तकका पहिला चौबीसवटा अध्यायहरू यरूशलेमको पतन हुनुभन्दा अघि, तर पहिलो निर्वासन-क्रमपछि लेखिएका थिए ।

### ख) इजकिएल १:४-२८क: सिंहासनरूपी रथमा सवार हुनुभएको परमेश्वरको महिमाको विषयमा इजकिएलले पाएको दर्शन

पहिलो अध्यायको सन्दर्भचाहिँ निर्वासितहरूको बीचमा देखा परेको परमेश्वरको महिमाको दर्शन हो । शुरुमा इजकिएलले उत्तरबाट आइरहेको भयङ्कर भुमरी देखे । त्यसपछि उनले चारवटा जीवित प्राणीहरू देखे, जसमा हरेकका चारवटा अनुहारहरू थिए, एउटा सिंहको, एउटा गोरुको, एउटा चीलको र एउटा मानिसको अनुहार थिए;[4] अनि तिनीहरू हरेकका चारवटा पखेटाहरू थिए; अनि तिनीहरूका पाउ सीधा थिए, अनि तिनीहरूका पखेटाहरूमनि हातहरू थिए । ती जीवित प्राणीहरूचाहिँ सृष्टिका थोकहरूमा देख्न सकिने परमेश्वरका सद्‌गुणहरूको निम्ति अर्थात् उहाँको महिमा, उहाँको शक्ति, उहाँको वेगवानता र उहाँको बुद्धिको निम्ति प्रतीकहरू हुन् । अनि धेरै जातिका मानिसहरू छन्, जसले यस भुमरीरूपी बादलमाथि सवार हुनुभएको परमेश्वरलाई बिर्सेका छन्; तर उहाँचाहिँ यस सिंहासनमाथि विराजमान हुनुहुन्छ (इजकिएल १:२६-२८); किनभने तिनीहरूले सृष्टिकर्तालाई होइन, तर उहाँका सिर्जनात्मक सद्‌गुणहरूको पो पूजा गर्दैछन् । किनकि यस दिव्य दर्शनमा ती चारवटा प्राणीहरूका शिरदेखि मास्तिर एउटा आकाश थियो, र त्यस आकाशमाथि एउटा सिंहासन थियो; अनि महिमित परमप्रभु त्यस सिंहासनमाथि विराजमान हुनुहुन्थ्यो । अनि हरेक जीवित प्राणीको छेउमा एउटा चक्का थियो, अथवा एउटा चक्काको बीचमा अर्को चक्का भएकोजस्तै थियो; (हुन सक्छ, जाइरोस्कोपजस्तै, जहाँ एउटा चक्का अर्को



जाइरोस्कोप

चक्कासित त्यसको समकोणमा जड़िएको हुन्छ)। यसरी यस दर्शनले त्यो सिंहासनरूपी रथ प्रस्तुत गरेको छ, जसका चक्काहरू पृथ्वीमा गुड़े; अनि चारवटा जीवित प्राणीहरूले एउटा मञ्च बोकिराखेका थिए, जसमाथि परमेश्वरको सिंहासन खड़ा थियो। परमेश्वरले इजकिएललाई भविष्यवक्ताको सेवकाईको निम्ति बोलाउनुभन्दा अगाड़ि परमेश्वरको महिमाको यो दर्शन उनीकहाँ आयो।

अनि यही खण्डले मेरो मनमा श्री फ्रेड्रिक विलियम फाबरले रचेको निम्न अति सुन्दर भजनको सम्झना दिलायोः

ओहो, मेरा परमेश्वर, तपाईं कति अचम्मको हुनुहुँदो रहेछ !
तपाईंको वैभव कति उज्ज्वल हुँदो रहेछ !
ओहो, यस दिव्य दर्शनको प्रकाशको उज्यालोमा हेर्दा
तपाईंको कृपा-आसन कति सुन्दर हुँदो रहेछ !

हे अनन्त, अमर, अविनाशी प्रभु,
अनादिदेखि हजुरको भक्तिभय गरिएको छ;
दिनरात स्वर्गका यी प्राणीहरूले तपाईंको सामु
ढण्डवत् गरेका तपाईं !
अटुटसँग आराधना गरिनुभएको तपाईं !

हे येशूका पिता, तपाईंलाई प्रेम गरेको हाम्रो इनाम के हुने हो ?
तपाईंको सिंहासनको सामु दण्डवत् गरेर
तपाईंलाई नियाल्नु, अँ, तपाईंलाई नै नियालिरहनु नै
हाम्रो परमानन्द हुनेछ।

श्री फ्रेड्रिक विलियम फाबर

इजकिएलले यहाँ जे देखे, त्यसको स्पस्टीकरण उनले इजकिएल ४३ः३ पदमा गरे, जहाँ यस्तो लेखिएको छः *'अनि योचाहिँ मैले देखेको त्यो दर्शनजस्तो थियो, अँ, त्यो दर्शनजस्तो, जुनचाहिँ मैले त्यो शहर नाश गर्न आउँदा मैले देखेको थिएँ।'* अनि एन.के.-जे.वी.को पार्श्यको टिप्पणीअनुसार 'जुन दर्शनचाहिँ मैले उहाँ[5] त्यो शहर नाश गर्न आउनुहुँदा देखेको थिएँ।' यसो हो भने, अर्को शब्दमा भन्नु हो भने, यस दर्शनले परमेश्वरलाई, जो यरूशलेमको न्याय गर्न उत्तरबाट आउँदै हुनुहुन्थ्यो, उहाँको महिमामा प्रस्तुत गर्‍यो; अनि यसमा बेबिलोनीहरूचाहिँ उहाँको न्याय पूरा गर्ने माध्यम थिए।

### ग) इजकिएल १ः२८ख-३ः२१ः इस्राएलीहरूलाई भविष्यवाणी गर्न इजकिएलको नियुक्ति

#### अ) इजकिएल १ः२८ख-२ः७ः मानिसहरूको चरित्रः तिनीहरू विद्रोही थिए

यस खण्डमा परमप्रभुको आत्मा इजकिएलभित्र पस्नुभएको र उहाँले उनलाई उनका खुट्टाहरूमा उभ्याउनुभएको बयान छ; अनि उहाँले उनलाई यहूदा, एउटा विद्रोही जातिलाई भविष्यवाणी गर भन्ने आज्ञा गर्नुभयो; तिनीहरूले सुनून् वा नसुनून्, यसको कुनै पर्बाह थिएन। उनी निडर र आज्ञाकारी हुनु थियो।

परमप्रभुले इजकिएललाई उनको कार्यभार सुम्पिदिनुभयो; यसो हुँदा उहाँले उनलाई 'हे मानिसको छोरा'[6] भनेर सम्बोधन गर्नुभयो। अनि यो महत्त्वपूर्ण शब्द इजकिएलको पुस्तकमा नब्बे पल्ट उनको निम्ति प्रयोग गरिएको छ। श्री जोह्न बी. टेलरले यो शब्द किन प्रयोग गरिएको छ, सो स्पष्ट पारेका छन्ः

'जुन दुईवटा शब्दहरू लिएर परमेश्वरले इजकिएललाई सम्बोधन गर्नुभयो, ती पहिला शब्दहरूले भविष्यवक्तालाई महामहिमको सामु, जसलाई उनले यस दर्शनमा देखे, उनको सठीक स्थानमा राख्छन्। 'मानिसको छोरा'चाहिँ एउटा हिब्रू

मुहावरा हो; यस मुहावराले इजकिएलको महत्त्वहीनता वा मानवतामाथि जोड़ दिन्छः उनी केवल एउटा मानिस थिए। 'छोरा' भन्ने शब्द यहाँ 'स्वभावमा सहभागी'को अर्थ लिन्छ। अनि 'आदम' वा 'मानिस'सँग छोरा वा स्वभाव भन्ने शब्द जोड़िँदा यसको अर्थ 'मानिसको सन्तान' अथवा 'स्वभावअनुसार पूरापूर मानव' निस्कन्छ। अनि यी शब्दहरू बहुवचनमा राखिँदा यिनको साधारण अर्थ 'मानव जाति' हुँदो रहेछ।' 7)

अनि दानियलको समयमा 'मानिसको पुत्र' भन्ने शब्द मसीहको निम्ति प्रयोग गरिन्थ्यो (दानियल ७:१३-१४); अनि इस्वी संवत्‌को पहिलो शताब्दीमा यो शब्द केवल मसीहको परिभाषा गर्नको निम्ति प्रयोग गरिने नाम भयो, जसरी श्री जोह्न बी. टेलरले टिप्पणी गरेका छन्ः

'हाम्रा प्रभु येशूले आफ्नो निम्ति यो नाम प्रयोग गर्नुहुन्थ्यो; यसो गर्दा उहाँले यस शब्दको सरल अर्थ र मसीहको निम्ति प्रयोग गरिएको पारिभाषिक अर्थको बीचमा भएको अस्पष्टताबाट फाइदा उठाउनुभएको जस्तै देखिन्छ। उहाँले किन यस्तो गर्नुभयो ? एक प्रकारले उहाँले खुला रूपमा आफूलाई मसीह हुँ भन्ने दाबी गर्नुभएको दोष उहाँलाई नलागोस् भन्ने हेतुले उहाँले यसो गर्नुभयो होला; अनि अर्को प्रकारले उहाँले ती मानिसहरूलाई रोक्न चाहनुभएन, जसले उहाँको व्यक्तित्वमा भएको तात्पर्य के हो, यसको पूरा महत्त्व के हो, सो जान्दथिए अनि यो स्वीकार गर्न र मान्न खोज्दथिए; किनकि तिनीहरूसँग यसको निम्ति चाहिएको आत्मिक अन्तर्दृष्टि थियो'।8)

### आ) इजकिएल २:८-३:३ः सन्देशको मुख्य विषयः न्याय; पुस्तकको मुठामा लेखिएमुताबिक न्याय तिनीहरूमाथि आइपर्नेथियो

**इजकिएल २:८-१०ः** त्यसपछि उनले एउटा पुस्तकको मुठा खाने आज्ञा पाए, जुन पुस्तकको मुठामा यस जातिमाथि आइपर्न लागेका दुःखदायी न्यायहरू लेखिएका थिए।

उनलाई उनको सेवकाई लोकप्रिय हुनेछैन भन्ने पूर्वजानकारी दिइएको थियो। अनि हामीलाई पनि अघिबाट चेताउनी दिइएको छ कि ख्रीष्टको सुसमाचारको प्रचार मुक्ति नपाएका मानिसहरूको निम्ति रोषकारी हुन्छ। अनि मुक्तिको सुसमाचारलाई 'क्रूसको ठक्कर' भनेर चिनिन्छ। अँ, कति मानिसहरूको निम्ति हामी मृत्युको दुर्गन्ध हुँदा रहेछौं।

**इजकिएल ३:१-३ः** यस आज्ञाअनुसार इजकिएलले त्यो पुस्तकको मुठा खाए। पछि एक समयमा 'प्रकाशको पुस्तक लेखिदिने यूहन्ना' नामक भविष्यवक्ताले पनि यस्तै गर्नेथिए (प्रकाश १०:८-१०)। यसकारण बुझ्नुहोस्ः हरेक भविष्यवक्ता र प्रचारकले आफूले प्रचार गर्नुपर्ने सन्देश आत्मसात गरेर आफ्नो जीवनको एक अभिन्न अङ्ग तुल्याउनुपर्छ (यो कुरा इजकिएल ३:१० पदसित तुलना गर्नुहोस्)।

### इ) इजकिएल ३:४-११ः मानिसहरूको चरित्रः तिनीहरू निर्दयी र कठोर हृदय भएकाहरू थिए

तब परमेश्वरले दोहोर्‍याएर इजकिएललाई भन्नुभयोः उनलाई यस्ता मानिसहरूकहाँ पठाइनेथियो, जसले वचन सुन्दैनथिए; (याद रहोस्ः यहाँ यस खण्डमा यहूदालाई इस्राएल भनिएको छ)। धेरै मिशनेरीहरूले हामीलाई भनेअनुसार भाषाका अवरोधहरू पार गर्न सकिन्छ; तर विद्रोही हृदयरूपी अवरोध भने पार गर्न सकिँदैन। उनी निडर हुनु थियो; किनकि उनले इस्राएल देशमा रहेका यहूदीहरूलाई र बेबिलोनको कैदमा रहेकाहरूलाई वचन सुनाउनुपरेको थियो।

यसर्थ ख्रीष्ट येशूका साँचो सेवकहरूको मन सुदृढ़ हुनुपर्छ, तर तिनीहरूको हृदय कठोर हुनुहुँदैन।

### ई) इजकिएल ३ः१२-२१ः पहरेदार हुनु भविष्यवक्ताको कर्तव्य थियो

**इजकिएल ३ः१२-१५ः** तब परमप्रभुले इजकिएललाई उठाएर कबार नदीमा निर्वासित हुनेहरूकहाँ लैजानुभयो, अनि उनी तिनीहरूसँग सात दिनसम्म चुपचाप बसे। श्री काइल एम. येट्सले इजकिएलको अवस्था यसरी वर्णन गरेका छन्ः

> 'आफ्नो आरामदायी घर छोड़ेर तेल-अबीबमा बस्ने कैदीहरूकहाँ गएर तिनीहरूलाई प्रचार गर्ने बोलावट-चाहिँ इजकिएललाई मन नपरेको क्रमभङ्ग गर्ने कुरा लागेको हुनुपर्ला। उनले आफूमाथि परमेश्वरको हात रहेको अनुभव गरे र विरोध गर्न नसकिने खालको ईश्वरीय बाध्यता महसुस गरे; तर उनी आत्माको तीतोपनमा एउटा मन नपरेको कामतिर हिँड़े। धन्न, उनले तुरुन्तै प्रचार गर्न शुरु गरेनन्; यसमा उनी र मानिसहरू भाग्यमानी थिए। तर उनी एक हप्तासम्म विचलित मानिसहरूको बीचमा बसे। अनि त्यस अनुभवले उनलाई तिनीहरूका समस्याहरू, तिनीहरूका दुःखहरू र तिनीहरूका सख्त आवश्यकताहरूको विषयमा स्पष्ट सुबोध दिलायो। यसकारण बुझ्नुहोस्ः आफ्ना मानिसहरूको दृष्टिकोणले तिनीहरूको अवस्था देख्न सक्ने प्रचारकचाहिँ तिनीहरूलाई सहायता गर्न सक्षम हुन्छन्, अनि तिनले तिनीहरूलाई अत्यावश्यक परेको नेतृत्व तिनीहरूलाई प्रदान गर्न सक्छन्।' 9)

**इजकिएल ३ः१६-२१ः** पहरेदार हुनु इजकिएलको नियुक्ति थियो; परमेश्वरको वचन बोल्न र मानिसहरूलाई गम्भीर चेताउनी दिन उनको जिम्मेवारी थियो। रगतको दोष अर्थात् हत्याको गम्भीर दोषको शिक्षा पुरानो नियममा मात्र सिकाइँदैनथियो (३ः१८-२०), तर नयाँ नियममा पनि सिकाइएको छ (प्रेरित २०ः२६)। हो, परमेश्वरको सन्देशवाहकको जिम्मेवारी अति ठूलो छ; तर ख्रीष्ट-विश्वासी भाइबहिनीहरूहो, तपाईंले यो शिक्षा हददेखि बाहिर नलैजानुहुन अनुरोध गर्छु। किनकि हामीले सुसमाचार जबरजस्ती गरेर हरेक मानिसको घिच्रोमा खाँदी-खाँदी घुसार्नुहुँदैन, अनि लिफ्टमा चढ़ेको हरेक पल्ट मानिसहरूलाई आफ्नो गवाही दिनुपर्दैन। इजकिएलको जिम्मेवारी ठूलो थियो; तर परमेश्वरले उनलाई थुनामा राख्नुभयो, र उनी परमेश्वरले जुटाइदिनुभएका अवसरहरूको निम्ति पर्खनुपरेको थियो। हामीले पनि साक्षी दिने सिलसिलामा उहाँको अगुवाइप्रति विवेकशील हुनुपर्छ। किनकि कहिलेकाहीं हामी चुप लाग्नुपर्छ। तर हामो बीचमा प्रायः कुरा अर्कै छ; किनकि जब हामीले साक्षी दिनुपर्छ, तब हामीमध्ये धेरैजना भाइबहिनीहरू चुप रहेका रहेछन्।

# खण्ड २

# इजकिएल ३ः२२-२४ः२७ः

## यहूदा र यरूशलेममाथि आइपर्ने न्याय चित्रण गरिएको

### क) इजकिएल ३ः२२-५ः१७ः आउन लागेको न्यायको विषयमा वस्तुगत पाठको रूपमा प्रयोग गरिएका सामग्रीहरू

प्रेरित पत्रुसले के लेखे भने, परमेश्वरको घरबाट न्याय शुरु हुनुपर्छ (१ पत्रुस ४ः१७)। अनि यसकारण परमेश्वर यरूशलेमको मन्दिरबाट अर्थात् दिव्य प्रकाशमाथि स्थापित भएको धर्मको केन्द्रबाट आफ्नो न्याय शुरु गर्नुहुन्छ।

### अ) इजकिएल ३ः२२-२७ः परमेश्वरले इजकिएललाई उनले बोल्ने आदेश

**नपाएसम्म लाटो हुने बहाना गर्ने आज्ञा दिनुभयो**

पहिले इजकिएल निस्केर मैदानमा गए, जहाँ उनले परमप्रभुको महिमा देखे। त्यसपछि उनले आफ्नो घरमा जाने आज्ञा पाए, जहाँ उनलाई बाँधिनेथियो र उनले के भन्नुपर्नेथियो, सो कुरा परमेश्वरले उनलाई प्रकट नगरुन्जेल उनी त्यहाँ मौन रहनुपर्नेथियो।

### आ) इजकिएल ४ः यरूशलेमको घेराबन्दी इँटाद्वारा चित्रण गरिएको

**इजकिएल ४:१-८ः** यरूशलेमचाहिँ चट्टानको जगमाथि बसालिएको थियो र ढुङ्गाले निर्माण गरिएको शहर थियो। अनि माटोले बनेको इँटा वा टायलचाहिँ बेबिलोनको निम्ति एउटा प्रतीक थियो; (यो कुरा उत्पत्ति ११:३ र ९ पदसित तुलना गर्नुहोस्)। तर अब यरूशलेम आफ्नो नैतिकतामा र मूर्तिपूजा गरेकोमा बेबिलोनभन्दा पनि खराब र नीच भएको थियो (इजकिएल ५:७ पद हेर्नुहोस्)। यसकारण परमेश्वरले इजकिएललाई के आज्ञा गर्नुभयो भने, उनले एउटा इँटा र तावा लिएर यरूशलेमको घेराबन्दी चित्रण गर्नुपर्नेथियो; यसमा त्यस इँटाले यरूशलेम शहर सङ्केत गर्‍यो भने, फलामे तावाले चाहिँ त्यो फलामको पर्खाल चित्रण गर्‍यो, जुन पर्खालले यो शहर सबै सहायताबाट वञ्चित गर्नेथियो। यस दृष्टान्तरूपी पाठमा भविष्यवक्ताचाहिँ परमेश्वरको भूमिका निभाउने उहाँको प्रतिनिधि थिए। यसर्थ परमप्रभु आफूले यरूशलेम घेरामा हाल्नुभएको रहेछ। इजकिएलले आफ्नो देब्रेपट्टि इस्राएलको निम्ति तीनसय नब्बे दिन र दाहिनेपट्टि यहूदाको निम्ति चालीस दिन कोल्टो परेर सुत्नुपरेको थियो।

यस दृष्टान्तात्मक पाठमा कोल्टो परेर सुतेको हरेक दिनले एक वर्षको अर्थ लिन्छ; तर अहिलेसम्म यी दुईवटा अङ्कहरूको विषयमा सन्तोषजनक स्पष्टीकरण भएको छैन। सेप्टुवाजिन्ट नामक अनुवादले तीन सय नब्बे भन्ने सङ्ख्या एक सय नब्बेमा परिवर्तन गरेर यो समस्या समाधान गर्न खोज्यो; तर के गर्ने? यस प्रकारको परिवर्तन गर्न यो कुरा समर्थन गर्ने हिब्रू पाण्डुलिपिहरू छैनन्। हाम्रो अर्को प्रश्न रहेको छ, जसको उत्तर हामीले पाएका छैनौं: के इजकिएल वास्तवमा यी दुईवटा अवधिहरूभरि दिनरात आफ्नो देब्रे-दाहिने कोल्टो परेर सुते त? किनकि धेरै टिप्पणीकारहरू छन्, जसले के सुझाउ दिन्छन् भने, यो एउटा वस्तुगत पाठ भएको हुनाले उनले यी तोकिएका दिनहरूको हरेक दिउँदोमा यसो गरे, जुन समयमा मानिसहरूले उनलाई यसो गरेका देख्न सके अरे।

**इजकिएल ४:९-१७ः** यी पदहरूमा घेराबन्दीको खातिर यरूशलेमका मानिसहरूमाथि आइपरेको अनिकालको कुरा गरिन्छ; अनि त्यस बेलामा खानेकुरा र पिउने पानी सीमित मात्रामा पाइन्थ्यो। अनि शुरुमा उनलाई खाना पकाउन मानिसको मल इन्धनको रूपमा प्रयोग गर्ने आदेश दिइयो, तर त्यसपछि उनको खाना पकाउने इन्धनचाहिँ चल्ती भएको गाईको गोबरमा बदली गर्न दिइयो। यस अध्यायको रङ्गरूप र चित्रभाषाचाहिँ घेराबन्दी, बेचैन, कष्ट र भोक, साथै अशुद्धताको चित्र थियो; यो सबको सब यहूदाका मानिसहरूको पाप र तिनीहरू परमेश्वरबाट पछि हटेको प्रतिफल थियो।

### इ) इजकिएल ५ः धारिलो छुरी र केश प्रयोग गरेर उनले मानिसहरूको भाग्य भविष्यवाणी गरेको

**इजकिएल ५:१-९ः** अर्को वस्तुगत पाठमा इजकिएलले के देखाए भने, यस शहरको एक तिहाइ मानिसहरू आगोरूपी महामारी वा अनिकालले मर्नेथिए (२ पद), अनि अर्को एक तिहाइ मानिसहरू छुरीरूपी तरवारद्वारा

मारिनेथिए, अनि फेरि अर्को एक तिहाइ मानिसहरूचाहिँ अरू देशहरूमा तितरबितर हुनेथिए (यो कुरा ५ः२ र १२ पदसित तुलना गर्नुहोस्) । अनि बाँकी रहेका यहूदीहरू जोगिन त जोगिनेथिए; तर ती मानिसहरूमध्ये पनि कोही-कोही नष्ट हुनेथिए (इजकिएल ५ः३ र ४) । हुन सक्छ, यसको सन्दर्भ तिनीहरू थिए होलान्, जसलाई इश्माएलले गदल्याहको हत्या गर्दा मारे (यर्मिया ४१) । यी विपत्तिहरू यरूशलेममाथि आइपर्नेथिए; किनभने यहूदाका मानिसहरूका सौभाग्यहरू अन्यजातिका मानिसहरूका भन्दा ठूला थिए, तर तिनीहरूले आफ्नो वरिपरिका जातिहरूका भन्दा धेरै दुष्ट कामहरू गर्दथिए ।

अनि हामी ख्रीष्ट-विश्वासीहरूको विषयमा कसो हो ? किनकि हामी इसाईहरूका सौभाग्यहरू यहूदीहरूका भन्दा अझ पनि महान् छन् । प्रभुले हामीलाई अनुग्रह दिऊन्, र हामीले ती सौभाग्यहरूको दुरुपयोग नगरेका हौं । नत्र ता हामीले यसरी यस नरलोकमा आफूमाथि परमेश्वरको न्याय निम्त्याउनेथियौं र परलोकमा अनन्त इनामहरू घुमाउनेथियौं ।

**इजकिएल ५ः१०-१७ः** त्यस बेलामा यरूशलेमका मानिसहरूको बीचमा नरभक्षण व्यापक हुनेथियो (१० पद) । यरूशलेमको मन्दिर अशुद्ध पारिएको हुनाले परमेश्वरले मानिसहरूलाई दया गर्नुहुनेथिएन (५ः११-१३) । अनि यहूदीहरू अन्यजातिहरूको बीचमा घृणित हुनेथिए अनि हिंसा र विनाशको शिकार हुनेथिए (५ः१४-१७) ।

## ख) इजकिएल ६ः मूर्तिपूजाको विनाश हुनेथियो र बाँकी रहेका यहूदीहरूको संरक्षण हुनेथियो

**इजकिएल ६ः१-७ः** यहाँ इस्राएलका पहाड़हरूको सन्दर्भ मूर्तिपूजा हुनेथियो; किनकि प्रायः यी पहाड़हरूमाथि तिनीहरूले मूर्तिहरूको निम्ति डाँड़ाका थानहरू बनाउने गर्थे । यसकारण देशले यसको मूर्तिपूजाको खातिर दण्ड भोग्नेथियो ।

**इजकिएल ६ः८-१४ः** तर बाँकी रहेका यहूदीहरूलाई जोगिनेथियो; अनि यी मानिसहरूले आफ्नो कैदमा परेको अवस्थामा परमप्रभुलाई सम्झनेथिए र आफ्ना घृणित कामहरूको खातिर आफूलाई घृणा गर्नेथिए (६ः८-१०) । किनकि मूर्तिपूजाले मानिसहरूमाथि तरवार, अनिकाल र महामारीको दण्ड निम्त्याउनेथियो (६ः११-१४) ।

अनि हरेक युगमा परमेश्वरले आफ्नो निम्ति एउटा बाँकी रहेको भागरूपी साक्षी कायम राख्नुहुन्छ । अनि त्यो साक्षी कुनै नैतिक बहुमत हुने होइन, तर सधैं एउटा तुच्छ गनिएको अल्प सङ्ख्या पो हो ।

## ग) इजकिएल ७ः बेबिलोनी सेनाको आक्रमण नजिक थियो र गम्भीर थियो

**इजकिएल ७ः१-१८ः** यहूदीहरूमाथि परमेश्वरको न्याय आइपर्ने समय आइसकेको थियो; अनि त्यो न्याय प्रहार गर्ने व्यक्ति परमप्रभु स्वयम् हुनुहुन्थ्यो भन्ने कुराको विषयमा कुनै शङ्का छैन (७ः१-१३) । लड़ाइँको निम्ति आह्वान दिइनेथियो, तर कसैले पनि जवाफ दिनेथिएन, अँ, कोही पनि लड़ाइँमा जानेथिएन; किनकि भयानक विनाशको खातिर मानिसहरूमा साहस र बल हुनेथिएन (७ः१४-१८) ।

**इजकिएल ७ः१९-२२ः** यस हालतमा सुन र चाँदीजस्तै भौतिक धनको के काम ? (१९ पद) । किनकि यस शहरको गहनाको सुन्दरता, जुनचाहिँ यरूशलेमको मन्दिर थियो, मूर्तिहरूद्वारा अशुद्ध पारिएको थियो; यसकारण त्यो परदेशीहरूको हातमा अर्थात् बेबिलोनीहरूको हातमा सुम्पिइनेथियो । तिनीहरूले त्यसलाई लुट्नेथिए र त्यसलाई अशुद्ध पार्नेथिए (७ः२०-२२) ।

**इजकिएल ७ः२३-२७ः** सबै वर्गका मानिसहरू यस विनाशबाट प्रभावित हुनेथिए, जस्तैः राजा, शासकहरू, भविष्यवक्ताहरू, पूजाहारीहरू, बूढ़ा प्रधानहरू र देशका मानिसहरू। जनताका मानिसहरू परमेश्वरको निम्ति गवाही हुनुपरेको थियो; तर तिनीहरू यसो गर्न पूरा असफल भए। अब परमेश्वरलाई साक्षी दिन सक्ने एकमात्र कुराचाहिँ न्याय थियो; कत्रो गम्भीर विचार ! न्याय व्यापक र सर्व-समावेशी हुनेथियो; किनभने न्याय सबै वर्गका मानिसहरूमाथि र सारा देशमाथि आइपर्नेथियो। यसकारण बुझ्नुहोस्ः परमेश्वरको ज्ञान अस्वीकार गर्ने जुनै पनि जातिले आफ्नो नैतिक बल गुमाउँछ, र त्यसमाथि समस्या आइपर्दाखेरि त्यसलाई मद्दत गर्न त्यसको कुनै साधन हुँदैन, त्यसको कुनै उपाय छैन। अनि यो कुरा एक-एक व्यक्तिमा पनि सत्य ठहरिन्छ।

### घ) इजकिएल ८ः मन्दिरमा घोर मूर्तिपूजा गरिएको दर्शन

**इजकिएल ८ः१-६ः** जुन न्याय बूढ़ा प्रधानहरूले रोकथाम गर्न सहायता दिनुपरेको थियो, तर उनीहरू यसो गर्नमा असफल भए, त्यस न्यायको निम्ति उनीहरू अब गवाही बस्नुपरेको थियो। अनि यस्तो कुरा वर्तमान समयमा पनि प्रायः हुँदो रहेछ।

अनि दर्शनहरूमा परमप्रभुले इजकिएललाई बेबिलोनबाट यरूशलेममा लैजानुभयो। अनि त्यहाँ उनले मानिसहरूको बीचमा घोर मूर्तिपूजा गरेका केही घिनलाग्दा उदाहरणहरू देखे। किनकि मन्दिरको मूलढोकामा, त्यसको पस्ने ठाउँमा परमप्रभुको मनमा डाहा र जलन पैदा गर्ने एउटा घृणित मूर्ति थियो।

**इजकिएल ८ः७-१५ः** अनि भविष्य-वक्ताले मन्दिरको चोकमा देखेको दोस्रो कुरा के थियो भने, यहूदाका बूढ़ा प्रधानहरू त्यहाँ भेला भएका थिए; तिनीहरूमध्ये हरेकको हातमा एक-एक धूपौरा थियो। अनि तिनी-हरूले वरिपरिका भित्ताहरूमा घिनलाग्दा पशुहरूका नक्साहरू पूजा गरिरहेका थिए।

अनि तेस्रो दृष्टिस्थल उत्तरीय मूलढोका थियो; त्यहाँ स्त्रीहरू बेबिलोनी देवता तम्मूजको निम्ति रोइरहेका थिए, जसको मृत्युले गर्दा वनस्पति-जगत् सुकेको अन्धविश्वास गरिन्थ्यो।

**इजकिएल ८ः१६-१८ः** मूर्तिपूजा गरेको चौथो उदाहरणचाहिँ मन्दिरको भित्री चोकमा पाइयोः त्यहाँ लगभग पच्चीसजना पुरुषहरू थिए; यिनीहरूले पूजाहारीहरूको भूमिका खेल्दैथिए; यिनीहरूले सूर्यको पूजा गर्दैथिए र त्यस मतका अश्लील क्रियाकलापहरू अनुसारण गर्दैथिए। अब सत्र पदको कुरा आयोः *'हेर, तिनीहरू त्यो हाँगा आफ्नै नाकमा राख्छन्;'* यस वाक्यमा 'हाँगा' वा 'मुना'को सन्दर्भ के हुने हो, सो स्पष्ट छैन। तर नाकमा हाँगा राख्नाले परमेश्वरको अपमान वा तिरस्कार गरेको देखिन्छ। अनि हुन सक्छ, त्यो हाँगा पुरुषको लिङ्गको अश्लील प्रतीक थियो होला त नि।

अनि कुरा प्रायः यस्तै छः मुक्ति नपाएका धार्मिक अगुवाजनहरू ती मानिसहरू हुन्, जोचाहिँ आफ्नो भक्तिहीन व्यवहारद्वारा र आफ्ना विधर्मका लाजमार्दा शिक्षाहरूद्वारा खबरकागज र अन्य मेडियाहरूमा मुख्य समाचारको विषयवस्तु बनेका छन्; तर परमेश्वर यो देख्नुहुन्छ, र अन्तिम फैसला उहाँको हुनेछ।

### ङ) इजकिएल ९ः परमेश्वरको उपस्थिति हटेको र फलस्वरूप मूर्तिपूजकहरूको विनाश भएको

**इजकिएल ९ः१-२ः** यस अध्यायमा छजना जल्लादहरू उत्तरबाट आउँदै गरेका देखिन्छ, जसले अघिल्लो अध्यायमा भएका

मूर्तिपूजकहरूलाई नष्ट गर्नुपरेको थियो; अनि उत्तरचाहिँ त्यो दिशा थियो, जहाँबाट बेबिलोनीहरू आउनेथिए। अनि मलमलको वस्त्र पहिरेको मानिसले परमेश्‍वरको अनुग्रह सङ्केत गर्ला।

**इजकिएल ९:३:** अनि जुन महिमाको बादलले परमेश्‍वरको उपस्थिति सङ्केत गर्छ, यस बादलले मन्दिरको महापवित्रस्थान छोड्दैथियो, किनकि परमप्रभु मानिसहरूको मूर्तिपूजाले गर्दा शोकित हुनुहुन्थ्यो। अनि यो महिमाको बादल ठाउँ सर्दै परमप्रभुको भवनको सँघारमा आइपुग्यो, जहाँ यसको चमकले मन्दिरको चोक भर्‍यो।

**इजकिएल ९:४:** अनि जुन यहूदीहरू विश्‍वासयोग्य थिए, र जसले मूर्तिपूजाको घोर विरोध गर्दैथिए, तिनीहरूको निधारमा एउटा चिनो लगाइयो, यस हेतुले कि तिनीहरू नमारिऊन्। यस पदले हामीलाई चुनौती दिएको हुनुपर्छ। मानौं केही मानिसहरू छन्, जो प्रभु येशूको पछि लाग्दैनन्। यी मानिसहरूप्रति हाम्रो प्रतिक्रिया केजस्तो हुन्छ होला? के हामी तिनीहरूसँग मिल्छौं? के तिनीहरूले हामीलाई प्रभाव पारेका छन्? के हामीले तिनीहरूलाई निर्दोष ठहराएका छौं? के हामी तिनीहरूको आत्मिक अवस्थासित केही पर्वाह राख्दैनौं? यी विश्‍वासयोग्य पुरुषहरू र स्त्रीहरूले सुस्केरा हाले, र रोए; उनीहरूको हृदयमा के-के थियो, सो कुरा यस प्रकारको प्रतिक्रियाले देखाइदियो र यसले उनीहरूलाई न्यायमा पर्नबाट जोगायो।

अनि उनीहरूको निधारमा लगाइएको चिन्ह वा चिनोचाहिँ हिब्रू वर्णमालाको 'ताउ' नामक अन्तिम अक्षर थियो; अनि रब्बीहरूको भनाइअनुसार 'ताउ' नामक अक्षरको अर्थ पूर्णता हो। अनि ताउचाहिँ 'तोरा'को पहिलो अक्षर पनि हो; तोरा मोशाको व्यवस्थाको निम्ति त्यसको हिब्रू नाम हो। श्री चार्ल्स ली फाइनबेर्गले के भनेका छन् भने, 'यहाँको खण्डमा जे लेखिएको छ र प्रकाश ७:१-३ पदको खण्डमा लेखिएको कुराको बीचमा उल्लेखनीय समानता छ।'[10] उक्त कुराको सम्बन्धमा तिनले निम्न कुरामा एउटा आकर्षित समानता देखेर थपेका छन्, जुन समानता तिनले धेरै पछिको समयको उदाहरणबाट लिएका छन्, जस्तैः

> 'कति इसाई अनुवादकहरूले यस 'ताउ' अक्षरमा कताकतै क्रूसको चिन्हरूपी भविष्यवाणीसूचक सङ्केत पो देख्न सके; किनकि पुराना लेखहरूमा हिब्रू वर्णमालाको 'ताउ' नामक अन्तिम अक्षरले क्रूसको रूप लिएको थियो। तर इजकिएलले पक्का पनि यहाँ यस इसाई प्रतीकको विषयमा सोचेका थिएनन्; अनि यो खण्ड सीधा ख्रीष्टको क्रूसको भविष्यवाणीको रूपमा लिनु पनि हुँदैन। तर यो एउटा उल्लेखनीय संयोग हो।'[11]

**इजकिएल ९:५-७:** अबचाहिँ यी छजना जल्लादहरूले बूढ़ा प्राधानहरूबाट शुरु गरेर यी मूर्तिपूजकहरूलाई मार्न थाले। परमेश्‍वरले यिनीहरूलाई यसो भन्नुभयो: *'त्यो चिनो भएको कुनै पनि मानिसको नजिक नजाओ!'* ती चिन्ह लगाइएका मानिसहरूलाई त्यस चिनोको विषयमा थाहा थियो कि थिएन, सो कुरा हामी जान्दैनौं, तर वर्तमान समयमा जिउने ख्रीष्ट-विश्‍वासीहरूको विषयमा कुरा अर्को छः तिनीहरू न्यायबाट सुरक्षित छन् भन्ने कुरा परमेश्‍वरको वचनको आधारमा निश्‍चित रूपले जान्दछन्। तब विचार गर्नुहोस्: यस प्रकारको निश्‍चयता नभएकाहरूको हालत कति डरलाग्दो हुनुपर्ला! यसकारण छातीमाथि हात राखेर भन्नुहोस्: के तपाईंसँग परमेश्‍वरको न्यायबाट उम्कने निश्‍चयता छ?

**इजकिएल ९:८-११:** अनि जब इजकिएलले मानिसहरूको निम्ति अन्तर्विन्ती गरे, तब परमप्रभुले 'म तिनीहरूलाई छोड्नेछैनँ, तिनीहरूमाथि टिठाउनेछैनँ' भनेर भन्नुभयो। यी मानिसहरूको भनाइ के थियो? तिनीहरूले यसो भन्दैथिए: 'परमप्रभु

परमेश्वरले हामीलाई त्याग्नुभएको छ; तब उहाँ हाम्रो दुर्दशा कसरी देख्न सक्नुहुन्छ त?' यसकारण तिनीहरू उहाँप्रति विश्वासयोग्य किन बनिरहनु? ओहो, 'परमप्रभुले देख्नुहुन्न' भन्ने वाक्य कति आधुनिक सुनिन्छ!

यस खण्डबाट र बाइबलका अन्य खण्ड-हरूबाट हामीलाई के लाग्छ भने, भक्तिहीन मानिसहरूमाथि न्याय खन्याउनुभन्दा अघि साँचो विश्वासीहरूलाई छुटकारा दिनु नै परमेश्वरको एउटा विशेषता हो रहेछ। यसको अर्को उदाहरण नूह पनि हुन् (उत्पत्ति ६)।

### च) इजकिएल १०ः न्यायको साथ यरूशलेमलाई भेट्न आउनुहुने परमेश्वरको महिमाको दर्शन

एक अध्यायसँग दस अध्यायको नजिक सम्बन्ध रहेको छ। अनि यहाँ हामी सिंहासनरूपी रथको विषयमा, यी चारवटा जीवित प्राणीहरूको विषयमा र परमप्रभुको महिमाको विषयमा थप जानकारी पाउँछौं। (यहाँचाहिँ यी जीवित प्राणीहरूलाई करूबहरू भनिएका छन्)। तर एक अध्यायमा निर्वासितहरूलाई सम्बोधन गरिएको थियो भने, यहाँको सन्दर्भ यरूशलेममा बसेका विद्रोहीहरू थिए।

**इजकिएल १०ः१-२ः** परमप्रभुले मलमलको वस्त्र पहिरेको मानिसलाई 'आफ्ना हातहरूले करूबहरूको बीचबाट दन्किरहेका भुङ्ग्राहरू निकालेर यरूशलेममाथि छरिदेऊ' भन्ने आज्ञा दिनुभयो। यसको अर्थ यस प्रकारको थियोः परमेश्वरको न्याय यस शहरमाथि खनिन लागेको थियो।

**इजकिएल १०ः३-५ः** यी पदहरू कोष्ठक हुन्; किनभने यहाँ इजकिएल ९ः३ पदमा वर्णन गरिएको कुरा अर्थात् महिमाको बादल सरेको कुरा दोहोरिएको छ।

**इजकिएल १०ः६-१७ः** यी पदहरूमा यी करूबहरू र यस सिंहासनरूपी रथका चक्काहरूको विस्तृत विवरण दिइएको छ; तर यी कुराहरू कल्पना गर्न गाह्रो छ। अनि चौध पदमा करूबको अनुहारको कुरा आयोः हुन सक्छ, करूबको अनुहारचाहिँ गोरुको अनुहार थियो होला (इजकिएल १ः१०)।

**इजकिएल १०ः१८-१९ः** त्यसपछि महिमाको बादलचाहिँ सँघारबाट हटेर परमप्रभुको भवनको पूर्वपट्टिको मूलढोकामा सऱ्यो।

**इजकिएल १०ः२०-२२ः** त्यसपछि इजकिएलले जोड़ दिएः यी करूबहरूचाहिँ उनले एक अध्यायमा कबार नदीको किनारमा देखेका जीवित प्राणीहरू थिए।

यस दर्शनले हामीलाई के सिकाउँछ भने, हामीले आफ्ना परमेश्वरको भयानक अद्‌भुत शक्ति, उहाँको बुद्धि र उहाँको महिमाको सुबोध चेतना कहिल्यै पनि हराउनुहुँदैन।

### छ) इजकिएल ११ः१-१३ः दुष्ट शासक-हरूको सल्लाह खण्डन गरिएको

**इजकिएल ११ः१-३ः** यहाँ पच्चीसजना मानिसहरू छन्, जो शासकहरू थिए; अनि उनीहरूले शहरका मानिसहरूलाई 'तिमीहरू डराउनुपर्दैन' भन्ने सल्लाह दिएका थिए। मानिसहरूले सधैं झैं आफ्ना निर्माण-कार्यहरू अघि बढ़ाऊन्; किनकि तिनीहरू यस शहरमा फलामको कराहीमा भएको मासुजत्तिकै सुरक्षित थिए अरे। यसरी नै यी पच्चीसजना मानिसहरूले परमप्रभुको वचन सरासर काटि-हाले, जसले यसो भन्नुभएको थियोः 'यो निर्माण गर्ने समय नै होइन।' किनकि परमेश्वरले यर्मियाद्वारा आदेश दिनुभएको थियो कि निर्वासितहरूले बेबिलोनमा नै घरहरू निर्माण गरून्, किनभने यरूशलेम कब्जा हुनेथियो, र नाश हुनेथियो (यर्मिया २९ः४-११)। दुष्ट युक्ति रच्ने यी मानिसहरूले पत्रहरूद्वारा निर्वासितहरूको बीचमा मिथ्या आशाहरू जगाउने प्रयास गरे। परमेश्वरको

आगोरूपी न्याय भए पनि यरूशलेमका शासकहरूले आफूलाई यस शहरमा एकदमै सुरक्षित भएका ठान्थे ।

ठीक त्यस्तै गरी धेरै नामधारी इसाईहरू पनि छन्, जसले आफूलाई परमेश्वरको न्यायबाट सुरक्षित भएका ठान्छन्, तर तिनीहरूको जीवनमा पाप छँदैछ; यसकारण प्रभु येशूले तिनीहरूलाई भन्नुहुनेछः *'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ'* (मत्ती ७:२३) ।

**इजकिएल ११:४-१२:** 'तिमीले तिनीहरूको दृष्टान्तमा फरक अर्थ लगाइदिनू' भनेर इजकिएललाई आज्ञा गरियो । किनकि यरूशलेम शहरचाहिँ त्यो कराही थियो, र यसका मारिएका मानिसहरूचाहिँ यसमा भएको मासु भएका रहेछन् ! परमप्रभुले तिनीहरूलाई यस शहरको बीचबाट निकाल्नुहुनेथियो र इस्राएल देशको सिमानाभित्र तिनीहरूको न्याय गर्नुहुनेथियो (यस सिलसिलामा २ राजा १५:१८-२१ र यर्मिया ५:२४-१७ पदका खण्डहरू हेर्नुहोस्) ।

**इजकिएल ११:१३:** तब बनायाहको छोरा पलत्याह ठहरै भए; (हुन सक्छ, सायद तिनी यी पच्चीसजना मानिसहरूका अगुवा थिए होलान्); तिनले दुष्ट सल्लाह दिएका हुनाले त्यसको प्रतिफल-स्वरूप तिनी मरेका देखिन्छ । तिनको तत्कालीन मृत्युले गर्दा इजकिएलले आफ्ना मानिसहरूको निम्ति परमेश्वरसित अन्तर्विन्ती गरे ।

### ज) इजकिएल ११:१४-२१: बाँकी रहेका यहूदीहरूलाई संरक्षण गर्नेछु भन्ने प्रतिज्ञा गरिएको

**इजकिएल ११:१४-१५:** तब परमप्रभुले उनलाई जवाफ दिनुभयो र उनलाई यरूशलेमका बासिन्दाहरूले भनेको कुरा सुनाउनुभयोः 'परमप्रभुबाट टाढ़ा गएकाहरूचाहिँ यी निर्वासितहरू थिए; अनि देशचाहिँ यहूदा र यरूशलेममा रहेका मानिसहरूको हुने रहेछ अरे ।'

**इजकिएल ११:१६-२१:** तर खास कुरा उल्टा थियो; किनकि परमप्रभुले प्रतिज्ञा गर्नुभयोः उहाँ निर्वासितहरूको निम्ति तिनीहरूलाई कैद गरेर लगिएका देशहरूमा एउटा सानो पवित्रस्थान बन्नुहुनेथियो, र उहाँले तिनीहरूलाई परमप्रभुको आज्ञापालन गर्ने हृदयको साथ इस्राएल देशमा फर्काएर ल्याउनुहुनेथियो – एउटा देशमा, जुन देश मूर्तिको कुनै गन्ध नभएसम्म मूर्तिपूजाबाट पूरा शुद्ध पारिनेथियो । यस विषयमा श्री काइल येट्सले निम्न टिप्पणी गरेका छन्:

> 'यर्मियापछि इजकिएलले पनि एउटा आत्मिक धर्ममा जोड़ दिए । किनकि परमेश्वरले हामीबाट हाम्रो हृदयको भक्ति पाउन चाहनुभएको छ । तर के गर्ने ? हाम्रो हृदय निको नहुने किसिमको हुन्छ । यसकारण हामीलाई एउटा नयाँ हृदय चाहिन्छ, जुनचाहिँ हामीलाई परमेश्वरबाट दिइन्छ । रीतिवाद आफ्नो पछाड़ि छोड़ेर हामी अघि बढ़्नुपर्छ । किनकि आत्मिक कुराहरूमा गरिएको जोड़ले मानिसहरूलाई परमप्रभुको सङ्गत र सम्पर्कमा ल्याउने नै छ, जुन ईश्वरीय सम्पर्कले तिनीहरूको विचार, तिनीहरूको आराधना, तिनीहरूको व्यवहार र तिनीहरूको निष्ठावानतामा भिन्नता ल्याउनेछ, परिवर्तन ल्याउनेछ । यस्ताहरूको निम्ति एउटा नयाँ आत्मा परमेश्वरबाटको उपहार हुनेछ (इजकिएल १८:३१ र ३६:२६-२७ पदहरूसित तुलना गर्नुहोस् )'।[12]

निर्वासितहरूको साँचो आशा परमप्रभुको प्रतिज्ञामाथि आधारित थियो । *'म तिनीहरूलाई एउटै हृदय दिनेछु* (जुनचाहिँ ढुङ्गाको होइन, तर मासुको हुनेथियो) *र तिमीहरूभित्र एउटा नयाँ आत्मा हालिदिनेछु'* भन्ने प्रतिज्ञा सर्तविनाको थियो; तर यी कुराहरू नयाँ नियम-अन्तर्गत पूरा हुन बाँकी थिए ।

> हे येशू हाम्रा प्रभु, हाम्रो जीवन, हाम्रो आशा, हाम्रो सर्वस्व र सर्वेसर्वा, तपाईंको सामु हामी दण्डवत् गर्छौं !

किनकि हाम्रो भागेर शरण पर्ने अरू कुनै ठावैं छैन,
हो, प्रभु, तपाईंबाहेक हाम्रो अरू कुनै शरणस्थानै
छैन। श्री सामूएल मेड्ली

### झ) इजकिएल ११ः२२-२५ः महिमाको बादल हटेर जैतुनको डाँड़ामा सरेको

यस अध्यायको अन्तमा यो महिमाको बादल यरूशलेम शहरबाट उठेर गयो र यसको पूर्वपट्टिको पहाड़माथि अर्थात् जैतुन डाँड़ामाथि खड़ा भयो। श्री जर्च विलियम्सले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

'परमप्रभुको महिमाले इच्छा नभएको पाराले बिदा लियो। यसको सिंहासनचाहिँ परमप्रभुको भवनको महापवित्रस्थान थियो (८ः४); त्यसपछि यो परमप्रभुको भवनको सँघारकहाँ सरेर आयो (९ः३); अनि त्यसपछि यस भवनको सँघारमाथि अड़िएर बस्यो (१०ः४); अनि त्यसपछि यो हटेर परमप्रभुको भवनको पूर्वपट्टिको मूलढोकातिर सऱ्यो (१०ः१९); अनि अन्तमा यो गएर यरूशलेम शहरको पूर्वको पहाड़मा पुग्यो (११ः२३)। यस प्रकारले इस्राएलका परमेश्वरले आफ्नो प्रेमले गर्दा विलम्ब गरेर आफ्नो शहर र मन्दिर छोड्नुभयो, र ४३ः२ पदमा वर्णन गरिएको समयसम्म उहाँ त्यहाँ फर्केर आउनुहुनेछैन (त्यो क्षण अझैं पनि भविष्यमा पूरा हुन बाँकी नै छ)।' 13)

### ञ) इजकिएल १२ः आउन लागेको निर्वासनको विषयमा इजकिएलले प्रयोग गरेका सङ्केतहरू

#### अ) इजकिएल १२ः१-१६ः उनका सर-सामानहरू

**इजकिएल १२ः१-१२ः** यहूदीहरूको निम्ति तिनीहरू निर्वासनमा जानै लागेका छन् भन्ने सङ्केत दिने हेतुले परमप्रभुबाट इजकिएललाई 'आफ्नो घरका सरसामानहरू आफ्नो ठाउँबाट अर्को ठाउँमा सार' भन्ने आदेश दिइयो। आफ्ना आँखाहरू छोपिएको अवस्थामा राति पर्खालमा एउटा दुलो खनेर उनले राजा सिद्कियाहको विषयमा भविष्यवाणी गरेः तिनी, (जसलाई बाह्र पदमा 'शासक' भनिएको छ), साँझको झिसमिसे भएको बेलामा यस शहरबाट भाग्नेथिए, (जुन बेलामा तिनले जमिनको भुइँ समेत देख्न सक्नेथिएनन्)।

**इजकिएल १२ः१३-१६ः** तर तिनी पक्राउ पर्नेथिए र बेबिलोनमा लगिनेथिए, तर तिनले त्यो देश कहिल्यै आफ्ना आँखाहरूले देख्न पाउनेथिएनन् (१३ पद)। अनि ठीक यस्तै हुन आयो। राजा सिद्कियाह यरूशलेमबाट भाग्दै गर्दा तिनी पक्राउ परे, अनि रिब्लामा तिनका दुईवटा आँखाहरू निकालिए, र त्यसपछि तिनलाई कल्दीहरूको देशको बाबेलमा लगियो (२ राजा २५ः७)। अनि यहूदीहरू जातिहरूको बीचमा छरपष्ट हुनेथिए, र तिनीहरूमध्ये धेरैजना तरवार, अनिकाल र महामारीले गर्दा मर्नेथिए।

#### आ) इजकिएल १२ः१७-२८ः उनी थरथर कामेको

**इजकिएल १२ः१७ः२०ः** *'हे मानिसको छोरा, तिमीले आफ्नो रोटी काम्दै खानू, अनि थरथराउँदै र चिन्तित हुँदै आफ्नो पानी पिउनू!'* जब इजकिएलले थरथराउँदै र काम्दै खाना खाए र पानी पिए, तब उनले कैदमा लगिनुभन्दा अघिको समयको निम्ति एउटा पूर्वचित्र दिए, जुन समयचाहिँ डर र चिन्ताले भरिएको समय हुनेथियो।

**इजकिएल १२ः२१-२८ः** मानिसहरूको बीचमा एउटा चल्ती लोकोक्ति थियोः 'परमेश्वरले विनाशको विषयमा बोल्नुभएका भविष्यवाणीहरू कहिल्यै पूरा हुनेछैनन्।' यसकारण परमेश्वरले तिनीहरूलाई अर्को आह्वान दिनुभयोः *'दिनहरू नजिकै छन्, अनि हरेक दर्शन पूरा हुने नै छ।'* किनकि उहाँको भविष्यवाणी पूरा हुने दिन नजिकै आइरहेको थियो; अनि उहाँको हरेक दर्शन पूरा हुने नै

थियो। यसो हो भने, परमेश्वरको वाणी पूरा हुने दिन अझै टाढ़ो भविष्यमा हुनेछ भन्नेहरूले आफ्नै समयमा त्यो पूरा भएको देख्नेथिए।

भविष्यवाणीहरूको विषयमा मानिसहरूको आदत अझै पनि यस्तै छः तिनीहरूले कि त भविष्यवाणीहरूमा अर्थ लगाउँदा-लगाउँदै परमेश्वरका दिव्य वाणीहरू नकार्छन्, कि त भावी पुस्ताहरूका मानिसहरूमाथि लागू गर्छन्। यस प्रकारको झुकाउ अझै पनि हाम्रो बीचमा पाइन्छ। परमेश्वर कुनै प्रवचन वा कुनै किताबमार्फत हामीसँग बोल्नुभयो भने, हामी तुरुन्तै त्यो कुरा हाम्रा भाइबहिनीहरूको जीवनमाथि कसरी लागू गर्नुपर्छ र तिनीहरूको जीवन कुन-कुन क्षेत्रमा बदली हुनुपर्छ, सो जानिहाल्छौं। तर परमेश्वरको वचन आफ्नो जीवनमा होइन, तर अरू मानिसहरूको जीवनमा लागू गराउनुचाहिँ एउटा दुष्ट र विनाशकारी झुकाउ हो।

हामी बोल्न सजिलो हुने, कुरा ठिक्क पार्ने, छाँटकाँट गरिएका पिष्टोक्तिहरू प्रयोग गर्नदेखि होशियार बस्नुपर्छ, विशेष गरी जब यी पिष्टोक्तिहरूले सीधा परमेश्वरको वचनको कुरा काट्छन्, कि त उहाँ बीचमा आएर काम गर्नुहुने उहाँको हस्तक्षेपको कार्य कहिल्यै हुँदै होइन पार्छन् वा पछि कुनै अनिश्चित भविष्य-सम्म स्थगित गर्छन्।

### ट) इजकिएल १३ः झूटा अगमवक्ताहरू र झूटा अगमवादिनीहरूको विनाश

**इजकिएल १३ः१-३ः** यस अध्यायको सन्दर्भचाहिँ झूटा अगमवक्ताहरू हुन् (१३ः१-१६) र झूटा अगमवादिनीहरू हुन् (१३ः१७-२३)। यी झूटा अगमवक्ताहरूले आफ्नै मनमा विभिन्न भविष्यवाणीहरू रचेका थिए; तर हाय, मानिसहरूलाई यिनीहरूको बढ़ी आवश्यकता पर्दा यिनीहरूमाथि भर पर्न सकिँदैनथियो र यिनीहरूबाट कुनै सहायता मिल्दैनथियो! यिनीहरूले 'परमप्रभु भन्नुहुन्छ' भन्ने शब्द प्रयोग त गर्ने गर्थे, तर त्यो शब्द सरासर झूट थियो, त्यो त झूटो जोखना पो ठहरियो।

वर्तमान समयमा हामीलाई यस्ता प्रचारक-हरूको खाँचो पर्छ, जसले हामीलाई आफ्ना सोचविचार र रायहरू सुनाउँदैनन्, तर जसले प्रार्थनाको कोठामा र परमेश्वरको वचनबाट आफ्नो सन्देश प्राप्त गर्ने गर्छन्।

श्री डेनिस लेनले इजकिएलको पालोमा भएको प्रचारको विषयमा निम्न विशेषताहरू दिएका छन्ः

> 'यो प्रचारचाहिँ यी प्रचारकहरूको मनको कुरामा सीमित रहन्थ्यो र त्योभन्दा माथि कहिल्यै उठ्दैन-थियो। यस प्रचारले परमेश्वरको वचन हुने झूटो दाबी गर्थ्यो। मानिसहरूको जीवन र व्यवहारमा यसको कुनै प्रभाव हुँदैनथियो, यसको कुनै उपयोग थिएन। यसले सस्तो, मूल्यहीन अनुग्रह र झूटो शान्ति प्रदान गर्थ्यो। यसले संसारको नौलो, ताजा दृष्टिकोण मात्र पेश गरेर यसको पुष्टि गर्ने गर्थ्यो।'[14)]

**इजकिएल १३ः४-७ः** झूटा धर्मगुरु-हरूचाहिँ मरुभूमिका स्यालहरूजस्तै थिए; किनकि विनाशको वातावरणमा तिनीहरूले सधैं शिकार खोज्दैथिए र केवल आफ्नै आवश्यकता र इच्छाहरू पूरा गर्ने गर्थे। यस्तो परिस्थितिमा साँचो प्रचारकले के गर्नुपर्छ? तिनी धाँदाहरूमा उभिनुपर्छ, मानिसहरूको निम्ति अन्तर्विन्ती गर्नुपर्छ र भत्किरहेको पर्खाल मर्मत गर्नुपर्छ। तिनले मानिसहरूलाई पश्चात्तापमा र पवित्र जीवनमा डोर्‍याउनुपर्छ। साँचो प्रचारकको कर्तव्य यही हो। अनि यो कर्तव्य परमेश्वरको वचन प्रचार गरेर पूरा गरिन्छ।

**इजकिएल १३ः८-१६ः** शान्ति नभएको बेलामा यिनीहरूले शान्तिको प्रचार गर्थे; अनि यिनीहरूले भत्किन लागेको पर्खालमा चुना लगाइदिए; यसकारण यिनीहरू नष्ट हुनेथिए। अनि यहाँ, यस ठाउँमा पर्खालचाहिँ परमेश्वरको न्याय रोक्न खोज्ने शासकहरूले गरेको प्रयासको अर्थ लिन्छ। श्री ए. बी.

डेभिड्सनले यहाँ प्रयोग गरिएको भाषाचित्रको स्पष्टीकारण दिएर यसो भनेका छन्ः

‘चुना लिएर पर्खाल लिप्ने यस चित्रले मानिसहरूका व्यर्थका योजनाहरू र अगमवक्ताहरूको कमजोर चापलुसी र अनुमोदन स्पष्टसँग चित्रण गर्छ । किनकि जब एउटा कमजोर मानिस आफैले कुनै कुरा उत्पन्न गर्न सक्दैन, तब उसले अरूका योजनाहरू दृढ़ अनुमोदन गरेर यसको निम्ति कम्तिमा आफ्नै आँखामा केही श्रेय पाउला; किनभने उसले अनुमोदन दिएर यसो भन्लाः “सही हो, म पनि यो योजनाको निम्ति मेरो हृदयदेखिको अनुमोदन दिन्छु; वास्तवमा मैले पनि तपाईलाई ठीक यही सुझाउ दिन खोजेको हुँ”।’ जुन पर्खाल मानिसहरूले निर्माण गरे, त्यस पर्खालमा चुना लगाउन कुन कुराले यी अगमवक्ताहरूलाई प्रेरणा दिलायो ? एक त, जुन ओहोदा यिनीहरूले ओगटेका थिए, यस ओहोदाको खातिर यिनीहरूले केही न केही गर्नुपर्छ भनी यिनीहरूलाई लाग्दथियो; यिनीहरू अगुवाजनहरू थिए; यसकारण यिनीहरूले जुनै हालतले पनि यस योजनाको खातिर श्रेय पाउने बाटो कायम राख्नुपरेको थियो । अनि दुई, हुन सक्छ, यिनीहरूको बुद्धि जनताको बुद्धिभन्दा श्रेष्ठ थिएन कि ? यसकारण होला, यिनीहरूले इमानदारीपूर्वक जनताको योजना अनुमोदन गरे होलान् । यिनीहरू त्यस जमानाको हावा लागेका मानिसहरू भएका हुनाले यिनीहरूले सजिलोसँग तिनीहरूका क्रियाकलापहरूमा आफ्नो सहमति दिए ।’ [15)]

वर्तमान समयका धर्मत्यागी, पतित धर्म-गुरुहरू ठीक यस्तै छन्ः तिनीहरू चुना लगाइएका पर्खाल हुन् । [16)]

**इजकिएल १३ः१७-२३ः** अनि अगमवादिनीहरूचाहिँ ? यिनीहरूले बोक्सी-विद्या प्रयोग गर्थे; यिनीहरूले मानिसहरूका कुहुनुहरूको निम्ति बुटीहरू सिउँथे र तिनीहरूका टाउकाहरूको निम्ति घुम्टाहरू बनाउँथे। यिनीहरूले आफ्ना मन्त्रहरूद्वारा कति मानिसहरूको प्राण लिए पनि र अरू कतिजनालाई जीवित राख्न सके पनि। तर परमेश्वरले आफ्ना जनहरूलाई यी झूटा अगमवादिनीहरूको हातबाट छुटकारा दिनुहुनेथियो, तर यिनीहरूलाई चाहिँ नष्ट गर्नुहुनेथियो । लिविङ्ग बाइबलले इजकिएल १३ः१७-१९ पदहरू निम्नानुसार भावअनुवाद गरेको छः

‘हे माटोले बनेको मानिसको सन्तानहो, यी अगमवादिनीहरूको विरुद्धमा आफ्नो सोर उठाऊ, जसले यिनीहरूलाई परमप्रभुले सन्देशहरू दिनुभएको बहाना गर्छन् । यिनीहरूलाई परमप्रभुको यो वाणी सुनाऊः यी स्त्रीहरूलाई हाय ! किनकि यिनीहरूले मेरा जनहरूमा कति आत्माहरू नाश गरे, कसरी ? जवान र वृद्ध मानिसहरूका कुहुनुहरूमा जादुका बुटीहरू बाँधेर, तिनीहरूलाई जादुका घुम्टाहरू लगाएर र तिनीहरूलाई क्षमा-पत्रहरू बेचेर नै । आफ्नो लाभ नभएसम्म यिनीहरूले कसैलाई कुनै सहायता गर्दैनथिए । तब के, के जाबो केही मुठी जौ वा एक गाँस रोटीको खातिर के तिमीहरूले मेरा जनहरूलाई मबाट फर्काउँछौ, र मबाट हट्न लाउँछौ ? अहा, तिमीहरूले मर्नु नहुने मानिसहरूलाई मृत्युमा सुम्प्यौ ! अँ, मेरा जनहरूसित झूट बोलेर तिमीहरूले मर्नुपर्ने मानिसहरूलाई जीवन पाउने प्रतिज्ञा गरेका छौ ! तब जनताले यो किन मन नपराउने त !

### ठ) इजकिएल १४ः मूर्तिपूजा गर्ने बूढ़ा प्रधानहरूलाई परमेश्वरले दिनुभएको धम्की

**इजकिएल १४ः१-११ः** जब इस्राएलका केही बूढ़ा प्रधानहरू परमप्रभुबाट सोधखोज गर्न इजकिएलकहाँ आए, जुन बूढ़ा प्रधानहरूका हृदयमा मूर्तिहरू थिए, तब परमप्रभुले घोषणा गर्नुभयोः ‘म यी मूर्तिपूजा गर्नेहरूलाई कुनै भविष्यवक्ताद्वारा होइन, तर म स्वयम्ले जवाफ दिनेछु। यसकारण जुन भविष्यवक्ताले यी मूर्तिपूजकहरूलाई जवाफ दिन्छन्, ती भविष्यवक्ता धोकामा परेको हुनुपर्छ र तिनीबाट सोधखोज गर्नेहरूसँग तिनले तिनीहरूको सजाय भोग्नेछन् ।’

**इजकिएल १४ः१२-२०ः** नूह, दानियल र अय्यूबजस्ता तीनजना धर्मी मानिसहरू इस्राएल देशमा भए पनि, परमेश्वरले उनीहरूको कुरा

सुन्नुहुनेथिएन, तर यस देशमाथि अनिकाल, जङ्गली जनावरहरू, तरवार र महामारी पठाउनुहुनेथियो। जुन बेलामा इजकिएलले यो कुरा लेखे, त्यस बेलामा दानियल नबूकद्नेस्सरको दरबारमा सेवारत हुन्थे, रपनि तिनी प्राचीन समयमा जिएका परमेश्‍वरका धर्मी जनहरूको गन्तीमा आए। विगत समयहरूमा जस्तै आज पनि हाम्रा भाइबहिनीहरू विश्‍वासका शूरवीर योद्धाहरू किन हुन नसक्ने र? जसले 'यो हुन सक्दैन' भन्छ, उसले सत्य कुरा भनेको छैन है। तब के, मलाई भन्नुहोस्, के तपाईं विश्‍वासका शूरवीर योद्धाहरूमध्ये एकजना हुन चाहनुहुन्छ?

**इजकिएल १४:२१-२३:** परमप्रभुले यस देशको कड़ा न्याय गर्नुभयो भने, उहाँले आफ्नो मन्दिर भएको यरूशलेम कति बढ़ता गरेर न्याय गर्नुहुनेथियो। तर बाँकी रहेका केही यहूदीहरू यस हेतुले बचाइनेथिए, कि परमप्रभुको कारबाही बिलकुल सत्य थियो र त्यसको सम्बन्धमा उहाँ पूरा धर्मी हुनुहुन्थ्यो भन्ने गवाही तिनीहरूले दिन सकून्।

नूह, दानियल र अय्यूबले अन्तर्विन्ती गरे पनि यहूदाको अपराध क्षमा हुनेथिएन, किनकि त्यो ज्यादा ठूलो भएको थियो। तब हाम्रो देश र समाजको विषयमा कसो हो, जहाँ अपराध, हिंसा, गर्भपात, व्यभिचार, मूर्तिपूजा, लागू पदार्थहरूको सेवन र ईश्‍वररहित मानवतावाद आदि अधर्महरू व्यापक छन्?

### ड) इजकिएल १५: फलरहित दाखको बोटको दृष्टान्त

दाखको बोटचाहिँ केवल अङ्‌गुर फलाउन उपयोगी हुन्छ; यसबाट कुनै उपकरण, चल सामग्री वा फर्नीचर बनाइँदैन, अँ, एउटा सानो कीला समेत बनाइँदैन; किनकि यो त्यसको निम्ति उपयोगी हुँदैन। अनि आगोले डढ़ेपछि यो झन् निकम्मा हुन्छ। एक अर्थमा, यस दाखको बोटले यरूशलेमका मानिसहरूलाई सङ्केत गर्छ (१५:६)। किनकि परमेश्‍वरको निम्ति कुनै फल नफलाएको हुनाले तिनीहरू बेबिलोनी आक्रमणरूपी आगोले डढ़े। तर अर्को दृष्टिकोणले हेर्दा यस दाखको बोटले सम्पूर्ण इस्राएली जातिलाई सङ्केत गर्छ, अँ, इस्राएल र यहूदा दुवैलाई समेट्छ (१५:४)। किनकि यस दाखको बोटको हाँगाको उत्तरीय टुप्पा अश्शूरीहरूले जलाए; अनि यस हाँगाको दक्षिणी टुप्पा मिस्रीहरूले जलाए। तर अब-चाहिँ बेबिलोनीहरूले यसको बीचको भाग अर्थात् यरूशलेम जलाउनेथिए (२ राजा २५:९ पद हेर्नुहोस्)। अनि सात पदमा दोस्रो आगोको कुरा छः यस दोस्रो आगोले यरूशलेमबाट उम्केकाहरूको कैदको अवस्था चित्रण गर्छ। किनकि परमेश्‍वरले यो देश उजाड़ पार्ने निर्णय गर्नुभयो (१५:८)।

हामी ख्रीष्ट-विश्‍वासीहरूका महान्-महान् सौभाग्यहरू छन्; तर परमेश्‍वरको निम्ति फल फलाउने हाम्रो जिम्मेवारी पनि छ। हामीले आफ्नो जीवनद्वारा उहाँको महिमा गर्नुपर्छ; हामी यसो गर्दैनौं भने, हाम्रो अस्तित्व व्यर्थ र निकम्मा हुन्छ। यो त फलविनाको दाखको बोट हुनुजत्तिकै हो, र हाम्रो गवाही नष्ट हुनेछ (यूहन्ना १५:६)। ख्रीष्ट त्यो साँचो दाखको बोट हुनुहुन्छ, जसमा हामी हाँगाहरू हौं; यसकारण हाम्रो मुख्य काम परमेश्‍वरको निम्ति फल फलाउनु हो। आत्माको फलबाट देखिने इसाई-चरित्रको विकास गर्नुमा उक्त कुराको प्रमुख अर्थ लाग्छ।

### ढ) इजकिएल १६: यरूशलेमको विवाह भएको दृष्टान्त

**इजकिएल १६:१-७:** परमप्रभु यहाँ, यस खण्डमा यरूशलेमको इतिहास पहिल्याउनुहुन्छ, मानौं यरूशलेमचाहिँ इस्राएली जाति थियो। यसको इतिहास एउटा त्यागिएको नव-बालिकाको रूपमा शुरु भएको थियो, जसको नुहाइधुवाइ गरिँदैनथियो र जसको चाहना

कसैले गर्दैनथियो। तर परमप्रभुले यसमाथि दया देखाउनुभयो र मायाले यसको हेरचाह गर्नुभयो; अनि यो बालिका बढ़ी, ठूली भई र अत्यन्तै सुन्दरी भई।

**इजकिएल १६:८-२२:** अनि जब यो केटी तरुनी भई, तब परमप्रभुले यसलाई विवाह गरिदिनुभयो, तर विवाह हुनुभन्दा अघि उहाँले यसलाई विवाहको निम्ति शुद्ध गरिदिनुभयो, यसको भलाइ गरेर यसलाई किसिम-किसिमका वस्त्रहरू र जुत्ता आदि आभूषण लगाइदिनुभयो र यसलाई सिँगारिदिनुभयो। तर यसले आफ्नै सुन्दरतामाथि भरोसा गरेकी हुनाले यो तरुनी उहाँबाट हटेर मूर्तिहरूतिर लागी र एउटी वेश्या पो बनी; त्यसबाट भएर जानेहरू सबैसँग यसले वेश्याकर्महरू गरी।

**इजकिएल १६:२३-३४:** परमप्रभुमाथि भरोसा गर्नुको सट्टामा यसले अन्यजातिहरूसँग, जस्तैः मिस्रीहरू, अश्शूरीहरू र कल्दी व्यापारीहरूसँग वेश्याकर्म गरी। यसको विषयमा एकजना भाइले यसो भनेका छन्ः 'यो त अन्यजातिहरूभन्दा बढ़ी अन्यजातीय पो भई।' यो तरुनी अरू वेश्याहरूजस्ती थिइन; किनकि यसले अरूलाई तिनीहरूले यससित पाप गर्ने हेतुले ज्याला पो दिन्थी! यस्तो कुरा अरू कसले गर्नेथियो, मलाई भन्नहोस्! के एउटी वेश्याले त्यससँग कुकर्म गर्ने पुरुषलाई पैसा दिनु सम्भव छ? के त्यसले यस कुकर्मको निम्ति आफ्ना बहुमूल्य सम्पत्तिहरू दिइहाल्नु हुन्छ? तर दुःखको कुरा के हो भने, यस्ताहरू धेरै छन्, जसले प्रभु येशूलाई पछ्याउँदैछु त भन्छन्, तर जसले आफ्ना बहुमूल्य इनामहरू र स्वर्गको हकको सम्पत्ति दिइहाल्छन् र जसले आफ्नो सम्पत्ति स्वर्गमा थुपार्नुको सट्टामा आफ्नो रुपियाँपैसा र आफ्नो समय सांसारिक सुखविलासहरूको निम्ति खर्च गर्छन्। तिनीहरूले संसारसँग सम्झौता गरेका छन् र यसरी नै अनन्त इनाम र आशिष गुमाउँदा रहेछन्। अनि यो कुरा आत्मिक व्यभिचार वा परपुरुषगमन भनिन्छ। अनि यस प्रकारको कुकर्ममा संलग्न भएको जोसुकै किन नहोस्, उसले यसको निम्ति ठूलो मूल्य चुकाउनुपर्छ।

**इजकिएल १६:३५-४३:** यसको फोहोरीपनको निम्ति यसको दण्ड के थियो भने, यसले आफ्ना प्रेमीहरूको रूपमा भाड़ामा लिएका यी अन्यजाति देशहरूद्वारा यो नष्ट हुनेथियो। हाय, यस अविश्वासयोग्य प्रेमिकाले गरेजस्तै कुव्यवहार गर्नेहरूलाई, जसले परमेश्वरबाट आफ्नो पिठ्यूँ फर्काउँछन् र संसारसँग सम्झौताहरू गर्छन्; किनकि तिनीहरू त्यही संसारद्वारा नाश हुनेछन्, जससित तिनीहरूले मित्रता गाँसे। यो हाम्रो निम्ति कति गम्भीर चेताउनी हो ! (यो कुरा याकूब ४:४-१० पदहरूसित तुलना गर्नुहोस्)।

**इजकिएल १६:४४-५२:** यहूदा वा यरूशलेमले पूरा गरेका घृणित कामहरू अघि कनान देशमा बस्ने यसका भूतपूर्व जातिहरूका कुकर्महरूभन्दा खराब थिए, जस्तैः हित्तीहरू, एमोरीहरू, सामरिया वा सदोमका कुकर्महरू। सदोमका पापहरूमध्ये यौन-विकृति केवल एउटा थियो। सदोमको अधर्ममा खानेकुराको भरपूरी र प्रशस्त अल्छीपना पनि समावेश थियो। अरे, यो त वर्तमान इसाई-जगत्को हालत बयान गरेको जस्तै सुनिन्छ! यस सिलसिलामा श्री चार्ल्स ली फाइनबेर्गले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'याद गर्नुहोस्ः जब सदोमका घृणित कामहरूको स्रोत के थियो, सो कुरा अनुसन्धान गरियो, तब सदोमको घमण्ड नै यसको पापको मूलकारण भएको फेला पऱ्यो। परमेश्वरले सदोमलाई रोटीको भरपूरी दिएर त्यस शहरलाई प्रशस्त आशिष दिनुभएको थियो (उत्पत्ति १३:१०); तर त्यसले यी आशिषहरू बढ़ी मात्रामा आफ्ना सुखविलासहरूको निम्ति प्रयोग गऱ्यो अनि समृद्धि र ऐश-आराममा सेक्यो। आफ्ना

आवश्यकताहरूको निम्ति प्रबन्ध गर्दा-गर्दै त्यो अरूका आवश्यकताहरूप्रति असंवेदनशील र खल्लो भयो; त्यससँग सामाजिक चेतना छँदैथिएन। त्यसपछि त्यसले यी घृणित काम र महापापहरू गर्‍यो, जुन घोर पापहरू अब त्यसको नामसँग अभिन्न रूपले जोड़िएका छन्। अनि जब परमेश्वरले यो हालत देख्नुभयो, तब उहाँले सदोमलाई एकै प्रहारले हटाइदिनुभयो (उत्पत्ति १८:२१)।' 17)

**इजकिएल १६:५३-५८:** परमेश्वरले आफ्नो अनुग्रहमा भावी कुनै दिनमा सदोम र सामरिया अनि यरूशलेमलाई पुनर्स्थापित गर्नुहुनेछ। त्रिपन्न पदमा यी शहरहरूको पुनर्स्थापनाको कुरा लेखिएको त छ, तर कुनै पनि हिसाबले अन्तमा यी मरेका दुष्ट मानिस-हरूले मुक्ति पाए भन्ने सुझाउ छैन यहाँ, अहँ, यसको गन्ध अलिकति पनि छैन।

**इजकिएल १६:५९-६३:** तर उहाँले आफ्ना जनहरूसँग एउटा अनन्त करार स्थापित गर्नुहुनेछ; अनि यहूदा आफ्नो विषयमा यी मूर्तिहरूको खातिर परमप्रभुलाई कसरी त्याग्न सक्यो, यस हेतुले लज्जित हुनेछ। अनि यो करार एउटा आशिषको करार, एउटा सर्तविनाको करार हो, जुनचाहिँ परमप्रभुले इस्राएली जातिका पूर्वजहरूसित स्थापित गर्नुभएको थियो, तर जुन करारचाहिँ उहाँले भविष्यमा पूरा गर्नुहुनेछ।

यस कुरामा श्री जोह्न न्यूटनको कुरा सठीक ठहरियो, जब तिनले निम्न भजनका शब्दहरू रचेः

'परमेश्वरको अनुग्रहको उज्ज्वल गौरवको महिमापूर्ण प्रकाशले उहाँका अन्य अद्‌भुत कार्य-हरूमा भएको चमक धमिलो पारेको र धेरैभन्दा धेरै जितेको छ।'

## ण) इजकिएल १७ः दुईवटा चीलहरूको दृष्टान्त

**इजकिएल १७:१-६:** परमप्रभुले इजकिएललाई इस्राएलको घरानालाई एउटा अड्को राख्ने आदेश दिनुभयो। यस दृष्टान्तअनुसार एउटा ठूलो चील लेबानोनमा आयो, अनि त्यसले एउटा देवदार-रूखको टुप्पा चुँड़ायो र त्यो टुप्पा विदेशमा लग्यो। अनि त्यसले त्यस देशको बीउ लियो र त्यो फलाइलो माटोमा रोप्यो। अनि त्यहाँ त्यो बढ्‌यो र एउटा फैलिरहेको दाखको बोट भयो।

**इजकिएल १७:७-१०:** त्यसपछि त्यो दाखको बोटचाहिँ अर्को ठूलो चीलतिर बढ्‌न थाल्यो, तर फस्टाउन र सप्रन सकेन।

**इजकिएल १७:११-२१:** अनि परमप्रभु स्वयम्‌ले यस दृष्टान्तको अर्थ खोल्नुभयो। पहिलो चीलचाहिँ बेबिलोनका राजा नबूकद्‌नेस्सर थिए (१७:१२)। तिनले देवदारको टुप्पारूपी यहूदाका राजा यहोयाकिनलाई लेबानोनरूपी यरूशलेमबाट व्यवसायी देशरूपी बेबिलोनमा लगे र व्यापारीहरूको बेबिलोन शहरमा बसाए। अनि तिनले राजकीय वंश सिद्‌कियाहलाई लिए र यिनलाई यहूदामा आफ्नो कठपुतली राजाको रूपमा स्थापित गरे (१७:१३)। केही समय-सम्म होचो, फैलिरहेको दाखको बोटरूपी सिद्‌कियाह आफ्नो स्वदेशमा फस्टाए र सप्रे; तर त्यसपछि यिनी अर्को ठूलो चीलरूपी मिस्र देशका राजापट्टि फर्के, यस हेतुले कि उनले यिनलाई बेबिलोनको हातबाट छुटकारा दिऊन्। तर जब राजा सिद्‌कियाहले नबूकद्‌नेस्सरसित बाँधेको त्यो करार तोड़े (२ इतिहास ३६:१३), तब यिनले खास गरी परमेश्वरसित बाँधेको करार पो तोड़िपठाए (१७:१९)। फलस्वरूप राजा सिद्‌कियाहलाई बेबिलोनमा लगिनेथियो, र यिनी त्यहाँ मर्नेथिए; फाराओ-होप्राले यिनलाई कुनै मद्दत गर्न सक्नेथिएनन् (इजकिएल १७:१६-२१)।

**इजकिएल १७:२२-२४:** अनि यी पद-हरूमा एउटा कोमल मुनाको कुरा गरिएको छ, जुनचाहिँ मसीह हुनुहुन्छ; उहाँको आगमन यहाँ

प्रतिज्ञा गरिएको छ। उहाँ दाऊदको घरानाको वंश भएर आउनुहुनेथियो। उहाँ एउटा फलदायक रूख बन्नुहुनेथियो, जसको छायामनि मानिसहरूले सुरक्षा पाउनेथिए (१७ः२३)। आशाका परमेश्वरले तिनीहरूलाई निराशामा छोड्नुभएन, तर तिनीहरूका आँखाहरू मसीहतर्फ फर्काउन र उहाँकहाँ उठाउन लगाउनुभयो। हामीले पनि हाम्रो उज्ज्वल भविष्यमाथि आफ्ना आँखाहरू लगाउनुपर्छ र यी सत्यहरूद्वारा एक-अर्कालाई सान्त्वना दिनुपर्छ। श्री कार्ल एफ. काइलले यसको अर्थ निम्न प्रकारले बढ़ाएका छन्ः

> 'त्यो देवदार-रूखचाहिँ दाऊदको राजकीय घराना हो, जुन देवदार अरू सबै रूखहरूभन्दा अग्लो हुन्छ; अनि जुन कलिलो मुना परमप्रभुले चुँड़ाएर रोप्नुहुन्छ, त्यो मुनाचाहिँ मसीहको राज्य होइन, उहाँको शासन पनि होइन, तर त्यो कलिलो मुना मसीह आफै हुनुहुन्छ। अनि त्यो उच्च पहाड़, जुन पहाड़ तेइस पदमा इस्राएलको उचाइमा भएको पर्वत भनिएको छ, त्यो उच्च पहाड़ सियोन हो; किनभने सियोनचाहिँ परमेश्वरको राज्यको केन्द्र र सिंहासन मानिन्छ, जुन सियोनरूपी पहाड़ मसीहद्वारा पृथ्वीका सबै पहाड़हरूभन्दा उच्च पारिनेछ (यशैया २ः२ आदि)। अनि परमप्रभुले रोप्नुभएको कलिलो मुना बढ़ेर त्यहाँ महिमापूर्ण देवदार बन्नेछ, जसको छत्रछायामा सबै चराहरूले वास लिनेछन्। यसर्थ त्यो मुना देवदारको रूख बनेझैं मसीह बढ़ेर एउटा राज्य बन्नुहुनेछ, अँ, उहाँले स्थापित गर्नुभएको राज्य हुनेछ। देवदारको रूखरूपी उहाँको राज्यमा हर किसिमका पक्षीका सबै चरारूपी पृथ्वीका सबै बासिन्दाहरूले त्यस रूखका फलहरूरूपी खानेकुरा र त्यस रूखको छायामा सुरक्षा पाउनेछन्।' 18)

राजनीति जहिले पनि धोकाबाजी साबित भएको छ। यस पापले भरिएको संसारको निम्ति केवल ख्रीष्ट येशूको दोस्रो आगमनमा आशा छ।

### त) इजकिएल १८ः अमिलो अङ्गुरको दृष्टान्त खण्डन गरिएको

**इजकिएल १८ः१-४ः** यहूदाका मानिसहरूसँग एउटा उखान थियो, जुन उखानद्वारा तिनीहरूले आफ्ना पापहरू आफ्ना पितापुर्खाहरूको असफलताको फल थिए भनेर उनीहरूमा यसको दोष सारे। तिनीहरूको उखान यस प्रकारको थियोः

> 'अमिला अङ्गुर खाए बाबुहरूले,
> दाँत कुँड़िए छोराछोरीहरूका।'

तर परमेश्वरले यो उखान खण्डन गर्नुभयो र भन्नुभयो, कि मानिसहरू आफ्ना पापहरूको निम्ति आफै जिम्मेवार हुन्छन्।

**इजकिएल १८ः५-२४ः** त्यसपछि उहाँले कुन-कुन नियमहरूअनुसार न्याय गर्नुहुन्छ, यसको विषयमा केही उदाहरणहरू दिनुभयोः

**क)** जुन मानिस पापबाट हटेर एउटा धार्मिक जीवन जिउँछ, त्यो मानिस अवश्य बाँच्नेछ (१८ः५-९)।

**ख)** तर यस धर्मी मानिसको दुष्ट छोरा अवश्य मर्नेछ (१८ः१०-१३)।

निर्वासनको समयमा जिएका यहूदीहरूले र प्रभु येशूको समयमा बाँचेका यहूदीहरूले पनि अब्राहाम तिनीहरूका पुर्खामा घमण्ड गर्थे (लूका ३ः८; यूहन्ना ८ः४९)। तर परमेश्वरले यसको विषयमा कुरा स्पष्ट पार्नुभयोः तिनीहरूको जीवन दुष्ट भयो भने, तिनीहरूका पिता धर्मी भएकोमा तिनीहरूलाई कुनै फाइदा हुँदैनथियो। अनि हामीमा पनि अरूको आत्मिकतामा भर पर्ने झुकाउ छ। तर हाम्रा पुर्खाहरू र भक्त अगुवाजनहरूको धर्मी र पवित्र जीवनले हामीमा वास्तविक रूप लिन सक्नुपर्छ।

**ग)** एउटा अधर्मी मानिसको धर्मी छोरा अवश्य बाँच्नेछ (१८ः१४-१७),

**घ)** तर उसको अधर्मी बुबा आफ्नो अधर्मको निम्ति मर्नेछ (१८:१८)।

**ङ)** पश्चात्ताप गर्ने र आफ्ना पापहरूबाट परमप्रभुकहाँ फर्किने दुष्ट मानिस बाँच्नेछ (१८:२१-२३)।

**च)** तर जुन धर्मी मानिसले आफ्नो धार्मिकताबाट हटेर अधर्म गर्छ, त्यो धर्मी मानिस मर्नेछ (१८:२४)।

बीस पद र प्रस्थान २०:५ पदको बीचमा कुनै अमेल छैन। प्रस्थानको पुस्तकको शिक्षा-अनुसार प्रायः छोराछोरीहरू आफ्ना बुबाआमाहरूका दुष्कर्महरूका नतिजाहरूले प्रभावित हुन्छन् भन्ने कुरा साँचो हो। यहाँ सिकाइएको कुरा पनि सत्य होः हरेक मानिस आफ्ना कर्महरूको निम्ति व्यक्तिगत रूपले जिम्मेवार हुन्छ।

बीस पदमा बयान गरिएको दण्ड ऐहिक हो, अनन्त होइन। यस पापको दण्ड लौकिक हो, शारीरिक मृत्यु यस पापको नतिजा हो। इजकिएल १८:५-२४ पदको खण्डमा उल्लेख गरिएका नियमहरू अनन्त जीवनसँग सम्बन्धित छैनन्; नत्र ता १८:५-९ पदअनुसार **क)** मुक्ति कामहरूको फल हुन्छ र **ख)** धर्मी जन अन्तमा हराउन सक्छ भन्ने निष्कर्षमा आइपुग्न अनिवार्य हुनेथियो। तर नयाँ नियममा हाम्रा प्रभु येशूले यी दुईवटा सिद्धान्तहरू सुस्पष्ट रूपले खण्डन गर्नुभयो (एफिसी २:८-९ र यूहन्ना १०:२८)।

**इजकिएल १८:२५-३२ः** यी मानिसहरूले परमेश्वरलाई निरन्तर आरोप लगाइरहे र उहाँको व्यवहार अधर्मी चाल भने। तर उहाँले स्पष्ट पार्नुभयोः जब कुनै दुष्ट मानिस आफ्ना पापहरूबाट परमप्रभुकहाँ फर्कन्छ, तब त्यो दुष्ट मानिस धरि बाँच्न सक्छ; उहाँको यस प्रकारको व्यवहारमा कुनै अधर्म थिएन। अनि तिनीहरूले ठीक यही कुरा गरेका परमप्रभुले चाहनुभयो।

जुन पाप परमेश्वर क्षमा गर्नुहुन्छ, त्यस पापको सम्झना उहाँ फेरि गर्नुहुन्न; तर उहाँ बिर्सनुहुन्छ (१८:२२)। उहाँको सम्झना-शक्ति कमजोर भएकोले होइन, तर ख्रीष्ट येशूको प्रायश्चित्तको कामद्वारा परमेश्वरको न्यायको माग पूर्ण रूपले पूरा भएकोले यस्तो हुन्छ; ख्रीष्ट येशूको मृत्युद्वारा सारा क्षतिको पूरा पूर्ति भयो। तब हे ख्रीष्ट-विश्वासी भाइबहिनीहरूहो, बुझ्नुहोस्ः हाम्रो मुद्दा छिनिगयो है!

### थ) इजकिएल १९ः यहूदाका अन्तिम राजाहरूको निम्ति गरिएको विलाप

**इजकिएल १९:१-९ः** यो यहूदाका अन्तिम राजाहरूको निम्ति गरिएको विलाप हो। सबै टिप्पणीकारहरू यी राजाहरूको पहिचानको विषयमा एकमत छैनन्; तर हुन सक्छ, सायद यिनीहरू यहोआहाज, यहोयाकिन र सिद्‌कियाह हुन सक्छन्। यहूदा त्यो सिंहनी हो। अरू देशहरू सिंहहरू हुन्, अनि यी देशहरूका शासकहरू जवान सिंहहरू हुन् (१९:२)। अनि जुन डमरु जवान सिंह बन्यो, त्योचाहिँ सायद राजा यहोआहाज होलान् (१९:३), जसलाई कैद गरेर मिस्र देशमा लगिएको थियो (१९:४)। अनि पाँच पदमा अर्को डमरु सायद राजा यहोयाकिन होलान्। यहूदा अरू सबै जातिहरूभन्दा फरक थिएन, किनकि सिंहहरूको बीचमा यो एउटी सिंहनी थियो। यी जातिहरूका अगुवाहरू क्रूर र स्वार्थी थिए, *'तर तिमीहरूको बीचमा चाहिँ त्यस्तो हुनेछैन'* (मत्ती २०:२६)। परमप्रभुले आफ्ना जनहरू फरक भएका आशा गर्नुहुन्छ। तिनीहरू अन्यजातिहरूभन्दा फरक भएनन् भने तिनीहरूले आफूमाथि उहाँको न्याय निम्त्याउनेथिए।

**इजकिएल १९:१०-१४ः** दस पदमा 'तेरी आमा' भन्नाले कि त यहूदा, कि त यरूशलेम

बुझिन्छ; रगतको नाताले तिनीहरू धेरै हाँगाहरू भएको फलदायक दाखको बोट थिए। किनकि बितेको समयमा त्यस दाखको बोटमा बलिया हाँगाहरू थिए, अर्थात् यहूदामा शक्तिशाली राजाहरू थिए; तर अबचाहिँ त्यो दाखको बोट पूर्वको हावाद्वारा नष्ट हुनेथियो; बेबिलोनचाहिँ त्यो पूर्वीय हावा थियो; अनि मानिसहरू कैदमा लगिनेथिए; ११ र १२ पदमा उजाड़स्थानको अर्थ बेबिलोनको कैद थियो। अनि चौध पदमा उल्लेख गरिएको आगोले चाहिँ राजा सिद्‌कियाहलाई सङ्केत गर्ला, जसले यहूदाका अन्तिम राजाको रूपमा सिंहासन ओगटे र जो आफ्ना जनहरूको निम्ति तिनीहरूको विनाशको कारण भए।

इस्राएली जातिले अन्य जातिहरूको जस्तै आफ्नो निम्ति एकजना राजाको चाहना गरेको थियो। तर यहाँ इजकिएलले तिनीहरूको राजतन्त्रको टुङ्गा केजस्तो हुने हो, सो देखाए। परमेश्‍वरले आफ्ना जनहरू संसारबाट फरक भएका चाहनुहुन्छ; तिनीहरू उहाँको निम्ति पवित्र जनहरू हुनुपर्छ; तिनीहरूले उहाँलाई नै आफ्ना राजाको रूपमा स्वीकार गर्नुपर्छ।

### द) इजकिएल २०:१-३२: इस्राएली जातिसँगको परमेश्‍वरको व्यवहार बिलकुल सही थियो भनेर पुष्टि गरिएको

#### अ) इजकिएल २०:१-९: मिस्र देशमा उहिले तिनीहरूले मूर्तिपूजा गरेका थिए

केही बूढ़ा प्रधानहरू इजकिएलकहाँ परमप्रभुबाट उहाँको इच्छाको सोधखोज गर्न आए; तर परमप्रभुले उनीहरूको सोधखोज गर्ने प्रस्ताब इन्कार गर्नुभयो। तर कहाँ-कहाँ उहाँको विरोधमा विद्रोह गरेर उनीहरू चुकेका थिए, सो कुरा उहाँले उनीहरूलाई सुनाउनुभयो र देखाइदिनुभयो। यी बूढ़ा प्रधानहरू निक्कै धर्मनिष्ठा र शास्त्रसम्मत व्यक्ति त थिए; किनकि उनीहरूले परमप्रभुबाट सोधखोज गरे, तर उनीहरूका हृदयहरू भने उहाँबाट टाढ़ा थिए। यसकारण बुझ्नुहोस्ः हाम्रा मूर्तिहरूले हामीलाई परमप्रभुबाट हाम्रा प्रश्‍नहरूको उत्तर पाउनदेखि रोक्दा रहेछन्। अनि जब परमेश्‍वरले हामीलाई हाम्रा पापहरू थाहा गराउनुहुन्छ र आफ्नो अनुग्रह देखाएर हामीलाई पश्‍चात्तापमा डोर्‍याउनुहुन्छ, तब हामीमध्ये धेरैजनालाई यो दिक्क लाग्छ। तब कतिले 'हामी यो धेरै पल्ट सुन्दै आएका हौं' भन्छन्, अरूले 'बाइबलमा आज्ञाहरू र निषेधहरू मात्र छन्' भन्छन्, फेरि अरूले 'बाइबलमा हामीलाई दोष्याउने कुराबाहेक अरू केही पनि छैन' भन्छन्। हामी परमेश्‍वरको वचनप्रति उचित प्रतिक्रिया जनाउनुपर्नेथियो, तर हाय, हामीलाई! किनकि यसको सट्टामा हामी मनतातो रहन्छौं। यो हाम्रो समस्या हो; यो कति खतरा हो!!

आउनुहोस्, हामी इस्राएलीहरूको कुरा गरौंः तिनीहरूले मिस्र देशमा मूर्तिपूजा गर्दैथिए (२०:४-८[क]); तर परमेश्‍वरले तिनीहरूलाई तिनीहरूको मूर्तिपूजाको खातिर दण्ड दिनुभएन, यस हेतुले कि अन्यजातिहरूले उहाँको नामको निन्दा गर्न नपाऊन् (२०:८[ख]-९)।

#### आ) इजकिएल २०:१०-१७: तिनीहरूले परमेश्‍वरका विश्रामदिनहरू अपवित्र तुल्याएका थिए

अनि इस्राएली जातिले उजाड़स्थानमा परमेश्‍वरका विश्रामदिनहरू अपवित्र तुल्याएको थियो (२०:१०-१३[क])। तर परमप्रभुले फेरि पनि आफ्नो क्रोध नियन्त्रणमा राख्नुभयो र तिनीहरूलाई नाश गर्नदेखि जोगाइदिनुभयो, यस हेतुले कि अन्यजातिहरूले खिसी गर्न नपाऊन् (२०:१३[ख]-१७)।

### इ) इजकिएल २०:१८-२६: तिनीहरूले उजाड़स्थानमा विद्रोह गरेका थिए

यस खण्डमा तिनीहरूको पहिलो पुस्ताका मानिसहरूले उजाड़स्थानमा कसरी विद्रोह गर्दैथिए, त्यो कुरा उहाँको सम्झनामा आयो (२०:१८-२१[क]); तर फेरि पनि परमेश्वरले तिनीहरूको विरुद्धमा आफ्नो क्रोध थाम्नुभयो (२०:२१[ख]-२६)।

### ई) इजकिएल २०:२७-३२: इस्राएलीहरूले घोर मूर्तिपूजा गरेका थिए

ओहो, प्रतिज्ञाको देशमा आएर तिनीहरू के डरलाग्दो मूर्तिपूजामा लागिपरे, यहाँसम्म कि तिनीहरूले आफ्ना छोराहरूलाई होम गर्थे, अर्थात् यिनीहरूलाई नरबलिको रूपमा चढ़ाउँथे!

### न) इजकिएल २०:३३-४४: अन्तमा तिनीहरूको पुनर्स्थापना हुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको

**इजकिएल २०:३३-३८:** तर यी यहूदीहरूमा अन्यजातिहरूले जस्तै काठ र ढुङ्गाको पूजा गर्ने प्रयासहरू नित्य भइरहे ता पनि परमेश्वरले कहिल्यै तिनीहरूलाई सधैंको निम्ति अन्यजातिहरूजस्तै हुन दिनुभएन (२०:३२)। तिनीहरू निर्वासनमा परेका जातिहरूबाट उहाँले तिनीहरूलाई फेरि भेला गर्नुहुनेथियो; उहाँले तिनीहरूलाई तिनीहरूको न्याय गर्न आफ्नो सामु खड़ा गराउनुहुनेथियो; उहाँले धर्मी जनहरूलाई ग्रहण गर्नुहुनेथियो (२०:३७), तर तिनीहरूलाई शुद्ध पारेर तिनीहरूको बीचबाट विद्रोहीहरूलाई निकाल्नुहुनेथियो (२०:३८)।

**इजकिएल २०:३९-४४:** जब यो जाति इस्राएल देशमा फेरि स्थापित हुनेछ, तब तिनीहरूले अबदेखि उप्रान्त कहिल्यै मूर्तिहरूको पूजा गर्नेछैनन्, तर तिनीहरूले पवित्रतामा परमप्रभुको आराधना र सेवा गर्नेछन् (२०:३९-४४)।

प्रेरित यूहन्नाले दिएको निम्न सल्लाह अमर छः *'हे साना नानीहरूहो, आफूलाई मूर्तिहरूबाट जोगाइराख !'* (१ यूहन्ना ५:२१)।

### प) इजकिएल २०:४५-२१:३२: चाँड़ै आउन लागेको आक्रमणको निम्ति प्रयोग गरिएका चित्रहरू

#### अ) इजकिएल २०:४५-४९: परमप्रभुले दक्षिण वनमा लगाउनुभएको आगो यसको निम्ति एउटा सङ्केत-चिन्ह थियो

हिब्रू बाइबलमा पैंतालिस पदचाहिँ एक्काइस अध्यायको शुरुको पद हो। अनि साँच्चै त्यहीं बीस अध्याय र एक्काइस अध्यायको बीचमा छुट्टाउन उपयोगी देखिन्छ। इजकिएल २०:४५-४९ पदको खण्डमा दक्षिणको विरोधमा एउटा भविष्यवाणी छ; हिब्रूमा दक्षिणलाई 'नेगेव' भनिन्छ, अनि यो इलाका यहूदामा पर्थ्यो। यस भविष्यवाणीअनुसार यो भूभाग वनको डढ़ेलोरूपी बेबिलोनी आक्रमणद्वारा नष्ट पारिनेथियो।

#### आ) इजकिएल २१:१-१७: परमप्रभुले तरवार थुत्नुभएको कुरा यसको निम्ति अर्को सङ्केत-चिन्ह थियो

**इजकिएल २१:१-७:** परमेश्वरले म्यान-बाट थुतेको आफ्नो धारिलो तरवारको चित्रण प्रयोग गरेर यहूदा र यरूशलेम नष्ट गर्ने आफ्नो सुदृढ़ सङ्कल्प व्यक्त गर्नुभयो। अनि इजकिएलको सुस्केराको अर्थचाहिँ? उनको सुस्केराले मानिसहरूलाई परमेश्वरको आउँदै गरेको न्यायको भयानकताको विषयमा चेताउनी दिनु थियो।

**इजकिएल २१:८-१७:** बेबिलोनरूपी तरवार काटमार गर्नको निम्ति तयार थियो

(२१ः८-१३), र त्यसले परमप्रभुको क्रोध शान्त पार्नेथियो (२१ः१४-१७)। यस खण्डमा विशेष गरी दस पदको ग) खण्ड र तेह्र पदको अर्थ लगाउन गाह्रो छ। यहाँ व्यक्त गर्न खोजेको कुरा यस प्रकारको हुन सक्छः पक्का पनि योचाहिँ यहूदाको निम्ति मोजमज्जा गर्ने समय थिएन। अनि एन.के.जे.वी.अनुसार तिनीहरूमा पहिला प्रयोग गरिएका ताड़नाका साधनहरू तिनीहरूले काठका सम्झेर घृणा गर्थे। यसकारण अब तिनीहरूले फलामले बनेको तरवार चाख्नेथिए, अनि यहूदारूपी त्यो तुच्छ ठान्ने राजदण्ड अबदेखि उसो रहनेछैन भन्ने सम्भावना जारी नै थियो।

### इ) इजकिएल २१ः१८-३२ः दोबाटोमा लगाइएको सड़क-चिन्हचाहिँ यसको निम्ति अर्को सङ्केत-चिन्ह थियो

**इजकिएल २१ः१८-२४ः** त्यसपछि बेबिलोनका राजा आफ्नो सेनाको साथमा इस्राएल देशतर्फ आइरहेका देखिन्छ। अनि तिनी एउटा दोबाटोमा आएका रहेछन्; एउटा सड़क-चिन्हमाथि यरूशलेमको नाम र अर्को सड़क-चिन्हमा अम्मोनको राजधानी रब्बाको नाम लेखिएको थियो। तब तिनको निम्ति प्रश्न उठ्योः तिनले पहिले कुन शहर आक्रमण गर्ने ? अनि तिनले तीनवटा तरिकाले जोखना हेरेः क) तिनले यरूशलेमको निम्ति एउटा काँड़माथि र रब्बाको निम्ति अर्को काँड़माथि एउटा चिन्ह लगाए; ख) तिनले आफ्ना घर-देवताहरूसँग सल्लाह लिए; ग) तिनले कुनै मारिएको जवानरको कलेजोमा हेरे। अनि निर्णय के भयो ? पहिले यरूशलेम आक्रमण गर्ने भयो !

**इजकिएल २१ः२५-२७ः** पच्चीस पदमा ती इस्राएलका भक्तिहीन, दुष्ट शासकचाहिँ राजा सिद्‌कियाह थिए। यिनको हातबाट राजाको पद च्युत हुने भयो; यिनी मसीह नआएसम्म परमेश्वरका जनहरूमाथि अन्तिम राजा थिए, किनकि ख्रीष्टसँग त्यो शासन गर्ने अधिकार थियो। यस सम्बन्धमा श्री म्यात्यु हेनरीले निम्न टिप्पणी गरेका छन्ः

> 'राजा सिद्‌कियाहपछि ख्रीष्ट नआएसम्म दाऊदको घरानामाथि कुनै राजा हुनेथिएनन्; किनकि राज्य गर्ने अधिकार ख्रीष्टको थियो; उहाँ ती दाऊदको वंश हुनुहुन्थ्यो, जसको विषयमा प्रतिज्ञा गरिएको थियोः "म त्यो उहाँलाई दिनेछु।" उहाँमा त्यो प्रतिज्ञा सम्पूर्ण रूपले पूरा हुनेछः "उहाँका पिता दाऊदको सिंहासन उहाँको हुनेछ" (लुका १ः३२)। ...। अनि परमेश्वरको प्रतिज्ञाअनुसार उहाँसँग राज्यको अधिकार मात्र कहाँ हो र ! तर "म यो उनलाई दिनेछु" भन्ने वचनअनुसार उचित समयमा राज्य उहाँको हुने नै छ। उहाँले आफ्नो यस अधिकारबाट केही छोड्नुभन्दा त बरु संसारका सबै कुराहरूको ढलपल र उथलपुथल हुनु सम्भव थियो; अनि यो सुनिश्चित छ, कि उहाँको बाटो चेक्न खड़ा हुने सबै अवरोधहरू हटाइनेछन्, र यी बाधाहरूले उहाँको निम्ति आफ्नो बाटो छोड्नुपर्नेछ (दानियल २ः४५ र १ कोरिन्थी १५ः२५)। यो कुरा यहाँ किन उल्लेख गरिएको छ ? यो तिनीहरूको निम्ति लेखिएको छ, जो दाऊदको निम्ति गरिएको यो प्रतिज्ञा सदाको निम्ति विफल होला त नि भन्ने डरले ग्रस्त हुन्छन्, तिनीहरूलाई सान्त्वना मिलोस भनेर। किनकि परमेश्वर के भन्नुहुन्छ ? "होइन, होइन, यो प्रतिज्ञा पक्का र सुनिश्चित छ; किनकि मसीहको राज्य सदा-सर्वदा रहिरहनेछ"।' **19)**

**इजकिएल २१ः२८-३२ः** त्यसपछि अम्मोनीहरूमाथि बेबिलोनका राजाको हमला पर्नेथियो। अनि तिनीहरू पूर्ण रूपले नामेट हुनेथिए।

इतिहास र वर्तमान घटनाहरूका वृत्तान्त-हरूमा परमेश्वरले कसरी मानिसका सरकारहरू पल्टाउनुभएको, सो उदाहरणहरू प्रशस्त छन्; अनि यो ख्रीष्ट येशूको दोस्रो आगमन नभएसम्म हुँदै गर्नेछ।

### फ) इजकिएल २२ः यरूशलेमको अशुद्धताको विषयमा दिइएका तीनवटा दिव्य वाणीहरू

**इजकिएल २२ः१-१२ः** यहाँ यरूशलेमका पापहरूको सूचि प्रस्तुत गरिएको छः रक्तपात गरिएको (३ र ९ पद), (हुन सक्छ, यसको सन्दर्भअनुसार यसमा नर-बलिहरूको अर्थ लाग्छ कि ?), र मूर्तिपूजा गरिएको (३-४ पद); हत्या गरिएको (६ पद); बुबाआमा-हरूलाई अपमान गरिएको; परदेशीहरू, अनाथहरू र विधवाहरूको थिचोमिचो गरिएको (७ पद); मन्दिरलाई अशुद्ध पारिएको र विश्रामदिनहरू अपवित्र तुल्याइएका (८ पद); निन्दा, मूर्तिपूजा र कामुक कामहरू गरिएका (९ पद); व्यभिचार गरिएको (१० पद); परस्त्रीगमन र कौटुम्बिक व्यभिचार गरिएका (११ पद); घूसखोरी, सुदखोरी र बलमिचाइ गरिएका, साथै परमप्रभु तिनीहरूका परमेश्वरलाई बिर्सिएको (१२ पद)।

**इजकिएल २२ः१३-२२ः** तेह्रदेखि सोह्र पदहरूअनुसार नीच कमाइद्वारा गरिएको तिनीहरूले नाफा खाएका र रक्तपात गरेका तिनीहरूका यी पापहरूको खातिर यहूदीहरू जातिहरूको बीचमा तितरबितर हुनेथिए। अनि यरूशलेमले धातु खार्ने भाँड़ाको भूमिका खेल्नेथियो, जुन भाँड़ामा यसका मानिसहरू मूल्यहीन धातुको मैलाझैं पग्लिनेथिए (२२ः१७-२२)।

**इजकिएल २२ः२३-२४ः** परमप्रभुले इजकिएललाई इस्राएल देशलाई भन्न लगाउनुभयो, कि यसको हालत उराठलाग्दो थियो। यस देशको निम्ति यसको अर्थ के थियो, यस सम्बन्धमा श्री जोह्न बी. टेलरले निम्त स्पष्टीकरण दिएका छन्ः

> ‘यस दिव्य वाणीमा यस देशको अवस्था वर्षाका आशिषहरूदेखि वञ्चित भएको वर्णन गरिएको छ। धेरैजसो टिप्पणीकारहरू चौबीस पदमा ‘सेप्टुवाजिन्ट’ नामक ग्रीक अनुवादको पछि लाग्न रुचाउँछन्, जहाँ यो पद यस प्रकारले अनुवाद गरिएको छः“तँ त्यो देश होस्, जसमाथि क्रोधको दिनमा न पानी परेको छ, न झरी बर्सिएको छ;” जहाँ ‘शुद्ध पारिएको छैन’ भन्ने वाक्य ‘पानी परेको छैन’ पो भएछ।’ [20]

**इजकिएल २२ः२५-३१ः** यस समाजका सबै वर्गका मानिसहरू परमप्रभुको सामुन्ने दोषी थिएः तिनीहरूका शासकहरू (२५ पद), (के.जे.वी.मा र एन.के.जे.वी.मा ‘भविष्य-वक्ताहरू’ भनेर अनुवाद गरिएको छ, तर ‘सेपटुवाजिन्ट’मा ‘शासकहरू’ भनेर अनुवाद गरिएको छ) [21]; तिनीहरूका पूजाहारीहरू (२६ पद); तिनीहरूका न्यायाधीशहरू (पद २७); तिनीहरूका भविष्यवक्ताहरू (२८ पद); यस देशका मानिसहरू (२९ पद)। तिनीहरूको बीचमा एकजना धर्मी मानिसलाई भेट्टाउन सकिँदैनथियो, अहँ, परमेश्वरको पक्षमा उभिने एकजना धर्मसुधारक वा मध्यस्थलाई भेट्टाउन सकिँदैनथियो (२२ः३०-३१)।

परमेश्वर नयाँ-नयाँ तरिका, पद्धति वा कार्यक्रमहरू खोज्नुहुन्न; होइन, उहाँ त सधैं धाँदोमा उभिने मानिसलाई पो खोज्दै हुनुहुन्छ। ओहो, एकजना मानिसले कतिको भिन्नता ल्याउन सक्दो रहेछ !

### ब) इजकिएल २३ः दुईजना दिदीबहिनीको दृष्टान्त, जो वेश्या थिए

#### अ) इजकिएल २३ः१-१०ः दिदी ओहोला

**इजकिएल २३ः१-४ः** यो दुईजना दिदी-बहिनीको दृष्टान्त हो, जो वेश्या थिएः दिदीको नाम ओहोला थियो र त्यसकी बहिनीको नाम ओहोलिबा थियो। अनि यस दृष्टान्तमा दिदी ओहोलाचाहिँ सामरिया थिई भने, बहिनी ओहोलिबाचाहिँ यरूशलेम थिई।

**इजकिएल २३ः५-१०ः** ओहोला नामको अर्थ 'त्यसको आफ्नै पाल छ' हो। किनकि सामरियाको आफ्नै पूजा-केन्द्र थियो। तर परमेश्वरको मन्दिरचाहिँ यरूशलेममा अवस्थित थियो।[22] ओहोलाले अश्शूरका सुन्दर-सुन्दर घोड़चढ़ीहरूसित वेश्याकर्म गरी। यसकारण परमेश्वरले त्यसलाई त्यसका प्रेमीहरूको हातमा छोड़िदिनुभयो, र तिनीहरूले त्यसको नग्नता उघारिदिए र त्यसलाई तरवारले मारे।

### आ) इजकिएल २३ः११-२१ः बहिनी ओहोलिबा

ओहोलिबा नामको अर्थ 'मेरो पाल यसैमा छ' हो; यसले आफ्नो मूर्तिपूजारूपी वेश्याकर्म र कामुकतामा ज्यादा गरी र त्यसमा आफ्नी दिदीलाई उछिनी। पहिले इस्राएलले गरेजस्तो यसले अश्शूरीहरूको चाहना गरी (२३ः१२-१३)। त्यसपछि यो ओहोलिबा भित्तामा कोरिएका पुरुषहरू, सिन्दुरे रङ्गमा कोरिएका कल्दीहरूका नक्साहरूले मोहित भई। यसले तिनीहरूको चाह गरी र तिनीहरूकहाँ आफ्ना दूतहरू पठाई, जसले तिनीहरूलाई इस्राएल देशमा आउने निम्तो दिए (२ राजा १६ः७)। यसले मिस्र देशमा आफ्नो युवा-अवस्थाका पापहरू सम्झी; यसकारण यसले आफ्नो वेश्यावृत्ति झन् बढ़ाई र आफूलाई बेबिलोनी-हरूको इच्छामा सुम्पी, जसले यससित घोर भ्रष्टाचार गरे।

### इ) इजकिएल २३ः२२-३५ः बेबिलोनी-हरूको आक्रमण

यस कुव्यवहारको फलस्वरूप परमेश्वरले ओहोलिबालाई यसका बेबिलोनी प्रेमीहरूको हातद्वारा नष्ट गर्नुहुनेथियो। अनि जुन मनमोहक र खाइलाग्दा युवाहरूलाई यसले लालसा गरी, ती युवाहरूले यससित घृणाको व्यवहार गर्नेथिए। यसले परमेश्वरमा होइन, तर काम-वासनाको संसारमा तृप्ति पाउने कोशिश गरी। अब यसका पापहरूको न्याय हुनुपर्नेथियो, यसले ती पापहरूको निम्ति सजाय पाउनुपर्नेथियो। तेत्तीस र चौतीस पदमा मनको खिन्नता र निराशाका लक्षणहरू पेश गरिएका छन्, जुन लक्षणहरू आज हामी चारैतिर देखिरहेका छौं। यसकारण प्रिय भाइबहिनीहरूहो, बुझ्नुहोस्ः हामीले ख्रीष्ट येशूबाट परमेश्वरको जीवनको पानी पिउनु-पर्छ; तब हामीलाई कहिल्यै फेरि तिर्खा लाग्नेछैन नै।

### ई) इजकिएल २३ः३६-४९ः ओहोला र ओहोलिबाको न्याय

दुवै दिदी र बहिनी एकै किसिमका पापहरूको विषयमा दोषी थिएः तिनीहरूले शारीरिक र आत्मिक व्यभिचार गरेका थिए; तिनीहरूले हत्या गरेका थिए; तिनीहरूले नर-बलिहरू चढ़ाएका थिए (३७ पद); तिनी-हरूले मन्दिर अशुद्ध पारेका थिए; तिनीहरूले विश्रामदिन अपवित्र तुल्याएका थिए (३८ पद); तिनीहरूले परमेश्वरको सेवामा मूर्तिपूजा मिसाएका थिए (३९ पद); तिनीहरूले देश-देशहरूसँग वेश्यावृत्ति गरेर आत्मिक व्यभिचार गरेका थिए (२३ः४०-४४)। अनि धर्मी मानिसहरूले अर्थात् परमेश्वरले छान्नुभएका जातिहरूले यी दिदी-बहिनीहरूबाट तिनीहरूका कामुकताको निम्ति बदला लिनेथिए र यिनीहरूलाई उचित दण्ड दिनेथिए (२३ः४५-४९)।

यहूदाको धर्म एउटा मिश्रित धर्म थियो; किनकि परमप्रभुको सेवामा यसले मूर्तिपूजा र बहुदेववाद, सर्वात्मवाद आदि मिसाएको थियो। दुःखको कुरा के हो भने, वर्तमान इसाई धर्म-जगत् प्रायः पवित्र बाइबलका तत्त्वहरूको साथै यहूदी धर्म, बहुदेववाद, सर्वात्मवाद, हिन्दू धर्म, बुद्ध धर्म लगायत मानवतावाद र मनोविज्ञानको मिश्रण हुँदो रहेछ।

### भ) इजकिएल २४:१-१४: उम्लिरहेको कराहीको दृष्टन्त

यता यरूशलेमको घेराबन्दी शुरु भएको दिनमा उता इजकिएलले पानी उम्लिरहेको कराहीको दृष्टान्त सुनाए। यस दृष्टान्तमा त्यो भाँड़ा यरूशलेम थियो; अनि त्यसमा हालिएका मासुका टुक्राहरू यसका मानिसहरू थिए। अनि त्यस भाँड़ाको पानी उम्लिनै लागेको थियो। त्यस कराहीमा कसर थियो, वा खिया लागेको थियो, जसको अर्थ मूर्तिपूजारूपी कामुकता थियो। अनि त्यो भाँड़ा रित्तो भएपछि त्यो फेरि आगोमा बसाउनु थियो, यस हेतुले कि त्यसको कसर त्यसबाट हटिजाओस्। यसरी नै परमप्रभुले आफ्ना जनहरूलाई मूर्तिपूजाबाट शुद्ध पार्न खोज्नुभयो।

### म) इजकिएल २४:१५-२७: इजकिएलकी पत्नीको मृत्यु एउटा चिन्ह भएको

**इजकिएल २४:१५-१८:** *'हे मानिसको छोरा, हेर, एउटै प्रहारले म तिम्रा आँखाहरूको चाहना तिमीबाट उठाएर लैजानेछु'* भनेर परमप्रभुले इजकिएललाई उनका आँखा-हरूको चाहना अर्थात् उनकी पत्नीको मृत्युको विषयमा पूर्वजानकारी दिनुभयो। अनि त्यही दिनको साँझमा तिनी मरिन्, तर दिव्य आज्ञा-अनुसार उनलाई तिनको निम्ति शोक गर्न दिइएन। यो कति अस्वाभाविक कुरा थियो!

**इजकिएल २४:१९-२४:** अनि जब मानिसहरूले उनको यस अनौठो व्यवहारको अर्थ के हो, सो जान्न चाहे र उनलाई यसको विषयमा सोधे, तब उनले तिनीहरूलाई निम्न जवाफ दिए: जब तिनीहरूका आँखाको चाहना अर्थात् तिनीहरूको मन्दिर नष्ट गरिनेथियो, र तिनीहरूका छोराछोरीहरू मारिनेथिए, तब तिनीहरूले शोक गर्न पाउनेथिएनन्।

*'प्रभु यहोवा म नै हुँ भनेर तिमीहरूले जान्नेछौ।'* जब कुनै भविष्यवाणी पूरा भएको हुन्छ, तब यसमा एउटा उद्देश्य यही हो: संसारका मानिसहरूले परमप्रभु परमेश्वर को हुनुहुँदो रहेछ, सो जान्नेछन् (२४ पद)।

**इजकिएल २४:२५-२७:** अबदेखि इजकिएलले यहूदाको निम्ति त्यस दिनसम्म कुनै भविष्यवाणी गर्न पाउँदैनथिए, जुन दिनमा एकजना उम्केको भगुवाले उनलाई तिनीहरूको शरणस्थान ढलेको खबर सुनाउनेथियो। अनि त्यो घटना इजकिएल ३३:२१-२२ पदहरूमा उल्लेख गरिएको छ। यसको बीचमा रहेका अध्यायहरू अर्थात् इजकिएल २५-३२ को खण्डचाहिँ यहूदाको विषयमा होइन, ती अन्यजाति राष्ट्रहरूको विषयमा गरिएका भविष्यवाणीहरू हुन्।

# खण्ड ३

# इजकिएल २५-३२:

## सातवटा अन्यजाति राष्ट्रहरूको विरुद्धमा गरिएका भविष्यवाणीहरू

यी अध्यायहरूमा हामी सातवटा जाति-हरूमाथि आइपर्ने परमेश्वरको न्यायको बारेमा पढ्न पाउँछौं। यी राष्ट्रहरूको न्याय किन गरिन्छ? किनकि यिनीहरूले परमेश्वरको विरुद्धमा कुनै न कुनै तरिकाले विद्रोह गरेका थिए। यी जातिका मानिसहरू परमेश्वरका जनहरूको सम्पर्कमा रहेका थिए; यिनीहरूले उहाँको बारेमा धेरथोर जानेका थिए, तर यिनीहरूले उहाँकहाँ फर्कन चाहँदैनथिए। आउनुहोस्, हामी यो खण्ड नजिकबाट

नियालेर हेरौं; किनकि परमेश्वरका चाल र व्यवहारहरूले सधैं, चाहे न्यायमा होस्, चाहे अनुग्रहमा होस्, उहाँका विचारहरू प्रकट गर्दा रहेछन् ।

**क) इजकिएल २५:१-७: अम्मोनको विरुद्धमा गरिएको भविष्यवाणी**

पहिलो राष्ट्र अम्मोन थियो, जसको विषयमा परमेश्वरको न्यायको फैसला यहाँ सुनाइन्छ। अम्मोनीहरू परमेश्वरको पवित्र-स्थानको विनाशको विषयमा, इस्राएल र यहूदाको पतनको विषयमा र तिनीहरू बेबिलोनको कैदमा लगिएको विषयमा रमाएका थिए; यसकारण यिनीहरू बेबिलोनीहरूद्वारा, ती पूर्वका मानिसहरूद्वारा नष्ट हुनेथिए । अनि रब्बा ऊँटहरूको तबेला बन्नेथियो र अम्मोन देश भेड़ाबाख्राहरूको विश्रामको थलो हुनेथियो ।

**ख) इजकिएल २५:८-११: मोआबको विरुद्धमा गरिएको भविष्यवाणी**

परमेश्वरको न्यायको फैसला सुन्नुपर्ने दोस्रो राष्ट्र मोआब थियो, जसले सेईरको साथमा यहूदाप्रति शत्रुभावले पूर्ण व्यवहार गरेको थियो । मोआब देश बेबिलोनीहरूको निम्ति खुला रहनेथियो, अनि त्यसको भाग्य अम्मोनीहरूको जस्तै हुनेथियो। त्यसका इलाकाहरू शहरहरूरहित पारिनेथिए; अनि मोआबले 'परमप्रभु नै परमेश्वर हुनुहुँदो रहेछ' भन्ने कुरा जान्नेथियो ।

**ग) इजकिएल २५:१२-१४: एदोमको विरुद्धमा गरिएको भविष्यवाणी**

अनि तेस्रो राष्ट्र एदोम थियो । यस देशले यहूदाको घरानाबाट बदला लिएको थियो; यसकारण परमप्रभु परमेश्वरले भन्नुभयोः यसले उहाँको बदला के हो, सो चाख्नु-पर्नेथियो ।

**घ) इजकिएल २५:१५-१७: पलिस्ती देशको विरुद्धमा गरिएको भविष्यवाणी**

पलिस्तीहरू चौथो जाति थिए । तिनीहरूले यहूदालाई नित्य घृणा गर्थे; यस घृणाले तिनीहरूमाथि परमप्रभुको बदला निम्त्याएको थियो ।

जसले परमेश्वरका जनहरूलाई छुन्छ, त्यसले परमेश्वरलाई छोएको छ भन्ने कुरा यी राष्ट्रहरूले सिक्नेथिए; ठीक त्यस्तै आज इसाईहरूको छिद्रन्वेषण गर्ने काममा संलग्न हुनेहरूले पनि एक दिन 'ख्रीष्ट-विश्वासीहरू परमेश्वरका आँखाका नानीहरू हुन्' भन्ने कुरा सिक्नेछन् । परमेश्वरका जनहरू पापमा फसे र यसको निम्ति उनीहरूले सजाय भोग्नुपरे पनि यो कुरा सत्य रहन्छ। हामी सबै किसिमको द्वेषपूर्ण आनन्द, अरूको दुःखमा रमाउने, प्रतिशोध गर्ने वा बदला लिने भावनाहरूबाट होशियार बस्नुपर्छ। तर इजकिएलले गरेजस्तै हामीले बरु अरू विश्वासीहरूका पापहरूको विषयमा विलाप गर्नुपर्छ, तिनीहरूको निम्ति अन्तर्विन्ती गर्नुपर्छ, तिनीहरूका पापहरू आफ्नै जस्तै मानिलिनुपर्छ ।

**ङ) इजकिएल २६:१-२८:२९: टायरको विरुद्धमा गरिएको भविष्यवाणी**

**अ) इजकिएल २६: टायरको विनाशको विषयमा गरिएको भविष्यवाणी**

**इजकिएल २६:१-२:** परमेश्वरको न्याय चाख्न पाउने पाँचौं पात्रचाहिँ टायर थियो, जुनचाहिँ भूमध्येसागरको तटमा अवस्थित भएको एउटा शहर थियो । टायरको सजायको घोषणाचाहिँ इजकिएल २६:१-२८:१९ पदसम्म जान्छ। टायर शहर व्यापारको महाकेन्द्र थियो; यसकारण जब त्यसले आफ्नो प्रतिद्वन्द्वी शहर यरूशलेमको पतन भएको खबर सुन्यो, तब त्यो शहर खूबै रमायो; किनभने

त्यसको विचारमा, अबचाहिँ सबै व्यापार त्यसको हुने भयो। बितेको समयमा यरूशलेमले व्यापारका सबै तल-मार्गहरू नियन्त्रण गर्दैथियो, र यरूशलेमको पतनको मतलब के थियो भने, अबचाहिँ टायरले मिस्र देश र अन्य दक्षिणी देशहरूसँग बड़ो स्वतन्त्रताको साथ व्यापारधन्ध गर्न सक्ने- थियो।

**इजकिएल २६ː३-११ː** यस शहरीय राज्यलाई सजाय दिन परमेश्वरले धेरै भिन्न जातिहरूलाई प्रयोग गर्नुहुनेथियो। अनि २६ː४-६ पदको खण्डमा व्यक्त गरिएको भविष्यवाणीहरू सबै अक्षरशः रूपले पूरा भए। पहिले बेबिलोनका राजा नबूकद्नेस्सर, जो राजाहरूका राजा[23] थिए, उत्तरबाट टायरको विरुद्धमा आइरहे, र तिनले त्यसको आक्रमण गरे (२६ː७-११)। त्यस शहरको घेराबन्दी धेरै लामो भयो र लगभग ख्रीष्टपूर्व ५८७ सालदेखि ५७४ सालसम्म रहिरह्यो। त्यस प्रख्यात शहर टायरले कस्तो-कस्तो घेराबन्दी भोग्नुपर्‍यो, यसको विषयमा श्री चार्ल्स ली फाइनबेर्गले निम्न सजीव चित्र दिएका छन्ः

'घेराबन्दीका पर्खालहरू, ढिस्का र ढालचाहिँ सुपरिचित कुराहरू थिए। त्योढाल वा टस्टुडो हामी कुन प्रकारले बुझ्नु ठीक होला ? त्योचाहिँ एउटा ढालहरूको छत पो थियो, जुन ढालरूपी छत शहरका पर्खालहरूबाट हानिएका गोलाको बर्साइबाट जोगाउन प्रयोग गरिन्थ्यो। युद्धका यन्त्रहरूचाहिँ शहरका पर्खालहरू भत्काउने यन्त्रहरू थिए। अनि यहाँ जुन बन्चराहरूको कुरा गरियो, यी बन्चराहरू अक्षरशः अर्थमा तरवारहरू थिए, यी बन्चराहरूको लाक्षणिक अर्थअनुसार सबै किसिमका लड़ाइँका हातहतियारहरू हुन सक्नेथिए। अनि कोही-कोही छन्, जसले दस पदको क) खण्ड एउटा अतिशयोक्ति ठानेका छन्; तर "त्यसका घोड़ाहरू अति धेरै भएका हुनाले तँ तिनीहरूको धूलोले छोपिनेछस्" भन्ने कुरा किन अक्षरशः रूपले पूरा हुन सक्दैन र ? किनभने शत्रुका घोड़चढ़ीहरूको भीड़ले गर्दा तिनीहरूले मूलढोका-हरूबाट त्यस शहरमा प्रवेश गर्दा त्यस शहरलाई धूलोले ढाक्नेथिए, साथै यी घोड़चढ़ीहरू र रथहरूको आवाजले पर्खालहरू हल्लिनेथिए। तिनीहरूले त्यसको हरेक सड़क कब्जा गर्नुपरेको थियो; अनि मानिसहरू तरवारले मारिनु थियो। अनि यहाँ जुन खाँबाहरूको विषयमा लेखिएको छ, ती खाँबाहरू खास गरी शिला-स्तम्भहरू थिए, अनि हुन सक्छ, सायद यी खाँबाहरू ती शिला-स्तम्भहरू थिए, जुन शिला-स्तम्भहरूको विषयमा इतिहासकार हेरोडिटसले निम्न कुरा लेखे होलान्ः ती शिला-स्तम्भहरू टायरमा हेराक्लेसको मन्दिरमा खड़ा थिए। एउटा शिला-स्तम्भचाहिँ सुनको थियो भने, अर्को शिला-स्तम्भचाहिँ हरितमणिको थियो, जसको चमक-दमक राति पनि देखिन्थ्यो; ती शिला-स्तम्भहरू टायरको मेल्कर्त देवताको निम्ति अर्पण गरिएका थिए (१ राजा ७ː१५ पदसित तुलना गर्नुहोस्)। अनि यी प्रभावशाली स्तम्भहरू बेबिलोनी आक्रमणकारीद्वारा ध्वस्त हुनेथिए।'[24]

**इजकिएल २६ː१२-१४ː** तर टायरका बासिन्दाहरू आफ्नो धनसम्पत्ति लिएर तटको नजिक अवस्थित भएको एउटा टापुमा भागे, जसको नाम पनि टायर भयो। तिनीहरू त्यहाँ आउँदा २५० वर्ष सुरक्षित रहे। त्यसपछि अलेक्जेन्डर-द-ग्रेट अर्थात् सिकन्दर महान्ले तलमा रहेको मूल शहरको भग्नावशेष, ढुङ्गा, माटो ठ्याकठुक सोहोरसाहर गरेर समुद्रमा फाले र त्यस टापुसम्म एउटा बाँध उठाए। ख्रीष्टपूर्व ३२२ सालमा सिकन्दर महान्का सिपाहीहरूले गरेको यस कार्यको वर्णन यस अनुच्छेदमा गरिएको हो। अनि आजदेखि एक सय वर्षअघि एकजना पर्यटकले टायरको भग्नावशेषको विषयमा निम्न कुरा लेखे, जुन कुरा दुरुस्त यस भविष्यवाणीअनुसारको थियोः

'यस टापुको लमाइचाहिँ एक माइलजत्ति होला। अनि भूसन्धिदेखि दक्षिणमा परेको त्यसको भागको चौधाइ सायद एक माइलको चार भागको एक भाग

होला; त्यो भाग चट्टानी छ र समथर छैन । त्यस टापुमा अहिले कोही बस्दैन, केही माछुवाहरू छोड़ेर, जसले यो जग्गा जालहरू फैलाउने ठाउँको रूपमा प्रयोग गर्छन् ।' 25)

**इजकिएल २६ : १५ -२१ :** टायरको पतनको खबरले अरू जातिहरूको बीचमा सन्त्रास र व्याकुलता उत्पन्न गर्नेथियो; किनकि तिनीहरूले तारिफ गरेको त्यसको सारा सुन्दरता नष्ट हुनेथियो । तर बीस पदमा यसरी लेखिएको छः *'अनि जीवितहरूको देशमा म महिमा स्थापित गर्नेछु ।'* यसर्थ परमेश्‍वरले जीवितहरूको देशमा अनन्त महिमा स्थापित गर्नुहुनेछ – त्यही राज्यमा, जुन राज्यका भागीदार ख्रीष्ट येशूमा हामी पनि भएका हौं । परमेश्‍वरलाई धन्यवाद होस् !

अहिलेसम्म टायरको पुनर्निर्माण फेरि कहिल्यै भएको छैन; यसरी एक्काइस पदको भविष्यवाणी पूरा भयो । श्री पिटर स्टोनरले 'साइन्स स्पीक्स' नामक आफ्नो पुस्तकमा के लेखेका छन् भने, टायरको विषयमा गरिएको यस सम्पूर्ण भविष्यवाणी र यसका सबै बेलीबिस्तारहरूको निम्ति सम्भाव्यताको नियम काममा लगाउनु हो भने, त यो भविष्यवाणी पूरा हुने सम्भावनाचाहिँ ०.००००२५ प्रतिशत वा चालीस करोड़मा एक थियो । 26)

### आ) इजकिएल २७ः टायरको विषयमा गाइएको विलाप-गीत

**इजकिएल २७ : १ - ९ :** टायरलाई यहाँ, यस खण्डमा एउटा सुन्दर पानीजहाजसँग तुलना गरिएको छ, जसको निर्माण भव्य थियो, जसका सामग्रीहरू सारा संसारभरिबाट आएका थिए । टायरचाहिँ संसारलाई जित्न सक्ने सैन्य शक्ति थिएन; होइन, टायरका बासिन्दाहरू व्यापारीहरू थिए । व्यक्तिगत लाभको निम्ति त्यहाँ सबै किसिमका व्यापारका मालहरू आउजाउ गरिन्थे र ज्ञान आदान-प्रदान गरिन्थ्यो । त्यो त ठिक्कै छ, र त्यसको विरोधमा भन्नु हाम्रो केही पनि छैन; तर बुझ्नुहोस्ः प्रभु येशूमा बाहेक अरू सबै सुन्दरता र ज्ञान खोक्रो छ । तपाईंले सारा संसार हात पारेर आफ्नो आत्माचाहिँ गुमाउनुभयो भने, तपाईंलाई के फाइदा भयो ? अनि तपाईंले आफ्नो आत्माको सट्टामा के दिनुहुन्छ त ? ( मत्ती १६ : २६ ) ।

**इजकिएल २७ : १० - ३६ :** अब टायरको सेनाको कुरा आयो । दस र एघार पदअनुसार त्यसको सेनामा फारस, लूद र पूतका सैनिकहरू समेत भर्ती भएका रहेछन्; ( फारस भन्नाले पर्सिया बुझिन्छ, लूद भनेको लिडियामा बस्ने जाति हो, अनि पूत भन्नाले लूबीहरू बुझिन्छ) । अनि सबै प्रकारका धनसम्पत्तिहरूमा त्यसको व्यापारको विशालता कहाँसम्म थियो, सो कुरा इजकिएल २७ : १२- १७[क] पदहरूको खण्डबाट देखिन्छ । तर के गर्ने ? २७ : २६[ख] र २७ पदअनुसार यो शहर त एउटा पूर्वीय बतासले भताभुङ्ग पो पार्नेथियो (यो पूर्वीय बतासचाहिँ बेबिलोनीहरू हुनेथिए) । यस शहरको पतनले गर्दा अरू देशहरू डरले आत्तिनेथिए र हल न चल हुनेथिए ( २७ : २८ - ३६ ) ।

### इ) इजकिएल २८ : १ - १९ : टायरका शासकको पतन

**इजकिएल २८ : १ - १० :** एक पददेखि छ पदसम्म टायरका शासकको घमण्ड, बुद्धि र धनसम्पत्तिको वर्णन गरिएको छ, अनि त्यसपछि २८ : ७ - १० पदको खण्डमा बेबिलोनीहरूद्वारा त्यसको विनाश बयान गरिएको छ । अनि पक्का पनि यी शासकले ख्रीष्ट-विरोधीलाई पूर्वचित्रण गरेका छन् ।

**इजकिएल २८ : ११ - १९ :** तर एघार पदमा विषयवस्तु बदलिएको छ र टायरको शासकबाट टायरको राजातिर सरेको छ ।

टायरको राजा त्यही आत्मा हो, जसले टायरका शासकलाई प्रेरणा दियो र तिनलाई चलायो। अनि टायरका राजा आफ्नो सुन्दरताको निम्ति प्रसिद्ध थिए; तर तिनको घमण्डको खातिर तिनी नष्ट भए।

तिनी परिपूर्णताको छाप वा आदर्श भएका, बुद्धिले भरपूर र सुन्दरतामा सिद्ध भएका, परमेश्वरको बगैंचा अदनमा उपस्थित भएका, तिनको पहिरन सबै प्रकारका बहुमूल्य मणिहरूको भएको, तिनी अभिषिक्त करूब भएका र परमेश्वरको पवित्र पर्वतमाथि खड़ा भएका ! ओहो, कुनचाहिँ महान् शासकको निम्ति यो सब एउटा सुहाउँदो, योग्य वर्णन ठहरिएला ? ठिक्कै छ, मानौं यहाँ साहित्यिक अतिशयोक्ति प्रयोगमा आएको होला, ता पनि यो वर्णन अति भव्य छ; त्यस बयानले जुनै पनि शासकको वैभव नाघेको छ।

यही कारणले बाइबल अध्ययन गर्ने धेरै विद्यार्थीहरू छन्, जसले २८ः११-१९ पद-हरूको खण्डमा शैतानलाई र स्वर्गबाट त्यसको पतन विवरण गरिएको देख्छन्। यस सम्बन्धमा श्री चार्ल्स ली फाइनबेर्गले निम्न स्पष्टीकरण दिएका छन्ः

'इजकिएलले यहाँ आफ्नो जमानाको अवस्था ध्यानमा राखेको देखिन्छ, र उनको मनन-चिन्तन टायरको शासकमाथि पुगेछ, जो मानिसहरूको अहम र भक्तिहीनताको मूर्त रूप थिए। तर जब उनले ती राजाका विचार र चालहरूमाथि नजर राखे, तब उनले तिनको पछाड़ि स्पष्ट रूपले एउटा प्रेरणादायक शक्ति र व्यक्ति भएको देख्न सके, जसले तिनलाई परमेश्वरको विरोधमा जान तिनको मनमा प्रेरणा गरिरहेको थियो। छोटकारीमा भन्नु हो भने, इजकिएलले शैतानको काम र त्यसका क्रियाकलाप-हरू देखे, जुन शैतानलाई टायरका राजाले धेरै प्रकारले अनुकरण गरिरहेका थिए। अनि तपाईंले मत्ती १६ः२१-२३ पदहरूमा बयान गरिएको घटना सम्झनुभयो भने, त्यहाँ हाम्रा प्रभु येशूले पत्रुसलाई हप्काउनुभएको कुरा उल्लेख गरिएको तपाईंलाई याद हुनेथियो। ख्रीष्ट येशूले यस धरतीमा आफ्नो सेवकाईभरि त्योभन्दा कड़ा शब्द कहिल्यै कसैसँग बोल्नुभएन। तर उहाँले बोल्नुभएको शब्दले पत्रुस शैतान बनेको अर्थ कहिल्यै लिएन। तर उहाँले भन्न खोज्नुभएको तात्पर्य के थियो भने, उहाँलाई गलगथा भनिने ठाउँमा जानदेखि रोक्न खोजेको पत्रुसको यस विरोध गर्ने कोशिशको पछाड़ि तिनलाई प्रेरणा दिलाउने दुष्ट आत्माहरूको शासक थियो। अनि यहाँ, यस ठाउँमा उस्तै किसिमको परिस्थिति भएको देखिन्छ। अनि कति उदारवादी टिप्पणीकारहरू छन्, जसले मानिलिएका छन्, कि यो खण्ड लेख्दाखेरि इजकिएलले आफ्नो मनमा टायरको कुनै महात्मा वा त्यस शहरको कुनै प्रतिभाशाली व्यक्तिको विषयमा सोचेको हुनुपर्ला, जुन व्यक्ति दानियलको पुस्तकमा प्रस्तुत गरिएका स्वर्गदूतहरूका प्रधान र शासकहरूजस्तै थियो, जसको जिम्मामा देशहरूका कामकुराहरू सुम्पिएका छन्।' 27)

शैतानको घमण्डले त्योजस्तै सबैभन्दा शक्तिशाली र बुद्धिमान् प्राणीलाई नष्ट गर्न यति घातक ठहरिएको थियो भने, हामी मरणशील मानिसहरू एकदम होशियार बस्नुपर्छः हामी कुनै हालतमा पनि प्रभुबाट अलग, आत्मनिर्भर भई हिँड्नुहुँदैन।

## च) इजकिएल २८ः२०-२६ः सिडोनको विरुद्धमा गरिएको भविष्यवाणी

**इजकिएल २८ः२०-२३ः** परमेश्वरको छैटौं न्यायको पात्र सिडोन थियो। यो शहरचाहिँ टायरको छेउमा, लगभग बीस माइलको दूरीमा अवस्थित भएको, भूमध्ये-सागरको तटमा स्थापित गरिएको एउटा शहर थियो। अनि परमेश्वरले यसको विषयमा चेताउनीको वचन बोल्नुभयोः उहाँले यो शहर महामारी र तरवारको वशमा सुम्पनुहुनेथियो। तर उहाँले 'यो शहर सधैंको निम्ति नष्ट हुनेछ' भन्ने वचन बोल्नुभएन। यसकारण आजको दिनमा सिडोन अझै पनि लेबानोन देशको

एउटा शहरको रूपमा रहेको छ; तर पवित्र बाइबलमा उल्लेख गरिएको टायर शहरको अस्तित्व पूरा मेटिएको छ (हेर्नुहोस् इजकिएल २६ः२१)।

**इजकिएल २८ः२४-२६ः** यी पदहरूमा इस्राएली जातिको पुनर्स्थापनाको विषयमा भविष्यवाणी गरिएको छ; अनि जब परमप्रभु परमेश्वरले यस पृथ्वीमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ, तब तिनीहरूको पुनर्स्थापना हुनेछ।

### छ) इजकिएल २९-३२ः मिस्र देशको विरुद्धमा गरिएको भविष्यवाणी

अनि विभिन्न जातिहरूका न्यायहरूको विषयमा दिइएको यस सूचिमा सातौं र अन्तिम राष्ट्र मिस्र देश थियो (इजकिएल २९-३२)। अनि मिस्र देशमाथि आइपर्ने न्यायहरू सबैभन्दा कड़ा, निर्मम न्यायहरू थिए। नील नदीविना मिस्र देश मुर्दा हुनेथियो; यसकारण नील नदीको वरिपरि बसेका मानिसहरूको आँखामा जीवन कति प्यारा भएको हुनुपर्ला भन्ने विचार गर्न स्वाभाविक हो; तर हामीले सोचेको जस्तो भएन। मिस्र देश त मृत्युको देश पो थियो। त्यसको सबैभन्दा प्रसिद्ध पुस्तक 'मृतकहरूको पुस्तक' हो। अनि त्यसका सबैभन्दा ठूला स्मारकहरू त्यसका पिरामिडहरू हुन्, जुन पिरामिडहरू विशाल चिहानहरू हुन्। त्यसका राजाहरूले ससाना दरबारहरू, तर ठूला-ठूला चिहानहरू बनाउँथे, अनि तिनीहरूका लास-हरूमा, तिनीहरूले चिहानमा आफ्नो समय आनन्दमा बिताऊन् भन्ने हेतुले सुगन्धित द्रव्य लगाए! आत्मविश्वासले भरिएर मिस्री मानिसको हृदय मृत्युबाट अप्रभावित हुन्थ्यो। यसकारण मिस्र देशमाथि परमेश्वरको न्याय आइपरेको थियो। अनि पवित्र बाइबलमा मिस्र देशले चाहिँ संसारलाई चित्रण गर्छ, विशेष गरी परमेश्वरविना जिउने संसारका मानिसहरूलाई चित्रण गर्छ।

### अ) इजकिएल २९ः फाराओ र तिनको प्रजाको विरुद्धमा गरिएको आम-धम्की

**इजकिएल २९ः१-१२ः** यस अध्यायका शुरुका पाँचवटा पदहरूमा फाराओलाई नील महानदीको गोहीसँग तुलना गरिएको छ। यो गोही घमण्डी थियो, तर अदूरदर्शी थियो। यस दिव्य वाणीमा माछाहरूचाहिँ मिस्र देशका मानिसहरू हुन्। परमेश्वरले सबैलाई सजाय दिनुहुनेथियो। अनि इस्राएली जातिले मिस्र देशबाट सहायता पाउन त्यस देशमाथि भरोसा गऱ्यो, तर हाय यसलाई; किनकि यसले एउटा भाँचिएको निगालोमाथि पो भर परेको थियो (२९ः६-९[क])। मिस्र देशले सबैभन्दा गम्भीर सजाय भोग्नेथियो; किनभने त्यो देश भरपर्दो थिएन, र हर प्रकारले अविश्वासयोग्य थियो। हे ख्रीष्ट-विश्वासी भाइबहिनीहरूहो, के हामीमा पनि यस्तो दोष र खोटपूर्ण चरित्र छ? तब प्रभुको सहायता लिएर हामी बदलिनु आवश्यक छ। किनकि उहाँ चरित्र परिवर्तन गर्ने काममा निपुण हुनुहुन्छ।

फाराओको घमण्डको खातिर मिस्र देश चालीस वर्षसम्म उजाड़ रहनेथियो (२९ः९[ख]-१२)।

**इजकिएल २९ः१३-२१ः** त्यसपछि परमेश्वरले मिस्रीहरूलाई भेला पार्नुहुनेथियो, तर मिस्र देश फेरि कहिल्यै एउटा ठूलो राज्य हुनेथिएन, अनि इस्राएली जातिले फेरि कहिल्यै सहायताको निम्ति त्यसको बाटो हेर्नेथिएन (२९ः१३-१६)। राजा नबूकद्‌नेस्सरले टायर घेरामा हाल्न घोर परिश्रम गरेका थिए, तर यसको निम्ति तिनले कुनै ज्याला पाएका थिएनन्; (किनभने टायरका मानिसहरू आफ्नो धनसम्पत्ति लिएर टापुमा खड़ा भएको किल्लामा भागे)। यसकारण परमेश्वरले तिनलाई तिनको मिस्र देश ज्यालाको रूपमा दिनुहुनेथियो (२९ः१७-२०)। अनि राजा

नबूकद्नेस्सरले आफ्नो पारिश्रमिकको रूपमा मिस्र देश प्राप्त गरेको दिनमा परमेश्वरले इस्राएलको घरानाको निम्ति एउटा सिङ उमार्नुहुनेथियो; (सिङ उमार्नु भन्नाले सत्ताको जागृति गर्नु हो, जसको विषयमा हामीलाई अरू कुनै जानकारी भएको छैन); अनि त्यस दिनमा इजकिएलको मुख खोलियो, र उनले मानिसहरूलाई परमेश्वरको सन्देश सुनाइदिए (२१ पद)।

### आ) इजकिएल ३०:१-१९: मिस्र देशको विनाशको निम्ति गरिएको विलाप

**इजकिएल ३०:१-१२:** मिस्र देश र त्यसका सबै सहयोगी राष्ट्रहरू कुश, पूत र लूद बेबिलोनीहरूको तरवारको धारले ढल्नेथिए; (कुश भन्नाले इथियोपिया बुझिन्छ, पूत भनेको लूबीहरू हुन्, अनि लूद भन्नाले लिडियावासी बुझिन्छ) (३०:१-९)। मिस्र देश नाश गर्ने सम्बन्धमा बेबिलोनका राजा नबूकद्नेस्सरको नाम लिइएको छ, किनकि तिनले त्यो देश नाश गर्नेथिए (३०:१०-१२)।

**इजकिएल ३०:१३-१९:** अब मिस्र देशका प्रमुख शहरहरूको सूचि दिइएको छ, जुन शहरहरू तिनीहरूका मूर्तिहरू र मूर्तिका नक्साहरूको साथ विनाशको निम्ति सुम्पिएका थिए, जस्तैः नोप, पत्रोस, सोअन, नो, सीन, आवेन, पी-बेसेत, तहपन्हेस[28)]। नोपको नाम मेम्फिस हो; पत्रोस शहरचाहिँ सायद मिस्र देशको माथिल्लो दक्षिणी भाग अवस्थित थियो; सोअनको अर्को नाम तानिस हो, र नोको नाम थेबेस हो, र सीनको नाम पेलुसियम हो, अँ, आवेनको अर्को नाम हेलियोपोलिस थियो; अनि हुन सक्छ, पी-बेसेतचाहिँ बुबास्टिस थियो; अनि तहपन्हेसचाहिँ ३०:१३-१९ पदहरूमा उल्लेख गरिएको प्राचीन डाफ्ने शहर हुनुपर्ला। 'अनि मिस्र देशमा फेरि कहिल्यै कुनै शासक हुनेछैन' भन्ने भविष्यवाणी अक्षरशः पूरा भएको हो (१३ पद)। त्यस बेलादेखि आजको दिनसम्म शाही परिवारका कुनै पनि सदस्यले मिस्र देशमाथि शासन गर्दैनथिए। अनि सन् १९३६-१९५२ सालमा राज्य गर्ने राजा फारुखको विषयमा कुरा यस्तो छः यिनीचाहिँ अल्बानियाबाट आएको राजकीय परिवारका वंश थिए, जुन राजकीय परिवारले सन् १८०५ सालदेखि मिस्र देशमाथि राज्य गरेको थियो। अनि राजा फारुख यस राज-वंशको पहिलो सदस्य थिए, जसले अरबी भाषा निपुणतासाथ बोल्न सक्थे!

### इ) इजकिएल ३०:२०-३१:१८: फाराओको पतनको विषयमा गरिएको भविष्यवाणी

**इजकिएल ३०:२०-२६:** यहाँ, यस खण्डमा मिस्र देशको पतन दुई चरणमा पूरा भएको देखिन्छः फाराओका पाखुराहरू भाँचिनेथिए, लाक्षणिक भाषामा भन्नु हो भने। किनकि ख्रीष्टपूर्व ६०५ सालमा फाराओको एउटा पाखुरा कर्कमिशको लगाइँमा भाँचियो; किनकि यस लड़ाइँमा तिनको पराजित भयो। अनि जुन बेलामा बेबिलोनीहरूले मिस्र देश आक्रमण गरे र त्यसलाई जिते, त्यस बेलामा तिनको अर्को पाखुरा पनि भाँचियो (ख्रीष्टपूर्व ६०१)।

**इजकिएल ३१:१-९:** फाराओ आफ्नो महानतामा कोजस्तै थिए? तिनी त अश्शूरका राजाजस्तै एउटा अग्लो देवदारको रूख थिए, जुन अश्शूरका राजा शक्तिशाली भए, यहाँसम्म कि यिनीजस्तो महान् अरू कोही पनि थिएन; यिनी साँच्चै एउटा विशाल रूख बने, जसको छायामनि सबै ठूला जातिहरूले घर बनाएर बस्थे।

**इजकिएल ३१:१०-१४:** तर यिनको हृदय अहङ्कारले फुरुङ्ग फुलियो; यसैले परमेश्वरले

उनलाई बेबिलोनीहरूको हातमा सुम्पि-दिनुभयो ।

**इजकिएल ३१ः१५-१८ः** अरू राष्ट्रहरूले हेर्दा-हेर्दै यी अश्शूरका राजालाई अधोलोकमा फ्याँकियो (३१ः१५-१७); (अधोलोक हिब्रूमा 'शेओल' भनिन्छ) । अनि जातिहरूले सान्त्वना पाए (पद १६); किनकि अश्शूर होच्याइएको देखेर तिनीहरू सन्तुष्ट भए, किनभने यस राष्ट्रले पहिले तिनीहरूलाई अति तुच्छ ठानेको थियो । अनि यस सम्बन्धमा फाराओ अश्शूरका राजाजस्तै थिए; हो, तिनी महान् भए, तर पनि तिनलाई पनि खाड़लको तल्ला भागमा सुम्पिइनेथियो (१८ पद) ।

### ई) इजकिएल ३२ः फाराओ र मिस्र देशको निम्ति गरिएको विलाप

**इजकिएल ३२ः१-१६ः** फाराओले आफूलाई जवान सिंह ठान्थे; तर परमेश्वरको दृष्टिमा तिनी एउटा अजिङ्गर पो थिए, जसलाई उहाँले आफ्नो जालमा पक्रनुहुनेथियो र नाश गर्नुहुनेथियो । किनकि बेबिलोनका राजाले मिस्र देशको रवाफ खतम गर्नेथिए, र देश उजाड़ अवस्थामा छोड़िनेथियो र शान्त रहनेथियो । अनि जाति-जातिका मानिसहरूले आँसु बगाउँदै विलाप गर्नेथिए । परमप्रभुले इजकिएललाई मिस्र देश र त्यसको सारा भीड़को निम्ति यो विलाप-गीत रच्ने आदेश दिनुभयो ।

अनि प्रभु येशूले पनि यरूशलेम शहरका मानिसहरूको निम्ति आँसु बगाउनुभयो – ती हत्याराहरूको शहरको निम्ति, जसले उहाँलाई ग्रहण गर्दैनथिए र जो शरण लिन उहाँका पखेटामनि आउँदैनथिए । यसकारण बुझ्नु-होस्ः परमेश्वरले सृष्टि गर्नुभएका आफ्ना प्राणीहरूको निम्ति वास्ता गर्नुहुन्छ र तिनी-हरूलाई न्याय गर्न मन पराउनुहुन्न । हे प्रभु, हामीलाई हराएका मानिसहरूको निम्ति दयाका आँसु दिनुहोस् !

**इजकिएल ३२ः१७-३२ः** अनि सत्र पद-देखि एकतीस पदसम्मको खण्डमा हामीलाई यस अधोलोक अर्थात् यस शेओलको दृश्य दिइएको छ, जुन खाड़लमा मिस्र देशलाई पठाइनेथियो । अश्शूर त्यहाँ थियो (३२ः२२-२३) र एलाम (३२ः२४-२५), मेशेक र तूबल (३२ः२६-२७), एदोम (२९ पद) र सिडोनीहरू (३० पद) त्यहाँ थिए । यस संसारमा मिस्र देश महान् थियो; तर अधोलोकमा त्यो त अरू जातिहरूजस्तै लज्जित हुनेथियो (३२ः२८, ३१ र ३२) । यसरी सातवटा जाति र शहरहरूको विरुद्धमा कहिएका इजकिएलका वाणीहरू यहाँ समाप्त भए ।

# खण्ड ४

# इजकिएल ३३-३९ः

## इस्राएली जातिको पुनर्स्थापना र यसका शत्रुहरूलाई दिइने दण्ड

तेत्तीस अध्यायदेखि यस पुस्तकको अन्तसम्म इजकिएलको मुख्य विषयवस्तु इस्राएली जातिको पुनर्स्थापना र परमप्रभुको मन्दिरको पुनर्निर्माण हो ।

### क) इजकिएल ३३ः पहरेदारको रूपमा भविष्यवक्ता इजकिएलको पुनर्नियुक्ति

**इजकिएल ३३ः१-९ः** यस अध्यायमा इजकिएललाई एउटा पहरेदारसँग तुलना गरिएको छ । उनी मानिसहरूलाई चेताउनी दिनुमा जति विश्वासयोग्या भए पनि

तिनीहरूले सुनेनन् भने, तिनीहरू आफ्नो विनाशको निम्ति आफै जिम्मेवार हुनेथिए। तर मानिसहरूलाई चेताउनी दिनुमा उनी चुके भने, तिनीहरू नष्ट हुनेथिए, तर परमेश्वरले उनी पहरेदारको हातबाट तिनीहरूको रगतको लेखा लिनुहुनेथियो।

परमेश्वरले इजकिएललाई इस्राएलको घरानाको निम्ति पूरा जिम्मेवार भएको ठान्नुभयो। तब यो प्रश्न उठेको छः हे ख्रीष्ट-विश्वासीहो, परमेश्वरले तपाईंलाई र मलाई कसको निम्ति जिम्मेवार ठहराउनुभयो ? हामी कसलाई साक्षी दिनुपर्ने ? हामी कसलाई चेताउनी दिनुपर्ने ? हाम्रा आफन्तहरू, हाम्रा सहकर्मीहरू, हाम्रा छिमेकीहरू, हाम्रा साथी-भाइहरूको विषयमा कुरा कसो हो ? हाम्रो जिम्मेवारी एउटा गम्भीर जिम्मेवारी हो ! अनि जसले आफ्नो यो कर्तव्य इमानदारीसाथ पूरा गर्दैन, उसले आफूमाथि, आफ्नो जीवनमाथि हानि ल्याउँछ-ल्याउँछ।

**इजकिएल ३३ः१०-२०ः** तब निराश भई मानिसहरूले सोधेः 'यसो हो भने, हामी कसरी बाँचौं ?' आज कति मानिसहरू छन्, जसले आफ्नो आशा पूरा गुमाएका छन् र जो निराश र हतोत्साहित भएका छन्। तपाईंको हालत यस्तो हो भने, तपाईंको निम्ति परमप्रभुको जवाफ यस प्रकारको छः 'पश्चात्ताप गर !' किनकि सबैभन्दा ठूलो पापी मानिसको निम्ति ख्रीष्ट येशूमा आशा छँदैछ। तर खास गरी कसको निम्ति आशा छ ? उसको निम्ति, जो आफ्ना पापहरूबाट परमेश्वरकहाँ फर्कन्छ। तर आफ्नो पापी अवस्था बेवास्ता गर्ने मानिसलाई आशा छैन। तब मानिसहरूले गुनासो गरेः तिनीहरूसँग परमेश्वरको व्यवहार न्यायसँगत थिएन अरे। तर उहाँले यो गुनासो सरासर इन्कार गर्नुभयो। उहाँले तिनीहरूलाई सम्झाउनुभयोः हो, उहाँले त्यस दुष्ट मानिसलाई, जसले आफ्ना पापहरू स्वीकार गरेर छोड्छ, त्यसका पापहरू क्षमा गर्नुहुनेथियो; तर उहाँले यस धर्मी जनलाई दण्ड दिनुहुनेथियो, जसले आफ्नो धार्मिकता-बाट हटेर अधर्म गर्छ।

**इजकिएल ३३ः२१-२२ः** जब यरूशलेम-बाट उम्केको एकजना मानिस आएर 'शहर कब्जा गरियो' भनेर घोषणा गऱ्यो, त्यस बेलामा इजकिएलको मुख खोलियो, र उनी फेरि गुँगा रहेनन् (हेर्नुहोस् २४ः२७)।

**इजकिएल ३३ः२३-२९ः** यी पदहरूको सन्दर्भ यरूशलेमको पतन भएपछि इस्राएल देशमा बाँकी रहेका केही यहूदीहरू थिए, यो स्पष्ट छ। तिनीहरूको तर्क सुन्नुहोस्ः 'अब्राहाम एकैजना थिए, र ती अब्राहामले यो देश अधिकार गरेका थिए भने, यस प्रकारको अधिकार झन् कति बढ़ता गरी हामीसँग हुनुपर्ने, किनकि हामी धेरै छौं।' तर तिनीहरूले र हामीले बुझ्नुपर्छः परमेश्वरले परिमाणमा चासो लिनुभएको होइन, तर गुणमा पो चासो लिनुहुँदो रहेछ। किनकि तिनीहरूले अझै पनि विभिन्न किसिमले मूर्तिपूजा गरिरहेका थिए, अनि यो देश, जसले तिनीहरूको विरुद्धमा गवाही दिइरहेको थियो, त्यस्ता घिनलाग्दा कामहरूबाट शुद्ध पारिनुपरेको थियो। तिनीहरू आत्मिक हिसाबले अब्राहामका साँचो सन्तानै थिएनन्। तिनीहरूको मुखको अङ्गीकार जेसुकै होस्, यस प्रकारको बाहिरी अङ्गीकारले तिनीहरूलाई न्यायबाट बचाउनेथिएन; किनभने परमेश्वर तिनीहरूको मुखका शब्द-हरूले प्रभावित हुने होइन; उहाँले तिनीहरूको जीवनमा चासो राख्नुभयो (यो कुरा याकूब २ः१४ पदसित तुलना गर्नुहोस्)।

**इजकिएल ३३ः३०-३३ः** मानिसहरूले इजकिएलका वचनहरू सुन्न मन पराउँथे, तर उनका वचनहरू पालन गर्ने तिनीहरूको मनसाय थिएन। तर जब उनका भविष्य-वाणीहरू पूरा हुनेथिए, तब तिनीहरूको बीचमा एकजना भविष्यवक्ता रहेका थिए भन्ने कुरा तिनीहरूले जान्नेथिए।

आउनुहोस्, हामी उक्त कुराबाट निम्न पाठ सिकौं: हामीले परमेश्वरको वचनप्रति आज्ञाकारी हुने उद्देश्यले बाइबल पढ्नुपर्छ वा सुन्नुपर्छ; हामी निरन्तर आफ्नो हृदय जाँच्दै जानुपर्छ, नत्र ता हामी आफूले सुनेका कुराहरू व्यवहारमा ल्याउन विफल हुन्छौं। प्रवचन सुन्ने मानिसको सबैभन्दा असल प्रतिक्रिया के हो ? 'ओहो, यो सन्देश कति राम्रो थियो' भन्ने प्रतिक्रिया होइन, तर 'परमेश्वर मसँग बोल्नुभएको छ; अब मैले त्यो सुनेको र बुझेको कुरा पालन गर्नु जरुरी छ' भन्ने प्रतिक्रिया असल ठहरिन्छ।

## ख) इजकिएल ३४: झूटा गोठालाहरू र असल गोठालो

**इजकिएल ३४:१-६:** यी गोठालाहरू अर्थात् यी शासकहरूले भेड़ारूपी मानिसहरूको हित र कल्याणमा होइन, तर आफ्नो स्वार्थमा चासो राख्थे। तिनीहरूले कठोरताको साथ शासन गर्थे, यसैले भेड़ाहरू तितरबितर भए।

आजको दिनसम्म धेरै धर्मनेताहरूले भेड़ाहरूको सेवा गर्ने पाठ अझै पनि सिकेका छैनन्। तिनीहरूले आफ्नो सेवकाई लाभको स्रोत पो सम्झन्छन्। आहा, तिनीहरू यसको विषयमा कति भ्रममा परेका छन्! तब हामी परमेश्वरलाई ती अगुवाजनहरूको निम्ति धन्यवाद दिनुपर्छ, जो बगालको निम्ति नमुना भएका छन् र जसले उत्सुकतासाथ सेवा गरेका छन्।

परमप्रभुले बगाललाई यस हेतुले पहिले तितरबितर हुन दिनुभयो, कि तिनीहरूको क्षति अझ ठूलो नभएको होस् (१० पद)। श्री काइल एम. येट्सले यो स्थिति असल ढङ्गले वर्णन गरेका छन्:

> 'यहाँ, यस खण्डमा इजकिएलको जमानामा बाँचेका अविश्वासयोग्य प्रचारकहरूको हृदयविदारक चित्र कोरिएको छ। बगाल छरपस्ट भयो; भेड़ाहरू चराउन कोही पनि थिएन; ओहो, तिनीहरूलाई कति भोक लागेको ! किनकि स्वार्थी गोठालाहरूले आफ्नो पेटपालो गरे। उनीहरूको आलस्य, उनीहरूलाई आरामसँग लेटेका हेर्नुहोस् ! उनीहरूको ऐसआराम हेर्नुहोस् ! कर्तव्यनिष्ठा हुने कुरा छैन यहाँ। आफ्नै घाँस, वास र कपास उनीहरूको एकमात्र चिन्ताको कारण थियो; तर यी बिचराहरूले एक मिनेट पनि अरू कसैको फिक्री गर्दैनथिए'।[29]

**इजकिएल ३४:६-१०:** यसकारण परमेश्वर आफ्ना भेड़ाहरू यी झूटा गोठालाहरूबाट बचाउन कटिबद्ध हुनुभयो। तर सदैव उहाँको मनको एकमात्र विचार भेड़ाहरूलाई आशिष दिनु हो; यसैले उहाँले आफ्ना भेड़ाहरू जम्मा गर्नुहुनेथियो र तिनीहरूका आवश्कताहरूअनुसार तिनीहरूको हेरचाह गर्नुहुनेथियो। सबैभन्दा ठूलो आशिष के थियो भने, परमप्रभु र उहाँका भेड़ाहरूको बीचको सम्बन्ध हो; परमेश्वर र मानिसको बीचमा घनिष्ठ सङ्गति हुनेथियो।

**इजकिएल ३४:११-१६:** उहाँ तिनीहरूको गोठाला हुनुहुनेछ र तिनीहरूलाई तिनीहरूको देशमा भेला गर्नुहुनेछ र तिनीहरूमाथि शासन गर्नुहुनेछ, ख्रीष्टको हजार वर्षको राज्यको अवधिमा। प्रचारक श्री डी. एल. मुडीले उहाँका भेड़ाहरूको सम्बन्धमा परमेश्वरको सेवकाईको सुन्दर रूपरेखा दिएका छन्। यस खण्डमा आफ्ना भेड़ाहरूको निम्ति परमप्रभु परमेश्वरले के-के गर्नेछु भनेर भन्नुभयो, सो कुरामाथि तपाईंले ध्यान दिनुहोला।

गोठाला र उहाँका भेड़ाहरू:

**३४:११:** म मेरा भेड़ाहरूको सोधखोज गर्नेछु र तिनीहरूलाई खोजिनिकाल्नेछु।
**३४:१२:** म तिनीहरूलाई छुटाउनेछु।
**३४:१३:** म तिनीहरूलाई निकालेर ल्याउनेछु।
**३४:१३:** म तिनीहरूलाई भेला पार्नेछु।
**३४:१३:** म तिनीहरूलाई देशभित्र ल्याउनेछु।
**३४:१४:** म तिनीहरूलाई चराउनेछु।
**३४:१५:** म तिनीहरूलाई लेट्न लाउनेछु।
**३४:१६:** म हराएकोलाई खोज्नेछु।

**३४:१६:** म धपाइएकोलाई फर्काएर ल्याउनेछु ।
**३४:१६:** भाँचिएको-टुटेकोलाई म पट्टी बाँधि-दिनेछु ।
**३४:१६:** म कमजोर भएकोलाई बलियो तुल्याउनेछु ।
**३४:१६:** म मोटो र बलियोलाई नाश गर्नेछु ।

यसकारण बुझ्नुहोस्ः परमेश्वरको भेड़ाको गोठमा धेरै दुब्ला-दुब्ला भेड़ाहरू छन्, तर उहाँको खर्कमा कमजोर भएको भेड़ा एउटै पनि छैन ।[30)]

केही मानिसहरू छन्, र एक प्रकारका प्रचारकहरू पनि छन्, जसले पुरानो नियमको परमेश्वरलाई एक कठोर र प्रेमरहित परमेश्वरको रूप लिन खोजेका छन्, जसको गुण र स्वभाव नयाँ नियमको परमेश्वरको विपरीत थियो अरे ।[31)] श्री जोह्न बी. टेलरले हाम्रो निम्ति बाइबलका दुवै नियमहरूमा परमेश्वरलाई गोठालाको रूपमा प्रस्तुत गरिएको प्रकाश सुन्दर प्रकारले मिलाएर यसरी पेश गरेका छन्ः

'इजकिएल ३४:१२ पदमा भेड़ाहरू खोजि-निकाल्ने गोठालाको चित्र पेश गरिएको छ, जुन चित्रले नयाँ नियममा 'हराएको भेड़ा' नामक सुपरिचित दृष्टान्तको उल्लेखनीय पूर्वाभास दिन्छ (लूका १५:४ पददेखि उता हेर्नुहोस्); अनि निश्चय नै हाम्रा प्रभु येशूले इजकिएलको यस खण्डमाथि आधारित यो दृष्टान्त भन्नुभएको हो । यसबाट सुस्पष्ट हुन्छ र छरलङ्गै देखिन्छ, कि पुरानो नियमको परमेश्वरको स्वभावचाहिँ कोमल दया र प्रेमको सद्गुणले पूर्ण स्वभाव भएको थियो । यस कुराले परमप्रभु इस्राएलका परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर पिताको बीचमा फाटो ल्याउन खोज्नेहरूको तर्कमाथि मृत्युको प्रहार लगाइदिएको छ । अनि परमप्रभु कोमल गोठाला हुनुहुन्छ भन्ने कुरा प्रकट गर्ने एकमात्र खण्ड यो पनि होइन है (तुलना गर्नुहोस्, भजन २३, भजन ७८:५२-५३; भजन ७९:१३ र भजन ८०:१; यशैया ४०:११; यशैया ४९:९-१० र यर्मिया ३१:१०) ।'[32)]

**इजकिएल ३४:१७-२४:** अनि परमप्रभु परमेश्वरले आफ्ना भेड़ाहरू झूटा गोठाला-हरूको हातबाट बचाउनुहुनेछ, जो स्वार्थी र क्रूर छन् । तेइस र चौबीस पदमा 'मेरो दास दाऊद'को सन्दर्भचाहिँ प्रभु येशू हुनुहुन्छ । उहाँ दाऊदको वंश भएर आउनुभएको हो । हिब्रू इसाई श्री डेभिड ब्यारोनले यसको स्पष्टीकराण दिएर यसो भनेका छन्ः

'यहूदीहरूले समेत यस खण्डमा 'दाऊद' भन्ने नामको अर्थ मसीहमाथि लागू गर्छन् । उहाँचाहिँ दाऊदका महान् पुत्र हुनुहुन्छ; किनकि उहाँमा नै दाऊदको घरानालाई गरिएका सबै प्रतिज्ञाहरू केन्द्रित रहन्छन् । यसकारण रब्बी श्री जोसेफ किम्चीले इजकिएल ३४:२३ पदको विषयमा गरेको आफ्नो टिप्पणीमा यसो भनेका छन्ः "मेरो सेवक दाऊद – ती मसीह, जो छुटकाराको समयमा दाऊदको वंश भएर जन्मिनुहुनेछ;" अनि चौबीस पदमा तिनले निम्न अवलोकन गरेका छन्ः "राजा मसीहको विषयमा कुरा यस्तो छः उहाँको नाम 'दाऊद' भनिनेछ; किनभने उहाँ दाऊदको वंशबाट आउनुहुनेछ"।अनि प्रायः सबै यहूदी टिप्पणीकारहरू तिनको यस रायमा सहमत हुन्छन् ।'[33)]

**इजकिएल ३४:२५-३१:** अनि ख्रीष्टको भावी शासनकालमा परमेश्वरको बगाल कति सुरक्षित हुनेछ र कति समृद्धि गर्नेछ, सो कुरा यस खण्डमा वर्णन गरिएको छ । पच्चीस पदः यस शान्तिको वाचाअन्तर्गत त्यहाँ आशिषका झरीहरू हुनेछन् (२६ पद) र एउटा यशवान् बगान पनि हुनेछ (२९ पद) ।

यसकारण हामी यहाँ, यस ठाउँमा यो पनि भनिहालौंः आदर्श सरकार भनेको कल्याण-कारी, निरपेक्ष राजतन्त्र हो, जसको राजा ख्रीष्ट येशू हुनुहुन्छ ।

### ग) इजकिएल ३५: एदोमको विनाश

**इजकिएल ३५:१-७:** सेईर पहाड़चाहिँ एदोम हो । परमप्रभुले यस देशमा दोष भेट्टाउनुभयो; किनकि यस देशले यहूदीहरूलाई

लगातार घृणा गर्दैथियो; यसले यरूशलेमको पतनमा आनन्द लियो; यसले त्यहाँबाट भागेर आएका शरणार्थीहरूसित क्रूर व्यवहार गर्‍यो र इस्राएल देश अधिकार गर्ने योजना बनायो। एदोमले आशिषको चाहना त गर्‍यो, तर तिनीहरूले परमप्रभुलाई चाहँदैनथिए। प्रभु येशूबाट अलग हामी आशिषित हुन सक्दैनौं, हामी आशिष पाउन सक्दैनौं; यो कुरा आज पनि सत्य छ। एदोमको भाग्य सदाको निम्ति नाश र बिलकुल उजाड़ हुनु थियो; यसबाट सबै आउजाउ, सबै व्यापार बन्द हुनेथियो (७ पद)।

**इजकिएल ३५:८-१५:** एदोमीहरूले यहूदीहरूको निन्दा गर्दैथिए, र तिनीहरूलाई शत्रु ठानेर तिनीहरूसित शत्रुसँग झैं व्यवहार गर्थे। तर परमप्रभुले अझैं पनि आफूलाई आफ्ना जनहरूसँग एक तुल्याउनुभयो। तिनीहरू उहाँको ताड़नाको पात्र भए, तर तिनीहरू त्यागिएका थिएनन्। एदोमले यी दुईवटा कुराहरूको बीचको भिन्नता बुझ्न सकेन।

जसरी एदोम जातिचाहिँ इस्राएली जातिको विनाशमा हर्षित भयो, त्यसरी नै सारा पृथ्वी एदोमको विनाशमा रामाउनेथियो।

हे ख्रीष्ट-विश्वासीहरूहो, तिमीहरूले विश्वासका शत्रुहरूको पतनमा आनन्द नगर, अँ, गोप्य रूपले पनि आनन्द नगर; किनकि त्यो कुरा परमेश्वर मन पराउनुहुन्न। यो एउटा प्रेमको सवाल हो। साँचो प्रेमले प्रेम गर्ने मानिस अरूको चोट र हानिमा आनन्द लिँदैन, मनमा कुनै सन्तुष्टि पाउँदैन, चाहे त्यो हानि मित्रमाथि आएको होस् वा शत्रुमाथि आएको किन नहोस्।

### घ) इजकिएल ३६: इस्राएल देश र यसका मानिसहरूको पुनर्स्थापना

इजकिएल ३६ अध्यायले 'इजकिएलको सुसमाचार' भन्ने उपनाम पाएको छ; यसको मुख्य कारण पच्चीस पददेखि तीस पदसम्मको खण्डले गर्दा यसो भएको हो।

**इजकिएल ३६:१-७:** जुन अन्यजातिहरूले इस्राएल देश कब्जा गरे र परमेश्वरका जनहरूलाई निन्दा गरे, परमप्रभुले ती अन्यजातिहरूलाई, र विशेष गरी एदोम जातिलाई दण्ड दिनुहुनेथियो।

**इजकिएल ३६:८-१५:** इस्राएल देशका शहरहरू र यसको देहात बसोबास गरिनेथिए, अनि देशको जमिन पहिलेको भन्दा फलाइलो र बढ़ी फलवान् हुनेथियो; अनि अन्यजातिहरूले अबदेखि उसो इस्राएली जातिको खिसी फेरि कहिल्यै गर्नेथिएनन्।

**इजकिएल ३६:१६-२१:** देश तिनीहरूको हातमा फर्केर आउनेथियो; यति मात्र होइन, तर मानिसहरू देशमा पुनर्स्थापित हुनेथिए। तिनीहरू निर्वासनमा लगिएको खास कारण तिनीहरूको रक्तपात र मूर्तिपूजा थियो; किनकि तिनीहरू जुन-जुन जातिहरूकहाँ गए, ती जातिहरूको बीचमा तिनीहरूले परमेश्वरको पवित्र नाम अपवित्र तुल्याउँथे।

**इजकिएल ३६:२२-२३:** प्रेरित पावलले रोमी २:२४ पदमा यो बाइस पद उद्धृत गरे; किनकि तिनले यहूदीहरूमा गैर-यहूदीहरू र व्यवस्थाको सम्बन्धमा केही नमिल्ने असङ्गत कुराहरू भेट्टाएर तिनीहरूलाई अभियोग लगाए। इस्राएली जातिको खातिर होइन, तर आफ्नो पवित्र नामको खातिर परमेश्वरले यहूदी मानिसहरूलाई तिनीहरूको स्वदेशमा फर्काएर ल्याउनुहुनेथियो; किनभने उहाँले आफ्नो नाम सत्य ठहराउन चाहनुभयो।

**इजकिएल ३६:२४-२९[क]:** यस खण्डका २४-२९ पदहरूले इस्राएली जातिको आत्मिक पुनर्जन्मको कुरा गरेका छन्। परमेश्वरले तिनीहरूलाई शुद्ध पार्नुहुनेछ, तिनीहरूलाई नयाँ जन्ममा एउटा नयाँ हृदय र एउटा नयाँ आत्मा दिनुहुनेछ, र तिनीहरूलाई तिनीहरूको सारा अशुद्धताबाट बचाउनुहुनेछ। श्री कार्ल एफ.

काइलले यस महत्त्वपूर्ण खण्डको विषयमा टिप्पणी गर्दै निम्न कुरा लेखेका छन्ः

> 'जुन मानिस त्यसका पापहरूबाट शुद्ध पारिन्छ, त्यो मानिस धर्मी ठहरिएको हुन्छ; अनि यो शुद्ध हुने कार्यले धर्मीकरणसित मेल खान्छ, तर यो कुरा पवित्रीकरण होइन; यसको भूल गर्नुहुँदैन; पवित्रीकरण अर्को कुरा हो । जे होस्, जुन मानिस शुद्ध पारिएको छ, त्यस मानिसको जीवनमा पवित्र आत्माले नवीनकरणद्वारा एउटा नयाँ काम गर्नुहुन्छ; उहाँले त्यस मानिसबाट त्यो पुरानो, ढुङ्गाको हृदय निकाल्नुहुन्छ र उसभित्र एउटा नयाँ, मासुको हृदय हाल्नुहुन्छ; यसले गर्दा मानिसले परमेश्‍वरका आज्ञाहरू पालन गर्न सक्छ र जीवनको नयाँपनामा हिँड्न सक्छ'।[34)]

निकोदेमस नयाँ जन्मको सम्बन्धमा अनजान थिए; अनि हाम्रा प्रभु येशू तिनको अज्ञानताको विषयमा छक्क पर्नुभयो; किनकि इस्राएलको गुरु भएको नाताले तिनले कम्तीमा इजकिएलको पुस्तकको यो खण्ड अवश्य पढ़ेको र जानेको हुनुपरेको थियो। उहाँले तिनीबाट यति आशा गर्नुभयो (यूहन्ना ३ः१०)।

**इजकिएल ३६ः२९[ख]-३०ः** अन्नका बालीहरू प्रशस्त हुनेथिए र फलफूलहरू भरपूर हुनेथिए; अनि तिनीहरूले फेरि कहिल्यै अनिकाल भोग्नुपर्नेथिएन। तिनीहरू योग्य भएका हुनाले परमप्रभुले यो सबै गर्नुहुनेछैन रहेछ; तर उहाँले आफ्नो नामको सम्मानको खातिर यसो गर्नुहुनेछ।

**इजकिएल ३६ः३१-३८ः** अनि परमेश्‍वरले इस्राएल देश मानिसहरूले भर्नुभएको र यसमा फेरि बोटविरुवा लगाउनुभएको हो भन्ने कुरा इस्राएलको वरिपरि बस्ने जातिहरूले जान्नेछन्। तब तोकिएका चाड़का दिनहरूमा जसरी यरूशलेम शहर बलिपशुहरूले भरिन्थ्यो, त्यसरी नै देशमा मानिसहरूको जनसङ्ख्या प्रशस्त हुनेछ। जुन समयमा यहूदीहरू बेबिलोनबाट आफ्नो स्वदेशमा फर्के, त्यस समयमा यी भविष्यवाणीहरू आंशिक रूपले पूरा भए, तर केवल ख्रीष्टको हजार वर्षको राज्यमा यी भविष्यवाणीहरू पूर्ण रूपले पूरा हुनेछन्। यी भविष्यवाणीहरू यस समयको निम्ति पर्खनुपर्छ।

वर्तमान इस्राएल देशचाहिँ इस्वी संवत् १९४८ सालमा देशको रूपमा फेरि स्थापित भएको हो। अनि हालैमा पनि यहूदीहरू अलि-अलि गर्दै आफ्नो देशमा फर्किरहेका छन्, तर हालैमा तिनीहरूको आत्मिक अवस्था अविश्‍वास नै हो। पक्का पनि प्रभु येशूको निम्ति आउने बेला भएको हुनुपर्छ।

### ङ) इजकिएल ३७ः१-१४ः सुकेका हड्डीहरूको बेंसीको दर्शन

**इजकिएल ३७ः१-८ः** एक र दुई पदमा जुन दर्शन प्रस्तुत गरिएको छ, त्यस दर्शनमा इजकिएलले एउटा बेंसीमा इस्राएल र यहूदाका सुकेका हड्डीहरू देखे। अनि उनले यी हड्डीहरूको निम्ति, तिनीहरू फेरि जीवित होऊन् भन्ने हेतुले भविष्यवाणी गर्ने आदेश पाए। श्री काइल येट्सले यस दर्शनबाट जीवनको सासको निम्ति आज हाम्रो आवश्यकता कतिको छ, सो निम्न प्रकारले राखेका छन्ः

> 'भविष्यवक्ता इजकिएलले कति अनौठो, कति यथार्थ, तर कति घतलाग्दो पाराले "इस्राएली जातिको निम्ति बाँच्ने आशा छ" भनेर हामीलाई हाम्रो हृदय गद्‌गद् गराउने समाचार सुनाएका छन्। यसकारण बुझ्नुहोस्ः जागृति सम्भव छ! ओहो, सुक्खा हड्डीहरू, जसका नसा छैन, जसको मासु छैन र जसको रगत पनि छैन, यी हड्डीहरू बाँच्न सक्दा रहेछन्। परमेश्‍वरका आत्मालाई आउन दिऔं, र उहाँ आउनुहुँदा साथमा जीवन ल्याउनुहुन्छ। जतातातै सुक्खा हड्डीहरू भएको संसारमा मानिसहरूलाई अझै पनि उही उत्तेजित सत्य खबर सुन्न आवश्यक छ। हामीलाई के चाहिन्छ? पवित्र आत्मा आफ्नो सजीव पार्ने शक्तिको साथ आउनुभएको हामीलाई खाँचो पर्छ; तब साँचो जागृति पृथ्वीभरि फैलेर जानेछ (यो कुरा उत्पत्ति २ः७ र प्रकाश ११ः११ पदसित तुलना गर्नुहोस्)'।[35)]

अनि जब इजकिएलले पहिलो पल्ट यी हड्डीहरूसित परमेश्वरको वचन बोले, तब यी हड्डीहरूमा नसाहरू, मासु र छाला आए।

**इजकिएल ३७:९-१४:** तर दोस्रो पल्ट उनले सासलाई भविष्यवाणी गरे, र सास यी शरीरहरूभित्र पस्यो। यस कुराले इस्राएली जातिको पुनर्स्थापना एउटा देशको रूपमा चित्रण गर्छ (३७:११-१४); पहिले आत्मिक रूपले मरेका मानिसहरू इस्राएल देशमा फर्केर आउनेछन्, त्यसपछि पवित्र आत्माको नवीकरणले तिनीहरूको नयाँ जन्म हुनेछ।

याद गर्नुहोस्: हाम्रो नयाँ जन्म अर्थात् हाम्रो नवीकरणको विषयमा पनि कुरा उस्तै छः पहिले हामीले सुसमाचारको रूपमा प्रभुको वचन सुन्नुपर्छ (४ पद), र सासरूपी परमेश्वरको आत्मा हामीभित्र पस्नुपर्छ (९ पद)।

### च) इजकिएल ३७:१५-२८: इस्राएल र यहूदाको पुनर्मिलन

**इजकिएल ३७:१५-२३:** त्यसपछि इजकिएलले दुईवटा लौराहरू लिने आदेश पाए – एउटा लौरो यहूदाको निम्ति र अर्को लौरो इस्राएलको निम्ति (१६ पदमा 'एप्रैमको लौरो यूसुफको निम्ति' भनेर लेखिएको छ)। यी लौराहरू एकको टुप्पा-अर्काको टुप्पासित जोड़ेर उनले यी दुईवटाबाट एउटै लौरा बनाए। यसको अर्थ यही होः जुन राज्य राजा रहबामको समयमा टुक्रियो र दुईवटा राज्यहरू भए, ती राज्यहरू फेरि एक हुनेछन्। एकजना राजा अर्थात् मसीह राजाले तिनीहरू सबैमाथि राज्य गर्नुहुनेछ, अनि परमप्रभुले तिनीहरूलाई बचाउनुहुनेछ, तिनीहरूलाई शुद्ध पार्नुहुनेछ र आफूसित तिनीहरूको सम्बन्ध पुनर्स्थापित गर्नुहुनेछ।

**इजकिएल ३७:२४-२८:** अनि दाऊद जो प्रभु येशू हुनुहुन्छ, उहाँ तिनीहरूका राजा हुनुहुनेछ, र मानिसहरूले हिचकिच र आनेकाने नगरीकन उहाँको आज्ञापालन गरिहाल्नेछन्। परमेश्वरले तिनीहरूसँग शान्तिको वाचा बाँध्नुहुनेछ, जुन वाचाचाहिँ अनन्त हुनेछ। अनि तिनीहरूको बीचमा एउटा मन्दिर बसालिनेछ। यो कुरा अझै पनि भविष्यमा पूरा हुन बाँकी छ।

### छ) इजकिएल ३८-३९: इस्राएली जातिका भावी शत्रुहरूको विनाश

यस अध्यायमा र यसपछिको अध्यायमा इस्राएलका भावी शत्रुहरूको विनाशको विषयमा भविष्यवाणी गरिएको छ। अनि शासक गोगचाहिँ तिनीहरूका शत्रुहरूको अगुवा हुन्, र मागोगचाहिँ तिनको देश हो। तर बाइबलका विद्यार्थीहरू गोग को हुन्, यसको विषयमा एकमत छैनन्। तर यो कुरा स्पष्ट छः यहाँ वर्णन गरिएका घटनाहरूचाहिँ त्यस समयमा घट्नेछन्, जुन समयमा इस्राएली जाति आफ्नो स्वदेशमा फर्किसक्छ, तर यी घटनाहरू ख्रीष्टको हजार वर्षको राज्यभन्दा अघि घट्नेछन्। अनि प्रकाश २०:८ पदमा उल्लेख गरिएका गोग र मागोगचाहिँ अर्को युगका मानिसहरू हुन्, अँ, यिनीहरू ख्रीष्टको हजार वर्षको राज्यपछिको समयका मानिसहरू हुन्।

**इजकिएल ३८:१-१६:** परमेश्वरले गोग र तिनका साथीहरूलाई तिनीहरूका सेनाहरू भेला गर्न उक्साउनुहुनेछ (३८:१-६)। अनि वचनअनुसार गोगचाहिँ रोश[36)], मेशेक र तूबलका शासक हुन्। अनि कोही मानिसहरू छन्, जसले रोशमा रूस, मेशेकमा मास्को र तूबलमा टोबोल्स्कका प्राचीन नामहरू देख्न खोज्छन्। यो कति आकर्षक सम्भावना हो! तर के गर्ने, यो कुरा अहिलेसम्म प्रमाणित भएको छैन। तिनीहरू उत्तरबाट दक्षिणतर्फ इस्राएल देशको विरुद्धमा आइलाग्नेछन्। यहूदीहरू पूरा सुरक्षित भई पर्खालले नघेरिएका

ठाउँहरूमा बस्नेछन्। तिनीहरूको शत्रुका योजनाहरू परमेश्वरलाई हजारौं वर्ष अगाड़ि थाहा हुन्छ। अनि उहाँसँग आफ्ना जनहरूलाई बचाउने योजना छँदैछ; अनि यस कुराले हामी विश्वासीहरूलाई ठूलो सान्त्वना दिन्छ।

**इजकिएल ३८ः१७-२३ः** तब गोगका हूलैहूल सेनाहरू देशलाई ढाक्ने गरी आउनेछन्। तर तिनीहरूले परमेश्वरको क्रोध र जलनको आगो चाख्नेछन्। ठूलो भूकम्प चल्नेछ र सारा इस्राएल देश नराम्रो गरी हल्लिनेछ। अनि महामारी, रक्तपात, बाढ़ उर्लाउने झरी, असिनाहरू, आगो र गन्धकको प्रकोपले गोगका मानिसहरूलाई आतङ्कित तुल्याउनेछन् र अत्यासमा पार्नेछन् (३८ः१७-२३)।

परमेश्वरका जनहरूका शत्रुहरूको विनाश यस्तो हुने रहेछ। यसले हामीलाई यशैया ५४ः१७ पदको सम्झना दिलाउँछ, जहाँ हामीले परमप्रभुको निम्न प्रतिज्ञा पढ्छौंः *'तेरो विरोधमा रचिएको कुनै पनि हतियार सफल हुनेछैन। ... परमप्रभुका दासहरूको अधिकारको भाग यही हो।'*

**इजकिएल ३९ः१-६ः** गोगका हूलैहूल सेनाहरूको विनाश इस्राएल देशका पहाड़हरूमा पूर्ण हुनेछ। तीन पदमा धनु र काँड़हरूको कुरा लेखिएको छ। यसमा यी भावी सेनाहरू यस प्रकारका प्राचीन हतियारहरूको प्रयोगमा फर्किजानेछन् भन्ने अर्थ लाग्न सक्छ, तर अनिवार्य रूपले यो अर्थ लाग्नुपर्दैन। कुनचाहिँ देश फेरि पुराना हतियारहरूकहाँ फर्किजाला? किन? यस प्रश्नले एउटा तर्कसँगत उत्तर पाउनुपर्छ। यसको निम्ति निम्न स्पष्टीकरण सम्भव देखिन्छः वर्षौंदेखि विभिन्न सैन्य बलहरूले हतियार बोक्ने मशीनहरू, जस्तैः ट्याङ्क, विमान इत्यादि पूरा असमर्थ तुल्याउने प्रणालीहरू आविष्कार गर्न खोजिरहेका छन्। अनि तिनीहरूले यी प्रणालीहरूको क्षमता बढ़ाउन सके त लड़ाइँमा फेरि पनि आधुनिक यन्त्रहरू होइन, तर घोड़ा, तरवार र काँड़जस्तै अन्य साधारण हातहतियार प्रयोग गर्न आवश्यक पर्ला।

अर्को पट्टि श्री एस. म्याक्स्वेल कोडरको कुरा पनि छ, जसले के भनेका छन् भने, यहाँ, यस ठाउँमा प्रयोग गरिएका हिब्रू शब्दहरूमा फराकिलो अर्थ लाग्न सक्छः यसर्थ हाल-सालमा विकाश गरिएका आधुनिक सैनिक उपकरणहरू पनि यी हतियारहरूमा समावेश गर्न सकिन्छन्। यसो हो भने, धनुको अर्थ बम हान्ने यन्त्र हुन सक्छ, अनि काँड़हरूको अर्थ प्रक्षेपास्त्रहरू हुन सक्छन्। अनि इजकिएल ३८ः४ पदमा 'घोड़ाहरू' भन्ने शब्दको शाब्दिक अर्थ 'उफ्रिनेहरू' हो; यसकारण यी घोड़ाहरूको अर्थ ट्याङ्क र हेलिकप्टरहरूजस्ता स्व-चालित आर्मी सवारी साधनहरू हुन सक्दा रहेछन्। अनि इजकिएल ३९ः९-१० पदहरूमा सूचित गरिएका हातहतियारहरू काठले बनेका अनिवार्य होइन। धेरैजनाको विचारमा, यस शब्दको अर्थ सैनिक उपकारणहरू हुन सक्छन्, जस्तैः पेट्रोल, डिजेल आदि इन्धनका तेल र रकेट प्रोपेलेन्टहरू।**37)**

**इजकिएल ३९ः७-८ः** त्यस दिनमा परमप्रभुले आफ्नो पवित्र नाम सत्य ठहराउनुहुनेछ।

**इजकिएल ३९ः९-१०ः** पहाड़हरूहुँदो छरिएका गोगका यी हतियारहरू सात वर्षसम्म आगो बाल्ने इन्धन पो हुनेछन्। यस अवधिभरि आगो बाल्न कसैले मैदानबाट दाउरा बटुल्नुपर्नेछैन, न ता वनबाट दाउरा काट्नेछ। यसर्थ प्रचुर मात्रामा छोड़िएका यी हतियारहरू साँच्चै काठका हुनेछन् होलान् भन्ने धारणा सठीक ठहरिएला त नि, कि कसो हो?


**इजकिएल ३९ः११-१६ः** मृत सागरको पूर्वपट्टि हमोन गोगको बेंसीमा यी लासहरू गाड़िनेछन्; 'हमोन गोग'को अर्थ गोगको भीड़ हो। यो लास गाड्ने कार्य सात महिना लाग्नेछ।


**इजकिएल ३९:१७-२०:** आहा, यी घोड़ाहरू र घोड़चढ़ीहरूका लासहरूचाहिँ हिंस्रक चराहरू र जङ्गली पशुहरूको निम्ति कति ठूलो भोज हुने रहेछन् !

**इजकिएल ३९:२१-२४:** त्यस दिनमा अन्यजातिहरूले जान्नेछन्: इस्राएली जाति कैदमा गएको कारणचाहिँ तिनीहरूलाई कैदबाट बचाउन परमेश्वरको शक्तिको कमी भएको होइन रहेछ, तर योचाहिँ इस्राएलीहरूको अशुद्धता र तिनीहरूका अपराधहरूको माग पो थियो ।

**इजकिएल ३९:२५-२९:** इस्राएली जातिको पुनर्स्थापना सम्पूर्ण हुनेछ । तिनीहरूले आफ्नो शर्म बिर्सनेछन् र परमप्रभुलाई स्वीकार गर्नेछन्, जसले इस्राएलको घरानामाथि आफ्नो आत्मा खन्याउनुहुनेछ ।

## इजकिएलले दर्शनमा देखेको मन्दिरको नक्साः



# खण्ड ५

# इजकिएल ४०-४८ः

# ख्रीष्टको हजार वर्षको राज्यका केही दृश्यहरू

### क) इजकिएल ४०-४२ः ख्रीष्टको हजार वर्षको राज्यमा यरूशलेमको मन्दिर

आउँदा तीनवटा अध्यायहरूमा मन्दिरका बेलीबिस्तारहरू दिइएका छन्, जुन मन्दिर यरूशलेममा बनाइनेछ। अनि यसका विवरण-हरूमध्ये धेरै छन्, जसको अर्थ बुझ्न गाह्रो छ; यो कुरा हामी मान्‍न तयार छौं। तर यी विवरणहरूमा एउटा सामान्य रूपरेखा देख्न सकिन्छ। यस सम्बन्धमा श्री पावल ली टनले निम्न कुरा लेखेका छन्ः

'शाब्दिक अर्थ नलगाउने व्याख्याकारहरू छन्, जसले यस भविष्यवाणीमा प्रभु येशूको मण्डलीको प्रतीक देख्छन्। तर हामीले इजकिएलको पुस्तकको यो खण्ड एउटा प्रमुख भविष्यवाणीको रूपमा मान्‍नुपर्छ, जुन भविष्यवाणीमा ख्रीष्टको हजार वर्षको राज्यको मन्दिरको विषयमा विभिन्‍न बेलीबिस्तारहरू, विशेष वर्णनहरू र नापहरू समावेश गरिएका छन्। यी विवरणहरू यति विस्तृत रूपले दिइएका छन् कि कसैले चाहेमा त्यसको नक्सा बनाउन सक्छ, जसरी राजा सुलेमानको विगत मन्दिरको नक्सा पनि बनाउन सकिन्छ। अनि वास्तवमा श्री एफ. गार्डिनरचाहिँ "म सक्दिनँ" भन्दा-भन्दै एलिकोट नामक सम्पूर्ण बाइबलको टिप्पणीमा ख्रीष्टको हजार वर्षको राज्यमा स्थापित हुने त्यस मन्दिरको नक्सा कोर्न सफल भए, र तिनले त्यसको नक्सा बनाएर छोड़े। अनि यस कुराले फेरि श्री अल्व जे. म्याकक्लइनलाई निम्न टिप्पणी लेख्ने प्रेरणा दिलायोः "अरे, आत्माको प्रेरणा नभएका टिप्पणीकार यस वास्तुकारिक विवरणबाट केही न केही अर्थ निकाल्न सफल भए भने, त ईश्वरीय निर्देशनअनुसार बनाउने भावी निर्माणकर्ताहरूलाई यो भवन निर्माण गर्न अवश्य कुनै समस्या नहोला, होइन र?" ' 38)

### अ) इजकिएल ४०ः१-४ः हातमा नाप्ने टाँगो भएको मानिसको दर्शन

**इजकिएल ४०ः१-४ः** यी शुरुका पदहरूमा इजकिएलले यरूशलेम शहर र ख्रीष्टको हजार वर्षको राज्यको मन्दिरको विषयमा पाएको दर्शन प्रस्तुत गरे। यरूशलेम कब्जा गरिएको चौधौं वर्षमा इजकिएल दिव्य दर्शनहरूमा लगिए र एउटा धेरै अग्लो पहाड़मा राखिए। अनि त्यहाँ एकजना मानिस थिए, जसको रूप पित्तलको जस्तो थियो, जसले उनलाई यरूशलेम शहर र हजार वर्षको मन्दिर देखाए। तिनले भविष्यवक्तालाई 'तिमीले देखेका सबै कुराहरूमा मन लगाऊ र इस्राएलको घरानालाई सुनाऊ' भन्‍ने आदेश दिए। अनि यो उनले आगामी अध्यायहरूमा गरिरहेका छन्।

### आ) इजकिएल ४०ः५-१६ः मन्दिरको बाहिरी चोकको पूर्वको मूलढोका

**इजकिएल ४०ः५-१६ः** मन्दिरको अघिल्तिरको भाग पूर्वतिर फर्केर निर्माण गरिएको हुनाले प्रवेशद्वार पूर्वको मूलढोका हुनुचाहिँ स्वाभाविक कुरा हो; अनि यस पूर्वीय मूलढोकाबाट यो वास्तुकारिक वर्णन शुरु हुन्छ। पहिले चारैतिर मन्दिरको बाहिरी पर्खाल नापिन्छ (५ पद)। त्यसपछि यस बाहिरी चोकको पूर्वको मूलढोका वर्णन गरिएको छ (४०ः६-१६)।

### इ) इजकिएल ४०ः१७-१९ः मन्दिरको बाहिरी चोक

**इजकिएल ४०ः१७-१९ः** बाहिरी चोकको वरिपरि एउटा फुटपाथ वा फर्स थियो; हुन

सक्छ, त्यो फुटपाथ २ इतिहास ७:३ र एस्तर १:६ पदमा लेखिएअनुसार भएको थियो होला, अर्थात् ढुङ्गाहरू छपाएर मोजेइकको रूपमा बनेको थियो कि कसो हो? त्यहाँ तीसवटा कोठाहरू थिए, जसको सामु त्यो फुटपाथ वरपर जान्थ्यो।

### ई) इजकिएल ४०:२०-२७: मन्दिरको बाहिरी चोकमा अझै अरू दुईवटा मूलढोकाहरू भएका

**इजकिएल ४०:२०-२७:** उत्तरतिर फर्केको मूलढोका पूर्वको मूलढोकाजस्तै थियो, जसका दलानहरू र जसका खजूरका रूखरूपी खाँबाहरू उस्तै थिए। अनि दक्षिणतिर फर्केको मूलढोकाको बनावट र त्यसका नापहरू उस्तै थिए। तर पश्चिमतिर फर्केको कुनै मूलढोका थिएन।

### उ) इजकिएल ४०:२८-३७: मन्दिरको भित्री चोकमा भएका तीनवटा मूल-ढोकाहरू

**इजकिएल ४०:२८-३७:** अनि भित्री चोकमा पनि तीनवटा मूलढोकाहरू थिएः दक्षिणको मूलढोका (४०:२८-३१), पूर्वको मूलढोका (४०:३२-३४), र उत्तरको मूल-ढोका (४०:३५-३७)।

### ऊ) इजकिएल ४०:३८-४३: बलिहरूको निम्ति चलाइएका सामग्रीहरू

**इजकिएल ४०:३८-४३:** अनि उत्तरको मूलढोकाको द्वारमण्डपको यता र उतापट्टि विभिन्न बलि पशुहरू मार्नको निम्ति आठवटा टेबलहरू राखिएका थिए। अनि होमबलिको निम्ति काटिएका ढुङ्गाले बनेका चारवटा टेबलहरू प्रयोग गरिनेछन्, जसमाथि चाहिँ बलिपशुहरू मार्न चाहिने हातहतियारहरू राखिनेछन् र यी टेबलहरूका बित्ताको चारैतिर अङ्कुसेहरू लगाइएका थिए।

### ए) इजकिएल ४०:४४-४७: पूजाहारी-हरूको निम्ति निर्धारित भएका कोठाहरू

**इजकिएल ४०:४४-४७:** अनि गायक-हरूको निम्ति कोठाहरू थिए, जसमध्ये आधा कोठाहरू दक्षिणतिर फर्केका र आधा कोठाहरू उत्तरतिर फर्केका कोठाहरू छन्। अनि पहिलो कोठाचाहिँ मन्दिरका जिम्मा लिने पूजाहारी-हरूको निम्ति हुनेछ; अनि उत्तरतिर फर्केको पहिलो कोठा वेदीको जिम्मा लिने पूजाहारी-हरूको निम्ति अर्थात् सादोकका छोराहरूको निम्ति हुनेछ।

### ऐ) इजकिएल ४०:४८-४९: मन्दिरको दलान

**इजकिएल ४०:४८-४९:** मलाई के लाग्छ भने, यस मन्दिरको बरन्डा वा दलानचाहिँ राजा सुलेमानको मन्दिरको दलानजस्तै हुनेछ। अनि यहाँ, यस ठाउँमा खड़ा गरिएका खाँबाहरूले हामीलाई सुलेमानको मन्दिरका याकीन र बोअज नामक खाँबाहरूको सम्झना दिलाउँछन् (१ राजा ७:२१)।

चालीस अध्यायको बयानचाहिँ प्रायः मन्दिरको वरिपरिको क्षेत्रसँग सम्बन्धित छ भने, एकचालीस अध्याय मन्दिरमा केन्द्रित रहन्छ।

इजकिएल ४०-४३ अध्यायको खण्डमा प्रस्तुत गरिएका विस्तृत नापहरूले हामीलाई के सिकाउँछन् भने, हाम्रो सम्पूर्ण सेवकाईको लमाइ-चौड़ाइ हामीले परमेश्वरका निर्देशन-हरूअनुसार गर्नुपर्छ (प्रस्थान २५:४० पद हेर्नुहोस्)। अनि यहाँ प्रस्तुत गरिएको मन्दिर कुनै वास्तविक भवन नै होइन भने, यी ठीक-ठीक नापहरूको निम्ति के काम? यो अर्थहीन ठहरिनेथियो। किनकि यो सबै कुनै रूपक वा दृष्टान्त मात्र हो भने, यस प्रकारको

वास्तुकारिक विशुद्धता चाहिँदैनथियो। अनि हामी यो तर्क पनि सुनौंः यदि यस भवनका विभिन्न भागहरूको अर्थ केवल प्रतीकात्मक हो भने यसको एक-एक भागको निम्ति कुनै न कुनै सन्तोषजनक स्पष्टीकरण हुनुपर्छ। तर अहिलेसम्म कसैले पनि यस प्रकारको स्पष्टीकरण दिन सकेको छैन।

**ओ) इजकिएल ४१ः१-४ः मन्दिरका पवित्रस्थान र महापवित्रस्थान**

**इजकिएल ४१ः१-४ः** यस पवित्रस्थानका नापहरू राजा सुलेमोनको मन्दिरका नापहरू-अनुसार थिए, तर उजाड़स्थानमा भएको भेट हुने पालका नापहरूभन्दा दुई गुणा ठूला थिए। अनि ती मानिसले, जसको रूप पित्तलको जस्तो थियो, इजकिएललाई यस पवित्रस्थानमा ल्याए, तर महापवित्रस्थानभित्र तिनी एकलै गए; यस कुराले पुरानो नियमको समयको मन्दिरमा र भेट हुने पालमा पनि प्रवेश गर्ने प्रतिबन्धहरू थिए भन्ने सम्झना गराउँछ (हिब्रू ९ः८ र १२ अनि १०ः१९ पद हेर्नुहोस्)। पुरानो नियमको समयको मन्दिरका पवित्रस्थान र महापवित्रस्थान थिए; ठीक त्यस्तै ख्रीष्टको हजार वर्षको राज्यको मन्दिरमा पनि उस्तै पवित्रस्थान र महापवित्रस्थान नामक दुईवटा छुट्टै-छुट्टै खण्डहरू हुनेछन्।

**औ) इजकिएल ४१ः५-११ः मन्दिरमा भएका बगली-कोठाहरू**

**इजकिएल ४१ः५-११ः** यो मन्दिर धेरै दह्रो र फराकिलो हुनेछ; अनि यसमा हरेक तल्लामा तीस-तीसवटा बगली-कोठाहरू भएका तीन-वटा तल्लाहरू हुनेछन्। हुन सक्छ, पहिलो तल्लाका कोठाहरूभन्दा दोस्रो तल्लाका कोठाहरू ठूला हुनेछन् र तेस्रो तल्लाका कोठाहरू अझ ठूला हुनेछन्, सायद मुख्य भवनको भित्तामा खुड्किलाहरूको पाराले काटिएका जस्तै (७ पद)।

**अः) इजकिएल ४१ः१२ः मन्दिरको पश्चिममा अवस्थित भएको एउटा भवन हुनेछ**

**इजकिएल ४१ः१२ः** मन्दिरको चोकको पश्चिमी छेउमा सत्तरी गुणा नब्बे हातको छुट्टै भवन हुनेछ। अनि यस भवनको उद्देश्य के हो, सो बताइएको छैन।

**अअ) इजकिएल ४१ः१३-१५[क]ः मन्दिरका नापहरू यी हुन्**

**इजकिएल ४१ः१३-१५[क]ः** इजकिएललाई यो मन्दिर देखाउने गाइडले यसको नाप लिएः यो एक सय हात लामो र एक सय हात चौड़ा थियो।

**आअ) इजकिएल ४१ः१५[ख]-२६ः मन्दिर-भित्रका सजिसजावट र उपकारणहरू यी हुन्**

**इजकिएल ४१ः१५[ख]-२६ः** मन्दिरको भित्री भागमा दुवैपट्टि बरन्डाहरू हुनेछन्, ढोकाका खाँबाहरू हुनेछन्, र झ्यालका चौकोसहरू वा आँखीझ्यालहरू हुनेछन्।

भवनको भित्ताको चारैतिरको सजावट एकान्तरमा करूबहरू र खजूरका रूखहरू हुनेछन्। (उत्पत्ति ३ हेर्नुहोस्, किनकि करूबहरूचाहिँ परमेश्वरको पवित्रताको विषयमा बोल्दछन्); यी करूबहरूका दुईवटा अनुहार हुनेछन्, अर्थात् एउटाचाहिँ मानिसको अनुहार र अर्कोचाहिँ जवान सिंहको अनुहार हुनेछ। यता एउटा खजूरको रूखपट्टि करूबले मानिसको अनुहार फर्कायो भने, उता यसको जवान सिंहको अनुहार अर्को खजूरको रूखतिर फर्केको थियो। पवित्र धर्मशास्त्र बाइबलमा खजूरका रूखहरू विजय र धार्मिकताको प्रतीक हुन्।

अनि वेदीचाहिँ? त्यो वेदी काठको थियो; अनि इजकिएलका गाइडले यसको नाम 'परमप्रभुको सामु भएको टेबल' भने (२२ पद)।

मन्दिरका दुईवटा ढोकाहरू हुनेछन्, जसका दुई-दुई पल्लाहरू हुनेछन्; यी ढोकाहरूमा पनि करूबहरू र खजूरका रूखहरू कुँदिएका रहेछन्।

अनि बाहिरी दलानचाहिँ काठको छतले ढाकिनेछ।

अचम्म, यहाँ बीचको पर्दा, करारको सन्दुक अथवा महापूजाहारीको विषयमा केही पनि भनिएको छैन! कसरी? किनभने गलगथामा त्यो पर्दा दुई भाग हुने गरी च्यातियो। अनि जुन कुरा सन्दुकमा प्रतीकात्मक अर्थमा देखिन्थ्यो, त्यो कुरा ख्रीष्ट येशूमा पूरा भयो; उहाँ यसको खास रूप हुनुहुन्छ। अनि उहाँ ती महान् महापूजाहारी हुनुहुन्छ, जो हाम्रो निम्ति उपलब्ध हुनुहुन्छ।

### उउ) इजकिएल ४२ः१-१४ः पूजाहारी-हरूका कोठाहरू यी हुन्

**इजकिएल ४२ः१-१४ः** मन्दिरको उत्तर-पट्टि कोठाहरू हुनेछन् र यसको दक्षिणपट्टि पनि कोठाहरू हुनेछन्, जुन कोठाहरूचाहिँ पूजाहारीहरूको निम्ति हुनेछन्। यी कोठाहरूमा पूजाहारीहरूले परमपवित्र वस्तुहरू खानेछन्, र त्यहाँ उनीहरूले ती पवित्र वस्त्रहरू छोड़ि-राख्नेछन्, जुन वस्त्रहरू लगाएर उनीहरूले मन्दिरमा सेवा गर्छन्।

### ऊऊ) इजकिएल ४२ः१५-२०ः बाहिरी चोकका नापहरू यी हुन्

**इजकिएल ४२ः१५-२०ः** बाहिरी चोकका नापहरू यस प्रकारका हुनेछन्ः यसका चारै दिशातिरको नाप पाँच सय टाँगो हुनु थियो। अनि बीस पदमा पवित्र र सर्वसाधारणको बीचमा भिन्नता राखिएको छ, यसको भिन्नता पवित्र र मामुली कुराको बीचको भिन्नता भन्न सकिन्छ, जसरी परमेश्वरको आराधना गरेको वा दैनिक जीवनका सामान्य कामकुराहरू गरेको कुरा पनि फरक-फरक छन्।

### ख) इजकिएल ४३-४४ः ख्रीष्टको हजार वर्षको राज्यमा परमेश्वरको आराधना-सेवा यस्तै गरिनेछ

**इजकिएल ४३ः१-५ः** इजकिएलको पुस्तकको अघिको भागमा, खास गरी ११ः२३ पदमा, हामीले महिमाको बादलले इच्छा नलागे ता पनि यरूशलेमको मन्दिर छोड़ेको देख्यौं। तर इस्राएलका परमेश्वरको महिमा प्रभु येशूको रूपमा फर्कनेछ – त्यस बेलामा, जुन बेलामा उहाँ राज्य गर्न आउनुहुनेछ।

**इजकिएल ४३ः६-९ः** अनि उहाँले आफ्ना जनहरूको बीचमा सदा-सर्वदाको निम्ति वास गर्नुहुनेछ; अबदेखि उसो तिनीहरूले मन्दिरको आसपासमा कहिल्यै फेरि मूर्तिपूजारूपी आत्मिक वेश्याकर्म गर्नेछैनन् र मूर्तिपूजासित सम्बन्धित घृणित कामहरू पनि कहिल्यै फेरि गर्नेछैनन्।

**इजकिएल ४३ः१०-१२ः** जब इस्राएलको घराना तिनीहरूले गरेका सबै कामहरूको निम्ति लज्जित हुनेछ, तब तिनीहरूले नयाँ मन्दिरको आकार, यसको बनावट र यस व्यवस्थाहरू देख्नेछन्। तिनीहरूले पश्चात्ताप गर्नेबित्तिकै परमेश्वरले तिनीहरूलाई नयाँ आशा दिनुहुनेछ। (कसैले पश्चात्ताप गऱ्यो भने हामीले पनि उसप्रति यस प्रकारको प्रतिक्रिया देखाउनु-पर्छ)। *'यस पर्वतको टाकुरामा चारैतिर यसको सम्पूर्ण क्षेत्र परमपवित्र छ।'* यसर्थ जहाँ यो नयाँ मन्दिर निर्माण गरिनेछ, त्यस पहाड़को वरिपरिको सम्पूर्ण क्षेत्र परमपवित्र हुनेछ भन्ने कुरा मानिसहरूलाई भन्नुपरेको थियो।

परमप्रभुको महिमाको साँचो दृश्यले हामीलाई हाम्रा अधर्महरूको निम्ति लज्जित हुने तुल्याउँछ (पद १०)ः

केवल पत्रुसलाई पगाल्न सक्ने यस हेराइले,
केवल स्टिफनसले देखेको यस अनुहारले,
अँ, केवल मरियमसँग रोएको यस हृदयले
हामीलाई खिचेर मूर्तिहरूदेखि छुटाउन
सक्दो रहेछ ।

अज्ञात लेखकको रचना

**इजकिएल ४३:१३-१७:** अनि यसो बुझ्दाखेरि यो होमबलिको वेदी एउटा सिँढ़ीदार मञ्चजस्तै थियो, कि के हो, जसका नापहरू अब यहाँ, यस खण्डमा दिइएका छन् । वेदीको चुल्हाचाहिँ वेदीको सतहमा हुनेछ; यहाँ वेदीको आगो बालिनेछ । अनि वेदीको चुल्हाका चार कुनादेखि चारवटा सिङहरू उठ्नेछन् । अनि यस वेदीको एउटा असामान्य विशेषता के हुने हो भने, यसकहाँ पुग्ने खुड्किलाहरू हुनेछन्, जुन कुरा विगत मन्दिरहरूमा प्रतिबन्ध गरिएको थियो । तर यहाँको वेदी यति अग्लो हुनेछ, कि यसकहाँ पुग्न एउटा सिँढ़ी आवश्यक पर्नेछ ।

**इजकिएल ४३:१८-२७:** त्यसपछि त्यो विधि वा अनुष्ठान पेश गरिएको छ, जुन विधिअनुसार पापबलिको रगतद्वारा यस वेदीलाई पवित्र पारिनु थियो । त्यो विधि पूरा गर्न सात दिन लाग्नेछ; अनि इस्राएली जातिको सार्वजनिक आराधनामा त्यस विधिको महत्त्व कति थियो र फेरि कति हुनेछ, सो कुरा पुरानो नियमका निम्न पदहरूमा देख्न सकिन्छः प्रस्थान २९:३७; लेवी ८:११, १५, १९ र ३३; १ राजा ८:६२-६५; २ इतिहास ७:४-१० । यी सबै विधिहरू पूरा भएपछि आठौं दिनदेखि नियमित बलिहरू चढ़ाउन शुरु हुनेछ ।

यस अध्यायको अन्तमा एउटा उत्साहजनक टिप्पणी पढ़िन्छः परमेश्वरले मानिसहरूका बलिहरू मात्र ग्रहण गर्नुहुनेछैन, तर *'म तिमीहरूलाई ग्रहण गर्नेछु, प्रभु यहोवा भन्नुहुन्छ ।'*

याद गर्नुहोस्ः त्यस दिनमा सेवारत हुने पूजाहारीहरू सादोकका छोराहरू हुनेछन् (१९ पद) ! हुन सक्छ, यो सम्मानचाहिँ राजा दाऊद र सुलेमानप्रति सादोकको अचूक विश्वासयोग्यताको प्रतिफल पो थियो कि कसो हो ?

**इजकिएल ४४:१-३:** बाहिरी चोकको पूर्वको मूलढोका सदाको निम्ति बन्द रहनुपर्नेछ; किनभने एक दिन परमप्रभु मन्दिरमा फर्कनुहुनेछ, अनि त्यसपछि उहाँले त्यो फेरि कहिल्यै छोड्नुहुनेछैन । तर एकजना भावी शासकले मात्र यस मूलढोकाको दलानमा बस्न र त्यहाँ आफ्नो बलिदान चढ़ाएपछि भोजन गर्न सक्नेछन् । कोही-कोही छन्, जसले प्रभु येशू ती शासक हुनुभएको अनुमान गर्छन्; अरू पनि छन्, जसले 'तिनी त दाऊदको वंशको कुनै सन्तान हुन्' भन्छन्, जसले ख्रीष्ट राजाको अधीनतामा बसेर उप-शासकको स्थानमा सेवारत हुनेछन् । तर एफ. डब्ल्यू. ग्रान्टले ती शासक मसीह हुन सक्दैनन् भन्ने कुरा स्पष्ट पारेका छन्; किनभने शासकका छोराहरू हुने रहेछन् (४६:१६), र तिनले आफ्नो निम्ति एउटा पापबलि चढ़ाउने रहेछन् (४५:२२) ।[39)]

**इजकिएल ४४:४-९:** जब परमप्रभुले इजकिएललाई मन्दिरको अगाड़ि ल्याउनुभयो, तब यो भवन परमप्रभुको महिमाले भरिएको देखेर यी भविष्यवक्ता भयविह्वल भए । तब चार पदले हामीमा हाम्रा आराधना सभाहरूको सम्बन्धमा कत्रो तीव्र चाहना सृजना गर्नुपर्छ त ? यी सभाहरूमा परमप्रभुको महिमा यति धेरै देखा परेको होस्, कि उपस्थित उपासकहरूले उहाँको सामु दण्डवत् गर्नेछन् ।

परमप्रभुले उनलाई 'यस मन्दिरको विषयमा, साथै यसका पस्ने ठाउँ र निस्कने ठाउँहरूको विषयमा नयाँ विधिहरूमाथि ध्यान देऊ' भन्ने निर्देशन दिनुभयो (५ पद), र उनले मानिसहरूलाई चेताउनी दिऊन्, कि तिनीहरूले मन्दिरको सेवामा कुनै परदेशीलाई भाग लिने आदत बन्द गर्नुपर्छ (४४:६-९) ।

**इजकिएल ४४ः१०-१६ः** अबदेखि उसो लेवीहरूले परिचारकको रूपले काम गरून्; किनकि उनीहरू अघिको समयमा मूर्तिपूजामा फसेका थिए। सादोकका छोराहरूले मात्र परमेश्वरको नजिक आउन र उहाँको सेवा गर्न पूजाहारी-पदमा सेवा गर्न पाउनेछन्। दाऊद सङ्कष्टमा परेको बेलामा सादोकका छोराहरू तिनको अधीनतामा बसेर तिनीप्रति विश्वास-योग्य रहेका थिए (२ शामूएल १५ः२४; १ राजा १ः३२ आदि; २ः२६, २७ र ३५)। तर लेवीहरूलाई पूजाहारी-पदबाट निकालिए; हुन सक्छ, एलीको परिवारमाथि परेको श्रापको कारणले, कि त राजाहरूको समयमा उनीहरू अविश्वासयोग्य भएको कारणले यसो भएको थियो। यस सबैबाट हामी के सिक्छौं भने, पापका नतिजाहरू प्रायः तीता हुँदा रहेछन्, र विश्वासयोग्यताको निम्ति निश्चित इनाम निर्धारित गरिएको हुन्छ।

**इजकिएल ४४ः१७-१९ः** पूजाहारीहरूले ऊनी वस्त्र होइन, तर सुती लुगाहरू पहिरनुपर्छ। अनि ४४ः१९ख पदमा *'अनि तिनीहरूले मानिसहरूलाई आफ्ना वस्त्रहरूले पवित्र नपारून्'* भनेर लेखिएको विषयमा कसो हो? यस भनाइको सन्दर्भ त्यो विधिवत् पवित्रता हो, जुन पवित्रताचाहिँ पवित्रस्थानको सेवासित सम्बन्धित थियो, तर पूजाहारीहरूका अन्य नियमित कर्तव्यहरूसित सम्बन्धित थिएन (प्रस्थान २९ः३७ र ३०ः२९; लेवी ६ः१८ र २७; हाग्गै २ः१०-१२)।

**इजकिएल ४४ः२०-२२ः** अब पूजाहारीहरूको निम्ति निम्न नियमहरू पेश गरिएका छन्ः उनीहरूलाई कपाल काट्ने, सेवारत हुने समयमा दाखमद्य पिउन निषेध गरिएको र उपयुक्त विवाहको सम्बन्ध राख्ने नियमहरू दिइए।

**इजकिएल ४४ः२३-२४ः** अनि सादोकका छोराहरूले शिक्षक र न्यायकर्ताहरूको भूमिका पनि निभाउनेछन्; उनीहरूले परमेश्वरका जनहरूलाई पवित्र र अपवित्रको बीचमा अनि शुद्ध र अशुद्धको बीचमा छुट्ट्याउन सक्ने सक्षम तुल्याउनुपर्नेछ।

**इजकिएल ४४ः२५-२७ः** कुनै मृतकको सम्पर्कमा आएमा उनीहरूले शुद्धीकरणको निम्ति केही निर्धारित विधिहरू पालन गर्नुपर्नेछ।

**इजकिएल ४४ः२८-३१ः** उनीहरूको पालनपोषणचाहिँ इस्राएलीहरूले परमप्रभुलाई समर्पण गरेका वस्तुहरूबाट हुनेछ। परमप्रभु उनीहरूको अधिकारको भाग हुन चाहनुहुन्छ, र उहाँबाहेक यस पृथ्वीमा उनीहरूसँग अरू केही पनि हुनेछैन। अनि यो कुरा आज पनि परमेश्वरका सेवकहरूको निम्ति सत्य ठहरिएको छ; हामीले उहाँमा पूरा सन्तुष्टि पाएका उहाँ चाहनुहुन्छ; र यसरी हामी सांसारिक बन्धनहरूबाट पूरा मुक्त भई उहाँको सेवा गर्न सक्नुपर्छ। प्रेरित पावलले जे सिके, त्यो हामी पनि सिक्नुपर्छः हामीले हरेक अवस्थामा सन्तुष्ट रहन सिक्नुपर्छ (फिलिप्पी ४ः११)। हामीले यो सिक्नुपर्छ; किनभने यो कुरा कसैको जीवनमा सहजै, आफै-आफ आउँदैन। किनकि केवल चूर्ण भएको मानिसले यसो भन्न सक्छः *'अनि पृथ्वीमा तपाईंबाहेक मेरो अरू कोही चाहँदिनँ; ...। परमेश्वर सदाको निम्ति मेरो हृदयको बल र मेरो भाग हुनुहुन्छ'* (भजन ७३ः२५-२६)।

### ग) इजकिएल ४५-४६ः ख्रीष्टको हजार वर्षको राज्यको प्रशासन यो हो

**इजकिएल ४५ः१ः** इस्राएल देशको केन्द्रमा परमप्रभुको निम्ति एक भाग एउटा पवित्र भूक्षेत्रको रूपमा छुट्याइनेछ। यसको क्षेत्र-फलचाहिँ पच्चीस हजार गुणा बीस हजार हात हुनेछ।

**इजकिएल ४५ः२-५ः** अनि यो जमिन लमाइमा वरपर दुईवटा भागमा विभाजन गरिनेछ। यस उत्तरपट्टिको आधा भागमा

पवित्रस्थान पर्नेछ, र यो पवित्र जमिन पूजाहारीहरूको निम्ति पनि हुनेछ। अनि दक्षिणपट्टिको भाग लेवीहरूको निम्ति हुनेछ।

**इजकिएल ४५:६:** यस वर्गाकार क्षेत्रको फेदमा पच्चीस हजार हात लामो र पाँच हजार हात चौड़ा भएको एउटा तेस्रो भाग, इस्राएलको सारा घरानाको साझा जमिन हुनेछ; त्यसमा यरूशलेम शहर पनि समावेश हुनेछ।

**इजकिएल ४५:७-८:** यस वर्गाकार क्षेत्रको पूर्व र पश्चिममा परेको जमिन, देशका सिमानाहरूसम्म, शासकको भाग हुनेछ।

**इजकिएल ४५:९-१२:** अनि इस्राएलका शासकहरूले आफ्ना सबै कामकुराहरूमा न्यायसँगत व्यवहार देखाउनुपर्छ; उनीहरूको तराजु सच्चा र उनीहरूका नापतौलहरू यथार्थ र विशुद्ध हुनुपर्छ (९ पद)।

**इजकिएल ४५:१३-१७:** अनि यी पदहरूअनुसार जनताका सबै मानिसहरूले आफ्ना अन्नबाली र बगालहरूबाट इस्राएलका शासकको निम्ति यस हेतुले एउटा निर्धारित भेटी चढ़ाउनुपर्नेछ, कि तिनीसित तोकिएका समयहरूमा नियमित अन्नबलि, होमबलि र मेलबलिहरूका चीजहरू भएका होऊन्।

**इजकिएल ४५:१८-२०:** पहिलो महिनाको पहिलो दिनमा तिनीहरूले पवित्रस्थान शुद्ध पार्नुपर्नेछ, अनि त्यही महिनाको सातौं दिनमा मानिसहरूले आफूलाई अनजानमा वा अज्ञानतामा गरेका पापहरूबाट शुद्ध पार्नुपर्नेछ।

**इजकिएल ४५:२१-२५:** अनि पहिलो महिनाको चौधौं दिनमा तिनीहरूले निस्तार चाड़ मनाउनुपर्नेछ र सातौं महिनाको पन्ध्रौं दिनमा तिनीहरूले झुपड़ीहरूको चाड़ मनाउनुपर्नेछ।

तर पेन्टेकोष्टको चाड़ अर्थात् हप्ताहरूको चाड़, अनि तुरहीको चाड़ र प्रायश्चितको दिनको विषयमा यहाँ कुनै कुरा उल्लेख गरिएको छैन।

यी सबै धार्मिक विधिहरू र इस्राएलीहरूले मान्नपर्ने पवित्र दिनहरू ध्यानमा राखेर हामी हाम्रो निम्ति एकैपल्टमा पूरा भएको ख्रीष्ट येशूको त्राणको कामको निम्ति कति कृतज्ञ हुनुपर्छ!

## हजार वर्षको राज्यमा चढ़ाइने बलिदानहरू

इजकिएल ४३:२० र २६ अनि ४५:१५ र १७ पदहरूमा कति बलिहरू उल्लेख गरिएका छन्, जुन बलिहरू हजार वर्षको राज्यको समयमा प्रायश्चित गर्न चढ़ाइनेछन्। वचनले स्पष्टसँग यो कुरा भनेको छ। तब हिब्रू १०:१२ पदको विषयमा कसो हो, जहाँ यसो लेखिएको छः *'तर यी व्यक्तिचाहिँ पापहरूको निम्ति एउटै बलिदान चढ़ाएर सदाको निम्ति परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो।'* अथवा हामी यो कुरा हिब्रू १०:१८ पदसँग कसरी मिलाऔं, जहाँ यसो लेखिएको छः *'अब जहाँ यी कुराहरूको पापको क्षमा हुन्छ, त्यहाँ पापको निम्ति कुनै बलिदान बाँकी रहँदैन'*?

पुरानो नियममा जुन प्रायश्चितको शब्द प्रयोग गरिएको छ, यस शब्दको अक्षरशः अर्थ 'पाप ढाक्नु' हो। यस शब्दले पापहरू हटाउने अर्थ कहिल्यै लिएन। किनकि हिब्रू १०:४ पदले हामीलाई याद दिलाउँछ, कि *'बहर र बोकाहरूको रगतले पापहरू हरण गर्नु असम्भव छ।'* बरु यी बलिदानहरूद्वारा हरेक वर्षमा फेरि पापहरूको सम्झना पो गरिन्थ्यो (हिब्रू १०:३)। तब प्रायश्चितको खास अर्थ के थियो त? प्रायश्चितको मतलब के थियो भने, पुरानो नियमका यी बलिदानहरूद्वारा एउटा बाहिरी, विधिवत् शुद्धता प्राप्त गरिन्थ्यो। यी बलिदानहरूले विधिपूर्वक मानिसहरूको शुद्धीकरण गरे; यसरी तिनीहरू उपासकहरूको रूपमा परमेश्वरको नजिक आउन र उहाँसँग सङ्गति गर्न सक्षम र योग्य भए। यी बलिदानहरूले होमबलिको वेदीजस्ता निर्जीव

वस्तुहरूको निम्ति समेत प्रायश्चित गरे (प्रस्थान २९ः३७), यस सिलसिलामा पापहरूको क्षमाको कुरा छँदैछैन। यस सम्बन्धमा प्रायश्चितको अर्थ के हो त? यी बलिदानहरूद्वारा यो वेदी विधिवत् हिसाबले शुद्ध पारियो र यसरी परमेश्वरको सेवाको निम्ति उपयोगी बनाइयो।

जब हामी प्रायश्चितको सम्बन्धमा अनजानमा गरेको पाप कसरी क्षमा गरिन्थ्यो, सो विषयमा लेवी ४ः२० पदमा पढ्छौं, तब यस प्रायश्चितको बलिले विधिवत् अशुद्धता हटाएको यसको एकमात्र मतलब थियो। किनकि त्यसपछि त्यो सम्बन्धित व्यक्ति परमेश्वरको आराधना गर्न उहाँको नजिक आउन सक्थ्यो।

हाम्रो समयमा 'प्रायश्चित'को शब्दको अर्थ धेरै फराकिलो र गहिरो भएको हो। उदाहरणको निम्ति, यो शब्द ख्रीष्ट येशूको सम्पूर्ण पापबलिरूपी त्राणको काम वर्णन गर्न प्रयोग गरिन्छ, जुन कामद्वारा उहाँले हाम्रा सबै पापहरू हटाउनुभयो र हामीलाई परमेश्वरसँग मिलाप गराउनुभयो। तर प्रायश्चित भन्ने शब्द पवित्र बाइबलभरि कहिल्यै यस प्रकारको अर्थमा प्रयोग गरिएको छैन। अनि के.जे.वी.-बाइबलमा रोमी ५ः११ पदमा जुन प्रायश्चितको शब्द हालिएको छ, त्यस शब्दको खास अर्थ 'मिलाप' हो, जसरी एन.के.जे.वी. र अन्य बाइबलहरूले सठीक अनुवाद गरेका छन्।[40)]

इस्राएली जातिको इतिहासमा तिनीहरूले चढ़ाएका बलिदानहरूले सधैं भावी दिनमा ख्रीष्ट येशूले पूरा गर्नुभएको सिद्ध र सम्पूर्ण बलिदानको बाटो हेर्दैथिए। अनि हजार वर्षको राज्यमा चढ़ाउनुपर्ने बलिदानहरूले ख्रीष्ट येशूले गलगथामा पूरा गर्नुभएको त्राणको कामको सम्झना गर्नेछन्। हाम्रो निम्ति प्रभुभोज जे छ, ती बलिदानहरू इस्राएली जातिको निम्ति त्यही हुनेछन्ः उहाँको मृत्युको सम्झना गर्ने थोकहरू हुनेछन्।

अनि हिब्रूको पुस्तकका उक्त पदहरूले भावी दिनमा बलि चढ़ाउने रीतिविधिको निम्ति ठाउँ छोड़िराखेका छन्। तर यी पदहरूको जोड़ यसैमा छः भविष्यमा यस्ता बलिदानहरू हुनेछैनन्, जुन बलिदानहरूले हाम्रा पापहरूसित सठीक प्रकारले कार्यकारी व्यवहार गर्न सक्नेछन्, अनि विगत समयमा पनि यी बलिदानहरूको सम्बन्धमा कुरा यस्तै थियो।

**इजकिएल ४६ः१-८ः** यस खण्डमा यी भावी शासक विश्रामदिन र औंसीको दिनमा कसरी भित्री चोकको पूर्वको मूलढोकाको सामु खड़ा हुनुपर्छ, र तिनले आफ्ना होमबलि र मेलबलिहरू कसरी ल्याउनुपर्छ र परमप्रभुको सामु कसरी दण्डवत् गर्नुपर्छ, सो बताइएको छ। तिनले भित्री चोकमा प्रवेश गर्न पाउनेछैनन्। अनि प्रजा यी शासकको पछाड़ि खड़ा हुनुपर्छ, र पूजाहारीहरूले यी बलिहरू चढ़ाउँदा मानिसहरूले दण्डवत् गर्नुपर्छ। तर भित्री चोकमा न शासकले, न मानिसहरूले प्रवेश गर्न पाउनेछन्।

हजार वर्षको राज्य भएको बेलामा इस्राएली जातिले यी बलिहरूमा ख्रीष्ट येशूलाई देख्नेछ, जुन कुरा यस जातिले विगत समयमा कहिल्यै देख्न सक्दैनथियो।

**इजकिएल ४६ः९-१०ः** अनि मानिसहरूले जुन मूलढोकामा प्रवेश गर्नेछन्, त्यस मूलढोकाबाट निस्केर जान पाउनेछैनन्, तर तिनीहरू यसको ठीक विपरीत मूलढोकाबाट बाहिरी चोकमा निस्कनुपर्नेछ। तिनीहरूले शासकको भित्र पस्ने र बाहिर आउने चालसित आफ्नो चाल मिलाउनुपर्नेछ।

**इजकिएल ४६ः११-१८ः** अनि एघार र बाह्र पदहरूमा यी शासकका स्वेच्छा बलिहरू के-के हुनेछन्, सो वर्णन गरिएको छ; अनि ४६ः१३-१५ पदहरूमा दैनिक बलिहरू वर्णन गरिएका छन्। अनि ४६ः१६-१८ पदहरूमा

शासकको पैतृक सम्पत्तिको सम्बन्धमा केही नियमहरू पेश गरिएका छन्, जुन नियमहरूले तिनलाई यो सम्पत्ति स्थायी रूपमा गुमाउनदेखि अथवा अन्याय गरेर यस अधिकारको भागमा थप्नदेखि रोक्छन्।

**इजकिएल ४६:१९-२४:** अनि पूजाहारीहरू र मानिसहरूको निम्ति चुलाचौकीको बन्दोबस्त पनि गरिएको छ।

### घ) इजकिएल ४७-४८: ख्रीष्टको हजार वर्षको राज्यको क्षेत्रफल यही हो

#### अ) इजकिएल ४७:१-१२: पानी निको हुनेछ

**इजकिएल ४७:१-१२:** इजकिएलले एउटा दर्शन देखे; हेर, त्यस दर्शनमा परमप्रभुको भवनको ढोकाबाट एउटा खोला बगिरहेको रहेछ! यस खोलाको पानी वेदीको छेउबाट भएर पूर्वको मूलढोकाको दाहिनेपट्टिको पर्खालबाट निस्केर मृत सागरसम्म बगिरहेको थियो; अनि यो पानी त्यहाँ पुग्नेबित्तिकै त्यस मृत सागरको पानी निको हुनेछ; र त्यसमा माछाहरू प्रशस्त हुनेछन्। यस सिलसिलामा श्री काइल एम. येट्सले यसो लेखेका छन्:

> 'जीवनको पानी पुरानो नियमको प्रमुख चित्रण हो। मरुभूमिमा परेका इलाकाहरूलाई पानी चाहिन्छ, तब मात्र त्यहाँ जीवन सम्भव हुन्छ। अनि इजकिएलले यहाँ एउटा खोला देखे, जसको पानी मन्दिरबाट निस्केको र अराबाको सुक्खा इलाकाहरूतिर बगिरहेको थियो। अनि बग्दै गरेको खोलाको पानी गहिरो र झन् गहिरो हुँदै गयो, र त्यो पानी जहाँ पुग्यो, त्यहाँ यसले जीवन र स्वास्थ्य ल्यायो र प्रशस्त फलहरू पैदा गरायो। निको हुनलाई एकमात्र उपाय वा दवाई यही हुँदो रहेछ। अनि प्रभु येशूले याकूबको इनारमा त्यस सामरी स्त्रीसँग भेट हुनुभएको बेलामा त्यसलाई अर्ती-उपदेश दिँदा यो चित्रण प्रयोगगर्नुभयो (यो कुरा भजन १:३ र ४६:४; योएल ३:१८; जकरिया १४:८; यूहन्ना ४:७-१५ र ७:३८; प्रकाश २२:१-२ पदहरूसित पनि तुलना गर्नुहोस्)'[41]

यो खोला वा यो नदीचाहिँ ख्रीष्टको हजार वर्षको राज्यको आशिषको निम्ति एउटा कति प्रभावकारी चित्र हो, किनकि त्यो आशिष धेरै ठाउँहरूमा पुग्नेछ, तर सबै ठाउँहरूतिर पुग्नेछैन (११ पद)। त्यस बेलामा परमेश्वरले आफ्नो मन्दिरमा वास गर्नुहुनेछ, र यसकारण आशिषको नदी निरन्तर बढ्दै जानेछ र अन्य ठाउँहरूतिर फैलिएर जानेछ। अनि वर्तमान समयमा परमेश्वर हाम्रो शरीरमा वास गर्नुभएको छ (१ कोरिन्थी ६:१९), र यही कारणले आशिषको धारा हामीबाट हाम्रो वरिपरिका मानिसहरूकहाँ बग्न सक्छ र बग्नुपर्छ (यूहन्ना ७:३७-३८)। जब कुनै मानिस पवित्र आत्माले भरिएको हुन्छ, तब उसको जीवन अरू मानिसहरूका जीवनको निम्ति प्रभावकारी बन्छ; तिनीहरूको जीवनमा उसको एउटै स्पर्शले परमेश्वरको निम्ति केही न केही काम हुन्छ-हुन्छ। तर आशिष उत्पन्न गर्ने परिस्थितिहरू सृजना गर्न हाम्रो निम्ति कति ठूलो चुनौती हो!

यो नदी जहाँ-जहाँ बग्नेछ, त्यहाँ-त्यहाँ यसले जीवन ल्याउनेछ; योचाहिँ पवित्र आत्माको जीवन दिने सेवाकाईको निम्ति कति सजीव चित्र हो!

#### आ) इजकिएल ४७:१३-२३: देशको सिमाना यही हो

**इजकिएल ४७:१३-२०:** अबचाहिँ देशका भावी सिमानाहरू र देश कसरी भाग-भाग गरिनेछ, सो बयान दिइएको छ। देशका चारै दिशाका सिमानाहरू यहाँ पेश गरिएका छन्।

इजकिएलले अठार पदमा यर्दन नदी देशको सिमानाको रूपमा पेश गरे; अनि यस कुरामा कुनै गल्ती हुन सक्दैन। किनकि उनलाई पक्कै पनि थाहा हुनुपरेको थियो, कि देशको पूर्वको

सिमाना यूफ्रेटिस नदीसम्म फैलिनेछ (उत्पत्ति १५:१८)। यसकारण हुन सक्छ, उनले यहाँ कनान देशको प्रारम्भिक कब्जा गरिएको कुरा सङ्केत गरे होलान्। अथवा हुन सक्छ, उनले यर्दनचाहिँ देशको पूर्वको सिमानाको एक भाग मात्र हो भने होलान्, जसको बाँकी सिमाना-चाहिँ उत्तर/उत्तर-पूर्व यूफ्रेटिस नदीसम्म पुग्नेछ। यो दोस्रो स्पष्टीकरण कम लोकप्रिय छ; तर इजकिएलले दिएको विवरण यति विस्तृत छ, तर उनले यूफ्रेटिस नदीको विषयमा केही पनि भनेनन्। यसकारण यो पनि विचार गर्न लायकको कुरा हो।

**इजकिएल ४७:२१-२३:** इस्राएलका कुलहरूअनुसार एक-एक कुलको अधिकारको भागमा पर्ने जमिन चिट्ठा हालेर बाँड़िनेछ, तर तिनीहरूको बीचमा जिउने परदेशीहरूलाई अधिकारको भाग पाउनदेखि वञ्चित गरिनेछैन।

### इ) इजकिएल ४८: देशको भागबन्डा गरिनेछ

**इजकिएल ४८:१-७:** यसो बुझ्दा पश्चिम भूमध्यसागरदेखि देशको पूर्वको सिमानासम्म देश तेर्सा-तेर्सा भूपट्टिहरूमा विभाजन गरिनेछ। अनि सबैभन्दा उत्तरको भूपट्टिचाहिँ दान कुलको निम्ति हुनेछ (१ पद)। त्यसपछि त्यसको छेउमा आशेरको भाग पर्नेछ (२ पद), त्यसपछि नप्तालीको भाग (३ पद), मनस्सेको भाग (पद ४), एप्रैमको भाग (५ पद), रूबेनको भाग (६ पद) र त्यसपछि यहूदाको भाग पर्नेछ (७ पद)।

**इजकिएल ४८:८-२२:** अनि यहूदाको भागको दक्षिणमा अघिबाट शासकको निम्ति निर्धारित गरिएको, तिनको निम्ति छुट्टाइएको क्षेत्र हुनेछ; त्यस क्षेत्रभित्र पवित्रस्थान र यरूशलेम शहर पनि पर्नेछन्। अनि यस 'पवित्र इलाका'चाहिँ एउटा ठूलो वर्गाकार क्षेत्र हुनेछ, जसको सिमानाचाहिँ मृत सागरको उत्तरीय भागको सिमानासित सँगै पर्नेछ। यो पवित्र भूमि तीनवटा तेर्सा भूपट्टिहरूमा विभाजन गरिनेछ; यसको सबैभन्दा उत्तरीय भाग पूजाहारीहरूको निम्ति हुनेछ, र यसको केन्द्रमा हजार वर्षको राज्यको मन्दिर हुनेछ। अनि बीचको भूपट्टिचाहिँ लेवीहरूको निम्ति हुनेछ, र दक्षिणको भूपट्टिचाहिँ जनताको निम्ति हुनेछ; यसको केन्द्रमा यरूशलेम हुनेछ। अनि यस वर्गाकार क्षेत्रको पूर्व र पश्चिममा जति जमिन उब्रिनेछ र बाँकी रहनेछ, त्यो रहेको जमिन शासकको हुनेछ।

**इजकिएल ४८:२३-२७:** त्यसपछि यस पवित्र इलाकाको दक्षिणमा बिन्यामिन कुलको भाग (२३ पद), शिमोनको भाग (२४ पद), इस्साकारको भाग (२५ पद), जबूलूनको भाग (२६ पद) र गादको भाग हुनेछ (२७ पद)।

**इजकिएल ४८:२८-३५:** हरेक दिशामा तीन-तीनवटा मूलढोका हुने गरी नयाँ यरूशलेम शहरका बाह्रवटा मूलढोकाहरू हुनेछन्; यसर्थ इस्राएली जातिका बाह्र कुलहरूको एक-एक कुलको निम्ति एउटा मूलढोका हुनेछ। अनि यस शहरको नाम 'यहोवा शाम्माह' हुनेछ, जसको अर्थ 'परमप्रभु त्यहाँ हुनुहुन्छ' हो।

यस नामले परमेश्वरको हृदयमा सधैं भइरहेको मनसा के थियो, सो हामीलाई सम्झना गराउँछः उहाँले आफ्ना सृष्टिका प्राणीहरूलाई यति प्रेम गर्नुहुन्छ, कि उहाँले तिनीहरूलाई सधैं आफ्नो नजिकमा राख्ने इच्छा गर्नुहुन्छ। यसकारण बुझ्नुहोस्ः परमेश्वर सदैव हामीजस्तै हराएका मानिसहरूलाई खोज्दै हुनुहुन्छ र तिनीहरूलाई 'तिमी कहाँ छौ ?' भनेर बोलाउँदै हुनुहुन्छ। उहाँले हामीलाई अझै पनि 'तिम्रा पापहरूको विषयमा पछुताउँदै पश्चात्ताप गर र प्रभु येशूमाथि विश्वास गर' भन्ने आह्वान दिँदै हुनुहुन्छ। अनि परमेश्वरका

पुत्रको रूपमा उहाँ यस पृथ्वीमा आउनुभयो र हाम्रो निम्ति क्रूसमा मर्नुभयो। अनि अन्तमा उहाँको उक्त यो इच्छा पूरा हुनेछः उहाँको प्राणप्रिय मानिस उहाँको नजिकमा हुनेछ। अनि हाम्रो विषयमा चाहिँ कसो हो? उहाँले हराएकाहरूलाई खोज्दै गर्नुभएको उहाँको यस प्रयासमा हामी पनि संलग्न हुन र सहभागी हुन सक्छौं। कसरी? यस पृथ्वीमा उहाँको हृदयको नजिक रहेर जिउनुहोस्! यो हाम्रो निम्ति परमेश्वरको शुभ अभिप्राय हो।

इजकिएलको पुस्तकको टिप्पणी अन्त गर्दा हामी हिब्रू इसाई र पुरानो नियमका विद्वान् श्री चार्ल्स एल. फाइनबेर्गको सङ्क्षिप्त सार यहाँ प्रस्तुत गर्छौं, जसले यसो लेखेका छन्ः

'यो अतुलनीय भविष्यवाणीको पुस्तकचाहिँ परमेश्वरको महिमाको दर्शनबाट शुरु भयो र महिमित यरूशलेम शहरमा परमप्रभुको महिमा के-कस्तो हुनेछ, यसको वर्णनको साथ समाप्त भयो। प्रेरित यूहन्नाले प्रकाशको पुस्तकमा जसरी अन्त गरे, इजकिएलले पनि त्यसरी नै अर्थात् परमेश्वरले मानिससँग पवित्रता र महिमामा वास गर्नुहुने कुरा लिएर आफ्नो पुस्तक अन्त गरे। मानव इतिहासमा योभन्दा ठूलो लक्ष्य छैन र मानिससँगको परमेश्वरको व्यवहारमा योभन्दा ठूलो उद्देश्य छैन।'[42]

**ENDNOTES:**

1) **Introduction:** E.g., by Gleason Archer, in A Survey of Old Testament Introduction, under "Ezekiel."

2) **Introduction:** John B. Taylor, Ezekiel: An Introduction and Commentary, Tyndale Old Testament Commentaries, pp. 14–16.

3) **Introduction:** Albert Barnes, The Bible Commentary, Proverbs to Ezekiel, p. 302.

4) **1:4–28a:** These four faces have traditionally been linked to the four portraits of our Lord in the Gospels: Matthew, the lion (Christ as King); Mark, the ox (Christ as servant); Luke, the man (Christ as the perfect Man); John, the eagle (Christ as Son of God). See NT volume of BBC, Introduction to the Gospels, p. 13.

5) **1:4–28a:** The NKJV, following the Masoretic text, reads "When I came." The New Scofield note on this textual problem reads: 'Obviously it was not Ezekiel who came to destroy the city of Jerusalem for her sins, but the LORD Himself. On the basis of the requirements of the context, the reading in some six manuscripts, the version of Theodotion and that of the Vulgate, the best reading is "when He came to destroy the city." A possible rendering, and perhaps preferable, would be to read the final letter of the disputed word as a well-known abbreviation for "LORD," thus giving us the reading "when the LORD came to destroy the city." ' The New Scofield Study Bible, New King James Version, p. 995.

6) **1:28b–2:7:** The NRSV paraphrases "son of man" as "mortal" to avoid the "masculine-oriented" words son and man; this obscures the link with Daniel and our Lord's usage.

7) **1:28b–2:7:** John B. Taylor, Ezekiel, p. 60.

8) **1:28b–2:7:** John B. Taylor, Ezekiel, p. 60.
9) **3:12–15:** Kyle M. Yates, Preaching from the Prophets, p. 181.
10) **9:4:** Charles L. Feinberg, The Prophecy of Ezekiel: The Glory of the Lord, p. 56.
11) **9:4:** Ibid.
12) **11:16–21:** Kyle M. Yates, Preaching from the Prophets, p. 182.
13) **11:22–25:** George Williams, The Student's Commentary on the Holy Scriptures, p. 579.
14) **13:1–3:** Denis Lane, The Cloud and the Silver Lining, pp. 53–62.
15) **13:8–16:** A. B. Davidson, The Book of the Prophet Ezekiel, p. 88.
16: **13:8–16:** Our Lord calls the Pharisees by a similar (but worse!) name: "whitewashed tombs" (Matt. 23:27).
17) **16:44–52:** Charles L. Feinberg, The Prophecy of Ezekiel, p. 91.
18) **17:22–24:** Carl F. Keil, "Ezekiel," in Biblical Commentary on the Old Testament, XXI:244, 245.
19) **21:25–27:** Matthew Henry, "Ezekiel," in Matthew Henry's Commentary on the Whole Bible, IV:878, 879.
20) **22:23-24:** John B. Taylor, Ezekiel, pp. 168, 169.
21) **22:25–31:** John B. Taylor, Ezekiel, p. 169. This ancient Greek version sometimes preserves original Hebrew readings other than those in the traditional Hebrew (Masoretic) text. Footnotes to verses 24 and 25 in the NKJV give two examples, as well as readings from other ancient versions.
22) **23:5–10:** A rival center of false worship persisted. The Samaritan woman seems to defend their "denominational difference" to our Lord in John 4:20.
23) **26:3–11:** Nebuchadnezzar received this title, because he had forced many other kings to submit to his rule.
24) **26:3–11:** Charles L. Feinberg, The Prophecy of Ezekiel, p. 149.
25) **26:12–14:** Quoted by W. M. Thomson in 'The Land and the Book', p. 155n.
26) **26:15–21:** Peter Stoner, Science Speaks, p. 76.
27) **28:11–19:** Charles L. Feinberg, The Prophecy of Ezekiel, pp. 161, 162.
28) **30:13–19:** This is the well-known frontier city to which Jeremiah was taken after Governor Gedaliah's assassination (Jer. 43:7; cf. 44:1).
29) **34:1–6:** Kyle M. Yates, Preaching, p. 183.
30) **34:11–16:** D. L. Moody, Notes from My Bible, p. 90.
31) **34:11–16:** One liberal Protestant bishop of Washington, D.C. in the 1950's blasphemed the God of the OT as a "bully."
32) **34:11–16:** John B. Taylor, Ezekiel, pp. 220, 221.
33) **34:17–24:** David Baron, The Shepherd of Israel, pp. 8, 9.
34) **36:24–29a:** Carl F. Keil, "Ezekiel," p. 110.

**35) 37:1–8:** Kyle M. Yates, Preaching from the Prophets, p. 184.

**36) 38:1–16:** The KJV rendering, which makes the Hebrew Rosh an adjective meaning "chief" and modifying "prince," is based on the Latin Vulgate and the Targum, and is not accurate. Surprisingly, this translation was retained in the NIV, perhaps from a fear that people would see Russia in the word Rosh. However, taking Rosh as a proper name does not decide the issue as to which area the term will apply. It might refer to Russia, but then again it might not. Most historians and geographers identify Meshech and Tubal as areas in what is now central Turkey.

**37) 39:1–6:** S. Maxwell Coder, "That Bow and Arrow War," Moody Monthly, April 1974, p. 37.

**38) Chapter 40: Introduction:** Paul Lee Tan, The Interpretation of Prophecy, p. 161.

**39) 44:1–3:** F. W. Grant, "Ezekiel," in The Numerical Bible, IV:273.

**40) Essay on OT sacrifices:** In 1611 atonement was "at-one-ment" and meant "reconciliation." It was the correct translation in its time, but our language has changed a great deal since the 1600's.

**41) 47:1–12:** Kyle M. Yates, Preaching from the Prophets, p. 184.

**42) 48:28–35:** Charles L. Feinberg, The Prophecy of Ezekiel, p. 239.

## BIBLIOGRAPHY

Alexander, Ralph. *Ezekiel*. Everyman's Bible Commentary. Chicago: Moody Press, 1976.

Davidson, A. B. The Book of the Prophet Ezekiel. The Cambridge Bible for Schools and Colleges. Cambridge: The University Press, 1900.

Feinberg, Charles Lee. *The Prophecy of Ezekiel: The Glory of the Lord*. Chicago: Moody Press, 1969.

Grant, F. W. "Ezekiel." In *Numerical Bible*. Vol. 4. Neptune, N.J.: Loizeaux Bros., 1977.

Henry, Matthew. "Ezekiel." In *Matthew Henry's Commentary on the Whole Bible*, Vol. IV. McLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. "Ezekiel." In *Biblical Commentary on the Old Testament*. Vols. 22, 23. Reprint. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Mills, Montague S. *Ezekiel: An Overview*. Dallas: 3E Ministries, n.d.

Tatford, Frederick A. *Dead Bones Live: An Exposition of the Prophecy of Ezekiel*. Eastbourne, East Sussex: Prophetic Witness Publishing House, 1977.

Taylor, John B. *Ezekiel: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1969.

# दानियलको पुस्तकको टिप्पणी

# दानियलको पुस्तकको भूमिका

*'म यस कुरामा जोड़ दिन चाहन्छु, कि यी भविष्यवक्ता दानियल ख्रीष्टको विषयमा जत्ति स्पष्ट बोले, त्यत्ति स्पष्ट अरू भविष्यवक्ताहरूमध्ये कोही पनि बोलेनन् । किनकि उनले ख्रीष्ट आउनुहुनेछ भन्ने कुरा घोषणा गरे, जुन कुरा अरू भविष्यवक्ताहरूले पनि भविष्यवाणी गरे; यति मात्र होइन, तर यसको साथै उनले ख्रीष्ट कहिले आउनुहुनेछ, यसको सठीक समय समेत बताए । अनि उनले क्रमबद्ध तरिकाले यस घटनासित सम्बन्धित सबै राजाहरूलाई पेश गरे, ख्रीष्टको आगमनसम्म कति वर्ष लाग्नेछ, यसको ठीक सङ्ख्या बताए, र भावी घटनाहरूका सङ्केतहरू के-के हुन्, सो सुस्पष्ट रूपले पूर्वघोषणा गरे ।'*

*श्री जेरोम (इस्वी संवत् ३४७-४२०)*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

मेरो विचारमा, पुरानो नियममा दानियलको पुस्तक सबैभन्दा आकर्षक, मनमोहक पुस्तक हो, अनि सबैभन्दा महत्त्वपूर्ण पुस्तकहरूमध्ये एक पनि हो । यस पुस्तकमा प्रस्तुत गरिएका दुरुस्त-दुरुस्त भविष्यवाणीहरू, मसीहको विषयमा गरिएका भविष्यवाणीहरू र दानियल र उनका साथीहरूमा कसरी एउटा पतित विश्वधर्मको वातावरणमा त्यसबाट सुस्पष्ट रूपले अलग बसिन्छ, सो प्रेरणादायक उदाहरण पाएको कारणले दानियलको पुस्तक तर्कवादी र आफ्नो अविश्वासमा अडिग रहने विद्वान्हरूको आक्रमणमा परेको छ; यसमा शङ्का छैन । यसकारण शास्त्रसम्मत बाइबल-विद्वान् सर रोबर्ट एन्डरसनले आफ्ना किताबहरूमध्ये एउटाको शीर्षक 'डेनिएल इन ड क्रिटिक्स डेन' अर्थात् 'दानियलको पुस्तक छिद्रन्वेषीरूपी सिंहहरूको खोरमा परेको' राखेकोमा कुनै अचम्मको कुरा होइन ।

यस पुस्तकमाथिको प्रमुख हमला यस प्रकारको छः यो पुस्तकचाहिँ ख्रीष्टपूर्व छैटौं शताब्दीमा जिएका दानियल नामक भविष्य-वक्ताको रचना होइन – तर यो धारणा शास्त्र-सम्मत यहूदी र इसाईहरूले अपनाएको धारणा हो – तर ख्रीष्टपूर्व दोस्रो शताब्दीमा जिएका अज्ञात लेखकको रचना हो, जसले विशेष गरी एघार अध्यायमा त्यहाँको इतिहासको वर्णन भविष्यवाणीको शैलीमा प्रस्तुत गरे अरे ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

'दानियल यस पुस्तकका लेखक हुन्' भन्ने परम्परागत धारणा धेरैजनाले अस्वीकार गरेका हुनाले हामीले प्रायः अरू पुस्तकहरूको विषयमा गरेको भन्दा दानियलको पुस्तकको विस्तृत भूमिका यहाँ प्रस्तुत गर्छौं; किनकि यस महान् पुस्तकको विषयमा ख्रीष्ट-विश्वासी-हरूको ज्ञानको जग बलियो गरी बसालिएको हुनुपर्छ; यो अति महत्त्वपूर्ण छ ।

दानियल एकजना वास्तविक भविष्यवक्ता थिए, जसलाई परमेश्वरले संसारका अन्यजाति

साम्राज्यहरू र मसीहको आगमनको विषयमा विस्तृत दर्शनहरू प्रदान गर्नुभयो; यस परम्परागत धारणामाथि गोलाबारुद चलाएर इस्वी संवत् तेस्रो शताब्दीमा टायरका ख्रीष्ट-विरोधी दर्शनशास्त्री पोर्फूरीले यो धारणा प्रहार गरे। अनि सत्रौं शताब्दीमा केही यहूदीहरूले तिनका तर्कहरू अपनाए, अनि त्यसपछि अठारौं शताब्दीमा र त्यसदेखि यताका शताब्दीहरूमा तिनका तर्कहरूले इसाईजगत्मा पनि प्रवेश हुन पाए। तर्कवाद फैलिएर जाँदा दुवै कट्टर र फिका उदारवादीहरूका दलहरूमा तिनका यी विचारहरू अझै विकसित हुँदै गए, र तिनीहरूको बीचमा बढ़ी मान्यता पाए।

यस विषयमा श्री मेरिल एफ. उङ्गरले यसो लेखेका छन्ः

'साहित्य विश्लेषण गर्ने आधुनिक समीक्षा-शास्त्रले दानियलको पुस्तक मक्काबीहरूको जमानाको पारेर यसको लेख्ने मिति लगभग ख्रीष्टपूर्व १६७ सालमा स्थापित गरेको छ र "दानियल यस पुस्तकको लेखक हुन्" भन्ने परम्परागत धारणा सरासर अस्वीकार गरेको छ; तिनीहरूको उपलब्धि यति हो, जसमा तिनीहरू निश्चित छन्। तर तिनीहरूका तर्क-हरूको विषयमा याद रहोस्ः यी विचारहरू सत्य प्रतीत भएका हेत्वाभास र पुष्टि नभएका अनुमान-मालाहरूमाथि स्थापित गरिएका छन्।' **1)**

'दानियल यस पुस्तकका लेखक हुन्' भन्ने धारणाको विरोधमा लगाइएका मुख्य आरोपहरू जाँचपड़ताल गर्नुभन्दा अघि हामी यहाँ यस धारणाको विषयमा केही सकारात्मक प्रमाण-हरू पेश गर्छौं।

**क)** हाम्रा प्रभु येशू ख्रीष्टले मत्ती २४:१५ पदमा दानियलको पुस्तकबाट उद्धृत गर्नुभयो र यसको लेखक दानियल हुन् भन्ने कुरा पुष्टि गर्नुभयो। अनि एक भक्त ख्रीष्ट-विश्वासीको निम्ति योबाहेक अरू कुनै प्रमाण चाहिँदैन; उसको निम्ति यो काफी छ।

**ख)** यस पुस्तकमा मक्काबीहरूको जमानाको प्यालेस्टाइनको रङ्गरसको गन्ध छैन; तर यो पुस्तक प्राचीन बेबिलोन र मादी-फारसका प्रथाहरू र रङ्गढङ्गले पूर्ण छ।

**ग)** सयौं वर्षहरूदेखि यहूदी र इसाई-हरूले यस पुस्तकबाट आत्मिक लाभ र आशिष उठाए। ठिक्कै छ, हामी मानि-लिन्छौं, परमेश्वरको आत्माको प्रेरणाले नलेखिएका कतिपय पुस्तकहरूको विषयमा उक्त कुरा पनि सत्य ठहरिएला। तर दानियलको पुस्तकमा पवित्र आत्माको यति शक्तिशाली प्रकाश छ; यसकारण यो पुस्तक एउटा जालसाजी रचना कसरी हुन सक्छ त? अहँ, यो कुरा अलिकति पनि मेल खाँदैन।

**घ)** 'कुम्रान' नामक ओड़ारहरूमध्ये प्रथम गुफामा फेला परेको दानियलको पुस्तकको एउटा पाण्डुलिपि छ, जसको प्रतिलिपिचाहिँ कि त मक्काबीहरूको जमानामै, कि त त्योभन्दा अघि तयार गरिएको मानिन्छ; यसो हो भने, यस तथ्यले यसको मूललेख त्यो पाण्डुलिपि-भन्दा अझै पुरानो हुनुपर्छ भन्ने माग गर्छ।

आउनुहोस्, हामी दानियलको विशुद्ध रचनाको विरोधमा उठाइएका तीनवटा तर्कहरू हेर्दै जाऔंः यस पुस्तकमा प्रयोग गरिएको भाषाको विषयमा उठेको तर्क, यसको ऐतिहासिक तर्क र यसको ईश्वरशास्त्रीय तर्क।

**क)** यस पुस्तकमा प्रयोग गरिएको *भाषाको दृष्टिकोणबाट उठेको तर्क* यस प्रकारको छः दानियलको पुस्तक ख्रीष्टपूर्व छैटौं शताब्दीमा लेखिएको हुन सक्दैन; किनभने यस पुस्तकमा कति फारसी र ग्रीक शब्दहरू प्रयोग गरिएका छन्, अनि यो पुस्तक लेख्दा जुन अरमी भाषा

चलाइएको थियो, त्यो अरमी भाषा पछिको समयमा चल्ती हुने प्रकारको हो रे ।

यस तर्कको विरुद्धमा हाम्रो जवाफ यस प्रकारको छः

**अ)** मादी-फारसको समयसम्म अर्थात् ख्रीष्टपूर्व ५३० सालसम्म बाँचेर सेवारत भएका दानियलले फारसी शब्दहरू प्रयोग किन नगर्ने त? उनको लेखमा फारसी शब्दहरू पाइएको तथ्यले उदारवादीहरूको तर्क काट्छ र झन् बढ़ी यसको ठीक विपरीत कुरा सत्य साबित भएको सङ्केत दिन्छ। किनकि दोस्रो शताब्दीमा प्यालेस्टाइनमा फारसी भाषा जान्ने कुनै जालसाजलाई भेट्टाउने कुरा एकदम कम सम्भव भएको देखिन्छ।

**आ)** अब दानियलको पुस्तकमा प्रयोग गरिएका ग्रीक शब्दहरूको कुरा आयोः यस विषयमा बाइबल-विद्यार्थीहरू तीनछक परेका छन्; किनकि कति हाँसउठ्दो कुरा, दानियलको पुस्तकमा ग्रीक शब्दहरू तीनवटा मात्र छन्! अनि यी तीनै शब्दहरू बाजाहरूका नाम हुन्। अनि यो एउटा सुपरिचित तथ्य हो, कि कुनै एक संस्कृतिका चीजबीजहरूका नामहरू प्रायः अरू भाषाहरूमा सरिहाल्दा रहेछन्; यसको निम्ति एउटा संस्कृतिले अर्को संस्कृतिसित धेरै सम्बन्ध राख्नुपर्दैन। हो, जुन बेलामा दानियलले यो पुस्तक लेखे, त्यस बेलामा ग्रीस साम्राज्य अझै पनि भविष्यको कुरा थियो, तर ग्रीक संस्कृति र सृजनाशीलता अघिबाट प्राचीन संसारभरि फैलिसकेको थियो।

**इ)** अनि दानिएलले प्रयोग गरेको अरमी भाषाको विषयमा हामीले बढ़ी चर्चा गर्नुपर्दैन; किनकि यस विषयमा कुरा यस्तो छः भाषाविद श्री एड्वार्ड कुचेरले प्रमाणित गरिसके, कि दानिएलको पुस्तकमा प्रयोग गरिएको अरमी भाषा वास्तवमा दानियल जिएको बेबिलोन र मादी-फारसका साम्राज्यहरूको अवधिको भाषा हुँदो रहेछ।

**ख)** *ऐतिहासिक तर्कः* दानियलको पुस्तकको लेखकको विषयमा 'दानियल यस पुस्तकका लेखक हुन्' भनेर जुन शास्त्रसम्मत धारणा छ, त्यस धारणाको विरुद्धमा उठाइएका ऐतिहासिक तर्कहरू यस प्रकारका छन्ः यहूदीहरूले दानियलको पुस्तक 'भविष्य-वक्ताहरू' नामक खण्डमा होइन, तर पुरानो नियमको तेस्रो खण्डमा हाले, जुन खण्डको नाम हिब्रू भाषामा 'लेखहरू' हो; किनभने दानियलले आफ्नो पुस्तक लेखेको बेलामा 'कानुन' मानिएको त्यस ग्रन्थ-सूचिको 'भविष्यवक्ताहरू' नामक खण्ड बन्द भइ-सकेको थियो अरे।

यस तर्कको बारेमा हाम्रो जवाफ यस प्रकारको छः

**अ)** यस विषयमा कुरा सरल हुन जान्छ, जब हामी याद गर्छौं, कि दानियलको सेवकाई भविष्यवाणी गर्ने सेवकाई भए पनि उनको बोलावट भविष्य-वक्ताको बोलावट थिएन। बोलावटअनुसार उनी एक राजनेता थिए। यसकारण भविष्यवक्ताको बोलावट भएका यशैया, यर्मिया आदि भविष्यवक्ताहरूमा उनी गाभिएनन्।

**आ)** दानियलको पुस्तकको मौलिकताको विषयमा विभिन्न तथाकथित ऐतिहासिक समस्याहरू पेश गरिएका छन्, तर चरित्रवान्, इमानदार शास्त्रसम्मत विद्वान्हरूले यी भनाउँदा समस्याहरूको विषयमा समझले युक्त जवाफहरू दिएकै छन्। पाठकहरूको बीचमा जस-जसले यसको विषयमा अझ बढ़ी जानकारी पाउन चाहनुहुन्छ, तपाईंहरूको निम्ति म यहाँ निम्न लेखकहरूलाई सिफारिस गर्छु, जसले यस

विषयमा लेखेका छन्, जस्तैः श्री रोबर्ट डिक विल्सन, श्री चार्ल्स बट्फ्लावर, श्री जोन एफ. वाल्भोर्ड, श्री आर. के. ह्यारिसन र श्री ग्लीसन आर्चर।

**ग)** *ईश्वरशास्त्रीय तर्कः* अनि दानियलको विरुद्धमा उठेको ईश्वरशास्त्रीय तर्क के हो भने, यस पुस्तकमा स्वर्गदूतहरूको विषयमा, परलोकको जीवन अर्थात् पुनरुत्थानको विषयमा र मसीहको विषयमा धेरै विकसित विचारहरू पेश गरिएका छन्। तर यस प्रकारको धारणाचाहिँ धर्ममा पनि विकास-वादको सिद्धान्त लागू गरेकोबाट आएको हो। यसको सिलसिलामा उदारवादी विद्वान् श्री आर. फैफ्फरको कुरा सुनौं, जसले Old Testamentent Introduction नामक पुस्तकमा, पृष्ठ ७५५ मा लेखेका छन्, कि अलौकिकताको विरोधमा प्रतिकूल पूर्व-धारणाबाट यस प्रकारका बनावटी तर्कहरू उठेका हुन्। अरू केही इमानदार उदारवादी विद्वान्हरू पनि छन्, जसले तिनले त्यहाँ लेखेको यही कुरा मानिलिएका छन्। दानिएलको पुस्तकमा धेरै आश्चर्यकर्महरू छन् र धेरै दुरुस्त भविष्यवाणीहरू पनि छन्, अनि यो कुरा बाइबलको विश्लेषण गर्ने दिमागी तर्कवादी समीक्षा-शास्त्रले सहन सक्दैन। अनि जसरी भविष्यवक्ता दानियल कुनै हानि नलागीकन सिंहहरूको खोरबाट उम्के, त्यसरी नै हामी ख्रीष्ट-विश्वासीहरूको दिमाग र हृदयमा दानियलको भविष्यवाणी पनि 'छिद्रन्वेषीरूपी सिंहहरूको खोर'बाट कुनै हानि नलागीकन उम्कन्छ नै।

## ग) यस पुस्तकको लेख्ने मिति के हो ?

विद्वान्हरूको कुरा सुन्नु हो भने, दानियलको पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्व छैटौं शताब्दीदेखि दोस्रो शताब्दीसम्म राखिएको पाइन्छ। प्रायः सबै उदारवादीहरू र तिनीहरूका प्रशंसकहरूले यो पुस्तक मक्काबीहरूको जमानाको रचना ठानेर यसको लेख्ने मिति दोस्रो शताब्दीमा पारिहाल्छन्। तिनीहरूको सामान्य विचार के हो भने, एन्टिओकस एपिफानेसले यहूदीहरूको डरलाग्दो विरोध गर्दा बढ़ीभन्दा बढ़ी अत्याचार गरेको बेलामा यो पुस्तक तिनीहरूलाई प्रोत्साहन दिने हेतुले लेखियो अरे।

तर यस्ता मानिसहरू पनि छन्, जसले विश्वास गर्छन्, कि परमेश्वरले ग्रीस र रोमजस्ता अझै पनि नचिनिएका, ओझेलमा रहेका राज्यहरूको विषयमा सामान्य भविष्यवाणीहरू दिनाको साथै दानियल एघार अध्यायमा ग्रीस राज्यको जमानामा के-के घटनाहरू घट्नेछन्, यसको विषयमा शताब्दीहरू अघि सानातिना बेलीविस्तारहरू पनि लेख्न लाउन सक्नुहुन्छ। तिनीहरूको निम्ति दानियलले छैटौं शताब्दीमा, अँ, हुन सक्छ, लगभग ख्रीष्टपूर्व ५३० सालतिर आफ्नो भविष्यवाणी लेखे भन्ने शास्त्रसम्मत धारणा ग्रहण गर्न गाह्रो छैन।

श्री मेरिल एफ. उङ्गरले के देखाएका छन् भने, यी आलोचकहरूले दानियलको पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्व दोस्रो शताब्दीमा पारे पनि तिनीहरूले खास कुरा टार्न सकेका छैनन्। किनकि यो सत्यता अचूक छः सर्वज्ञानी परमेश्वर भविष्य पूरा जान्नुहुन्छ र हुन आउने कुराहरूसित सुपरिचित हुनुहुन्छ। यस सम्बन्धमा तिनले यसो लेखेका छन्ः

> 'ठीक छ, मानौं दानियलको पुस्तकको रचनाको विषयमा यसको लेख्ने मिति ख्रीष्टपूर्व दोस्रो शताब्दी सठीक ठहरिएला; यसो भए पनि हामीले याद गर्नुपर्छ, कि दानियलको भविष्यवाणीले भविष्यको विषयमा यस्तो पूर्वज्ञान प्रस्तुत गर्छ, जुन पूर्वज्ञानको एकमात्र हेतु परमेश्वरको आत्माको प्रेरणा हुन सक्छ।' [2)]

### घ) यस पुस्तकको सन्दर्भ र यसको विषयवस्तु के-के हुन् ?

यस पुस्तकका लेखक र यसको लेख्ने मितिको विषयमा हामी शास्त्रसम्मत दृष्टिकोण अपनाउँछौं; यसकारण हामी विश्वास गर्छौं, कि यहोयाकिम यहूदाका राजा भएको बेलामा लगभग ख्रीष्टपूर्व ६०४ सालमा राजा नबूकद्नेस्सरले बुद्धिमान् र सुन्दर यहूदी युवकहरूलाई कैद गरेर बेबिलोनमा लगे; अनि तिनीहरूमध्ये दानियल पनि एक थिए। उनको नामको अर्थ 'परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ' हो। अनि उनको चरित्र र उनको व्यवहार यस नामको पूरा योग्य थियो।

दानियल पदअनुसार राजनेता थिए, र दुवै राजा नबूकद्नेस्सर र राजा बेल-शज्जरको राजसभामा उनी उच्च पदाधिकारी थिए। अनि जब मादी-फारसले बेबिलोनलाई जित्यो, तब राजा दाराको अधीनतामा दानियल तीनजना अधिपतिहरूमध्ये प्रथम थिए। उनी राजा कोरेसको अधीनस्थ पनि सेवारत थिए। अनि हामीले अघि भनिसक्यौंः अनि सायद यही कारणले हिब्रू पुरानो नियममा दानियलको पुस्तक 'लेखहरू' भन्ने खण्डमा हालियो होला, तर अङ्ग्रेजी बाइबलहरूमा यो पुस्तक 'भविष्यवक्ताहरू'को खण्डमा राखिएको छ।

तर दानियलको सेवकाई भविष्यवक्ताको सेवकाई थियो; अनि यो कुरा हाम्रा प्रभु येशूले पुष्टि गर्नुभयो, किनभने उहाँले उनलाई भविष्यवक्ता भन्नुभयो (मत्ती २४ः१५ र मर्कूस १३ः१४)। तब दानियललाई हामी कुन प्रकारले हेरे ठीक होला ? उनी ती मानिस-हरूजस्तै थिए, जसको जागिर छ, र पनि जसले बाइबल-अध्ययन गराउन र प्रचार गर्न धेरै समय दिन्छन्। उदाहरणको निम्ति हामी यहाँ इस्वी संवत् १८४१-१९१८ सालमा जिएका सर रोबर्ट एन्डरसनलाई दिन्छौं, जो आफै पनि दानियलको भविष्यवाणीका एक विद्वान् थिए; तिनी रानी विक्टोरियाको युगको अन्ततिर स्कोटल्याण्ड यार्डको आपराधिक अनुसन्धान-विभागको प्रधान थिए, र पनि चारैतिर बाइबल सम्बन्धी तिनको आशिषित सेवकाई थियो।[3)]

दानियलको पुस्तक प्रायः अन्यजाति विश्व साम्राज्यहरूसँग सम्बन्धित भएको हुनाले दानियल २ः४ पददेखि सात अध्यायसम्म यो पुस्तक अरमी भाषामा लेखिएकोमा हामीलाई अचम्म लाग्दैन। हिब्रूसित सम्बन्धित यो अरमी भाषा एउटा अन्यजातीय भाषा थियो, र दानियलको समयमा अन्तराष्ट्रिय व्यवहारमा चारैतिर प्रयोग गरिएको चल्ती भाषा थियो, आजभोलिको अङ्ग्रेजी भाषाजस्तै। अनि केही विद्वान्हरू छन्, जसले दानियलको भविष्यवाणीको रूपरेखा यसको भाषामा भएका हेरफेरहरूअनुसार गर्दा रहेछन्।

दानियलको पुस्तकका सामग्रीहरू यस प्रकारका छन्ः दानियलको पुस्तकको एक अध्यायदेखि छ अध्यायसम्म प्रायः वृत्तान्तहरू छन्, जसको बीचमा भविष्यवाणीआत्मक विषयहरू राखिएका छन्। अनि छ अध्याय-देखि बाह्र अध्यायसम्म प्रायः भविष्यवाणीहरू छन्, जसको बीचमा कताकतै वृत्तान्तहरू हालिएका छन्।

## रूपरेखाः

**खण्ड १) दानियल १ः दानियल र उनका साथीहरूको सुदृढ़ विश्वासयोग्यता**

**खण्ड २) दानियल २ः बेबिलोनका राजा नबूकद्‍नेस्सरले चारवटा धातुले बनेको एउटा ठूलो मूर्तिको विषयमा देखेको दर्शन**

**खण्ड ३) दानियल ३ः राजा नबूकद्‍नेस्सरको सुनको मूर्ति र आगोको भट्टी**

**खण्ड ४) दानियल ४ः राजा नबूकद्‍नेस्सरले एउटा ठूलो रूखको विषयमा एउटा सपना देखे, जुन रूखचाहिँ काटियो, र यस सपनाको अर्थ**

**खण्ड ५) दानियल ५ः राजा बेल-शज्जरको विनाश भित्ताको लेखले पूर्वजानकारी दिएको**

**खण्ड ६) दानियल ६ः मादीका राजा दाराको उर्दी र सिंहहरूको खोर**

**खण्ड ७) दानियल ७ः दानियलले चारवटा पशुहरूको विषयमा देखेको सपना, जुन पशुहरूले संसारका चारवटा साम्राज्यहरू चित्रण गर्छन्**

**खण्ड ८) दानियल ८ः दानियलले मादी-फारसरूपी साँढ़-भेड़ा र ग्रीक देशरूपी बोकाको विषयमा देखेको दर्शन**

**खण्ड ९) दानियल ९ः सत्तरी हप्ताको बारेमा दानियलले देखेको दर्शन, जुन सत्तरी हप्तामा अन्यजातिहरूले प्रभुत्व गर्छन्**

**खण्ड १०) दानियल १०ः परमेश्वरको महिमाको दर्शन, जुन दर्शनले आउन लागेका घटनाहरूको रूपरेखा दिन्छ**

**खण्ड ११) दानियल ११ः१-३५ः नजिकको भविष्यको विषयमा दिइएका भविष्यवाणीहरू**

- **क) दानियल ११ः१-३ः** ग्रीक देश मादी-फारसमाथि विजयी भएको
- **ख) दानियल ११ः४-३५ः** ग्रीक साम्राज्य टुक्रिएको
  - **अ) दानियल ११ः४-२०ः** मिस्र देश र सिरियाको बीचका लड़ाइँहरू
  - **आ) दानियल ११ः२१-३५ः** दुष्ट एन्टिओकस एपिफानेसको शासन

**खण्ड १२) दानियल ११ः३६-१२ः१३ः टाढ़ा भविष्यको विषयमा गरिएका भविष्यवाणीहरू**

- **क) दानियल ११ः३६-४६ः** ख्रीष्ट-विरोधी
- **ख) दानियल १२ः** महासङ्कष्ट

# दानियलको पुस्तकको टिप्पणी

## खण्ड १

## दानियल १ः

### दानियल र उनका साथीहरूको सुदृढ़ विश्वासयोग्यता

**दानियल १ः१-७ः** यहाँको दृश्यस्थल बेबिलोनका राजा नबूकद्नेस्सरको राजदरबार हो; अनि समयचाहिँ यहोयाकिमको शासन-कालको तेस्रो वर्ष भएको थियो, जुन वर्षमा नबूकद्नेस्सरले यरूशलेम आक्रमण गरेका थिए। त्यस घटनापछि राजा नबूकद्नेस्सरले केही यहूदी युवाहरूलाई तयार गर्ने आदेश दिए; तिनीहरू बुद्धि र ज्ञान भएका मानिस-हरूको रूपमा तिनको सेवा गर्नु थियो। यी युवकहरूमध्ये दानियल, हनन्याह, मिशाएल र अजर्याह थिए। तिनीहरूका कल्दी नामहरू बेल्त-शज्जर, शद्रक, मेशक र अबेद-नेगो भए। यसको तयारीमा तिनीहरूले राजाको स्वादिष्ठ भोजन खानु र तिनको दाखमद्य पिउनुचाहिँ एक भाग थियो। हुन सक्छ, यी खानेकुराहरूमध्ये केही थोक थिए होलान्, जुनचाहिँ पुरानो नियमको व्यवस्थाअनुसार अशुद्ध थिए कि, अथवा यी खानेकुराहरू मूर्तिहरूलाई चढ़ाइएको प्रसाद पो थिए कि ?

दानियल १ः१ र यर्मिया २५ः१ पदको बीचमा अमेल भएको देखिन्छ। किनकि दानियल १ः१ पदमा नबूकद्नेस्सरले यहोयाकिमको शासनकालको तेस्रो वर्षमा यरूशलेम घेरामा हालेको बताइएको छ। तर यर्मिया २५ः१ पदमा यहोयाकिमको चौथो वर्षचाहिँ नबूकद्नेस्सरको पहिलो वर्ष थियो भनेर लेखिएको छ। हुन सक्छ, यहूदी गणना र बेबिलोनी गणनाको बीचमा भएको भिन्नता यसको मूलकारण थियो होला।

**दानियल १ः८-१२ः** दानियलले शिष्टता-पूर्वक ती राजकीय खानेकुराहरू खान इन्कार गरे। उनले 'म र मेरा साथीहरूले सागसब्जी खान र साधारण पानी पिउन पाऔं' भनेर अनुरोध गरे। तर नपुंसकहरूका प्रधान अश्पनज न यहूदीहरूका चलनहरू, न ता तिनीहरूका परमेश्वरसित परिचित थिए; यसकारण यिनी उनको यस विचारदेखि डराए र विचलित भए; यसैले यिनले आफ्नो आपत्ति जनाए; किनकि यो योजना विफल भएको भए यसको दोष यिनको थोप्लामाथि आइ-पर्नेथियो। अन्तिम आएर यिनी तिनीहरूको निम्ति जिम्मेवार थिए।

**दानियल १ः१३-२१ः** तर अन्तमा दानियलको अनुरोध स्वीकार गरियो। दस दिने परीक्षणकालको अन्तमा तिनीहरू राजाको भोजन खाने सबै जवानहरूभन्दा मोटा देखा

परे। अनि जब राजाले तिनीहरूको निम्ति निर्धारित गरेको समय पूरा भयो, तब तिनीहरू तिनको सामु खड़ा भए र बेबिलोनका सबै ज्ञानी मानिसहरूभन्दा दस गुणा उत्तम साबित भए; यसकारण राजाले तिनीहरूलाई स्वीकार गरे। परमेश्वरले आफ्नो अनुग्रहमा तिनी-हरूलाई ज्ञान, सब प्रकारको विद्याको सम्बन्धमा निपुणता र बुद्धि दिनुभयो; अनि उहाँले दानियललाई सबै दर्शनहरू र सपनाहरू बुझ्न समझ दिनुभयो (१:१७)।

# खण्ड २

## दानियल २ः

## बेबिलोनका राजा नबूकद्नेस्सरले चारवटा धातुले बनेको एउटा ठूलो मूर्तिको विषयमा देखेको दर्शन

**दानियल २:१-१३ः** राजा नबूकद्नेस्सरले एउटा सपना देखे, जसको अर्थ बेबिलोनका ज्योतिषीहरूले खोलिदिएको मात्र होइन, तर उनीहरूबाट यस सपनाको खास विषय के थियो, सो समेत जान्न चाहे – उनीहरूको निम्ति यो अनुरोध पूरा गर्न कति गाह्रो थियो, अँ, असम्भव थियो। तिनका सबै ज्ञानी कल्दी मानिसहरूले तिनलाई यो सपना र यसको अर्थ बताउन सकेनन्; यसकारण तिनले रिसमा झट्टै एउटा गम्भीर निर्णय लिएः उनले बाबेलका सबै बुद्धिमान् मानिसहरूलाई – दानियल र उनका साथीहरूलाई लगायत – नाश गर्ने आज्ञा दिए।

**दानियल २:१४-३०ः** प्रार्थनाको उत्तरमा दानियलले रातको दर्शनमा परमप्रभुबाट नबूकद्नेस्सरको सपना र यसको अर्थ के थियो, सो थाहा गरे। धन्यवाद चढ़ाउँदा दानियलले स्वर्गका परमेश्वरलाई धन्यको भने; धन्यवादी भई उनले प्रशंसाको कति सुन्दर प्रार्थना चढ़ाए! त्यसपछि उनी अर्योककहाँ यस हेतुले गए, कि तिनले बेबिलोनका बुद्धिमान् मानिसहरूको मृत्युदण्ड दिने कार्य बन्द गरून्। अनि अर्योकले उनलाई राजाको सामु ल्याए, र दानियलले 'स्वर्गमा एउटा परमेश्वर हुनुहुन्छ, जसले रहस्यहरू प्रकट गर्नुहुन्छ' भनेर रहस्य जान्ने आफ्नो दिव्य स्रोत के थियो, सो प्रकट गरिदिए।

**दानियल २:३१-३५ः** त्यसपछि दानियलले राजालाई तिनले देखेको सपना बताए; किनकि तिनले एउटा विशाल, प्रतापी मूर्ति देखेका थिए, जसको रूप भयानक थियो। त्यस मूर्तिको टाउको उत्तम सुनको थियो, त्यसको छाती र त्यसका पाखुराहरू चाँदीका थिए, त्यसको पेट र त्यसका तिघ्राहरू पित्तलका थिए, त्यसका खुट्टाहरू फलामका थिए, र त्यसका पाउहरूचाहिँ आधा फलामका र आधा माटोका थिए। अनि नबूकद्नेस्सरले हेरिरहँदा कसैको हातविना काटिएको एउटा ढुङ्गाले त्यो मूर्ति हिर्काएर टुक्रा-टुक्रा पाऱ्यो अनि जुन ढुङ्गाले त्यो मूर्ति हिर्कायो, त्यो ढुङ्गा एउटा ठूलो पहाड़ बन्यो, र यसले सारा पृथ्वी भरिदियो।

**दानियल २:३६-४५ः** यस सपनाको अर्थ यस प्रकारको छः त्यस मूर्तिले चारवटा अन्यजाति साम्राज्यहरू सङ्केत गर्छ, जुन साम्राज्यहरूले संसारमाथि प्रभुत्व गर्नेछन् र यहूदीहरूमाथि शासन गर्नेछन्। अनि अठतीस पदअनुसार नबूकद्नेस्सरचाहिँ बेबिलोनका सम्राट भईकन त्यस मूर्तिको सुनको शिर थिए। अनि फारसको राज्यचाहिँ त्यसका चाँदीका

पाखुराहरू थियो, जसको एउटा पाखुराले मादी र जसको अर्को पाखुराले फारसलाई सङ्केत गर्छ। अनि तेस्रो साम्राज्य ग्रीस देश थियो, त्यस मूर्तिको पेट र त्यसका तिघ्राहरू थियो। अनि रोमी साम्राज्यचाहिँ त्यसका फलामका दुईवटा खुट्टाहरू थियो, जसको एउटा खुट्टाले त्यस राज्यको पूर्वीय भाग र जसको अर्को खुट्टाले त्यस राज्यको पश्चिमी भाग सङ्केत गर्छ। आधा फलाम र आधा चिम्ते माटो भएका पाउहरूले पुनर्जागृत भएको रोमी साम्राज्य चित्रण गर्छन्; त्यसका पाउका दसवटा औंलाहरूले दसवटा राज्यहरू सङ्केत गर्छन्। तपाईंले यी चारवटा धातुहरूमा माथिदेखि तलसम्म मूल्य घटेको, तर शक्ति बढ़ेको याद गर्नुहोला। केवल आधा फलाम र आधा माटो भएका पाउहरू यसबाट बाहेक हुन्छन्। अनि तपाईंले यस कुरामाथि पनि ध्यान दिनुहोला, कि मानिसको दृष्टिमा ती साम्राज्यहरू मूल्यवान् धातुहरू थिए भने, परमेश्वरले ती राज्यहरू जङ्गली पशुहरूको रूपमा देख्नुहुन्छ (दानियल ७)। अनि प्रभु येशू कसैको हातविना काटिएको त्यो ढुङ्गा हुनुहुन्छ। किनकि उहाँले चारवटा साम्राज्यहरू नष्ट गर्नुहुनेछ र सारा पृथ्वीमाथि राज्य गर्नुहुनेछ; अनि उहाँको अनन्त राज्य सदा-सर्वदा स्थिर रहिरहनेछ।

**दानियल २:४६-४९:** अनि जब राजा नबूकद्नेस्सरले दानियलको बुद्धिको वचन सुने, तब तिनले उनलाई बाबेलको सम्पूर्ण प्रान्तको मुख्य शासक तुल्याउनुको साथै बेबिलोनका सबै ज्ञानी मानिसहरूमाथि राज्यपालहरूको प्रधान बनाए। अनि उनका तीनजना साथीहरू उनलाई साथ दिने उप-मन्त्रीहरू भए।

# खण्ड ३

# दानियल ३:

## राजा नबूकद्नेस्सरको सुनको मूर्ति र आगोको भट्टी

**दानियल ३:१-७:** राजा नबूकद्नेस्सरले नब्बे फिट अग्लो सुनको मूर्ति बनाए र दुराको मैदानमा खड़ा गरे। त्यसपछि तिनले यसो भन्ने आज्ञा गरेः 'जब मानिसहरूले सिङ, बाँसुरी, वीणा, सारङ्गी, सितार र सबै किसिमका बाजाहरूको सङ्गीतको धुन सुन्छन्, तब सबै मानिसहरूले भुइँमा घोप्टो परेर यस मूर्तिलाई दण्डवत् गर्नुपर्छ। अनि जुन मानिसले यसो गर्दैन, त्यस मानिसलाई आगोको भट्टीमा फालिनेछ।'

**दानियल ३:८-१२:** शद्रक, मेशक र अबेद-नेगो निष्ठावान् यहूदीहरू थिए; यसकारण उनीहरूले यस मूर्तिको पूजा गर्न अस्वीकार गरे, अनि केही कल्दीहरूले राजाकहाँ उनीहरूलाई पोल लगाए।

**दानियल ३:१३-२१:** अनि राजाले उनी-हरूलाई उनीहरूको मन बदली गर्ने मौका दिए, तर उनीहरूले यसो गर्न मान्दैनथिए। उनीहरू दिव्य छुटकारा पाउने कुरामा सुनिश्चित र निर्धक्क थिए; उनीहरूको यो भरोसा कति प्रशंसनीय थियो! तर 'यस्तो भएन भने' उनीहरू अझै पनि प्रभुप्रति निष्ठावान् रहनेथिए। तब राजाले त्यो आगोको भट्टी सात गुणा बढ़ी तताउने आज्ञा गरे र यी तीनजना यहूदीहरूलाई बाँधेर लुगा लगाएको अवस्थामा त्यस भट्टीभित्र फालिदिने आदेश दिए।

**दानियल ३:२२-२५:** अनि त्यो आगोको भट्टी यति साह्रो तातो बनाइएको थियो कि जुन मानिसहरूले यी तीनजनालाई उठाएर त्यसभित्र फाले, त्यस भट्टीको रापले गर्दा ती मानिसहरूको तात्कालिक मृत्यु भयो। तर जब राजा नबूकद्नेस्सरले त्यस भट्टीभित्र नियालेर हेरे, तब तिनी तीनछक परे; किनकि त्यहाँ तिनले चारजना मानिसहरूलाई देखे; यी तीनजना यहूदीहरूलाई देख्नाको साथसाथै तिनले चौथो व्यक्तिलाई पनि देखे, जसको रूप एन.के.जे.वी.अनुसार परमेश्वरका पुत्रको जस्तो थियो, कि ता देवताहरूको सन्तानको जस्तो थियो (एन.के.जे.वी.को पार्श्व-अनुसार)। राजा नबूकद्नेस्सरले यी चौथो व्यक्तिको विषयमा जस्तोसुकै विचार गरे, हाम्रो निम्ति उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो; यसमा शङ्का छैन। यस घटनाबाट हामीलाई थाहा लागेको छः प्रभु कि त हामीलाई समस्याहरूदेखि बचाउनुहुन्छ, कि त हामी समस्यामा परेको बेलामा उहाँ हाम्रो साथमा हुनुहुन्छ।

**दानियल ३:२६-३०:** अचम्म, यी तीनजना यहूदीहरूलाई कुनै हानि भएन ! त्यस भट्टीको आगोले केवल ती डोरीहरू जलाएको थियो, जससित उनीहरू बाँधिएका थिए।

यसकारण हामी बुझिराखौंः परमेश्वरका उद्देश्यहरू पूरा हुनुमा दुःखकष्टहरूले साथ दिँदा रहेछन् र हामीलाई ती कुराहरूबाट मुक्त गर्दा रहेछन्, जुन कुराहरूले हामीलाई बन्धनमा राखिराखेका छन्।

यस कुराबाट राजा यति धेरै प्रभावित भए कि तिनले अबदेखि उसो कसैलाई पनि यहूदीहरूका परमेश्वरको विरुद्धमा बोल्न दिएनन् र बाबेलको प्रान्तमा यी तीनजना युवाहरूको पदोन्नति गरिदिए, यद्यपि उनीहरूले तिनको वचन विरोध गरेर पूरा हुन दिएनन्।

# खण्ड ४

# दानियल ४:

## राजा नबूकद्नेस्सरले एउटा ठूलो रूखको विषयमा एउटा सपना देखे, जुन रूखचाहिँ काटियो, र यस सपनाको अर्थ

**दानियल ४:१-९:** यहाँ, यस अध्यायमा राजा नबूकद्नेस्सरले सर्वोच्च परमेश्वरको महानता स्वीकार गरे र आफ्नो जीवनको यस्तो अनुभवको विषयमा गवाही दिए, जुन अनुभवले उनको विश्वास र जीवन परिवर्तन गर्‍यो (४:१-३)। किनकि तिनले एउटा सपना देखेका थिए, जसको अर्थ तिनका सबै ज्ञानी मानिसहरूले बताउन सक्दैनथिए; यसकारण तिनले दानियललाई बोलाइपठाए र उनलाई आफ्नो सपना सुनाए।

**दानियल ४:१०-१५ख:** तिनले सपनामा एउटा अग्लो रूख देखेका थिए; त्यसको रूप सुन्दर थियो र त्यसको फल प्रशस्त थियो। त्यस रूखको उचाइ आकाशसम्म पुग्यो र त्यो सारा पृथ्वीका पल्ला छेउहरूसम्म फैलियो। त्यसपछि स्वर्गबाट एक पहरेदार, एक पवित्र जन ओर्ले, जसले त्यो रूख काट्ने आदेश दिए; तर जमिनमा त्यसको ठुटा र त्यसका जराहरू छोड़िए।

**दानियल ४:१५ग-१८:** त्यसपछि ती पवित्र जनले एकजना मानिसको विषयमा कुरा गर्दै गए, जसले आफ्नो होस गुमाउँछ र जो सात वर्षसम्म एउटा पशुजस्तै हुनेछ।

**दानियल ४:१९-२६:** दानियलले सपनाको अर्थ खोल्दै गर्दा राजालाई के भने भने, त्यस रूखले नबूकद्नेस्सरलाई र तिनको संसारभरि फैलिएको साम्राज्य सङ्केत गर्छ। तिनले आफ्नो सिंहासन गुमाउनेथिए, र तिनी पागल हुनेथिए अनि सात वर्षसम्म मैदानको घाँस खाने पशु सरह हुनेथिए। (तिनको मानसिक अवस्थाको मनोवैज्ञानिक नाम 'बोएन्थ्रोपी'[4] हो)। तर रूखको ठुटाको अर्थ यस्तो छः नबूकद्नेस्सर नष्ट हुनेथिएनन्, तर तिनको पुनर्स्थापना हुनेथियो।

**दानियल ४:२७-३७:** तब दानियलले राजा नबूकद्नेस्सरलाई सल्लाह दिएः तिनले तत्कालै पश्चात्ताप गरेर आफ्नो चाल बदली गरून्। तर राजाले बाह्र महिनासम्म पश्चात्ताप गरेनन्; त्यसपछि तिनले अघि दर्शनमा देखेको कुरा तिनको जीवनमा पूरा भयो। अनि सात वर्षसम्म तिनी एउटा पशु सरह जिए। त्यस अवधिको अन्तमा तिनी परमेश्वरकहाँ फर्के, र तिनले सर्वोच्च परमेश्वर उहाँ नै हुनुहुन्छ भन्ने कुरा स्वीकार गरे, जो सदा-सर्वदा जीवित रहनुहुन्छ। त्यसपछि राज्यको महिमा फेरि तिनीकहाँ फर्केर आयो र तिनको पुनर्स्थापना भयो।

# खण्ड ५

# दानियल ५ः

## राजा बेल-शज्जरको विनाश भित्ताको लेखले पूर्वजानकारी दिएको

**दानियल ५:१-४:** बेल-शज्जर नाबोनिडसका छोरा र नबूकद्नेस्सरका नाति थिए; (दुई पदअनुसार नबूकद्नेस्सरचाहिँ यिनको बुबा थिए, र यस शब्दको अर्थ 'बाजे' वा 'हजुरबुबा' पनि हुन सक्छ)। यिनले ठूलो भोज लगाए, जुन भोजको मूर्तिपूजा गरिएको आनन्दोत्सवमा यिनले ती सुन र चाँदीका पवित्र भाँड़ाकुँड़ाहरू प्रयोग गरे, जुन भाँड़ाकुँड़ाहरू राजा नबूकद्नेस्सरले अघिको समयमा यरूशलेमको मन्दिरबाट लुटेर बेबिलोनमा ल्याएका थिए। यस भोजमा राजा बेल-शज्जर र यिनका पाहुनाहरूले मत्त हुने गरी दाखमद्य पिए अनि सुन, चाँदी, पित्तल, फलाम, काठ र ढुङ्गाका देवीदेवताहरूको प्रशंसा गरे।

**दानियल ५:५-९:** जब यिनी र यी प्रधानहरू मातिरहेको र यिनीहरूले उत्ताउलो गरिरहेको बेलामा पर्खालमा लेख्दै गरेका मानिसको हातका औंलाहरू देखा परे। तब राजा डराए र विचलित भए, अनि यिनले त्यस लेखको अर्थ खोल्न सक्नेलाई बैजनी वस्त्र र सुनको सिक्री दिने अनि तेस्रो शासन-कर्ता तुल्याइदिने प्रण गरे; (हुन सक्छ, नाबोनिडस र बेल-शज्जर त्यसमा अरू दुईजना शासनकर्ता थिए होलान्)।

**दानियल ५:१०-१६:** रानी[5]को सुझाउमा दानियललाई बोलाइपठाइयो, उनले त्यस लेखको अर्थ खोलिदिऊन् भनेर। ओहो, यति धेरै वर्षहरू बितेपछि र सरकारमा यति विघ्न परिवर्तनहरू आएपछि दानियलको उत्कृष्ट बुद्धि र आत्मिकता कसैले सम्झेको रहेछ ! तब दानियल भित्र राजाको सामु ल्याइए।

**दानियल ५:१७-२४:** पहिले दानियलले भूतपूर्व राजा नबूकद्नेस्सर होच्याइएको अनुभव पेश गरे, त्यसपछि उनले साहससित राजा बेल-शज्जरलाई हप्काए; किनकि यिनले मूर्तिपूजाको यस भोजको रक्सीधोकाइमा यरूशलेमको मन्दिरका भाँड़ाकुँड़ाहरू प्रयोग गरेर यी थोकहरू अपवित्र तुल्याए। त्यसपछि

दानियल त्यो लेख र त्यसको अर्थ प्रकट गर्न अगाड़ि बढ़े ।

*'मेने, मेने, तकेल, उपर्सीन्'*चाहिँ त्यस लेखका शब्द थिए। 'मेने'को अर्थ 'गन्ती गरिएको' हो । किनकि परमेश्वरले बेबिलोनको साम्राज्यका दिनहरू गन्ती गर्नुभयो र त्यसको समय समाप्त भएको ठहराउनुभयो। अनि 'तकेल'[6]को अर्थ 'तौलिएको' हो । तराजुमा बेल-शज्जर तौलिए, र यिनको ओजन नपुगेको, तर त्यसमा घटी भएको पाइयो । 'उपर्सीन्'को अर्थ 'बाँड़िएको' वा 'विभाजन' हो । 'उपर्सीन्' दुईवटा शब्दले बनेको अरमी शब्द होः 'उ' भनेको 'अनि' हो र 'पर्सीन्'चाहिँ पेरेस संज्ञाको बहुवचनको रूप हो। यसर्थ बेल-शज्जरको राज्य दुई भाग गरिन्छ अनि मादी र फारसीहरूलाई दिइन्छ । अनि त्यही रात मादी-फारसका सेनाहरूले बाबेल शहरमा प्रवेश गरे र राजा बेल-शज्जरलाई मारे, अनि संसारमाथिको प्रभुत्व आफ्नो हातमा पारे । दारा नाम गरेका मादीचाहिँ यस राज्यमाथि प्रथम राजा भए ।

# खण्ड ६

# दानियल ६ :

## मादीका राजा दाराको उर्दी र सिंहहरूको खोर

**दानियल ६ः१-३ः** सम्पूर्ण पवित्र बाइबलभरि सबैभन्दा प्रसिद्ध यस अध्यायमा फारसको राज्य चलिरहेको थियो, र दानियल त्यस राज्यअन्तर्गत सेवारत थिए। किनकि राजा दाराले उनको पदोन्नति गरेर उनलाई एक सय बीस शासकहरूमाथि अधिकारी तुल्याए; किनभने उनी तीनजना अधिपतिहरूमध्ये एक भए। अनि दानियलसँग उत्कृष्ट आत्मा भएको हुनाले राजा दाराले उनलाई सम्पूर्ण राज्यमाथि नियुक्त गर्ने विचार गर्दैथिए ।

**दानियल ३ः४-८ः** तर यी सङ्गी-अधिकारीहरूले दानियललाई ईर्ष्या गर्दैथिए, र जान्दथिए कि तिनीहरूले उनमा कहिल्यै कुनै अपराध भेट्टाउनेथिएनन्। यसकारण यी अधिकारीहरूले राजा दारालाई आग्रह गरे, कि तिनले निम्न ऐन पारित गरून्ः तीस दिनसम्म राजा दाराको नाममा बाहेक अरू कसैको नाममा प्रार्थना गर्न निषेध गरिन्छ। अनि यो उर्दी पारित भएपछि यो बदली हुन सक्नेथिएन। यस परिस्थितिमा दानियलको स्थिरता हाम्रो निम्ति ठूलो चुनौती हो (१ पत्रुस ३ः१३-१७) ।

**दानियल ६ः९-१३ः** राजा दाराले यस लेखिएको उर्दीमा हस्ताक्षर गरे; अनि दानियलले परमेश्वरलाई प्रार्थना चढ़ाउने कुरामा निरन्तरता दिइरहे; उनले दिनहुँ तीन पल्ट घुँड़ा टेकेर प्रार्थना गरे। अनि उनका शत्रुहरूले तुरुन्तै उनको पोल राजाकहाँ लगाइहाले ।[7]

**दानियल ६ः१४-१७ः** राजा दाराले सूर्यास्तसम्म दानियललाई छुटाउन प्रयत्न गरे; तर के गर्ने ? यो उर्दी अपरिवर्तनशील थियो; यसकारण तिनी दानियललाई सिंहहरूको खोरमा फालिदिन बाध्य भए। तर यी अन्यजाति राजाले दानियललाई उत्साह दिएर 'तिमीले जुन परमेश्वरलाई निरन्तर सेवा गर्दैछौ, ती परमेश्वरले तिमीलाई छुटकारा दिनुहुनेछ' भने। ओहो, यो कति सुन्दर कुरा हो, जब विश्वास नगर्ने मानिसहरूले निष्ठावान्

विश्वासीहरूलाई नजिकबाट नियालेर हेर्दा उनीहरूको विश्वास र नैतिकता तिनीहरूमा सर्छ ! हो, कहिलेकाहीं यस्तै हुन्छ । तर प्रायः कुरा अर्कै छः ख्रीष्ट-विश्वासीहरूको न उच्च कोटिको विश्वास छ, न उनीहरूको व्यवहार उच्च स्तरको हुन्छ । यस्ता इसाईहरूले आफ्ना मुक्ति नपाएका साथीहरू र आफन्तहरू-प्रति आफ्नो जिम्मेवारी पूरा गर्दैनन्; अनि परमेश्वरका जनहरूले संसारका मानिसहरूको आशा निराशामा पारिदिन्छन् ।

**दानियल ६ः१८-२८ः** त्यस रातमा राजा दाराले रातको चल्ती मनोरञ्जन अस्वीकार गरे, र तिनी रातभरि उपवास बसे । त्यस रात तिनलाई निद्रा लागेन; अनि चिन्तित राजा बिहान सबेरै हतार-हतार सिंहहरूको खोरमा गए, र तिनले यी यहूदी भविष्यवक्तालाई सिंहहरूबाट कुनै हानि नभएको, सुरक्षित अवस्थामा भेट्टाए । अनि यी ईश्वर-भक्त भविष्यवक्ताले परमप्रभुलाई यसको श्रेय दिएर यसो भनेः 'मेरा परमेश्वरले आफ्ना स्वर्गदूतलाई पठाउनुभएको छ र यी सिंहहरूका मुखहरू बन्द गर्नुभएको छ; यसकारण यी सिंहहरूले मलाई कुनै हानि गरेका छैनन् ।' तब दानियललाई यस खोरबाट निकालियो । त्यसपछि दानिएललाई झूटो आरोप लगाउने मानिसहरूलाई सिंहहरूको खोरमा फालियो, र सिंहहरूले तिनीहरूलाई कस्यामकुरुम पारेर खाइदिए । फलस्वरूप राजा दाराले सबै मानिसहरू, जातिहरू र भाषाहरूलाई एउटा राजाज्ञा लेखेः तिनको राज्यभरि सबै मानिस-हरूले दानियलका परमेश्वरको आदर गरून् ।

# खण्ड ७

## दानियल ७ः

## दानियलले चारवटा पशुहरूको विषयमा देखेको सपना, जुन पशुहरूले संसारका चारवटा साम्राज्यहरू चित्रण गर्छन्

दानियलको पुस्तकको पहिलो खण्ड अर्थात् यसका पहिला छवटा अध्यायहरूचाहिँ प्रायः ऐतिहासिक विवरण हुन्; तर यस पुस्तकको अन्तिम छवटा अध्यायहरूचाहिँ भविष्यवाणी हुन् । अनि दानियल ७ र ८ अध्यायमा दानियलले देखेको सपना र त्यहाँ उल्लेख गरिएका उनका दर्शनहरू बेबिलोनका राजा बेल-शज्जरको शासनकालमा उनीकहाँ आए; त्यस बेलामा मादी र फारसीहरू सत्तामा आएका थिएनन् ।

**दानियल ७ः१-४ः** अनि यस सात अध्यायमा दानियलले देखेको एउटा दर्शन छः उनले समुद्रबाट चारवटा ठूला पशुहरू निस्केका देखे । (अनि त्यो महासागर भूमध्यसागर थियो) । अनि ती चारवटा पशुहरूले संसारका चारवटा साम्राज्यहरू सङ्केत गर्छन् ।

पहिलो पशुः त्यस सिंहले बेबिलोनको साम्राज्य चित्रण गर्छ । अनि त्यसका चीलका पखेटाहरूले विजय हासिल गर्नमा त्यो कति छिटो थियो, त्यसको गुण सङ्केत गर्छन् ।[8] अनि त्यसका पखेटाहरू उखेलिएको मतलब के थियो भने, सायद त्यस कुराले नबूकद्नेस्सरको पागलपन जनाउँछ होला; अनि चार पदको बाँकी खण्डले तिनको चङ्गाइ

भएको र तिनको जीवन परिवर्तन भएको कुरा बताउँछ होला ।

**दनियल ७:५:** दोस्रो पशुः भालुले मादी-फारसको संयुक्त साम्राज्य चित्रण गर्छ । अनि यस राज्यको मादी भएको भागभन्दा यसको फारसरूपी भाग ठूलो महत्त्वमा उठाइनेथियो । अनि यस भालुको मुखमा, यसका दाँतहरूले पक्रेका तीनवटा करङ्‍हरू थिए; हुन सक्छ, ती करङ्‍हरूले बेबिलोनका तीनवाट प्रदेशहरू सङ्केत गर्छन् होलान्, जुन प्रदेशहरू मादी र फारसीहरूले राजा कोरेसको शासनकालमा कब्जा गर्नेथिएः पूर्वमा बेबिलोन, दक्षिणमा मिस्र देश र एशिया माइनरमा लुडिया नामक राज्य ।

**दानियल ७:६:** तेस्रो पशुः चितुवाचाहिँ ग्रीस देशको प्रतीक थियो । यस चितुवाको पिठ्यूँमा पक्षीका चारवटा पखेटाहरू थिए; अनि यी पखेटाहरूले ग्रीस साम्राज्यको द्रुत विस्तारको कुरा गर्छन् । अङ्क चारचाहिँ संसारको निम्ति निर्धारित सङ्ख्या हो । अनि पखेटाहरूले द्रुतगतिको कुरा गर्छन् । किनकि तेह्र वर्षभित्र सिकन्दर महान्ले संसारलाई जिते, र तिनी पूर्वमा भारतवर्षसम्म पुगे । त्यसपछि तिनी तेत्तीस वर्षको उमेरमा रित्तो हात लिई मरे र यस संसारको इतिहास-मञ्चबाट फेरि लुप्त भए । अनि यस चितुवाका चारवटा टाउकाहरू थिए; यी टाउकाहरूले ग्रीस साम्राज्यको विभाजन प्रस्तुत गर्छन्; किनकि सिकन्दर महान्को मृत्यु भएपछि तिनका चारजना सेना-पतिहरूले यस साम्राज्यको एक-एक भाग प्राप्त गर्नेथिए ।

**दानियल ७:७-८:** अनि चौथो पशुचाहिँ एउटा शक्तिशाली र विनाशकारी पशु थियो । त्यो अरू पशुहरूभन्दा फरक थियो, तर त्यससँग तिनीहरूका पशुत्वका कति विशेषता-हरू त थिए । निम्न शब्दले त्यसको बयान गरिएको छः त्यो डरलाग्दो थियो, त्यो डरत्रास पैदा गर्ने खालको थियो, त्यो अत्यन्त बलियो थियो; त्यसका ठूला-ठूला फलामका दाँतहरू थिए । त्यसले त्यो रोमी साम्राज्य सङ्केत गर्छ, जुन रोमी साम्राज्य ग्रीसको साम्राज्यको पछि आउनेथियो, जसको अस्तित्वचाहिँ बीचमा हराउनेथियो, र त्यसपछि निक्कै समय बिते-पछि त्यो पुनर्जागृत हुनेथियो । अनि त्यसको पुनर्जागृत भएको अवस्थामा त्यसका दसवटा सिङहरू हुनेथिए, अर्थात् त्यसका दसजना राजाहरू हुनेथिए, अनि तिनीहरूको बीचमा एउटा सानो सिङ उठ्नेथियो । अनि त्यस सानो सिङले पुनर्जागृत भएको रोमी साम्राज्यको भावी शासक अर्थात् ख्रीष्ट-विरोधीलाई सङ्केत गर्छ ।

**दानियल ७:९-१४:** अनि नौ पदमा दानियलले संसारको अन्तिम पाँचौं साम्राज्य प्रस्तुत गरे, जुन साम्राज्यचाहिँ प्रभु येशू ख्रीष्टको महिमित राज्य हुनेछ; किनकि उहाँलाई नै सारा संसारमाथिको प्रभुत्व दिइनेछ । अब ती अति प्राचीन व्यक्तिको कुरा आयोः यी अति प्राचीन व्यक्तिको वर्णन प्रकाशको पुस्तकको एक अध्यायमा उल्लेख गरिनुभएको ख्रीष्टको वर्णनसित मिल्छ । तर तेह्र पदमा मानिसका पुत्रजस्तै एकजना यी अति प्राचीन व्यक्तिकहाँ आउनुभएको कुरा लेखिएको छ । तब यी अति प्राचीन व्यक्ति ख्रीष्ट येशू हुनुहुन्छ भन्ने विषयमा एउटा समस्या आयो । किनभने निश्चय ख्रीष्ट येशू आफूकहाँ आउन सक्नुहुन्न नै । यसकारण, मेरो विचारमा, सबैभन्दा उत्तम अर्थ तब निस्कन्छ, जब हामी यी अति प्राचीन व्यक्तिलाई चाहिँ परमेश्वर पिता सम्झन्छौं । अनि मानिसका पुत्रजस्तै एकजनाचाहिँ प्रभु येशू हुनुहुन्छ; उहाँ पिताको सामु आउनुहुनेछ, र उहाँले राज्यको अधिकार प्राप्त गर्नुहुनेछ ।

त्यस दर्शनमा अति प्राचीन व्यक्तिचाहिँ न्यायकर्ता भएर अदालतमा बस्नुहुन्छ (दानियल ७:१० र २६) । त्यो सानो सिङ

त्यसको साम्राज्य लगायत नष्ट भयो (११ पद)। अनि संसारमाथि शासन गर्ने अरू साम्राज्यहरू पनि समाप्त भए, तर देशहरू र जातिहरू रहेका छन् (१२ पद)। अनि प्रभु येशूलाई नै सार्वभौमिक प्रभुत्व र एउटा राज्य दिइएको हुन्छ, जुनचाहिँ कहिल्यै हट्नेछैन र जसको बदलीमा अरू कुनै राज्य आउने नै छैन (१४ पद)।

**दानियल ७:१५-१८:** अनि जब दानियलले यी दर्शनहरूको विषयमा आफ्नो विचलित मनमा उठेको चिन्ता प्रकट गरे, तब एकजना अज्ञात व्याख्याकारले उनलाई कुरा स्पष्ट पारेः यी चारवटा ठूला पशुहरूचाहिँ पृथ्वीबाट उठ्ने चारजना शासकहरू हुन्, जसले संसारमाथि शासन गर्नेछन्; तर यी राज्यहरूपछि सर्वोच्च परमेश्वर र उहाँका पवित्र जनहरूको राज्य आउनेछ। यस संसारका सबै राज्यहरू बितेर जानेछन्, तर सर्वोच्च परमेश्वरका पवित्र जनहरूको राज्य एउटा अनन्त राज्य हुनेछ। तीन पदमा यी पशुहरू समुद्रबाट निस्केर आउँछन्, जुन समुद्रले चाहिँ सामान्य अर्थमा अन्यजातिहरूलाई चित्रण गर्छ। तर यहाँ, सत्र पदमा यी पशुहरू पृथ्वीबाट निस्केर आउँदा रहेछन्; यसको प्रासङ्गित अर्थ यस प्रकारको छः नैतिक दृष्टिकोणले हेर्नु हो भने, यी साम्राज्यहरू सांसारिक छन्; स्वभावैले यी साम्राज्यहरू आत्मिक होइनन्, तर पूरापूर लौकिक हुन्।

**दानियल ९:१९-२२:** दानियलले त्यस चौथो पशुको विषयमा विशेष सोधखोज गरे; त्यसको क्रूरता र त्यसको निर्दयता अरू सबैको भन्दा बढ़ी, अँ, अति भयानक थियो। अनि उनले दस सिङहरूको विषयमा, साथै त्यस अर्को सिङको विषयमा पनि जान्न चाहे, जसको सामु तीनवटा सिङहरू ढले। सङ्कष्ट-कालभरि त्यस दिनसम्म त्यस सानो सिङले पवित्र जनहरूसित लड़ाइँ गरिरहेको उनले देखिरहे, जुन दिनमा यी अति प्राचीन व्यक्ति आउनुभयो, जसले पवित्र जनहरूका दुःख-कष्टहरू अन्त गर्नुभयो र तिनीहरूलाई त्यो राज्य दिनुभयो।

**दानियल ७:२३-२८:** यी अज्ञात व्याख्याकारले चौथो पशुको विषयमा, दसवटा सिङहरूको विषयमा र त्यस अहङ्कारी सानो सिङको विषयमा अर्थ खोले। साढ़े तीन वर्षसम्म त्यस सानो सिङले सर्वोच्च परमेश्वरको निन्दा गर्नेछ, पवित्र जनहरूलाई सताउनेछ र यहूदी तिथि-पात्रो बदली गर्ने चेष्टा गर्नेछ; (यो हो त्यो महासङ्कष्ट, जसको विषयमा प्रभु येशूले मत्ती २४:२१ पदमा बोल्नुभयो)। तर अन्तमा त्यसबाट त्यसको अधिकार खोसिनेछ, अनि हाम्रा प्रभुको अनन्त राज्य, त्यो महिमित राज्य शुरु हुनेछ। अनि डर र आश्चर्य दानियलको प्रतिक्रिया थियो।

# खण्ड ८

# दानियल ८ः

## दानियलले मादी-फारसरूपी साँढ़-भेड़ा र ग्रीक देशरूपी बोकाको विषयमा देखेको दर्शन

**दानियल ८:१-४:** दुई वर्षपछि दानियलले एउटा साँढ़भेड़ा र एउटा बोकाको विषयमा दर्शन देखे। अनि त्यो साँढ़भेड़ाचाहिँ फारस थियो, अनि त्यसका दुईवटा सिङहरू-चाहिँ मादी र फारसका राजाहरू थिए। एउटा सिङ अर्को सिङभन्दा अग्लो थियो; यसर्थ

फारसका राजा मादीका राजाभन्दा शक्तिशाली हुनेथिए। त्यो साँढ़भेड़ा विजयको दौड़मा थियो र पश्चिम, उत्तर र दक्षिणतिर अघि बढ़िरहेको थियो; त्यसको सामना कसैले गर्न सक्दैनथियो जस्तो देखिन्थ्यो।

**दानियल ८ः५-८ः** त्यसपछि एउटा बोका पश्चिमबाट तुफानझैं आयो; अनि त्यो बोका ग्रीस थियो। त्यसको छर्लङ्ग देखिने एउटा सिङ थियो, अर्थात् त्यसका प्रमुख राजा सिकन्दर महान् थिए। त्यस बोकाले साँढ़भेडालाई जित्यो, र ठूला-ठूला विजयहरू हासिल गर्न त्यो अघि बढ़्यो। जब सिकन्दर महान्‌को मृत्यु भयो, तब तिनको राज्य चार भागमा विभाजन गरियो; यसको विषयमा आठ पदको वर्णन यस प्रकारको छः *'अनि त्यसको सट्टामा आकाशका चार दिशातिर फर्केका चारवटा हेर्न लायकका सिङहरू निस्के।'*

**दानियल ८ः९-१४ः** यी चारवटा भाग-हरूमध्ये एक भागमाथि त्यस सानो सिङले अर्थात् एन्टिओकस एपिफानेसले शासन गर्नेथियो; तिनको सैनिक विजयले तिनलाई दक्षिण, पूर्व र प्यालेस्टाइनमा, त्यस महिमित देशमा लानेथियो। दस पदले तिनले यहूदी-हरूलाई कसरी सतावट गर्नेछ, सो बयान गरेको छ।[9] तिनले परमप्रभुको निन्दा गरे, यरूशलेममा नियमित बलिदानहरू चढ़ाउने व्यवस्था बन्द गरे र यसको मन्दिर अपवित्र तुल्याए (८ः११-१२)। अनि तिनको यो अपवित्र तुल्याउने कार्य दुई हजार तीन सय दिनसम्म रहनेछ भन्ने कुरा दानियलले थाहा पाए। यो तुच्छ, घृणित कार्य छ वर्ष र तीन-चार महिना लाग्यो र ख्रीष्टपूर्व १७१ सालदेखि १६५ सालभित्र पूरा भयो।

**दानियल ८ः१५-१७ः** अबचाहिँ गब्रिएललाई आदेश दिइयो, तिनले दानियललाई यस दर्शनको अर्थ खोलून्।

**दानियल ८ः१८-२६ः** दानियल एक साहसी, ईश्वरभक्त मानिस थिए, तर स्वर्गदूतको उपस्थितिमा डरले उनलाई छोपिदियो; यसैले उनी भुइँमा घोप्टो परे, र गहिरो निद्रमा परे। हुन सक्छ, यस कुराले परमेश्वरको शक्ति र पवित्रतामा जोड़ दिनु थियो, जुन शक्ति र पवित्रता उहाँका दूतहरूको उपस्थितिमा पनि महसुस गरिन्छ। यस दर्शनको अर्थ-खोलाइ ८ः१९-२२ पदहरूमा शुरु हुन्छ, तर तेइस पदमा आएर हामी एन्टिओकस एपिफानेसदेखि टाढ़ा, तिनको भावी प्रतिरूप देख्छौं, एकजना निर्दयी राजालाई देख्छौं, जसले सङ्कष्टकालमा पवित्र जनहरूलाई निर्ममतापूर्वक सताउनेछन्। यिनी यति धूर्त, यति घमण्डी र यति छली हुनेछन्, यहाँसम्म कि यिनी शासकहरूका महाशासकको विरोधमा अर्थात् प्रभु येशू ख्रीष्टको विरुद्धमा उठ्नेछन्; तर ईश्वरीय हस्तक्षेपद्वारा यिनी नष्ट पारिनेछन्। यस दर्शनको सन्दर्भको विषयमा दानियललाई के भनियो भने, यो दर्शन त भविष्यको विषयमा छ।

**दानियल ८ः२७ः** दानियल केही दिन बिरामी परे; उनी आश्चर्यचकित भए र अन्योलमा परे।

# खण्ड ९

# दानियल ९ः

## सत्तरी हप्ताको बारेमा दानियलले देखेको दर्शन, जुन सत्तरी हप्तामा अन्यजातिहरूले प्रभुत्व गर्छन्

**दानियल ९ः१-२ः** यस अध्यायमा लेखिएको कुरा मादीका राजा दाराको

शासनकालमा भएको हो। यर्मियाको पुस्तक अध्ययन गर्दा दानियलले के बुझे भने, त्यसमा उल्लेख गरिएको सत्तरी वर्षको निर्वासनको समय प्रायः पूरा भएको थियो।

**दानियल ९ः३-१९ः** उनले आफ्ना पापहरू र आफ्ना मानिसहरूका पापहरू स्वीकार गरे; (किनकि उनले यहाँ 'हामी' र 'हाम्रा' भन्ने शब्दहरू प्रयोग गरे); अनि उनले परमप्रभुलाई उहाँले यरूशलेम शहर र यहूदाका मानिसहरूको विषयमा गर्नुभएका उहाँका प्रतिज्ञाहरू पूरा गर्नुहुन अनुरोध गरे। यी भविष्यवक्ताका प्रार्थनाहरूको उत्तरमा परमेश्वरले उनलाई 'सत्तरी हप्ता'को विषयमा एउटा अति महत्त्वपूर्ण प्रकाश दिनुभयो, जुन प्रकाशचाहिँ 'पवित्र बाइबलका भविष्यवाणीहरूको मेरुदण्ड' मानिन्छ।

दानियलका निवेदनहरू परमेश्वरका सद्‌गुणहरूमाथि स्थापित थिए, जस्तैः उहाँको महानता, उहाँको भययोग्यता, उहाँको विश्वासयोग्यता, उहाँको धार्मिकता, उहाँको क्षमाशीलता र उहाँका कृपाहरूमाथि, साथै उहाँका चासोहरूमाथि आधारित थिए, जस्तैः उहाँको प्रजा, उहाँको शहर, उहाँको पवित्र पर्वत र उहाँको पवित्रस्थानमाथि।

**दानियल ९ः२०-२३ः** उनले प्रार्थना गरिरहेको बेलामा गब्रिएल वेगसित उड़ेर आए र बेलुकाको बलिदान चढ़ाउने समयतिर दानियलकहाँ आइपुगे। तिनले दानियललाई 'तिमी अति प्रिय छौ' भने; यो कत्रो सम्मान! अनि यो मान्यता सीधा परमेश्वरबाट आयो। त्यसपछि गब्रिएलले सत्तरी हप्ताको रूपमा यहूदी जातिको भावी इतिहासको रूपरेखा दिए। अनि यस रूपरेखामा हरेक हप्ताले सात वर्ष सङ्केत गर्छ।[10] परमेश्वरको योजना बुझ्नको निम्ति यो भविष्यवाणी धेरै महत्त्वपूर्ण भएको हुनाले हामी यसको एक-एक वाक्य नियालेर हेर्नेछौं।

**दानियल ९ः२४ः** *'तिम्रा मानिसहरू र तिम्रो पवित्र शहरको निम्ति सत्तरी हप्ता तोकिएका छन्।'* तिम्रा मानिसहरू भन्नाले इस्राएली जाति बुझिन्छ, र यरूशलेम शहरलाई यहाँ 'तिम्रो पवित्र शहर' भनिएको छ। यस भविष्य-वाणीको पहिलो भाग इतिहासमा पूरा भइ-सक्यो; यसबाट स्पष्ट बुझिन्छ, कि यी सत्तरी हप्ताहरू वर्षहरूरूपी हप्ताहरू हुन्। यसो हो भने, सत्तरी हप्ताहरू चार सय नब्बे वर्षहरू हुन्छन्। हामी हेर्दै जान्छौं कि सत्तरी हप्ताहरू तीनवटा भाग गरिएका छन्ः पहिले सात हप्ता, त्यसपछि बासट्ठी हप्ता र केही समयको अन्तरालपछि अन्तिम एक हप्ता हुन्छ। अनि यी सत्तरी हप्ताहरूको अन्तमा निम्न छवटा कुराहरू हुनेछन्ः

**क)** 'अपराध समाप्त गरिनेछ, र पापहरूको अन्त गरिनेछ।' साधारण अर्थमा यसको सन्दर्भ सायद इस्राएली जातिका सबै पापी चालहरू होलान्; तर यस वाक्यको विशेष सन्दर्भ छ; किनकि इस्राएली जातिले मसीहलाई गरेको इन्कार यसको खास सन्दर्भ हो। किनभने ख्रीष्ट येशूको देस्रो आगमनमा बाँकी रहेका यहूदीहरू विश्वासमा उहाँकहाँ फर्कनेछन्, अनि त्यस बेलामा यस जातिको अपराध र तिनी-हरूका पापहरू क्षमा हुनेछन्।

**ख)** 'अधर्मको निम्ति प्रायश्चित गरिनेछ।' मेलमिलापको सत्‌आधार गलगथामा स्थापित भएको हो। तर यस वाक्यको सन्दर्भचाहिँ त्यो भावी समय हो, जुन समयमा इस्राएली जातिको बीचमा जस-जसले विश्वास गर्छन्, ती मानिसहरूले ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामबाट लाभ उठाउनेछन् र आनन्द उपभोग गर्नेछन्।

**ग)** 'अनन्त धार्मिकता ल्याइनेछ।' यस वाक्यले पनि ख्रीष्ट येशूको दोस्रो आगमन र उहाँको हजार वर्षको राज्यतिर औंल्याउँछ, जुन बेलामा राजाले धार्मिकतापूर्वक राज्य गर्नुहुनेछ। यो एउटा अनन्त धार्मिकता हो,

किनकि यो धार्मिकता अनन्तकालसम्म लगातार रहिरहनेछ।

**घ)** 'यस दर्शन र यस भविष्यवाणीमाथि मोहरछाप लगाइनेछ।' पुरानो नियमको भविष्यवाणीको मुख्य भाग र यसको चरम-विन्दुचाहिँ यस पृथ्वीमा फर्केर आउनुहुने ख्रीष्ट येशूको महिमित आगमन र त्यसपछि उहाँले यस पृथ्वीमा स्थापित गर्नुहुने उहाँको राज्य हो। यसकारण यी सत्तरी हप्ताहरूको अन्तमा धेरैभन्दा धेरै भविष्यवाणीहरू पूरा हुनेछन्।

**ङ)** 'र महापवित्रस्थान अभिषेक गरिनेछ।' ख्रीष्टको हजार वर्षको राज्यको शुरुमा इजकिएल ४०-४४ अध्यायहरूमा वर्णन गरिएको मन्दिर यरूशलेममा अभिषेक गरिनेछ अर्थात् पवित्र कार्यको निम्ति अर्पण गरिनेछ। अनि परमप्रभुको महिमा फेरि प्रभु येशूको रूपमा फर्केर आउनेछ (इजकिएल ४३ः१-५)।

**दानियल ९ः२५ः** *'यसैले जानिराख र बुझः यरूशलेम पुनर्स्थापित गर्ने र निर्माण गर्ने आज्ञा निस्केको समयदेखि मसीह ती प्रधानको समयसम्म सात हप्ता र बासट्ठी हप्ता हुनेछन्।'* यसो हो भने, हामीले जान्नुपर्छ र बुझ्नुपर्छः यो आज्ञाचाहिँ राजा अर्तक्जर्जेसले ख्रीष्टपूर्व ४४५ सालमा घोषणा गरेको उर्दी हो (नहेम्याह २ः१-८)।

*'मसीह ती प्रधानको समयसम्म;'* यस वाक्यको सन्दर्भ ख्रीष्ट येशूको पहिलो आगमन मात्र हुँदैन, तर विषेश गरी उहाँको क्रूसको मृत्यु पो हुन्छ (९ः२६क हेर्नुहोस्)।

'... सात हप्ता हुनेछन् अर्थात् उनन्पचास वर्ष हुनेछन्, साथै बासट्ठी हप्ता अर्थात् चार सय चौतीस वर्ष हुनेछन्।' उनहत्तर हप्ता दुईवटा अवधिहरूमा विभाजन गरिएको छ अर्थात् सात हप्ता र बासट्ठी हप्तामा विभाजन गरिएको छ।

'अँ, ती सङ्कष्टका समयहरूमा त्यसको सड़क र त्यसको पर्खाल फेरि बनाइनेछ।' सङ्कष्टका समयहरूमा यरूशलेम शहर त्यसको चोक र खोईको साथमा पुनर्निर्माण गरिनेछ; सात हप्तारूपी पहिलो अवधिमा यरूशलेम शहर सार्वजनिक स्थल र सुरक्षाको खोईको साथ फेरि निर्माण गरिनेछ, तर विरोधविना र अशान्तिविना होइन।

**दानियल ९ः२६ः** *'अनि बासट्ठी हप्तापछि ...;'* बासट्ठी हप्ताचाहिँ त्यो दोस्रो अवधिको समय हो। अब सत्तरी हप्तामा उनहत्तर हप्ता पूरा भए, जब मसीह काटिनुहुनेछ। अनि यहाँ हाम्रो सामु मुक्तिदाता प्रभुको मृत्युको सम्बन्धमा एउटा सुस्पष्ट सन्दर्भ-पद छ। यस सिलसिलामा एक सय वर्षअघि सर रोबर्ट एन्डर्सनले 'आउन लाग्नुभएका प्रधान' भन्ने किताबमा उनहत्तर हप्ताको विस्तृत हिसाब दिए; तिनले हिसाब लगाउँदा तीन सय साठी दिन लाग्ने भविष्यवाणीका वर्षहरू गन्ने तरिका अपनाए। यस गन्तीमा तिनले अधिवर्षहरू, तिथिपत्रमा भएका गल्तीहरू र ख्रीष्टपूर्वबाट इस्वी संवत्मा आउने वर्षगणनामा भएको हेरफेर आदि कुरामाथि ध्यान दिए। अनि तिनले के चाल पाए भने, उनहत्तर हप्ताको समय त्यस दिनमा पूरा भयो, जुन दिनमा प्रभु येशूले भव्यताको साथ यरूशलेममा प्रवेश गर्नुभयो, अर्थात् उहाँको मृत्युको पाँच दिन अगाड़ि त्यो दिन पूरा भयो।[11)]

*'तर आफ्नो निम्ति होइन';* अथवा अक्षरशः '... र उहाँको केही रहनेछैन।' यस वाक्यको मतलब निम्न प्रकारको हुन सक्छः क) जुन इस्राएली जातिको निम्ति उहाँ आउनुभयो, त्यस जातिबाट उहाँले केही पनि पाउनुभएन। अथवा ख) जब उहाँ मर्नुभयो, तब उहाँको न कुनै सन्तान, न कुनै वंश थियो (यशैया ५३ः८)। अथवा ग) हुन सक्छ, यो उहाँको ठूलो गरिबी बयान गरिएको सामान्य कथन थियो होला; किनभने उहाँले आफ्ना लुगाहरू-बाहेक अरू केही पनि छोड्नुभएन।

*'अनि त्यस आउने प्रधानका मानिसहरूले यो शहर र यो पवित्रस्थान नाश गर्नेछन् ।'* ती आउने शासकचाहिँ पुनर्जागृत भएको रोमी साम्राज्यको प्रमुख हुनेछन्, जसलाई कसै-कसैले ख्रीष्ट-विरोधी भनेर तोकिदिएका छन् । सङ्कष्टकालको समयमा ती प्रधान सत्तामा आउनेछन् । अनि निस्सन्देह त्यसका मानिसहरू रोमीहरू हुनेछन् ।

*... यो शहर र यो पवित्रस्थान नाश गर्नेछन् ।'* सम्राट टाइटसको अधीनस्थ रोमीहरूले इस्वी संवत् ७० सालमा यरूशलेम र यसको मन्दिर नष्ट गरे । त्यो सुनको ठाँटबाँट भएको, सेतो सङ्गमरमरको मन्दिर कति भव्य थियो, कति !

*'अनि यसको अन्तचाहिँ बाढ़द्वारा हुनेछ ।'* त्यस बेलाको कुरा होः यो शहर बाढ़ले नाश भएझैं माटोमा मिलाइयो । उदाहरणको निम्ति, यस मन्दिरको एउटा ढुङ्गा अर्को ढुङ्गामाथि छोड़िएन । रोमी सम्राट टाइटसले आफ्ना सिपाहीहरूलाई हेरोदको यस मन्दिरमा आगो लगाइदिन निषेध गरे, तर यसको सुन प्राप्त गर्ने हेतुले तिनीहरूले तिनको आज्ञा उल्लङ्घन गरे र यस मन्दिरमा आगो लगाएर यसको सुन पग्लाए । अनि ढुङ्गाहरूको बीचबाट त्यो पग्लिएको सुन निकाल्न तिनीहरूले यसका ठूला-ठूला ढुङ्गाहरू खोल्नुपरेको थियो; अनि यसरी नै मत्ती २४:१-२ पदहरूमा उल्लेख गरिएका ख्रीष्ट येशूका शब्दहरू पूरा भए र दानियलले कहेको भविष्यवाणी पूरा भयो ।

'र लड़ाइँको अन्तसम्म उजाड़तामाथि उजाड़ता तोकिएको छ ।' त्यस समयदेखि यरूशलेम शहरको लड़ाइँ र विनाश यसको इतिहासको विषय हुनेछ । अनि जुन अन्तको विषयमा यहाँ लेखिएको छ, त्यो अन्तचाहिँ अन्यजातिहरूको समयको अन्त हो । यस शब्दमा यो अर्थ लाग्छ ।

**दानियल ९:२७:** अब हामी सत्तरीऔं हप्तामा आइपुगेका छौं । अनि अघि भनेझैं माथि उनहत्तरऔं र सत्तरीऔं हप्ताको बीचमा समयको अन्तराल हुन्छ । अनि यो अन्तराल-समय मण्डलीको युग हो, जुन मण्डलीको युगचाहिँ पेन्टेकोस्टको दिनदेखि ख्रीष्ट-विश्वासीहरू उठाइलगिने दिनसम्म जान्छ । यो युग पुरानो नियमभरि कहीं पनि उल्लेख गरिएको छैन; यो युग संसारको जगदेखि नै परमेश्वरमा लुकिरहेको एउटा रहस्य थियो, तर नयाँ नियमको अवधिमा यो रहस्य प्रेरित-हरू र भविष्यवक्ताहरूद्वारा प्रकट भयो । तर नासरतको सभाघरमा हाम्रा प्रभु येशू आफूले अन्तराल-समय हुने नियम असल ढङ्गले प्रस्तुत गर्नुभयो (लूका ४:१८-१९) । किनकि प्रभु येशूले यशैया ६१:१-२[क] खण्ड उद्धृत गर्नुभयो, तर *'परमप्रभुको ग्रहणयोग्य वर्षको प्रचार गर्न'* भनेर आफ्नो पहिलो आगमनमा कुरा छोड्नुभयो; उहाँले आफ्नो दोस्रो आगमनमा हुने न्यायको विषयमा कुरा गर्नुभएन, जसको विषयमा यस्तो लेखिएको छः *'र हाम्रा परमेश्वरको बदला लिने दिनको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको हो'* (यशैया ६१:२[ख]) । यी दुईवटा वाक्यको बीचमा सम्पूर्ण मण्डलीको युग परेको छ ।

*'अनि एक हप्ताको निम्ति त्यसले धेरैसँग एउटा वाचा पक्का गर्नेछ ।'* त्यसपछि यी रोमी शासकले एक हप्ताको निम्ति अर्थात् सङ्कष्ट-कालको सात वर्षसम्म धेरैसँग एउटा करार बाँध्नेछन् । धेरै भन्नाले यहाँ इस्राएली जातिका बहुसङ्ख्या मानिसहरू बुझिन्छ, जो विश्वासमा छैनन् । त्यो करार कस्तो किसिमको करार होला त ? हुन सक्छ, त्यो करार आपसमा मित्रता कायम राख्ने एउटा सन्धि होला, अथवा एक-अर्कालाई आक्रमण गर्नेछैनौं भन्ने मैत्री सन्धि होला, अथवा इस्राएल देश आक्रमण गर्ने देश र जाति जुनसुकै भए पनि त्यसको विरोधमा सैन्य सहायताको निम्ति म बन्धक हुनेछु भन्ने एउटा सन्धि हुन सक्छ ।

*'तर यस हप्ताको बीचमा त्यसले बलिदान र भेटी बन्द गरिदिनेछ;'* यी रोमी शासक इस्राएली जातिको शत्रु पो बन्नेछन्, जसले अबदेखि उसो कसैलाई पनि परमप्रभुको निम्ति कुनै बलिदान र भेटी चढ़ाउन दिनेछैनन्।

*'अनि सर्वनाश नभएसम्म त्यो उजाड़ पार्नेचाहिँ घृणित वस्तुहरूरूपी पखेटामाथि आउनेछ।'* हामीले मत्ती २४:१५ पदबाट के सिक्छौं भने, तिनले यरूशलेमको मन्दिरमा एउटा घिनलाग्दो मूर्ति खड़ा गर्नेछन्, जसको पूजा सबैको निम्ति अनिवार्य हुनेछ होला। अनि कसैको विचारमा, यहाँ पखेटाले मन्दिरको देब्रे-दाहिने उपभवनको अर्थ लिन्छ अरे।

*'त्यो उजाड़ पार्नेचाहिँ ...;'* तिनले खड़ा गरेको त्यो मूर्ति जसले पूजा गर्न मान्दैनन्, तिनीहरूलाई तिनले सताउनेछन् र नष्ट गर्नेछन्। तिनी तिनीहरूको निम्ति एक डर-लाग्दो विनाशक बन्नेछन्।

*'अँ, सर्वनाश नभएसम्म ... जे तोकिएको छ, त्यो त्यस उजाड़ पार्नेमाथि खन्याइनेछ।'* यसकारण बुझ्नुहोस्ः यस सत्तरीऔं हप्ताको दोस्रो भागभरि यहूदीहरू निरन्तर भयानक सतावटमा पर्नेछन्। अनि यस अवधिलाई 'महासङ्कष्ट' भनिन्छ। त्यसपछि यी उजाड़ पार्ने रोमी शासक नष्ट हुनेछन्; किनकि परमेश्वरको आदेशअनुसार तिनी आगोको कुण्डभित्र फालिनेछन् (प्रकाश १९:२०)।

# खण्ड १०

# दानियल १०ः

## परमेश्वरको महिमाको दर्शन, जुन दर्शनले आउन लागेका घटनाहरूको रूपरेखा दिन्छ

**दानियल १०:१-९ः** यस अध्यायमा उल्लेख गरिएका घटनाहरू फारसका राजा कोरेसको तेस्रो वर्षमा घटेका थिए। राजा कोरेसको उर्दीअनुसार केही वर्षअघि कति निर्वासित यहूदीहरू यरूशलेममा फर्किसके, तर दानियलचाहिँ निर्वासनमा बसिरहे। हुन सक्छ, यरूशलेमबाट फर्केर आएका मानिसहरूले दिएको निरुत्साहित खबरहरूले गर्दा हो कि (किनकि मन्दिरको निर्माण-कार्य रोकिएको थियो), अथवा निर्वासनमा रहेका मानिसहरूको कमजोर आत्मिक अवस्थाले गर्दा हो कि, अथवा आफ्ना जनहरूको भविष्यको बारेमा दानियलले जान्न चाहेका हुनाले उनले तीन हप्तासम्म विलाप गरे; त्यसपछि उनी टाइग्रिस नदीको किनारामा उभिरहेका थिए; (हिब्रूमा यस नदीको नाम हिड्डेकेल हो)। त्यहाँ उनले एउटा दर्शन देखेः मलमलको वस्त्र पहिरेका एकजना महिमावान् मानिस उनीकहाँ देखा परे। अनि यी मानिसको वर्णन प्रकाश १:१३-१६ पदको खण्डमा प्रभु येशूको विषयमा दिइएको वर्णनसँग मिल्छ।

**दानियल १०:१०-१४ः** त्यसपछि उनले तिनका शब्दहरूको आवाज सुने; तिनले दानियलका प्रार्थनाहरूको उत्तर किन ढिलो भएको थियो, यसको स्पष्टीकरण दिएः फारस राज्यका प्रधानले एक्काइस दिनसम्म विरोध गरेका रहेछन्। यी प्रधान (वा शासक) को थिए होलान्, जसले यति लामो समयसम्म

दानियलले आफ्नो प्रार्थनाको उत्तर पाउनदेखि प्रतिरोध गर्न सके? इस्राएली जातिका प्रधान स्वर्गदूत र संरक्षक माइकल रणभूमिमा उत्रन बोलाइएका हुनाले फारसका प्रधानको विषयमा निम्न अर्थ लाग्छः यिनी एक दुष्ट स्वर्गदूत हुनुपर्छ, जसको शक्ति मानव शासकको भन्दा ज्यादा थियो। श्री लियोन वूडले दानियलको पुस्तकको विषयमा लेखेको आफ्नो उत्कृष्ट टिप्पणीमा यसरी बताएका छन्ः

> 'बीस पदअनुसार उस्तै प्रकारले निर्धारित समयमा ग्रीसका पनि प्रधान हुने रहेछन्, अनि फरासको राज्य ग्रीसको हातमा परेपछि परमेश्वरका जनहरू ग्रीस देशको अधीनस्थ पर्नेथिए; यसकारण निम्न सुझाउ न्यायसँगत देखिन्छः शैतानले प्रायःजसो विशेष दूत-हरूलाई नियुक्त गर्दो रहेछ, जसले परमेश्वरका जनहरूको विरुद्धमा जान विभिन्न सरकार-हरूलाई प्रभाव पार्छन् र उक्साउँछन्। यस पृथ्वीमा परमेश्वरको योजना पूरा हुने-नहुने सन्दर्भमा यी प्रधानताहरूले आपसमा संघर्ष गरिरहेको सम्बन्धमा निश्चित यस अध्यायले ठूलो योगदान पुऱ्याएको छ (एफेसी ६:११-१२)।' [12)]

तर मलाई भन्नुहोस्, यी फारसका प्रधान कसरी एक्काइस दिनसम्म परमप्रभुलाई प्रतिरोध गर्नमा सफल हुन सके त? अनि सर्वशक्तिमान् परमेश्वरलाई किन माइकलको सहायताको खाँचो पऱ्यो र (पद १३)? [13)] एउटा सुझाउ यस प्रकारको छः पाँच र छ पदमा बयान गरिएका मानिस प्रभु येशू हुनु-हुन्नथियो, तर एकजना स्वर्गदूत पो थिए; हुन सक्छ, तिनी गब्रिएल पो थिए कि कसो हो?

जेजस्तो भए पनि, दानियलको प्रार्थनाको उत्तर किन रोकियो, सो कुराको निम्ति यी व्यक्तिले सुस्पष्ट कारण दिए। हामीले अघि भनिसक्यौंः फारसको राज्यका प्रधान यसको निम्ति जिम्मेवार थिए। यी महिमित व्यक्तिले यो प्रतिज्ञा पनि दिएः पछिल्ला दिनहरूमा दानियलको जातिमाथि अर्थात् यहूदीहरूमाथि के-के आइपर्नेथियो, सो कुरा तिनले उनलाई बुझाउन लागेका थिए। अनि यही कुरा एघार र बाह्र अध्यायमा गरिन्छ।

**दानियल १०:१५-१९ः** उनीसँग बोल्नेचाहिँ मलमलको वस्त्र पहिरेका यी मानिस थिए कि अरू कुनै स्वर्गदूत थिए? यसको विषयमा प्रश्न रहेको छ। यस दर्शनरूपी अनुभवले गर्दा दानियल कमजोर भए र बोल्न सकेनन्; तर मानिसको जस्तो रूप भएका व्यक्तिले उनलाई छोएर बलियो तुल्याए।

**दानियल १०:२०-२१ः** त्यसपछि ती व्यक्तिले, जसलाई दानिएलले 'मेरा प्रभु' भनेर सम्बोधन गरे, उनलाई भनेः तिनले अबचाहिँ फारसका प्रधानसँग लड़ाइँ गर्नुपऱ्यो, त्यसपछि ग्रीसका प्रधानसित भिड़नुपऱ्यो। सत्यताको शास्त्रमा के-के लेखिएको थियो, सो कुरा तिनले दानियललाई प्रकट गर्न लागेका थिए। 'तिमीहरूका प्रधान माइकल' भन्नाले दानियल र उनको जातिका प्रधान बुझिन्छ। यिनीचाहिँ यी लड़ाइँहरूमा तिनको पक्ष लिने र तिनलाई सहायता गरेका एकमात्र व्यक्ति थिए।

# खण्ड ११

# दानियल ११:१-३५ः


## नजिकको भविष्यको विषयमा दिइएका भविष्यवाणीहरू

### क) दानियल ११:१-३ः ग्रीक देश मादी-फारसमाथि विजयी भएको

जुन बेलामा यो पुस्तक लेखियो, त्यस बेलामा ११:१-३५ पदको खण्डमा लेखिएका कुराहरू भविष्यमा हुन आउने कुराहरू थिए,

तर हालैमा यी कुराहरू भइसकेको इतिहास भएका छन् । तर दानिएल ११:३६-४५ पदको खण्डमा लेखिएका कुराहरू अझै पनि भविष्यमा पूरा हुन बाँकी छन् ।

*'अनि मचाहिँ – मादी दाराको पहिलो वर्षमा म* ***उसलाई*** *साथ दिन र बलियो तुल्याउन खड़ा भएँ ।'* एक पदमा 'उसलाई' भनिएको व्यक्ति कि त दानिएल १०:२१ पदमा उल्लेख गरिएका माइकल हुनुपर्ला, कि त राजा दारा हुन सक्छन् । अनि दुई पदले फारसका चारजना राजाहरूको प्रतापको विषयमा कुरा गरेको छ, विशेष गरी फारसका चौथो राजाले ग्रीस देशको विरोध गरेको कुरा गरेको छ । फारसका यी चारजना राजाहरू क्याम्बिसेस, प्स्यूडो-स्मेर्डिस, दारा प्रथम अर्थात् हिस्टस्पेस र अर्तक्जर्जस प्रथम अर्थात् अहासूरस थिए । अनि तीन पदमा बताइएका शक्तिशाली राजा सिकन्दर महान् थिए, जसले फारसबाट विश्वमाथिको शक्ति खोसे र ग्रीसमा ल्याइ-दिए ।




**ख्रीष्टपूर्व ३२० सालमा सिकन्दर महान्‌को ग्रीक साम्राज्य**

### ख) दानियल ११:४-३५: ग्रीक साम्राज्य टुक्रिएको


#### अ) दानियल ११:४-२०: मिस्र देश र सिरियाको बीचका लड़ाइँहरू

**दानियल ११:४:** जब सिकन्दर महान्‌को मृत्यु भयो, तब तिनको राज्य चार भागहरूमा विभाजित भयोः मिस्र देश, सिरिया-बेबिलोन, एशिया माइनर र ग्रीस । मिस्र देशका शासक दक्षिणका राजा थिए भने, सिरिया-बेबिलोनका शासक उत्तरका राजा थिए । सिकन्दर महान्‌का उत्तराधिकारीहरूमध्ये कोही पनि तिनको वंशका थिएनन्, तर उनीहरू तिनका सेनापतिहरू थिए ।

**दानियल ११:५-६:** अनि पाँच पददेखि पैंतीस पदसम्मको खण्डमा मिस्र देश र सिरिया-बेबिलोनको बीचमा लगभग दुई शताब्दीसम्म चलिरहेको लड़ाइँ वर्णन गरिएको छ। दक्षिणका पहिला राजा टोलेमी प्रथम थिए; अनि तिनीभन्दा बलवान् भएका राजा-चाहिँ सिरियाका सेल्यूकस प्रथम थिए। शुरुमा यी दुईजना साथी थिए, तर त्यसपछि यिनीहरू एक-अर्काका विरोधी भए।[14] पछि ख्रीष्टपूर्व २५२ सालमा टोलेमी द्वितीयकी छोरी बेरेनीसेले सिरियाका राजा एन्टिओकस द्वितीयलाई विवाह गरिन्, जुन कुराले यी दुईवटा राष्ट्रहरूको बीचमा मेलमिलाप ल्याउनुपर्नेथियो; तर षड्यन्त्र र हत्याको प्रवाहमा यो रणनीति डुब्यो र असफल भयो।

**दानियल ११:७-९:** अनि बेरेनीसेका भाइ थिए, जसको नाम टोलेमी तृतीय थियो; यिनले सेल्यूकस काल्लिनिकसको राज्य सफलतापूर्वक आक्रमण गरे, अनि यिनी कैदीहरू र धेरै लुटका मालहरूसित मिस्र देशमा फर्के। अनि दुई वर्षपछि सेल्यूकसले मिस्र देश आक्रमण गरे, तर तिनी असफल भए।

**दानियल ११:१०-१७:** तर सेल्यूकसका छोराहरू यसमा बढ़ी सफल भए, विशेष गरी एन्टिओकस तृतीयचाहिँ। ११:१०-२० पदको खण्डमा उत्तरको राज्य र दक्षिणको राज्यको बीचमा लड़ाइँको ज्वार-भाटा कसरी उठ्यो र बस्यो, सो बयान गरिएको छ। अनि ११:१७ख पदले हामीलाई बताउँछ, कि कसरी एन्टिओकस तृतीयले आफ्नी छोरी क्लियोपेट्रालाई टोलेमी पाँचौंसँग विवाह गराएर मिस्र देशसँग शान्तिको सन्धि गरे; तर छोरी क्लियोपेट्राले आफ्ना बुबालाई साथ दिँदैन-थिनन्, तर मिस्र देशको पक्ष लिइन्। (याद रहोस्ः यिनी मिस्र देशकी प्रसिद्ध रानी क्लियोपेट्रा थिइनन्)।




**ख्रीष्टपूर्व ३००-२०० सालमा प्यालेस्टाइनचाहिँ टोलेमीहरूको नियन्त्रणमा रहेको**


**दानियल ११:१८-२०:** अनि जब एन्टिओकस तृतीयले ग्रीस देशलाई जित्ने प्रयास गरे, तब उनको हार भयो; किनकि रोमी सेनाहरूले तिनलाई थर्मोपिलया र म्याग्नेसियामा परास्त गरे। तिनी आफ्नो देशमा फर्कन त फर्के, तर राजद्रोहमा मारिए। तिनको उत्तराधिकारी सेल्यूकस फिलोपाटर भए; यिनी महिमित राज्य इस्राएलमाथि लगाएका करहरूको खातिर कुख्यात भए। यिनको मृत्यु रहस्यमय थियो; हुन सक्छ, विष सेवन गरेर यिनी मरे होलान्।

### आ) दानियल ११:२१-३५: दुष्ट एन्टिओकस एपिफानेसको शासन

**दानियल ११:२१-२२:** एक्काइस पदमा एन्टिओकस एपिफानेसको उत्थानको कुरा आयो। तिनी दानियल आठ अध्यायमा उल्लेख गरिएको 'त्यो सानो सिङ' थिए। यी तुच्छ, नीच व्यक्तिले छलको युक्ति अपनाएर आफ्नो भतिजाको सिंहासन हड़प गरे। यिनको सैन्य बलले राज्यहरू निल्यो, अनि ख्रीष्टपूर्व १७५ सालमा यहूदी महापूजाहारी ओनियस मारिए, जसलाई यस पदमा 'वाचाको प्रधान' भनिएको छ।

**दानियल ११:२३-२४:** एन्टिओकस एपिफानेसले विभिन्न देशहरूसित, विशेष गरी मिस्र देशसँग सन्धिहरू स्थापित गरे, तर त्यसमा यिनले सधैं आफ्नै फाइदा मात्र खोज्दैथिए। अनि जब यिनले कुनै प्रान्तमाथि विजय प्राप्त गरे, तब यिनले यो प्रान्त यस हेतुले लुटे, कि यिनले यो धनसम्पत्ति लिएर आफ्नो अधिकार बढ़ाउन सकून्।

**दानियल ११:२५-२६:** यस खण्डमा मिस्र देशको विरुद्धमा यिनको एउटा सैनिक अभियानमाथि हाम्रो ध्यान आकर्षण गरिएको छ; यस हमलामा दक्षिणका राजाले यिनको





**ख्रीष्टपूर्व १९० सालमा प्यालेस्टाइन सेल्यूकीहरूको नियन्त्रणमा रहेको**

सामना गर्न सकेनन्; किनकि तिनका बन्धु-हरूले तिनको विश्वासघात गरे।

**दानियल ११:२७-२८:** त्यसपछि सिरियाका राजा र मिस्र देशका राजा – यी दुवै राजाहरूले आपसमा कपटी र छलपूर्ण बैठक-हरू आयोजना गरे। अनि जब एन्टिओकस एपिफानेस आफ्नो देशमा फर्के, तब यिनले सीधा इस्राएल देशमाथि आफ्नो शत्रुता प्रकट गर्न थाले; किनकि यिनले तिनीहरूको बीचमा ठूलो काटमार र विनाश गरे।

**दानियल ११:२९-३१:** अर्को पल्ट एन्टिओकस एपिफानेस आफ्नो सेना लिएर मिस्र देशको विरुद्धमा जाँदैथिए; तर यति बेला रोमीहरूले यिनलाई पछि हटाए; किनकि सित्तिमका जहाजहरूले यिनलाई अलेक्जान्ड्रियाको नजिकै हार खुवाए। प्यालेस्टाइन हुँदै फर्केर जाँदा यिनले इस्राएली जातिमाथि आफ्नो क्रोध खन्याए। अनि केही धर्मत्यागी यहूदीहरूले यिनको पक्षमा काम गरे। तब यिनले दैनिक बलिदान चढ़ाउने व्यवस्था बन्द गरिदिए र पवित्रस्थानमा एउटा घृणित मूर्ति खड़ा गर्ने आदेश दिए। गैर-बाइबलीय इतिहासको वर्णनअनुसार यिनले वेदीमाथि एउटा सुङ्गुर बलि गरेर यो मन्दिर अशुद्ध तुल्याए। अनि दानियल ११:२८, ३० र ३२ पदमा जुन पवित्र वाचाको कुरा गरिएको छ, त्यस पवित्र वाचाको अर्थ यहूदी धर्म थियो, जुन यहूदी धर्मले बलिदान चढ़ाउने व्यवस्थामा बढ़ी जोड़ दिन्थ्यो।

**दानियल ११:३२-३५:** यी आक्रोश र अत्याचारहरूले मक्काबी विद्रोह जन्माए, जुन विद्रोहमा ‘मक्कबयस’ अर्थात् ‘घन’ उपनाम भएका यहूदा र तिनको परिवार अग्रसर थिए। धर्मत्यागी यहूदीहरूले एन्टिओकसको पक्ष लिए, तर सच्चा विश्वासीहरू बलवान् थिए, र तिनीहरूले बहादुरी काम गरेर ठूला-ठूला




**खीष्टपूर्व ६३ सालदेखि प्यालेस्टाइन रोमी नियन्त्रणमा रहेको**

वीरता देखाए। यो एउटा अति भयानक समय थियो; किनकि यता ठूलो काटमार थियो; तर उता आत्मिक उत्कृष्टता र आत्मिक जागृति थियो।

# खण्ड १२

# दानियल ११ः३६-१२ः१३ः

## टाढ़ा भविष्यको विषयमा गरिएका भविष्यवाणीहरू

### क) दानियल ११ः३६-४६ः ख्रीष्ट-विरोधी

**दानियल ११ः३६-३९ः** टिप्पणीको उक्त खण्डको जानकारीअनुसार दानियल ११ः३६-४५ पदको खण्डमा भएका घटनाहरू अझै पनि भविष्यमा पूरा हुने कुराहरू हुन्। अनि छतीस पदले आफ्नो इच्छाअनुसार चल्ने राजाको परिचय दिन्छ; यी राजाको विवरण पढ्दाखेरि तिनी त ख्रीष्ट-विरोधी हुनुपर्ला जस्तै लाग्छ। इस्राएली जातिको विरुद्धमा परमेश्वरको क्रोध पूरा नभएसम्म तिनको उन्नति हुँदै जानेछ। धेरैको विचारमा, तिनी यहूदी मानिस हुनुपर्छ; किनकि सैंतीस पदमा यस्तो लेखिएको छः *'त्यसले न आफ्ना पिता-पुर्खहरूको ईश्वर, न स्त्रीहरूको चाहना जान्नेछ।'* (अनि यस धारणाअनुसार स्त्रीहरूको एकमात्र चाहना मसीह हुनुहुन्छ)। हुन पनि हो, एक गैर-यहूदी मसीहले यहूदीहरूलाई धोकामा पार्नु निक्कै गाह्रो हुनेथियो। जे होस्, सेनाको बल र चढ़ाइद्वारा तिनले आफ्नो प्रभाव र प्रभुत्व निक्कै बढ़ाउनेछन्।

**दानियल ११ः४०-४५ः** यस खण्डमा समस्या के हो भने, ११ः४०-४५ पदहरूमा 'त्यो', 'त्यसको' र 'त्यसलाई' भन्दाखेरि कसलाई ताकिएको होला, सो पत्ता छैन। यस सम्बन्धमा एक व्याख्या निम्न प्रकारको छः दक्षिणका राजा लड़ाइँमा ती आफ्नो इच्छाअनुसार चल्ने राजासँग जुध्नेछन्। त्यसपछि उत्तरका राजा ठूलो द्रुतगतिमा प्यालेस्टाइन हुँदै मिस्र देशतिर अघि बढ्नेछन्। तर पूर्व र उत्तरबाट विचलित पार्ने समाचार-हरूले तिनलाई प्यालेस्टाइनमा फर्काइदिनेछन्, जहाँ तिनले यता समुद्रहरू अर्थात् भूमध्यसागर र मृत सागर पारेर र उता यरूशलेम पारेर आफ्नो छाउनी हाल्नेछन्। तिनी नाश हुनेछन्; किनकि कोही पनि तिनलाई सहायता गर्न आउनेछैन।

### ख) दानियल १२ः महासङ्कष्ट

**दानियल १२ः१-३ः** एक पदले महासङ्कष्ट बयान गरेको छ, जुन महासङ्कष्टचाहिँ ख्रीष्ट येशूको दोस्रो आगमन हुनुभन्दा अघि साढ़े तीन वर्षसम्म चल्नेछ। अनि कोही-कोही त्यस बेलामा बौरिउठ्नेछन्, ख्रीष्ट येशूसँगै हजार वर्षको राज्यमा प्रवेश गर्न। तर मरेका दुष्ट मानिसहरू हजार वर्षको राज्यको अन्तमा बौरिउठ्नेछन् (२ पद; हेर्नुहोस् प्रकाश २०ः५)। सङ्कष्टकालमा जिउने पवित्र जनहरू बुद्धिमान् ठहरिनेछन्, किनकि तिनीहरूले प्रभुको आज्ञापालन गर्नेछन् र अरू मानिसहरूलाई प्रभु येशूकहाँ र धार्मिकताको बाटोमा डोऱ्याउनेछन्; अनि तिनीहरू अनन्त महिमामा चम्किनेछन्।

तर कति टिप्पणीकारहरू पनि छन्, जसले दुई पदमा शरीरको पुनरुत्थान होइन, तर इस्राएली जातिको आत्मिक र नैतिक पुनरुत्थान देख्छन्। तर यस सम्बन्धमा कुरा यस्तो छः परमेश्वरको प्राचीन जातिका मानिसहरू अविश्वासको अवस्थामा फेरि आफ्नो स्वदेशमा भेला गरिसकेपछि बाँकी रहेका यहूदीहरूले सुसमाचार ग्रहण गरेर सकारात्मक प्रतिक्रिया

देखाउनेछन्, र तिनीहरूले नै हजार वर्षको राज्यभित्र प्रवेश गर्नेछन्। उनीहरूचाहिँ अनन्त जीवनको निम्ति बौरिउठ्नेहरू हुन्। अरू सबैजनाले ख्रीष्ट-विरोधीलाई ढोगेर दण्डवत् गर्नेछन्, र तिनीहरू सबै शर्म र अनन्त घृणाको योग्य ठहरिनेछन्। शताब्दीहरूदेखि अन्यजातिहरूको बीचमा लुकिरहेको इस्राएली जाति राष्ट्रको रूपमा फेरि स्थापित गरिनेछ; अनि त्यसपछि बाँकी रहेका यहूदी ख्रीष्ट-विश्वासीहरूले यशैया २६ः१९ र इजकिएल ३७ अध्यायमा वर्णन गरिएको आत्मिक पुनरुत्थान अनुभव गर्नेछन्।

**दानियल १२ः४ः** अनि दानियलले यी भविष्यवाणीहरू एउटा पुस्तकभित्र सुरक्षित राख्ने आदेश पाए। चार पदको ख) खण्ड लिएर यातायात र वैज्ञानिक ज्ञानमा भएको प्रगतिको अर्थमा प्रयोग गर्ने चलन छ। तर मलाई के लाग्छ भने, सम्भवतः यस खण्डको अर्थ त्यो नहुन सक्छ। श्री जी. एन. डार्बीले यो वाक्य यसरी अनुवाद गरेका छन्ः 'धेरैले लगनशीलतापूर्वक अनुसन्धान गर्नेछन्।' अनि श्री सामुएल पी. ट्रेगेल्लेसले यसको भावानुवाद निम्न प्रकारले गरेका छन्ः 'धेरैले यो पुस्तक शुरुदेखि अन्तसम्म ध्यानसित अध्ययन गर्नेछन्।'[15] यस पदले भन्न खोजेको कुरा यस्तो छः धेरै मानिसहरूले यो भविष्यवाणीको वचन अध्ययन गर्नेछन्, र महासङ्कष्टको समयमा यसको विषयमा ज्ञानको वृद्धि र विकाश हुनेछ।

**दानियल १२ः५-१०ः** यी पदहरूमा दुईजना अज्ञात व्यक्तिहरू र यी मलमलको वस्त्र पहिरेका मानिसको बीचमा भएको छलफल बयान गरिएको छ। तिनीहरूले आपसमा 'अन्तसम्म कति समय लाग्नेछ' भन्ने सम्बन्धमा बातचित गर्दैथिए। अनि अन्तसम्म समय साढ़े तीन वर्ष अर्थात् समय, समयहरू र आधा समय हुने रहेछ। अनि जब दानियलले 'मैले यो कुरा बुझ्न सकिनँ' भनेर आफ्नो समझको कमी प्रकट गरे, तब उनलाई यसो भनियोः यो दर्शन त्यस समयसम्म पूरा स्पष्ट हुँदैन, जुन समयमा यस दर्शनमा भनिएको कुरा पूरा हुनेछ। तर यो कुरा सुनिश्चित छः धर्मी जन-हरू खारेर शुद्ध पारिनेछन्, अनि दुष्ट मानिस-हरूले आफ्ना दुष्ट कामहरूद्वारा आफूलाई दुष्ट भनेर चिनाउनेछन्; अनि बुद्धिमान् हुनेहरूले मात्र यसको कुरा बुझ्नेछन्। महासङ्कष्टको शुरुदेखि यसको अन्तसम्म समय, समयहरू र आधा समय अर्थात् साढ़े तीन वर्ष वा एक हजार दुई सय साठी दिन हुनेछ।

**दानियल १२ः११ः** अनि हुन सक्छ, सायद महासङ्कष्ट शुरु हुनुभन्दा तीस दिन अगाड़ि यरूशलेमको मन्दिरमा उजाड़ पार्ने त्यो घृणित वस्तु स्थापित गरिनेछ; तब यस पदमा भनिएको एक हजार दुई सय नब्बे दिनको कुरा स्पष्ट हुन जान्छ।

**दानियल १२ः१२ः** अनि एक हजार तीन सय पैंतीस दिनको विषयमा कुरा यस्तो छः यी दिनहरूले हामीलाई ख्रीष्ट येशूको दोस्रो आगमन र उहाँको शासनकालको शुरुका दिनदेखि नाघेर लानेछन्, जुन शुरुका दिनहरूमा उहाँले आफ्ना शत्रुहरूको न्याय गर्नुहुनेछ। यसको उचित स्पष्टीकरण यो हो।

**दानियल १२ः१३ः** दानियलले आफ्नो मृत्युमा विश्राम लिनेछन्, र पुनरुत्थानमा उनी बौरिउठ्नेछन्, त्यसपछि उनले आफ्नो अधिकारको भाग उपभोग गर्न पाउनेछन्; किनकि उनी आफ्ना मसीह राजाको साथ, अँ, प्रभु येशू ख्रीष्टको साथ उहाँको हजार वर्षको राज्यका आशिषहरू उपभोग गर्नेछन्।

आमेन !

**ENDNOTES:**

1) **Introduction:** Merrill F. Unger, Introductory Guide to the Old Testament, p. 396.
2) **Introduction:** Ibid., p. 399.
3) **Introduction:** Sir Robert Anderson first worked out the minutely detailed chronology of Daniel's Seventy Weeks in his classic, The Coming Prince.
4) **4:19–26:** Boanthropy (ox-man), is a rare form of monomania. Dr. R. K. Harrison narrates in some detail his meeting a man in a London mental institution with this disease (Introduction to the Old Testament, pp. 1114–17).
5) **5:10–16:** This probably refers not to Belshazzar's wife, but what we would call the queen mother.
6) **5:25–31:** Tekel is related to the Hebrew word shekel. The words are in the language of the people present (Aramaic), but the meaning was so cryptic they could not understand the message. Also, perhaps the words were in a script other than that used for Aramaic.
7) **6:9–13:** In the book of Esther, King Ahasuerus was also duped by his subjects into making an "unalterable" law condemning God's people. Daniel, threatened by the lion's den, and Esther, facing Ahasuerus, both were in danger of losing their lives. Both depended on their God to save them, facing danger heroically. Both were foreigners in the Persian Empire. In each case, a Persian king regretted signing a decree into an irrevocable law. In both accounts, God's people were saved from their enemies.
8) **7:1–4:** The winged lion was Babylon's symbol just as a lion is the United Kingdom's and the eagle is the United States' emblem.
9) **8:9–14:** Antiochus is in that long line of Jew-haters that includes Haman and Adolf Hitler. He is probably a type of the coming Antichrist. Antiochus liked to be called Epiphanes (Illustrious), but the Jews had another name for him: Epimanes (Madman)! His story is told in the Apocryphal books of Maccabees.
10) **9:20–23:** The Hebrew word for week merely means a unit of seven, and so some prefer to translate with the word heptad, a little-used word from the Greek for seven.
11) **9:26:** April 6, A.D. 32, according to Sir Robert Anderson. In our time, Dr. Harold Hoehner, using a slightly different beginning date (444 B.C.) and ending date (A.D. 33), also comes up with a perfect set of dates for this prophecy. See Bibliotheca Sacra, January-March, 1975, pp. 62–64.
12) **10:10–14:** Leon Wood, A Commentary on Daniel, pp. 272, 273.
13) **10:10–14:** Some, like William Kelly, answer these objections by suggesting that the speaker in verse 13 is a person other than the Lord.

**14) 11:5-6:** It is important to recognize that the titles “king of the North” and “king of the South” refer to the leaders of Syria and Egypt ruling at the time of the events described in any verse, and not to the same set of rulers all the way through the text.

**15) 12:4:** S. P. Tregelles, The Prophetic Visions in the Book of of Daniel, p. 158.

## BIBLIOGRAPHY

Anderson, Sir Robert. *The Coming Prince*. London: Hodder & Stoughton, 1881. Reprint. Grand Rapids: Kregel Publications, 1975.

Baldwin, Joyce G. *Daniel: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1978.

Campbell, Donald K. *Daniel: Decoder of Dreams*. Wheaton, IL: SP Publications, Victor Books, 1977.

Dennett, Edward. *Daniel the Prophet: And the Times of the Gentiles*. Reprint. Denver: Wilson Foundation, 1967.

Gaebelein, Arno C. The Prophet Daniel. A Key to the Visions and Prophecies of the Book of Daniel. New York: ‘Our Hope,” 1911.

Keil, C. F. *Biblical Commentary on the Old Testament*. Vol. 24. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Luck, G. Coleman. *Daniel*. Chicago: Moody Press, 1958.

Pentecost, J. Dwight. ‘Daniel.” In *The Bible Knowledge Commentary*. Wheaton: Victor Books, 1985.

Tregelles, S. P. *The Prophetic Visions in the Book of Daniel*. London: Samuel Bagster & Sons, 1864.

Walvoord, John F. *Daniel: The Key to Prophetic Revelation*. Chicago: Moody Press, 1971.

Wilson, Robert Dick. *Studies in the Book of Daniel*. Grand Rapids: Baker Book House, 1979.

Wiseman, D. J., et. al. *Notes on Some Problems in the Book of Daniel*. London: Tyndale Press, 1965.

Wood, Leon. *A Commentary on Daniel*. Grand Rapids: Zondervan Publishing House, 1973.